आ.व. ०८०।०८१
दाखिला नं. १०१

# अरूण गाउँपालिकाको बृहत् सांस्कृतिक अध्ययन




अरूण
गाउँपालिका

डा. भक्त राई
शुभ मुकारुङ

# अरुण गाउँपालिकाको बृहत् सांस्कृतिक अध्ययन

डा. भक्त राई

शुभ मुकारुङ

# कृतज्ञता ज्ञापन

नेपाल भौगोलिक रूपमा जनसंख्याको हिसाबले सानो भए तापनि सांस्कृतिक हिसाबले सम्पन्न मुलुक हो । नेपाली संस्कृतिको प्रमुख विशेषता भनेको बहुजाति एवं बहुलसंस्कृति हो । कुनै पनि जाति, वर्ग वा समुदायको संस्कृतिभित्र भाषा, साहित्य, दर्शन, परम्परा, धर्मकर्म, चालचलन, इतिहास, भूगोल आदि समग्रताको विवरण प्राप्त गर्न सकिन्छ, त्यसैले संस्कृति मानिसको पहिचान हो । नेपालमा बसोबास गर्ने १४५ भन्दा बढी विभिन्न जातजाति र तिनले अवलम्बन गर्ने विभिन्न प्रकारका सांस्कृतिक परम्पराहरू भनेको नेपालको चिनारी हो ।
नेपालमा बसोबास गर्ने विभिन्न जातजातिको संस्कृतिहरू लोप हुनु हो भनेको नेपालकै पहिचान लोप हुनु हो त्यसैले नेपालको प्रमुख दायित्व भनेको राष्ट्रिय पहिचान बोकेको नेपाली संस्कृतिको संरक्षण गर्नु हो । यसै तथ्यलाई हृदयङ्गम गरेर यस अरुण गाउँपालिकाको बृहत् सांस्कृतिक अध्ययन गरिएको हो । नेपालको कोशी प्रदेशमा १४ जिल्ला र १३७ वटा पालिकाहरू रहेका छन् । तीमध्ये भोजपुर जिल्लामा पर्ने अरुण गाउँपालिका सांस्कृतिक तथा प्राकृतिक रूपमा अत्यन्त सम्पन्न पालिका हो । यहाँ बसोबास गर्ने विभिन्न जातजाति र उनीहरूले अवलम्बन गर्ने विभिन्न प्रकारका सांस्कृतिक परम्पराहरू लोप हुनु भनेको ती जातजातिको धर्म, परम्परा, इतिहास, भूगोल, भाषा ,साहित्य तथा जातीय पहिचान नै लोप हुनु हो । त्यसैले अरुण गाउँपालिका बसोबास गर्ने विभिन्न जातजातिको संस्कृतिको अध्ययन अनुसन्धान पहिचान तथा संरक्षण गर्ने दायित्व स्थानीय सरकारको पनि हो । किनभने भौतिक विकासले मात्र मान्छे अगाडि बढ्न सक्दैन ।

संस्कृतिविहिन मानिस वा समुदाय भौतिक रूपमा सम्पन्न भए पनि पहिचानविहिन हुन पुग्दछ । यदि मान्छे आफ्नो मानवीय पहिचानविहिन भएमा ऊ पशुसरह हुने हुँदा मानिस मानिस भएर बाँच्नका लागि ऊसँग मानवीय चिनारी, व्यवहार, संस्कृति र सभ्यताको आवश्यकता पर्दछ । त्यसैले अरुण गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिमा प्रचलित संस्कृतिहरूको अवस्था के कस्तो छ ? ती संस्कृतिहरूलाई संरक्षण गरी सांस्कृतिक, धार्मिक

पर्यटन र आर्यआर्जनसँग जोडेर यस पालिकालाई कसरी समृद्धशाली बनाउन सकिन्छ ? यस पालिकाभित्र रहेका प्राकृतिक स्रोतसाधनहरूको समुचित उपभोग गरी कसरी ती स्रोत साधनहरूलाई विकासका आधार बनाउन सकिन्छ ? आदि विषयको खोज अध्ययन गर्ने उद्देश्यले हामीले यस अरुण गाउँपालिकाको अध्यक्ष शालिकराम खत्रीज्यू र उपाध्यक्ष विनिता ढकालज्यूलाइ प्रस्ताव गरेका थियौं । उहाँहरूले यस परियोजनाको महत्त्वलाई हृदयङ्गम गरेर तत्कालै हुन्छ यो हाम्रो गाउँपालिकाको लागि निकै महत्वपूर्ण एवं प्राज्ञिक कार्यक्रम पनि हो भनेर सहमति जनाउनु भयो । यसरी गाउँपालिका अध्यक्षज्यू र उपाध्यज्यूको संस्कृतिसम्बन्धी तथा अध्ययन अनुसन्धानप्रतिको रूचि यसको महत्त्वबारे बुझाई र सकारात्मक सोचाइको कारण आज यो जन्म हुन पुग्यो । यसका लागि अरुण गाउँपालिकाको अध्यक्ष श्री शालिकराम खत्रीज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछौं । यसरी नै गाउँपालिकाको उपाध्यक्ष विनिता ढकालज्यू एवम् यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराम खतिवडाज्यूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । हामीलाई आआफ्नो वडाको विवरण दिएर तथा स्थलगत अध्ययनका क्रममा समेत विभिन्न प्रकारको सहयोग गर्नुहुने वडाध्यक्षज्यूहरू, विभिन्न जातिका अगुवाहरू, कुबीहरू, संस्कृतिकर्मीहरू तथा अन्य सम्पूर्ण सूचनादाताहरूलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं । यस गाउँपालिकाकामा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छौं । अरुण गाउँपालिकाको विस्तृत जानकारी प्रदान गर्नका साथै हामीलाई आवश्यक सहयोग गरी दिनुहुने संस्कृतिविद् तथा पालिकामा भएका आवश्यक सामग्रीहरू उपलब्ध गराउन हुने सबै महानुभावप्रति  विशेष धन्यवाद दिन चाहन्छौं ।

**अनुसन्धाताद्वय**

**डा. भक्त राई**

**शुभ मुकारुङ**

## विषयसूची

**अध्याय एक** ६

अध्ययनको परिचय

**अध्याय दुई** १२

संस्कृतिको परिचय

**अध्याय तीन** २२

अरुण गाउँपालिकाको परिचय

**अध्याय चार** ५०

अरुण गाउँपालिकामा बसोबास गर्ने प्रमुख जातिहरू

राई

क्षेत्री

मगर

नेवार

बाहुन

तामाङ

घर्ती / भुजेल

दलित जाति (विश्वकर्मा, परियार र मिजार)

माझी

गन्धर्व

बादी

कुमाल

थामी

जोगी/सन्यासी

पहरी

ठकुरी

गुरुङ

शेर्पा

**अध्याय पाँच** **२३७**

अरुण गाउँपालिकाका विभिन्न वडामा बसोबास गर्ने विभिन्न जातजातिको विवरण

**अध्याय छ** **२५३**

अरुण गाउँपालिकाका विकासका सम्भावित आधारहरू

**अध्याय सात** **२५६-३१८**

**परिशिष्ट**

## अध्याय एक
# अध्ययनको परिचय

## १.१ पृष्ठभूमि

नेपाल बहुजाति, बहुसंस्कृति सम्पन्न मूलक हो । यहाँ बसोबास गर्ने विभिन्न जातिका आ-आफ्नै प्रकारका भाषा, साहित्य, संस्कार, संस्कृति, चिन्तन तथा जीवनपद्धति छन् । ती विभिन्न प्रकारका मूर्त तथा अमूर्त संस्कृति तथा जीवनपद्धति उनीहरूका मात्र नभई राष्ट्रकै सम्पत्ति हुन् । त्यसैले नेपालका यी विभिन्न प्रकारका सांस्कृतिक विविधता भनेको नेपालको सम्पत्ति मात्र नभएर पहिचान समेत हो । त्यसैले नेपालमा बसोबास गर्ने विभिन्न जातजातिका सांस्कृतिक बैभवलाई बचाउन नसके नेपालकै पहिचान लुप्त हुने हुँदा नेपालका सांस्कृतिक सम्पदालाई बचाउन अपरिहार्य आवश्यक देखिन्छ ।

विश्वमा हरेक जाति, वर्ग र समुदायले आ-आफ्नो तरिकाले जीवनयापन गर्ने भएकोले सोही अनुरूपको संस्कृति निर्माण हुने गर्दछ । त्यसैले संसारमा विभिन्न प्रकारको संस्कृतिको जन्म र विकास हुन पुगेको हो । ती संस्कृतिहरूलाई अलग-अलग ढङ्गले चिन्ने र बुझ्ने गरिन्छ । जस्तैः धर्मको आधारमा किराती संस्कृति, बौद्ध संस्कृति, हिन्दु संस्कृति, इस्लाम संस्कृति आदि; यसैगरी जातको आधारमा थकाली संस्कृति, राई संस्कृति, नेवार संस्कृति, तामाङ संस्कृति, क्षेत्री संस्कृति, बाहुन संस्कृति, थारु संस्कृति आदि; यसरी नै देशअनुसारको, भूगोल अनुसारको जस्तै : नेपाली संस्कृति, भारतीय संस्कृति, जर्मनी संस्कृति, पूर्वीय संस्कृति, पाश्चात्य संस्कृति आदि । यसरी मानिसद्वारा निर्मित संस्कृतिको अनेक रूप र प्रकार हुने गर्दछन् । संस्कृति मानिसको पहिचान हो । अन्य पशुपंक्षी, जीवजन्तुहरू भन्दा मानिस पृथक हुनको प्रमुख कारण संस्कृति नै हो ।

## १.२ अध्ययनको उद्देश्य

प्रस्तुत अनुसन्धान अरुण गाउँपालिकाको सांस्कृतिक अध्ययनमा केन्द्रित छ । यहाँ अरुण गाउँपालिकाको सम्पूर्ण वडामा बसोबास गर्ने जातजातिको परिचय प्रस्तुत गरिएको छ । यसका अतिरिक्त यस पालिकामा भएको महŒवपूर्ण सांस्कृतिक, धार्मिक, ऐतिहासिक,

पुरातात्विक स्थानहरूको परिचय प्रस्तुत गरिएको छ। समग्रमा भन्दा प्रस्तुत अध्ययनको प्रमुख देहाय अनुसारको रहेको छ :

- अरुण गाउँपालिका बसोवास गर्ने विभिन्न जातजातिको परिचय प्रस्तुत गर्नु,
- अरुण गाउँपालिकामा अवस्थित प्रमुख सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक स्थलहरूको परिचय प्रस्तुत गर्नु
- अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी युनेस्कोको महासन्धि २००३ बारे जानकारी प्रदान गर्नु,
- राष्ट्रिय संस्कृति नीति २०६७ बारे जानकारी प्रस्तुत गर्न,
- कोशी प्रदेश सरकारले तयार पारेको होमस्टेसम्बन्धी कार्यविधि बारे जानकारी प्रदान गर्न,
- अरुण गाउँपालिकाको सातैवटा वडाको सांस्कृतिक, जैविक अवस्थाको अवलोकन गर्न र
  अरुण गाउँपालिकाको समृद्धिको लागि के कस्ता सम्भावनाहरू छ त्यसको पहिचान गर्ने आदि ।

## १.३ अध्ययनको महŒव तथा औचित्य

विश्वभर रहेको अमूर्त संस्कृतिहरूलाई अध्ययन, अनुसन्धान तथा संरक्षण गर्ने उद्देश्यले सन् २००३ मा युनेस्कोको स्थापना भयो । युनेस्कोको उक्त महासन्धिलाई नेपाल सरकारले पनि सन् २०१० मा सदस्य राष्ट्रको रूपमा स्वीकृत गऱ्यो । यसरी नेपाल सरकार पनि सन् २०१० देखि पक्षराष्ट्रको रूपमा रहेको छ । त्यही महासन्धिको आधारमा नेपाल सरकारले राष्ट्रिय संस्कृति नीति २०६७ को तर्जुमा गऱ्यो । हाल नेपाल संघीय शासन प्रणालीअन्तर्गत अभ्यासरत छ । नेपालको राजनैतिक परिवर्तन र नयाँ संविधानले तीनवटा सरकारको संवैधानिक व्यवस्था गरेको छ। संघीय सरकार वा केन्द्रीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार। यी तीनवटै सरकारले आफ्ना क्षेत्रमा आवश्यकताको आधारमा संस्कृति नीतिनिर्माण

गर्न सक्ने संवैधानिक अधिकार समेत भएको हुँदा स्थानीय गाउँपालिकाहरूले पनि आ-आफ्नो आवश्यकता र अवस्थाअनुसार सांस्कृतिक नीति बनाई संस्कृतिलाई संरक्षण गर्ने दायित्व हुन्छ। त्यसकारण यस प्रकारको अध्ययनले सम्बन्धित क्षेत्रको सांस्कृतिक अध्ययन, अनुसन्धान गरी सम्बन्धित क्षेत्रको सांस्कृतिक संरक्षण गर्न ठुलो सहयोग गर्ने हुँदा यस प्रकारको अध्ययनको ठुलो महŒव हुन्छ।

प्रस्तुत अध्ययनमा यस अरुण गाउँपालिकामा अन्तर्गत पर्ने ७ वटै वडामा बसोबास गर्ने विभिन्न जातिहरूको पहिचान गरी ती प्रत्येक जातिमा प्रचलित मौलिक मूर्त-अमूर्त संस्कृति (मौलिक भाषा, खानपान, वेशभूषा, गीत-संगीत, धर्म-कर्म, सिपकला, चिन्तन-मनन्, पेसा व्यवसाय, लोकउपचार, लोकविश्वास, लोकसाहित्य, लोकपरम्परा आदि) को सर्वेक्षण अध्ययन गरी संस्कृति भनेको के हो ? ती संस्कृतिहरूलाई कसरी बचाउने, किन बचाउने जस्ता महŒवपूर्ण जानकारी प्रदान गर्न सकिन्छ। त्यसैले यस प्रकारको अध्ययनको अत्यन्त महŒव छ।

## १.४ अध्ययनको विधि

प्रस्तुत अध्ययनमा देहाय अनुसारको अध्ययन विधिको उपयोग गरिएको छ :

(क) सामग्री सङ्कलन विधि

(ख) सामग्री विश्लेषण विधि

**(क) सामग्री सङ्कलन विधिः** सामग्री सङ्कलन विधिअन्तर्गत यहाँ देहाय अनुसारको तकनिकीको उपयोग गरिएको छ :

१. **प्राथमिक स्रोतबाट सामग्री सङ्कलन :** प्राथमिक स्रोतबाट सामग्री सङ्कलन गर्दा अनुसन्धाताहरू प्रत्यक्ष रूपमा लक्षित क्षेत्रमा पुगी सम्बन्धित जाति, वर्ग समुदाय र क्षेत्रको बारेमा प्रत्यक्ष अवलोकन गरी सामग्री सङ्कलन गरिएको छ। यसका अतिरिक्त सम्बन्धित विज्ञहरूसँग टेलिफोन, मोवाइल, इमेल, फेसबुक, भाइबर आदि इलोक्ट्रोनिक्स डिभाइसहरूमार्फत समेत प्रत्यक्ष रूपमा सामग्री सङ्कलन गरिएको छ।

२. **द्वितीयक स्रोतबाट सामग्री सङ्कलन :** द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गर्नका लागि यस गाउँपालिका विषयमा पूर्वप्रकाशित पुस्तकहरू, राष्ट्रिय जनगणना २०७० को तथ्याङ्क राष्ट्रिय संस्कृति नीति २०६७ को दस्तावेज, युनेस्को महासन्धि सन् २००३ को धाराहरू कोशी प्रदेश सरकारले प्रकाशन गरेको होमस्टे कार्यक्रम, अरुण गाउँपालिकाले प्रकाशन गरेको वृत्तचित्र तथा फेसबुक पेज, पूर्व प्रकाशित लेखहरू आदिको उपयोग गरिएको छ ।

(ख) **सामग्री विश्लेषण विधि :** यो अध्ययन गुणात्मक विधिमा आधारित छ । अध्ययनको लागि विभिन्न सूचनाको सङ्कलन प्राथमिक र द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ ।संस्कृतिको अध्ययन र यसको अनुसन्धानको परिणाम गुणात्मक हुने भएकोले यस अध्ययनमा प्राथमिक स्रोत तथा द्वितीयक स्रोतबाट प्राप्त सामग्रीहरूलाई विषयअनुसार मिलाएर परिष्कार परिमार्जन गरी लोकसाहित्य शास्त्रको विधिअनुसार गुणात्मक विधिको आधारमा विश्लेषण गरिएको छ ।

## १.५ अध्ययनको प्रमुख प्राप्तिहरू

यस अध्ययनको प्रमुख प्राप्तिहरूलाई छोटकरीमा बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- अरुण गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातिको जातिगत अवस्थितिको बारेमा जानकारी प्राप्त हुनेछ ।
- अरुण गाउँपालिकामा बसोवास गर्ने विभिन्न जातजातिको भाषा, धर्म संस्कृतिबारे जानकारी प्राप्त गर्न सकिनेछ ।
- अरुण गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातजातिका जनताले संस्कृति के हो ? संस्कृतिको निर्माण कसरी हुन्छ ? संस्कृति किन परिवर्तन हुन्छ ? संस्कृतिको महत्व के छ ? संस्कृतिलाई किन संरक्षण गर्ने, कसरी संरक्षण गर्न सकिन्छ ? जस्ता विषयको जानकारी प्राप्त गर्न सक्नेछ ।
- युनेस्कोको स्थापना र संस्कृति संरक्षणसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको बारेमा जानकारी प्राप्त गर्न सक्नेछ ।

- नेपालको राष्ट्रिय संस्कृति नीति २०६७ को बारेमा जानकारी प्राप्त गर्न सक्नेछ ।
- प्रदेश सरकार र स्थानीय सरकारलाई संस्कृति नीति बनाउन आधार प्राप्त हुनेछ ।
- संस्कृतिलाई आर्थिक उपार्जनसँग जोडी यस गाउँपालिकाका स्थानीय जनताहरूलाई आर्थिक, सांस्कृतिक सम्वृद्धि गराइनुको अतिरिक्त सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन प्रवर्द्धन गरी यस गाउँपालिकालाई नेपालकै नमुना गाउँपालिकाका बनाउन सकिने आधार प्राप्त गर्न सकिनेछ ।
- यस गाउँपालिकामा सांस्कृतिक एवम् सामुदायिक होमस्टेसन सञ्चालन गर्नको लागि प्रदेश सरकारले तयार पारेको होमस्टेसम्बन्धी कार्यविधि बारे थाहा हुनेछ ।

## १.६ निष्कर्ष

प्रस्तुत अध्ययन अरुण गाउँपालिकाको सांस्कृतिक अध्ययन हो । यस गाउँपालिकाको सातवटै वडामा बसोबास गर्ने विभिन्न जातजाति र प्रत्यक वडामा पाइने जैविक विधिताको अध्ययन गरी ती जातिगत संस्कृति र जैविध विविधतालाई अधिकतम् उपयोग गरी कसरी यस गाउँपालिकालाई सम्वृद्ध गर्न सकिन्छ भन्ने नै यस अध्ययनको मूल उद्देश्य हो । यस अध्ययनमा सोही अनुसारको मूल उद्देश्य हो । यस अध्ययनमा सोहीअनुरूप यस पालिकामा बसोबास गर्ने प्रमुख जातिहरूको जातिगत परिचय प्रस्तुत गरिएको छ । प्रत्येक वडामा पाइने प्राकृतिक तथा जैविक विविधता समीक्षा गरी प्रत्यक वडामा के के गर्न सकिन्छ सुझाव प्रस्तुत गरिएको छ ।

यसका अतिरिक्त नेपालको राष्ट्रिय नीति २०६७, अर्मूत सांस्कृतिक सम्पदा संरक्षण सम्बन्धी महासन्धि २००३ को प्रावधानहरूबारे, होमस्टे सञ्चालनसम्बन्धी कार्यविधि आदि बारेको समेत जानकारी गराइएको छ । यसैगरी अरुण गाउँपालिकाभित्र पर्ने महŒवपूर्ण प्राकृतिक, सांस्कृतिक ठाउँहरूको परिचय प्रस्तुत गरिएको छ। समग्रमा भन्दा यस अध्ययनबाट यस गाउँपालिकाको सांस्कृतिक परिचय प्रस्तुत गरी ती संस्कृति र प्रकृतिहरूलाई कसरी अधिकतम उपयोग गरी यस गाउँपालिकालाई समृद्ध गर्न सकिन्छ भन्ने जानकारी प्राप्त भएको छ ।

## अध्याय दुई

# संस्कृतिको परिचय

### २.१ पृष्ठभूमि

वस्तुतः संस्कृति भनेको मानिसले जीविकोपार्जन गर्ने क्रममा परम्परा रूपमा सिक्दै र भोग्दै आएको जीवनशैली हो । सामान्यतः रीतिथिति, परम्परा, वेशभूषा, खानपान, चाडपर्व आस्था, विश्वास, नाचगान, धर्मकर्म, सिपकला, कथा-गाथा आदिलाई मात्र संस्कृतिको रूपमा बुझ्ने गरिन्छ । कुनै पनि जाति, वर्ग र समुदायले परापूर्व कालदेखि नै अनवरत रूपमा अवलम्बन गर्दै आएको, अङ्गीकार गर्दै आएको समग्र क्रियाकलापको समष्टि रूप नै वास्तवमा संस्कृति हो । संस्कृति दुई प्रकारका छन् - मूर्त तथा अमूर्त संस्कृति जसलाई भौतिक तथा अभौतिक पनि भन्न सकिन्छ । मूर्त संस्कृतिभित्र भौतिक वस्तुहरू (देख्न र छुन सकिने) मस्जिद, मन्दिर, गुम्बा, विहार, घर, मेशीन, हातहतियार, पाटी, पोखरी, खेलमैदान, आदि मानव निर्मित वस्तुहरू पर्दछन् भने अमूर्त संस्कृतिभित्र अभौतिक वस्तुहरू (देख्न र छुन नसकिने) भाषा, साहित्य, धर्म, दर्शन, विचार, आस्था, मूल्य, मान्यता, सिप, कला, खानपान, नाचगान, हासखेल, जात्रा/उत्सव, गीत-सङ्गीत, माया-प्रिती, रोदन-क्रन्दन, ज्ञान, विवेक, रुचि, स्वभाव आदि अमूर्त वा अभौतिक वस्तुहरू पर्दछन् ।

विश्वमा हरेक जाति, वर्ग र समुदायले आ-आफ्नो तरिकाले जीवनयापन गर्ने भएकोले सोही अनुरूपको संस्कृति निर्माण हुने गर्दछ । त्यसैले संसारमा विभिन्न प्रकारको संस्कृतिको जन्म र विकास हुन पुगेको हो । ती संस्कृतिहरूलाई अलग-अलग ढङ्गले चिन्ने र बुझ्ने गरिन्छ । जस्तैः धर्मको आधारमा किराती संस्कृति, बौद्ध संस्कृति, हिन्दु संस्कृति, इस्लाम संस्कृति आदि; यसैगरी जातको आधारमा थकाली संस्कृति, राई संस्कृति, नेवार संस्कृति, तामाङ संस्कृति, क्षेत्री संस्कृति, बाहुन संस्कृति, थारु संस्कृति आदि; यसरी नै देशअनुसारको, भूगोल अनुसारको जस्तै : नेपाली संस्कृति, भारतीय संस्कृति, जर्मनी संस्कृति, पूर्वीय संस्कृति, पाश्चात्य संस्कृति आदि । यसरी मानिसद्वारा निर्मित संस्कृतिको अनेक रूप र प्रकार हुने गर्दछन् । संस्कृति मानिसको पहिचान हो । अन्य पशुपक्षी, जीवजन्तुहरू भन्दा मानिस पृथक

हुनको प्रमुख कारण संस्कृति नै हो । प्रस्तुत अध्ययनमा संस्कृतिको परिचय, अर्थ तथा परिभाषा, संस्कृतिको निर्माण, संस्कृतिको विशेषता, संस्कृतिको वर्गीकरण आदि विषयमा चर्चा गरिएको छ ।

## २.२ संस्कृतिको अर्थ तथा परिभाषा

'संस्कृति' को शाब्दिक अर्थ परिष्कार, परिमार्जन, शुद्ध, व्यवस्थित, सुधारिएको, सुसंस्कृत भन्ने लाग्दछ । अङ्ग्रेजीमा संस्कृतिलाई (Culture) भनिन्छ । यो ल्याटिन भाषाका 'Cultura' बाट आएको हो र यसको अर्थ पनि मानिसको सभ्यता वा परिष्कार भन्ने नै लाग्दछ । तर वर्तमान समयमा र आजको सन्दर्भमा भने संस्कृतिको अर्थ परिष्कार, शुद्ध भन्दा पनि यसलाई सामाजिकताको रूपमा बुझ्नु वाञ्छनीय देखिन्छ ।

संस्कृति मानवद्वारा निर्मित मानिसकै आन्तरिक विश्वास हो । हरेक व्यक्तिमा आफ्नो संस्कृतिको अमिट छाप परेको हुन्छ । जतिसुकै, अवैज्ञानिक, असुन्दर वा अनुपयोगी भए पनि मानिसलाई आफ्नो संस्कृति प्यारो लाग्दछ । त्यसैले संस्कृतिलाई एक्कासी परिवर्तन गर्न वा छाड्न मानिसलाई कठिन हुन्छ । त्यसैले संस्कृतिको अर्थ परिष्कार, उन्नत, सुधारिएको, शुद्ध, पवित्र नभई आस्था एवम् विश्वासमूलक जीवन पद्धति वा शैलीको अर्थमा बुझिनु उपयुक्त हुन्छ । तर, संस्कृति समय, आवश्यकता र परिस्थितिअनुसार निरन्तर रूपमा परिष्कृत, परिवर्तन भइरहने तŒव हो ।

संस्कृति के हो ? भन्ने सवालमा विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरूले आ-आफ्नै ढङ्गले परिभाषित गर्ने गरेको पाइन्छ । ती विभिन्न परिभाषाहरूमध्ये मुख्य केही परिभाषाहरू देहाय अनुसारका छन् :

बाबुराम आचार्य (२०५४) का अनुसार देश, समाज वा जातिहरूमा रहेको चालचलन, रीतिरिवाज, वेशभूषा, आमोद-प्रमोद, शिल्प व्यवसाय, धार्मिक मान्यता र भाषा एवम् साहित्य आदि मानसिक चिन्तनका उपजको समष्टि नै त्यस देश, समाज वा जातिको संस्कृति हो ।

यसरी नै रेशराज अधिकारी र हरिहर घिमिरे (२०५६) का अनुसार सारांशमा भन्ने हो भने संस्कृति मानवले एक समाजको सदस्यको हैसियतले आर्जन गरेको ती सम्पूर्ण कुराहरूको

योग हो, जसमा ज्ञान, विश्वास, मूल्य, मान्यता, भाषा, कानुन, प्रथा आदि कुराहरूको समावेश भएको हुन्छ ।

संस्कृतिसम्बन्धी नेपाली शब्दसागर (२०५८) मा यस्तो उल्लेख गरिएको छ - कुनै चिजलाई परिमार्जन गरी निस्खोट दिने काम, परिष्कार, संस्कार, कुनै राष्ट्र वा जातिको सर्वाङ्गीण प्रतिविम्ब देखिने शिल्प-विचार, दर्शन आदि क्रियाकलापको परिष्कृत रूप, अनन्त पूर्वदेखि आचार-विचार, आदिमा विकसित हुँदै आएको समाजको यथार्थ स्वरूप देखिने अभिव्यक्ति आदि समेतको समूह वा साधन, कला-साहित्य-भाषा-धर्म आदि मूल्य परम्पराको समष्टि नाम ।

निनु चापागाई (२०५९) का अनुसार संस्कृति, सामाजिक, आर्थिक संरचनाको प्रतिविम्ब भएको हुँदा यसको परिधि एकदमै व्यापक छ । मानव जातिले भौतिक र मानसिक श्रमबाट सिर्जना गरेका सबै मूल्यवान् वस्तुहरू संस्कृति हुन् ।

भरत प्रसाद लामिछाने (२०६३) का अनुसार वैयक्तिक, सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक व्यवस्था र कलाकौशल, रहनसहन, भाषा, वेशभूषा, उपासना र परम्परागत संस्कार आदि समस्त हलचल नै संस्कृति हो ।

अमर गिरी (२०६७) भन्छन् - संस्कृति भन्नाले भौतिक र आत्मिक संस्कृतिको योग भन्ने बुझिन्छ ।

भक्त राई (२०७१) का अनुसार संस्कृति भनेको मानिसले प्राचीन समयदेखि आस्थापूर्वक एवम् विश्वासपूर्वक अवलम्बन गर्दै आएको जीवन शैली हो ।

टायलर (Tylor, 1871) अनुसार संस्कृति त्यो जटिल समग्रता हो, जसमा ज्ञान, विश्वास, कला, नैतिकता, कानुन, प्रथा र कुनै अन्य क्षमताहरू एवम् आदतहरू समावेश हुन्छ, जसलाई मानिसले समाजको सदस्य भएको नाताले आर्जित गर्दछ ।

अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ को धारा २ ले 'अमूर्त सांस्कृतिक सम्पदा भन्नाले प्रचलनहरू, प्रतिनिधिहरू, अभिव्यक्तिहरू, ज्ञानसिपहरू साथ-साथै साधनहरू, वस्तुहरू, कलावस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू जसलाई ती

समूदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरू समेतले सांस्कृतिक सम्पदाको अङ्गको रूपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नुपर्छ भनिएको छ ।

यसरी संस्कृतिसम्बन्धी विभिन्न समयमा विभिन्न लेखक, अनुसन्धाताहरूले आ-आफ्ना विचारहरू व्यक्त गरेका भेटिन्छ । यी विभिन्न परिभाषाहरूको सार के हो भने संस्कृति भनेको मानिसद्वारा निर्मित मानिसले नै अवलम्बन गर्ने समग्र क्रियाकलाप हो । मानिसले जीविकोपार्जन गर्ने क्रममा आवश्यकता र आनन्द परिपूर्ति गर्नका निम्ति गरिने विभिन्न प्रकारका क्रियाकलापहरू जुन निरन्तर रूपमा प्रयोग र परीक्षण गर्ने क्रममा मानिसको जीवनशैली, वा जीवन पद्धति बन्न पुग्दछ, त्यही निरन्तरताको समष्टि रूप नै वास्तवमा संस्कृति हो । यसरी हेर्दा के देखिन्छ भने संस्कृति भनेको मानिसले जीवन यापनका क्रममा परम्परागत रूपमा अनि अनवरत रूपमा अपनाउँदै आएको जीवनशैली वा पद्धति नै संस्कृति हो जुन मानिसको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ ।

## २.३ संस्कृतिको निर्माण

भक्त राई (२०७१) का अनुसार मानिस सामाजिक प्राणी हो । ऊ समाजमै जन्मन्छ, हुर्कन्छ र समाजमै जीवनयापन गर्दछ । त्यसैले मानिसले समाजबाटै सम्पूर्ण ज्ञानहरू सिक्दछ । मानिसले सृष्टिकालदेखि आफ्नो जीवनयापन गर्ने क्रममा अनेकौं समस्या र आवश्यकतासँग मुकाविला गर्न बाध्य भए । मानिस आफू बाँच्न र आफ्ना सन्ततिहरूलाई बचाउनका निम्ति विभिन्न किसिमका क्रियाकलापहरू अपनाउनु पर्ने भयो । यसरी विभिन्न कार्यहरू एकदिन मात्र गरेर मानिसलाई पुगेन । त्यो काम उसले बारम्बार गर्नुपर्ने भयो । मानिसलाई बाँच्नका निम्ति खानाको बन्दोबस्त गर्नु पऱ्यो, हावा, पानी, हुरी, जाडो, गर्मी तथा वन्यजन्तुबाट वच्नका निम्ति आवासको निर्माण गर्नुपर्ने भयो । यसरी जीविकोपार्जन गर्ने क्रममा मानिसले निरन्तर रूपमा अनेकौं कार्यहरू गर्नुपर्ने भयो । यो क्रियाकलाप वा दिनचर्या मानिसको अभिन्न अङ्ग बन्न पुग्यो यसरी निरन्तर रूपमा बाँच्नको निम्ति अपनाइने जीवनशैली वा जीवन पद्धति नै कालान्तरमा मानिसको संस्कृति बन्न पुग्यो । यसरी मानिसद्वारा निर्मित संस्कृति उसले बाँच्ने आधार, तरिका, समय, भूगोल र परिस्थितिअनुसार फरक-फरक

हुँदै जाने गर्दछ । आजभन्दा एक हजार वर्ष अगाडिको मानिसको संस्कृति अथवा जीवनशैली र वर्तमान समयको मानिसको संस्कृति वा जीवनशैली फरक हुनको कारण यही नै हो । त्यसैले मानिसको चेतना आवश्यकता र समय अनुसारको संस्कृतिको निर्माण र विकास हुँदै जाने गर्दछ ।

मानिस जुन संस्कृतिमा हुर्कन्छ सोही अनुसारको उसको सोचाई, बुझाई तथा आचरण हुने गर्दछ । त्यसैले संस्कृतिलाई मानिसले आफ्नो अभिन्न अङ्गको रूपमा अङ्गीकार गर्दै आएको हुन्छ । मानिसले राम्रो, नराम्रो सही, गलत केही नहेरी आफ्नो परम्परागत संस्कृतिलाई पछ्याई रहेको हुन्छ । त्यसैले मानवशास्त्रमा संस्कृति र व्यक्ति बिचको अन्तरसम्बन्धलाई केलाउने कार्य गरिन्छ जसलाई मनोवैज्ञानिक मानवशास्त्र (Psychological Anthropology) भनिन्छ । किनभने संस्कृति सामाजिक वस्तु हो परन्तु संस्कृतिमा व्यक्तिको पनि महŒवपूर्ण भूमिका रहन्छ । यसरी नै व्यक्तिमा पनि संस्कृतिको गहिरो छाप परेको हुन्छ । संस्कृति कसरी व्यक्तिको चरित्रमा हावी भएर बसेको हुन्छ भन्ने सन्दर्भमा मानवशास्त्री भिक्टर बारनो (Victor Barnouw, 1973) भन्छन् - संस्कृति र व्यक्तिको अध्ययनले खास खालको सामाजिक वातावरणभित्र रहने व्यक्तिगत वा सामाजिक चिनारीको वृद्धि र विकासलाई बुझ्ने प्रयत्न गर्छ । त्यसैले मानिस जुन सांस्कृतिक धरातलमा बाँचेको हुन्छ सोही अनुरूपको उसको व्यक्तित्व निर्माण भएको हुन्छ । यसैगरी कतिपय लोकप्रिय तथा सामाजिक अगुवा व्यक्तिको कारण पनि सांस्कृतिक अवयवमा पनि परिवर्तन देखापर्न सक्दछ । त्यसैले व्यक्ति, समाज र संस्कृति एक अर्काको अभिन्न अङ्ग हुन् । यसरी संस्कृतिको निर्माण मानिसको आवश्यकता आस्था र आनन्दका लागि व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रले थाहै नपाई गरिरहेको हुन्छ ।

प्राणी जगत्मा मानिसलाई सर्वश्रेष्ठ प्राणी किन पनि भनिन्छ भने मानिससँग अन्य प्राणीभन्दा फरक ज्ञान, विवेक, विचार, अनुभव, अनुभूति, जिज्ञासा, कौतुहल, चिन्तन्, चेतनाजस्ता मानसिक विशिष्ट गुण विद्यमान हुन्छ । मानिस सृष्टिकालदेखि नै बिस्तारै बिस्तारै विकसित अवस्थामा लम्किरहेको हुन्छ । मानवसभ्यताको प्रारम्भ अवस्थादेखि वर्तमान समयसम्म आइपुग्दा मानिसले जे-जति विकास र उन्नति गर्न सफल भएको छ त्यो

कल्पनाभन्दा बाहिरको विषय हो । यही रफ्तारमा मानिस अगाडि बढ्दै जाने हो भने अबका सय वर्ष पछिका मानिसहरूको जीवनशैली कल्पनै गर्न कठीन छ । यसबाट के दखिन्छ भने मानिसको समग्र क्रियाकलाप, जीवनशैली या जीवनपद्धति परिवर्तनशील छ। मानिसको समग्र जीवनशैली नै उसको संस्कृति भएकोले संस्कृति स्वतः परिवर्तनशील छ ।

कुनै पनि जाति, वर्ग, समुदाय वा राष्ट्रको संस्कृतिको निर्माण र विकास तुरुन्तै नभएर हजारौँ वर्षको निरन्तरताबाट मात्र भएको हुन्छ । त्यसैले संस्कृति हजारौँ हजार वर्षको त्याग र तपस्याको क्रमबद्ध इतिहास पनि हो । संस्कृतिको निर्माण कुनै एक व्यक्तिको प्रयासले मात्र सम्भव हुँदैन । वास्तवमा संस्कृति त्यस्तो तŒव हो जसले मानिसलाई एक जैविक प्राणी (Biological Being) बाट सामाजिक प्राणी (Social Being) मा परिवर्तन गरिदिन्छ । त्यसैले संस्कृतिको निर्माण मानिसले जीवन भोगाइका क्रममा निरन्तर निरन्तर रूपमा थाहै नपाई गरिरहेको हुन्छ जो आवश्यकता, समय, सन्दर्भ र परिस्थितिअनुसार गतिशील र थपघट हुँदै जान्छ (भक्त राई, २०७१) ।

## २.४ संस्कृतिको विशेषता

संस्कृति मानव निर्मित वस्तु हो र यसलाई मानवले नै अवलम्बन गर्दछन् । संस्कृतिको आफ्नै प्रकारको विशेषता हुन्छ, भक्त राई (२०७१) का अनुसार यसका प्रमुख विशेषताहरू निम्नानुसार छन् :

### २.४.१ मानव निर्मित वस्तु

मानिसले आफ्ना आवश्यकता (गास, बास, कपास) र आनन्द (मनोरञ्जन तथा विरह, दुःख, कष्ट) प्राप्त गर्नका वा अभिव्यक्त गर्नका लागि निर्माण गरेको क्रियाकलापको समष्टि योग नै वास्तवमा संस्कृति हो । त्यसैले संस्कृतिको प्रमुख विशेषता यो मानव निर्मित वस्तु हो ।

### २.४.२ प्राचीनता

संस्कृतिको महŒवपूर्ण विशेषता प्राचीनता हो । मानिस जति नै सभ्य र आधुनिक बन्न पुगे पनि उसको व्यवहारमा प्राचीन संस्कृति कतै न कतै झल्केकै हुन्छ । मानिसले

सृष्टिकालदेखि नै आफ्नै प्रकारको संस्कृति निर्माण गरेको हुन्छ, जसले मानिसलाई पछ्याई रहेको हुन्छ । त्यसैले संस्कृति रातारात तुरुन्तै निर्माण नभई प्राचीन समयदेखि नै निरन्तर रूपमा हस्तान्तरण हुँदै आएको वस्तु हो ।

### २.४.३ परिवर्तनशील

संस्कृति परिवर्तनशील वस्तु हो । प्राचीन समयदेखि वर्तमान युगसम्म फड्को मार्दा मानिसले अनेकौं संस्कृतिको निर्माण गर्दै तथा छाड्दै आएका छन् र ती परम्परित संस्कृतिहरू समय, परिस्थिति, सन्दर्भ तथा आवश्यकताअनुसार क्रमशः गतिशील थपघट एवम् परिवर्तित हुँदै जान्छन् । त्यसैले संस्कृति परिवर्तनशील वस्तु हो ।

### २.४.४ हस्तान्तरित

आज हामी जुन सांस्कृतिक धरातलमा बाँचेका छौं, त्यो अघिल्लो पुस्ताबाटै हामीलाई प्राप्त भएको हो । संस्कृति एक व्यक्तिबाट अर्को व्यक्ति, एक समाजबाट अर्को समाज तथा एक पुस्ताबाट अर्को पुस्ता सामु हस्तान्तरण हुँदै जाने वस्तु हो । त्यसैले यो हस्तान्तरित हुँदै जाने वस्तु हो ।

### २.४.५ परिष्कृत, परिमार्जित

संस्कृति गतिशील हुँदै जाने क्रममा परिवर्तन हुने क्रममा परिष्कृत परिमार्जित एवम् थपघट हुँदै जाने गर्दछ । कुनै पनि जाति, वर्ग वा समुदायमा प्रचलित कतिपय नराम्रा परम्पराहरू बिस्तारै छाड्दै जाने, हराउँदै जाने गर्दछ । जस्तै : नेपालमा प्रचलित बालविवाह, बहुविवाह, सतीप्रथा, दासप्रथा, छाउपडी प्रथा, दाइजो (दहेज) प्रथा आदि नराम्रा परम्परित संस्कृतिहरू बिस्तारै परिमार्जन हुँदै जानु यसको विशेषता हो ।

### २.४.६ आध्यात्मिकता

संस्कृति मानिसको आस्था, आसा, भरोसा, विश्वास पनि हो । त्यसैले संस्कृतिभित्र आध्यात्मिक भावना र चिन्तन विद्यमान हुन्छ । संस्कृति एउटा व्यापक एवम् समष्टि प्रक्रिया हो । यसभित्र धर्म, दर्शन, संस्कार, आस्थाजस्ता आध्यात्मिक ज्ञान तथा चिन्तन समेत रहको हुन्छ । संस्कृतिलाई अत्यन्त श्रद्धापूर्वक अवलम्बन गर्ने कारण पनि मानिसको यसप्रतिको आस्था एवम् विश्वास नै हो ।


### २.४.७ पृथकता

संस्कृतिको अर्को महŒवपूर्ण विशेषता भनेको यसको पृथकता हो । मानिस जीविकापार्जनका लागि संसारका विभिन्न क्षेत्रमा बिस्तारित हुने क्रममा विभिन्न प्रकारका संस्कृतिहरूको निर्माण हुन पुग्यो । त्यसैले संस्कृति जाति, धर्म, भूगोल, देशअनुसार फरक-फरक खालका हुन्छन् । त्यसैले संस्कृति समय, समाज र समुदायअनुसार पृथक हुन जान्छ ( भक्त राई, २०७१) ।

यसरी हेर्दा के देखिन्छ भने संस्कृति मानव निर्मित हुनु, प्राचीन तथा परिवर्तनशील हुनु, परिष्कृत, आध्यात्मिकता, हस्तान्तरित एवम् पृथक हुनु यसको महŒवपूर्ण विशेषता हो ।

### २.४.८ संस्कृतिको वर्गीकरण

संस्कृति मूलतः दुई प्रकारका हुन्छन् । देख्न र छुन सकिने संस्कृति जसलाई भौतिक वा मूर्त संस्कृति भनिन्छ र देख्न र छुन नसकिने संस्कृति जसलाई अभौतिक वा अमूर्त संस्कृति भनिन्छ । अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि सन् २००३ मा : 'अमूर्त सांस्कृतिक सम्पदा' भन्दाले प्रचलनहरू, प्रतिनिधिहरू, अभिव्यक्तिहरू, ज्ञान, सिपहरू साथसाथै साधनहरू, वस्तुहरू, कला वस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरू समेतले सांस्कृतिक सम्पदाको अङ्गको रूपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ ।' भनी परिभाषित गरिएको छ ।


संस्कृति
मूर्त (देख्न र छुन सकिने)
अमूर्त (देख्न र छुन नसकिने)
आस्था/अनुष्ठानमूल
गुम्बा
मस्जिद
माङ्खिम
मन्दिर
चर्च
पूजा-नुष्ठानका सामग्री आदि
जीविकोपार्जनमूल
खाद्य तथा पेय सामग्री
घरायसी औजारहरु
निर्माण सामग्री
पहिरन सामग्री
हातहतियार
कृषि औजार
गरगहना
भाँडाकुँडाहरू आदि
मनोरञ्जनमूलक
खेलकुदका सामग्री
वाद्य सामग्री
मनोरञ्जनका साधनहरू
उपहार (कोशेली) आदि
आस्था/अनुष्ठानमूलक
भाषा, धर्म
कानुन, उपदेश
मन्त्र, कैरन
मान्यता, प्रार्थना
चिन्तन, विश्वास
ज्योतिष, जोखाना
प्राचीन परम्परा
आशीष,श्राप
गाथा, मिथक, कथा आदि
जीविकोपार्जनमूलक
सीप/कला
ज्ञान
उपचार विधि
तन्त्रमन्त्र
झारफूक
सेवा आदि
मनोरञ्जनमूलक
गीत, सङ्गीत
साहित्य
कला
माया-प्रीती
बातचित्
नाचगान
चाडपर्व आदि

संसारमा संस्कृति यी दुई प्रकारका हुन्छन् । यी भौतिक तथा अभौतिक संस्कृतिभित्र मूलतः तीन प्रकारका संस्कृतिका प्रशाखाहरू रहेका हुन्छन्- आस्था एवम् अनुष्ठानमूलक संस्कृति, जीविकोपार्जनमूलक संस्कृति र मनोरञ्जनमूलक संस्कृति (भक्त राई, २०७१) ।

## २.५ निष्कर्ष

संस्कृति मानवद्वारा निर्मित मानवमात्रले अवलम्बन गर्ने भौतिक तथा अभौतिक क्रियाकलाप हो । संस्कृति मानिसको पहिचान हो । मनुष्यलाई उसको संस्कृतिबाट अलग गर्नु भनेको मनुष्यलाई मनुष्यबाट अलग गर्नु हो । त्यसैले मानिस जहाँ-जहाँ पुग्दछ त्यहाँ-त्यहाँ उसले आफ्नो प्राचीन संस्कृतिलाई पनि सँगसँगै लगेको हुन्छ । जसरी संस्कृतिको निर्माण हजारौँ वर्षको निरन्तरताबाट हुन्छ, त्यसरी नै पुरानो संस्कृतिलाई परित्याग गर्दै नवसंस्कृतिको निर्माण र अवलम्बन गर्नु पनि लामो समय लाग्छ । समय आवश्यकता, परिस्थिति र सन्दर्भअनुसार संस्कृति परिवर्तन हुँदै जान्छ तर यसको परिवर्तन पूर्ण रूपमा र तीव्र गतिमा भने हुँदैन । संस्कृति जाति, वर्ग, समुदाय, भूगोल र राष्ट्रअनुसारका अलग-अलग प्रकारका हुन्छन् ।

# अध्याय तीन
# अरुण गाउँपालिकाको सङ्क्षिप्त परिचय

## विषयपरिचय

अरुण नदीको नामबाट नामकरण गरिएको **अरुण गाउँपालिका** नेपालको कोशी प्रदेशको भोजपुर जिल्लामा अवस्थित छ। २०७३ सालमा स्थानीय तहको पुनर्संरचना हुँदा भोजपुर जिल्लाका साबिक चम्पे, याङपाङ, प्याउली, चरम्बी, जरायोटार र याकु गरी ६ ओटा गाउँ विकास समितिलाई एकै ठाउँमा समेटेर अरुण गाउँपालिकाको गठन गरिएको हो। साबिक जरायोटार गाविसको ६ नं. वडाको आधा भाग र याकु गाविसको ४ नं. वडालाई समेटेर ७ नं. वडा बनाइएको छ।

वि.सं. २०७८ को राष्ट्रिय जनगणनाको प्रतिवेदनअनुसार यस गाउँपालिकाको कुल जनसङ्ख्या १४, ८५३ रहेको छ। भोजपुर जिल्लामा अवस्थित दुईओटा नगरपालिका र सातओटा गाउँपालिका गरी कुल नौओटा स्थानीय तहमध्ये देशकै प्रसिद्ध नदी अरुण नदीसँग जोडिएर सङ्खुवासभा र धनकुटा जिल्लाको सिमानामा अवस्थित एक रमणीय र सुन्दर गाउँपालिका हो अरुण गाउँपालिका। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको आधिकारिक वेभसाइटका आधारमा १५४.७६ वर्ग कि.मी. तथा भू-उपयोगमा आधारित नापी विभागको पछिल्लो विवरणका आधारमा १५४.३२ वर्ग कि.मी. क्षेत्रफलमा यो गाउँपालिका फैलिएको छ। अरुण गाउँपालिकाको पूर्वमा धनकुटा र सङ्खुवासभा जिल्ला, पश्चिममा भोजपुर नगरपालिका र पौवादुङमा

गाउँपालिका, उत्तरमा षडानन्द नगरपालिका र सङ्खुवासभा जिल्लाका साथै दक्षिणमा पौवादुङमा गाउँपालिका र धनकुटा जिल्ला सिमाना रहेको छ।

सङ्खुवासभा, धनकुटा र भोजपुरको बिचबाट अरुण नदी बग्दछ। यी जिल्लाको सिमाना अरुण नदीले छुट्याएको छ। यस गाउँपालिकाको कार्यालय साबिककोप्याउली बजारमा रहेको छ । प्रशासनिक सेवा प्रवाह र विकास निर्माणका कार्यलाई स्थानीयवासीको घरदैलोसम्म सहज रूपमा पुर्‍याउन सकियोस् भन्ने हेतुले यस गाउँपालिकालाई आन्तरिक प्रशासनिक एकाइका रूपमा ७ वडामा विभक्त गरिएको छ।

मध्य पहाडी लोकमार्गको धनकुटा, हिलेबाट पाखिबास, ढिकुरे, माङ्माया हुँदै अरुण नदीको लेगुवाघाट पार गरेर भोजपुर जोडिएको हिले-भोजपुर (नारदमुनि थुलुङ राजमार्ग) सडक खण्ड यसै गाउँपालिकाको ६ नं. वडा जरायोटारको फेरीबजारबाट सुरु भएर गाउँपालिकाको केन्द्र प्याउलीबजार हुँदै भोजपुरतर्फ गएको छ । सडक सञ्जालको सहज पहुँचले यस गाउँपालिकाको महŒव र प्रभाव अझ बढेको छ। उर्वर कृषियोग्य जमिनको प्रचुरता, अरुण नदीको अथाह जलराशिको उपयोग गरी पर्याप्त सिँचाइ र पर्यटन पूर्वाधारको विकास, कृषि उत्पादनको वृद्धि, बजारीकरण र औद्योगिक विकासको प्रशस्त सम्भावना रहेको यस गाउँपालिकाले भोजपुर जिल्लाको कुल क्षेत्रफलको १०.२६ प्रतिशत भू-भाग ओगटेको छ। भोजपुर जिल्लाको कुल जनसङ्ख्यामध्ये ९.६९ प्रतिशत जनसङ्ख्या यस गाउँपालिकामा बसोबास गर्दछन्। नेपाली, राई बान्तवा, राई दुङमाली, तामाङ र मगरभाषीको बाहुल्य रहेको अरुण गाउँपालिका कृषि तथा पशुपन्छीको व्यावसायिक उत्पादनका

निम्ति उपयुक्त रहेको छ । यसरी नै षडानन्द नगरपालिकासमेत गरी तीनओटा स्थानीय तह जोड्ने बन्चरे-चरम्बी-याङपाङ-याग्वा खोला सडक, अरुण गाउँपालिकाका धेरै बस्ती तथा टोल एकै सडक सञ्जालमा समेट्न सकिने प्याउली-याकु-भोर्लाबोट सडक, वडा नं. ६ र ७ का टोल तथा बस्तीलाई एकीकृत रूपमा सडक सञ्जाल र सेवा प्रवाहमा सहज रूपले समेट्न सकिने जरायोटार-सिक्रेटार सडक, भोजपुर र सङ्खुवासभा जिल्लालाई जोड्ने हिले-चम्पे-कुडुले सडक यस गाउँपालिकाका नागरिकका लागि सञ्जीवनी बन्न सक्दछ । थोरै स्थानमा ट्र्याक खोलेर लिङ्क गर्दा यसबाट अरुणका सातओटै वडा एकीकृत सडक सञ्जालभित्र सहज रूपमा समेटिन गई पर्यटन प्रवर्द्धन र कृषिको व्यवसायीकरणका लागि महŒवपूर्ण हुने देखिन्छ । औद्योगिक ग्रामका लागि यस गाउँपालिका उपयुक्त देखिन्छ ।

प्रचुर पर्यटकीय सम्भावना बोकेका पत्ताले गुफा, लागुवा ड्याम ( गुरुयोजना बनाइँदै), हङ्ग्रायो खोलाको कालीदह (ड्याम निर्माण गर्न उपयुक्त) मा ताल बनाई बोटिङ सञ्चालन गरेर आन्तरिक तथा बाह्य पर्यटन प्रवर्द्धन गर्न सकिने राम्रो सम्भावना रहेको छ । यसै गरी याङपाङ गढी, शिवरात्री गुफा, नाकुम झरना, साकेलाथान गुफा, त्रिधार्मिक धाम, मनकामना मन्दिर, हरेलो डाँडा, वराहपोखरी, कट्टीडाँडा, लोबरेडाँडा आदि पर्यटकीय सम्भावना बोकेका महŒवपूर्ण प्राकृतिक सम्पदाहरू हुन् । अरुण गाउँपालिकामा विभिन्न उद्योगको स्थापना गर्ने हो भने उत्पादन वृद्धि र बजारीकरणमा उल्लेख्य योगदान पुग्न गई समग्र गाउँपालिकाको आन्तरिक आयआर्जनमा बढोत्तरी हुने र यसबाट

आर्थिक समृद्धिमा उल्लेख्य सहयोग पुग्नुका साथै गाउँपालिकावासीको जीवनस्तर माथि उठाउन सकिने बलियो सम्भावना रहेको छ ।

अरुण नदीमा जलपर्यटनको व्यवस्था गर्न सकिन्छ । लोबरेडाँडादेखि जरायोटारसम्म एकीकृत पर्यटन मार्गसहितको सञ्जाल निर्माण गरी बहुसांस्कृतिक सङ्ग्रहालय बनाउन सकिने उत्तिकै सम्भावना रहेको छ । लेगुवाघाटको फेरीबजार नजिकैबाट लिफ्टिङ गरी अरुण नदीको पानी रानीटार, जरायोटार, पाल्पाले र भोर्लाको बोट हुँदै वराहपोखरीमा पुऱ्याएर सञ्चित गरी अरुण गाउँपालिकाका सबै वडामा सिँचाइको व्यवस्था गर्न सकिन्छ। यसो गर्न सकिएमा यस गाउँपालिकालाई मुलुककै नमुना गाउँपालिका बनाउन सकिन्छ । यस गाउँपालिकामा फलाम, चुन, धाउ र तामा खानीको प्रचुर सम्भावना छ । यहाँ प्रशस्त ढुङ्गा र बालुवा खानीसमेत रहेका छन्, जसको खोज-अन्वेषण, अध्ययन-अनुसन्धान तथा उत्खनन गरिएमा त्यसबाट गाउँपालिकाका लागि पर्याप्त आयआर्जन गरी गाउँपालिकालाई आर्थिक रूपमा आत्मनिर्भर र समृद्ध बनाउन सकिन्छ। भाषा, साहित्य तथा लोक संस्कृतिका क्षेत्रमा विशिष्ट स्थान ओगटेको यस गाउँपालिका अरुण उपत्यकाका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको खोज-अन्वेषण, अध्ययन-अनुसन्धान तथा अवलोकनको प्रमुख केन्द्र बन्न सक्दछ। विश्वकै होचो उपत्यका अरुण उपत्यका रहेको यस स्थानमा अरुण नदी सभ्यताको केन्द्र बनाई खुला ‘अरुण नदी सभ्यता सङ्ग्रहालय’ को स्थापना गर्न सकिन्छ। यसो गर्न सकियो भने यो कुरा अरुण गाउँपालिकाका लागि मात्र नभएर प्रदेश र देशकै लागि एउटा गौरवको विषय हुने छ । देश, विदेशमा अरुण गाउँपालिकाको गौरवको प्रचार हुनेछ

जसबाट यहाँ देशका विभिन्न ठाउँका साथै विदेशबाट समेत पर्यटकको आगमन हुनेछ। यसबाट अरुण गाउँपालिको समृद्धिमा उल्लेख्य योगदान पुग्ने छ। प्रचुर पर्यटकीय सम्भावना बोकेका यस गाउँपालिका अरुण उपत्यकाका मूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको खोज-अन्वेषण, अध्ययन-अनुसन्धान तथा अवलोकनको प्रमुख केन्द्र बन्न सक्दछ।

नगेन्द्र खत्री र इन्द्रसुर बेल्टारे, **भोजपुर दर्पण २०७८ पृ.७७१** ले अरुण गाउँपालिका र यस पालिकाका धार्मिक, सांस्कृतिक एवम् पर्यटकीय स्थलहरूका बारेमा देहायअनुसार विवरण प्रस्तुत गरेका छन् :

***१. परिचय***

*सदरमुकाम भोजपुरबाट ९ कोस पूर्व-दक्षिण क्षेत्रमा अवस्थित अरुण गाउँपालिका राज्यको नयाँ संरचनाअनुसार कोशी प्रदेश मा पर्दछ। यस गाउँ पालिकाको पूर्वी सिमानामा अविरल अरुण नदी बग्दछ। अरुण नदी भोजपुरको बिच भएर बग्दछ। देशमा सङ्घीय राज्यव्यवस्था कार्यान्वयन भएसँगै यही नदीको नामबाट नै पालिकाको नाम अरुण गाउँपालिका राखिएको हो। यो गाउँपालिका २०७३ फागुन २७ गते भएको हो। यस गाउँपालिकामा साविकका याङपाङ, चम्पे, प्याउली, चरम्बी, याकुर विलोटार गाविसहरूलाई समावेश गरिएको छ। याकु र जरायोटार गाविसका एक एक ओटा वडालाई मिलाएर नयाँ तयार गरी पालिकालाई जम्मा ७ ओटा वडाहरूमा विभाजन गरिएको छ*

## २. भौगोलिक अवस्थित

यस गाउँपालिकाको भौगोलिक अवस्थिति अक्षांश २७१२०३६ उत्तर तथा देशान्तर ८००९ "३६ पूर्व पर्न आउँछ। क्षेत्रफलका हिसाबले ३.१ मा १५४.७६ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। २०७८ को जनगणनाअनुसार कुल जनसङ्ख्या १७ हजार ६८७ रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा धनकुटा र सङ्खुवासभा जिल्ला, पश्चिममा भोजपुर नगरपालिका र अरुण गाउँपालिका, उत्तरमा षडानन्द नगरपालिका, सङ्खुवासभा जिल्ला र दक्षिणमा पौवादुङ्मा गाउँपालिका तथा धनकुटा जिल्ला रहेको छ ।

समुद्री सतहबाट करिब ३२५ मिटरदेखि १८०० मिटरसम्मको उचाइमा रहेको यस गाउँपालिकाको हावापानी गृष्ममा २७ से. तापक्रम र हिउँदमा १५ से. तापक्रम रहन्छ । ३.१ मा वनस्पति पतझड किसिमको छ । जातजाति बाहुन, क्षेत्री, राई, कामी, मगर, तामाङ, माझी, दमाई , माझी, गन्धर्व, दशनामी, थामी आदिको बसोबास रहेको छ । खाद्यबालीमा मकै, कोदो, धान, मुख्य पर्दछन् । नगदे बालीमा बदाम, आलु, सुर्ती, अलैची, तोरी आदि रहेका छन् ।

## ३. धरातलीय स्वरूप

कुनै पनि ठाउँको परिचय त्यस क्षेत्रको भौगोलिक बनावटमा समेत निर्भर रहन्छ। यस क्षेत्रको विकास र समृद्धिका लागि भौगोलिक बनावट ठूलो अभिशाप बनेको छ । भौगोलिक कठिनाइका कारण एक ठाउँबाट अर्को ठाउँ जोड्ने सडक विस्तार तथा अन्य भौगोलिक पूर्वाधार निर्माणमा समेत प्रभावित छ । यस क्षेत्रको धरातल वन विनाश तथा अव्यवस्थित विकास तथा निर्माणका

कारणले गर्दा क्षयीकरण तीव्र छ । माटोको उर्वराशक्ति दिनानुदिन घट्नुले अपेक्षाअनुसार उत्पादकत्व क्षमतासमेत कम भएको छ । यस गाउँपालिकाका याकु, प्याउली, चम्पे क्षेत्रमा अधिकांश बलौटे माटो पाइन्छ । याङपाङ, चरम्बी, जरायोटार, सिक्रेटार क्षेत्रमा रातो माटोयुक्त जमिन छ । यस क्षेत्रको माटो खुकुलो भएकोले बर्सेनि वर्षातको समयमा बाढी-पहिरोको उच्च जोखिम रहेको छ । गाउँपालिकाको दक्षिण-पूर्वी भागमा अरुण नदी बगेको छ । पानीको स्रोत भएका अन्य मुख्य खोलाहरूमा यांगुवा, लागुवा, रगुवा, नसुवा, आदि खोला हुन् । यी खोलामा पिउनयोग्य पानी बग्दछन् । वर्षातको समयमा भने बाढीका कारण पानी धमिलो हुने गर्दछ । साथै अरुण नदीको बहाव उच्च हुने भएकोले नदी किनार क्षेत्रमा माटो कटानको जोखिम उत्तिकै रहेको छ । अरुण गाउँपालिका भोजपुर जिल्लाको पूर्वी दक्षिण क्षेत्रमा अवस्थित पालिका हो । भोजपुर र धनकुटालाई सडक मार्गले जोड्ने अरुण नदीको पुल यसै पालिकाको जरायोटारस्थित लेगुवामा पर्दछ ।

हिले-भोजपुर सडक अर्थात् नारदमुनि थुलुङ याङ्पाङ : अरुण गाउँपालिकाको वडा नं. १ याङपाङ षडानन्द नगरपालिका र सङ्खुवासभा जिल्लाको चैनपुर नगरपालिकाको सिमानामा अवस्थित रहेको छ । बिचमा अरुण नदी बग्दछ । परापूर्वकालमा यस ठाउँमा किराँती राजा याङको पाङ नामक दरबार रहेको हुँदा यो ठाउँलाई याङपाङ भन्ने गरिएको भन्ने किंवदन्ती रहेको छ । पछि गएर जिल्लालाई प्रशासनिक विभाजन गर्दा यही ठाउँको नामबाट याङपाङ गाउँ पञ्चायत हुँदै याङपाङ गाविस नाम रहन गएको हो । समुद्री सतहबाट २००-१२४८ मिटरको उचाइमा रहेको याङपाङको क्षेत्रफल

१२.६५ वर्ग किमि रहेको छ भने सदरमुकाम भोजपुरबाट १० कोसको दूरीमा पूर्वमा अवस्थित छ । यहाँ मगर, क्षेत्री, ब्राह्मण, तामाङ, राई, जोगी, थामी, कामी, दमाई, सार्की आदि जातजातिको बसोबास रहेको छ । यहाँका मानिसहरू हिन्दु, बौद्ध, किरांत, क्रिस्चियन आदि धर्म मान्दछन् ।

याङपाङका पर्यटकीय तथा रमणीय स्थलहरूमा याङपाङगढी ( पिल्सिङगढी), मादले भीर, शिवरात्रि गुफा छागाकरना, चमेरे गुफा, ऐनाभिर, तामेभिर आदि रहेका छन् । धार्मिक स्थलहरूमा नाकरुम धारा, राधाकृष्ण मन्दिर, आइतबारे थान, सरस्वती मन्दिर, शिव मन्दिर रहेका छन् । नाकरुम धारा धार्मिक स्थलमा पाथीभरा मन्दिर, हलेसीधाम, चारधाम, स्वयम्भू, बौद्धनाथ, सतासीधाम, शनि मन्दिर, शिव मन्दिरलगायत रहेका छन्। यहाँका युवाहरूले विशेष गरेर भलिबल र फुटबल खेल खेल्ने गर्दछन् । हाल यहाँ एक खेल मैदान निर्माणाधीन अवस्थामा रहेको छ । यहाँका वनहरूमा टिम्बुर, तितेपाती, कालोभ्मार, लहरा जस्ता जडीबुटीजन्य वनस्पतिहरू पाइन्छ भने मृग, बाघ, बनढाडे, स्याल, सुनगोहोरो, कालिज, तित्रा, काँढे ढुकुर, मयूर, लुइच जस्ता पशुपक्षाहरू पाइन्छन् । यहा तामाङ सेलो, सोरठी नाच, मारुनी नाच, लाखे नाच, भजन-कीर्तन, साकेला नाच, देउसीभैलो जस्ता मौलिक संस्कृतिहरू रहेका हुन् । जोगी जातिले फेरी लगाउने चलन पनि यस गाउँमा विद्यमान रहेको छ ।

याङपाङका प्रत्येक टोलहरूमा विद्युत् लाइन प्रतिशत वितरण भइसकेको छ । खानेपानीको व्यवस्था पनि सबै टोलहरूमा भइसकेको छ भने सडक यातायात सजालले पनि सबै टोललाई जोडेको छ । याङपाङको खानी गाउँमा

*फलाम खानी, तामेभिरमा तामाखानी र चुनढुङ्गा खानीहरू रहेका छन् । यी खानीहरूको खोज-अनुसन्धान र उत्खनन् गरेर उद्योगधन्दाहरू स्थापना गर्न सके अरुण गाउँपालिकाको आर्थिक समृद्धि हुने सम्भावना देखिन्छ ।*

***चम्पे :*** *चम्पे अरुण गाउँपालिकाको वडा नं. २ मा अवस्थित छ । वि.सं. १९०० सालतिर यहाँका समाजसेवी चम्पासिंह रानामगर नाम गरेका मुखियाले गुठीहरूको व्यवस्था गरी सामाजिक कार्य गर्दै आँसी र पूर्ण तिथिमा पाक्षिक रूपमा बजार लगाउन सुरु गरेका कारण उनै चम्पा रानामगरको नामबाट यस ठाउँको नाम चम्पे रहन गएको हो भन्ने भनाइ छ । पछि गएर यही चम्पे ठाउँको नामबाट नै चम्पे गाउँ पञ्चायत हुँदै गाविसको नामकरण हुन गएको हो । हाल चम्पे बजारमा चम्पासिंह मगरको शालिकसमेत स्थापना गरिएको छ ।*

*याङपाङमा विशेष गरी, मगर, राई, क्षत्री, ब्राह्मण, नेवार, तामाङ, कामी, दमाईं, थामी जातिहरूको बसोबास रहेको छ । हिन्दु, बौद्ध, किरात, क्रिश्चियन आदि धर्मलाई यहाँका मानिसहरूले अँगाल्दै आएका छन् । धार्मिक चाडपर्वहरूमा दसैं, तिहार, ल्होसार, तीज, बुद्धपूर्णिमा, साकेला, क्रिसमस आदि मनाइन्छन् । देउसीभैलो, सोरठी, मारुनी नाच, साकेला नाच, लाखे नाच, थामी नाच, बालन, भजनलगायत सांस्कृतिक सम्पदाहरू रहेका छन् । मठमन्दिरहरूमा कालिका देवी, महाकाली देवीस्थान, गणेश मन्दिर, जालपादेवी, ठुलो वरको रुख, आइतबारे थान, अरुणी कुवा, यहाँका प्रामहाकाली देवीस्थान, गणेश मन्दिर, जालपादेवी, ठुलो वरको रुख, आइतबारे थान, अरुणी कुवा, यहाँका प्राकृतिक एव पर्यटकीय स्थलहरूमा पालले गुफा, चण्डी डाँडा, गुराँसे भीर, कालीदह,*

सिद्धिकर्णे पोखरी आदि रहेका छन् । प्रमुख बस्तीहरूमा चम्पेबजार, तल्लो सिस्नेरी, माथिल्लो सिस्नेरी, बोक्ताम, सोरयाङ बेंसी, माचुङ, कुनाखर्क आदिलाई लिन सकिन्छ ।

**याकु :** याकु समुद्री सतहबाट लगभग २ हजारदेखि ४ हजार फिटसम्मको उचाइमा रहेको छ । यस वडाको सबैभन्दा होचो भाग धुसेनी वनमुनिको हङ्ङायो खोलाको किनार हो भने सबभन्दा अग्लो भूभाग ओखेको डाँडो हो । लगभग २४.८७ वर्ग किमि क्षेत्रफल ओगटेको याकु भोजपुर सदरमुकामबाट ११ कोसको दूरीमा पूर्वतर्फ रहेको छ । यहाँ ब्राह्मण, क्षेत्री, नेवार, राई, कुमाल, तामाङ, लिम्बू, विश्वकर्मा, सार्की, दर्जी आदि जातजातिहरूको बसोबास रहेको छ । यहाँका मानिसहरूले दसैं, तिहार, ल्होसार, बुद्धपूर्णिमा, साकेला, कृष्णाअष्टमी, लाखे नाच, तीज आदि धार्मिक तथा सांस्कृतिक चाडपर्व मनाउने गर्दछन् । यहाँ मुख्य बालीका रूपमा धान, मकै, कोदो, गहुँ, जुनेलो, फापर, तोरी आदि लगाउने गरिन्छ । यहाँका पर्यटकीय स्थलहरूमा बराहपोखरी, ओखेको डाँडो, सुकेनागी, हरलोडाँडा, थलाथुम्को, रमिते ढुङ्गा आदि प्रख्यात रहेका

छन् । पञ्चकन्या मन्दिर, शीतला देवी मन्दिर आदि धार्मिक स्थल पनि रहेका छन् ।

याकु नामकरण कसरी रहन गयो ? भन्ने आधिकारिक ठोस लिखित प्रमाण प्राप्त नभए पनि हालसम्म सुनिँदै आएका तीनओटा भनाइहरूलाई यहाँ प्रस्तुत गरिएको छः

*(१) सुरुमा यस ठाउँमा किरातीहरूले प्रशस्त गाईवस्तुहरू पाल्ने भएकोले धेरै गोठहरू बनाइएका थिए । किरात भाषामा गोठलाई याख्या भनिने गरिएको र पछि यही 'याख्या' शब्द बोलीचालीको भाषामा अपभ्रंश भई याकु नाम रहन गएको हो ।*

*(२) दोस्रो भनाइअनुसार राईहरूका आदि पुर्खा ओदालुङको आगमन हुनु अगाडि यस ठाउँ जङ्गलै जङ्गलले भरिएको थियो । साबिकको वडा नं. ९ जिमी गाउँमा ती ओदालुङले एउटा याक्सा (सानो कटेरो) बनाई बसोबास गरेको*

*र पछि यही 'याक्सा' शब्द बोलीचालीको भाषामा अपभ्रंश भएर यो गाउँको नाम नै याकु रहन गएको हो । (३) राईहरूका आदि पुर्खा ओदालुङले गाउँको साझा बिर सुंगुरलाई मारेर खाएको अभियोगमा बहिष्कृत भएर च्याङ्गेको तने गाउँबाट जाफ्नो 'याड'को खोजीमा यस ठाउँमा आएर बसोबास गरेका हुन् भन्ने जनश्रुति पनि रहेको छ । पछि 'याड' शब्द अपभ्रंश भएर 'याकु' नाम रहन गएको हो भन्ने अनुमान गरिएको छ ।*

*४) यहाँका केही बासिन्दाहरूको भनाइअनुसार यस गाउँका कुनै आदि पुर्खाले याक (चौरीको माले) पालेको हुनुपर्दछ र पछि गएर त्यसैबाट 'याकु' बनेको हो कि भन्ने अनुमान छ । तर, याक पालनका लागि यो भूमि उपयुक्त नरहेकोले यस अनुमानको वस्तुगत आधार देखिंदैन ।*

*(५) राई (बान्तावा) भाषामा याकु' भनेको 'पिँडालु' हो । पहिले यस भूमिमा प्रशस्त मात्रामा पिँडालु खेती गरिएकाले यसैबाट यस गाउँको नाम नै*

*याकु रहेको हो कि भन्ने जनश्रुति पनि पाइन्छ। तर, यो अनुमान पनि त्यति बलियो देखिदैन तर : पहिले यस ठाउँमा जङ्गलै जङ्गल थियो । यहाँ प्रशस्तै जरायो बस्ने गरेका थिए । तिनै जरायोहरूले । त्यस ठाउँमा ठुलो र फराकिलो आहाल सिङले खनेर बनाएको हुँदा जरायोहरूले खनेको आहालले पछि टारको रूप लिएको हुँदा यो ठाउँको नाम जरायोटार रहन गएको हो भन्ने जनश्रुति रहेको छ । सदरमुकामबाट १३ कोसको दूरीमा बिराएको हुँदाणा नदीतरी सिमाना जोडिएर रहेको जरायोटारको कुल जनतेत वर्ग किमि रहेको छ । यही मुख्य पूर्वर ब्राह्मण, क्षेत्री, राई, श्रेष्ठ, तामाङ, विश्वकर्मा, गाइने, माझी आदि जातिहरूको बसोबास रहेको छ । साकेला नाच, तामाङ सेलो, गन्धर्व जातिको संस्कृति, माझी संस्कृति, जनैपूर्णिमा, तीज, बुद्धजयन्ती, दशैं, तिहार, क्रिसमस आदि धार्मिक र सांस्कृतिक चाडपर्वहरू रहेका छन् । विशेष गरी यहाँका मानिसहरू किराँत, हिन्दु, बौद्ध र क्रिश्चियन लगायतका धर्महरू मान्दछन् । यहाँ खाद्यान्न बालीहरूमा मकै, कोदो, जुनेलो, तोरीको खेती गरिन्छ भने नगदेबालीहरूमा बदाम, सुर्ती, आलु उत्पादन हुने गर्दछन्। बञ्चरे डाँडा, पिकनिक स्थल, सल्लाघारी, अरुण नदी, सिक्रेटार, लोभरे डाँडा, जरायोको मूर्ति यहाँका पर्यटकीय एकेन्द्रका मानिन्छ ।*

***प्याउली :*** *यहाँका स्थानीय बुढापाकाका भनाइअनुसार एकजना ढकाल बाहुनकी छोरी बाखा चराउन जाँदा सधै प्याउली भएर रुने कराउने र प्याउलो बोल्ने गरेका कारण उनलाई यो प्याउली भई भन्दाभन्दै पछि त्यस ठाउँको*

*नाम नै प्याउली रहन गएको हो । हाल त्यही प्याउली गाउँकै नामबाट गाउँ पञ्चायत हुँदै प्याउली गाविस नामकरण गरिएको चियो । जिल्लाको सदरमुकाम भोजपुरबाट ८ कोस पूर्व अरुण नदीसँगै सिमाना जोडिएर रहेको यस प्याउलीको क्षेत्रफल १३.८८ वर्ग किमि रहेको छ । यहाँ क्षेत्री, ब्राह्मण, राई, मगर, सार्की दमाई, कामी, नेवार, थामी आदि जातजातिको बसोबास रहेको छ । यहाँ पनि सोरठी, मारुनी नाच, हुर्रानाच, साकेला नाच, लाखे नाच, देउसी भैलो आदि संस्कृति रहेका छन्। यहाँ गणेश्वर शिवालय, शिवालय कालिका मन्दिर, पञ्चकन्या मन्दिर, भीमसेन मन्दिर र पञ्चकन्या मन्दिर आदि धार्मिक मन्दिरहरू रहेका छन् ।*

*चेपाङ डाँडा, सिमल डाँडा, हरेलो डाँडा, बतासे डाँडा आदि यहाँका प्राकृतिक तथा पर्यटकीय स्थलहरू हुन् । यहाँ जडीबुटीहरूमा चिराइतो, गुर्जी, कुर्ची, तुलसी, कुरिलो आदि पाइन्छन् भने वन्य जीवजन्तुहरूमा कालिज, लुइँचे, काग, बेसारे, रूपी, ढुकुर, लामपुच्छ्रे, स्याल, वनढाडे, मलसाप्रो, ढेडु आदि पायन्छन् । यहाँको लगभग ७५ प्रतिशत टोलहरूमा विद्युत् सेवा पुगिसकेको छ केही टोलहरूमा विद्युत् सेवा पुग्न बाँकी देखिन्छ ।*

***चरम्बी :*** *भोजपुर सदरमुकामदेखि १२ कोस पूर्वमा रहेको 'चरम्बी' गाविसको क्षेत्रफल ३६.०० वर्ग किमि रहेको छ। यो गाविसको पूर्व अरुण नदी पश्चिम याकु, दक्षिणमा जरायोटार र उत्तरमा प्याउलीको बिचमा चरम्बी गाविस रहेको छ । यस गाउँमा धेरै पहिले 'चरंगे' थरका राई जातिहरूको बसोबास रहेको थियो । यिनै 'चरंगे' राई जातिको नाम 'चरगे' शब्द अपभ्रंश*

भई 'चरम्बी' नाम रहेको हो भन्ने किंवदन्ती रहेको पाइन्छ । पछिल्लो समय त्यही 'चरम्बी' ठाउँको नामबाट नै चरम्बी गाविसको नामकरण गरिएको हो । चरम्बीमा क्षेत्री, ब्राह्मण, राई, मगर, तामाङ, नेवार, कुमाल, विश्वकर्मा, दमाई, सार्की, भुजेल, माझी आदि जातजातिहरूको बसोबास रहेको छ। यहाँका मानिसहरू हिन्दु, चौद्ध, किराँत, क्रिश्चियन आदि धर्ममा आस्था र विश्वास राख्दछन्। चाडपर्व र संस्कृतिहरूमा दसैं, तिहार, ल्होसार, बद्ध पूर्णिमा, चण्डी नाच, मारुनी नाच, देउसी भैलो आदि मनाउने गर्दछन् ।

यस ठाउँका रमणीय तथा पर्यटकीय स्थलहरूमा हरेलो डाँडा, ल्याङ्डाँडा, मानेडाँडा, ललनटार, ओदाने डाँडा, कुमालटार, गोलेटार, गुफा आदि रहेका छन् । धार्मिक मठ, मन्दिरहरूमा महेश्वरा देवीको मन्दिर यहाँको प्रख्यात मन्दिर रहेको छ भने शिवालय र अन्य देवीधानहरू पनि रहेका छन् । यहाँ धान, मकै, कोदो, जुनेलो, फापर, गहुँ आदि खाद्यान्न बालीहरू लगाइने गरिन्छ । यहाँका वनहरूमा खयर, साल, सल्लो, चिलाउने, पात्ले, लालीगुराँस आदि पाइन्छ । जडीबुटीहरूमा चिराइतो, तितेपाती, टिम्मुर, मझिटो, घ्यूकुमारी आदि पाइन्छ भने कालिज, तित्रा, लोखर्के, ढुकुर, तुइँचे, लामपुच्छ्रे, काग, कोइली र स्याल बनढाडे, बाँदर, मृग, खरायो, सालक गोहोरो लगायतका पशुपंक्षी र वन्यजन्तुहरू पाइन्छन् ।

## ४. जनसङ्ख्या तथा जातिगत अवस्था

यस अरुण गाउँपालिकाको वडा नं. १ देखि वडा नं. ७ भित्र स्थायी रूपमा बसोबास गर्ने मानिसहरूको कुल सङ्ख्यालाई नै पालिकाको जनसङ्ख्या

मान्नुपर्ने हुन्छ । कुनै पनि ठाउँको उपलब्ध स्रोत, साधन र त्यस ठाउँको विद्यमान जनसङ्ख्याको आकार, प्रकार र बनोटले त्यस ठाउँको विकासमा प्रत्यक्ष तथा परोक्ष रूपमा प्रभाव पार्दछ । यस अरुण गाउँपलिकाका सबै वडाहरूमा समान किसिमले जनसङ्ख्याको वितरण भएको देखिदैन । भौगोलिक अवस्था, यातायात, स्वास्थ्य, शिक्षा र व्यापार व्यवसाय आदिका कारणले पनि जनसङ्ख्यालाई प्रभाव पार्ने गर्दछ । यस पालिकाको याङ्पाङ चम्पेबजार, सिस्नेरी, सोरयाङ, प्याउलीको, खोकुम्बु मोरयाङडाँडा लगायतका ठाउँहरूमा जनसङ्ख्याको यस प जनसङ्ख्याको बाक्लो उपस्थिति रहेको देखिन्छ । त्यसैगरी, चरम्बीको याङ, थर्पु, जरायोटारको, माङदिङ, सिक्रेटार, पाल्पाले, याकुको याकुबिर्ता, जिमिगाउँ, आरुखर्क आदि ठाउँहरूमा जनसङ्ख्या बढी देखिन्छ । यस गाउँपालिकामा वि.सं. २०६८ सालमा गरिएको जनगणनाअनुसार जम्मा जनसङ्ख्या १७ हजार ६८७ देखिन्छ भने उता भोजपुर जिल्ला पार्श्व चित्रअनुसार यस पालिकामा जम्मा २०१४४ जनसङ्ख्या रहेको तथ्याङ्कले देखाउँछ ।

अरुण गाउँपालिका बहुलजाति र बहुलभाषी समुदायहरूको बसोबासको थलो हो । यस पालिकाको केही ठाउँबाहेक सबै ठाउँहरूमा मिश्रित जातजातिहरूको बसोबास रहेको छ । यस गाउँपालिकामा बाहुन, क्षत्री, राई, कामी, मगर, तामाङ, सार्की, माझी, थामी, जोगी, गन्धर्व (गाइने) जातिहरूको बसोबास रहेको देखिन्छ । एक-अर्कामा पारस्परिक सद्भाव कायम देखिन्छ । यस पालिकाको वडा नं. २ चम्पेमा नेपालकै सीमान्तकृत र लोपोन्मुख जातिमा गनिने थामी जातिको बसोबास रहेको छ । पालिकाको वडा नं. १ याङपाङको मेहनपुर भन्ने ठाउँमा जोगी समुदायको बसोबास रहेको छ । भोजपुर जिल्ला

*र पूर्वका केही ठाउँहरूमा परापूर्वकालदेखि नै मेहनपुरे जोगी भनेर चिनिएको जातिको यहाँ बसोबास रहेको छ । त्यसैगरी, अरुण गाउँपालिकाको वडा नं. ६ जरायोटारका गन्धर्व (गाइने) जातिको बसोबास रहेको छ । यस ठाउँलाई माड्दिङ भनिन्छ । 'मादिङका गाइने सबैलाई चाहिने' भन्ने लोकोक्ति धेरै पहिलेदेखि नै भोजपुरमा प्रचलित छ। अत्यन्तै लोकप्रिय बाजा सारङ्गी बजाएर गाउँघर र सहर बजारमा गाउँदै हिँड्ने गरेकाले गाइने भनिएको अनुमान गर्न सकिन्छ ।*

## ***अरुण गाउँपालिकामा पर्यटन***

*अरुण गाउँपालिका विविध जातजाति, धर्म, संस्कृति, रीतिरिवाज, परम्परा रहेको गाउँपालिका हो । यहाँका कतिपय पर्यटकीय स्थल धर्म, संस्कृतिसँग जोडिएर रहेको पाइन्छ । यहाँको पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन गुरुयोजना बनाएर अगाडि बढ्न सकेको खण्डमा यस क्षेत्रको आर्थिक विकासका लागि कोशेढुङ्गा सावित हुनेछ । यहाँको मुख्य पर्यटकीय क्षेत्र भनेको याङ्पाङको पामखाम गढी, शिवरात्रि गुफा, चम्पेको पाताले गुफा, चण्डी (साकेला) डाँडा, याकुको बराह पोखरी, जरायोटारको अरुण नदी आदि हुन् ।*

## ***नाकरुम धारा धार्मिक पर्यटन क्षेत्र***

*यो नाकरुम धारा धार्मिक पर्यटन क्षेत्र अरुण गाउँपालिका-१ यापाङमा अवस्थित रहेको छ । यो धार्मिक महत्त्व र आस्था बोकेको क्षेत्र हो । यापाङको मेहनपुर खर्केलीटार नजिक नाकरुम धारा क्षेत्रमा सबै दवी देवताको संगमस्थलको रूपमा यस क्षेत्रलाई लिन सकिन्छ । तपस्यापरक अन्तरयामी सनातन धर्मगुरु*

*लालबहादुर घिसिङले स्थापना गर्नुभएको मन्दिरहरू हलेसीधाम, सतासीधाम, चारधाम, शनि मन्दिर, बौद्ध मन्दिर, शिव मन्दिर यहाँ प्रसिद्ध मन्दिरहरू हुन् । विश्वकै सबैभन्दा होचो अरुण उपत्यकाभित्र रहेको यो क्षेत्र समुद्र सतहबाट करिब ३५ सय मिटरको उचाइमा रहेको छ । यो अत्यन्तै धार्मिक महŒव र आकर्षणको क्षेत्र हुने सम्भावना बोकेको ठाउँ हो । यस ठाउँको २ किमिको दुरीमा अमरनाथ गुरु भारत जम्बुकश्मिरबाट यहाँ आएर धेरै वर्षसम्म गुप्तबास बसेको किंबदन्ती रहेको छ । पहिले पहिले यहाँ आइतबार बलिदिने चलन थियो । तर, हाल पाथिभरा देवी मन्दिरमा बलि भोग दिने चलन बन्द गरिएको छ । यहाँ धेरै वर्ष पहिलेदेखि पूजापाठ गर्ने चलन थियो ।*

***अरुण गाउँपालिकामा पर्यटकीय स्थलहरू***

***बराहपोखरी :*** *याकु-५, लेखर्कमा अग्लो ठाउँमा ठुलो र लाम्चो नागी छ । जुन नागीबाट धनकुटा, हिले, सिदुवा, चैनपुर, खाँदबारी, तराईका केही भाग, सप्तकोसी नदी, कुम्भकर्ण हिमाल, दिङ्ला आदि र अरुण बरुण नदी वनजङ्गल पहाड पर्वत र अन्य स्थानहरूको मनोरम दृश्यले सबैलाई लोभ्याइरहन्छ । उक्त नागीको बिच भागमा एउटा पोखरी छ । सोही पोखरीको दक्षिणपट्टि एउटा चौतारो जहाँ मन्दिरको रूप छ। जुन मन्दिरमा जलकन्या देवीको मूर्ति झाँक्री- झाँक्रेनी, सिद्धसिकारी अनि बराह भगवान्को समेत थपना (मूर्ति) रहेको छ । जलकन्या देवीको मूर्ति कसैले पनि स्थापना नगरी साच्चै आफ्से-आफ जमिनको तल्लो भागबाट ढुङ्गो टुसाएर आएको अचल र रूप उत्पत्ति भएको मानिन्छ । जनश्रुति र विविध प्रमाणको आधारमा सुनसरीको*

कोकाह नदीको फेद सप्तकोसी नदीको फेद सप्तकोसी नदीको सँगमस्थलमा विष्णु भगवान्को बराह अवतारको रूप रहने गर्नुभएको र हरेक वर्ष नागीको पोखरी छेउको मन्दिरमा आएर जलकन्या देवीसँग पासा खेलेर बस्ने, घुम्ने गर्नु भएकोले उक्त पोखरीको नाम बराहपोखरी रहन गएको हो । स्वामी हरिदास महाराजको भनाइअनुसार पद्मपुराणमा समेत बराह भगवान् भोजपुरमा आई बस्ने गर्नुभएको भनेको उही बराहपोखरी नै हो ।

उक्त बराहपोखरी पहिले धेरै ठुलो र फराकिलो र पानी प्रशस्त पलाउँथ्यो र पोखरीमा सेता प्रकारका ठुला अनौठा प्रकारका घाँसहरू पनि थिए । पोखरीको वरिपरि ठुला-ठुला पात्लेका रुखहरू थिए । जसको छहारीमा ७०/८०दनको घाममा खर्जने गर्दथे । सो पोखरीमा रातको र दिनको १२ बजे नगरा र पन्चेबा शंखध्वनिको आवाज आउने गर्दथ्यो । मानिसहरूले भगवान्प्रति पूजा र प्रार्थना गरेर कने सामाजिक सेवा धार्मिक कार्यको लागि भाँडावर्तन, पान-बटुको आदि जे चाहिन्छ सो बेलुका आएर मागेको खण्डमा सोही ठाउँमा राखिदिएपछि त्यही हुन्थे । रातमा भाँडा मार्केकी र बन्काइएको अवस्था पनि सुनिन्थ्यो । एकजना ढकाल थरका पूजारी जसले पूजा गर्दा मन्दिरको प्वालबाट दुईओटा काला नागरिका मूर्तिमा बेरिएर बसिरहन्थे ।

एकपटक चरम्बी-९ काइलुडमा पर्ने जौ खोरियामा लहलह भएको हरियो कलिलो जौ प्रशस्त रहेको अवमा कुनै प्राणीने खाने गरेकाले कुनै राई समुदायका कृषक रातमा जौ कुर्न बसेको बेलामा दुईओटा बदल (सुंगुर) आई खुर्पाको कट्टी हान्दा एउटा बँदेललाई लाग्यो तब दुवै बेपत्ता भए । भोलिपल्ट बिहान खोजी

हेर्दा रगतको बार चुलिदै चुदि मन्दिरभित्र पसेको देखिएछ । उक्त बँदेलको थुतुनो र (गालामा) खुर्पाले लागेको थियो । त्यसको मौलि रातको १२ बजे नगरा बाजा र अन्य विविध बाजागाजासहित आकाश मार्गबाट कोकाह नदीको फेदीतिर गएको केही मानिसहरूले थाहा पाई बराह भगवान् गएको भनी सबैले दुख मनाए । त्यसपछि मात्र सबैले बराह भगवान् भएको थाह पाए । त्यसपछि पुनः बराह भगवान् यहाँ आउनुभएको छैन । आज पनि बराह भगवान्को गालामा काटिएको खत बराह भगवानको मूर्तिमा बराह क्षेत्रमा छदैछ ।

उक्त पोखरीका हाँस पनि राई समुदायका कुनै मानिसले मारेर खाएकोले बाँकी हाँस पनि अलप भए । पोखरीमा फोहोर र जुठा भाँडा राखिदिनाले भाँडावर्तन पनि अलप भए नगरा बाजा शंखध्वनि पनि बज्न छोड्यो । पोखरी पनि अतिक्रमण भएको अवस्था छ । पानीको मूल पनि सुकेको अवस्था छ । तापनि पोखरीमा पानी सधै रहेकै छ, नाग पनि कसैले मारिदिएकोले नाग मार्ने र हाँस मारी खानेलाई त्यसबेला ठुलो नजाति भएको कुरा ज्ञात भएको छ । बराह पोखरीको उत्तर पूर्वपट्टि सुनाखरी पहरो छ जो तलबाट हेर्दा तलैतला जस्तो र तामाको जस्तो ढुङ्गा रहेका छन् । जहाँ सुनखानी छ भन्ने जनविश्वास रहेको छ । सो हेर्नको लागि करिब ३०/३५ वर्ष अगाडि कोही विदेशी बराह पोखरीको दक्षिणमा अग्लो ठाउँमा समतल नागी छ जहाँबाट चौतर्फी दृश्य हेर्न सकिन्छ जसलाई सुर्के नागी भन्दछन् । सोही ठाउँमा हेलिकोप्टर राखी आएका थिए। उक्त सुर्के नागीको पूर्वतर्फ बराहको पाइलो छ। जुन ठुलो ढुङ्गामा रहेको छ ।

***सिद्धको थुम्को :*** *बराहपोखरीबाट करिब ६ सय मिटर उत्तरतर्फ याकु-५ को सिमाना चरम्बी-९ को ओदाने छेउमा हिले भोजपुर नारदमणि थुलुङ राजमार्गको छेउमा सिद्धको थुम्को, जो अति उच्च ठाउँमा चारैतिरबाट देखिने र त्यहाँबाट पनि अन्य चौतर्फी देख्न सकिने सिद्धको थुम्को छ । अग्लो भीर पहराको टुप्पोमा एउटा ठुलो रुखको फेदमा सिद्ध देवीको थान छ। जहाँ चारैतिर भौगोलिक दृश्य हेर्न सकिन्छ । सो सिद्धको थुम्को भीरको माझमा ढुंगै ढुङ्गाले बनेको लामो सुरुङ छ र जहाँ धेरै पर र तल पानी बजेको आवाज आइरहन्छ त्यस थुम्कोमा जाँदा चारैतिरको भौगोलिक हरियाली दृश्य देखेर बसिरहूँ जस्तो लाग्छ ।*

***हरलो डाँडा :*** *चरम्बी-९ अन्तर्गत पर्ने हरेलो डाँडाले चरम्बी, याकु, प्याउली तीनओटै गाविसलाई छोएर अति उच्च स्थानमा लम्पसार भएर सुतेको छ। जसले तीन गाउँको प्रतिनिधित्व गरेको छ। जसको पश्चिम दक्षिण याकु, पूर्व-दक्षिण चरुरम्बी र उत्तरतर्फ प्याउली रहेको छ । जहाँबाट अरुण, बरुण, प्याउली रहेको छ। जहाँबाट अरुण, बरुण, नदी आदि नदीनाला, खोलाखोल्सी वन, जङ्गल, डाँडाकाँडा आदि विविध दृश्य देखिन्छ। प्राचीन समयदेखि नै तीज पर्वदेखि पछिल्लो आउने मंगलबारका दिन ठुलो हरेलो बजार पर्व मेलाको रूपमा लाग्दछ। त्यस भेगमा सबै मानिसहरू उक्त दिनलाई चाडपर्वको रूपमा मान्ने गर्दछन् र त्यस क्षेत्रमा रहेका सबै नङ्ग-संस्थाहरू उक्त दिन पर्वको रूपमा स्थानीय बिदा दिने चलन छ । सोही उच्च स्थानमा टेलिफोनको टावरसमेत रहेको छ । खरी सिद्धको थुम्को र हरेलो डाँडो पर्यटकीय दृष्टिकोणले अति महŒवपूर्ण रहेको छ । हिले भोजपुर नारदमणि बुलुङ सहायक राजमार्गको*

*छेउमा पर्ने उक्त स्थलहरूको अरू खोजी कार्य गर्नुपर्ने, चरम्बी, याकु र प्याउलीको मात्रै नभई जिल्ला र त्यस क्षेत्रका सम्पूर्ण तह र तप्काका महानुभावहरूले पर्यटकीय विकासको लागि महŒवपूर्ण उक्त स्थानको साथै त्यस क्षेत्रका जनताको पनि भविष्य उज्वल हुने थियो । धार्मिक एवं पर्यटकीय स्थलहरू : (१) सिमरनी डाँडा चम्पे-८ र ३; (२) रवेश्वर मन्दिर प्याउली-४; (३) थामे डाँडा पर्यटन क्षेत्र, प्याउली-२; (४) सिमल डाँडा मन्दिर प्याउली-६; (५) कालिका मन्दिर प्याउली-३; (६) मनकामना मन्दिर जरायोटार-१; (७) लेघुवाघाट पर्यटन क्षेत्र, जरायोटार; (८) जरायोको मूर्ति जरायोटार; (९) साकेलायान याकु, (१०) सितलादेवी मन्दिर याकु; (११) हरेलोडाँडा याकु, (१२) ओखेको डाँडो याकु, (१३) रमिते ढुङ्गा, याकु; (१४) पेन्सेनगढी याङपाङ; (१५) मादलेभिर याङपाङ; (१६) छागा झरना याङपाङ; (१७) चमेरे गुफा याङपाङ; ( १८) तारे भिर याङपाङ; (१९) नाकरुम धारा धार्मिक स्थल याङपाङ, (२०) पातले गुफा चम्पे-८; (२१) कालिदह चम्पे-९; (२२) सिद्धिकर्णे पोखरी चम्पे-९; (२३) गुराँसे भीर चम्पे-; (२४) कालिकादेवी चम्पे-८; (२५) महाकाली देवीयान चम्पे; (२६) जाल्पादेवी चम्पे; (२७) हरेलोडाँडा पर्यटन क्षेत्र प्याउली-१; (२८) शिवालय मन्दिर प्याउली- ८; (२९) मनकामना मन्दिर जरायोटार-१; (३०) सिद्धकाली चम्पे-४; (३१) सिंहदेवी चम्पे-२; (३२) बराहपोखरी याकु-५*

***याङपाङगढी/पेन्सिनगढी*** *: यस ठाउँको सम्बन्धमा कुरा गर्दा हाल पेन्सिल पेन्सिनगढीको नामले सम्बोधन गरिदै आएको पाइन्छ । तर यस गढीको*

ऐतिहासिक नामको सन्दर्भलाई पेन्सिनगढीको नामले सम्बोधन नै हो भन्ने कथन पाइन्छ । त्यस्तैगरी अर्को भनाइअनुसार याड मन्ने राजाको पाङ ताम गरेका मन्त्रीबाट नै याडपाड रहन गएको देखिन्छ । यसरी राजाको दरबार सेवाअनुसार या जो रहेकोमा बङ्कर (किल्ला) खनिएको ठाउँ हुनाले यसको ऐतिहासिक नाम याडपाड गढी नै हो भन्ने भनाइको सबल पक्षले पुष्ट्याई गरेको पाइन्छ ।

इतिहासको कालखण्डमा पश्चिम नेपालका बाइसे चौबिसे राज्य समकालीन पूर्वी नेपालको माझकिराँत प्रदेशअन्तर्गत यहाँका याङ राजालगायत अन्य राजाहरूको सैनिकहरूले युद्धकलाभित्र पर्ने अग्लो डाँडा याङपाङमाबाट आक्रमण र प्रत्याक्रमण गर्न सकने किल्ला बनाई बसेको हुन सक्ने सङ्केत पाइन्छ । उक्त प्रकारका डाँडाको चुलीमा रहेका बडकर) को भग्नावशेषहरूको प्रमाण भने अद्यावधि पनि देख्न सकिन्छ । त्यस्तै गरी बुढापाकाहरूको भनाइअनुसार ५०-६० वर्षउतासम्म त्यहाँका पुराना हातहतियार पाउन सकिन्थ्यो । पछिल्लो अवस्थासम्म पनि दरबारको पर्खाल भेटिन्थ्यो । यी प्रमाणहरूको आधारमा बाइसे चौबिसे राज्यव्यवस्था सँगसँगै नेपालका अन्य गढीहरू जस्तै यस गढीको पनि ऐतिहासिक पृष्ठभूमि रहेको देखिन्छ। त्यसताका गरिने युद्धको सन्दर्भलाई लिंदा आन्तरिक युद्ध चाहिँ याङपाङ गढीका नजिक रहेका चेवाड गढी, पौवागढी र देउराली गढीका साथै अरुणपारि चैनपुरगढी बिच धनुकाँड घुयत्रो, खुकुरी, तरबारको भरमा हुने गर्दथे ।

खुकुरी, तरबारको भरमा हुने गर्दथ्यो भन्ने भनाइ रहेको छ एवं प्रकारले युद्ध भइरहँदा याङपाङ गढीमा असंख्यक मान्छेहरूको ज्यान गयो र असङ्ख्याक

मृतकहरूका रगतको खोला धेरै दिन बग्दै जाँदा गन्धसहितको रगतले वातावरण दूषित बन्दै गयो । तसर्थ रगतको गन्धसहितको खोला बगेकै कारण याङपाङगढी तल बग्ने खोलालाई अद्यापि पनि गन्धे खोलाको नामले उच्चारण गरिँदै आएको कथन छ । त्यस्तै कथनअनुसार शत्रु पक्षका सेनाहरूले प्रतिपक्षका सेनाहरूलाई ढिकीमा लगाएर मुला किचे झैं किची मारेको हुनाले हालसम्म पनि याङपाङ गढी दक्षिण ढिकी सार भन्ने ठाउँ रहेको पाइन्छ । यसरी असङ्ख्यक मानिसहरूको रगतबाट बगेको घटनास्वरूप गन्धेखोला र ढिकीमा मुलाझैं मानिसहरूलाई किच्चाएर मारेको घटनाबाट ढिकीसार नामकरण गरिएको कथनलाई लिँदा चाहिँ माझकिराँत प्रदेशअन्तर्गत पर्ने गढीहरूबिच सेनासँग युद्ध हुँदा असङ्ख्य मानिसहरूको हताहत भएको हो“ वा पृथ्वीनारायण शाहको (सन् १७७३) को सेनासँग युद्ध हुँदा यत्रो सङ्ख्यामा हताहत भई गन्धेखोला र ढिकी सारको नामकरण रहन गएको हो यसबारे खोजअनुसन्धान गर्नु बाँकी नै छ ।

पृथ्वीनारायण शाहको अतिक्रमणपछि याङपाङ गढीको अस्तित्व समाप्त भयो । कालान्तरमा गएर अस्तित्वविहीन यस गढीलाई तामाङ जातिहरूले भने समाधिस्थलको रूपमा उपयोग गर्दै लगेको पाइन्छ । तर समयान्तर सँगसगै उक्त कार्यलाई राक्ने काम भएको देखिन्छ । हाल याङपाङ गढी व्यक्तिगत अचल सम्पत्तिको रूपमा नरहेको तर सामुदायिक वन क्षेत्रअन्तर्गत चाहिँ ५०/६० हेक्टर जमिन रहेको पाइन्छ । र याङपाङ गढीको ऐतिहासक महŒव जोगाउने उद्देश्य राखी गढी क्षेत्रलाई सामुदायिक वनक्षेत्र राखी गढी क्षेत्रलाई सामुदायिक वनक्षेत्रमा परिणत गरिएको पाइँदैन, वन उपयोग गर्ने उद्देश्यमा मात्र केन्द्रित

याङपाङ गढीको वर्तमान अवस्था रहेको पाइन्छ । उक्त गढीको मुख्य बडकर क्षेत्रमा भने सामान्य खाले कालीगढद्वारा निर्माण गरिएको बुद्धको मूर्ति राखिएको पाइन्छ । अतः बुद्धमार्गीहरूले बुद्धको प्रतिमा स्थापनागरे पछि यहाँका सामाजिक एवं धार्मिक व्यक्तिहरूको अगुवाइमा यसको संरक्षण गर्ने उद्देश्य राखी नेपाल सरकार पर्यटन बोर्डमा प्रस्तावहरू पेस पारिएका थिए भने उक्त बोर्डबाट आर्थिक सहयोग उपलब्ध गराएको कारण गढ्ढीस्थान जाने बाटाहरूको मर्मत गरिएको छ ।

याङपाङ गढीको ऐतिहासिक नामलाई अपभ्रमित गरी पेन्सिल/पेसिन/पेल्सिङ गाडीको नाम दिए तापनि यस गढीको वनक्षेत्रलाई सामूहिक उपयोग र धार्मिक स्थलको रूपमा मत पाइन्छ । यसका साथै वैशाखे पूर्णिमा, मङ्सिरे पूर्णीमाको अवसरमा पशुहरूकोमा प्रयोग गर्दै आएको देखिन्छ भने हरेलो मेलालाई चाहिँ बढी प्राथमिकता दिने यस क्षेत्रको संस्कार रहेको पाइन्छ ।

### देउराली गढी

अरुण नदी पश्चिम याङपाङ, वोया, साङपाङ, तुङगेछा र केउरेनीपानी गरी जम्मा पाँच गाउँसँग जोडिएका देउराली गढी पनि एक हो । समुन्द्रको सतहदेखि ११७० मिटरको उचाइमा रहेको बुचाकोट नाम गरेका किरात शासकको यस गढी अन्य गढीहरूको तुलनामा विशिष्ट खाले युद्धकौशल नीतिअनुरूप निर्माण गरिएको गढी हो भन्ने सङ्केत क्षेत्रगत निरीक्षण र प्राप्त भग्नावशेषले पुष्टि गरेका देखिन्छ । किनकी भौगोलिक बनोटअनुसार गढीनिर्माण कार्यलाई महŒव दिइएको देखिन्छ, जसअन्तर्गत गढीको दक्षिण

भागमा रहेको पत्थरयुक्त भिरलाई सुरक्षित क्षेत्रको रूपमा लिई अन्य भाग वरिपरि खाई (खाल्डो) खनी शत्रु सेनाहरूको आक्रमणलाई प्रत्याक्रमण गर्ने रणनीति भएको गढी हो भन्ने देख्न सकिन्छ। एवं प्रकारले गढीनिर्माण र यसका अधीनस्थ क्षेत्र विस्तार हुँदै जाँदा देउराली गढी र याङपाङ गढीको सिमाना जोडिन गएको देखिन्छ । यी दुवै क्षेत्रका शासकहरू बिचको आन्तरिक मनमुटावको कारण प्रायः जसो नै युद्ध भइरहन्थ्यो भने युद्धमा प्रयोग गरिएका युद्ध अस्त्रहरूमध्ये त्यस समयमा उपलब्ध पुद्ध अस्त्रहरूमध्ये त्यस समयमा उपलब्ध हुन नुक घुयत्रो थिए भन्ने देखिन्छ । यसरी देउराली गढीमार्फत नजिकका छिमेकी याङपाङ गढीका शासकसँग देउराली गढीका शासकले युद्धविराम गरी चैनपुर गढीका शासकहरूसँग पनि भीषण युद्ध गर्दै आएको कथन छ । देउरालीगढी (कोतगढी) को वर्तमान अवस्थालाई हेर्दा अझै पनि यस गढी क्षेत्रले ५०/६० हेक्टर जमिन ओगटेको देखिन्छ। उक्त प्रकारका गढी क्षेत्रको पूर्व, उत्तर र पश्चिममा सामुदायिक वन समूहको मातहतमा गढी क्षेत्रको जग्गा रहेको छ भने गढीको केन्द्रीय भागमा चाहिँ टेलिकमको टावर, दक्षिण भागमा बस्ती विकास गरिएको छ साथै पूर्वी भागमा चाहिँ देवीको स्थापना गरी कार्की परिवारबाट मात्रै व्यक्तिका इच्छानुसार बोका, परेवा आदि देवीलाई बलि चढाउने गरेको पनि देखिन्छ ।

अतः मानव अतिक्रमण हुनुपूर्वका ऐतिहासिक गढीलाई संरक्षण एवं संवर्द्धन गर्ने सन्दर्भमा राज्यको तर्फबाट ध्यानाकर्षण नहुँदा क्षेत्रीय इतिहासको अस्तित्व समाप्त हुँदै गएको सङ्केत पाइन्छ। हालको देउराली गा.वि.स. स्थित गढीलाई 'कोतगढी'को नामबाट चिनाउने गरेको देखिन्छ । यसरी देउराली

*गढीलाई कोत गढीको नामकरण गर्नुको कारणहरूमध्ये त्यसवेलाका शासकहरूले युद्ध जित्नको लागि आफ्ना इष्टदेवतासँग शक्ति माग्ने गर्दथ्यो । शक्ति माग्ने क्रममा कोत तथा मौला स्थपना गरी रांगा वा सुँगुरको पाठो बलि दिई आफू र आफ्ना सैनिकहरूको आत्मबल बढाउने मनोवैज्ञानिक विधि थियो। तसर्थ कोत एवं मौला स्थापना गरी आफ्ना किल्लाबाट शत्रुको मुकाविला गर्दै जाँदा विजय र पराजय हुने क्रममा पशुबलि दिने क्षेत्रलाई कोतगढीको नामले उच्चारण गरिँदै आएको सङ्केत देखिन्छ ।*

***(स्रोत: नगेन्द्र खत्री र इन्द्रसुर बेल्टारे, भोजपुर दर्पण २०७८ पृ.७७१)***

## निष्कर्ष

अरुण गाउँपालिका बहुलजाति र बहुलभाषी समुदायहरूको बसोबासको थलो हो । यस पालिकाको केही ठाउँबाहेक सबै ठाउँहरूमा मिश्रित जातजातिहरूको बसोबास रहेको छ । यस गाउँपालिकामा बाहुन, क्षत्री, राई, कामी, मगर, तामाङ, सार्की, माझी, थामी, जोगी, गन्धर्व (गाइने) जातिहरूको बसोबास रहेको देखिन्छ । यहाँका कतिपय पर्यटकीय स्थल धर्म, संस्कृतिसँग जोडिएर रहेको पाइन्छ। यहाँको पर्यटन प्रवर्द्धनका लागि दीर्घकालीन गुरुयोजना बनाएर अगाडि बढ्न सकेको खण्डमा यस क्षेत्रको आर्थिक विकासका लागि कोशेढुङ्गा सावित हुनेछ। विश्वकै होचो उपत्यका अरुण उपत्यका रहेको यस स्थानमा अरुण नदी सभ्यताको केन्द्र बनाई खुला ‘अरुण नदी सभ्यता सङ्ग्रहालय’ को स्थापना गर्न सकिन्छ। यसो गर्न सकियो भने यो कुरा अरुण गाउँपालिकाका लागि मात्र नभएर प्रदेश र देशकै लागि एउटा गौरवको विषय हुने छ । देश, विदेशमा अरुण गाउँपालिकाको गौरवको प्रचार हुनेछ जसबाट

यहाँ देशका विभिन्न ठाउँका साथै विदेशबाट समेत पर्यटकको आगमन हुनेछ। यसबाट अरुण गाउँपालिको समृद्धिमा उल्लेख्य योगदान पुग्ने छ। प्रचुर पर्यटकीय सम्भावना बोकेका यस गाउँपालिका अरुण उपत्यकाकामूर्त तथा अमूर्त सांस्कृतिक सम्पदाहरूको खोज-अन्वेषण, अध्ययन-अनुसन्धान तथा अवलोकनको प्रमुख केन्द्र बन्न सक्दछ।

कोशी प्रदेशमा २०६८ को जनसङ्ख्या ४५३४९४३ थियो भने २०७८ मा ४९६१४१२ रहेको छ । यसरी नै भोजपुर जिललाको जनसङ्ख्या २०६८ मा १८२४५९ रहेको थियो भने २०७८ मा १५७९२३ रहेको छ यसरी हेर्दा के देखिन्छ भने राष्ट्रिय जनगणना २०७८ मा २४५३६ जनसङ्ख्या घटेको देखिन्छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार अरुण गाउँपालिकामा जम्मा ३५३८ परिवार बसोबास गर्दछन् भने यस गाउँपालिकाको कुल जनसङ्ख्या १४५९१ रहेको छ ।

अरुण गाउँपालिकामा बसोबास गर्ने विभिन्न जातिको जातिगत अवस्था यसप्रकार रहेको छ :

राई २२.१ प्रतिशत

क्षेत्री १६.५ प्रतिशत

मगर १६.२ प्रतिशत

नेवार १०.४ प्रतिशत

बाहुन ९.४ प्रतिशत

तामाङ ७.१ प्रतिशत

घर्ती / भुजेल ४.३ प्रतिशत

विश्वकर्मा ४.१ प्रतिशत

परियार २.३ प्रतिशत

मिजार २. प्रतिशत

## अध्याय चार

# अरुण गाउँपालिकामा बसोबास गर्ने प्रमुख जातिहरू

# राई जाति

### ४.१ किरात राई जातिको परिचय

नेपालका पूर्वी पहाडी रूपमा बसोबास गर्ने किरात राईहरू परिश्रमी, साहसी तथा इमान्दार जातिका रूपमा परिचित छन् । प्रकृति तथा पितृ पूजक यो जातिभित्र भौगोलिक विकटता, बसाइँ सराइ, गरिबी, अन्तर्राष्ट्रिय प्रभाव, राज्यको नीति जस्ता कारण सांस्कृतिक भाषिक विविधता भेट्न सकिन्छ । किरात राई जातिलाई खम्बूका नामले पनि चिनिन्छ । लिम्बूहरू बसोबास गर्ने क्षेत्रलाई लिम्बूवान भने झैं राईहरू बसोवास गर्ने क्षेत्रलाई खम्बूवान भनिन्छ । किराती आदिम कालदेखि बसोबास गर्दै आइ रहेको नेपालको आदिवासी जाति हो । यिनै किराती जातिभित्र पर्ने राई एउटा प्रमुख जाति हो । किरात राई जाति भित्र थुप्रै थर तथा उपथर (पाछाहरू) रहेका छन् । यी विभिन्न थरहरूमध्ये कतिपयको आफ्नो भाषा लोप भई सकेको छ नत्र प्रायः थर अनुसारकै भाषाहरू समेत किरात राई जातिमा प्रचलित छन् । किरात राई जातिभित्र २४ भन्दा बढी भाषाहरू प्रचलनमा रहेका देखिन्छन् । त्यसैले किरात राई जातिलाई 'जाति एक भाषा अनेक' तथा 'दश किराती एक चुलो' भन्ने गरिन्छ । यस अध्यायमा किरात र किरात राई जातिको सम्बन्ध, प्राचीन ग्रन्थहरूमा किरात राईबारे भएको चर्चा, किरात राई जातिको बसोवास तथा जनसंख्या, किरात राई जातिको सांस्कृतिक तथा धार्मिक परिचय, प्रमुख संस्कारहरू, प्रमुख चाड पर्वहरू, भाषिक परिचय, लोक संस्कृति आदिको बारेमा उल्लेख गरिएको छ ।

### प्राचीन हिन्दु ग्रन्थहरूमा किरात जातिबारे चर्चा

किरात जातिको बारेमा प्राचीन हिन्दु ग्रन्थहरूमा प्रशस्त मात्रामा उल्लेख भएका छन् । वेद, ब्राह्मण, उपनिषद्, रामायण, महाभारत, पुराण जस्ता वैदिक, लौकिक तथा पौराणिक ग्रन्थहरूमा किरातबारे प्रशस्त चर्चा भएको पाइन्छ । त्यसैले किरात जातिको अस्तित्व ती प्राचीन ग्रन्थहरू लेखिनु अगावै देखा परिसकेको यथार्थ प्रस्ट हुन्छ ।

यजुर्वेद ३०/१६ मा किरात बारे यस प्रकार उल्लेख भएको छ जस्तै :

यथाः सरोभ्यो धैवरमुपस्थावराभ्यो दाशं वैशन्ताभ्यो वैन्दं नड्वलाम्यः शौष्कंल पाराय मार्गारमवाराय कैवर्तं तीर्थेभ्यऽ आनन्दं विषमेभ्यो मैनालं स्वनेभ्य : पर्णकं गुहाभ्यः किरातं सानुभ्यो जम्भकं पर्वतेभ्य : किम्पूरुषम् ॥१६॥

(अर्थ : सरोवरका लागि धीवरहरूलाई, उपवनका लागि सेवकहरूलाई, ससाना जलाशयका लागि निषदलाई, नर्कटले भरिएका ठाउँमा माछा मारेर जीविका गर्नेलाई, ध्वनि उत्पन्न गर्नका लागि नर्सिङ्ग बजाउन जान्नेलाई, गुफाका लागि कोल किराँतलाई, पर्वतका लागि प्रचण्ड पुरुषलाई नियुक्त गर्नु पर्दछ)

किरात जातिबारे मनुस्मृतिमा पनि चर्चा गरिएको छ ।

यथा : पौण्ड्रकाश्चौडंद्रविडा : काम्बोज यवना : शका : ।

पारदा : पह्णवाश्चीना : किराता दरदा : खशा : ॥४४॥

मनुस्मृति १०/४४ ।

(अर्थः पौण्ड्रक, औण्ड द्रबिड, काम्बोज, यवन, शक, पारद, पह्ण, चीन, किराँत, दरद र खस यिनीहरूका कर्म लोप भएका कारणले शुद्रत्वमा पुगेका हुन् ।)

रामायणका विभिन्न काण्डमा पनि किरात जाति बारे चर्चा गरिएको छ । जस्तै :

अहं पुरा किरातेषु किरातैस्सह वर्धितः ।

जन्ममात्र द्विजत्वं मे शूद्राचाररतः सदा ॥

(वा.रा.आदि १/२२/३-४)

(अर्थः म पहिले किराँतहरूमा किराँतहरूसँग पालो, पोसी, कुदी बढेको हुँ । वस्तुतः मेरो जन्म मात्रै द्विजकुलमा भएको हो । अनि शूद्राचारमा सधैं रत भएको हुनाले आज मेरो यो गति भएको छ ।)

महाभारत कर्ण पर्व अध्याय ५ श्लोक १५ मा भनिएको छ :

किरातानामधिपतिः सागारानूपवासिनाम्ः ।

भगदत्तो महीपाल : क्षात्रधर्मरत सदाः ॥

(अर्थ समुद्रको निकट भूमिमा बस्ने किरातका राजा भगदत्त क्षेत्रीय धर्मको पालनामा तत्पर रहेका छन् ।)

महाभारत द्रोण पर्व ४/७ मा भनिएको छ :

हिमवद्दुर्गनिलयाः किरातरणकर्कशाः ।

दुर्योधनस्य वशगास्त्वया कर्ण पुरा कृताः ॥

महाभारत, द्रोणपर्व, ४/७

(अर्थ हे कर्ण हिमालयको कठिन किल्लामा बस्ने एवम् युद्धमा कठोर किरातहरूलाई पनि तिमीले जितेर दुर्योधनको अधिनमा गरायौ ।)

यसरी महाभारतका विभिन्न पर्व र अध्यायमा प्राचीन किरात जातिका बारेमा प्रशस्त उल्लेख भएको छ ।

यसरी किरात जातिबारे ब्रह्मा पुराणमा उल्लेख भएका छन् ।

ब्रह्माण्डपुराणमा पनि किरात बारे भनिएको छ :

सूर्च्यारका : कलिवना दुर्गला : कुन्तलैस्सह ।

पौलेयाश्च किरातश्च खपकास्तापकैस्सह ॥

वसन्त कुमार शर्मा (२०६४) का अनुसार महाभारतकै कर्ण पर्वको अध्याय पाँचमा पनि किरातको चर्चा पाइन्छ । दुर्योधनको रणदुर्भद वेगशाली पुत्र सदा पित्राज्ञापालक लक्ष्मणलाई अभिमन्युले मारिदिए । आफ्नै षाडबलले सुशोभित रहने रणोन्यतसर दुःसासन कुमार द्रौपदी पूत्रसित टक्कर लिइ यमलोक पुगे । सागर तटवर्ती किरातहरूका स्वामी र देवराज इन्द्रका अत्यन्त आदरणीय प्रियशखा र क्षेत्रीय धर्ममा तत्पर रहने धर्मात्मा राजा भगदत्त पनि अर्जुनसित पराक्रम देखाएर यमराज लोकमा गइसके ।

शर्मा (२०६४) का अनुसार महाभारतको अश्वमेधिक पर्वको त्रिहत्तरौं अध्यायमा श्लोक सङ्ख्या २०-२५ मा पनि किरात बारे चर्चा गरिएको छ । जस्तै : राजन् ! महाभारत युद्धमा भाइबन्धु मारिएका क्षेत्रीय वीरहरू अर्जुनसँग मारामारी गर्नेहरूको गिन्ती गर्नै सकिन्नथ्यो । तरबार र धनुषधारी किरात, यवन र म्लेच्छहरू पहिले महाभारतका बखत परास्त भएकाहरू सबै अर्जुनसँग भिड्न आउने नै  भए ।

शर्मा (२०६४) का अनुसार महाभारत कै वन पर्वको १७७/९-१३॥ मा पनि किरात बारे उल्लेख गरिएको  पाइन्छ । बदारिकाश्रममा एक महिनासम्म सुखसाथ बसेर विहार गरीवरि उनीहरूले किरात नरेश सुबाहुको राज्यतिर प्रस्थान गरी कुलिन्दको तुषार, दरत आदि धन्यान्य

भएका र प्रचुर रत्न सम्पन्न देशहरू नाघेर हिमालयका दुर्गम स्थान प्राप्त गरेर ती नरवीरले सुबाहको सदर देखे । यसरी नेपालका प्राचीन जाति किरातका बारेमा पुराण (वायु पुराण उ.पा. ४५अ.), स्कन्द पुराण महेश्वर खण्ड ३९/४७, ब्रह्मपुराण २७ अ., हरिवंश पुराण १७८ अ. आदि अध्यायमा किरात जाति बारे प्रशस्त चर्चा गरिएका छन् ।

स्वामी प्रपन्नाचार्य (२०५७) ले किरातीहरू लाखौं वर्षदेखि यहाँ आर्यवत्भूमिमा रहँदै बस्दै आएको हो । यो जाति मङ्गोलियाबाट आएको या फैलिएको होइन भन्दै किरातीका बारेमा प्राचीन संस्कृत ग्रन्थहरूमा उल्लेख भएका विभिन्न प्रसङ्गको उदाहरणहरू पेस गरेका छन् ।

किरात जातिका बारेमा नेपाली सांस्कृतिक अध्येता दाहाल (२०३७ : १३,१७) लेख्छन् - 'किरातहरू नेपालकै हिमालयका आदिवासी हुन् । किरातको उल्लेख ऋग्वेद, रामायण, महाभारत, श्रीमद्भागवत् आदि ग्रन्थहरूमा प्रशस्त पाइन्छ । ऋग्वेदमा 'क्रिकट', वा 'किरकिट' शब्दको उल्लेख छ, यो शब्दले कुनै एक देश विशेषलाई जनाउँदछ । भाषाशास्त्रीय दृष्टिकोणले किरकिट र किरात शब्दको साम्य हुन सक्दछ । किरिकट-किरिटक-किरीत- किरात । श्रीमद्भागवत्मा किरात, हुँण, आन्ध्र, पुलिन्द, पुल्कस, आभीर, कङ्क, यवन, खस आदिको उल्लेख छ र यी जाति म्लेच्छ समूहमा गनिएका छन् ।

नेपाली समाज र संस्कृतिका अर्का अध्येता शर्मा (२०४८:२४) का अनुसार प्राचीन संस्कृत वाङ्मयमा नेपाल शब्दको पर्यायको रूपमा किरात शब्द यत्रतत्र प्रयोग भएको दृष्टिगोचर हुन्छ ।

किरात जातिको बारेमा शर्मा (२०५८ : २५१-२५२) का अनुसार किरात जातिको चर्चा गर्नसाथ ऋग्वैदिक साहित्यको स्मरण हुन्छ । हिन्दूकुश पार गरेर तलतिर झरेका आर्यहरू जब सातसिन्धुमा फैलिए, त्यस समय उनीहरूको सङ्घर्ष किरात जातिसँग पनि भएको थियो । किरात जातिको निवास 'त्रिगर्त' अर्थात् भारतको काँगडा थियो र यिनका नेताहरू शाम्बरको नाम बारबार आउँछ ।

किरातका बारेमा सुनिती कुमार चटर्जी (सन् १९५१ : १४३-२५३) ले भारतको उत्तरपूर्वी क्षेत्र र नेपालको आदिवासी किरातहरूको भाषा, धर्म, संस्कार, मुखाकृति, वर्तमान स्थिति र प्राचीन साहित्यको तुलनात्मक अध्ययन गरेका छन् । उनका अनुसार किरातहरू

Indo Mongoloid जनगण हुन् । किरातहरूले वैदिक समयदेखि हिन्दू धर्म र संस्कृतिमा योगदान गरेका छन् । वैदिक आर्यहरूको जीवन र धर्ममा किरातहरूले ठुलो प्रभाव पारेका छन् । चटर्जीले बंगाली भाषामा किरातको अर्थ फोहोरी किरा, लोभी, निर्दयी हुन्छ भनेका छन् ।

किरात जातिका बारेमा जी.वी. सिंह (सन् १९९० : १) ले प्राचीन भारतीय, ग्रीक तथा रोमन साहित्यमा उल्लेख गरिएको आदिम जातिमा किरात जातिले मुख्य स्थान ओगटेको छ । प्राचीन समयका भारतीय लेखकहरू अनि उहिलेका भूगोलशास्त्रीहरू तथा इतिहासकारहरूले भारतका प्राचीनकालीन जातिहरूका विषयमा जे लेखेका छन् भारतका पर्वतीय इलाका, जङ्गल तथा गंगा नदीको तट, मुहान, उपत्यका, हिमाली तथा निम्न हिमाली क्षेत्रमा बसोवास गर्ने आदिवासी जातिहरूमध्ये किरातहरू मुख्य छन् भनि लेखेका छन् ।

यसरी हेर्दा के देखिन्छ भने किरात शब्द एउटा प्राचीन जातिलाई बुझाउने शब्द हो जसको उत्पत्ति र विस्तार यिनै आर्यावर्त क्षेत्रमा नै भएको हो । तिनै प्राचीन किराती जाति वर्तमान समयमा विभिन्न नामले चिनिएका छन् भने कतिपय जातिहरू किरातबाट अलग भई अन्य छुट्टै जातिका रूपमा विलय भइसकेको देखिन्छ ।

किरात शब्द र जातिका बारेमा विभिन्न विद्वान् तथा अनुसन्धाताहरूले आ-आफ्ना धारणाहरू राख्दै आएका छन् । यी विभिन्न विचार र धारणाहरूको एउटै तथा मुख्य समानता भनेको किरात प्राचीन मानव जाति हुन् भन्ने रहेको देखिन्छ । वस्तुतः किरात नेपालको प्राचीन जाति हुन् । हाल यिनीहरू विभिन्न नामले चिनिदै आएका छन् र ती जातिहरूमध्ये किरात राई एक प्रमुख हाँगा हो ।

### किरात शब्द र राई जातिको सम्बन्ध

नेपालका विभिन्न आदिवासी जनजातिमध्ये किराती जाति मूल बासिन्दाको रूपमा परिचित छ । 'किरात' भित्र कुन-कुन जाति पर्दछन् भन्ने विषयमा मतैक्यता पाइँदैन । राहुल सांस्कृत्यायन (सन् १९८१: १४-१८) का अनुसार - "हिमालयका पर्वतीय क्षेत्रमा निवास गर्ने किरातीहरू पश्चिममा चम्बादेखि लिएर पूर्वमा आसाम, नागाभूमि, मेघालयसम्म र अझै अघि बर्मासम्म, थाइभूमि हुँदै हिन्दचीन तथा कम्बोडिया (कम्बोज) सम्म यस जातिको अस्तिŒव

रहेको छ । भिन्न-भिन्नै स्थानमा किरात जातिलाई भिन्न-भिन्नै नामले बोलाइन्छ । पश्चिमी नेपालमा मगर, गुरुङमध्ये नेपालका तामाङ, नेपाल उपत्यकाका नेवार, पूर्वी नेपालका तिनै किरात जातिहरू लिम्बू, राई, याक्खा, सिक्किमका लेप्चा र आसाम नागाल्याण्डका नागाहरू तथा अरूणाञ्चलका अनेक मोन्मा जातिहरू यसै महान् किरात वा मोनखमेरुमा अवशेष मानिएका छन् ।"

चेम्जोङ (२०१८:२) का अनुसार - "वर्तमान समयमा लिम्बू र राई मात्र किराती मानी प्रख्यात भएको भए तापनि गुरुङ, मगर, थकाली, सुनुवार, नेवार, तामाङ, शेर्पा, कागते, लेप्चा, मेचेकोचे, धिमाल, थारू, दनुवार समेत किरात हुन । यसैगरी नेपाल बाहिर आसामका सारा पहाडी जाति, बर्माको शान, काचीन, कारेन थाइलैइण्ड अथवा स्याम अनामका ताई र भियतनामी जाति, फिलिपाइनका खम्बोज जाति र युनानी चिनिया जाति पनि किरात हुन् ।"

दाहाल (२०३७ : १३,२) का अनुसार - विश्वकै इतिहासमा आफ्नो विशेष स्थान राख्ने किरात जातिको उत्पत्ति र मूल थलाका विषयमा प्रशस्त मतमतान्तर पाइन्छ । सर्वप्रथमतः यही नै विवादास्पद छ कि किरात जातिमा कुन-कुन उपजाति वा समुदाय पर्दछन् । सामान्यतया 'किरात' शब्दले प्रचलित अर्थमा राई वा लिम्बू जातिलाई सङ्केत गरेको पाइन्छ । तर यो शाब्दिक प्रयोग सङ्कीर्ण अर्थमा मात्र भएको देखिन्छ । शब्दको रूपमा 'किरात' शब्द संस्कृत भाषाको 'किर' धातुबाट बनेको हो । यसको अर्थ हुन्छ, छर्नु वा छरिएर रहनु अथवा फैलिनु । उक्त अर्थको 'किर' धातुबाट 'आचत्' प्रत्यय भएर किरात शब्द बन्दछ यसको अर्थ हुन्छ, एकै ठाउँ नबसेर यत्रतत्र छरिएर हिँड्ने जाति । यस अर्थमा त आदिम मानव समुदाय सबै नै यस्तै थिए । अर्को रूपमा आत अर्थात आततायी (शत्रु) तितरवितर गर्न सक्नेलाई पनि किरात भन्न सकिन्छ । यस अर्थमा पनि सबै शाहसी समुदाय समावेश हुन आउँछन् । जे होस वर्तमान प्रसङ्गमा किरात शब्दको रूढ अर्थमा नै प्रयोग भएको पाइन्छ । यसबाट एक खास जाति भन्ने बुझिन्छ ।

राई (२०५२ : ११,१२) का अनुसार- "विभिन्न धारणाहरूमध्ये लद्दाखदेखि भियतनामसम्म फैलिएका विभिन्न नाम भएका जातिहरूको किरातको कुनै न कुनै प्रकारको वंशगत सम्बन्ध हुनसक्ने सम्भावनालाई नकार्न सकिँदैन । त्यस्तै नेपालभित्र रहेका तिब्बती र बर्मेली भाषा बोल्ने मङ्गोल अनुहार भएका गुरुङ, तामाङ, शेर्पा, थाक्से, थकाली, मनाङ्वा

आदि पनि किरात हुन् होइनन् भन्नेबारेमा विवाद देखिन्छ । यस्तैगरी राई र लिम्बूलाई सामान्यतया किराती भनिएको मध्ये पनि लिम्बूहरू किराती हुन् कि होइनन् भन्ने बारेमा पनि मतभेद पाइन्छ। तर राईहरू किरात हुन् भन्ने कुरामा कतै विवाद छैन।"

प्रपन्नाचार्यका (२०५७ : ११४) अनुसार- "अवश्य विवेचन गर्न योग्य कुरा छ कि किराती कसलाई भनिन्छ ? भन्दा माझकिरात आज पनि प्रसिद्धै छ। त्यसो हुँदा मूल किराती आजका राईहरू नै हुन् भन्ने कुरा सहजै सिद्ध छ।"

पाण्डे (२०४२ : ९३) का अनुसार- "किरातहरू लिम्बू, राई, सुनुवार, नेवार, मगर, कुमाले, तामाङ, गुरुङ, भोटे, थाक्सेका रूपमा विकास भएका हुन्।"

विष्ट (सन्-१९९२:१७) का अनुसार- "किरातका सन्तानहरूमा आफ्नो मातृभाषाका रूपमा तिब्बत बर्मेली भाषाहरू बोल्ने राई, लिम्बू, सुनुवार, जिरेल कोयु, गुरुङ, मगर, थकाली, मेचेकोचे र काठमाडौंका पहिलेका नेवार हुन्।"

बुढामगर (२०४९:३७) का अनुसार- "हिमालयका विभिन्न ठाउँमा बसोवास गर्ने मगर, गुरुङ, लिम्बू, तामाङ, चेपाङ, नेवार आदि किरातहरू हुन्।"

शर्मा (२०५८:२५३-२५४) का अनुसार- "हाल किरातहरूको थलो नेपालको पूर्वी भागमा छ। आजकल यिनीहरूलाई मोटामोटी रूपले राई र लिम्बू दुई भागमा विभाजित गरेर सम्बोधन गर्ने चलन छ। यी दुवै अनेक गोत्र र थरमा बाँडिएका छन् र यसमा पनि यिनका अनेक उपभेद छन्। किराती भन्नाले मूल रूपमा राईलाई भनिन्छ र यदाकदा यिनलाई जिम्दार पनि भनिन्छ।"

राई (२०६४:२५०) का अनुसार- "मूल किरात राई, लिम्बूको जातीय विशेषता, शारीरिक बनोट आदिसँग तुलनात्मक अध्ययन गरेर हेर्ने हो भने पहाडतर्फको मगर, तामाङ, गुरुङ, सुनुवार, चेपाङ, थामी जिरेल, लेप्चा, नेवार, सेर्पा, थकाली, भोटे तराई तर्फको थारू, राजवंशी, गन्गाई, धिमाल, कोचेमेचे, भित्रि मधेशको कुमाल, माझी, दनुवार, दराई बोटे, राउटे, राजी आदि जातिले आफैले किरात जाति नभने पनि किरात सन्तति नै हुन । उनीहरूको नसानसामा किरात रगत प्रवाहित छ।"

किरात राई जातिका बारेमा विदेशी विद्वानहरूले पनि अध्ययन, अनुसन्धान गरी आ-आफ्ना धारणाहरू राख्दै आएका छन् । किरात राई जातिका बारेमा एडेन भान्सिटाई (सन्

१९१५ : ९६) भन्छन्- "खास अर्थमा राईहरू मात्र किरातहरू हुन् ।" कर्कप्याट्रिक (१९६९:२८०) का अनुसार- "पूर्वी पहाडी क्षेत्रमा धेरै किसिमका असभ्य जातिहरू बसोवास गर्दछन् जसको भाषा र स्वभाव एक अर्कासँग धेरै फरक छन् । यी जातिहरू मध्ये मुख्य रूपमा किरात, हायू र लिम्बू अथवा लिम्बूवानहरू हुन् ।" ह्यामिल्टन (१९७१:५३) का अनुसार- "किरात अथवा किचकहरू खास नेपालको पूर्वी देशका वासिन्दाका रूपमा पर्याप्त उल्लेख गरिएका छन् । तिनीहरू सधैँ युद्धप्रिय र साहसी मानिस देखिन्छन् तर ज्यादै कठोर स्वभावका यद्यपि तिनका धेरै छिमेकीहरू जतिको अशिक्षित चाहिँ होइन ।" चार्ल्स मक्दौगल (सन् १९७९ : २) का अनुसार- "यस्तो ठानिन्छ कि राई र लिम्बूहरू प्राचीन किरातीका सन्तान हुन् र आज पनि उनीहरू आफूबाट र अन्यबाट किराती नै भनिन्छ ।"

स्वदेशी तथा विदेशी विद्वानहरूको भनाईलाई हेर्दा के देखिन्छ भने एकाथरी विद्वानहरूले किरात भन्नाले राई जातिलाई मात्र, अर्काथरीले राई र लिम्बूलाईसमेत र तेस्रो थरीले किरातभित्र अन्य थुप्रै जातिहरू समेत पर्दछन् भन्ने धारणा व्यक्त गरेका छन् । वास्तवमा किराती भन्नाले एउटै जाति बुझाउने शब्द नभई विभिन्न जातिहरूलाई बुझाउने समष्टि रूप हो । यो विभिन्न जातिहरूको साझा पहिचान हो । विभिन्न जातिहरूको छाता अर्थात मातृ संस्था हो । त्यसैले किराती भन्नाले कुन-कुन जातिलाई बुझिन्छ अथवा किरातीभित्र कुन कुन जातिहरू पर्दछन् भन्ने विषयमा लामो समयदेखि नै विभिन्न किसिमका धारणाहरू देखापर्दै आएका छन् परन्तु हाल आएर राई, लिम्बू, याक्खा र सुनुवार जातिले आफू किराती भएको स्वीकार गरेका छन् । त्यसैले वर्तमान समयमा किराती भन्नाले यिनै चार जातिहरू राई, लिम्बू, याक्खा र सुनुवारलाई बुझ्ने गरिन्छ ।

**किरात राई जातिको बसोबास क्षेत्र र जनसङ्ख्या**

नेपालका आदिवासी किरातीहरू वर्तमान समयमा काठमाडौं उपत्यका पूर्व फैलिएर बसोवास गरेका छन् । शर्मा (२०५८ : २५३) का अनुसार - हिमाली खण्डमा बसोबास गर्ने सर्वाधिक प्राचीन जातिमध्ये किरात जाति पनि एक हो भन्ने कुरामा कुनै सन्देह छैन । हाल किरातहरूको थलो नेपालको पूर्वी भागमा छ । आजकल यिनीहरूलाई मोटामोटी रूपले राई र लिम्बू दुई भागमा विभाजित गरेर सम्बोधन गर्ने चलन छ । यो दुबै अनेक गोत्र र थरमा

बाँडिएका छन् र यसपछि पनि यिनका अनेक उपभेद छन् । परन्तु संस्कार र रक्तको दृष्टिले सम्पूर्ण किरात जाति एक सूत्रमा आबद्ध छ । किरात जातिको बसोवास भएको भूमिलाई किरात प्रदेश भनिन्छ । यो प्रदेश तिन भागमा विभाजित भएको पाइन्छ । ती हुन् :- १) ओल्लो किरात, २) माझ किरात र ३) पल्लो किरात ।

राई (२०६६ : २) का अनुसार - अहिले वर्तमान नेपालको माझ किरातको राई र पल्लो किरातको लिम्बूलाई मात्र किरात नामले समेटेको छ । यो राई लिम्बूहरू विना हिचकिचाहट आफूलाई किरात नै भन्छन् । अन्य जातिले पनि राई, लिम्बूलाई किरात नै हुन् भन्छन् । राई किरातहरूलाई 'खम्बु' शब्दले पनि संवोधन हुने भएकोले राई किरातहरूको बसोवास क्षेत्रलाई खम्बुवान र लिम्बू किरातहरूले वसोवास गरेको क्षेत्रलाई लिम्बूवान नामले पुकारिन्थ्यो । यो भन्दा अझ अघि वर्तमान नेपालको काठमाडौं उपत्यकादेखि पूर्वपट्टिको क्षेत्रमा किरातहरूकै मात्र बसोवास भएकोले करिब बनेपादेखि पूर्व जनकपुर अञ्चललाई वल्लो किरात, सगरमाथा र कोशी अञ्चल अरूण पश्चिमलाई माझ किरात र अरूण नदीपूर्वको कोशी अञ्चल र मेची अञ्चललाई पल्लो किरात नामले पनि पुकारिन्थ्यो । नेपालको पुरानो मानचित्र नक्साहरू हेर्ने हो भने यस्तै तरिकाले उल्लेख भएको पाइन्छ । राई जातिको वर्तमान बसोवास क्षेत्र पनि काठमाडौं पूर्व अर्थात् नेपालको पूर्वाञ्चल क्षेत्र नै हो भन्ने स्पष्ट हुन्छ ।

यिनीहरूको थातथलो पूर्वी नेपालका पहाडी जिल्लाहरू ओखलढुङ्गा, उदयपुर, सोलुखुम्बु, खोटाङ, भोजपुर, धनकुटा, सङखुवासभा, तेह्रथुम, ताप्लेजुङ, इलाम र पाँचथर हुन् । हाल आएर यी जाति पूर्वी तराईका जिल्लाहरू सुनसरी, मोरङ, झापा, उदयपुर, सप्तरी, सिरहाका अतिरिक्त काठमाडौं, ललितपुर तथा भक्तपुर उपत्यकामा समेत बसोबास गर्दछन् । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा किरात राई जातिको कुल जनसङ्ख्या ६४०,६७४ अर्थात् २.२ % रहेको छ ।

**किरात राई जातिको धार्मिक तथा सांस्कृतिक परिचय**

पितृ र प्रकृतिको पूजा आराधना गर्ने किरात राई जातिको धर्मलाई 'किरात' धर्म भनिन्छ । किरात धर्मको आधार 'मुन्धुम' हो । यो मौखिक परम्परामा जीवित रहेको छ । नेपालका आदिवासी जनजातिका रूपमा रहेका राई जातिको आफ्नो छुट्टै प्रकारको सांस्कृतिक

परम्परा छ । राई जातिमा मूल रूपमा पाँचवटा संस्कार महŒवपूर्ण छन् । ती हुन्- जन्म तथा न्वारन (नाम राख्ने), भात खुवाउने (अन्नप्राशन), पुरुषलाई छेवर (केस काट्ने) तथा महिलालाई गुन्यु चोली दिने, विवाह र मृत्यु यी पाँच मुख्य कर्मकाण्डहरू सम्पन्न गर्ने क्रममा हाल आएर भने विभिन्न थर तथा उपथर अनुसार, क्षेत्रअनुसार फरक-फरक तरिकाले संस्कार अवलम्बन गर्ने परम्परा विकसित हुँदै गएको देखिन्छ ।

किरात राईहरू मूलतः परम्परागत रूपमा एकपुस्ताबाट अर्को पुस्तासम्म मौखिक रूपमा हस्तान्तर हुँदै आएको मौखिक धर्मशास्त्र 'मुन्धुम' कै दर्शन र निर्देशनबाट चल्ने गर्दछन् तथापि भौगोलिक विकटता, कुबी (पुरोहित) को स्वेच्छता, समय र सामग्रीको अभाव, अन्य जाति र संस्कृतिको प्रभाव, आर्थिक अवस्था, सरकारी नीतिजस्ता कारण विभिन्न समयमा गरिने कर्मकाण्डहरूमा विविधता भेटिन्छ । एउटै जातिभित्र पनि आआफ्ना थर अनुसार, पाछा अनुसारका संस्कृतिको विकास भएको देखिन्छ । जस्तै : दुमी राईहरूले गर्ने विवाह संस्कार र साम्पाङ राईहरूले गर्ने विवाह संस्कारमा फरक विधिविधान भेट्न सकिन्छ । यसैगरी वान्तवा राईहरूको मृत्यसंस्कार र लोहरूङ राईहरूले गर्ने संस्कारमा पनि यस्तै प्रकारको विविधता भेट्न सकिन्छ । राई (२०६४ : ३५२) का अनुसार राई किरातहरू यसरी अनेक थर र पाछामा विभाजित छन् । एउटाको भाषा अर्कोसँग मिल्दैन, रहनसहन, खानपान, संस्कृति पनि फरक भइसकेको छ । रहन सहन संस्कृति भौगोलिक कारण र समयान्तरका कारण फरक पर्नु स्वाभाविक पनि हुन्छ ।

किरात राई जातिको भाषा, संस्कार तथा संस्कृतिमा विविधता भेटिए तापनि यिनीहरू आफ्नो मुन्धुम तथा मुन्धुममा वर्णित आदिम पुरुष पारुहाङ, सुम्निमा, पितृ र प्रकृतिको आराधनामा केन्द्रित भई सम्पूर्ण कर्मकाण्डहरू गर्ने गर्दछन् । वर्तमान किरात राईहरू मूलतः दुईवटा धार्मिक सम्प्रदायमा विभाजित भएको पाइन्छ । पहिलो थरीले बलीपूजा गर्नुका साथै मद्यपान समेत गर्दछन् भने दोस्रो थरिले मद्यपान तथा बलिपूजा गर्दैनन् । पहिलो थरीका सम्प्रदायलाई माङपापन्थी भन्दछन् यिनीहरूको पुरोहितको रूपमा माङ्पा, कुवी रहेको हुन्छन् । अर्को धार्मिक सम्प्रदाय भनेको जोसमनी साधु सम्प्रदाय अथवा साधुपन्थी हो ।

जोसमनि सम्प्रदायको प्रवर्द्धक एवं प्रचारक शशिधरदास हुन् । भारतमा चलेको विष्णुस्वामी सम्प्रदायका अनुयायी ज्योतिमुनिदास (भुरेबाबा) द्वारा दीक्षित शशिधर दासको

जन्म बामरुक अर्घा नेपालमा भएको थियो । विष्णुस्वामी परम्परामा ज्योति मुनिदासको नामबाट शशिधरमुनिदासले मुनि सम्प्रदायको स्थापना गरे । शशिधरमुनिदास वि.सं. १८१० सम्म मात्रै पौडी गढ्वालमा बसे । त्यसपछि उनी आफ्नै जन्मभूमि अर्धा बामरुक, नेपालमा आई विवाह गरे । तर विवाह पछि उनी अर्घा बामरुकमा पनि नबसी खनगुफामा बसोवास गर्न थाले । त्यही गुफामा उनलाई लक्ष्मीनारायण नामक पुत्रलाभ पनि भयो । केही समयपछि श्रीमती र छोरालाई खनगुफामै छाडेर शशिधर रेसुङ्गामा गई बसोवास गर्न थालेको देखिन्छ । विष्णुस्वामी परम्परा अनुसार गुरु भुरेबाबा -शिवस्वामी) नैष्ठिक ब्रह्मचारी थिए । शशिधरदास पनि पौडी बसुन्जेल ब्रम्हचार्यमा बसेको तर नेपाल पसेपछि ब्रम्हाचार्य त्यागेर गृहस्थमा प्रवेश गरेको देखिन्छ । विभिन्न कारणले भुरेबाबा र शशिधर पौडी गढ्वाल आएपछि मुनि सम्प्रदायको स्थापना गरी प्रचार प्रसार गर्न थाले । त्यसपछि नेपाल पसेपछि शशिधर दास शशिधर मुनी मुनि सम्प्रदाय नैष्ठिक ब्रम्हाचारी भएर स्थापना गरे भने गृहस्थ भएर जोसमनि सम्प्रदाय स्थापना गरे । शशिधर मुनिले मूलतः जातिवाद उन्मूलनमा लाग्दै सामाजिक विकृति विरुद्ध धावा बोले । तर जातिवादी उन्मुलनको अभियानमा पश्चिम नेपालमा उनी सफल हुन सकेनन् । उनलाई उनकै जातीय समुदाय क्षेत्री, बाहुनबाटै खेदो खन्ने काम गरे । तर उनको अभियान जति जति पूर्वीनेपाल प्रवेश गर्दै गए उत्तिनै सफल बन्दै गयो । पूर्वतिर प्रवेश गरेपछि मगर, गुरुङ, सुनुवार, राई तथा अन्य दलित र अछुत भनिएको जातिहरूलाई समेत दीक्षित बनाउँदै शशिधरमुनिले जोसमुनि सम्प्रदायलाई व्यापक बनाउँदै लगे । उनले पूर्वमा प्रेमदिल, भगीरथ गुरुङ, वैदिकदिल, मेवाकर्ण राई, (अगम दिलदास), ज्ञानदिलदास आदि जोसमनिहरूले यस परम्परालाई पूर्वी नेपाल तथा भारतका, सिक्किम, दार्जिलिङ बर्मा-म्यानमारसम्म पुऱ्याए । पछि विभिन्न कारण जोसमनिहरू त्यागी, खाकी, गीतापाठी र सत्यहाङमा चार हाँगा फाटेको देखिन्छ । यसरी छुट्टिने कारण विभिन्न भए तापनि भातेमुद्धा चलेपछि जोसमनि सम्प्रदायदेखि सत्यहाङमा पन्थ अलगिएको हो भन्ने मानिन्छ र यसको प्रादुर्भाव महागुरु फाल्गुनन्दले गरेको हो (भक्त राई (२०७१) ।

राजनैतिक परिवर्तन र राज्यले अवलम्बन गरेको धर्म निरपेक्ष मुलुकको घोषणाका कारण हाल आएर उनीहरू आफ्नो परम्परागत धर्म, संस्कारतर्फ झुकाव राख्न थालेका देखिन्छन् । यसरी नै कतिपय किरात राई समुदायका मानिसहरू क्रिश्चियन धर्म तथा हिन्दु

धर्मतर्फ पनि झुकाव राखेका देखिन्छन् । परन्तु मूल रूपमा किरात राईहरूले मान्ने धर्म भनेको मुन्धुममा आधारित प्रकृति र पितृहरूको आराधनामा केन्द्रित भई आफ्ना आदिम पुर्खा पारुहाङ र सुम्निमालाई मान्नु हो । मूलधारका सम्प्रदायले आफ्नो सम्पूर्ण संस्कार अनुष्ठान कुबी ( पुरोहित) हरूले मुन्धुम र रिसिया (मन्त्र) फलाक्दै सम्पूर्ण कर्मकाण्डहरू सम्पन्न गर्ने गर्दछन् । मुन्धुमका मन्त्रहरू यिनै कुवीहरूद्वारा एक पुस्ताबाट अर्को पुस्तासामु मौखिक रूपमा पुस्तान्तरण हुँदै आएका छन् । हुन त मुन्धुम र रिसियाका सम्पूर्ण मन्त्रहरू घोकेर, पढेर, कण्ठ पारेर जानेको नभई सपनामा अथवा ईश्वरीय शक्तिबाट प्राप्त ज्ञानका रूपमा लिइन्छ र यसप्रकारको ज्ञान प्राप्त कुवी (माङ्पा) लाई भुइँफुट्टा भनिन्छ । मौखिक रूपमै हालसम्म जीवित भएको हुनाले किराती मुन्धुमलाई थुतुरी वेद अर्थात् श्रुति मन्त्र भन्ने पनि गरिन्छ । किरात राई जातिको धर्म तथा संस्कृतिमा विविधता देखापर्दै आएको भए पनि मूल धर्मशास्त्र मुन्धुममा आधारित सम्पूर्ण कर्मकाण्डहरू पितृ र प्रकृति तथा सुम्निमा र पारुहाङको आराधनामा केन्द्रित रहेको हुँदा यही नै उनीहरूको मौलिक धर्म र संस्कृति हो भन्ने देखिन्छ (भक्त राई (२०७१) ।

**राई जातिका प्रमुख संस्कारहरू**

किरात राई जातिमा मूल रूपमा पाँचओटा संस्कार महŒवपूर्ण मानिन्छन् । ती हुन्- जन्म तथा न्वारान (नाम राख्ने), भात खुवाउने (अन्नप्राशन), छेवार तथा गुन्युचोलो दिने, विवाह र मृत्यु । यी महŒवपूर्ण पाँच संस्कारमा कर्मकाण्ड सम्पन्न गर्ने क्रममा हाल आएर विभिन्न थर तथा उपथरअनुसार, भौगोलिक दूरी तथा क्षेत्रअनुसार सामान्य रूपमा विविधता देख्न सकिन्छ । मूलतः किरात राईहरू परम्परागत रूपमा एक पुस्ताबाट अर्को पुस्तासम्म हस्तान्तरण हुँदै आएको मौखिक धर्मशास्त्र मुन्धुमकै दर्शन र निर्देशनबाट चल्ने गर्दछन् । यद्यपि, भौगोलिक विविधता, माङपा (पुरोहित) को चेतना, समय र सामग्रीको उपलब्धता, अन्य जाति र संस्कृतिको प्रभाव, सरकारी नीतिजस्ता विविध कारणले गर्दा विभिन्न अवसरमा गरिने कर्मकाण्डहरूमा विविधता देखा पर्दै गएको देखिन्छ । राई जातिभित्र पनि आ-आफ्नो थरअनुसार विभिन्न संस्कारहरू सम्पन्न गर्ने गरेको देखिन्छ । जस्तै, साम्पाङ् राईहरूले गर्ने विवाह संस्कार र बान्तावाले गर्ने विवाह संस्कारभित्र विविधता देख्न सकिन्छ । यसैगरी, चाम्लिङ राईहरूले गर्ने मृत्यु संस्कार र कुलुङ राईहरूले गर्ने मृत्यु संस्कारमा पनि सामान्य फरकपन

भेट्न सकिन्छ परन्तु, किरात राईहरूले उनीहरूको इष्टदेव पारुहाङ र सुम्निमाको, आफ्नो पितृहरूको भक्ति आराधनामा केन्द्रित भई सम्पन्न गर्ने कर्मकाण्डहरूमा भने एकरूपता पाउन सकिन्छ ।

**(क) जन्म तथा न्वारन (चोख्याउने) संस्कार**

किरात राई जातिमा शिशु जन्मँदा सुडेनीबाट सम्पूर्ण कार्य गरिन्छ । सालनाल काट्ने तथा काटेको नाललाई दूध आउने रुखमा झुन्ड्याइन्छ । यसो गर्दा शिशुलाई पुग्ने गरी दूध आउँछ भन्ने जनविश्वास रहेको छ । शिशु जन्मेको दिन घरभित्रका तथा आफ्नो नजिकका दाजुभाइले समेत खेतबारीका काम नगरी बार्ने चलन छ। यो अवस्थामा कतैकतै भने कुखुराको भाले काटेर कलेजो निकालेर नवजात शिशुको आयुका बारेमा जोखनासमेत हेर्ने चलन छ ।

किरात राईहरूको बालक वा बालिका जन्मेको नवौं दिनमा न्वारन गर्ने चलन थियो । जसलाई नौरान भन्ने गरिन्थ्यो । यही नवौं दिनमा सुत्केरी (सूतक) चोखिने र नवजात शिशुको नामकरण गर्ने कार्य गरिन्थ्यो तर, हाल आएर पाँच/सात दिनमै न्वारन गर्ने चलन चलेको देखिन्छ । कतैकतै भने छोराको भए ४/६/८ जस्ता जोडी दिनमा र छोरीको भए ३/५/७ जस्ता बिजोड दिनमा न्वारन गर्ने चलन रहेको छ । न्वारन गर्दा आफन्त तथा छरछिमेकीहरूलाई बोलाइन्छ। निम्तालुहरू निम्तो मान्न आउँदा खाली हात आउँदैनन् । सबैले आफ्नो गच्छेअनुसार रक्सी, चामल, कुखुरा लिएर सुत्केरी निम्ता मान्न आउने गर्दछन् । न्वारन गर्दा सर्वप्रथम सुत्केरी घर, सुत्केरी तथा नवजात शिशुलाई नुवाइधुवाइ गरी सफा गरेर राखिन्छ। यसपछि नवजात शिशु र सुत्केरीलाई सातमूलको पानी, दूबो र तीतेपातीले शिरदेखि पाउसम्म सातपटक छर्केर मुन्धुम फलाक्दै चोख्याउने गरिन्छ । यसैगरी, शिशुलाई सबैभन्दा वृद्धा महिलाले आशीर्वाद दिँदै उसका हात, खुट्टा र कम्मरमा धागोको डोरी (कन्धनी) बाँध्ने गरिन्छ र शिशुको नामकरण पनि उपस्थित वृद्ध महिलाद्वारा नै हुने गर्दछ । न्वारनमा निम्तालु सबैलाई जाँड, रक्सी, कुखुराको मासु, तिते (कुखुराको भुत्ला डढाएर बनाएको विशेष प्रकारको खाना) ख्वाउने गरिन्छ । न्वारान गर्दा कुबी (धामी/झाँक्री) ले फलाक्ने रिसियाको बारेमा अध्याय चारमा विवेचना गरिएको छ ।

**(ख) अन्नप्राशन (भात खुवाउने)**

भात खुवाउने (अन्नप्रासन) किरात राईहरूले प्राचीन समयदेखि नै सम्पन्न गर्दै आएको अर्को महŒवपूर्ण संस्कार हो । शिशु बढ्दै जाँदा आमाको दूध मात्र पर्याप्त नहुने हुनाले शिशुका लागि अतिरिक्त खानाको आवश्यकता पर्ने हुन्छ । यसका लागि अन्य ठोस खाना खुवाउन जरुरी हुन्छ । यसरी पहिलोपटक शिशुलाई ठोस कुरा (भात) खुवाउन किरात राईहरूले आफ्नै प्रकारको विधिविधान गर्ने गर्दछन् ।

अन्नप्राशन गर्ने स्थानमा आसन बनाइएको हुन्छ, जहाँ शिशुलाई काखमा राख्ने गरिन्छ । शिशुको अगाडि काँसको थालमा दीयो, कलश बालेर राखिन्छ । अर्को थालमा फूल, सेतो अक्षता, शिशुलाई सुरुमा आमाबुवाले त्यसपछि मावलीपट्टिकाले र यसैगरी अन्य निम्तालुहरूले टीका र आशीर्वाद दिँदै भात खुवाउने कार्य गर्दछन् । यसरी किरात राई जातिका नवजात शिशुलाई विधिवत रूपमा अन्नप्रासन नगरेसम्म कुनै पनि प्रकारको ठोस पदार्थ खुवाइँदैन । अन्नप्रासन गर्दा धामी/झाँक्रीद्वारा फलाकिने रिसियाको बारेमा अध्याय चारमा विस्तृत विवेचना गरिएको छ ।

### (ग) छेवर र गुन्यूचोली

किरात राई जातिमा छोराको छेवर (केश काट्ने) तिन वर्षदेखि नौ वर्षको उमेरसम्म गर्ने गरिन्छ । छेवर भनेको छोराको पहिलोपल्ट केश काट्ने कार्य हो । यसमा बालकको मावलीबाट केश काट्ने गरिन्छ । केश काट्ने कार्यपछि उपस्थित आफन्तजनबाट टीका लगाउँदै आशीर्वाद दिने कार्य गरिन्छ ।

यसै गरेर छोरीका लागि भने विधिपूर्वक गुन्यूचोली लगाइदिने गरिन्छ । यो कार्य यति नै उमेरमा गरिने भन्ने छैन तर छोरी रजस्वला हुनुअगाबै गुन्यूचोली दिनु उपयुक्त मानिन्छ । यसरी गुन्यूचोली दिँदा पनि आफन्तजनलाई बोलाएर गच्छेअनुसार भोज खुवाउने गरिन्छ । छेवर र गुन्यूचोली संस्कार सम्पन्न गर्दा गाइने रिसिया मन्त्रको बारे अध्याय चारमा विवेचना गरिएको छ ।

### (घ) विवाह संस्कार

किरात राई जातिमा मूलतः पाँच प्रकारको विवाह प्रचलनमा रहेका देखिन्छन् । यस्ता विवाहहरू हुन्- १) मागी विवाह २) प्रेम विवाह ३) कन्यालाई फकाएर लाने विवाह ४) अपहरण विवाह र ५) पञ्च विवाह । यसको अतिरिक्त जारी विवाह र विधवा विवाहलाई पनि

किरात राई जातिमा स्वीकार गरिन्छ तर अत्यन्तै नगण्य रूपमा मात्र यस प्रकारको विवाह हुन्छ। यसैगरी अपहरण विवाह (जबर्जस्ती कन्यालाई उठाएर लैजाने), पञ्च विवाह र कन्यालाई फकाएर गरिने विवाह पनि हाल आएर लगभग लोप भइसकेको देखिन्छ। हाल अधिक प्रचलनमा रहेको विवाह पद्धति भनेका मागी र प्रेम विवाह नै हो ।

किरात राई जातिमा विवाह गर्दा एउटै थरबिच हुने भए पनि एउटै पाछ्रापाछ्राबिच विहावारी चल्दैन । जस्तैः साम्पाङ-साम्पाङ राईबिच विवाह गर्न हुन्छ तर साम्पाङभित्र पर्ने भालु साम्पाङका केटाकेटीबिच अर्थात् एउटै पाछ्रापाछ्राबिच भने जति नै टाढाको भए पनि विवाह चल्दैन । यसैगरी मावली, बुढो मावली, कुप्रो मावली गरी पाँच पुस्तासम्म विहावारी वर्जित छ । मामाचेला फुपूचेला (मामा, फुपूको छोराछोरी) बिच पनि राई जातिमा विहावारी चल्दैन ।

किरात राई जातिमा मागी विवाह गर्दा सर्वप्रथम आफ्नो चलकुटुम्ब अर्थात् विवाह गर्न हुने, नहुने, साइनो लाग्ने, नलाग्ने के छ, छुट्याएर मात्र केटी माग्न पठाइन्छ । केटी माग्न जानुपूर्व पहिले नै यस विषयमा टुङ्गो लागेपछि अर्थात् केटी पक्षले स्वीकार गर्ने कुरा बुझेपछि मात्र केटीको घरमा माग्न जाने गरिन्छ । यदि केटी माग्न जाँदा केटी पक्षले स्वीकार नगरी रित्तै फर्कनु पर्‍यो भने अशुभ मानिन्छ । केटी माग्न जाँदा केटी पक्षतर्फबाट स्वीकृत अथवा मञ्जुरी भएमा सुर्केपुङ (कोसेली) खुवाइन्छ । होइन भने सुर्केपुङ फर्काएर ल्याइन्छ । यसरी विवाह गर्न दुवै पक्षबाट मञ्जुरी भई सकेपश्चात् भने विवाहको मिति विवाहमा चाहिने सामग्री जन्ती सङ्ख्या तथा अन्य सम्पूर्ण सामग्रीहरूको टुङ्गो गर्न दुबै पक्षबाट एकएक कलिया ( लमी) छनोट गरिन्छ । विवाहको सम्पूर्ण तयारी र सम्झौता (टुङ्गो) भएपछि आफ्नो संस्कार गच्छेअनुसार धुमधामसँग विवाह सम्पन्न गरिन्छ । विवाह संस्कार सम्पन्न गर्दा, बेहुली भित्र्याउँदा, केटी माग्न जाँदा तथा अन्य विवाहसम्बन्धी कार्य गर्दा गाइने रिसियाको बारेमा अध्याय चारमा विवेचना गरिएको छ ।

**(ङ) मृत्यु संस्कार**

किरात राई जातिमा मृत शरीरलाई गाड्ने चलन छ । हिजोआज कतैकतै लासलाई जलाउने गरिए तापनि राईहरूको परम्परागत प्रचलन भनेको आफ्नै घुरेनमा गाड्ने नै हो । तर कतिपय ठाउँहरूमा भने सामूहिक समाधि स्थलमा गाड्ने प्रचलन पनि देखिन्छ । किरात

राई जातिमा मुख्य रूपमा दुई तरिकाले मृत्यु संस्कार सम्पन्न गरिन्छ । यसका लागि मृतकको उमेर र मृत्युको अवस्थालाई आधार मानिन्छ । कालगतिले मृत्यु भएमा घर नजिकैको आफ्नै बारीमा गाडिन्छ तर दुर्घटना, आत्महत्या, प्रसव व्यथाबाट अथवा छोरा भए छेवारपूर्व र छोरी भए गुन्यूचोली दिनुपूर्व मृत्यु भएमा त्यस प्रकारको मृत शरीरलाई घरदेखि टाढा जङ्गलमा लगेर गाडिन्छ ।

किरात राई जातिमा मृत शरीरलाई हरियो बाँसमा तिन ठाउँ बाँधेर सेतो कपडाले बेरेर गाड्ने ठाउँसम्म पुऱ्याइन्छ । त्यहाँ पुऱ्याएपछि जङ्गली जनावर तथा अन्य कसैले पनि निकाल्न नसक्ने गरी तहतह ढुङ्गा बिछ्याएर विधिपूर्वक गाडिन्छ । राई जातिको समाधिस्थललाई कपुरथान भनिन्छ । दाहसंस्कार गर्दा खाडल खन्नुपूर्वदेखि छोप्ने कार्य गर्दासमेत मुन्धुम फलाक्दै विधिपूर्वक मृत्युसंस्कार गर्ने गरिन्छ । मृत्युपछि चोख्याउने कार्यमा एकरूपता कम देखिन्छ । प्रायः सबै राईहरूले तिन, पाँच, सात, नौ आदि बिजोर दिनमा चोख्याउने गर्दछन् । यसरी चोख्याउँदा सो दिन दुखमा बस्नेले बारेको (खाना छाडेको) सबै खानाहरू फुकुवा गर्छन् । प्रायः चोखिने दिन सुँगुर काटेर सबैलाई खुवाइन्छ । मृत्यु संस्कार सम्पन्न गर्दा, मृतकको आत्मालाई बाटो लगाउँदा साम्खा (पितृ) मा राख्दा फलाक्ने रिसियाको बारे अध्याय चारमा विवेचना गरिएको छ ।

## राई जातिका प्रमुख चाडपर्वहरू

किरात राई अत्यन्तै मनोरञ्जन प्रेमी जातिको रूपमा परिचित छन् । जाँड, रक्सी, माछा/मासु, फलफूल खाने प्रचलन प्रायः सबै राईहरूमा रहेको छ । हाल धर्म गुरु फाल्गुनन्द लिङ्देनद्वारा प्रतिपादित सत्यहाङ्मा पन्थी किरात धर्मावलम्बी राईहरू भने मद्य, मांस तथा धुम्रपान गर्दैनन् । त्यसै गरेर अर्को नयाँ ओमनन्द पन्थी पनि माछा/मासु, जाँड, रक्सी खाँदैनन् तर मूलधारका (माङ्पापन्थी) किरात राईहरू भने मद्यपान गर्ने तथा माछा/मासु खाने गर्दछन् । हरेक चाडपर्वहरूमा एक आपसमा भेला भएर रमाइलो गर्दै आफ्ना चाडपर्वहरू मनाउने गर्दछन् । राई जातिले मनाउने चाडपर्वहरूमा उँधौली, उँभौली आदि प्रमुख छन् ।

### (क) साकेला (उँधौली, उँभौली)

किरात जातिले मनाउने विभिन्न प्रकारका चाडपर्वहरूमध्ये वर्षमा दुईपटक मनाउने उँधौली-उँभौली पनि प्रमुख चाड हो । वैशाख पूर्णिमा (उँभौली) र मङ्सिर पूर्णिमा (उँधौली) का रूपमा वर्षमा दुईपटक धुमधामसँग मनाउने साकेला पर्व वस्तुतः पितृ र प्रकृतिको आराधनासँग सम्वन्धित पर्व हो । किरात राई जातिको अत्यन्तै लोकप्रिय गीतका रूपमा गाईने साकेला गीत यिनै उधौली र उभौलीको बेला गाइन्छ ।

साकेला पर्वलाई विभिन्न नामबाट चिनिने गरिन्छ । किरात राईजातिभित्र विभिन्न थर, उपथरहरू तथा तिनीहरूको आ-आफ्नै भाषिक समुदाय हुने हुनाले आ-आफ्नो भाषाअनुसार साकेला, साकेवा, साख्खेवा, साब्रो, ददैंवा, दँदेपा, चण्डीनाच आदि नामबाट यसलाई पुकारिन्छ । किरात राईहरूले मनाउने उँधौली, उँभौली (साकेला) को प्रारम्भ कसरी र कहिलेदेखि भयो भन्ने विषयमा विभिन्न थरीका मतहरू देखापर्दै आएका छन् । यसको बारेमा कसैले किराती राजाले आफ्नो शक्ति प्राप्त गर्न र गुमेको राज्य फर्काउन पारुहाङ्ग र सुम्निमाको छोरा हेन्कुबुङको प्रतिमा छोरी सोइसोइलालाई स्थापना गर्न लगाई उनको आराधना गर्न थालेदेखि नै यसको प्रारम्भ भएको भनेका छन् । सुम्निमाको कान्छा छोराको विवाह नाकिमा (इन्द्रेणी) को छोरीसँग भएको र नाकिमाले छोरी ज्वाँइलाई दाइजोको रूपमा चिण्डो, एउटा ढुङ्ग्रो र एकमुठी कोदो दिएर विदा गरेपछि त्यहीबेलादेखि जाँड, चिण्डो र साकेलाको प्रचलन रहेको भनाइ छ । कसैले साकेलाको बारेमा सुम्निमाको कान्छा छोरा हुँछाबाट सत्तारूपाको जन्म भएको, सत्तारूपाको विवाह दक्षमरूतीसँग भएको र सत्यरूपाको एउटी चेलीको धुमधामसँग विवाह गरी विदा गरेदेखि नै साकेलाको सुरुवात भयो भन्ने गरेको देखिन्छ । कसैले यसको सुरुवात दुई दिदी बहिनी तायामा, खियामा र उनीहरूका भाई हेत्छाकुप्पाले गरेको हो भन्छन् तर यस्ता मिथक र कथाका आधारमा मात्र यसको सुरुआत भएको मान्न सकिन्न ।

किरात राईजातिले कुन समयदेखि साकेला पर्व मनाउँदै आएका हुन् भन्ने विषयमा पनि विभिन्न किसिमका मतमतान्तरहरू देखापर्दै आएका छन् । धेरै अनुसन्धाताहरूले मानव सृष्टिसँगै यसको प्रारम्भ भएको ठान्दछन् तर यस भनाइमा पनि वैज्ञानिक सत्यता पाइँदैन किनभने 'साकेला' पितृ र प्रकृतिको पूजा हो र खास गरेर यो कृषि व्यवसायसँग सम्बन्धित पूजाविधि हो । मानिसको सृष्टि प्रारम्भ भएको हजारौं वर्ष पछिमात्र कृषियुगमा प्रवेश गरेको र साकेला मनाउँदा उँधौलीमा अन्नबाली राम्रो होस्, प्राकृतिक सन्तुलन कायम भइ बालीनाली

सप्रियोस भन्ने कामना स्वरूप पूजा गरिने र उँधौलीमा अन्नबाली राम्रो भयो भनी खुसीसाथ कृतज्ञता ज्ञापन गरिने अर्थात् पूर्णतः कृषिसँग सम्बन्धित पर्व भएकोले यो पर्व किरात राईहरूले ढुङ्गेयुगपछि  विकसित कृषियुगमा प्रवेश गरिसकेपश्चात् मात्र प्रचलनमा ल्याएको हो भन्न सकिन्छ । प्राचीन मानवहरूको बृद्धि हुँदै जाने क्रममा उनीहरूको जीविकोपार्जन सिकारबाट मात्र पर्याप्त हुन सकेन । त्यसैले उनीहरूले सामूहिक खेती गर्न थाले, यस्तो अवस्थामा कृषि व्यवसाय जुन बिग्रिएमा उनीहरूलाई बाँच्नै कठिन हुने हुनाले उनीहरूले खेतीपाती राम्रो होस् भनी प्रकृतिसामु आराधना गर्न थाले र बालीनाली पाकीसकेपछि खुसी भएर प्रकृतिलाई कृतज्ञता प्रकट गर्ने क्रममा नै साकेला (नृत्यगीत) पर्वको प्रारम्भ भएको हो भन्न सकिन्छ । साकेला गीत र नृत्यका बारेमा अध्याय पाँचमा विवेचना गरिएको छ ।

साकेला पितृ र प्रकृतिको पूजा/आराधना गर्ने विधि हो । मङ्सिरे पूर्णिमादेखि पञ्चमीसम्म उँधौली र वैशाखे पूर्णिमादेखि पञ्चमीसम्म उँभौलीका रूपमा विशेष रूपमा मनाउने यो साकेला पर्वमा मूलतः दुईवटा शक्ति पितृ र प्रकृतिको पूजा गरिन्छ । सुरुमा मूलथानमा (चूलोमा) पारुहाङ्ग र पितृहरूको पूजा गरेपश्चात नागाहाङ्ग र प्रकृतिको (खासगरी पानीको) पूजा गरी दुई चरणमा यसको पूजा सम्पन्न गरिन्छ । किरात राईहरू आफ्नो जीवनदाता, अन्नदाता र सृष्टिकर्ताका रूपमा प्रकृतिलाई पुज्ने गर्दछन् भने स्वाभाविक मृत्युवरण गरेका सम्पूर्ण पितापूर्खाका अमरआत्मालाई साम्खामाङ (कुलदेवता) का रूपमा आफ्ना घर, आँगन र चुल्होमा स्थापना गरी पूजा गर्ने गर्दछन् । यिनै पुर्खाहरूलाई हरेक चाडपर्वमा श्रद्धापूर्वक सम्झने, पूजा गर्ने र कुनै पनि अन्न सेवन गर्नुपूर्व चढाउने परम्परा रहिआएको छ । यसैक्रममा उँभौलीमा अर्थात् वैशाखे पूर्णिमाको दिन बालीनाली राम्रो होस्, सबैमा शान्ति र समृद्धि होस्, प्राकृतिक सन्तुलन होस् भन्ने कामना गर्दै पूजा गरिन्छ भने उँधौली आफूले लगाएको अन्न बाली राम्रोसँग फल्यो अथवा अन्नदातालाई अन्न उब्जनी गरिदिएकोमा कृतज्ञता ज्ञापन स्वरूप पूजा आराधना र उत्सवका रूपमा मनाउने गरिन्छ । साकेला पूजा तोकिएको निश्चित व्यक्ति पुजारी (कुबी) द्वारा गरिन्छ। यसरी अन्नदाता प्रकृतिको पूजा गर्ने र सोहीक्रममा भेला भएका बुढाबुढी, केटाकेटी, युवायुवती सबै मिलेर नाचगान गर्ने, रमाइलो गर्ने क्रममा साकेला पर्व र यसमा प्रचलित नृत्य र गीतको प्रारम्भ भएको मान्न सकिन्छ ।

साकेला नृत्य सामूहिक नृत्य हो यद्यपि यसको आफ्नै प्रकारका मौलिक नियम छन् र गीतमा पनि आफ्नै प्रकारको लयात्मक ढाँचा रहेको छ । यो नाच्दा र गाउँदा अत्यन्तै अनुशासनपूर्वक नियम पालना गरिन्छ । नृत्य र गीतलाई मर्यादित र व्यवस्थित बनाउन समूहमध्येबाट महिला र पुरुषबाट एकएक जना निर्देशक छानिएको हुन्छ, जसलाई सिलीहाङ्मा र सिलीमाङ्पा भनिन्छ । उनीहरूकै इशारा र निर्देशनमा सिली (नाच्ने तरिका) फेर्दै नृत्य गरिन्छ । साकेला नृत्यको साथमा गीत पनि गाइने भएकोले यसलाई नृत्यगीत पनि भन्न सकिन्छ यसमा विभिन्न प्रकारका जस्तै प्रकृतिका, व्यावहारिक जीवनका विभिन्न क्रियाकलापका अभिनय गरिन्छ । जीवनजगत्का विभिन्न अनुभव र अनुभूतिका अभिनयसमेत यसमा हुने भएकोले यसलाई नृत्यनाटिका समेत भन्न सकिन्छ । ढोल र झ्याम्टाका तालमा गोलाकार रूपमा घुम्दै विभिन्न प्रकारका हाउभाउ प्रस्तुत गर्दै एउटै प्रकारको चाल र तालमा नृत्य गरिन्छ । नृत्यका साथमा विभिन्न जीवनभोगाइका सुख दुःखका गीतहरू दोहोरी तथा एकोहोरो रूपमा प्रस्तुत गरिन्छ ।

किरात राई जातिहरूसँग भएको विभिन्न प्रकारको परम्परागत मौलिक चाडपर्वहरूमध्ये उँधौली पनि एक महत्वपूर्ण चाड/पर्व हो । किरात राईहरू हाल आएर पूर्वी तराईका जिल्लाहरू झापा, मोरङ, सुनसरी, उदयपुर तथा काठमाडौं, ललितपुर, भक्तपुर उपत्यकामा समेत बसोवास गर्ने गर्दछन् । यसैगरी भारतको दार्जिलिङ, सिक्किम, देहरादुन, नागाल्याण्ड, अरूणाचल, लखनउ, भुटान, हङकङ, बेलायत, मलेसिया, सिङ्गापूर, ब्रुनाई तथा अमेरिकामा बसोवास गर्ने किरात राईहरूलेसमेत यो पर्व धुमधामसँग मनाउने गर्दछन् ।

### (ख) मङ्सिरे (माङ् गर्ने)

किरात राई जातिको महŒवपूर्ण चाडपर्वमध्ये मङ्सिरे अथवा चाछुवा/माङ् गर्ने पनि एक हो । यो पूजा प्रायः मङ्सिर महिनामा गरिने भएकोले यसलाई मङ्सिरे भनेर चिनिन्छ । मूलतः यो किरात राई जातिको कुलपूजा हो । किरात राई जातिको प्रत्येक घरमा चुल्हो -तीन वटा ढुङ्गा गाडेर बनाएको) र भकारी (चोयाले बनेको अन्न भण्डार गर्ने ठाउँ) स्थापना गरिएको हुन्छ । मूल भकारी जहाँ मङ्सिरे पूजा गरिन्छ, त्यहाँ परिवारका मूल व्यक्तिले बाहेक

अन्यले छुन हुँदैन । यही मूल भकारीलाई माङ्भकारी भनिन्छ र कुलदेवतालाई हरेक बर्ष मंसिर महिनामा धुमधामसँग पूजा गर्ने गरिन्छ । त्यही पूजा अर्चना उनीहरूको महŒवपूर्ण चाडका रूपमा समेत स्थापित बनेको छ ।

मङ्सिरे पूजामा विशेष गरेर आफ्ना कुलदेवता (साम्खा) तथा माङ्देवी अर्थात् माङ् भकारीको रक्षा गर्ने देवीको पूजा अर्चना गरिन्छ । यसका लागि कुबी (बिजुवा) वा परिवारका जानकार ज्येष्ठ सदस्यले विधिपूर्वक पूजा आराधना गर्ने गर्दछन् । मङ्सिरे गर्दा चिण्डो (एक प्रकारको लौका, घिरौंला प्रजातिको तरकारी जसलाई बोटैमा पूरा पाकेपछि सुकाएपछि गुदी निकालेर भाँडाको रूपमा प्रयोग गरिने किरात राई जातिको धर्म संस्कारमा नभै नहुने विशेष प्रकारको भाँडो) केराको तुप्ला (पात), अदुवा, चामल, धनुबाँण, लौरो, डाली, पशुको टाउको, चरा वा कुखुराको कलेजो, काँसे थाल, रूपैयाँ (सिक्का) आदि सामग्रीहरू चाहिन्छ । मङ्सिरे पूजा गर्दा कुखुरा वा सुँगुर काटेर भोग दिइन्छ तर यति नै चाहिन्छ भन्ने कुरा चाहिँ आ-आफ्नो कुलदेवता, पाछा (उपथर) वा चलन अनुसार हुन्छ । कसैले एकजोडी कुखुराले मात्र पूजा गर्दछन् भने कसैले चार पाँच जोडी कुखुराले पूजा गर्ने गर्दछन् । यसरी कसैकसैले भने सुँगुर काटेरसमेत पूजा गर्ने गर्दछन् ।

मङ्सिरे पूजा गर्दा आफ्ना नजिकका दाजुभाइ, छरछिमेकी सबैलाई आ-आफ्नो गच्छेअनुसार बोलाएर भोज खुवाइन्छ । भोजमा विशेष खानाको रूपमा तीते (कुखुराको भुत्लालाई डढाएर, कुखुराको मासु तथा भातसँग मोलेर बनाएको विशेष प्रकारको परिकार) अनिवार्य रूपमा खुवाइन्छ । सबैलाई तीते, जाँड, रक्सी, खाना खुवाइ सके पश्चात् अन्तमा पुनः कुबी वा जानकार ज्येष्ठ सदस्यद्वारा आशीर्वादका लागि चुल्लामा पूजा गर्ने गरिन्छ । यस अवसरमा सबैलाई सुब्बेफाब्बे होस्, सबैतिर शान्ति, सुबिस्ता होस्, अन्नले बास गरोस, रोग, बिमार नलागोस् भनी कुलदेवतासँग आशीर्वाद माग्ने कार्य गरिन्छ । आशीर्वाद पूजा पश्चात पुनः जाँड, रक्सी, तीते, मासु आदि खुवाउने गरिन्छ । वस्तुतः यो पर्व कुल (पितृ) तथा माङ्देवीको पूजा अर्चना गरिने मौलिक प्रकारको चाड हो । जहाँ आफ्ना कुलदेवतालाई श्रद्धापूर्वक सम्झदै सुख, शान्ति तथा शक्तिको आशीर्वाद माग्ने गरिन्छ ।

**(ग) न्वागी/नयाँ चलाउने**

किरात राई जातिका मानिसहरूले कुनै पनि नयाँ पाकेको अन्नबाली, अदुवा तथा फलफूल सेवन गर्नुअघि पितृलाई चढाउने गर्दछन् । यसरी पितृलाई श्रद्धापूर्वक सम्भ्रदै नयाँ बालीहरू चढाउने दिनलाई न्वागी/नयाँ चलाउने भनिन्छ । यो दिन यिनीहरूले चाडका रूपमा भव्य रूपमा मनाउने गर्दछन् । न्वागी चाड सामान्यतः नयाँ बाली भित्र्याउने समय भाद्र, आश्विन महिनामा गर्ने गरिन्छ । न्वागी घरका ज्येष्ठ जानकार सदस्य वा कुबी (विजुवा) द्वारा गर्ने गरिन्छ । न्वागी गर्दा चिण्डो, केराको पात, चामल, नयाँ धानको बाला, नयाँ कोदोको बाला, नयाँ अदुवाको बोट तथा काण्ड, धनुवाण, कृषि औजार (कुटी, कोदालो, हँसिया) आदि सामग्रीको आवश्यकता पर्दछ । न्वागी गर्दा मङ्सिरे जत्तिकै भव्यरूपमा नमनाए पनि यस पूजालाई पनि किरात राई जातिको महŒवपूर्ण चाडका रूपमा नै लिइन्छ ।

न्वागी गर्दा आफ्ना मृत पितृहरूलाई श्रद्धापूर्वक सम्भ्रदै "ल अब यो सालको नयाँ बालीनालीहरू सेवन गर्न लागेका छौं, यी बालीनालीहरू खानपूर्व तपाई पितृहरूलाई चढाउँदैछौं, ल हामीलाई कुनै दुःख बिमार नहोस्, हामीलाई केही नहोस्, ल है" भन्दै पितृहरूसँग आशीर्वाद माग्दै उनीहरूलाई चढाएर नयाँ अन्नहरू सोही दिनदेखि सेवन गर्न थालिन्छ । न्वागीको बेला पूजा अर्चना गर्दा पनि उनीहरू दाजुभाइ, छरछिमेकी बोलाएर गच्छेअनुसार जाँड, रक्सी, मासु, भात खुवाउने गर्दछन् ।

**(घ) माघे संक्रान्ति**

किरात राई जातिले मनाउने विभिन्न प्रकारका चाडपर्वहरूमध्ये हरेक सालको माघ १ गते मनाउने माघे सक्रान्ति पनि एक हो । यो चाड अन्य धर्मावलम्बीहरूले खास गरेर हिन्दू धर्म मान्ने समुदायले पनि धुमधामसँग मनाउने गर्दछन् । तर, किरात राई जातिले भने यो चाड अलिक बेग्लै ढङ्गले मनाउने गर्दछन् । उनीहरू माघे संक्रान्तिका लागि भनेर केही दिन अगाडिदेखि नै वन जङ्गलमा गएर वन तरुल, गिठ्ठा, भ्याकुर आदि खनेर घरमा जम्मा गर्ने गर्दछन् । प्रायः सबै घरमा विभिन्न खालका घर तरुल, इस्कुसको जरा रोपेका हुन्छन् । ती आफ्नै बारीमा रोपेका घर तरुलहरू समेत खनेर माघे संक्रान्तिमा सबैजना मिलेर खान्छन् । वस्तुतः माघे सक्रान्ति तरुल खाने पर्व हो, परन्तु त्यस बेलामा मूल घरमा विहे भएर अन्त गएका छोरी चेलीहरू समेत संक्रान्ति मान्न माइतीघर आउने हुँदा गाउँमा राँगा, सुँगुर, कुखुरा

काटेर भोज खाइन्छ । घर-घरमा, जाँड, रक्सी, मासु तरुल खाएर धुमधामसँग माघे सक्रान्ति मनाउने गरिन्छ ।

जाडोको अन्त्य र गर्मी महिनाको आगमन त्यसै बेलादेखि सुरु हुने धारणाका कारण माघे संक्रान्तिलाई मौसम परिवर्तनका सूचक चाडका रूपमा समेत लिइन्छ । आफ्ना पुर्खाहरूको सम्झना गर्दै पुर्खाहरूले खाएर जीविकोपार्जन गरेको कन्दमूलहरूको सम्मान र सम्झना स्वरूप तिनै कन्दमूल खाएर माघे संक्रान्ति चाड मनाउने गर्दछन् । आफ्ना पुर्खाहरू तिनै वनजङ्गलको कन्दमुल खाएर हजारौँ वर्षसम्म जीवनयापन गरेको हुनाले ती कन्दमूलहरू खानु पूर्व चढाउने, टिका लगाउने अनि मात्र प्रसाद स्वरूप खाने गर्दछन् । माघे संक्रान्तिलाई किरातीहरूले आफ्नो येले संवत् (नयाँ वर्ष) को रूपमा समेत मनाउने  गर्दछन् । प्रथम किराती राजा यलम्बर हाङले किराती राज्यको घोषणा गरेको (येले संवत् सुरुवात भएको) दिनका रूपमा पनि माघे संक्रान्तिलाई मान्ने गर्दछन् ।

**(ङ)  साउने संक्रान्ति**

साउन महिनामा मनाइने चाड साउने सक्रान्ति कृषि पेशामा आवद्ध किरात राई जातिले धुमधामसँग मनाउँछन् । वर्षाको झरीमा रुझ्दै, भिज्दै खेतबारीमा काम गर्दाको थकाई मेटाउने तथा थकित शरीरलाई तागतिलो खाना खुवाउने उद्देश्यले मनाउन थालिएको यो चाड बालीनाली लगाई सकिएको खुसियालीमा पनि मनाउने गरेको हो भन्ने देखिन्छ ।

साउन महिना पश्चात् उनीहरूले लगाएका कतिपय बालीनालीहरू पाक्न थाल्ने हुँदा अब अनिकालबाट बाँचियो भन्ने खुसीयालीमा समेत यो साउने सक्रान्ति मनाउन थालिएको हो भन्ने भनाइ पाइन्छ । किरात राई जातिले साउने संक्रान्ति एक आपसमा भेला भएर जाँड, रक्सी, मासु, फलफूल खाएर भव्य रूपमा मनाउने गर्दछन् । किरात राई जाति बसोवास गर्ने प्रायः सबै क्षेत्रमा राँगा सुँगुर, कुखुरा काटेर सबै भेला भएर भेजो (मासुलाई सबैलाई बराबरी बाँडेको भाग) लगाएर घर-घरमा लगेर खाने गर्दछन् । वर्षा सकिएको र अन्न पाक्ने समय आएको, हिलो झरी काम आदिबाट मुक्त हुन लागेको मौसमको रूपमा पनि साउने संक्रान्तिलाई  लिइन्छ । माघ महिनाबाट न्यानोको आगमन मानिन्छ भने साउन महिनाबाट जाडोको आगमन मानिन्छ । त्यसैले साउने संक्रान्तिलाई मौसमी चाडको रूपमा समेत लिइन्छ ।

### (च) विभिन्न पूजाहरू

किरात राई जातिले आफ्ना धर्म संस्कार अनुसारका, मौसम अनुसारका मूल्य, मान्यता तथा प्राचीन परम्परा अनुसारका चाडपर्वहरू मनाउने गर्दछन् । पितृ र प्रकृतिलाई पूज्ने यी जातिले प्राकृतिक वस्तुहरू खास गरेर पञ्च तत्व रुख विरुवा, पानी, ढुङ्गा, धरती, आकाश, आगो आदिलाई विशेष तरिकाले पूज्ने र सोही अवसरलाई चाड पर्वका रूपमा धुमधामसँग मनाउने गर्दछन् । यसरी गरिने विभिन्न प्रकारका पूजाहरूलाई संसारी पूजा, हुइलुङ तथा छौवा पूजा, सेउली पूजा, सिकारी पूजा आदि भनिन्छ ।

### १) संसारी पूजा

संसारी पूजा सामूहिक रूपमा गरिने पूजा हो । यो पूजा एउटा निश्चित ठाउँमा हरेक साल पुज्ने गरिन्छ । यो पूजा विधिवत् रूपमा नछुङ, कुवीले पुज्छन् । विहान सूर्योदयको बेलामा पश्चिम दिशातिर फर्केर संसारी पूजा गरिन्छ । पूजा गर्ने स्थानमा लिपपोत, सरसफाई गरी ढुङ्गालाई देवताको प्रतीक मानी लिङ्गो, धजा गाडेर चिटिक्क पारिन्छ । त्यसपछि कुवीद्वारा विधिपूर्वक शक्ति सम्बृद्धि र शान्तिका लागि संसारी पूजा गर्ने गरिन्छ । संसारी पूजामा प्रायः परेवालाई भोग दिएर वा उडाएर जान्ने व्यक्तिद्वारा मुन्धुम वाचन गरिन्छ ।

### २) हुइलुङ तथा छौवा पूजा

किरात राईहरू वैशाखे पूर्णिमाका दिन हुइलुङ पूजा गर्दछन् । यो पूजा उभौली पर्वका बेला किरात राई समुदायमा धुमधामका साथ पूज्ने गरिन्छ । घरघरमा तथा सामूहिक रूपमा समेत यो पूजा गरिन्छ । घरका मूल व्यक्ति वा नछुङ, कुवीद्वारा विधिपूर्वक पितृ र प्रकृतिको सम्मान र सम्झना गर्दै अन्न उत्पादन गरिदिएकोमा कृतज्ञता ज्ञापन गर्दै यो पूजा गर्ने प्रचलन छ ।

यसैगरी उद्यौली पर्वका बेलामा अर्थात् मङ्सिरे पूर्णिमाका दिन गरिने पूजालाई छौवा पूजा भनिन्छ । उद्यौली र उभौलीका बेलामा गरिने पूजालाई किरात राईहरूले आ-आफ्नो भाषा अनुसार सम्बोधन गर्ने गर्दछन् । हुइलङ र छौवा यो नाम भने किरात चाम्लिङ राई भाषाबाट राखिएको हो ।

किरात राई जातिले उद्यौली र उभौलीको बेलामा गरिने पूजा लगभग एकै प्रकारको हुन्छ तर ठाउँ, सामग्री तथा पूजारी (नाछुङ, कुवी) अनुसार सामान्य भिन्नता पाउन भने सकिन्छ। उद्यौली र उभौलीमा गरिने पूजा पनि वस्तुतः पितृ र प्रकृतिको पूजा हो।

**३) सेउली पूजा**

सेउली पूजा नछुङ वा कुवीद्वारा विधिपूर्वक गरिन्छ । पूजामा जङ्गलबाट ल्याएको सेउलीलाई आँगनको बिच भागमा गाडेर पूजिन्छ। यसरी गाडिने सेउलीलाई जङ्गलमा गएर काट्नु पूर्व चोखो जाँड र अदुवाले पूजा गरेर भूइमा नझारी सिधै घरमा ल्याइन्छ। विहानको समयमा गरिने सेउली पूजामा सुरुमा मूल ढोलेहरूलाई मुन्धुम वाचन गर्दै पूजा गरी सेउली गाडेको ओरिपरी घुम्न लगाइन्छ। त्यसपछि मात्र अरूले घुम्न सुरु गर्दछन्। त्यस क्रममा अरू सबैले विभिन्न प्रकारका सिलीहरू टिप्दै नृत्य गर्दछन् । यो पूजा सबै घरमा नभई एउटा निश्चित घरमा गरिन्छ । हरेक वर्ष गरिने सेउली पूजा विहानदेखि बेलुकासम्म नाचिन्छ । विधिपूर्वक सुरु र अन्त्य गरिने सिकारी पूजा सबै क्षेत्रमा बसोवास गर्ने किरात राई जातिमा प्रचलित देखिदैन ।

**४) सिकारी पूजा**

सिकारी पूजा गाउँको नजिकै जङ्गलमा एउटा निश्चित ठाउँमा सामूहिक रूपमा गरिन्छ। चिन्डो, जाँड, रक्सी, फलफूल, सतबीऊ, पलवीऊ, केराको पात, अण्डा, कुखुराको भाले आदि सामग्रीद्वारा गरिने यो पूजा जानकार व्यक्ति वा कुवीद्वारा गरिन्छ। पुर्खाहरूले सिकार खेलेरै जीविकोपार्जन गरेको सम्झनामा सिकारी देवताको रूपमा गरिने यो पूजा शक्ति र एकताको कामना गरिन्छ।

**५) सारेप्पा (शीर उभ्याउने) पूजा**

शीर उभ्याउने वा सम्मान गरिने कार्यलाई चाम्लिङ भाषामा सारेप्पा भनिन्छ। किरात राई समुदायमा शीर उभ्याउने वा आफूभन्दा ठुलालाई सम्मान गर्ने कार्यलाई अत्यन्त महŒवका साथ हेरिन्छ। कुवीद्वारा घरको चुल्हामा विहानको समयमा यो पूजा गर्ने गरिन्छ । ढोल, झ्याम्टा, चामल, अण्डा, भाले, जाँड, रक्सी, चिण्डो, टपरा, अङ्खोरा, पैसा आदि सामग्री राखेर विधिपूर्वक यो पूजा गरिन्छ । वस्तुतः यो पूजा शक्ति प्राप्त गर्ने ध्येयले गरिन्छ । शीर ढल्नु भनेको असफल हुनु, पतन हुनु हो त्यसैले शक्ति र सफलताका लागि यो पूजा गरिन्छ।

यसरी पूजा गरे पश्चात घरमूलीको तथा सपरिवारकै शीर ठडिन्छ भन्ने विश्वास किरात राई जातिमा पाइन्छ ।

## ६) आइतबारे पूजा

किरात राई प्रकृतिपूजक जाति हुन् । यी जातिले वन जङ्गललाई देवीका रूपमा पुज्ने गर्दछन् । आइतबारे पूजामा जङ्गललाई नै पुजिन्छ । आइतबारका दिन विहानको समयमा वार्षिक रूपमा प्रायः असोज महिनामा यो पुजा सामूहिक रूपमा गरिन्छ । प्रत्येक घरबाट एक एक वटा कुखुराको भाले र अन्डा लगेर सामूहिक रूपमा गरिने यो पूजामा गाउँघरमा शान्ति र एकताको कामना गरिन्छ ।

## ४.१.७ किरात राई जातिको भाषिक परिचय

किरात राईहरूको भाषा भोट चिनियाँ भाषा परिवारअन्तर्गत पर्दछ । यिनीहरूमा बहुभाषिक जाति हुन् । किरात राई जातिभित्र थुप्रै थर तथा उपथर (पाछा) हरू रहेका छन् । यिनीहरूले आ-आफ्नै थर तथा पाछाअनुसारका भाषा प्रयोग गर्दछन् । त्यसैले किरात राईजाति 'जाति एक भाषा अनेक' जातिका रूपमा परिचित छ । अरुण गाउँपालिकाका सातवटै वडामा वान्तवा, थुलुङ् साम्पाङ र चाम्लिङ थरका राईहरू बसोबास गर्दछन् ।

## अरुण गाउँपालिकामा च्याङ राई

अरुण गाउँपालिकाको जरायोटार र यसवरपर छरिएर रहेका याङ राईहरूको बसोबास रहेको देखिन्छ । किनभने च्याङ राईहरूको इतिहासको सिलसिलाबद्ध ढङ्गले उठान नगर्दा गन्धर्वहरूको बारेमा मात्र लिखत तयार गर्दा यसको महŒव फिक्का हुनजान्छ । मान्छेहरूको बसाई सर्ने क्रम नातागोतासँग पनि जोडिंदो रहेछ । मावली, ससुराली, माइती र अन्य नाताहरूसँगको सम्पर्क नै प्रमुख हुने घटनाहरूले पुष्टि गरेको छ। याङ राईहरूको उत्पत्तिको इतिहास निर्क्यौल गर्न निकै कठिन छ । श्रुतिको भरमा हुनै समुदायको इतिहास लेखन सोही समुदायलाई अन्याय गर्नु भन्ने ठहर हुन्छ । त्यसकारण याङ राईको उत्पत्ति थलोको यकिन सम्बन्धमा स्रोत खोज-अनुसन्धान गर्दा निर्विवाद नै देखिन्छ । पृथ्वीनारायण शाहको भौगोलिक एकीकरणपश्चात मुलुकभर कर उठाउने क्रमलाई विस्तार गर्ने कार्यको सुरुआत भएको हो ।

त्यही कर असुल्ने क्रमसँग याङ राईको उत्पत्ति भएको भन्ने तर्कसँग यो पङ्क्तिकार बढी विश्वस्त छ । यस विषयलाई सत्यतथ्यको खोज गरी एउटा लेख तयार गर्नको निम्ति याङ राई समुदायको व्यक्ति-व्यक्तित्व र अन्य समुदायका व्यक्ति-व्यक्तित्वसँग सम्पर्क गरी स्रोत खोज गर्ने काम भए तापनि ऐतिहासिक ज्ञान भएका व्यक्तित्वहरू उपलब्ध हुन साहै कठिन भयो । उनीहरूले सुनेको भरमा टिपोट गर्न बाध्य हुनुपर्यो । तिथिमिति पूरै अनविज्ञता रहेको जानकारी प्राप्त भयो। यस बारेमा भवानी शङ्कर चोखाद राईको भनाइ उल्लेख गर्नु सान्दर्भिक हुन्छ। 'एकजना ठकुरी वंशका कर्मचारी हाल भोजपुर जिल्ला अरुण गाउँपालिका वडा नं ४ र्याङको थर्पु भन्ने स्थान वडा न ४ यर्याङका थषु भन्न स्थानमा प्रत्येक वर्ष महिना बसी कर उठाएर काठमाडौं फर्कन्थे । यही कर उठाउने क्रममा त्यही र्याङ भन्ने ठाउँको खिम्बुले राईको छोरीसँग शारीरिक सम्पर्क भएर एउटा छोरा, सन्तान प्राप्त भयो, सोही सन्तान नै र्याड राईको पूर्वज हो ।' भवानी शङ्कर चोखाड राईको भनाइ तथ्यको निकै नजिक छ किनभने पृथ्वीनारायण शाह र उनको सन्ततिले आफ्नै विश्वासिलो कर्मचारीलाई स्रोत सङ्कलन गर्न पठाइएको हुनसक्छ । किरात समुदायमा आफ्नो थातथलोको नामकरण आफ्नै भाषाबाट गरिएको हुन्छ । अहिले र्याङ राईको बसोबास थलो फराक्सु र बालाप्पासम्म फैलिएको छ । तर उनीहरूको गोत्र छोराछोरी वा महिला-पुरुषको गोत्र एउटै हुन्छ । यही सम्बन्धमा फत्तसिंह याङ राईलाई प्रश्न गर्दा उनको भनाइ यस्तो थियो, 'र्याङ राईको गोत्र काश्यप हो ।' तर किराँत समुदायमा छोराछोरीको गोत्र (सामेत) बेग्लाबेग्लै हुन्छ । छोरी मान्छे अरूको घरमा विवाह गरेर गइसकेपछि र मृत्युपश्चात पनि केटापक्षको गोत्र (सामेत) मा सामेल हुँदैन । शवलाई खाडल (लुङ्खोङ्) मा समाधिस्थ गर्दासमेत गोत्र (सामेत) परिवर्तन हुँदैन । माइतीघरको गोत्र (सामेत) उच्चारण गरेर नै बिदा गर्नुपर्छ ।

**ठकुरीको सन्तान राई कसरी भएको हो ?**

आफ्नो सन्तान जन्मिसकेपछि ठकुरी कर्मचारीको आउने-जाने क्रम जारी रहयो । आफ्नो सन्तान पनि हुर्कदै, बढ्दै जानचाल्यो । साबिक जरायोटारमा अझै माडदिङ भन्ने गाउँ एउटा परिचित गाउँ हो । किराँत समुदायले कारण याकुमा अवस्थित पूर्वतर्फको जलाधार होङ्रायो खोला र पूर्वतर्फ अरुण नदी उत्तरमा खोलाको भूभाग फराकिलो समथर भूगोल हो ।

त्यहाँ ऐतिहासिक कालदेखि राईहरूको किपट हो, तिनै चरचरका राई समुदायसँग याङ राईको इतिहास जोडिन आउँछ ।

त्यतिबेला फराक्सु सोहोनमा लेखपढ गर्न जान्ने मानिसको अभाव थियो । यसलाई पूरा गर्नको निम्ति त्यहाँका समुदायले लेखपढ गर्न जान्ने मान्छे छ भन्ने बुझेपछि उसलाई आफ्नो गाउँटोलमा ल्याउने निष्कर्षमा पुगेको अनुमान गर्न सकिन्छ। आफ्नो सल्लाह बमोजिम उनीहरूले उक्त ठकुरी र उसको परिवारलाई डोलीमा चढाई ल्याइयो भन्ने भनाइ छ। माङदिङ ल्याइसकेपछि ठकुरीलाई उसले नखाने भक्ष जाँडरक्सी र सुँगुरको मासु सेवन हराइयो । त्यसपछि आफ्नो सन्तानलाई आफ्नो थलोतिर लाने जमर्को उनीबाट कहिल्यै भएन। चारयरका राईहरूले दूर ठकुरी सन्तानलाई आफ्नो घरभित्र राख्न मञ्जुर गरे । ञ्याङ जन्मिएको पहिलो घटना, दोस्रो कुरा राईहरूले राईको हारभित्र समाहित गरेकाले दुईओटा शब्द जोडी ञ्याङ राई भएको भन्ने तार्किक निष्कर्षमा पुग्न सकिन्छ ।

**(स्रोतः मणि राई, भोजपुर दर्पण २०७८, पृ.५९९)**

राई र ञ्याङ राईबिचमा कुटुम्ब जोडिने प्रथा पहिल्यै सुरु भए पनि कुलकुलाचार तथा संस्कारमा अन्तर पाइन्छ । बलि दिंदा बोका वा सुँगुर कुनै एक चिजले ञ्याङ राई बलि दिन्छन् । सुंगुरको बलि राईतर्फबाट सङ्क्रमण भएको बुझ्न कुनै कठिन छैन । अर्कोतर्फ राईहरू माङ (पितृ पूजा) गर्छन् तर र्याङ राई माङ (पितृ पूजा) गर्दैनन् । उनीहरूको घरमा किरात समुदायको जस्तो चुला (सुप्तुलुङ) राख्ने प्रचलन छैन ।

अरुण गाउँपालिकामा बसोबास गर्ने राईका थरहरूमा वान्तवा, साम्पाङ, नाछिरिङ, चाम्लिङ, थुलुङ, मेवाहाङ, ञ्याङराई आदि छन्। वान्तवाभित्र छाङ्छा, खिम्बुले, तिम्छा, दिल्पाली, सुच्चा, तुर्छवा, तुइला, युप्पा, खिमदुङ, लुगुन, चोखाङ आदि पाइन्छ ।

राष्ट्रिय जनगणनामा किरात राई जातिको कुलजनसङख्या ६४०६७४ र कुल जनसङ्ख्याको २.२ प्रतिशत रहेको छ ।

## ४.२ क्षेत्री जातिको परिचय

क्षेत्री जातिलाई ‘खस’ भनेर पनि चिनिन्छ । ‘कस’ शब्द अपभ्रंश भई ‘खस’ बनेको देखिन्छ । प्राचीन बेबिलोनिया सभ्यतामा खसहरूलाई कस भन्ने गरिन्थ्यो । ‘खस’ शीब्द निकै पछि निर्माण भएको बुझिन्छ । वेदमा खसहरूलाई ‘करस्कर’ भनेर संवोधन गरिएको पाइन्छ । वेदभन्दा पछि भने ‘करस्कर’ र ‘खस’ दुवै शब्दको प्रयोग भएको देखिन्छ । यसरी हेर्दा के देखिन्छ भने वैदिक वाङ्मयमा करस्कर भनेर उल्लेख भएको जाति नै खस हो । यो जातिलाई स्थानीय रैथाने जातिहरूले दरद, सोसा, खोजा, कुषाण, कस, तुरवार आदि भन्ने गरेको पनि पाइन्छ। कतिपय अुनसन्धाताहरूले ‘कस’ हिमालय क्षेत्रमा आएर ‘खस’ भएका हुन भन्ने गरेको पनि पाइन्छ ।

खस जाति आर्यहरूको एक हाँगा वा शाखा हो भन्ने गरिन्छ। तर कतिपय समीक्षकहरू भने आर्य र खस अलग अलग जाति हो भन्ने धारणा राख्दछन्। वास्तवमा खस जाति गैरवैदिक जाति हुन् भन्ने विषयमा भने विवाद देखिँदैन । खस जाति लडाकु, यायावरी जातिका रूपमा प्रसिद्ध छन् । विभिन्न स्थानमा पुग्ने, युद्ध गर्ने, शासन गर्ने र युद्धमा पराजित भए पछि अन्य विभिन्न क्षेत्रमा पुग्ने खस जाति मध्य एसियाको प्रख्यात जातिको रूपमा प्रसिुद्ध भएका थिए । यसरी हेर्दा के देखिन्छ भने खसहरू गैरवैदिक जाति हुन् । यिनीहरू भारतीय उपमहाद्वीपमा उत्तर प्रश्चिम दिशाबाट प्रवेश गरेका हुन्। ई.पु. द्वितीय शताब्दीमा युइसी नामक एक जातिले यिनीहरू माथि आक्रमण गरेपछि मध्ये एसिया छोड्न बाध्य भएका हुन् भन्ने विश्वास गरिन्छ। नेपालमा भने पाँचौ शताब्दीदेखि खस आर्यहरू कुमाउ क्षेत्रबाट प्रवेश गरेको अनुमान गरिन्छ। बाह्रौं शताब्दीमा खस साम्राज्यको उदय भएको हुँदा यो भन्दा निकै पहिले नै नेपालको कर्णाली क्षेत्रमा खसहरूको बसोवास भएको पुष्टि हुन्छ । कुमाऊँ, गढवालबाट नेपाल प्रवेश गरेका खसहरूले नै बाह्रौं शताब्दीमा खस सम्राज्यको स्थापना गरेको र तिनै खसहरू विस्तारै नेपालका विभिन्न भू-भागहरूमा छरिएर वर्तमान स्वरूप लिएको देखिन्छ ।

## देवाली (मष्टो) शीर्षक पूजन

कुलपूजा गर्दा देवीदेवतालाई आङ्मा चढाउने कार्यलाई देवाली भनिन्छ । देउतालाई धामीमा वा पुजारीमा अवतार गराउने कार्य नै देवाली हो । यसबेला देवाली धामीले आफूले नभएर पुरे देवताको रूपमा बोलिरहेको हुन्छ । आफूलाई बिर्सिएर देवतालाई आफ्नो आङ्मा प्रकट गराएर बोलिने वा बक्ने कार्य नै देवाली हो । देवालीमा बाह्रमाई मष्टो र नौ बहिनी दुर्गा भवानीको देवाली गरिन्छ । देवालीमा बाह्रभाइ मष्टो, नौ बहिनी भवानीका अतिरिक्त केदारनाथ तथा अन्य दैवी शक्तिहरूको समेत पुजा गरिन्छ । खस आर्यहरूले कुलपूजा वा कुलायन पुजा देवालीका रूपमा मनाउने गर्दछन् । देवालीको बेलामा कुलदेवता, इष्टदेवता र आफ्ना क्षेत्रका स्थानीय देवीदेवताहरूको पुजाअर्चना गरिन्छ । देवताको प्रकृतिअनुसार बोकाको बलि दिएर तथा फलफूलले देवाली मनाउने गरिन्छ ।

देवाली कुलपूजा हो । यो वैदिक परम्पराभन्दा भिन्न छ । मष्टो, नवदुर्गा भवानी, केदार, स्थानीय देवीदेवता तथा अन्य वस्तुहरू जस्तैः खोला, नाला भीरपाखा, वनजंगल, जलाशय, भीर, गुफा, झरना, लेकबेसी, खेत-गरा आदि प्राकृतिक ठाउँ र वस्तुहरूलाई पनि देवता मानी देवाली गर्ने गरिन्छ । यसरी हेर्दा के देन्छि भने खस जाति गैरवैदिक जाति हुन् । पछि वैदिक आर्यहरूसँगको संसर्ग तथा सम्पर्कको कारण यिनीहरूमा वैदिक प्रभाव पर्यो । यद्यपि खसहरूको प्राचीन देवाली मष्टोपूजन परम्परा अझैसम्म जीवित रहेको पाइन्छ ।

## मष्टोको परिचय

'मष्टो' शब्दको व्युत्पत्ति (निर्माण) सम्बन्धमा विभिन्न प्रकारको फरक फरक धारणाहरू पाइन्छ । कसैले मरुत्तस (वायु) शब्दबाट मरुत्तम , मउत्त , मउटट् , मष्ट हुँदै मष्टो भएको धारणा राखेको पाइन्छ भने कसैले महइष्ट अर्थात् ठुलो देवता वा अभिभावकबाट मष्टो शब्दको निर्माण भएको ठान्दछन् । यसरी नै कसैले मरुत् शब्द अपभ्रंश भई मष्टो भएको ठान्दछन् भने कसैले मन्ठ वा मन्ठा (मान्छे) शब्दबाट मष्टो भएको ठान्दछन् । यसरी मष्टो शब्दको व्युत्पत्ति सम्बन्धमा विभिन्न प्रकारको धारणाहरू पाइन्छ तर मूलत : मष्टो शब्दको वर्तमान अर्थ देवता

वा मूल देवता भन्ने लाग्दछ । मष्टोको नामहरू ठाउँ अनुसार फरक फरक पाइन्छ । मष्टोलाई ठाउँअनुसार मैठा, मैठो, मुष्टो, मोष्टा, मुन्ठा, मुन्ठो, मुइठो आदि । विभिन्न नामले संवोधन गरिन्छ ।

मष्टो भनेको वास्तवमा कुलायन वा देवाली हो । यसको उद्भव कहाँबाट भयो भन्ने सन्दर्भमा पनि मतैक्यता छैन । कसैले मष्टोको प्रचलन खसहरू हिमाली क्षेत्र नेपालमा प्रवेश गरेपछि सुरु भएको ठान्दछन् भने कसैले मष्टोको सुरुवात बेबिलोन सभ्यताबाटै सुरु भएको ठान्दछन् । यसको प्रारम्भ कहिले र कहाँबाट भयो भन्ने यकिन नभए तापनि मष्टो गैह्रहिन्दु कुलायन पुजा हो भन्ने कुरामा भने विवाह देखिदैन । मष्टो परम्परा हिन्दु परम्पराभन्दा भिन्न र फरक धर्म हो भन्ने विषयमा भने सबैको मतैक्यता देखिन्छ । कसैकसैले मष्टोको उत्पत्ति र शक्तिकेन्दु हिन्दु देवता महादेव हो त्यसैले मस्टो हिन्दू धर्मकै शाखा हो भनेको पाइन्छ तर यो धारणा गलत हो । मष्टोको बारेमा वेद, पुराण आदि संस्कृत वाङ्मयमा प्रष्ट रूपमा उल्लेख भएको छैन । प्राचीन खसहरूले हिन्दु धर्म अपनाएको कतै पनि भेटिँदैन । मष्टोको पुजनविधि र प्रक्रिया हिन्दू धर्मभन्दा नितान्त फरक भेटिन्छ । यसरी हेर्दा के पुष्टि हुन्छ भने मष्टो परम्परा गैह्र हिन्दु सांस्कृतिक, परम्परा हो ।

मष्टो परम्परा निकै प्राचीन र विशेष देखिन्छ । यसलाई खसहरूले देवादिदेवका रूपमा समेत पूजा गर्दछन् । कुमाउ गढवालबाट ल्याइएको मष्टालाई सर्वप्रथम नेपालको वर्तमान बझाङ जिल्लाको ढँडारमा ल्याएर स्थापना गरिएको विश्वास पनि गरिन्छ भने कसैले भारतको बद्री केदारबाट आएर नेपालको अछाममा बसेका हुन् भन्ने विश्वास गर्दछ ।

**मष्टो र भवानीको प्रकारहरू**

मष्टो संख्या १२ र भवानीको संख्या ९ बहिनी भन्ने मान्यता र विश्वास नै सबैभन्दा बलियो देखिन्छ । कर्णाली क्षेत्रमा प्रचलित किंवदन्ती, फाग, मागल, सगुन, चैत आदि लोकगीतहरूमा १२ भाई भष्टो र नौ बहिनी भवानीको चर्चा पाइन्छ । तेजबहादुर कार्की ( २०७५ : १०४) ले सूर्यमणि अधिकारीको उधृत गर्दै देहाय अनुसारको मष्टोको चर्चा गरेका छन् :

| क.सं. | मष्टाको नाम | स्थान | जेष्ठता कम |
|---|---|---|---|
| १. | ढँडार मष्टो | बझाङ | जेठो |
| २. | खापर मष्टो | बझाङ, खप्तड | माइलो |
| ३. | तेडी मष्टो | गढसेरा (डोटी) | साइलो |
| ४. | कवा मष्टो | कवालेख (अछाम) | राइँलो |
| ५. | काल सिल्ला मष्टो | विनायक (अछाम) | ठाइँलो |
| ६. | रुमाल मष्टो | खिङ्कसैन (कालिकोट) | काइँलो |
| ७. | बडु मष्टो | जुम्ला | अन्तरे |
| ८. | थार्प मष्टो | जुम्ला/मुगु | जन्तरे |
| ९. | गुरो मष्टो | हुम्ला/मुगु | मन्तरे |
| १०. | दाह्रे मष्टो | जुम्ला/मुगु/जाजरकोट | पानी मन्तरे |
| ११. | दूधे मष्टो | जुम्ला/मुगु/जाजरकोट | पखन्तरे |
| १२. | बाबिरो मष्टो | जुम्ला | कान्छो |

***स्रोतः*** बाइसे राज्यको इतिहास, पृ. २८८ ।

यसरी नै कार्की (ऐ.) ले निम्न नौ दुर्गा भवानीको उल्लेख गरेका छन् । कालिका, मालिका, कनका सुन्दरी, त्रिपुरा सुन्दरी, जालपा, खेसमालिनी, ठिङ्याल्नी, हिमालिनी, विन्ध्यावासिनी ।

यस अरुण गाउँपालिकामा विभिन्न थरी क्षेत्रीहरूमध्ये बस्नेत, खत्री, थापा, खड्का, अधिकारी, कार्की, कोइराला, कटुवाल, बुढाथोकी आदिको बसोवास रहेको पाइन्छ । यिनीहरूले आफ्नो मष्टो पुजन (देवाली) थान निर्माण गरेर देवाली गर्ने गर्दछन् भने अन्य सम्पूर्ण सांस्कृतिक परम्परा हिन्दु धर्ममा आधारित भएर गर्ने गर्दछन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर क्षेत्री जातिको कुल जनसङ्ख्या ४७९६९९५ रहेको छ भने कुल जनसङ्ख्याको १६.४५ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.३ मगर जातिको सङ्क्षिप्त परिचय

'मगर' नेपालको आदिवासी जनजातिहरूमध्ये सबैभन्दा बढी जनसंख्या भएको जाति हो । यो जाति लगभग नेपालको सबै जिल्लामा बसोवास गर्दछन् । मगर जातिको उत्पत्ति तथा आगमन सम्बन्धमा मुख्यत : दुई प्रकारको विचारहरू पाइन्छ । एकाथरी अध्येताहरूले मगर जातिका विभिन्न समूहहरू विभिन्न समयमा नेपालमा प्रवेश गरेका हुन् भन्ने ठान्दछन् भने अर्काथरी अध्येताहरू मगर जाति बाहिरबाट आएको नभई यही हिमाली क्षेत्रमा नै उत्पत्ति भएका हुन् भन्ने विश्वास गर्दछन् । मगर जाति नेपालमा विभिन्न समयमा बाहिरबाट प्रवेश गरेका हुन् भन्ने मत अनुसार पनि विभिन्न प्रकारका फरक फरक धारणाहरू पाइन्छ ।

मगर जाति नेपालमा विभिन्न समयमा विभिन्न समूहहरू प्रवेश गरेका हुन् भन्ने धारणाहरू मध्ये एउटा धारणा के देखिन्छ भने भूमध्य सागरीय क्षेत्रमा बस्ने एउटा जाति मुनाइङवाका सन्तानहरू हिन्दु महासागर, पञ्चाव, नैनीताल गढ्वाल हुँदै पचिम भेगबाट इ.पू. २३०० तिर नेपाल प्रवेश गरेका हुन् । यसरी नै अर्को समूह आसाम, डिमापुर वा पाटक पतञ्जलिबाट इ.पू. १३०० तिर नेपाल प्रवेश गरेका हुन् । मगरहरूको तेस्रो समूह नेपालको उत्तरी भेगतिरबाट प्रवेश गरेका हुन् । यिनीहरू ई.पू. १५०० तिर नेपाल प्रवेश गरेका हुन् । मुस्ताङबाट प्रवेश गर्ने मगरहरू थोवोइङ्वाका सन्तान हुन् भन्ने मानिन्छ । यसै गरी चौथो समूह नेपालको सिक्किम क्षेत्रबाट प्रवेश गरेका हुन् भन्ने विचार व्यक्त गर्दछन् ।

यसरी हेर्दा के देखिन्छ भने मगर विभिन्न समयमा विभिन्न ठाउँबाट नेपाल प्रवेश गरेका हुन् भन्ने एकाथरिको विचार देखिन्छ । यसै सन्दर्भमा इमानसिंह चेम्जोङले मगर जातिको उत्पत्ति हालको चीनको 'सिम' भन्ने स्थानबाट भएको हो र यिनीहरू 'सिङ' र 'चितु' भन्ने स्थानबाट भएको हो र यिनीहरू 'सिङ' र 'चितु' भन्ने दुई मगरहरूको नेतृत्वमा सबैभन्दा पहिले नेपालको दक्षिण क्षेत्रमा प्रवेश गरेका हुन् । उनीहरूलाई यहाँका अन्य रैथाने जातिले तानसाङ भनेर सम्बोधन गर्दथे । तानसाङ भनेको उत्तरतिरबाट आएको भन्ने अर्थ लाग्दछ भनी उल्लेख गरेका छन् । यसरी चेम्जोङले पनि मगर जाति नेपाल बाहिरबाटै आएका हुन् भन्ने ठहर गरेको पाइन्छ ।

मगर जातिको उत्पत्ति नेपाल भूमिमै भएको हो । यो जाति बाहिरबाट आएको होइन भन्ने विचारहरू पनि पाइन्छ । यस सन्दर्भमा सांस्कृतिक अध्येता बमकुमारी मगरका अनुसार संसारको सर्वोच्च शिखर सगरमाथा लगायत हिमालयको व्यापक सेरोफेरो नेपाल भूमिभित्र परेकोले मानवविकास यही भएको हुन सक्छ । प्राचीन कालदेखि नै विभिन्न संस्कृतिहरू निर्माण हुँदै आएको अग्लो हिमाललाइ "खागर", उच्च पहाडलाई "बुकी" र होचो पहाडलाई "नाम" भन्ने अर्थ दिने शब्द अठार मगरका भाषामा छ । मगर जातिको उत्पत्ति वर्तमान पूर्वी रुकुम जिल्लामा पनि हुकाम मैकोइको योमा खार र पेल्मा खार (अरिङ्गाल बस्ने र जौं छर्ने), पुप् ( ओडार) मा भएको हो भन्ने कुरा बुढापाका तथा धामी झाँक्रीहरूको भनाई रहेको छ । यसरी हेर्दा मगर जातिको उत्पत्ति सम्बन्धमा मुख्य दुई प्रकारको धारणाहरू पाइन्छ ।

**मगर जातिको मुख्य वासस्थान**

मगर जाति नेपालको लगभग सबैक्षेत्रमा बसोवास गर्दछन् । यद्यपि यो जातिको मुख्य बसोवास क्षेत्र भने बाह्र मगरात र अठार मगरात हो । भेरी मर्स्याङ्दी नदीको आसपास मध्ये पर्वतीय भू-भाग र यही क्षेत्रको आसपास क्षेत्रलाई बाह्र मगरात भनिन्छ । जसअन्तर्गत सतहुँ, पैयु, भिरकोट, ढोर, गरहुँ, रिसिङ, घिरिङ, गुल्मी अर्घाखाँची, मुसीकोट र इश्माक्षेत्र पर्दथे । यसरी हेर्दा के देखिन्छ भने भेरी मर्स्याङ्दी नदीबिचको भाग नै बाह्र भगरात क्षेत्र थियो । यसरी नै मगर जातिको अर्को मुख्य बसोवास क्षेत्र अठार मगरात हो । अठार मगरातअन्तर्गत धुरकोई (धुरकोट, गुल्मी) धारकोई (अर्घाखाँची), पैया (पर्वत), रुकुम कोइ (रुकुम), इस्मा (सल्यान), छिलिकोइ (नारीकोट, प्यूठान), बालुङबाङ (भालुबाङ), जङकोई (रोल्पा), सिङखङ (सिख, म्याग्दी), ढोरपाटन (बाग्लुङ), छिलिकोइ (दाङ), भाबा (दैलेख), बोरेकोई (जाजरकोट), ताराकोइ (डोल्पा), तिमरकोई (जुम्ला), जुराल (डोटी), लु लान्य (डडेलधुरा) र रूपाल (डडेलधुरा) गरी अठार मगर राज्य थिए । यो मगर राज्यकोअस्तित्व जुम्ला खस राज्यको उदयपछि मगर राज्यको अस्तित्व जुम्ला खस राज्यको उदयपछि क्रमशः समाप्तहुँदै गयो. भन्ने विचार अध्येता बभ्रुकुमारी बुढाको छ ।

यसरी प्राचीन नेपालमा विभिन्न स्थानमा स-साना राज्यहरू सञ्चालन गर्दै आएका मगर राज्यहरू नै बाह्र मगरात र अठार मगरातका रूपमा रहेका थिए पछि जुम्ली सिंजा राज्यको उदयपछि क्रमशः मगर राज्यहरू विलय हुँदै गएको देखिन्छ । पछि तिनै मगरहरू नेपालका विभिन्न भू-भागमा छरिएर बसोवास गर्न थालेको देखिन्छ । हाल तिनै मगर जाति नेपालको विभिन्न भू-भागमा विभिन्न थर तथा उपथरहरूको रूपमा रहेर बसोवास गरेको पाइन्छ ।

## मगर जातिको धर्म संस्कृति

मगरहरूको परम्परागत धर्म संस्कृति के हो ? भन्ने सन्दर्भमा विभिन्न अध्येताहले फरक फरक विचार राख्दै आएको पाइन्छ । वर्तमान समयमा मगर जातिले तन्त्रपरम्परामा आधारित प्राकृतिक शक्तिको उपासनामा आधारित वोन धर्म, बुद्ध धर्म र हिन्दु धर्मको प्रभावको कारण हिन्दु धर्म समेत मान्ने गरेको देखिन्छ । वास्तवमा मगर जातिको परम्परागत धर्म संस्कृति भनेको पितृ र प्रकृति पुजनमा आधारित प्राकृतिक धर्मपरम्परा नै हो तर विभिन्न कारण हाल आ-आफ्नो अनुकूलका धार्मिक परम्परा मान्दै आएको देखिन्छ ।

खस आर्य र हिन्दु धर्मको प्रभावको कारण कतिपय मगरहरू पहिले तागाधारी (जनै लाउने) गरेको समेत देखिन्छ भने कतिपय मगरहरू बुद्धधर्मको अनुयायी बनेको देखिन्छ । तर अधिकांश मगरहरू भने पितृ र प्रकृतिपुजनमा आधारित परम्परागत धर्मसंस्कारको पालना गर्ने गर्दछन् । यसरी परम्परागत मौलिक धर्मसंस्कृतिमा विश्वास गर्ने मगरहरूले भने कुलायन पुजा गर्ने, माछामासु, जाँडरक्सीको सेवन गर्ने तथा पितृ र प्रकृतिको पुजा अर्चना गर्ने गर्दछन् ।

## मगर जातिको प्रमुख चाडपर्वहरू तथा गीतसङ्गीत

मगर जातिको चाडपर्वहरू पितृ र प्रकृति पुजनसँग सम्बन्धित देखिन्छ । धामी झाँक्री तथा तन्त्रमन्त्रमा विश्वास गर्ने मगर जातिको चाडपर्वहरूमा पितृ र प्रकृतिको पुजाआजा गर्ने गरिन्छ मगर समुदायको प्रमुख चाडपर्वहरूमा माघे संक्रान्ति, भुम्या, साउने सक्रान्ति, भूमेपुजा, बराहपुजा, झाँक्री पुजा, पितृपुजा, उधौली उभौली, आदि विभिन्न प्रकारका पूजाआजा र त्योसँग जोडिएको चाडपर्वहरू मगर जातिले मनाउने गर्दछन् । यसको अतिरिक्त हिन्दुधर्मको

प्रभावको कारण दशैं, कृष्णअष्टमी आदि हिन्दु धर्ममा आधारित चाडपर्व र बुद्धधर्मसुँग सम्बन्धित चाडपर्वहरू समेत मनाउने गर्दछन् ।

मगर जाति मनोरञ्जनप्रेमी जातिका रूपमा समेत चिनिन्छ । हरेक चाडपर्व तथा सांस्कृतिक धार्मिक समारोहरूहरूमा खानपिन, नाचगान गर्ने वा मनोरञ्जन गर्ने परम्परा मगर जातिमा पाइन्छ । मगर जातिमा विभिन्न प्रकारको परम्परागत नृत्य तथा तथा गायन परम्पराहरू पाइन्छ । ती विभिन्न सांस्कृतिक परम्पराहरूमध्ये केही मुख्य परम्पराहरू देहायअनुसार छन् :

**क) ताल नाच**

मगर समुदायमा विभिन्न प्रकारका नाचहरूलाई ताल नाच भनिन्छ । ती विभिन्न नाचहरूमा नाचगान गर्ने कलाकारहरूलाई सामूहिक रूपमा नचारु भनिन्छ । नाचगान गर्ने कलाकारहरूलाई सामूहिक रूपमा नचारु भनिन्छ । मगर भाषामा नचारुको अर्थ 'ती राम्रा मानिस' भन्ने लाग्दछ । नचारुलाई नचरो पनि भनिन्छ । भगर जातिको तालनाचभित्र पैस्यारु, सरङङया र बजौरे पर्दछन् ।

**ख) पैस्यारु नाच**

पैस्यारु नाच भनेर चिनिने पुरुष कलाकार मात्र सहभागी भएको नाचलाई कुनै कुनै ठाउँमा लहरे, धिकुरे, सलामी नाच पनि भनिन्छ । पैस्यारुको अर्थ 'पै' भनेको कोसी (काठको भाँडो), 'स्यारु' भनेको नाच्ने मानिस भनेको हो । यसरी हेर्दा के देखिन्छ भने पैस्यारु भनेको कोसी जस्तो गोलाकार घेरामा नाचिने नाच भन्ने बुझिन्छ । पैस्यारु नाचमा सुरुमा मादल बजाउँदै मादले नाच्ने गर्दछन् । त्यसपछि क्रमशः अन्य सहभागीहरू अत्यन्तै लचकदार तरिकाले नाच्दै घुम्ने गरिन्छ ।

**ग) सरङङ्या**

तालनाच अन्तर्गत पर्ने अर्को महत्वपूर्ण नाच हो सरङङया । मगर समुदाय लडाकु जाति पनि भएकोले त्यही लडाकु भाव व्यक्त गर्ने नृत्य हो सरङ्ङया । यो दायाँ हातमा लठ्ठी र बाँया हातमा फरी (ढालको प्रतिक) जाइलाग्ने र प्रतिरक्षा गर्ने अभिनयमूलक नृत्य हो । यस

नृत्यमा लड्दै, भिड्दै गरेको अभिनय गरिन्छ। यसको अतिरिक्त बाघ, सिंह घोडा आदि जनावर तथा जंगली पंक्षीहरूको समेत अभिनय गर्दै नृत्य प्रस्तुत गरिन्छ।

### घ) बजौरे

नाच्न सिपालु र एउटै उचाइ भएको एक जोडीलाई बजौरे भनिन्छ। दर्शकहरूलाई पाती लगाउने, ढोग्ने, नाच हेर्न अनुरोध गर्ने कार्य बजौरेले गर्दछ। दान दिएको पैसा उफ्रेर छोप्ने र यदि भुइँमा पैसा खस्यो भने उत्तानो परेर भुखले टिप्ने कार्य बजौरेले गर्दछ। वास्तवमा बजौर एउटा रामोञ्चित पात्र हो जसले दर्शकहरूलाई मनोरञ्जन प्रदान गर्दछ।

### ङ) ताल राग नाच

मगर जातिमा बाजा र गीतमा नाचिने नाचलाई तालराग नाच भनिन्छ। तालराग नाचको मुख्य रूप सिङारु नाच हो। 'स्या' र 'ङारु' बाट सिङारु शब्द बनेको देखिन्छ। 'स्यार' को अर्थ नाच्नु र 'ङारु' को अर्थ मेरो मानिस भन्ने हुन्छ। सिङारु नाचको लागि कुनै सुन्दर पुरुषलाई महिलाको पोसाक पहिराएर नृत्यको अभ्यास गराइन्छ। सिङारुको साथमा एउटा अर्को पुरुषलाई पनि नचाइन्छ। जसलाई धोता भनिन्छ। धोता नाचमा तरबार, खुँडा, उचालेर टाउकोमा फेटा पगरी लामो मोटो र सेतो घाँघर लगाएर नाचिन्छ।

यसरी नै पुरुसुङगे पनि धोता नाचकै रूप हो। समग्रमा भन्दा सिङारु नाचभित्र निम्न अनुसारको नृत्य परम्परा पाइन्छ।

क. तपका (टप्पा) नाच - सिङारु, नाचको एउटा चरण हो। यसलाई ठाउँअनुसार बनगारो, कुरकुती, त्यामकुली, सल्यानी आदि पनि भनिन्छ। केटाले महिलाको भेषमा नृत्य गर्ने गरिन्छ।

ख. झुमरा - झुमरा पनि सिङारु नृत्यको एउटा चरण नै हो। यो चरणमा विशेषतः लामो लयमा गीतहरू गाइन्छ। गीत गाउँदै नाचिने या चरणमा दर्शकहरूले सुख आनन्द लिने गर्दछन्।

ग. मारुनी - मारुनी नाचमा रात, दिन, गुरु, बाजागाजा, चन्द्रसूर्य, घाम, पानी, फूल, भमरा आदि प्राकृतिक वर्णनको बारेमा गीत गाइन्छ। यो पनि छुट्टै नाच नभई सिङारु नाचकै एउटा चरण हो।

घ. सोरठी - सोरठी नृत्य मगर लगायत अन्य समुदायमा पनि प्रचलित छन् । मगरहरू सोरठीको उत्पत्ति १८ मगरात र १२ गरातको पालामा भएको विश्वास गर्दछन् । सोरठी गीतमा जयसिङ्गे राजा र हिमवती रानीको वर्णन पाइन्छ भने यसकोअतिरिक्त प्राकृतिक वर्णन र प्रेम वर्णनयुक्त गीतहरू गाइन्छन् ।

ङ. पुरुसुङ्गे - पुरुषको रूप वा अङ्गको अर्थ लाग्ने पुरुसुङ्गे नाचमा टाउकामा कपडाको पगरी लगाएर तुनावाला लामो दौरा र सेतो घाँघर लगाएर नाच्ने गरिन्छ । सिङ्गारु नाचकै तरिकाले युवाहरूले उत्साहको साथ नाचिने नाच पुरुसिङ्गे हो ।

च. कौरा - कौरा नाच १२ मगरातअन्तर्गत विशेषत : तनहुँमा प्रचलित कौरा नृत्य पनि सिङारु नाचकै एउटा चरण भनिन्छ । कौरा नृत्य बाइसे चौबिसे राज्यहरूमा मनोरञ्जनको महत्वपूर्ण साधन थियो भन्ने विश्वास मगर समुदायमा पाइन्छ ।

छ. जुगी स्याइ - जुगी नाच भनेको सुन्दर युवकलाई महिलाको भेषमा नाच्न लगाउने एक प्रकारको अनौठो नृत्य परम्परा हो । उक्त पुरुषलाई नाक छेडेर नथिया समेत लगाइएको हुन्छ । पुरुषलाई महिलाको भेषमा विभिन्न प्रकारको गरगहना तथा पोसाकले सजाएर विशेष तरिकाले नाचिने नाच नै जुगी स्याइ हो ।

**रागनाच**

मगर महिलाहरूले गीतको रागमा ढिलो गीतमा नृत्य गरिने नाचलाई रागनाच भनिन्छ । यो नाच खास गरेर १८ मगरात क्षेत्रमा नाचिन्छ । जोरा राजा र रानीको कथामा आधारित यो नाचमा संयोगान्त तथा वियोगान्त दुवै खाले कथा पाइन्छ ।

**क) घाँटु नाच**

घाँटु नाच मगर समुदाय बाहेक अन्य समुदायमा पनि पाइन्छ । घाँटु नाच राजा पश्रामु र रानी हेमावतीको जीवनमा आधारित छ । यसमा पनि गुरुवाको ठुलो महŒव हुन्छ । यो

अत्यन्तै मनोरञ्जनपूर्ण तथा दुःखान्त कथामा आधारित नृत्य तथा गीतिपरम्परा हो । यो नाचहरूको अतिरिक्त मगर समुदायमा योनाच, पैस्यारु, नाच, दमाहाचाल नाच, जागन नाच, सरङ्गे नाच, ज्योमारे नाच, जोरा नाच, भुम्या नाच, भाम्रे नाच, फाँक नाच, ढोटसिङ्गारु नाच तथा ज्योमारे गीत ? सरैला भरैला गीत, कथौता गीत, मरु अराउने गीत, साइला बरै गीत, जागन गीत, जोरा गीत, फाँकगीत आदि गीत तथा नृत्य परम्परा पाइन्छ ।

**मगर जातिको प्रमुख संस्कारहरू**

नेपालका विभिन्न आदिवासी जनजातिहरूको जस्तै मगर जातिमा जन्मदेखि मृत्युसम्मको आफ्ना बेग्लै प्रकारको संस्कार अनुष्ठानको परम्परा पाइन्छ । मगर समुदायमा महिला गर्भवती हुना साथ संस्कार सम्पन्न गरिन्छ । गर्भमा रहेको बच्चा सुरक्षित रहोस् भने पूजाअर्चना गर्ने देखभाल गर्ने काम गरिन्छ । बच्चा जन्मेको छैठी दिनमा छैंठो मनाउने चलन मगर समुदायमा छ । पहिलो पटक जन्मेको जेठो छोराको छैठी मनाइन्छ तर अन्य सन्तानको भने अनिवार्य छैन । मगर समुदायमा बच्चा जन्मेको ११ दिनमा न्वारान गरिन्छ । छोरीको भने नौ दिनमा न्वारान गरिन्छ तर ठाउँ अनुसार फरक फरक दिनमा न्वारन गर्ने प्रचलन पनि पाइन्छ । बच्चाको. नाम वृद्धा तथा धामी भाँक्रीले.राखिदिने गरिन्छ ।

मगर समुदायमा प्रायः छोरा भए ६ महिना र छोरी भए पाँच महिनामा शुभ दिन हेरेर बच्चालाई पहिलो पटक भात खुवाइन्छ । त्यसैगरी बच्चा तीन वर्ष पुगेपछि शुभ तिथि हेरेर छेवर कर्म गरिन्छ । कतै कतै भने पाँच वर्षपछि मात्र छेवार गुन्युचोली दिने चलन पनि पाइन्छ । मगर जातिमा मुख्य रूपमा मागी विवाह, प्रेम विवाह र अन्तर्जातीय विवाहको प्रचलन पाइन्छ । मगर समुदायमा मामा र फुपुको छोरा छोरीबीच विवाह हुने प्रचलन छ तर हिजोआज यस प्रकारको विवाह प्रणाली कम हुँदै गएको देनित्छ । यसै गरी जारी विवाह, भागी विवाहजस्ता परम्परित विवाहपद्धति पनि विस्तारै लोप हुँदै गएको देखिन्छ ।

मगर जातिमा आफ्ना बेग्लै प्रकारको अन्त्यष्टि परम्परा पाइन्छ । हिजोआज भने मगर समुदायमा हिन्दु परम्पराको प्रभाव टड्कारो रूपमा देखिन्छ । जस्तै : शङ्ख फुक्ने, केस मण्डन गर्ने (केस काट्ने), सेतो कपडा लगाउने, १३ दिनसम्म जुठो बार्ने आदि । तर परम्पररित मगर

परम्परामा भने त्यस्तो प्रचलन देखिँदैन । आफ्नै धामी विजुवाहरूबाट अन्त्यष्टि कर्म गर्ने प्रचलन मगर समुदायमा पाइन्छ ।

### मगर जातिको खानपान तथा वेशभूषा

मगर जातिको मुख्य खानपिन भनेको ठाउँअनुसार मँकै, कोदो, फापर, गहुँ, जौँ, वा, धान, आलु, पिडालु, सखरखण्ड, आदि हो । सेलरोटी मगर समुदायको प्रमुख खान्की हो । चाडपर्व तथा विभिन्न शुभ-अशुभ सबै कार्यमा सेलरोटी अनिवार्य पकाउने गरिन्छ । यसै गरी जाँडरक्सी, माछा मासु पनि मगर समुदायमा अनिवार्य रूपमा प्रयोग गरिन्छ ।

मगर जातिको आफ्ना बेग्लै प्रकारको वेशभुषा प्रचलन छ । मगर जातिका पुरुषहरू भोटो, कछाड, लंगौटी आस्कोट र टोपी प्रयोग गर्दछन् भने महिलाहरू गुन्यु, चोलो, मजेत्रो, टेकी, पटुका घलेक आदि लगाउने गर्दछन् । परम्परागत रूपमा आफ्नै घरघरका तान बुनेर आफ्नो भेषभुषा तयार पार्ने मगर समुदायमा त्यो परम्परा विस्तारै लोप हुँदै गएको देखिन्छ । गरगहनामा कल्ली, ढुङ्ग्री, बुलाकी, फूली आदि लगाउने गर्दछन् ।

यस अरुण गाउँपालिकाकमा बसोबास गर्ने मगर जातिभित्र लुङ्गेली, पिठाकोटे, आले, पुलामी, बलम्पाखी, राना, रैका, सारु, यस्माली, मग्राती, केप्छाकी, लुमे, मुछाङी, दर्लामी, रझामी गरी सत्र थरिका मगरहरू रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर मगर जातिको कुल जनसङ्ख्या २०१३४९८ रहेको छ भने कुल जनसङ्ख्याको ६.९ प्रतिशत जनसङ्ख्या रहेको छ ।

### ४.४ नेवार जातिको सङ्क्षिप्त परिचय

नेवार के हो ? को हो ? यसको शाब्दिक अर्थ के हो ? भन्ने विषयमा स्पष्ट हुन सकेको छैन । यसका विषयमा भिन्नभिन्न विचारहरू पाइन्छन् । कोही नेपालकै पर्यायवाची नेवार हो भन्दछन् भने कोही नेपारबाट नै नेवार भएको हो भन्ने गरेको पाइन्छ । यसरी नै कोही नेपबाट नेवार भएको भन्दछन् भने कोही नेमुनिको 'ने' शब्दबाट नेवार भएको भन्दछन् । यसै गरी नेवाङबाट, नायरबाट नेवार भएको हो भन्ने विचारहरू समेत पाइन्छ । नेवार आदिवासी जति हुन् की आगन्तुक जाति ? भन्ने विषयमा समेत मतैक्यता पाइँदैन । यसरी नै नेवार एउटा विशेष जाति हो की जातजातिको विशिष्ट समूह हो त ? भन्ने विषयमा पनि विभिन्न प्रकारको फरक फरक धारणाहरू देखापर्दै आए तापनि वास्तवमा नेवार नेपालको रैथाने जाति र आगन्तुक जातिको समीश्रण जातिगत समूह हो त्यसैले नेवारभित्र विभिन्न जातिहरूको सामूहिकता झल्कन्छ ।

नेवारहरू को थिए ? उनीहरू काठमाडौ उपत्यकामा कहिलेदेखि बसोवास गर्न थाले ? यस ठाउँमा सबैभन्दा पहिले बस्ने जाति नेवार नै हो की अरु हुन् ? भन्ने विषयमा ठ्याक्कै भन्न सकिने अवस्था देखिँदैन । यद्यपि नेवारहरू काठमाडौं उपत्यकाको आदिवासी हो भन्ने तथ्यहरू भने प्रशस्त पाइन्छ । प्राचीन नेपाललाई नेपाल मण्डल भनिन्थ्यो । पहिले पहिले नेपाल भनेर काठमाडौं उपत्यकालाई मात्र चिनिन्थ्यो । हाल मात्र नेपाल भनेर सम्पूर्ण नेपाललाई बुझिन्छ । नत्र पहिले पहिले त नेपाल भनेर काठमाडौ उपत्यकालाई मात्र बुझिन्थ्यो । नेपाल, नेपार र नेवारलाई कतिपय समीक्षकहरूले पर्यायवाची शब्दका रूपमा लिएका छन् । प्राचीन कालमा नेपाललाई 'नेवार' भनिन्थ्यो र त्यही शब्दबाट नेपाल भएको हो भन्ने तर्क बाबुराम आचार्यको देखिन्छ भने सुनीतिकमार चटर्जी पनि 'नेपाल' र 'नेवार' शब्द एउटै हुन् नेवारबाटै नेपाल बनेको हो भन्ने विचार व्यक्त गर्दछन् । नेवारहरू उपत्यकामा कुन क्षेत्रबाट प्रवेश गरेका हुन् त ? भन्ने विषयमा पनि फरक फरक धारणा पाइन्छ । उनीहरूका अनुसार भारतका कर्णाटकबाट आएका नायरहरू नै वर्तमान नेवार जाति हुन् । भारत कर्णाटकका राजा नान्यदेवको नेतृत्वमा ठुलो फौजसहित नेपाल पसेका नायरहरू नै वर्तमान नेवार जाति हुन् भन्ने उनीहरूको ठहर छ । अर्काथरी विद्वान्हरू भने नेवारहरू उत्तरी क्षेत्रबाट आएर काठमाडौं उपत्यकामा बसोवास गर्न थालेका हुन् भन्ने तर्क राख्दछन् । उनीहरूको भनाई अनुसार

बोधिसत्व मञ्जुश्री तिब्बतको बाटो हुँदै चिनबाट आएर नागदहको पानी निकास गरे बस्तीयोग्य बनाएको बेला नै नेवारहरू नेपालमा भित्रिएको हो । नेवारहरू तिब्बततिरबाट उपत्यकामा प्रवेश गरेका हुन् ।

नेवार जाति को हुन् र कहाँबाट काठमाडौं उपत्यकामा प्रवेश गरे त भन्ने सन्दर्भमा अर्का तेस्रो प्रकारको अभिमत पनि छ । उनीहरूका अनुसार नेवारहरू किरात वंशका हुन् । इतिहास शिरोमणि बाबुराम आचार्यले त नेवारहरूलाई किरातहरूको एउटा हाँगा नै मानेका छन् । यसरी नेवारहरूको बारेमा विभिन्न फरक फरक धारणाहरू पाइन्छन् ।

## नेवार जातिको धर्म संस्कृति

नेवार जातिले मुख्य 'हिन्दु' र बौद्ध धर्म मान्ने गर्दछन् । हिन्दु धर्मावलम्बी नेवारहरू मध्ये द्यौभाजु आफूलाई ब्राह्मणका रूपमा ठान्छन् र उनीहरू राजोपाध्याय लेख्ने गर्दछन् । मल्ल, प्रधान, र श्रेष्ठ छ थरे नेवार क्षेत्रीका रूपमा लिइन्छ भने लोकर चार वा पाँचथरे नेवारहरू वैश्य मानिन्छन् । पोडे र च्यामे आदि जाति शुद्रका रूपमा लिइन्छ । यसरी हिन्दु धर्म मान्ने नेवारहरूमा भने जातिगत वर्णाश्रम व्यवस्था रहेको देखिन्छ। बौद्धधर्मावलम्बी मान्ने नेवारहरूमा मुख्य तीन विभाग मानिन्छ । प्रथम विभागमा बाँडा, बज्राचार्य वा शाक्य भिक्षु मानिन्छ भने दोस्रो वर्गमा उदासहरू मानिन्छ । तेस्रो वर्गमा ठुलो जमात छन् । यस वर्गमा श्रमजीवि ज्यापुहरू पर्दछन्। ज्यापुभन्दा तल्लो जातिका रूपमा मानन्धर, मालाकार रञ्जितकार, तण्डुकार नकर्मी आदि सातवटा थरलाई लिइन्छ । समग्रमा दुवै वर्णाश्रम व्यवस्था कायम रहेको देखिन्छ । नेवार समुदायभित्र हिन्दु धर्ममा आधारित  ब्राह्मण, क्षेत्री, वैश्य र शुद्रको वर्णाश्रम व्यवस्थाको रूप  देखिन्छ ।

यसरी हेर्दा के देखिन्छ भने नेवारी समुदाय मुख्य रूपमा हिन्दु र बौद्ध धर्म मान्ने हुँदा सोही अनुसारको सांस्कृतिक परम्परा यी जातिमा पाइन्छ । दुवै प्रकारको मिश्रित सांस्कृतिक परम्पराको अवलम्वन गरेको पनि पाइन्छ। हिन्दु धर्म मान्ने नेवारहरूले बाहुनको प्रयोग गर्दछन् भने बौद्ध धर्म मान्नेहरू भने बौद्ध गुरुहरूद्वारा आफ्ना संस्कार अनुष्ठान सम्पन्न गर्दछन् ।

**नेवार समुदायको प्रमुख चाडपर्वहरू**

नेवार समुदायमा विभिन्न प्रकारको चाडपर्वहरूको प्रचलन पाइन्छ । ती विभिन्न चाडपर्वहरू हिन्दु धर्म तथा बौद्ध धर्ममा आधारित छन् । नेवार समुदायमा प्रचलित विभिन्न प्रकारका चाडपर्वहरूमध्ये केही चाडपर्वहरूको विवरण यस प्रकार छन् ।

- खाईसंल्हु (तीतौ सक्रान्ति) - वैशाख एक गते मनाउने चाड ।
- अक्षया तृतीया - वैशाख शुक्ल तृतीयाको दिन मनाउने चाड ।
- स्वाँयाः पुन्हिी - वैसाख शुक्ल पूर्णिमा बुद्धको जन्म दिन ।
- आमाको मुख हेर्ने दिन  - वैशाख कृष्ण पक्ष औंसीको दिन मनाउने ।
- सिथि नखः - जेष्ठ शुक्ल षष्ठीको दिन मनाउने चाड ।
- दशहरा - जेष्ठ शुक्ल दशमीका दिन मनाउने चाड ।
- ज्यापुन्हि - जेष्ठ शुक्ल पूर्णिमाका दिन मनाउने चाड ।
- दिसी पूजा - आषाढ कृष्ण दशमीमा मनाउने चाड ।
- गुंला पर्व - श्रावण शुक्ल परेवाबाट सुरु हुने पर्व  ।
- गंठामुगल चतुर्दशी - श्रावणकृष्ण चतुदर्शीमा मनाउने
- नागपञ्चमी : नागपञ्चमीमा मनाइने चाड
- गुंपुन्हि - श्रावण शुक्ल पूर्णिउमाका दिन मनाउने चाड
- सापारु (गाइजात्रा) भाद्र कृष्ण पक्ष परेवाको दिन
- पञ्चदान - श्रावण शुक्ल अष्टमीका दिन मनाउने
- बाबुको मुख हेर्ने दिन - भाद्र कृष्ण औंसीको दिन मनाउने
- चथा : पिशाच चौथी - भाद्र शुक्ल चतुर्थीमा
- येंया : (इन्द्र जात्रा), भाद्र शुक्ल द्वादशीमा मनाउने
- सोह्र श्राद्ध : इन्द्रजात्राको दिनदेखि असोज औंसीसम्म १६ दिन मनाउन
- दशैं. (मोहनी) : विजया दशमीको रूपमा मनाउने
- स्वन्ति : तिहार : तिहार चाडको रूपमा मनाउने
- सकिमिला पुन्ही : कार्तिक शुक्ल पूर्णिमाका दिन मनाउने

- बाल बाचतुर्दशी : मङ्सीर कृष्ण चतुर्दशीका दिन मनाउने
- यः मरि पुन्हि : मंसिर शुक्ल पूर्णिमाका दिन मनाउने
- मालख्व पिसि : पौक्ष कृष्ण दशमीका दिन मनाउने
- मिलापुन्हि : पौष शुक्ल पूर्णिमाका दिन मनाउने
- घ्योचाकु संल्ह (माघे संक्रान्ति) माघ १ गते मनाउने
- सिला चन्हे (शिवरात्री) फागुन कृष्ण चतुर्दशीका दिन मनाउने
- श्रीपञ्चमी (बसन्त पञ्चमी) माघ शुक्ल पञ्चमीका दिन ।
- होली (फागु) फागुन शुक्ल अष्टमीका दिन मनाउने
- पाहाचन्हे - चैत्रकृष्ण चर्तुदशीका दिन मनाउने
- मरःमलःजा खुवाउने - चैत्र शुक्ल कृष्ण औंसी

उपर्युक्त चाडपर्वहरूका अतिरिक्त नेवार समुदायमा ठाउँ अनुसारका अन्य विभिन्न प्रकारका चाडपर्वहरू पनि मनाउने प्रचलन पाइन्छ । नेवार समुदायमा प्रचलित केही विशेष प्रकारको छुट्टै प्रचलनहरू पनि पाइन्छन् । तीमध्ये जात्रा परम्परा पनि हो । नेवार समुदायमा जात्राको विशेष महत्व छ । जात्रा विभिन्न प्रकारको पाइन्छ । देवीदेउतालाई काखमा राखेर ( बोकेर) मनाइने जात्रा, देवीदेउतालाई खटमा बाकेर मनाइने जात्रा, देवीदेउताका प्रतिभा वा जीवित देवीदेउतालाई रथमा राखेर गरिने जात्रा आदि विभिन्न प्रकारका जात्राहरू नेवार समुदायमा प्रचलित छन् । यसका अतिरिक्त काठमाडौं उपत्यकामा विभिन्न क्षेत्रमा क्षेत्रगत जात्राहरू पनि मनाइन्छन् जस्तै : रातो मच्छेन्द्रनाथ जात्रा, कुमार जात्रा, गङ्गामाई जात्रा, चाँगुनारायण जात्रा, हरिशङ्कर जात्रा, मतया : जात्रा, अशोक विनायक जात्रा, खड्ग जात्रा, जल विनायक जात्रा, सात गाउँले जात्रा, बालकुमारी जात्रा, भैरव जात्रा, घोडे जात्रा, बसुन्धारामाइ जात्रा, लुँती अजिमाको जात्रा, टुँडालदेवी जात्रा, टिकाभैरव जात्रा, मनमैजु ( इन्द्रायणी) जात्रा, सात अजिमाको जात्रा, भद्रकाली जात्रा, विस्केट जात्रा, जिब्रो छेड्ने जात्रा, बागभैरव जात्रा, हरिसिद्धि जात्रा, दक्षिणकाली जात्रा, कुमारी रथ जात्रा, टाउको लुकाउने जात्रा आदि ।

यसरी नै नेवार जातिमा अर्को महŒवपूर्ण संस्कृति हो इहि । इहिको अर्थ विवाह हो । नेवार जातिमा जन्मेको महिलाको तीन पटक विवाह हुने गर्दछ । रजस्वला हुनु अघि भगवान

विष्णुको प्रतिक वेल विवाह (बेलसँग) गरिन्छ यस विवाहलाई ईहि भनिन्छ भने इहि पछि बाःराः तयगु (गुफा राख्ने) गरिन्छ। गुफाबाट निस्केपछि सूर्यदर्शन गराइन्छ र सूर्यसँग विवाह सम्पन्न गर्ने गरिन्छ। यसरी नेवारी समुदायमा आफ्ना छुट्टै प्रकारको सांस्कृतिक परम्परा पाइन्छ।

## नेवार जातिको खानपिन तथा वेशभूषा

नेवारी समुदायमा विभिन्न चाडपर्वहरूमा विभिन्न प्रकारको खानपिनहरू खाने प्रचलन पाइन्छ। विभिन्न चाडपर्वमा विभिन्न भोजभतेर खाने गरिन्छ। नेवार समुदायमा विशेष महत्वको खाना संस्कृति हो 'सगुन'। सगुन भनेको शुभसमय अर्थात् मङ्गलयोगको प्रतीक हो। यसरी नै नेवारी समुदायमा अर्को महŒवपूर्ण खानपिन हो 'सम्हेबजी'। देवीदेउताको पूजाआजा सम्पन्न भएपछि प्रसादको रूपमा ग्रहण गरिने पाँचथरी मिसाएर बनाएको खानपिनलाई समयबजी भनिन्छ। समयबजीमा भुटेको चिउरा, भुटेको कालो भटमास, साँधेको अधुवा, पोलेको वा साँधेको सिद्रा, माछा र ऐला (रक्सी) समावेश गरिएको पाइन्छ। यसरी नै नेवारी समुदायमा अर्को महŒवपूर्ण खाना हो 'योमरी'। चामलको पिठोलाइ तातोपानीसँग मुछेर एकातिर चुच्चो र गोलो आकारको योमरीभित्र भने भुटेको तिलको धुलो र चाकुको झोल मिश्रण गरेर तयार पारिएको विशेष खालको रोटीलाई योमरी भनिन्छ। यो रोटी खास गरेर धान्यपूर्णिमाको दिन खाने गरिन्छ। यसरी नै नेवार समुदायमा माछा मासु र अेला र छ्याङ नभई नहुने खाना हो। हरेक शुभ अशुभ कार्यमा, अेला र छ्याङ अनि माछा मासु खाने गरिन्छ। नेवारहरूका आफ्नै प्रकारका भेषभुषाको प्रचलन पाइन्छ। पुरुषहरू दौरा सुरुवाल, इष्टकोट टोपी र पटुको लगाउँछन् भने महिलाहरू सारी, चोली, बर्को, पटुको लाउने गर्दछन्। गरगहनामा कल्की, माला, आदि लाउने गर्दछन्।

## नेवारी जातिमा प्रचलित गीतसङ्गीत

नेवार जातिमा विभिन्न प्रकारको परम्परागत गीत सङ्गीतको प्रचलन पाइन्छ। नेवारी समुदायमा हरेक जात्राहरूमा विभिन्न प्रकारको गीतहरू धिमे बाजाको साथमा गाउने गरिन्छ। 'धिमे' नेवार जातिको महŒवपूर्ण बाजा हो। यो बाजा जात्राहरूमा अनिवार्य रूपमा बजाउने गरिन्छ। धिमे, झयाली, बाँसुरी, नरिसिंह र लामो एकोहोरो बनाउने बाजा आदि

बाजाहरू नेवार समुदायमा प्रचलित छन् । हरेक नेवारी वस्तीहरूमा प्रायः भजन मण्डल स्थापना गरिएको हुन्छ । ती भजन मण्डलीमा बुढापाकाहरू भेला भएर दैनिक रूपमा भजनकीर्तन गाउने गर्दछन् ।

यस अरुण गाउँपालिकामा बसोवास गर्ने नेवारहरू बुद्ध धर्म, हिन्दु धर्म दुवै धर्म मान्ने पाइन्छन् । यिनीरुले आफ्नो परम्परागत संस्कृति र भाषालाई पनि संरक्षण गर्दै आएका देखिन्छ । यहाँ बसोबास गर्ने नेवारहरूमध्ये जोशी, प्रधान, श्रेष्ठ आदि थरका रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर नेवार जातिको कुल जनसङ्ख्या १३४१३६३ रहेको छ भने कुल जनसङ्ख्याको ४.६ प्रतिशत जनसङ्ख्या रहेको छ ।

### ४.५ बाहुन जातिको सङ्क्षिप्त परिचय

'हिन्दु' शब्दको अर्थ के हो भन्ने सन्दर्भमा फरक फरक धारणा पाइन्छ । कतिपय समीक्षकहरूले 'हिन्दु' शब्द 'सिन्धु' बाट बनेको हो, यो पाश्चात्यहरूले (फारसीहरूले) सिन्धुलाई 'सिन्धु' भन्न नजानेर हिन्दु भन्ने गरेको र कालान्तरमा त्यहीँ शब्द हिन्दु बनेको भन्ने गर्दछन् । भने कतिपय समीक्षकहरू सिन्धुबाट हिन्दु बनेको होइन 'हिन्दु' शब्द 'हिनं दुषयति' बाट बनेको र यसको अर्थ सदाचार पालना नगर्नेलाई ठीक नमान्ने भन्ने हुन्छ भन्ने गर्दछन् । स्वामी प्रपन्नाचार्यका अनुसार हिन्दु शब्दको अर्थ ईश्वर र पुनर्जन्ममा विश्वास गर्नु हो । उनको भनाई अनुसार 'हिन्दु' शब्द हजारौं वर्ष पुरानो भएकोले यो कुनै व्यक्तिले वा धार्मिक समुदाय खास गरेर मुसलमानहरूले राखिदिएको नाम होइन । जे होस हिन्दु शब्दको अर्थ वर्तमान समयमा भने वैद्धिक परम्परालाई मान्ने धार्मिक समुदायलाई नै हिन्दु भनेर बुझिन्छ ।

यहाँ 'हिन्दु' शब्दको बारेमा किन चर्चा गरियो भने वस्तुतः बाहुन जाति भन्ना साथ हिन्दु धर्मावलम्वी भनेर बुझिन्छ । त्यसैले बाहुन जातिलाई बुझ्नका लागि अथवा बाहुन संस्कृतिलाई बुझन्का लागि वैदिक परपरा र हिन्दु धर्मलाई बुझ्नुपर्ने हुन्छ । त्यसैले हिन्दु संस्कार र संस्कृति भनेको वैदिक परम्परामा आधारित संस्कृति हो भनेर बुझिन्छ । हिन्दु सांस्कृतिक परम्परा वेद, पुराणमा आधारित भएको हुँदा यी संस्कृतिको आधार यिनै प्राचीन संस्कृत वाङ्मय नै हुन् ।

हिन्दु धर्मले बहुदेवतावादमा विश्वास गर्दछ । त्यसैलेहिन्दु धर्ममा ईश्वरले विभिन्न समयमा विभिन्न रूपमा अवतार लिएर देखा पर्दछ भन्ने विश्वास गरिन्छ । हिन्दु धर्मको विष्णुका प्रमुख दश अवतार हुन् - मत्स्य, परशुराम, कूर्म, कल्मि, बराह, राम नृसिंह, बुद्ध, कृष्ण, वामन । यसरी नै हिन्दु धर्म र संस्कृतिमा विभिन्न विद्वानहरूले हिन्दु संस्कारसम्बन्धी आ-आफ्ना विचारहरू राख्दै आएको पाइन्छ । तीमध्ये केही विद्वानहरूले हिन्दु संस्कारहरू देहाय अनुसार बताएका छन्:

| माधवचार्यका अनुसार | डा. राजवली पाण्डेका अनुसार | स्वामी दयानन्दका अनुसार |
|---|---|---|
| १. गर्भाधान | " | " |
| २. पुंसवन | " | " |
| ३. सीमन्तोन्नयन | " | " |
| ४. जातकर्म | " | " |
| ५. नामाकरण | " | " |
| ६. निष्क्रमण | " | अन्नप्रासन |
| ७. अन्नप्रासन | " | चुडाकरण |
| ८. चूडाकरण | " | एपनयन |
| ९. कर्णवेध | " | ब्रह्मब्रत |
| १०. उपनयन | विधारम्भ | वेदव्रत |
| ११. वेदारम्भ | एपनयन | समावर्तन |
| १२. समावर्तन | केदारम्भ | िववाह |
| १३. विवाह | केसान्त वा गोदान | अग्न्याधान |
| १४. वानप्रस्थ | स्नान वा समावर्तन | दीक्षाग्रहण |
| १५. सञ्याम | िववाह | महाव्रत |
| १६. अन्त्येष्टि | " | सन्यास |

यसरी हेर्दा के देखिन्छ भने हिन्दु परम्परामा मुख्य १६ संस्कार रहेको देखिन्छ ।

हिन्दु धर्म संस्कृति र दर्शनको आधार भनेको वेद (ऋगवेद, यजुर्वेद, सामवेद र अथर्ववेद), पुराण (१८), रामायण, महाभारत, मनुस्मृति आदि संस्कृत वाङ्मयहरू हुन् । यिनै शास्त्रमा आधारित खास गरेर यजुर्वेदको शुक्ल यजुर्वेदको शाखा अनुसार नेपालका बाहुनहरूले आफ्नो धार्मिक क्रियाकलापहरूको अवलम्वन गर्ने गर्दछन् ।

हिन्दु धर्ममा विभिन्न प्रकारको चाडपर्वहरू प्रचलित छन् । दशैं तिहार, बालाचतुर्दशी, मकरसंक्रान्ति, श्रीपञ्चमी, महाशिवरात्री, फागुपूर्णिमा, रामनवनी, मातृऔंसी, परशुराम जयन्ती, सीता जयन्ती, हनुमान जयन्ती, अक्षयतृतीया गंगा दशहरा,, गुरूपूर्णिमा, जनैपूर्णिमा, तीज, कृष्णाष्टमी सोह्रश्राद्ध आदि । हिन्दु धर्ममा ब्रह्मा, विष्णु र महेश मुख्य तीनवटा देवतालाई पूजा अर्चना गरिन्छ । यसरी नै उनीहरूको धर्मपत्नी क्रमशः सरस्वती, लक्ष्मी र पार्वतीर्ला देवीको रूपमा भक्ति गरिन्छ । यसका अतिरिक्त अनय मिथकीय देवताहरू राम, कृष्ण, इन्द्र तथा अन्य अनेकौं देवीदेवताहरूको उपासना गरिन्छ । स्वर्गलोक, मर्त्यलोक (पृथ्वी) र पाताल लोक मुख्य तीन लोकको विश्वास गर्ने हिन्दु धर्ममा स्वर्ग, नर्क, पाप, पुण्य, देवता, राक्षस, दानव, दैत्य आदिको विश्वास गरिन्छ ।

हिन्दु धर्ममा वर्णाश्रम व्यवस्था गरिएको छ । वर्ण भन्नामले हिन्दु धर्ममा गुण, कर्म र जन्मले गरेको विभाजनलाई बुझाउँदछ । वेदमा, ब्रह्माको मुखबाट ब्राह्मण, हातबाट क्षेत्रीय, तिघ्राबाट वैश्य र गोडाबाट शुद्रको जन्म भएको हो भनिएको पाइन्छ । यसरी नै उमेरका आधारमा आश्रमहरू विभाजन गरिएको पाइन्छ । पुरुषका लागि २५ वर्ष र महिलाहरूका लागि १६ वर्षसम्मको उमेर ब्रह्माचार्य आश्रमका रूपमा तोकिएको पाइन्छ । २५ वर्षपछि गृहस्थाश्रम, ५० वर्ष पुगेपछि वानप्रस्थ र ७५ वर्ष पुगेपछि सन्यास आश्रम तोकिएको पाइन्छ ।

हिन्दु धर्ममा प्रमुख दुई धाराहरू पाइन्छन् । एउटा धारालाई वाम मार्ग र अर्को धारालाई दक्षिण मार्ग भनिन्छ । यी मध्ये दक्षिण मार्ग धाराले वैष्णभ, शैव, शाक्त, सौर र गणपत्य गरी मुख्य पाँचवटा सम्प्रदायहरू छन् भने तीभित्र अनेकौ अन्य सम्प्रदायहरू रहेका छन् । हिन्दुधर्ममा १५०० भन्दा बढी अनेकौं सम्प्रदायहरू रहेको बताइन्छ ।

हिन्दु धर्ममा भक्ति र उपासनामा जोड दिइन्छ । धन, ऐश्वर्य, विजय, पुत्र, राज्य, सुख, शान्ति आदि प्राप्त गर्न विभिन्न देवीदेवताको भक्ति र उपासना गरिन्छ । हिन्दु धर्ममा लक्ष्मीलाई धनको देवी, सरस्वतीलाई विद्याको देवी, दुर्गालाई शक्तिको देवी, गणेश विघ्नवाधा हटाउने देवता, राम ज्ञान र ऐश्वर्यको देवता आदि । यस्ता अनेकौ शक्तिलाई देवीदेउताहरू हिन्दुधर्ममा पाइन्छ । यसरी नै हिन्दु धर्ममा वेद, उपनिषद्, पुराण, रामायण महाभारत, गीता, ब्रम्हसूत्र आदि ग्रन्थलाई ज्ञानका स्रोत मानिन्छ । भने श्रवण, कीर्तन, स्मरण, पादसेवन, सख्यभाव,

अर्चना, वन्दना र आत्मनिवेदन गरी नौ प्रकारको भक्तिमार्ग बताएको पाइन्छ । कतिपय विद्वानले सगुण, निर्गुण र पराभक्ति पनि मानेको देखिन्छ । कम, उपासना ज्ञान र योग भन्दा भक्ति योग नै सबैभन्दा सरल बाटो हो भन्ने ठानिन्छ । त्यसैले परमात्मा प्राप्त गर्न अनन्य भक्ति चाहिन्छ भन्ने चिन्तन हिन्दु धर्ममा पाइन्छ ।

अरुण गाउँपालिका बाहुन जातिको पनि बसोवास पाइन्छ । तर यिनीहरूको उपस्थिति अन्य जातिको भन्दा निकै कम देखिन्छ । बाहुन जाति हिन्दुधर्मावलम्वी हुन् । यिनीहरू वैदिक परम्परा अनुसार आ-आफ्नो सांस्कृतिक परम्पराको अवलम्वन गर्दछन् । यस पालिकामा बसोवास गर्ने बाहुनहरू पुरेत्याइँ, जागिर र खेतीपाती गर्ने गर्दछन् । यस अरुण गाउँपालिकामा बसोबास बाहुन जातिभित्र सुवेदी, पराजुली, अधिकारी, भण्डारी, बराल, गौतम, सापकोटा, कट्टेल, फुयाल, चापागाइँ, चौलागाइँ, घिमिरे, सञ्जेल, ओझा, धिमाल, डोटेल, लुइटेल, खतिवडा, धमला, पोखरेल, काफ्ले, खनाल, बास्तोला, लामिछाने आदि थर रहेका छन् ।

## अरुण गाउँपालिका चरम्बीमा बसोबास पराजुलीहरूका पुर्खा

*कौण्डिण्य गोत्रमा धेरै थरहरू छन् । तीमध्ये कौण्डिण्य गोत्रमा पर्ने एउटा थर पराजुली हो । नेउपाने, प्याकुरेल, आचार्य, सापकोटा, सत्याल, मोरासिनी, बास्कोटा, पनेरू, त्रिनाल, बंजारा, बगाले थापा र लकाई खड्काको गोत्र पनि कौण्डिण्य हो । कौण्डिण्य गोत्रीय थरहरूको सख्या यसभन्दा बढी १७ सम्म पुग्छ, अझ कोही त ४० सम्म पुग्छ भन्छन् । ग यी सबै कौण्डिण्य गोत्र भएका थरका व्यक्तिहरू कुण्डिन ऋषिका वशज मानिन्छन् । कुण्डिनका सन्तान कौण्डिण्य कहलाइए र सोही नामबाट उनका वंशजहरूको गोत्र कौण्डिण्य रहन गएको हो भन्ने एउटा भनाई छ । यस्तै पहिले-पहिले ऋषिहरूका आ-आफ्ना आश्रम हुन्थे र त्यहाँ रहेका शिष्यहरू तत्तत् ऋषिका नामबाट जानिन्थे । यसैअनुसार कुण्डिन ऋषिको आश्रम वा अनुशासनमा बसेका शिष्यहरूलाई कौण्डिण्य आश्रम वा गोत्रका भनिन्थ्यो र कालान्तरमा तिनै कौण्डिण्यका सन्तानहरू कौण्डिण्य गोत्री हुन गएका हुन् भन्ने मन पनि रहेको छ । कौण्डिण्य नाम रहन गएकोमा एउटा अर्को के भनाई पनि छ भने महर्षि वशिष्ठका वंशज पराशरकी पत्नीको नाम कुण्डिनी थियो । भगवान शिवजीले उनीहरूलाई दिएको वरदानअनुसार कुण्डिनीको गर्भबाट एक तेजस्वी पुत्रको जन्म भयो जसलाई आमाको नामको आधारमा*

कौण्डिण्य भनियो । उनै कौण्डिण्यको नामबाट उनका वंशजहरू कौण्डिण्य गोत्री कहलाइए । साथै प्राचीन विदर्भको राजधानी कुण्डिनपुर थियो र त्यस ठाउँमा बसोबास गर्ने व्यक्तिहरू र तिनका वंशजहरूलाई उक्त ठाउंको नामको आधारमा कौण्डिण्य भन्ने गरियो भनी एउटा अर्को मत पनि रहेको पाइन्छ । यस अरुण गाउँपालिकामा बसोबास बाहुन जातिभित्र सुवेदी, पराजुली, अधिकारी, भण्डारी, बराल, गौतम, सापकोटा, कट्टेल, फुयाल, चापागाइँ, चौलागाइँ, घिमिरे, सञ्जेल, ओझा, धिमाल, डोटेल, लुइटेल, खतिवडा, धमला, पोखरेल, काफ्ले, खनाल, बास्तोला, लामिछाने आदि थर रहेका छन् ।

## अरुण गाउँपालिका चरम्बीका पराजुलीहरूका पुर्खा

प्रत्येक गोत्रका प्रवर पनि हुन्छन् । कौण्डिण्य गोत्रको प्रवरका सम्बन्धमा 'कौण्डिण्य गोत्रस्य कौण्डिण्य, वशिष्ठ, मैत्रावरूण इति त्रिप्रवरस्य' भनी तीन प्रवर मनिएको छ जसमा कौण्डिण्य, वशिष्ठ र मैत्रावरूण पर्छन् ।

कौण्डिण्य गोत्रीय विभिन्न थरका पुख्यौली विवरणअनुसार आचार्य, नेउपाने, पराजुली, प्याकुरेल आदि सच्चिदानन्द जून भट्ट र सदानन्द भट्टका वंशजहरू हुन् भन्ने तथ्य देखिन्छ । हाल प्रचलित भट्ट थर भएका व्यक्तिहरूको गोत्र कौण्डिण्य होइन । नेपालमा भट्ट थरका अरू नै गोत्रहरू छन् । तसर्थ भट्टबाट कसरी कौण्डिण्य गोत्रीय थरहरू हुन गए भन्ने

सम्बन्धमा अध्ययन गर्दा के पाइन्छ भने पहिले योग्य र विद्वान् पण्डित - वा ब्राह्मणलाई भट्ट पदवी दिने - गरिन्थ्यो वा भट्ट भनी सम्बोधित गर्ने गरिन्थ्यो । सदानन्द भट्ट र सच्चिदानन्द भट्टका पिता यस्तै भट्ट पदवी पाएका कौण्डिण्य गोत्रीय विद्वान् ब्राह्मण थिए । सदानन्द र सच्चिदानन्द सानै उमेरकै छँदा उनका बाबुआमाको मृत्यु भएको थियो । कुनै महात्मा योगीको कृपाबाट उनीहरूले ज्ञान आर्जन गर्ने अवसर पाए । मन्त्रकै बलले दाजु सदानन्द आगो र भाइ सच्चिदानन्द जल उत्पन्न गर्न सक्थे । उनीहरूलाई पनि भट्ट भनेर सम्बोधिन र गर्ने गरिएको थियो । पछि उनीहरूकै वंशजहरू विभिन्न समयमा विभिन्न आधार र कारणले कौण्डिण्य गोत्रीय विभिन्न थरबाट परिचित हुन थाले । सोहीअनुसार उक्त कौण्डिण्य गोत्रीय एउटा हाँगो पराजुली थरबाट परिचित हुन थालेको देखिन्छ । उत्तरी भारतको गढवाल क्षेत्रमा गंगा नदी पश्चिम पिपलकोटीमा कौण्डिण्य गोत्रीय भट्ट ब्राह्मण रहेको

पाइन्छ । नेपाल आउने कौण्डिण्य गोत्रीय भट्ट ब्राह्मण त्यतैतिरबाट १३ औ शताब्दीमा आएको विश्वास गरिन्छ ।

## पराजुली थरको चर्चा

प्रत्येक गोत्रमा विभिन्न थरहरू रहेका छन् । थरहरूको नाम विभिन्न आधार र कारणबाट रहन गएको र नेपालमा प्रचलित अधिकांश थरहरू पश्चिम नेपालबाटै प्रचलित भएको पाइन्छ । थरको नाम उही भए पनि बेग्लाबेग्लै गोत्र भएका पनि केही थरहरू छन् । तर सबै पराजुलीहरू कौण्डिण्य गोत्रीय नै छन् । हाल पराजुलीहरू नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म र विदेशमा समेत विभिन्न ठाउँमा बस्दै आएका छन् तापनि उनका पूर्वजहरू पहिले पश्चिम नेपालको वर्तमान कर्णाली अञ्चलअन्तर्गतको जुम्ला जिल्लाको पारा गाउँमा बस्थे । त्यहाँ बसेको कारणबाट तिनीहरूलाई पाराजुम्ली भन्ने गरिएको र कालान्तरमा पाराजुम्ली शब्दको अपभ्रंश भई परिवर्तित रूपमा पराजुली हुन पुगी पराजुली थर कायम हुन आएको हो भन्ने एउटा भनाइ छ । पराजुली थर रहन गएको सम्बन्धमा अन्य विभिन्न भनाइहरू पनि छन् । जानकारीमा आएका केही निम्नअनुसार छन्

१) भट्ट अर्थात् दासु भट्ट नामका पूर्वजले नलीक पराजुल मंत्री पराजुल, औल पराजुल, लेक पराजुल डाँडा पराजुल भनिने यी गाउँ विर्ता पाएपछि स्थलमित विग्रहिन भई ती ठाउँमा बस्ने उनका कौण्डिण्य भट्ट वंशजहरू पराजुली कहलाइएका र पराजुली थर कायम हुन आएको हो । लेक पराजुल सुर्खेतमा र बाँकी अरू पराजुल दैलेखमा पर्छन् ।

(२) सच्चिदानन्द कौण्डिण्य भट्टका दुई छोरा राम आचार्य द कृष्ण आचार्य थिए र राम आचार्यका पांच छोरामध्ये विष्णु शर्मा नामका माहिला छोराले तत्कालीन डोटी देशका शासक बहादुर सिहबाट पराजुली वा पराजुल नाउँको गाउँ बिर्ता पाएका थिए । तिनै विष्णु शर्माका सन्ततिहरू सो ठाउमा बसेका हुँदा पराजुली कहलाइएका र पराजुली थर रहन गएको हो ।

३) जुम्लामा पराञ्जली वा पाराञ्जल भन्ने ठाउँमा बसोबास गरेको हुँदा पराञ्जली भन्दाभन्दै पराजुली थर हुन गएको हो ।

(४) विदर्भतिर भगवान शंकरको जटाबाट बनेको जुरो भन्ने अर्थमा पराजुटी भन्ने नाम रहेको र जुटीको अपभ्रंश भएर जुली हुन गई पराजुली थर हुन आएको हो ।

*यसरी पराजुली थर रहन गएको सम्बन्धमा विभिन्न भनाइ वा मतहरू रहे तापनि पराजुलीहरू सबै कौण्डिण्य वंशजहरू भएको स्पष्ट छ। पराजुलीहरू प्रारम्भमा मुख्यतः पश्चिम नेपालका दैलेख, सुर्खेत, जुम्ला, क्षेत्रहरूमा बसोबास गर्थे। तिनै पराजुलीका सन्तानहरू पोखरा, रागिनाश, ज्याम्दी, कोटेश्वर, चुइचुम्मा, वातांग, पिनौला, चरम्बी आदि ठाउँमा पुगी त्यहाँबाट पनि हाल नेपालका विभिन्न भागहरू र विदेशमा समेत फैलिएर वसेको पाइन्छ।*

**पराजुली पुर्खाहरू**

*पराजुली वंशावलीसम्बन्धी विभिन्न स्रोत र प्रकाशित लेखहरूको आधारमा अध्ययन गर्दा पराजुलीका पुर्खाहरू प्रारम्भमा पश्चिम नेपालको जुम्ला, दैलेख, सुर्खेत क्षेत्रतिर बसोबास गरेका र त्यहांबाट कुनै एउटा हाँगो कास्कीमा आएको जानकारी पाइन्छ। ११११ साल वैशाख १४ गतेदेखि जयदेव खानले कास्की कोटदरबारबाट राज्य सञ्चालन गर्न थालेपछि त्यहाँ रहेको कालिका मन्दिरमा नित्य पूजा गर्न सुकराम पराजुलीलाई जुम्ला वा त्यसको आसपासको क्षेत्रबाट बोलाई उक्त मन्दिरमा राखेको कुरा विभिन्न सोनमा उल्लेख भएको पाइन्छ। उनका विभिन्न वंशजहरूमा रत्नाखर, राजचन्द्र, चुडामणि पाध्या। जयस्थिति मल्लकालीन।, श्रीधर पाध्या, महिधर पाध्या, यशोब्रह्म पाध्या, कीर्तिनाथ पाध्या, राजशेखर, आलोकानन्द पाध्या र बलु पाध्या पराजुली आदि रहेका र उनीहरूमध्येकै कुनैका सन्तान कालु पाध्या पोखरामा आएका थिए भन्ने कुरा पनि विभिन्न स्रोतबाट जानकारी पाइएको छ। कालु पाध्याका छोरा भीमलाल थिए र उनी गर्ने टुहुरा थिए। उनका छोरा दिलु पाध्या भए जो पछि लमजुङको रागिनाश कोटमा गई बसोबास गर्न थालेका र त्यहाँबाट पनि पछि पराजुलीको एउटा हाँगो पूर्वी नेपालमा गएको देखिन्छ। कतै-कतै पोखरा (कास्की) मा वि.सं. १४०० सालतिर पराजुलीहरू पुगेका थिए भन्ने भनाइ पनि रहेको पाइन्छ।*

*लमजुङको रागिनाश कोटबाट पूर्वतिर आउने पराजुली पाध्ये हुनुहुन्थ्यो। यो रागिनाश कोट भन्ने ठाउँमा डुम्रे बेंसी शहर सडकमा पर्ने भोटेओडार बजारबाट पूर्वतिर झण्डै चार घण्टाको उकालो हिँडेपछि पुगिन्छ र मोहोरिया गाउँ विकास समिति अन्तर्गत पर्छ। लमजुङ जिल्लाको मध्यपूर्वी भागमा रहेको यो ठाउँ अत्यन्त मनोरम प्राकृतिक सुन्दरताले भरिपूर्ण छ। यस ठाउँबाट उत्तरमा हिमाल, पश्चिममा लमजुङ दरबार, तार्कुकोट र पुरानकोट, दक्षिणमा पोखरा र पूर्वमा काठमाडौं उपत्यका समेत देख्न सकिन्छ। यही ठाउँमा वि.स १६०० सालतिर*

*दिलु पाध्याका ७ जना नः छोराहरू जन्मिए जसमध्ये पाँचौं छोराको रूपमा सेवन्त पाध्ये जसलाई तपश्मन्त पनि भनिएको छ, को जन्म, भएको थियो । उनका दाजुहरूको नाम पर्शुराम, जशु, मी जैमुनि र जैभद्र र भाइहरूको नाम सन्तकुमार तथा श्रीराम थियो । उनको रागिनाशमै भएको पहिलो विवाहबाट एक छोरा बालकृष्ण जन्मिएका थिए । ती छोराको पनि त्यतैतिर 'विवाह भएको थियो । तर सन्तान नहुँदै घोरलले मारेकाले छोराको मृत्यु भयो । छोराको मृत्युपछि सेवन्तकी पत्नीको- पनि निधन भयो । यसरी छोरा र पत्नीको मृत्युबाट विरक्तिएर शान्ति र तपोभूमि खोज्दै उनी रागिनाशकोटबाट हिँडे । आखिरमा उनी दोलालघाट पुगे । त्यहांको स्वच्छ प्राकृतिक, धार्मिक वातावरण उनलाई उपयुक्त लाग्यो र उनी त्यहीं शिवजीको आराधना गरी जीवन विताउन लागे । भनिन्छ उनी नित्य बिहानै कुखुराको डाको नसुनिदै उठ्थे, दोलालघाटमा इन्द्रावती र भोटेकोशीको संगममा पस्थे र घांटीसम्म पानीमा डुबेर मध्यान्हसम्म जपतप गर्थे । उनको इन्द्रावती नजिकै ओडार जस्तो ठाउँमा बस्ने छाप्रो थियो । पछि उनले त्यहीं भक्तपुरका राजा जितामित्र मल्लबाट वि.स. १६०१ मा ज्याम्दी बिर्ता पाए ।*

*सेबन्तले बिर्ता पाएको ज्याम्दी भूखण्ड वर्तमान काभ्रेपलाञ्चोक जिल्लामा पर्छ । पहिले मल्लकालमा यो ठाउँ भक्तपुरका राजाबाट शासित बनेपाअन्तर्गत पर्थ्यो र ज्याम्दी मण्डनका नामले परिचित थियो । वर्तमानमा ज्याम्दी नामको गाउँ छ । ज्याम्दी मण्डनको उत्तरमा रामपुर भञ्ज्याङको साँधको पोखरी (विर्ताको साँध), पूर्वतर्फ इन्द्रावती नदी, दक्षिणतर्फ दोलालघाट र पश्चिममा चाखोला र होक्सेको वन (हाल लामिडाँडा भनिने ठाउँहरू पर्छन् । ज्याम्दीका वरिपरि विभिन्न उंचाइका डाँडाहरू तथा पांचखाल, सुनकोशी र इन्द्रावती बेसीहरू तथा पश्चिम दक्षिणतर्फको सामुन्ने पलाञ्चोक भगवती मन्दिर रहेका छन् । इन्द्रावती नदी ज्याम्दीकै पूर्वा भागबाट उत्तर-दक्षिण बग्छ र दोलालघाटमा सुनकोशी नदीसँग मिसिन्छ । यस ज्याम्दी गाविसमा पराजुलीका हाल करिब ५०० घर रहेका छन् ।*

*ज्याम्दी विर्ता पाएपछि सेवन्त एकपटक रागिनाशकोट गई विधवा छोरा बुहारी र आफ्ना एकजना भाइ सन्तकुमार समेतलाई लिई आए । बिर्ताको भोग गर्न आफ्ना ससुराको सन्तान होस् भन्ने इच्छा राखी ती विधवा छोरा बुहारीले आफ्नै भदैनी मागी ससुराको विवाह गराइदिइन् र वृद्ध स उमेरमा सेवन्तको दोलालघाटमै एक छोराको जन्म भयो ।*

घाँटीसम्म पानीमा डुबेर मध्यान्हसम्म जपतप गर्थे । उनको इन्द्रावती नजिकै ओडार जस्तो ठाउँमा बस्ने छाप्रो थियो । पछि उनले त्यहीं भक्तपुरका राजा जितामित्र मल्लबाट वि.स. १६०१ मा ज्याम्दी बिर्ता पाए ।

सेबन्तले बिर्ता पाएको ज्याम्दी भूखण्ड वर्तमान काभ्रेपलाञ्चोक जिल्लामा पर्छ । पहिले मल्लकालमा यो ठाउँ भक्तपुरका राजाबाट शासित बनेपाअन्तर्गत पर्थ्यो र ज्याम्दी मण्डनका नामले परिचित थियो । वर्तमानमा ज्याम्दी नामको गाउँ विकास समिति छ । ज्याम्दी मण्डनको उत्तरमा रामपुर भञ्ज्याङको साँधको पोखरी (विर्ताको साँध), पूर्वतर्फ इन्द्रावती नदी, दक्षिणतर्फ दोलालघाट र पश्चिममा चाखोला र होक्सेको वन (हाल लामिडाँडा भनिने ठाउँहरू पर्छन् । ज्याम्दीका वरिपरि विभिन्न उंचाइका डाँडाहरू तथा पांचखाल, सुनकोशी र इन्द्रावती बेसीहरू तथा पश्चिम प दक्षिणतर्फको सामुन्ने पलाञ्चोक भगवती मन्दिर रहेका छन् । इन्द्रावती नदी ज्याम्दीकै पूर्वा भागबाट उत्तर-दक्षिण बग्छ र दोलालघाटमा सुनकोशी नदीसँग मिसिन्छ । यस ज्याम्दी गाविसमा पराजुलीका हाल करिब ५०० घर रहेका छन् ।

ज्याम्दी विर्ता पाएपछि सेवन्त एकपटक रागिनाशकोट गई विधवा छोरा बुहारी र आफ्ना एकजना भाइ सन्तकुमार समेतलाई लिई आए । बिर्ताको भोग गर्न आफ्ना ससुराको सन्तान होस् भन्ने इच्छा राखी ती विधवा छोरा बुहारीले आफ्नै भदैनी मागी ससुराको विवाह गराइदिइन् र वृद्ध उमेरमा सेवन्तको दोलालघाटमै एक छोराको जन्म भयो ।

छोराको नाम दुर्गादास राखियो । छोरा सानै छँदा अर्थात् ५।७ वर्ष नपुग्दै सेवन्तको मृत्यु वि.सं. १७०५ माघ कृष्ण पञ्चमीका दिन भयो । दुर्गादासका पनि एकमात्र छोरा सन्तनु पाध्ये (अर्को नाम काशिराम) जन्मिएका र उनका ५ भाइ छोरा भएका थिए । उनीहरूको नाम क्रमशः गंगाराम, विश्वेश्वर, शिवराम, मनहरि र कमलापति थियो । सेवन्तसँग रागिनाशकोटबाट पछि संगै आएका भाइ सन्तकुमारका सन्तानहरूका बारेमा स्पष्ट जानकारी उपलब्ध भएको छैन तापनि सेवन्तका यिनै ५ भाइ पनातिका सन्तानहरू नेपालको पूर्वी भाग र काठमाडौं कोटेश्वर लगायतका विभिन्न क्षेत्रहरूमा फैलिएको विश्वास गरिन्छ । हाल पूर्वी क्षेत्रमा पश्चिमबाट सोझै आएका र आसाम वा बर्माबाट फर्केर आएका पराजुली वंशजहरूको संख्या पनि निकै बढ्दो छ र यस्तै पूर्वबाट पश्चिमतिर जाने क्रम पनि देखिन्छ ।

ज्याम्दी विर्ता पाए पनि सेवन्त त्यहाँ गएनन् । उनका ॥ । छोरा दुर्गादास पनि त्यहाँ जान पाएनन् । दुर्गादासका छोरापटि सन्तनुले भक्तपुरका मल्ल राजासमक्ष निवेदन गरी सहयोग पाएपछि मात्र उनी त्यहाँ गएर बस्न थाले र उनका वंशजहरू न त्यहाँ बढ्दै गए ।

## भोजपुर चरम्बीका पराजुलीहरूका पुर्खा

चरम्बी (पहिले चरमी भनिन्थ्यो । नेपालको पूर्वी पहाडी क्षेत्रमा कोशी प्रदेशअन्तर्गत भोजपुर जिल्लाको एक रमणीय गाउँको रूपमा अवस्थित छ । यस गाउँको पूर्वमा अरूण नदी, पश्चिममा बला बतासे डाँडा, दक्षिणमा सापाखोला र उत्तरमा रघुवा खोलापर्छ । यो गाउँ भोजपुर जिल्लाको सदरमुकाम भोजपुर बजारभन्दा करिब २५ कि मि. पूर्व पछ । यस गाउंमा पराजुलीहरू सर्वप्रथम करिब दुई सवा दुई सय वर्ष पहिले का सम्भवतः श्री ५ सिंहप्रताप शाह वा श्री ५ रणबहादुर नर- शाहको राज्यकालतिर पुगेको अनुमान गरिन्छ । पराजुलीहरू सर्वप्रथम त्यहाँ पुग्दा त्यो गाउँ अहिलेको जस्तो बसोवास भएको क्षेत्रको रूपमा थिएन होला तर उनीहरू र निजका सन्तानहरूले त्यहाँका सबै बासिन्दाहरूसँग मिली त्यस ठाउँलाई विकसित गर्दै रमणीय बनाएको सहजै अनुमान गर्न सकिन्छ ।

चरम्बीका पराजुलीहरूको वंशावली वा पुर्ख्यौली विवरण खोज्दै जाँदा भोजपुरमा आइपुग्ने पहिलो पराजुली पुर्खाको रूपमा अग्निधर उपाध्याय पराजुलीको नाम आउँछ । उहाँ आफ्ना पितामाताको मृत्युपछि दाजु भाउजुसँग बस्दै-आउनुभएकोमा भाउजूको हेला व्यवहारले गर्दा आफ्नै पौरख गर्ने मनसुवा राखी पूर्व ४ नं. भोजपुर जिल्लाको आम्तेक (आम्तेप) मा आइपुग्नुभएको रहेछ ।

चरम्बीका पराजुलीहरूको वंशावली विवरणमा अग्निधर उपाध्यायका पुर्खाहरूको नाम उल्लेख छैन तापनि उहाँका पूर्वज काभ्रेपलाञ्चोक जिल्लामा पर्ने ज्याम्दी विर्ताको भएका र उहाँ त्यतैतिरबाट आम्तेक आइपुग्नुभएको तथा उहाँका कुनै पुर्खा तपस्वी स्वभावका थिए र काठमाडौंभन्दा पूर्वको कुनै ठाउँमा तपस्या गरी बस्थे भन्ने जानकारी रहेको छ । यसै सन्दर्भमा ज्याम्दीका पराजुलीहरूको पुर्ख्यौली विवरण अध्ययन गर्दा सेवन्त पाध्ये पराजुली काठमाडौंभन्दा पूर्व दोलालघाटमा तपस्वी रूपमा बस्नु भएको र उहाँले वृद्धावस्थामा ज्याम्दी विर्ता पाउनुभएको

देखिन्छ । उहाँका छोरा दुर्गा दास, दुर्गादासका एकमात्र छोरा सन्तनु र सन्ननुका ५ भाइ छोरामध्ये जेठा गंगारामका २ भाइ छोरा विद्यापति र तुलसीप्रसाद जन्मिएका थिए। विद्यापतिका ८ भाइ छोरा जन्मिएका थिए जसमध्ये छैठौ छोराको नाम मक्षेश्वर पराजुली थियो । यिनै मक्षेश्वर पराजुलीका दुई भाइ छोरा- कृष्णानन्द र वैजनाथ भएकोमा कृष्णानन्दकी जेठी पत्नीबाट हरिनन्द र कान्छी पत्नीबाट अग्निधर, देवऋषि र देवदत्त पराजुली गरी ४ छोराहरू जन्मिएको पाइन्छ ।

कृष्णानन्दको सम्बन्धमा उनी बाबुको मूल परी जन्मिएकाले न्वारानको लगत्तै उनलाई मावली सिन्धुलीमा पठाइएको र उनी त्यहीं हुर्की बढी उनको विवाह पनि त्यतै भएको भन्ने भनाइ पनि छ । तर जे होस् पछि उनी खोटाङको चुईचुम्बा पुगी त्यहाँ बसेको बताइएको छ । उनका छोराहरू हरिनन्द, अग्निधर, देवऋषि र देवदत्तको जन्म ज्याम्दी, सिन्धुली वा चुईचुम्बामध्ये कुनै ठाउँमा भएको हुनुपर्छ । चरम्बीका पराजुलीहरूको पुख्यौली विवरणमा अग्निधरका पिता र दाजुभाइहरूको नाम उल्लेख भएको नपाइए तापनि देवऋषि र देवदत्तका दाजु अर्थात् कृष्णानन्दका छोरा यी अग्निधर र भोजपुर आम्तेक पुग्ने अग्निधर एउटै व्यक्ति हुन् र चरम्बीका पराजुलीहरूका भोजपुरमा आइपुग्ने पहिला पुर्खा हुन् भन्ने कुरा धेरै आधारबाट स्पष्ट हुन्छ । नाममा समानता भएको एउटा कारण मात्र यस्तो विश्वासको आधार नभई चरम्बीका पराजुलीहरूका पुर्खा भोजपुरमा ज्याम्दीबाट आएका थिए भन्ने भनाइ रहेको, ज्याम्दीका पराजुलीहरूमा त्यस समयतिर उहाँ एकजनामात्र अग्निधर नामको व्यक्ति देखिनुभएको, उहाँका दाजुभाउजु रहेका र उहाँ सन्तानको रूपमा माहिलो देखिनु भएको तथा समयक्रम र पुस्ता संख्या आदिलाई समेत ध्यानमा राख्दा भोजपुर आम्तेक आइपुग्नु हुने अग्निधर नै कृष्णानन्दका छोरा अर्थात् हरिनन्दका भाइ र देवऋषि तथा देवदत्तका दाजु हुनुहुन्छ भन्ने कुरा स्पष्ट रूपमा देखिन्छ। साथै भोजपुर आम्तेक आइपुग्नुभएका अग्निधरका पुर्खा साधु स्वभावका कुनै तपस्वी महात्मा थिए र काठमाडौंपूर्व दोलालघाटतिर बस्थे भन्ने जानकारी रहदै आएको सन्दर्भमा पनि ती तपस्वी साधु स्वभावका महात्मा दोलालघाटमा महादेवको आराधना गरी बस्ने र ज्याम्दी विर्ता पाउने सेवन्त पाध्ये थिए र ती सेवन्त पाध्ये नै चरम्बीका पराजुलीहरूका पुर्खा अग्निधरका पनि पुर्खा थिए भन्ने कुराको पुष्टि हुन्छ ।

*यसरी लमजुङको रागिनाशकोटबाट वृद्धावस्थामा सेवन्त लाइ पाध्ये पराजुली दोलालघाट आई १६०.१ सालमा उहाँले ज्याम्दी विर्ता पाउनुभएको, उहाँका केही वंशजहरूले काम ज्याम्दीबाट पूर्वतिर लागि विभिन्न ठाउँमा बसोबास गरेको दुई तथा त्यसमध्येको एउटा हाँगो आम्लेक र आँखीभई हुँदै की वि सं १८०० सालभन्दा पछि १८५० सालभित्रको कुनै समयमा चरम्बीमा पुगेको देखिन्छ । यसरी चरम्बीका पराजुलीहरूको पुख्यौली सम्बन्ध ज्याम्दी र रागिनाशकोटका पराजुलीहरूसँग जोडिन पुगी चरम्बी, आंखीभुई, आम्नेक । मापितौला, चुइचुम्मा, ज्याम्दी र रागिनाश सम्मको त्यितै १६०० सालतिर देखिको एउटा लामो श्रृङखलाको निरन्तरता बनी स्पष्ट हुन्छ र त्यसभन्दा पहिलेको तथा जानकारीमा नरहेको छ । बीचका अन्य हाँगाहरूका सम्बन्धमा जानकारी स्पष्ट गर्न को अरू अध्ययन गर्दै जानुपर्ने आवश्यकता देखिन्छ ।*

***अरुण गाउँपालिका वडा नं. ४ चरम्बीमा बसोबास गर्ने पराजुलीहरूको वंशावली***

*अग्निधर पराजुली आम्तेक आउनु भएपछि त्यस ठाउंका राई राजाले फर्यल जोशी ब्राह्मणकी कन्यासँग उहाँको विवाह गराई संगैको पितौला जग्गा विर्ताको रूपमा दिएछन् । त्यसपछि उहाँ त्यहीं बसोबास गर्न थाल्नुभयो र त्यहीं उहाँका सन्तानहरू पनि जन्मिए । पछि उहाँका धेरै सन्तानहरूमध्ये कोही सोही ठाउँमा नै बसे र कोही भोजपुर जिल्लाकै हेलौछा, फालिकोट, थाक्लेलगायत विभिन्न ठाउँ, चडमाड र अखौंले (धनकुटा), हेदाग्ना (संखुवासभा), ताप्लेजुङ थिए आदि ठाउँमा गएर बसोबास गर्न थाले । अग्निधरका छोराहरू तिर कतिजना थिए, त्यसको जानकारी हुन सकेको छैन तर उनका एक छोरा रामु पूर्व ६ नं. चैनपुर हाल संखुवासभा जिल्लामा पर्ने आँखीभुइँ भन्ने ठाउँमा गएछन् । उनी त्यहाँ जानुपर्ने कारण पनि कसरी पर्न गएको थियो भने आम्तेक घर र आँखीभुइँका राई राजाहरूबीच नाता पर्दोरहेछ । आँखीभूइँका राई राजालाई शत्रु पक्षले अप्ठेरो पारेको बेलामा उनले आम्तेकका राई राजासँग मद्दत मागेछन् । आम्नेकबाट का मद्दत जाँदा रामु पनि साथै आँखीभुइँ गएछन् । त्यहाँ उनले र आफ्नो चतुर्याइँबाट बहादुरीपूर्ण कार्य गरी शत्रुपक्षलाई हराइदिएछन् । उनको यस्तो कार्यबाट खुशी भई आँखीभूइँका राई राजाले यस्तो बहादुर र चतुर मान्छेलाई जान दिन्न भनी उहीं रोकी विर्ता दिएर बस्न लगाएछन् । आँखीभुइँमा नै रामु नौ वर्ष रहे । रामुका साथ उनका छोराहरू ईश्वर र विनय पनि थिए भन्ने कुरा पनि वंशावली विवरणबाट थाहा हुन्छ । ती राई*

*राजा र रामु बाँचुन्जेल राम्रो भइरह्यो तर उनीहरूको मृत्युपछि विर्ता दिने राई राजाका सन्तानहरूले विर्ता दिएको होइन भनी किचोला गर्नका साथै रामुका छोराहरू ईश्वर र विनयविरूद्ध काठमाडौंमा मुद्दा हालेछन् । मुद्दामा जित त रामुकै सन्तानहरूको भएको थियो अर्थात् बाटोको म्यादबाहेक ७ दिनभित्र विर्ता पाएको प्रमाण सियामोहर पेश गरेमा विर्ता ईश्वर र विनयको ठहरिने तर सो म्यादभित्र पेश गर्न नसकेमा विर्ता उनीहरूको नहुने भन्ने फैसला भएको थियो र त्यस्तो प्रमाणको कागज आँखीभूइँमा घरमा उनीहरूसँग थियो । तर यसैबीच राई राजाका सन्तानहरूले बठ्याइँ गरी विर्ता दिएको प्रमाणको सियामोहर कागज आफ्नो हातमा पारेकाले र अरू किचोला गर्न थालेकाले त्यहाँ बस्न चित्त नबुझी ईश्वर र विनय उक्त ठाउँ छोडी हिँडेछन् र घुम्दैघुम्दै भोजपुर जिल्लाको र्‍यांग भन्ने ठाउँमा (यो चरम्बीभन्दा उत्तर पर्छ) पुगेछन् । रामुका अरू छोराहरू (नाम सम्भवतः रतन र लक्ष्मण) पनि भएको बुझिन्छ तर उनका सन्तानहरूको वंशावली विवरण थाहा हुन सकेको छैन ।*

*माथि अग्निधरका एक छोरा रामु भएको र उनका छोराहरू ईश्वर विनय भएको भन्ने उल्लेख भए तापनि चरम्बीमा केही समय पहिले उपलब्ध १८९८ सालको कागजको पछि १९९६ सालमा उतारिएको नक्कलमा टिपिएको टिपोट र केदार पराजुली (पितौला, हाल कोहबरा, झापा) ले गर्नुभएको खोजअनुसार ईश्वर र विनयका पिता रामु र अग्निधरका बीच अरू पुस्ताहरू पनि भएको अग्निधर ज्याम्दीबाट सोझै आम्तेक आउनुभएको नभई उहाँ र उहाँका पिता ज्याम्दीबाट पहिले ओखलढुंगाको राँकुलाबेसी र त्यसपछि खोटाङको चुइचुम्मामा बस्नु भएको र चुइचुम्माबाट अग्निधर आफ्नो एक भाइ सम्भवतः देवऋषिसहित भोजपुरको हेलौंछा बस्न जानु भएको तथा पछि अग्निधर त्यहाँबाट आम्तेकमा बस्न थाल्नुभएको देखिन्छ तापनि यस सम्बन्धमा अरू खोज गरी उपलब्ध तथ्य, पुस्ता अवधि, समय क्रम आदिको आधारमा निष्कर्ष निकाल्नुपर्ने आवश्यकता छ ।*

*ईश्वर र विनय र्‍याङ्गमा आएको कुरा चरम्बीमा प्रतिमान राईकी आमा सुकमाया राईले थाहा पाइछन् । उनले ती दुवैजनालाई चरम्बीमा बसाउने उद्देश्यले उनीहरूलाई बोलाई ल्याउन आफ्नो मान्छे पठाइन् । पहिलोपल्ट बोलाउँदा ईश्वर र विनय त्यहाँ जान मानेनन् । यो थाहा पाएपछि उनीहरूले जे माग्छन् त्यही दिन्छु, चरम्बी आउनु होला भनी सुकमाया राईले फेरि उनीहरूलाई लिन मानिस पठाउँदा चरम्बीको डिमडिमे पोखरीको टापु र ललांगटार*

दिन भए आउँछौं भनी ईश्वर र विनयले खबर पठाएछन् । त्यसपछि सुकमाया राईले बडो श्रद्धा गरी ती दुवै ठाउँ दिए तर सोह्रआना पैसा समाई सोह्रआनी गरिदिएँ भनेपछि ती दुवै भाइ चरम्बी आए र त्यहाँ बसोबास गर्न थालेछन् ।

यसरी ज्याम्दी पुर्ख्यौली घर भई पितौला आम्नेक न आइपुगेका अग्निधरका वंशजहरू ईश्वर र विनय आँखीभुइँ हुँदै आफ्ना पिता रामुको मृत्युपछि चरम्बीमा आई बसोबास गर्न थाले । यसरी उनीहरू चरम्बीमा आइपुग्ने पहिलो । पराजुली हुन पुगे र चरम्बीमा त्यसपछि रहेका सबै पराजुलीहरू ती दुई भाइकै सन्तान हुन् ।

ईश्वर र विनय चरम्बीमा आई बस्न थालेपछि उनका सन्तानहरू त्यहाँ फैलिँदै गए र त्यस ठाउँका बासिन्दाको रूपमा उनीहरूको संख्या बढ्दै गयो । त्यहाँ विशेष गरेर टापु, डाँडा, मथिनी, टारी, रानीवन, सञ्जेल गाउँ, नाम्ले, बाटामुनि, सालघारी, चिसापानी आदि टोलहरूमा पराजुलीहरूको बसोबास हुन थाल्यो र चरम्बी प्रमुख रूपमा नि पराजुलीहरूकै गाउँ हुन पुग्यो । हुन त पछि चरम्बीबाट केही केही पराजुलीहरू भारतको आसाम लगायतका ठाउँहरूमा गएर उतै बस्न थाले तापनि त्यहाँ पुगेका केही पराजुली पुन: नेपालमै फर्केर आए तर हाल केही वर्षदेखि चरम्बीका कतिपय पराजुली परिवार भने चरम्बी छोडेर काठमाडौमा कौशल अड्डामा राइटर हुनुभएको थियो ।

उहाँको जन्म वि.सं. १९२८ मा भएको थियो । उहाँ धेरै कुराको व्यावहारिक ज्ञान राख्ने र क्रियाशील व्यक्ति हुनुहुन्थ्यो । उहांले काठमाडौमा बस्दा ज्योतिषको पनि अध्ययन गर्नुभएको थियो र उहाँले गर्नुभएको फलादेश पूरै मिल्ने गर्थ्यो । त्यसपछि जागिर खानेमा तेस्रो उहाँकै माहिला छोरा नन्दीप्रसाद हुनुहुन्थ्यो । उहाँ झापामा खरदार हुनुभएको थियो । जागिर खाने चौथो पराजुलीमा चन्द्रलाल मुखिया हुनुभएको थियो । त्यसपछि पाँचौं चरम्बीका पराजुलीमा नरपतिले वि.सं १९८९१०० सालमा काठमाडौंमा जागिर प्रारम्भ गरी २०२२ सालमा उहाँ जिल्ला न्यायाधीशको पदमा पुग्नुभएको थियो । जिल्ला न्यायाधीश सरहको पदमा काम गर्ने उहाँ पहिलो चरम्बीको पराजुली हुनुहुन्थ्यो । हाल सरकारी र अन्य सेवामा कार्यरत चरम्बीका पराजुलीहरू प्रशस्त संख्यामा छन् र राजपत्रांकित विशिष्ट श्रेणी सरहसम्मका पदमा पुगेका छन् । हालसम्म उच्चतम पदमा पुग्ने चरम्बीका पराजुलीहरूमा पुनरावेदन अदालतका मुख्य

*न्यायाधीश हाल सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त चन्द्रप्रसाद पराजुली हुनुहुन्छ । काठमाडौमा कौशल अड्डामा राइटर हुनुभएको थियो ।*

*उहाँको जन्म वि.सं. १९२८ मा भएको थियो । उहाँ धेरै कुराको व्यावहारिक ज्ञान राख्ने र क्रियाशील व्यक्ति हुनुहुन्थ्यो । उहांले काठमाडौमा बस्दा ज्योतिषको पनि अध्ययन गर्नुभएको थियो र उहाँले गर्नुभएको फलादेश पूरै मिल्ने गर्थ्यो । त्यसपछि जागिर खानेमा तेस्रो उहाँकै माहिला छोरा नन्दीप्रसाद हुनुहुन्थ्यो । उहाँ झापामा खरदार हुनुभएको थियो । जागिर खाने चौथो पराजुलीमा चन्द्रलाल मुखिया हुनुभएको थियो । त्यसपछि पाँचौं चरम्बीका पराजुलीमा नरपतिले वि.सं १९८९१०० सालमा काठमाडौंमा जागिर प्रारम्भ गरी २०२२ सालमा उहाँ जिल्ला न्यायाधीशको पदमा पुग्नुभएको थियो । जिल्ला न्यायाधीश सरहको पदमा काम गर्ने उहाँ पहिलो चरम्बीको पराजुली हुनुहुन्थ्यो । हाल सरकारी र अन्य सेवामा कार्यरत चरम्बीका पराजुलीहरू प्रशस्त संख्यामा छन् र राजपत्रांकित विशिष्ट श्रेणी सरह सम्मका पदमा पुगेका छन् । हालसम्म उच्चतम पदमा पुग्ने चरम्बीका पराजुलीहरूमा पुनरावेदन अदालतका मुख्य न्यायाधीश हाल सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त चन्द्रप्रसाद पराजुली हुनुहुन्छ । क्रमशः नेपालभित्रै अन्यत्र बस्न जान थालेको पाइन्छ । यसरी पश्चिम नेपालबाट पूर्वी नेपाल पुगी चरम्बीमा बसेका- पराजुलीका सन्तानहरू अझ पूर्वका साथै दक्षिणतर्फ नेपालको तराई क्षेत्रमा र पुनः पश्चिम अर्थात् काठमाडौंमा बस्न पुगेका छन् । चरम्बीबाट नेपालका अन्य भागमा गएका यी पराजुलीहरू विशेष गरेर झापा (तोपगाछी, सुरूङ्गा, केर्खा, मंगलबारे, आइतबारे), मोरङ (विराटनगर, भौडाहा, बबिया विर्ता, सुन्दरपुर, बेलडाँगी, डाँगीहाट), सुनसरी (इटहरी, पकली), धनकुटाको तेलिया र काठमाडौं, ललितपुर र भक्तपुरमा घर बनाई बस्न थालेको पाइन्छ ।*

*चरम्बीका पराजुलीहरू प्रारम्भमा सबै कृषि पेशामा लागेको भए तापनि पछि केही पराजुलीहरू क्रमशः सरकारी जागिरमा प्रवेश गर्न थालेको पाइन्छ । यसरी सर्वप्रथम सरकारी जागिर खाने चरम्बीका पराजुलीहरूमा हरिविष्णु पराजुली हुनुहुन्थ्यो । उहाँको प्रचलित नाम मुक्तिलाल थियो उहाँको जन्म वि.सं. १९१० मा भएको थियो । उहाँ हवल्दार हुनुभएको थियो । त्यसपछि उहाँकै साहिँला भाइ शिवलाल काठमाडौमा कौशल अड्डामा राइटर हुनुभएको थियो ।*

*उहाँको जन्म वि.सं. १९२८ मा भएको थियो । उहाँ धेरै कुराको व्यावहारिक ज्ञान राख्ने र क्रियाशील व्यक्ति हुनुहुन्थ्यो । उहांले काठमाडौमा बस्दा ज्योतिषको पनि अध्ययन गर्नुभएको थियो र उहाँले गर्नुभएको फलादेश पूरै मिल्ने गर्थ्यो । त्यसपछि जागिर खानेमा तेस्रो उहाँकै माहिला छोरा नन्दीप्रसाद हुनुहुन्थ्यो । उहाँ झापामा खरदार हुनुभएको थियो । जागिर खाने चौथो पराजुलीमा चन्द्रलाल मुखिया हुनुभएको थियो । त्यसपछि पाँचौं चरम्बीका पराजुलीमा नरपतिले वि.सं १९८९१०० सालमा काठमाडौंमा जागिर प्रारम्भ गरी २०२२ सालमा उहाँ जिल्ला न्यायाधीशको पदमा पुग्नुभएको थियो । जिल्ला न्यायाधीश सरहको पदमा काम गर्ने उहाँ पहिलो चरम्बीको पराजुली हुनुहुन्थ्यो । हाल सरकारी र अन्य सेवामा कार्यरत चरम्बीका पराजुलीहरू प्रशस्त संख्यामा छन् र राजपत्रांकित विशिष्ट श्रेणी सरह सम्मका पदमा पुगेका छन् । हालसम्म उच्चतम पदमा पुग्ने चरम्बीका पराजुलीहरूमा पुनरावेदन अदालतका मुख्य न्यायाधीश हाल सर्वोच्च अदालतको न्यायाधीशमा नियुक्त चन्द्रप्रसाद पराजुली हुनुहुन्छ । चरम्बीमा शिक्षा क्षेत्रमा पहिले विभिन्न समयमा शिक्षा प्रदान गर्ने प्रयासहरू गरिएको भए तापनि औपचारिक रूपमा बल्ल २०१० सालमा मात्र त्यहाँ अरूणोदय प्राथमिक विद्यालयको स्थापना भएपछि शिक्षा विकासले गति लिएको देखिन्छ । त्यसपछि २०२२ सालमा अरूणोदय माध्यमिक विद्यालय (हाईस्कूल) को स्थापनाबाट चरम्बीको शिक्षा विकासले ठुलो फड्को मारेको देखिन्छ । २०१३ सालभन्दा पहिलेसम्म चरम्बीका पराजुलीहरूमा एसएलसी वा सो सरह उत्तीर्ण हुने र २०१९ सालभन्दा अघिसम्म स्नातक उत्तीर्ण हुने कोही पनि थिएनन् भने त्यसपछि स्नातक गर्नेहरूको संख्या बढ्दै गई स्नातकोत्तर गर्नेहरूको संख्या पनि प्रशस्त पुगेको छ र एउटै व्यक्ति २-३ विषयमा स्नातक र स्नातकोत्तर उत्तीर्ण गरेका पराजुलीहरू पनि छन् । चरम्बीका पराजुलीहरूमा सर्वप्रथम एसएलसी उत्तीर्ण गर्नेमा चन्द्रप्रसाद पराजुली ( २०१३) सर्वप्रथम स्नातक उत्तीर्ण गर्नेमा देवीप्रसाद पराजुली, चन्द्रप्रसाद पराजुली र रमापति पराजुली, सर्वप्रथम स्नातकोत्तर (एमकम) उत्तीर्ण गर्नेमा प्रभुप्रसाद पराजुली र दुई-तीन विषयमा स्नातक-स्नातकोत्तर गर्नेमा चण्डीप्रसाद पराजुली, पशुपति पराजुली 'सालघारी' हेमन्त पराजुली आदिको नाम आउँछ । यस्तै चिकित्सा चरम्बीमा शिक्षा क्षेत्रमा पहिले विभिन्न समयमा शिक्षा प्रदान गर्ने प्रयासहरू गरिएको भए तापनि औपचारिक रूपमा बल्ल २०१० सालमा मात्र त्यहाँ अरूणोदय प्राथमिक विद्यालयको स्थापना भएपछि शिक्षा विकासले गति*

*लिएको देखिन्छ । त्यसपछि २०२२ सालमा अरूणोदय माध्यमिक विद्यालय (हाईस्कूल) को स्थापनाबाट चरम्बीको शिक्षा विकासले ठुलो फड्को मारेको देखिन्छ । २०१३ सालभन्दा पहिलेसम्म चरम्बीका पराजुलीहरूमा एसएलसी वा सो सरह उत्तीर्ण हुने र २०१९ सालभन्दा अघिसम्म स्नातक उत्तीर्ण हुने कोही पनि थिएनन् भने त्यसपछि स्नातक गर्नेहरूको संख्या बढ्दै गई स्नातकोत्तर गर्नेहरूको संख्या पनि प्रशस्त पुगेको छ र एउटै व्यक्ति २-३ विषयमा स्नातक र स्नातकोत्तर उत्तीर्ण गरेका पराजुलीहरू पनि छन् । चरम्बीका पराजुलीहरूमा सर्वप्रथम एसएलसी उत्तीर्ण गर्नेमा चन्द्रप्रसाद पराजुली (२०१३) सर्वप्रथम स्नातक उत्तीर्ण गर्नेमा देवीप्रसाद पराजुली, चन्द्रप्रसाद पराजुली र रमापति पराजुली, सर्वप्रथम स्नातकोत्तर ( एमकम) उत्तीर्ण गर्नेमा प्रभुप्रसाद पराजुली र दुई-तीन विषयमा स्नातक-स्नातकोत्तर गर्नेमा चण्डीप्रसाद पराजुली, पशुपति पराजुली 'सालघारी' हेमन्त पराजुली आदिको नाम आउँछ । यस्तै चिकित्सा सेवातर्फ पशु चिकित्सा विज्ञानमा बीभीएससी एन्ड एएच बरे परीक्षे उत्तीर्ण गरी डाक्टर हुने पहिलो चरम्बीको पराजुलीमा निर्मल पराजुली पर्छन् ।*

*साहित्यिक र लेखन क्षेत्रमा पनि चरम्बीका पराजुलीहरूले अघि बढ्दै जाने प्रयास गरेको पाइन्छ । विभिन्न पत्रपत्रिकामा उनीहरूका रचनाहरू कथा, कविता, लेख आदि प्रकाशित ती हुदै आएका छन् भने केही पुस्तकको रूपमा पनि छापिएका छन् । यस्ता लेखक-कविहरूमा स्व. नरपति पराजुली, रमापति पराजुली, प्रभुप्रसाद पराजुली, पशुपति पराजुली 'सालघारी', छविराम पराजुली, बालकृष्ण पराजुली, प्रमोद पराजुली र गणेश पराजुली (पत्रकार) आदिको नाम उल्लेख गर्न सकिन्छ । पशुपति पराजुली सालघारीले राजकीय प्रज्ञा प्रतिष्ठानद्वारा प्रत्येक वर्ष आयोजना गरिने २०५३ सालको राष्ट्रिय कविता महोत्सवमा तृतीय भई श्री ५ बाट पदक र नगद पुरस्कार प्राप्त गरेको कुरा यहाँ उल्लेख गर्नु अवश्य पनि प्रासंगिक हुनेछ ।*

*चरम्बीको सामाजिक विकासमा धेरैजनाबाट महत्त्वपूर्ण योगदान प्राप्त हुन सकेको हुनाले नै त्यहाँ सामाजिक एकता र जागरण, शैक्षिक विकास र विभिन्न सामाजिक कार्यहरू हुन सकेका हुन् । चरम्बीमा यस्ता कार्यहरूमा संलग्न भई योगदान दिन नेतृत्व प्रदान गर्ने वयोवृद्ध पराजुलीहरूमा अम्बिकाप्रसाद पराजुली (उमेर ०.४ वर्ष, हाल पकली, सुनसरी) भीमप्रसाद पराजुली (उमेर ०.१ वर्ष हाल विराटनगर), कृष्णप्रसाद पराजुली (उमेर ८७ वर्ष हाल विराटनगर), बलराम पराजुली (उमेर ८५ वर्ष हाल विराटनगर) आदिको नाम लिन*

*सकिन्छ । यसरी नै केही सो समय अवैतनिक र त्यसपछि वैतनिक रूपमै भए पनि २०२२ एक सालदेखि २०५५ सालसम्म चरम्बीको एकमात्र हाईस्कूलमा प्रधानाध्यापक भएर करिब ३३ वर्ष अनवरत रूपमा जीवनको स्वर्णिम काल आफ्नो गाउँको शैक्षिक विकासमा लगाउनु हुने देवीप्रसाद पराजुली (उमेर ६५ वर्ष, हाल भौडाहा, मोरङ) । योगदान पनि ज्यादै महत्त्वपूर्ण रहेको छ । हाल उहाँहरू - चरम्बीभन्दा बाहिर बस्न जानु भए तापनि चरम्बीको विकासमा उहाँहरूको योगदान उल्लेखनीय छ । सरकारी र अन्य विभिन्न सेवामा काम गर्ने, उच्च शिक्षा प्राप्त गर्ने, अध्यापन-प्राध्यापन कार्य गर्ने र व्यापार- व्यवसाय गर्ने तथा अन्य विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने चरम्बीका पराजुलीहरूको संख्या क्रमशः बढ्दै गएको छ र उनीहरूको यस्तो प्रगति चरम्बीको लागि गौरव र खुशीको कुरा भएको छ तापनि त्यस्ता धेरै पराजुलीहरू केही वर्षयता चरम्बीबाट बाहिर अन्य स्थानमा बस्न जान थालेबाट पराजुलीहरूको संख्या चरम्बीबाट घट्दै जान थालेको पनि छ जुन कुरा चरम्बीका लागि चिन्ता र निराशाको विषय पनि हुन पुगेको छ । तर जहाँ बसे पनि ती पराजुलीहरूले चरम्बीलाई बिर्सने कुरा आउँदैन र जबसम्म उनीहरूले चरम्बीलाई सम्झिरहन्छन्, चरम्बीका लागि त्यो नै ठुलो सन्तोष र खुशीको कुरा भइरहनेछ ।*

*यस सन्दर्भमा २०५६ चैतमा स्थापना भएको चरम्बेली पराजुली सेवा समाजको पनि ठुलो भूमिका हुनेछ । द्रष्टव्य : यस लेखको चरम्बीका पराजुलीहरूसम्बन्धी माग 'प्रयास' को वर्ष १ अंक १ मा प्रकाशित लेखकक लेखलाई आवश्यकतानुसार संशोधन र थप गरी लेखिएको छ ।*

*सन्दर्भ स्रोत :*

*१. आदरणीय काका बलराम पराजुलीबाट प्राप्त जानकारी*

*२. रत्नप्रसाद आचार्यद्वारा लिखित आचार्य वंशावली- २०५१*

*३. गोविन्दप्रसाद पराजुली (ज्याम्दी, हाल विराटनगर) बाट प्राप्त जानकारी दीपक सापकोटाद्वारा लिखित रागिनाशकोट र लमजुङ दरबार शीर्षक लेख प्रयासको वर्ष १ अंक १ मा पूर्णप्रकाश नेपाल 'यात्री', कुलप्रसाद पराजुली र प्रा. ठाकुरप्रसाद पराजुलीद्वारा लिखित लेखहरू ।*

***( स्रोतः पराजुली वंशावली,(२०७०) प्रकाशक : पराजुली समाज नेपाल ।***

यस अरुण गाउँपालिकामा बसोबास बाहुन जातिभित्र सुवेदी, पराजुली, अधिकारी, भण्डारी, बराल, गौतम, सापकोटा, कट्टेल, फुयाल, चापागाइँ, चौलागाइँ, घिमिरे, सञ्जेल,

ओझा, धिमाल, डोटेल, लुइटेल, खतिवडा, धमला, पोखरेल, काफ्ले, खनाल, बास्तोला, लामिछाने आदि थर रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर बाहुन जातिको कुल जनसङ्ख्या ३२९२३७३ रहेको छ भने कुल जनसङ्ख्याको ११.२९ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.६ तामाङ जातिको सङ्क्षिप्त परिचय

नेपालका आदिवासी जनजातिभित्र पर्ने तामाङ जातिको मुख्य बसोवास क्षेत्र काठमाडौं उपत्यकाको वरिपरिको भू-भाग हो । यद्यपि काठमाडौं उपत्यकाको वरिपरि र उत्तरी क्षेत्रका सीमानादेखि दक्षिणी भूभागका महाभारत शिवालिक पर्वतमाला र पूर्वमा दुधकोशीदेखि पश्चिममा बुढीगण्डकीसम्मका क्षेत्र तामाङ जातिको बसोवास बढी मात्रामा पाइन्छ । तामाङ बसोवास गर्ने मुख्य क्षेत्रलाई ताम्सालिङ क्षेत्र भनिएको छ भने यिनै आदिम थलोमा सिर्जित संस्कृति र सभ्यता नै तामाङ जातिको मौलिक पहिचान पनि हो । तामाङ जातिको उत्पत्ति सम्बन्धमा विभिन्न प्रकारको कथाहरू पाइन्छ । ती विभिन्न उत्पत्ति सम्बन्धीका कथाहरू मध्ये पर्शुराम तामाङ (२०५१ : ३१) का अनुसार तामाङ जातिको उद्गम स्थलबारे ठ्याक्कै भन्न सकिने अवस्था छैन । यो जातिको उद्गमथलोबारे विभिन्न फरक धारणाहरू पाइन्छन् । तामाङ जातिको भाषिक समूह भोटबर्मेली भाषा परिवार हो । यो जातिको उद्गम थलो तिब्बतको केरुङ क्षेत्र हो भन्ने धारणाहरू पनि पाइन्छ । जुन भनाई नै सत्यमा आधारित पनि देखिन्छ । कतिपय अनुसन्धाताले तामाङ १० औं शताब्दी तिर काठमाडौं उपत्यका प्रवेश गरेका हुन् र पछि नेवारहरूले उपत्यकाबाट धपाएपछि तामाङहरू उपत्यकाका चारैतिर फैलिएका हुन भन्ने विचार व्यक्त गरेका पाइन्छ ।

### तामाङ जातिको थर (रुई)

तामाङ जातिको विभिन्न थरहरू सम्बन्धमा पनि विभिन्न अनुसन्धाताहरूले विभिन्न समयमा फरक फरक मत राख्दै आएको पाइन्छ । कतिपय अन्वेषकहरूले तामाङ जातिमा मुख्य गरेर पूर्वमा अठाह्र तामाङ र पश्चिममा बाह्र तामाङ रहेको विचार व्यक्त गरेको पाइन्छ । तामाङहरूले कसरी आफ्ना थरहरू प्राप्त गरे भन्ने सन्दर्भमा पनि विभिन्न प्रकारको मिथकहरू पाइन्छन् । ति विभिन्न मिथकहरू मध्ये (ऐ. तामाङ, २०५१ : ४०) अनुसार थोकर : थो थो रिङ्ने)

तामाङ जातिको अध्येता मोहन गोलेले रविन्द्र ग्याबाकले उधृत गर्दै देहाय अनुसारको तामाङ थरहरूको उल्लेख गरेका छन् :

थोकर : थो थो रिङने भन्ने सिङला रेम्बोर्छेको बगैँचामा सिलाकर्पोको तपस्या गरेकोले थोरेन भनियो । पछि थोरेनबाट ‘थोकर’ बन्यो ।

रुम्बा : सारुथोबरीमा फोलाकर्पोको तपस्या गरेकोले रुथोबा भनियो । पछि रुथोबाबाट ’ बन्यो ।

थिङ : पालुङसोकमा डिभामेबाचनरीको तपस्या गर्दा थ्यारुङ भयो । त्यसबाट पछि थिङ बन्यो ।

ङ्यासुर : ङ्यासुर रेम्बोरछेको बगैँचामा च्याङकोङ माचनको तपस्या गरेकोले ङ्यासुर बन्यो ।

ग्लान : सेल मण्डलमा फेकर ग्याबोको तपस्या गर्दा ग्याल भनियो र पछि त्यसबाट ग्लान भयो ।

बोमजन : डिलिब्राखरमा दोङमरचनको तपस्या गर्दा ह्युल्बामा ब्रोदोङचन भनियो र पछि बोमजन बन्यो ।

स्याङ्बो : स्याङमा गोङथाङजोको तपस्या गरेकोले ह्युल्बामा स्याङ्गोङ नाम भयो । त्यो नै पछि स्याङ्बो बन्यो ।

डेके : सिगिनमा सिगिनाको तपस्या गर्दा ह्युल्बामा डिसे भनियो र पछि डेके भयो ।

जिम्बा : पाल्गीमा पाल्गीकै तपस्यामा बसेकोले रेम्बा भनियो र रेम्बाबाट जिम्बा भयो ।

दोङ : दोङग्यालमा मार्गुलेनको तपस्या गरेकोले दोङयाल भनियो पछि उ दोङको नामले चिनियो ।

पाखिन : सपरांगङ्गिमा दोमावोरचनको तपस्या गरेकोले पाछिरेम भनियो र त्यसबाटै पाखिन बन्यो ।

बल : रामबलगन्दीमा दोइ नामको तपस्या गर्दा रामबलगन्दी भनीयो र पछि राम र गन्दीको उच्चारण हुन छोडी बल मात्र भयो ।

टुपा : टुकगङमा बाङचनमायु दुईछ्योको स्मरण गरी बसेकोले टुका भनियो र त्यस पछि अपभ्रमश भई टुपा भयो ।

वाइबा : केलमण्डमा याबलाकरपोको स्मरण गरी बसेकोले याबोला भनियो र पछि त्यसैबाट वाइबा भयो ।

लुङ्बा : लुङग खोरलोमा ख्युइचनरी इलादेनको स्मरणमा बसेकोले उसलाई लुङ्गवा भनियो र पछि त्यसैबाट लुङ्बा भयो ।

स्रोत : तामाङको मौलिक संस्कृति मोहन गोले (२०७२, पृ. ५)

**तामाङको. स्वाँगे भाइ**

तामाङ जातिमा विभिन्न स्वाँगे भाइहरू हुन्छन् । स्वाँगे भाई भनेको एउटै कुलको सन्तान अर्थात् सगोत्री दाजुभाई (वंश) हो । त्यसैले तामाङ जातिमा स्वाँगेभाइ भित्र विहेवारी चल्दैन । समान किसिमको कुल पित्री भएको स्वाँगे भाईभित्र विहेवारी नचेलको हो । तामाङ जातिको स्वाँगे भाइ सम्बन्धमा अध्येता पर्शुराम तामाङले मुख्य ३५ वटा स्वाँगेभाइहरूको उल्लेख गरेको पाइन्छ भने अर्का अध्येता मोहन गोले (२०७२ : ९) ले लेखक रविन्द्र ग्याबाकको उल्लेख गर्दै देहाय अनुसारको स्वाँगे भाइको चर्चा गरेका छन् ।

| क.सं. | थर (रुई) | सगोत्री (स्वाँगे) |
|---|---|---|
| १. | ग्रान्दान | दोङ, बल, गोले, तितुङ, डिम्दुङ, दारताङ, स्योङदान |
| २. | गाङदान | दोङ, बल, गोले, तितुङ, डिम्दुङ, दारताङ, स्योङदान |
| ३. | ग्याबा | वाइबा, जिम्बा, टुबा, रुम्बा, मार्बा |
| ४. | गोले | दोङ, बल, गोले, तितुङ, डिम्दुङ, दारताङ, स्योङदान |
| ५. | ँग्लान | घिसिङ, लो |
| ६. | ग्याबक/ ग्याबा | वाइबा, ग्याबा, रुम्बा, मार्बा, टुबा, जिम्बा |
| ७. | घिसिङ | लो, गलान |
| ८. | डेसुर | थिङ, सिङ्गर |
| ९. | जिम्बा | वाइबा, ग्याबा, रुम्बा, मार्बा, टुबा, हुम्बा |
| १०. | टुबा | वाइबा, ग्याबा, रुम्बा, मार्बा, जिम्बा, हुम्बा |
| ११. | डिम्दोङ | दोङ, बल, बज्यु, गोले, तितुङ, ग्रान्दान, दारताङ,स्योङदान |
| १२. | डुम्जन | योन्जन, लोपचन, मिम्चन, बम्जन |
| १३. | तितुङ | दोङ, बल, बज्यु, गोले,डिम्दोङ,ग्रान्दान, दारताङ, स्योङदान |
| १४. | थिङ | सिङ्गर, डेसुर |

| | | |
|---|---|---|
| १५. | थोकर | पाखिन, मोम्तान, स्याङतान |
| १६. | दारताङ | स्यारगी, गोन्बो |
| १७. | दोङ | बल, बज्यु, गोले, तितुङ, ग्रान्दान, डिम्दोङ,दारताङ, स्योङदान |
| १८. | पाखिन | थोकर, मोक्तान, स्याङ्तान |
| १९. | ब्लोन | स्याङ्बो |
| २०. | बज्यु | बल, दोङ, गोले, तितुङ, ग्रान्दान, डिम्दोङ,दारताङ,स्योङदान |
| २१. | बम्जन | डुम्जन,लोपचन, योन्जन, मिक्चन |
| २२. | मोक्तान | थोकर, स्याङतान, पाखिन |
| २३. | मारपा | ग्याबा, वाइबा, जिम्बा, रुम्बा, हुम्बा |
| २४. | योन्जन | डुम्जन, बम्जन, लोपचन, मिक्चन |
| २५. | रुम्बा | वाइबा, मार्बा, टुबा, ग्याबा, जिम्बा |
| २६. | लोप्चन | डुब्जन, बम्जन, मिक्चन, योन्जन |
| २७. | वाइबा | रुम्बा, मार्बा, दुबा, जिम्बा, ग्याबा |
| २८. | स्याङबो | ब्लोन |
| २९. | स्याङदान | मोक्तान, पाखिन, थोकर |
| ३०. | सिङकर | थिङ, डेसुर |
| ३१. | सिङगर | थिङ, डेसुर |
| ३२. | सिङतन | लक्तान |
| ३३. | लक्तन | सिङतन |
| ३४. | मिक्चन | डुब्जन, लोपचन, योन्जन, बम्जन |
| ३५. | ब्ल | बज्यु, दोङ, गोले, तितुङ, ग्रान्दान, डिम्दोङ, दारताङ, स्योङदान |

स्रोतः ग्याबाक, २०६७ ।

**तामाङ जातिको धर्म संस्कार**

तामाङ जातिले आफूलाई बौद्ध धर्मावलम्बी ठान्दछन् तामाङ जातिले धर्मको महलमा बौद्ध धर्म नै लेखाउँदै आएको पाइन्छ । सिद्धार्थ गौतम बुद्ध जन्मनु पहिले भने यी जातिले प्राकृतिक तन्त्रपरम्परामा आधारित वोन धर्म मान्दै आएको पुष्टि हुन्छ । किनभने आज भन्दा

२६०० वर्ष पहिले सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गर्नु पूर्व वा बौद्ध सम्प्रदायको उदय हुनुपूर्व तामाङ जातिले प्राकृतिक शक्तिको उपासनामा आधारित तन्त्रवादमा अर्थात बोन धर्मको अनुशरण गरेको पाइन्छ । बुद्धधर्मका विभिन्न सम्प्रदाय अन्तर्गत तामाङ जातिहरू बज्रयानी सम्प्रदायका अनुयायी भएको देखिन्छ । सातौ शताब्दीतिर बौद्ध गुरु पद्मसम्भव सम्भवले धर्म प्रचारका क्रममा तत्कालीन तिब्बत पुगेर बोन वादी र बुद्धवादीहरूको चिन्तन पद्धति र आचरणलाई समीश्रण गरेर नयाँ बुद्ध दर्शन लामायनी बौद्ध परम्पराको निर्माण गरेको देखिन्छ । नेपालका उत्तरी भूभाग तथा तिब्बत तथा चिनका अधिकांश भू-भाग यही लामायनी बौद्धपरम्परा अर्थात् बज्रयानी समुदायको वर्चस्व पाइन्छ ।

तामाङ जाति आफूलाई बुद्ध धर्मावलम्बी ठान्दछन् यद्यपि यो जातिमा आफ्नै प्रकारका धार्मिक परम्परा पाइन्छ । बुद्ध धर्मअन्तर्गतका धार्मिक क्रियाकलापको अवलम्बन गरे तापनि यो जातिमा आफ्ना कुलपितृ पुज्ने, माछामासु खाने, जाँडरक्सीको सेवन गर्ने तथा लामाको अतिरिक्त ताम्बा, बोम्बो, गान्बा, उमजे, कटौके, ल्हाइबा, चोहो आदि तामाङ संस्कृतिविज्ञ तथा अगुवाइहरूको पनि त्यत्तिकै महŒवपूर्ण भूमिका हुने गर्दछ । यसरी हेर्दा के देखिन्छ भने तामाङ जातिको धार्मिक तथा सांस्कृतिक परम्परा बुद्ध धर्म तथा आफ्नै आदिम प्राकृतिक बोन धर्मको मिश्रित परम्परा पाइन्छ ।

## तामाङ जातिको प्रमुख परम्परागत संस्था र अगुवाहरू

### क. मूललामा

तामाङ जातिको संस्कृतिमा मूललामाको महŒवपूर्ण भूमिका र उपस्थिति हुन्छ । सम्पूर्ण कर्मकाण्ड यिनै मूल लामाको निर्देशनमा हुने हुनाले यिनको उपस्थिति अनिवार्य हुन्छ । घेवामेन्दुङको प्रमुख नै मूल लामा भएकोले सम्पूर्ण सांस्कृतिक, धार्मिक कार्यको नेतृत्व यिनै मूल लामाले गर्ने गर्दछ । तामाङ संस्कृति मूल लामाद्वारा निर्दिष्ट हुन्छ ।

### ख. ताम्बा

तामाङ संस्कृतिमा ताम्बाको अत्यन्तै महवपूर्ण स्थान हुने गर्दछ । ताम्बाले आफ्ना परम्परागत क्रियाकलापहरूको निरन्तरता प्रदान गर्ने, रेखदेख गर्ने र मुख्य लामालाई सहयोग र समन्वय गर्ने गर्दछन् । तामाङ जातिको इतिहास, संस्कृति र सभ्यताको व्याख्या गर्ने कार्य

ताम्बाले गर्ने गर्दछन् । तामाङ जातिको इतिहास, संस्कृति र सभ्यताको व्याख्या गर्ने कार्य ताम्बाले गर्दछन् । लिखित परम्परापूर्व यिनै ताम्बाद्वारा तामाङ जातिको इतिहास र संस्कृतिलाई मौखिक परम्परामा बचाउने र एक पुस्ताबाट अर्को पुस्तासम्म अनवरत रूपमा हस्तान्तरण गर्दै आएका छन् । ताम्बाले गीत, पूजाआजा तथा धार्मिक, सांस्कृतिक क्रियाकलापहरूका माध्यमबाट तामाङ संस्कृति र इतिहासलाई संरक्षण गर्दै आएको पाइन्छ ।

**ग. गान्बा**

गान्बा पनि तामाङ संस्कृतिमा महŒवपूर्ण एकाइ हो । तामाङ संस्कृतिमा खानपान, भेषभूषा तथा अन्य सामाजिक गतिविधिहरूमा कसैले सामाजिक मूल्य र मान्यता विपरित कार्य गरेमा त्यसलाई के कस्तो सजाय दिने वा माफी दिने भन्ने अधिकार र कार्यक्षेत्र गान्बाको हुन्छ । यसरी हेर्दा के देखिन्छ भने गान्बा तामाङ समाजको परम्परित न्यायलय हो । जसले समाज सञ्चालनको क्रममा कुन असल, कुन खराब छुट्याएर समाजलाई नैतिकतातर्फ डोऱ्याउने कार्य गर्दछ । गान्बा समाजको भद्र भलादमी वर्ग हो ।

**घ. बोम्बो**

बोम्बो बोन धर्म परम्पराको गुरु हो । बोम्बो तान्त्रिक विज्ञ भएकोले तामाङ समाजमा कुनै व्यक्तिलाई बिसन्चो भएमा वा रोगविराम भएमा तान्त्रिक विधिद्वारा उपचार गर्ने गर्दछन् । प्राकृतिक शक्ति र पितृहरूलाई तान्त्रिक विधिद्वारा साक्षात्कार गर्ने कार्य बोम्बोले गर्दछन् भन्ने विश्वास तामाङ समुदायमा पाइन्छ । बोम्बोले तन्त्रमन्त्रका अतिरिक्त झारफुक जडिबुटीको प्रयोगद्वारा पनि रोगी बिरामीको उपचार गर्ने गर्दछन् । समग्रमा भन्दा बोम्बो तामाङ समुदायको परम्परित उपचार गर्ने विज्ञ हुन् ।

**ङ. चोहो**

चोहो भनेको नेतृत्व हो । तामाङ समुदायमा चोहोको विशिष्ट स्थान रहन्छ । गान्बाले सामाजिक न्यायको कार्य गर्दछ भने चोहोले सबैको नेतृत्व प्रदान गर्दछ । चोहो भनेको सरल भाषामा भन्दा मुख्य व्यक्ति हो । तामाङ समुदायमा सांस्कृतिक, धार्मिक, सामाजिक कार्यमा नेतृत्व प्रदान गर्ने व्यक्ति वा सेवा नै वास्तवमा चोहो हो ।

यसरी तामाङ जातिमा सामाजिक गतिविधि सञ्चालनका क्रममा, समाजलाई व्यवस्थित ढङ्गले अगाडि बढाउने क्रममा विभिन्न प्रकारका सामाजिक संस्था र व्यक्तिहरूको

चयन भएको पाइन्छ। उपयुर्क्त सामाजिक अगुवाहरू बाहेक लामाको सहयोगीको रूपमा रहेको उमजे, कर्मकाण्डमा लागि आवश्यक चाँजोपाँजो मिलाउने कोङग्येर, दुई परिवारबीच दुई समुदायबीच समन्वय गर्ने ल्वाइबा, परपाहुना ईष्टमित्र आदिलाई देखभाल गर्ने छ्याङ्वा आदि परम्परा समेत तामाङ जातिमा प्रचलित छन् ।

**तामाङ जातिको प्रमुख संस्कारहरू**

तामाङ जातिमा पनि अन्य जातिको भैं गर्भपूजा, न्वारान पास्नी ,छेवार, ब्रतबन्ध, गुन्युचोली, विवाह र अन्त्यष्टि गर्ने प्रचलन पाइन्छ। ती विभिन्न संस्कारहरूमध्ये केही प्रमुख संस्कारहरू देहाय अनुसार छन् :

**क. गर्भावस्था (ठुअी)**

तामाङ समुदायमा कुनै पनि महिलाले गर्भाधारण गर्नासाथ ती महिलाको स्वास्थ्य लाभको कामना गर्दै बौद्ध परम्परा अनुसार परित्राण शुत्र पाठ गरिन्छ। गर्भिणी आमा र पेटको बच्चा दुवैको सुरक्षाको लागि विभिन्न प्रकारको पूजाआजा गरिन्छ । यो अवस्थामा बच्चाका बाबा आमा दुवैले कुनै पनि प्रकारको हत्या हिंसा, अपराध आदि गर्नु हुँदैन । कुनै प्रकारको अनिष्ट कार्य गर्नु हुँदैन ।

**ख. जन्मावस्था**

तामाङ जातिको महिला सुत्केरी हुँदा विशेष प्रकारको हेरचाह गर्ने गरिन्छ। नवजात शिशु र आमा दुवैको रक्षाका लागि महायानी बौद्ध परम्पराअनुसार विशेष पूजाआजा गर्ने गरिन्छ। सुत्केरी महिलालाई न्यानो स्थानमा राखेर स्याहारसुसार गरिन्छ। सुत्केरीलाई कुखुरा काटेर जुवानो, मेथी राखेर भोल खुवाउने गरिन्छ भने बच्चाको बाबालाई टाउको खुवाउने प्रचलन पनि पाइन्छ।

**ग. न्वारान (थाप्साङ)**

तामाङ जातिमा आ-आफ्नो ठाउँअनुसार ३, ५, ७, ९, ११ दिनमा बौद्ध परम्परा अनुसार लामाद्वारा न्वारान गर्ने प्रचलन पाइन्छ । तामाङ समुदायमा बच्चा जन्मेको तीन दिन पछि बच्चा आफ्नो कुलमा प्रवेश गर्ने विश्वास गरिने भएकोले तीन दिनमा न्वारन गर्ने चलन छ । नवजात शिशुको न्वारान बच्चाको बबा, आमा वा बोम्बोद्वारा गर्ने गरिन्छ।

## घ. दिनी डोन्बा (घाम देखाउने)

तामाङ जातिमा बच्चा जन्मेको १६ औं दिनमा घाम देखाउने चलन छ जसलाई दिनो डोन्बा भनिन्छ । कतिपय ठाउँमा न्वारानकै दिन पनि घाम देखाउने गरिन्छ तर प्रायः १६ औं दिनमा नै दिनो डोन्वा गरिन्छ । यो दिन बच्चालाई तेलले राम्ररी मालिस गरेर पहिलो पटक विहानको घाममा देखाउने गरिन्छ । यसबाट बच्चालाई प्रशस्त मात्रामा भिटामिन 'डी' प्राप्त हुने हुँदा यो प्रचलन निकै उपयोगी देखिन्छ ।

## ङ. कान ख्वाबा (पास्नी)

बच्चालाई आमाको दूधले मात्र नपुग्ने भएपछि तामाङ जातिमा बच्चा ५ महिना पुरा भएपछि पहिलो पटक बच्चालाई अन्नको सेवन गर्ने विधिलाई कान ख्वाबा भनिन्छ । यसबेला लामाले आमा, बाबा, बाजे, बोजु जसको हातबाट जुर्छ उसैको हातबाट खाना खुवाउने गर्दछ । जसको हातबाट खाना खुवाउने हो उसैको हातबाट बच्चलाई नयाँ लुगा लगाउने गरिन्छ । पहिलो पटक भात खुवाउँदा बच्चालाई पहिलो पटक घाम देखाएको दिन प्रयोग गरेको मोहर पैसाले खुवाउने गरिन्छ । भए मैना चरीको चुच्चोले खुवाइन्छ । भात खुवाउँदा १२ मुठी चामलको भात पकाएर ३ वा ५ जना कन्या केटीहरूलाई टिका लगाएपछि बच्चालाई ७ पटक खुवाएर पालैपालो सबैले टिका लाउँदै खाना खुवाउने गरिन्छ । बच्चालाई पहिलो पटक खाना खुवाउँदा बोम्बोद्वारा आफ्ना कुलको वा देवी देवताको साङ्सेरगेम गर्नुपर्दछ । बच्चालाई पहिलो पटक खाना खुवाउने दिन आफ्नो नातागोता, मावली, छरछिमेकीलाई पनि बोलाएर डम्फु, टुङना बजाएर नाचगान समेत गर्ने गरिन्छ ।

## च. छेवर

तामाङ जातिमा छोरा भए छेवार र छोरोको भए स्यामापीन्बा (गुन्युचोली) दिने प्रचलन पाइन्छ । छेवार गर्दा प्रायः बिजोडी वर्ष जस्तै ३, ५, ७ वर्षमा गर्ने गरिन्छ । छेवारमा बालकको पहिलो पटक केस काट्ने गरिन्छ । छेवारमा मामाको उपस्थिति अनिवार्य छ । यदि आफ्नो साखे मामा नभएमा मामाको दाजुभाई पर्नेबाट भए पनि काम चलाउन सकिन्छ । छेवार पनि ताम्बा, बोम्बो वा लामाद्वारा साइत जुराएर मात्र गरिन्छ । छेवारमा केस काट्दा मामाले बालकलाई नुहाएर पूर्वतर्फ फर्काएर बसाइन्छ र केस काटिसकेपछि उक्त केसलाई पूर्वदिशा

तर्फ नै फालिन्छ । तामाङ समुदायमा छेवार गर्दा सबै ईष्टमित्रहरूलाई बोलाएर खानपिन, नाचगान गर्ने प्रचलन पाइन्छ ।

### छ. स्यामा पोन्बा (गुन्युचोली)

तामाङ समुदायमा पनि अन्य जाति मा झैं छोरी जन्मेको बिजोर वर्ष पारेर ७, ९, ११ आदि वर्षमा गुन्युचोली दिने गरिन्छ जसलाई स्यामा हाङ्रे वा स्यामा पीन्बा भन्ने गरिन्छ । लामा, ताम्बा, बोम्बोद्वारा साङ्सेरगेम गरी पहिलो पटक गुन्युचोली दिने गरिन्छ भने यस अवसरमा पनि छरछिमेकी, इष्टमिभत्र सबैलाई बोलाएर भोजभतेर खाने, नाचगान गर्ने प्रचलन पाइन्छ ।

### ज. ब्रेल्साङ (विवाह)

तामाङ समुदायमा मूलतः तीन प्रकारको विवाह हुने प्रचन छ । मागी विवाह, चोरी विवाह र भागी विवाह यो तीन प्रकारको विवाह नै तामाङ जातिमा हुने गरेको देखिन्छ । मागी विवाह गर्ने प्रचलन पुरानो हो । यसरी विवाह गर्दा चाहिँ परम्परागत विधिपूर्वक पोङ लगाएर गर्ने गरिन्छ । तामाङ समुदायमा फुपुचेला र मामाचेला अर्थात् एउटै चेलीमाइतीको छोराछोरी बीच पनि विहेवारी चल्दछ । तामाङ फुपुचेलीलाई आफ्नो हकको रूपमा लिइन्छ । हिजोआज भने फुपुचेला मामाचेलबीच विवाह गर्नु अनिवार्य मानिदैन ।

मागी विवाह गर्दा विधिपूर्वक आफ्नो परम्परागत ढङ्गले गर्ने गरिन्छ भने अभिभावकको अनुमति बिना आफूखुसी गरिने विवाहलाई चोरी विवाह भन्ने गरिन्छ । यो विवाह वर्तमान पुस्तामा सबैभन्दा बढी हुने गरेको देखिन्छ । यो विवाह वर्तमान पुस्तामा सबैभन्दा बढी हुने गरेको पाइन्छ । केटाकेटी आफूखुसी मिलेर गरिने यस प्रकारको विवाह परम्परा आजभोलिका युवापुस्ताको रोजाई बनेको देखिन्छ । यसरी प्रेम विवाह गरिसके पश्चात् पनि केटा पक्ष र केटी पक्षको अभिभावकहरूबीच कुरा भएर रीतभात भाग्ने प्रचलन पाइन्छ ।

यसका अतिरिक्त तामाङ समुदायमा भागी विवाह अथवा छोप्वा विवाहको पनि प्रचलन पाइन्छ । यस्तो विवाह महिलाको इच्छा विपरित गरिने हुँदा यस प्रकारको विवाह लोप हुने अवस्थामा पुगेको देखिन्छ । छोप्वा विवाह गर्दा कुनै केटाले आफूले मन पराएको केटी छ भने ती केटीलाई मेलापात, हाटबजार वा जहाँ भेटिन्छ त्यहीबाटै जबरजस्ती् केटाले उठाएर तान्ने

गरिन्छ । यसरी नै तामाङ समुदयामा विधवा विवाह गर्नुलाई पनि बर्जित गरिएको पाइँदैन । आजकल अन्तर्जातीय विवाह पनि तामाङ समुदायमा हुने गरेको  पाइन्छ ।

### झ. दाहसंस्कार

तामाङ जातिमा मानिसको अन्त्यष्टि कर्मलाई अत्यन्तै महŒव दिने गर्दछन् । यी जातिमा मृत्यलाई हेय वा जुठोको रूपमा लिने गरिदैन । कुनैपनि व्यक्तिको मृत्यु भएका तुरुन्तै घर बाहिर निकालिदैन । मृत्यु भएको ठहर हुनासाथ सबैभन्दा पहिले लामाद्वारा फ्वा गरिन्छ । फ्वा भनेको मानिसको वायुशक्ति अर्थात् आत्मा र शरीरलाई अलग गर्नु हो । यसरी लामाद्वारा फ्वा सम्पन्न गरेपछि मात्र कुनै पनि व्यक्तिको मृत्यु भएको पुष्टि हुन्छ । त्यसपछि मृतकको शरीरलाई छोराछोरीहरूले छोराछोरी नभएका मृतकका नजिकका आफन्तहरूले सफा गर्ने, सिंगारपटार गर्ने कार्य गर्दछन् । यसरी सिंगारपटार गरेपछि लाशलाई पद्मासनमा राख्ने गरिन्छ । कतिपयले पद्मासनमा राखिएको लाशलाई ठुलो खुडकौला (तामाको भाँडामा) राख्ने गर्दछन् । यसरी भाँडामा राखेपछि पहेँलो सेतो कपडाले लाशलाई छोपेर टाउकोमा पञ्यबुद्धको थाङ्का लगाइदिन्छन् । अनि लाशको सामुन्ने १०८ बत्ती बालेर मृतकले जीवित अवस्थामा खाने सम्पूर्ण कुराहरू लाशको अगाडि राखिन्छ ।

तामाङहरूले लाशलाई तुरुन्तै अन्तिम संस्कारका लागि ला‘‘दैनन् । लामाले उचित साइत निकाले पश्चात् मात्र लाश घर बाहिर निकालिन्छ । यसरी उचित साइत जुराएर लाशलाई काठ वा बाँसको खट (खो/डोम) बनाएर ध्वजा पताकाले सजाएर शवलाई अन्त्यष्टि गर्ने ठाउँमा पुऱ्याउँछ । रङ्गीचङ्गी धर्जु बोक्ने र क्रमशः बिउविजन छर्दै, हिड्ने, ढ्याङग्रो, झयाम्टा शङ्ख आदि बाजागाजाहरू बजाउँदै शवयात्रा गरिन्छ । लाशको अघिअघि मूल लामा विभिन्न प्रकारको सामाग्री बाकेर हिड्दछन् । मलामी जाँदा पुरुष महिला जो पनि जान सक्छन् । तामाङ जातिमा लाशलाई अन्त्यष्टि गर्न खोलामा होइन डाँडामा लाने गरिन्छ । ठुला लामा, अविवाहित पुरुष वा महिला, बोम्बोलाई गाडिन्छ भने अन्यलाई प्रायः जलाउने गरिन्छ ।

### ञ) घेवा (अन्त्यष्टि क्रिया)

तामाङ जातिमा घेवा गर्ने प्रचलन छ । 'घेवा' को शाब्दिक अर्थ भनेको धर्म हो । मानिसको जीवन समाप्त भए पछि गरिने अन्तिम क्रिया नै घेवा हो । घेवा प्रत्येक ७/७

दिनमा गरेर जम्मा ४९ दिनमा सम्पन्न गरिन्छ । ७/७ दिनमा गरिने कार्यलाई भने 'डोवा' भनिन्छ । घेवा गर्दा अत्यन्तै धेरै खर्च हुने भएकोले घेवा आफ्नो आर्थिक अवस्था अनुसार ६ महिनापछि वा आफ्नो अनुकूल समयमा पनि गर्ने गरिन्छ । घेवा विभिन्न तरिकाले गर्ने गरिन्छ । कुनै कुनै घेवा लामो हुन्छ भने कुनै कुनै छोटो तरिकाले पनि गरिन्छ । लामो समय लगाएर सम्पन्न गरे पनि वा छोटो समय लगाएर सम्पन्न गरे पनि घेवाको सार एउटै हो । घेवा समयको आधारमा चार प्रकारको देखिन्छ । घेवा, धुइपा, ङिङपा र सो घेवा ।

घेवा गर्दा विभिन्न धार्मिक, सांस्कृतिक अगुवाहरूको आवश्यकता पर्दछ । ती अलग अलग व्यक्तिहरूको आ-आफ्नै प्रकारको अलग अलग जिम्मेवारी हुन्छ । ती विभिन्न व्यक्तिहरूको समूहलाई "छोक्पा" भनिन्छ । छोक्पाभित्र लामा, उमजे, गान्बा, ताम्बा, कोङ्ग्येर, ल्याइबा, कटौके, छ्याङ्बा, छ्युमा, बोम्बो चोहो, आदिको उपस्थिति रहन्छ । घेवाको दिन छरछिमेकी, इष्टमित्र, दाजुभाई सबै भेला भएको हुन्छ । गुम्बा भए गुम्बामा नभए बारी वा चौरतिर भकारीको टहरो बनाएर वरिपरि थाङकाहरू, ध्वजापतकाहरू टाँगेर सजाइन्छ । घेवामा पोकको भातलाई मुछेर विभिन्न आकराको तोर्मा बनाइन्छ । यसरी तामाङको जातिको घेवा कार्य गर्दा विधिपूर्वक गर्ने गरिन्छ । घेवा गर्दा जाँरक्सी, माछामासु खुवाउने चलन पनि पाइन्छ । घेवा गर्दा मृतकलाई विदा गर्ने, मृतकको नाम कागजमा लेखेर जलाउने, मृतकको नाममा दानदक्षिणा प्रदान गर्ने आदि कार्य समेत गरिन्छ ।

## तामाङ जातिको प्रमुख चाडपर्वहरू

तामाङ जातिमा मिश्रित सांस्कृतिक परम्परा पाइन्छ । यी जातिको परम्परागत धर्म, अनुष्ठान, ताम्बा परम्पराको पनि प्रचलन पाइन्छ भने पछि बौद्ध धर्म अनुसारको सांस्कृतिक परम्पराहरू पनि पाइन्छ । त्यसैले तामाङ जतिको प्रमुख चाडपर्वहरू पनि यही अनुसार मिश्रित प्रकारको पाइन्छ । पछि राज्यको नीति तथा हिन्दुधर्मको प्रभावको कारण तामाङ संस्कृतिमा हिन्दुधर्मको प्रभाव पनि देखिन्छ । तामाङ जातिको प्रमुख चाडपर्वहरू देहाय अनुसार छन् :

### क. ल्होछार (नयाँ वर्ष)

ल्होछार तामाङ जातिको महŒवपूर्ण पर्व हो । 'ल्हो' भनेको वर्ष/साल र 'छार' भनेको नयाँ हो । यसरी हरेक नयाँ वर्षको दिन तामाङ जातिले ल्होछार पर्व धुमधामसँगले मनाउने

गर्दछन् । लगभग ४६५० साल पुरानो चिनिया चन्द्र पात्रोअनुसार हरेक वर्षका माघशुक्लापक्षको प्रतिपदाको दिन मनाइने यो पर्व तामाङ जातिले धुमधामसँग मनाउने गर्दछन् । ल्होहरूमा ( सालहरूमा) १२ वर्ष लागि १२ वटै जीवजन्तुको शासन अवधि तोएिको हुन्छ । यसरी १२ वर्षको एक चक्र पूरा भएपछि फेरि पुनः सुरुको जीवबाटै ल्हो (वर्ष) सुरु हुन्छ । जुन ल्होमा ( वर्षमा) जुन जनावरको वर्ष पर्दछ त्यो वर्षमा जन्मने बालबालिकाको स्वभावमा त्यो जीवको प्रभाव पर्दछ भन्ने मान्यता तामाङ समुदायमा पाइन्छ । त्यसैले तामाङ समुदायमा विवाह गर्दा एक अर्काको ल्हो चक्र हेर्ने गरिन्छ । यदि एउटै ल्होहमा जन्मेको भए विवाह गरिँदैन ।

ल्होछार विधिपूर्वक विभिन्न सामग्रीहरू राखेर मनाउने गरिन्छ । घरहरू सफा गर्ने पूजा कोठा सफा गर्ने, माछा, मासु चामल, पिठो, सेल, बाबर, खाप्से आदि सामग्रीहरू पहिले नै जोहो गरिराखेको हुन्छ । पिठोको १२ वटा जन्तुको आकृति बनाएर र तिनीहरूलाई पुजा गर्ने गरिन्छ । यसरी ल्होछार पनि लामाहरूबाट विधिपूर्व मनाउने गरिन्छ । तामाङ जातिमा १२ ल्हो र पाँच खाम मनाउने गर्दछन् । यी चक्रहरू घुम्दै जाँदा ६० वर्षको एउटा ल्हो र खामको चक्र बन्दछ । पर्शुराम तामाङ (२०५१ : २६०) अनुसार तामाङ जातिमा ल्हो र खाम निम्नानुसार छन् :

**ख. बुद्ध जयन्ती**

तामाङ जाति, बुद्धधर्मावलम्वी भएको हुनाले बुद्ध जयन्ती धुमधामसँग मनाउने गर्दछन् । बैसाख पूर्णिमा बुद्धको जन्म, ज्ञानप्राप्त र महापरिनिर्माण (मृत्यु) भएको दिन भएकोले बुद्ध धर्मावलम्बीहरूले यो दिन विशेष तरिकाले मनाउने गर्दछन् । यो दिन लामाहरूले बुद्ध विहारहरूमा, गुम्बाहरूमा, माने र चैत्यहरूमा बत्ती बाल्ने र बुद्धपुजा गर्ने गर्दछन् ।

यसका अतिरिक्त तामाङ जातिले आ-आफ्ना ठाउँअनुसारका विभिन्न प्रकारका चाडपर्वहरू मनाउने गर्दछन् । काठमाडौं नजिकैको काभ्रेपलाञ्चोक हितिल क्षेत्रका तामाङहरूले तिमाल जात्रा मनाउने गर्दछन् भने कतिपय तामाङहरूले साउने संक्रान्ति, माघे संक्रान्ति आदि चाडपर्वहरू पनि मनाउने गर्दछन् । यसरी नै हिन्दु धर्मको प्रभावको कारण तामाङ जातिले हिन्दु चाडपर्वहरू दशैं, तिहार, चैतेदशैं आदि पनि आफ्नै पाराले मनाउने गरेको पाइन्छ । समग्रमा भन्दा तामाङ जातिले बुद्धधर्ममा आधारित लामा परम्परा, हिन्दुधर्ममा

आधारित तथा आफ्नै प्राचीन परम्परामा अधारित कुलपूजा, भूमिपूजा आदि मान्ने गरेर तिनै तरिकाले मिश्रित चाडपर्वहरू मान्ने गरेको देखिन्छ ।

**तामाङ जातिको खानपान तथा वेशभूषा**

तामाङ जातिको खानपान आम नेपाली जनजातिहरूको भन्दा फरक देखिँदैन । बुद्धधर्म मान्ने भए पनि तामाङ जातिले मद्यपान गर्ने, माछामासु खाने गरेको देखिन्छ । तामाङ जातिको मुख्य पेसा खेतीपाती भएको हुँदा यिनीहरूको खानपानमा आ-आफ्नो क्षेत्रअनुसारका अन्नपातहरू उब्जाएर खाने गर्दछन् । अधिकांश तामाङहरू उच्च पहाडी क्षेत्रमा बसोवास गर्ने भएकोले तामाङहरूले मकै, कोदो, फापर, गहुँ, जौँ, वा, धान, आलु, पिडालु, सखरखण्ड, तरुल आदि खाने गर्दछन् भने माछामासु र जाँड रक्सी पनि तामाङले खाने गर्दछन् । तामाङ जातिको मौलिक खानाहरूमा ढुची (दूध, दही, नौनी, मह राखेर बनाएको), छेमार (सातु मिसाएर बनाएको), खाप्से (चिनी र घिउमा पिठो मुछेर बनाएको), बाबर (चामको पीठोलाई घिउमा पकाएको) आदि खाने कुरा पर्दछ ।

तामाङ जातिमा आ-आफ्नो पेशा वा कर्मअनुसारको भेषभुषा हुने गर्दछ । लामा, बोम्बो आदि धार्मिक गुरुहरूको पहिरन बेग्लै हुन्छ भने सर्वसाधारणको पहिरन बेग्लै हुन्छ । लामा दुई प्रकारको हुन्छ । एउटा प्रकारको लामा घरगृहस्थी गरेर नै लामा बनको हुन्छ भने अर्कातरि लामा पूर्ण ब्रह्माचार्य हुन्छ । लामा पनि फरक फरक सम्प्रदायको फरक फरक हुने हुनाले उनीहरूको पहिरन पनि सोही अनुसारको हुन्छ । प्रायः लामाहरूले अर्ची, कार, गा, साइन्ताप, छ्युवा, सेन, ताङ्का, छ्योगे आदि पहिरन लगाउने गर्दछन् । बोम्बोको भने पहिरनमा यही नै भन्ने हुँदैन सामान्यत तामाङ पुरुषले लाउने पहिरन नै लगाउने गर्दछन् ।

तामाङ जातिमा अन्य सर्वसाधारणले भने पुरुषहरूले सुकोयी (लुकुनी) छोटो बाहुला र किनारमा बुट्टा भएको लामो घुँडासम्म आउने कपडा लाउने गर्दछन् । तल खुट्टामा भने बुट लाउने गर्दछन् । महिलाहरूले भने आ-आफ्नो क्षेत्रअनुसार छुवा, (बक्खु) ग्या र स्या तथा दोर्मो (फरिया) लगाउने गर्दछन् । पाङ्दे लाउँदा भने तामाङ महिलाहरू पछाडि पट्टी पाङ्दे लगाउने गर्दछन् । तामाङ महिलाहरू गरगहनाको रूपमा कानमा चेप्टे सुन, ढुङ्ग्री, फुली र मुन्द्री लगाउँदछन् । गलामा सिक्काको माला, प्वालो सुनको कण्ठ आदि लगाउने गर्दछन् ।

**तामाङ जातिको गीतसङ्गीत**

तामाङ जाति मनोरञ्जनप्रेमी जातिको रूपमा पनि चिनिन्छ । यी जातिमा विभिन्न चाडपर्वहरूमा नाचगान गर्ने परम्परा पाइन्छ । तामाङ जातिमा विभिन्न प्रकारको नाचहरूको प्रचलन पाइन्छ । जस्तै : बोम्बो नाच, लामा नाच, बाक्छाम नाच, जुङ्बा नाच, डम्फु नाच, चोम्लु नाच, सेलो नाच आदि । यसरी तामाङ बाजागाजाहरूमा सबैभन्दा महŒवपूर्ण बाजा डम्फु हो । यसको अतिरिक्त लामा बाजा, बोम्बो बाजा आदि हुन् । लामा बाजा अन्तर्गत ढ्याङ्ग्रो, झ्याम्टा, ग्यालिङ, डमरु, डिल्बु (घण्टी) साङ्बुङ आदि बाजाहरू पर्दछन् ।

तामाङ जातिमा आफ्नै प्रकारको मौलिक गीतहरू प्रचलित छन् । ती विभिन्न गीतहरूमध्ये डम्फू गीत निकै प्रसिद्ध गोत हो । यो गीत हरेक शुभकार्यमा डम्फु बजाएर अनिवार्य रूपमा गाउने गरिन्छ । डम्फु गीतलाई सेलो पनि भनिन्छ । सेलो तामाङ जातिको पहिचान बोकेको गीत हो । यसका अतिरिक्त तामाङ जातिमा अन्य गोठाला, खेताला, मेलापात गर्दा आउने गीतहरू पनि पाइन्छ भने बुद्धबचनसम्बन्धीका धार्मिक गीतहरू समेत प्रचलित छन् ।

अरुण गाउँपालिकामा बसोबास गर्ने तामाङ जातिमा मोक्तान, वैद्य, पाखिन, बल, योञ्जन, स्याङ्बो, ग्याबा, बमजन, थिङ, वाइवा, डुम्जन, ब्लो आदि रहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर तामाङ जातिको कुल जनसङ्ख्या १६३९८६६ रहेको छ भने कुल जनसङ्ख्याको ५.६२ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.७ भुजेल जातिको सङ्क्षिप्त परिचय

बाग्लुङ जिल्ला निशीभुजी ठाउँलाई ऐतिहासिक थातथलो मान्ने भुजेल जाति पहिले मगर जातिका पुरोहित वर्गमा पर्दथे र पछिको समयमा यो जाति घर्तीका नामले प्रख्यात हुँदै जान थाले । नेपालका अल्पसङ्ख्यक जातिमा रहेको छ । यस जातिको शारिरिक बनोट र संस्कृति मगर जातिसँग मिल्दोजुल्दो हुन्छ । यस जातिको प्रमुख पेसा कृषि, पशुपालन र कुटीर उद्योगमा लाग्नु नै हो ।
यस जातिले चण्डीदेवीलाई आफ्नो इष्टदेवी मान्ने र घाँटु नाचमा महिलालाई चण्डीकै अवतारको रूपमा नचाउने गरिन्छ ।

यस जातिको थरमा निशेल/भुजेल, प्रनाल, धुलेल, लिमेल, मुर्मी, पावई, सहकारी / शिकार, ऐरी, खवास, घर्ती, पारेघर्ती आदि रहेको पाइन्छ । यो जाति बेत, बाँस, निगालो, लोकता, मौवा, पाट, सनपाट, अल्लो, केतुकेका रेसाबाट विभिन्न प्रयोजनीय वस्तु निर्माण गर्न दक्ष हुन्छ । गुरुङ र मगर गाउँमा बस्ने यो जातिले त्यहीअनुसार र ब्राह्मण, क्षत्री गाउँमा बस्नेले पूर्णत हिन्दु परम्परालाई अनुशरण गरेको पाइन्छ । दसैं, तिहार, तीज, फागु, चण्डीपूजा, पितृपूजा, कुलपूजा यस जातिले खुसीयालपूर्वक मनाउँछन् । भुजेल नारीले बच्चा पैदा गरेपछि बालकको साल (साथी) दूधालू घाँसको रूखमा लगेर गाडिन्छ जसबाट सुत्केरीको दूध प्रशस्त आउने विश्वास गरिन्छ । तोरीको तेल ६ महिनाको बाच्छाको गोबरले टटाएर केही खाने र केही घस्ने गरिन्छ । मामाकी छोरी विवाह गर्ने यस जातिमा मागी विवाह बढी प्रचलित भए पनि चोरी, जारी, प्रेमविवाह यस जातिमा प्रचलित छ । यस जातिको मृत्यु संस्कार हिन्दुविधि पद्दतिअनुरूप सम्पन्न गरिन्छ ।

मूलतः प्रकृतिपुजक यस जातिले सहकाल लागोस् भनेर कार्तिक महिनामा भीमसेनको पूजा गर्ने गर्दछन् । वैशाखमा चण्डी, बर्षेनी कुलपूजा गर्ने यस जातिले सबैजसो हिन्दु देवीदेवतालाई पुज्ने गरेको पाइन्छ । राँगो, सुँगुर खाने यो जाति प्राचीन लिच्छवि जाति रहेको अनुमान गरिएको छ । यस जातिको भाषा चेपाङ भाषासँग मिल्दोजुल्दो हुने भाषाशास्त्रीहरूको अध्ययनले देखाएको छ ।

भुजेल जाति नेपालको लगभग सबै जिल्लामा बसोवास गर्दछन् । आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८ अनुसार ५९ आदिवासी जनजातिहरूमध्ये भुजेल पनि सूचीकृत जाति हो । राष्ट्रिय जनगणना २०७८ अनुसार १२५ भाषाभाषीमध्ये भुजेल भाषा लोपोन्मुख भाषा भित्र पर्दछ । वि.सं. १३७२ सम्म ढोरपाटनको अर्नाकोट र देउरालीमा भुजेल राजाहरूले २२ पुस्तासम्म राज्य सञ्चालन गरेको दावी भुजेल जातिको छ । उक्त राज्यलाई भुजी राज्यको रूपमा नेपालको इतिहासमा उल्लेख गरिएको पाइन्छ । यसरी भुजेलका पुर्खाहरू ढोरपाटनको भुजीकोट र भुजीखोलाबाट र रुकुमको घर्ताकोट तथा धर्ताखोलाबाट फैलिएका हुनाले यी जातिलाई भुजेल र धर्ती भनिएको हो भन्ने विश्वास गरिन्छ । भुजेल जातिको पहिचान झल्कने विभिन्न ठाउँहरू पाइन्छ जस्तै : धर्ताकोट, घर्ताखोला, भुजीखोला, भुजी उपत्यका, घर्तीछाप, घर्तीगाउँ, घर्तीका चौर, खवास टोल, घर्तीटोल, भुजेलटौरी, भुजेलधारा, घर्तीफाँट, भुजेलयान, भुजेलपानी, भुजेलमारा, भुजेलखर्क, घर्तीडाँडा, रोकायगाउँ, रोकचौर, धर्तीखोर, भुर्जाली आदि ठाउँको नामले पनि भुजेल जातिको ऐतिहासिकतालाई झल्काउने देखिन्छ ।

भुजेल जाति राज्यको मूलधारबाट बाहिरिन पुगेको कारण अधिकांश भुजेलको आर्थिक स्थिति कमजोड देखिन्छ । उनीहरू नेपालका विभिन्न भू-भागमा छरिएर रहेको कारण यी जातिको सांस्कृतिक परम्परा लोप भएको देखिन्छ । पहिले पहिले विवाहमा डोली बोक्ने, साहुको भारी बोक्ने तथा खेतीपाती गर्ने यी जाति वर्तमान समयमा भने अन्य जनजातिहरू सरह राज्यको मूलधारमा समाहित हुने प्रयासमा रहेको देखिन्छ । नेपालको विभिन्न भूभागमा छरिएर बसोवास गर्ने भुजेल जातिको जुन जुन भू-भागमा जुन जुन जातिको धुलमेलमा बनेकपो छ त्यही जातिको संस्कृतिलाई अवलम्वन गरेको देखिन्छ । हिन्दुहरूसँग बसोवास गरेका भुजेहरूल सोही अनुसारको ग्रैह्रहिन्दु धर्म संस्कृतिलाई अवलम्वन गरेको देखिन्छ ।

भुजेल जातिमा मुख्य रूपमा भुजेल, खवास, धर्ती, थापाघर्ती, रानाभुजेल, रोका, जिटी, शिवशक्ति आदि थर भेटिन्छ । भुजेल जातिमा मुख्य चार थरहरू धर्ती, भुजेल, निसेल र खवास छन् भने तिनीहरूका अनेक उपथरहरू रहेका छन् । ती उपथरहरूमा घर्तीका - ६१, भुजेलका ४०, निसेलका ३८ र खवासका ४ वटा रहेका छन् । भुजेल जातिको मातृभाषा लगभग लोप भइसकेको देखिन्छ । नेपालको सबै क्षेत्रमा छरिएर बसोवास गर्ने र आफ्नो खास कुनै निश्चित

भू-भाग नभएको हुँदा भुजेल जातिको भाषा लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । भुजेल भाषामा पहिलोपल्ट विधावारिधि गरेका डा. दानराज रेग्मीको ग्रन्थ प्रकाशन पछि भने भुजेल भाषामा केही भाषिक चेतनाको विकास भएको देखिन्छ । भुजेल भाषालाई घर्तीभाषा, पुखग्यालङ्कूर भनिन्छ भने कतै कतै भुजेल कुरा पनि भनिन्छ । भुजेल भाषामा पुख को अर्थ टाउको र ग्यालको अर्थ राजा भन्ने हुन्छ ।

भुजेल जातिको आफ्ना छुट्टै भाषा, धर्म, संस्कृति र परम्परा हुँदाहुदै पनि देशको विभिन्न भू-भागमा छरिएर रहेको हुँदा उनीहरूको भाषा, धर्म, संस्कृति लोपोन्मुख अवस्थामा पुगेको देखिन्छ । भुजेल जातिको भाषाको बारेमा त स्वयं उनीहरू नै बेखवर थिए । भुजेल आफैले हाम्रो पनि भाषा छ र ? भन्ने गरेको समेत सुनिन्थ्यो । हिजोआज भने भुजेल जातिसम्बन्धी विभिन्न संघसंस्थाको स्थापना र भुजेल जातिको भाषा, संस्कृतिको अध्ययन, अनुसन्धान तथा प्रकाशन हुन थालेको देखिन्छ । भुजेल भाषाको खोजी तथा भाषिक प्रशिक्षण जस्ता कार्यहरू समेत भएको देखिन्छ । यसरी भुजेल जातिको अध्ययन, अनुसन्धान तथा खोजी कार्य गर्ने उद्देश्यले स्थापित विभिन्न संस्थाहरूमध्ये केही संस्थाहरू देहाय अनुसार छन्

| | |
|---|---|
| भुजेल सेवा समाज | स्थापना : २०५२ |
| भुजेल जाति अध्ययन मञ्च | स्थापना : २०६२ |
| भुजेल महिला समाज | स्थापना : २०६४ |
| भुजेल विद्यार्थी मञ्च | स्थापना : २०६५ |
| भुजेल सशक्तीकरण अभियान, नेपाल | स्थापना : २०६७ |
| भुजेल संस्कार, संस्कृति अध्ययन मञ्च | स्थापना : २०६८ |
| भुजेल राष्ट्रिय मोर्चा | स्थापना : २०६८ |
| भुजेल युवा संघ | स्थापना : २०७० |
| घर्ती/भुजेल कर्मचारी मञ्च | स्थापना : २०७२ |
| लोकतान्त्रिक भुजेल समाज | स्थापना : २०७३ |
| प्रवासी भुजेल समाज (युएई) कतार द. कोरिया | स्थापना : २०७३ |
| भुजेल चलचित्र संघ | स्थापना : २०७४ |

***अरुण गाउँपालिकामा भुजेल जातिको अवस्था***

*भूजेलको छोटो इतिहास र भाषा संस्कृतिको एक झलक, २०७९ अनुसार करिब ५०० वर्ष अगाडिको कुरा हो । आजको भुजी खोला, तमान खोला र निशी खोला रहेको स्थानबाट सेतै फुलेका, काँधसम्म सेतै कपाल लहरिएको, सेतै जुंगा, लामा-लामा दारी, बुच्चो नाक, डोलो अनुहार, फराकिलो निधार छोटा छोटा कान, रातो वर्णका अन्दाजी ७०/७५ वर्षका भुजेल जोगी अहिलेको माङ्सुवामा अचानक देखा परे । ती भुजेल जोगी अहिलेको माङ्सुवामा आउंदा त्यहा चिलाउने र कटुसको घना जंगल थियो । मानिसहरूको वस्ती थिएन अर्थात मानिसहरूको बसोवास थिएन । हाल मासुवाको वरिपरीको प्राकृतिक दृश्यावलोकन गर्न सकिने वाह पोखरी डाँडाँ र त्यस देखि अलिक तल सापा खोलाको आसपासमा भुजेलहरूका त्यस्तै २/४ वटा घरहरू थिए । यी भुजेलहरू बाग्लुङ जिल्लाको भुजि खोलाबाट उर्वर भुमि तथा आफुलाई जिविकोपार्जन गर्नका लागि सहज स्थानको खोजि गर्दै नेपालको पूर्व पहाडी जिल्ला तर्फ खोटाङ, भोजपुर, धनकुटा लगाएतका जिल्लाहरूमा बसोवास गर्दै आएको मध्ये एक समुह थियो । यस बाहेक यहाँ मानिसहरूको वस्ती थिएन भनी यहाका जानकारहरू बताउंछन् ।*

*माङ्सुवाका बुढापाकाहरूले अहिलेको रक्सी खोलाको बारेमा यसो भनेको सुनिन्छ :- अहिलेको रक्सी खोला माङ्सुवाको बीचबाट बाह्रैमास बगी रहन्थ्यो । त्यसबेला त्यो स-सानो खोल्सी जस्तो थियो । त्यही खोल्सीको आस-पास भुजेलका तीनवटा जति घरहरू थिए । ती तीनवटा घरहरू मध्ये एउटा घरमा अभिमान भुजेलको वृद्ध दम्पति मात्र बस्दथ्यो । ती वृद्ध दम्पतीहरू अहिलेको रक्सी खोलाको किनारमा आफूलाई पिउनको लागि समय समयमा रक्सी पार्ने गर्दथे । जंगलमा दाउराको कुनै कमी थिएन । रक्सी बनाउन चाहिने सामग्रीहरूमा केही जंगल र केही खोलाको आसपासबाट संकलन गर्दथे भने केही घर ममाङ्सुवामा देखा परेका जोगी यहाको स्वच्छ, सफा, सुन्दर शान्त र हरियाली वातावरण र ठाउ देखेर प्रभावित भए र यतै वस्ने निधो गरे । बस्ती बाक्लो थिएन पातलो नै थियो त्यसैले ती जोगी अहिलेको रक्सी खोलाको आसपास रहेका भुजेलहरूको घरमध्ये हरिवल भुजेलको घरमा बस्न पुगे भनी माङ्सुवाका आदरणीय टंकवहादुर भुजेल भन्नु हुन्छ । वस्ने स्थान को टुंगो लागे पछि ती भुजेल जोगी माङ्सुवाका आसपासमा रहेका चम्पे, प्याउली चरम्बी, याकु, जरायोटार, सिक्रेटार लगायतका पातलो बस्ती भएका गाउहरूमा भिक्षा माग्दथे । भिक्षाबाट प्राप्त थोरै चामल र*

अन्य सामग्रीहरू खाएर बाँकि रहेको सुरक्षित राख्दथे । ती जोगीले आफ्नो धार्मिक अनुष्ठान सम्पन्न गर्न वर्षौं वर्षसम्म भिक्षाटन गरिरहे । उनी भिक्षाटनको लागि टाडा टाडासम्म पुग्दथे । यसरी वर्षौंसम्म मागेर जम्मा भएको चामल र अन्य सामग्रीहरूबाट अहिलेको माड्सुवाका मध्य भागमा भुजेलहरूको सहयोग लिएर अग्नि प्रज्वलनको आयोजना गरे । स्थानीय भुजेलहरूको सहयोग लिएर ती जोगीले सम्पूर्ण मानव जातीको हित हुने पवित्र आकांक्षा राखी सो अग्नि प्रज्वलित गर्न लागेका थिए । प्रज्वलित गरिएको अग्निमा चरु स्वाहा गर्दै गए । त्यो कार्य दिनभरी नै चलेको थियो । ती भुजेल जोगीले मानव जातीको हित हुने उद्देश्यले मागेको चामलबाट चरु बनाइ स्वाहा गरेको हुनाले यही मागेर स्वाहा जस्ता दुईवटा शब्दबाट कालान्तरमा त्यो अग्नि प्रज्वलित गरेको ठाउंलाई माड्सुवा भनियो । त्यही माड्सुवा नै अहिलेको अरुण गाउँपालिका वडा नं. ५ को माड्सुवा अर्थात् यहाँका भुजेलहरूको ऐतिहासिक थलो हो ।

चौउरबारीका वृद्ध आदरणीय श्री टंक बहादुर भुजेलका अनुसार ती भुजेल जोगी अग्नि प्रज्वलित गरेको केही समय पछि उनको देहावसन भयो । उनको मृत्यूपछि उनको नाम स्मरण नगरिए पनि उनले गरेको त्यो कार्यको स्मरण भने आज सम्म माड्सुवा बासीहरूले गरिनै रहेका छन् । आउने पुस्ताहरूले समेत ती भुजेल जोगीको त्यो पवित्र कार्य माड्सुवा भनेर संभी नै रहने छन् । धन्य हुन ती भुजेल जोगी । हाल अरुण गाउंपालिका को ७ वटा वडाहरू मध्ये वडा नं. ३, वडा नं. ४, वडा नं. ५ र वडा नं. ६ मा भुजेलहरूको बसोबास छ । अरुण गाउंपालिकाको वडाहरूमा सबैभन्दा बढी भुजेलहरूको संख्या भएको वडा नं. ५ हो । हाल माड्सुवाका भुजेलहरूको बसोवास बाक्लिदै गएको हुँदा अन्य बन्धुहरू विभिन्न स्थानबाट आफ्नो थलो छाडि बन्धु पछ्याउदै माड्सुवा, याकु, जरयोटार, विजेवास, खोकुम्बु लगाएतका स्थानमा बसोवास गर्दै आएका छन् ।

हाल यहाँका भुजेल बन्धुहरूको मुख्य पेशा कृषि तथा पशुपालन हो । बदलिदो समय अनुसार हाम्रा बन्धुहरू देशको सेना-प्रहरी, निजामति, पत्रकार तथा सरकारी सेवा आयोगमा काम गर्दै आएका छन भने कतिपय युवाहरू वैदेशिक रोजगारीमा समेत गएको पाईन्छ । हाम्रो आफ्नो छुट्टै मौलिक संस्कार संस्कृति रहेको तर हाल लोप हुँदै गएको हुँदा हामी भुजेल बन्धुहरूले वडा नं. ५ को माड्सुवा र वडा नं. ४ को चरम्बी पीपल डांडाको पश्चिम उत्तर

*तर्फ ऐतिहासिक फ्हुगाल थान स्थापना गरिएको छ । यहाँका भुजेलहरू थानमा भुजेल परम्परागत विधी अनुसार पितृहरू र प्रकृतिको पूजा गरेर त्युहआलो (वैसाख पूर्णिमा) र युहआलो (मंसिर पूर्णिमा) भव्यता र हर्षोल्लासका साथ मनाउंछन् ।*

## ***भुजेल जातिको परम्परागत संस्कार संस्कृति***

***जन्म :***

*नानी जन्माउने काममा सुडेनीको सहायता लिइन्छ। भरसक स्वजातीय सुडेनी लगाउने चलन छ । बच्चा जन्मना साथ पितृलाइ धुप दिइन्छ, (नाल काट्नु अगावै) । नाल काटी सकेपछि सुतक लाग्छ । बच्चाको नाल नाभीदेखि तीन औला छाडी सुडेनीले काट्छे । तब मनतातो पानीले सुत्केरी र नवजात शिशुलाइ नुहाइ दिइन्छ । तोरीको तेलमा थोरै गोबर हालेर उमालिन्छ। सेलाए पछि गोबर छानेर थोरै थोरै तीन पटक नवजात शिशुलाइ खान दिइन्छ। यसको तीन घण्टा पछि कुखुराको रत्ति चटाउने वा खुवाउने चलन छ। पोषिलो खाने कुराहरू प्रशस्त खान दिइन्छ। न्यानो ठाउमा सुत्केरीलाई राखिन्छ। तीन दिन सम्म सुतक बार्ने चलन छ ।*

***न्वरान (नामकरण)***

*जन्म भएको तीन दिन पछि बच्चाको न्वरान (नामकरण) गरिन्छ । दुवैलाई (आमा बच्चा) नुहाइन्छ। घर लिपपोत गरी चोखो बनाइन्छ। बच्चा र सुत्केरीलाइ बाहिर ल्याइ घरको मूली वा भाना, ज्वाईले तितेपाती र दुवोले पानी छर्केर सुत्केरी चोख्याउने चलन छ। घरकी बज्यैले सिस्नुको धागो वा कांचो धागोको डोरा दुवै हात, गोडा र कम्मरमा कन्दनी लगाई दिने चलन छ। धागो हर्दीले रंगाइएको हुन्छ। घरमूली, भान्ना, ज्वाइले वा फोहोले नाम राखी दिन सक्छन् । नाम बच्चाको कानमा विस्तारै सुनाइन्छ। कृतज्ञता स्वरूप सुडेनीलाइ जातीय पोशाक प्रदान गरीन्छ। छर छिमेकलाई, निम्तालुहरूलाइ जांड, रक्सी मासुभात खुवाइन्छ ।*

***भात खुवाई :***

*बच्चाको पांच (छोरी), छ (छोरा) महिनामा भात खुवाइ गरिन्छ। भात खुवाईमा सर्वप्रथम पितृ वा कुललाई धुपध्वार गरीन्छ। रोटी मासु, भात चढाइन्छ। घरमूलीले बच्चालाइ भद्रायो चराको चुच्चाले दुध, भात र मासु खुवाइ आर्शिवाद दिने चलन छ । त्यसपछि आमाको हातवाट छोरा*

*वा छोरीलाई हातमा वाला लगाइ दिने चलन छ। सुडेनीलाई बोलाएर मीठामीठा खाने कुराहरू खुवाइन्छ । सो दिन आफन्त र छिमेकीहरूलाइ जांड, रक्सी, मासुभात खुवाउने चलन छ । नाक कान छेड्ने भुजेल, घर्ती, खवास र यससंग सम्बन्धितहरूमा छोरीको नाक कान र छोराको कान छेड्ने चलन छ । यो कर्म छ महिना देखि किशोर नहुन्जेल सम्म छेडिन्छ । छोराको कान छेड्ने काम छेवर गर्नु भन्दा पहिले नै गर्नु पर्छ । पूजा आजा भोज भत्तेर गर्ने चलन छैन ।*

***छेवर***

*छोराको छेवर तीन, पांच वा सात वर्षमा गर्ने चलन छ । छेवरमा विशेष भूमिका मामाको रहन्छ । कपाल खौरीदिने, खौरिएको कपाल रुखको टोड्का, सफा ठाउंमा राखी दिने र बालकलाई नयाँ टोपी लगाइ दिने काम मामाले गर्छन् । छेवरमा पूजाआजा, भोजभत्तेर गर्ने चलन हुन्न । तर आजकल यी दुवै गर्छन्*

***परम्परागत पहिरन दिने (गुन्यूचोली दिने )***

*छोरीको उमेर सात वर्ष पुगे पछि कुनै विजोर वर्षमा परम्परागत पहिरन दिने चलन छ । यो नयाँ पहिरन आमाले छोरीलाइदिने चलन छ। आमा नभए मावलीले दिने चलन छ। यसमा कुनै पूजा आजा भोजभत्तेर गर्ने चलन छैन। आजकल भने गरीन्छ ।*

***विवाह***

*भुजेलहरूले आफ्नै जातिभित्र वंश अन्तर पारेर विवाह गर्ने चलन छ । एउटै थर वा उपथर भित्र विवाह निषेध छ भने भुजेल जातिमा मागी र भागी (चोरी) विवाह गर्ने पद्धति प्रचलित छ । विधवा विवाहलाई समाजले मान्यता दिएको छ भने जारी विवाह पनि परिस्थिति अनुसार चलेको पाइन्छ ।*

***मागी विवाह***

*कलिया (केटी माग्न जाने समूह) को अगुवाइ ज्वांइ वा भाज्जाले गर्छन् । कलिया जोर संख्यामा हुनु पर्दछ । पुङसहितको सौगात केटी पक्षकाले अस्वीकार गरे केटी नदिने पक्का हुन्छ र कलिया त्यो पुङ र सौगात लिएर घर फर्कन्छन् । पुङ र सौगात स्वीकार गरे केटी दिने पक्का पक्की हुन्छ र कलिया र केटी पक्षकाहरू मिलेर पुङ र सौगात खान्छन् अनि त्यही दिन*

विवाहको मिति पनि तोक्न सकिन्छ । गएकै दिन विवाहको मिति तोकिए जोर पुङ खडा गर्नु पर्छ। तोकिएको दिन ज्वांइ वा भाञ्जाको अगुवाइमा दुलहा सहित जन्ती लिएर दुलहीको घर जान्छन् । बाटोमा प्राप्त हुन सकेमा बन्दुक पड्काउदै जान सकिन्छ । गच्छे अनुसारको बाजागाजा पनि बजाउँदै लग्न सकिन्छ । जन्ती जादा एक ठेकी दही, एक लांका उखु, एक कांइयो कोला, एक पेरंगो रोटी र १२ रूपैया साथै लानु पर्दछ । रातो ध्वजा बांधेको भाला बोकी ज्वांइ वा भाजा जन्तीको अघि अघि हुन्छन् । कम्तीमा १६ बोतल रक्सी, २४० वटा रोटी, दुलहीको लागि कपडा, गरगहना र चार सोली सौगात चारजना कन्ये केटीहरूलाइ बोकाएर लग्नु पर्दछ । जन्ती दुलहीको घरमा पुगेपछि सबैलाइ जम्मा गरी बत्ती र पानीको धाराले वरिपरी छेकेर जन्तीलाइ चोख्याइन्छ । चारजना कन्ये केटीले ल्याएको सौगात दुलहीको आमा र बुबालाइ प्रदान गरीन्छ दुलहा, ज्वाँई, र भानाले बोकेको दही, उखु, रोटी पौसा र भाला लिएर मूल ढोका निर उभिनु पर्छ।लगिएको सरसमान सही सलामत हुनु पर्दछ केही पनि विग्रीएको, कुच्चीएको हुनु हुदैन नत्र दण्ड तिर्नुपर्ने हुन्छ । कोठा भित्र नबोलाए सम्म दुलहा, ज्वाँई र भाञ्जा मूल ढोकामै उभिइ रहनु पर्दछ । केटी पक्ष द्वारा सरसमानको परिक्षण हुन्छ सही सलामत भए सामान बुझ्दछन्। अनि मात्र दुल्हा, ज्वाँई र भाञ्जालाई भित्र कोठामा बोलाइ लगिन्छ । भित्र बोलाए पछि ज्वाँई वा भाना दुलहा, दुलही र दुलहीको लोकन्तीलाइ एउटै गुन्द्रीमा बस्न लगाइ पहिले दुलहीका आमा र बुवा, त्यसपछि क्रमशः आफन्तहरूले टिका लगाइ आर्शिवाद दिन्छन् । बाहिर खानपिन र नाचगान चलीरहेको हुन्छ । दुलहा पक्षका ठिटाहरू र दुलही पक्षका ठिटीहरू बीच जुहारी खेल्ने चलन छ । टिका सकिएपछि सम्धी-सम्धी को ढोगभेट फुकाउने चलन छ । यति कार्य भै सकेपछि दुलहीलाइ बिदा गरिन्छ । दाजु वा भाइले दुलहीलाई अलिक परसम्म बोकेर लैजाने चलन समेत छ।

**घर भित्र्याउँदा :**

आवश्यक सामग्री : दुइवटा भाले, एक मुठा तितेपातीको दाउरा दुइवटा तितेपातीका लिङ्गो एउटा कलश, एउटा दियो र कांचो धागो चाहिन्छ । सर्वप्रथम तितेपातीको दाउराको आगो जलाइन्छ, दुलहीले पूर्व फर्किएर पूजा गर्छिन् । त्यही बेला ज्वाँई वा भाजाले एउटा भाले काटेर त्यो आगोमा भोग दिन्छन् । ढोकाको दायां तर्फ दियो र बाँया तर्फ कलश राखिन्छ । दुलहीले संघारलाई ढोगी तीन सरो धागो चुंडाएर दियो बोकी घर भित्र प्रवेश गर्छिन् । दुलहाले पनि

*संघारलाइ ढोगी कलश बोकेर घर भित्र प्रवेश गर्छन् । त्यति बेलै ज्वाँई वा भाञ्जाले अर्को भाले काटेर दुलहा र दुलही छिरेको मूल ढोकामा रगतले लामो रेखा कोर्छन् । आगनमा काटेको भाले बाहिरी भान्सा र संघारमा काटेको भाले भित्री भान्सामा चलाइन्छ । घरभित्र प्रवेश गरेपछि दुवैलाइ राडीमा राखिन्छ । तब दुलहाले दुलहीलाइ टिका लगाइ दिन्छन् । दुलहीले पनि दुलहालाइ टिका लगाइ दिन्छे । तब दुलहाका आमा र बुवा दुबैले र आफन्तजनहरूले क्रमशः दुलहा र दुलहीलाई टिका लगाई दिएर आर्शिवाद दिन्छन् । यसपछि दुवै जना पती पत्नीको रूपमा सामाजिक मान्यता प्राप्त गर्छन् । अघि संघारमा काटेको भालेको मासु र भात दुलहा र दुलहीलाइ खान दिइन्छ । निम्तालु र जन्तीलाइ गच्छे अनुशारको भोज खुवाइन्छ । तीन दिनमा दुल्हन फर्काउने चलन छ. दुलहा र दुलही, भान्ना र एउटी कन्ये केटीको साथमा १ २ बोतल रक्सी २० वटा रोटी ३) सदस्य संख्याको आधार मा चामल, ४ रुचे फिला (आगनमा काटिएको भालेको दाहिने फिला यसलाइ घुलो फर्काउने भनिन्छ । ५। माइतमा छोरी एक दिन मात्र बस्न पाउछे र भोलीपल्ट सौगत सहित छोरीलाइ बिदा गरिन्छ ।*

***भागी (चोरी विवाह)***

*अभिभावकको सहमति विना कुनै केटाले केटीलाइ आफ्नो घरमा ल्याउछ भने त्यसलाई भागी (चोरी) विवाह भनिन्छ । छिटो र कम खर्चालु भएकोले भुजेल, घर्ती, खवासहरूमा यो लोकप्रिय छ । दुलही तत्कालै भित्र्याइन्छ भित्र्याउने विधि मागी विवाहको जस्तै हुन्छ । स-सानो भोजको पनि आयोजना गरीन्छ । केटी भगाएको तेश्रो दिन ज्वाँई र भन्जा सँग एक जना साथी लगाएर दुलहीको आमा र बुवा को घरमा खबर पठाईन्छ । यसरी जाँदा जोर पुड र रुन्ने फिला लिएर जाने चलन छ । पुङ र फिला स्वीकार गरे विवाह रुचाएको बुझिन्छ र बाटो फुकाउने दिन तयार गरीन्छ । पुङ र फिला स्वीकार नगरे ज्वाँइ वा भाजा पुङ लिएर फिर्ता हुन्छन्। तव दुलहीको माइतीमा कहिलै सम्पर्क गरीन्न ।बाटो फुकाउने तोकिएको दिनमा ज्वांइ वा भाञ्जाको अगुवाईमा दुलहा र दुलही लिएर जान्छन्। यसरी जाँदा रक्सी, रोटी र मासुको सौगात लिएर जानु पर्छ। माइती पक्षले चाहेको खण्डमा मागी विवाहको जस्तै रीत पुऱ्याएर विवाह गरिन्छ । बाटो फुकाएको तीन दिनमा धुलो फर्काउने मागी विवाहको जस्तै हुन्छ ।*

***जारी विवाह***

*अर्काको श्रीमती भगाएर गरीने विवाहलाइ जारी विवाह भनिन्छ । यसमा पहिलेको लोग्नेल दोश्रो लोग्नेले विवाहमा लागेको खर्च दिनु पर्ने हुन्छ जसलाइ "जारीकल" भनिन्छ । यदि छोरी माइतबाट दोश्रोसंग भागेकी भए माइतीले पहिलो लोग्नेलाई क्षतिपूर्ति वापत के दिनु पर्ने हुन्छ जसलाइ "बासखत" भनिन्छ । त्यसमाथि छोरी अर्कोसंग गएको बाटो देखाइ दिनुपर्ने हुन्छ ।*

## ***मृत्यु संस्कार***

*सम्बन्धिताइ गाइने वा जलाउने चलन छ । आरती दिने चलन छैन । प्राण गएकै दिन दाह संस्कार गरिन्छ । अबेर भए भोलीपल्ट दाहसंस्कार गरिन्छ । बाँचिसकेपछि सेतो कपडाले ढाकिन्छ । गोडा घर तर्फ र टाउको घाटतर्फ बनाएर छोराहरू वा आफन्तहरूले लास बोक्छन् ।*

*काटोमा सङ्केतको रूपमा बासको नली बजाएर ज्वांइ वा भानाले बाटो देखाउँछन लाससंग एक माना चामल र २ वटा पैसा राख्नु पर्छ । चुनिएको ठाउमा एउटा पैसा राखेर पूर्व पश्चिम पारी खाल्डो खनिन्छ । लास गाइनु अगाबै ढाकेको सेता कपडा निकालिन्छ । लास गाड्दा पूर्व तर्फ टाउको र पश्चिम तर्फ गोडा र अनुहार उत्तरतर्फ फर्काइन्छ लासको जिरानमा एउटा तितेपातीको लिगो राखिन्छ। सबै मलामीहरूले माटो दिए पछि लास पुरिन्छ । लास जति पुरिन्छ लिङ्गो त्यति माथि उकास्दै जानु पर्छ, लास पुरिसकेपछि त्यो एक माना चामल र पैसा चिहान माचि राखिन्छ । सबै काम सकिए पछि मलामी फिर्ता हुन्छन् । अन्तिम मलामीले त्यो लिङ्गो फुत्त निकालेर चिहान मावि राखी घर फर्कन्छन् ।  लास जलाउँदा भुजेलहरूको आफ्नै मृत्यु संस्कार गर्ने केन्द्र हुन्छ सोही ठाँउमा लगेर जलाइन्छ । जलाउने ठाउमा पैसा राखिन्छ । लास जलाइ सकेपछि त्यस ठाउमा एक माना चामल, पैसा र लिंगा गाडिन्छ। मलामीहरू बाटोमा पर्ने खोला, पंधेरोमा नुहाउँछन् । बाटोमा तितेपातीको धुप जलाउने गरिन्छ ।*

*छोराहरूले कपाल खोरिएर नुहाइ धुवाइ गरी सेतो कपडा खाइयाक र नाइर्याक लगाउँछन् लास ढाकिएको कपडा छोराहरूले बरावर भाग लगाइ त्यसले टाउको बाध्छन् । मलामीहरू मृतकको घरमा फर्कन्छन्, ती सबैलाइ तितेपातीले पानी छर्केर चोख्याइन्छ । मृतकका छोराहरू*

घरको एउटा कुनामा पराल ओछ्याएर बस्छन् । तीन दिनमा चोख्याइन्छ । जुठोमा बस्दा नून तेल खानु हुदैन, एक छाक नून तेल विनाको खाना खानु पर्छ। त्यस वाहेककन्दमूल, फलफूल खान हुन्छ । यी खाने कुराहरू मृतकको नाममा चढाएर मात्र खानु पर्दछ, केराको एक सरो पातमा अन्य अरु केही गर्न पर्दैन। किरिया पुत्रीलाइ ज्वाँइ वा भाञ्जाले पकाएर दिदा हुन्छ । चोख्याउदा वा शुद्धाँइ गर्दा (किम जह्यो छाको) घर लिपपोत गरीन्छ ।

रांगा, सुंगुर वा खसी जे भए पनि काट्ने चलन छ । शिकारको दाहिने फिला नचलाइ राखिन्छ । त्यस पछि घर बाहिर रोटी, दाल भात र मासु पकाइन्छ । किरिया पुत्रीहरू मामासंग खोलामा, पंधेरामा गएर नुहाइधुवाइ गर्छन् । घरभित्र एउटा कुखुरो काटिन्छ र एक माना चामलको भात पकाइन्छ । विवाहित छोरी चेलीहरूले नून हालेको सो कुखुराको मासु पकाउंछन्। तितेपातीले चोखो पानी छर्केर किरिया पुत्रीहरू, घर, गोठ आदि चोख्याइन्छ । आफन्त को घर पनि चोख्याइन्छ ।

घरको एउटा कुनामा केराको पात उल्टो पारेर ओछ्याइन्छ, त्यसमा विवाहित चेलीहरूले नून तेल हालेको मासु भात राखी दिन्छन्। चेलीबेटी, छिमेकी, आफन्तजनहरूले ल्याएको रोटी, रक्सी र फलफूलहरू आदि एक एक गर्दै त्यही चढाइन्छ । विवाहित चेलीहरूले त्यही पातको भात मासु चखाएर जुठो फुकाउंछन् । अनि मलामी, आफन्त र छरछिमेकीहरूलाइ जाँड, रक्सी, भात खुवाइन्छ । खानपिन सकिएपछि जुठो फुकाएका मृतकका छोराहरूले २० बोतल रक्सी, ५० वटा रोटी, शिकारको दाहिने फिला राखेर मामालाइ अन्तिम कार्य समापन गरी दिनु भनेर आग्रह गर्छन् । मामाले प्रत्येक किरिया पुत्रीलाइ टोपी, निधारमा तेल र टिका लगाइ दिन्छन् । अरुयो कार्य सकिएपछि मामा अनि विवाहित चेलीहरू सबैलाइ विदा गरीन्छ । यो विदा पछि चौखिने कार्य समाप्त हुन्छ। यो चोखिने कार्य पछि एकै चोटी एक वर्षमा प्राणान्त भएकै तिथीमा वर्षान्त गर्ने चलन छ । यो वर्षान्त पछि भने कुनै वारना गर्ने वा अरु कार्य गर्नुपर्ने चलन छैन । वा वर्षेनी पितृ श्राध्द गरीरहनु पर्दैन/हाल कोही कसैले गर्ने गरेको पाईन्छ । बैसाख पूर्णेको वायु वा कुल पूजा नै भुजेल, घर्ती, खवास र यस संग सम्बन्धितहरूको पितृश्राध्द हो। कुल पूजा (साहसोपा छाको)

*भुजेल, घर्ती, खवास र यससंग सम्बन्धितहरूका आफ्नै पिता पूर्खाहरूको मृतात्माहरूलाइ कुत्त देवताको रूपमा स्थापित गरी शाखा सन्तानको रक्षा, धन सम्पति र अन्नवालीको रक्षा फलिफापको कामना गरी वर्षेपिच्छे पूजा गर्ने चलन छ । कुल पूजालाइ वायु पूजा, गुट पूजा इत्यादि भन्ने चलन पनि छ । भुजेलका सन्तानहरूले थाहा पाए जति पिता पूर्खाहरूको याद गरेर विधिवत तरिकाले पूजा गर्ने परम्परा भए पनि आफ्नो वसोवास, ठाउं अन्य जात जाति र धर्मको प्रभावले मूल स्वरूपमा पूजा गरेपनि विधि, सामग्री र बखानमा केही मात्रामा हेरफेर भएको देखिएको छ । कतै भेडा, कतै बोकाको भोग दिइन्छ अनि गुप्त तरिकाले घर भित्रै पूजा गर्छन् तर कतिले भने गोप्य गर्दैनन्, फलफूलले मात्र पूजा आजा गर्छन् ।*

***काँचो वायु : (हन्ते साहसोपा)***

*घर बाहिर ढुंगाको ओडार बनाएर थान स्थापना गरिन्छ र औशी पूर्णिमामा धुपध्वार गर्ने चलन छ । पाको वायु : घरभित्र मूल स्थानमा थानथपना गरी वायुको पूजा गरीन्छ, जसलाइ हामी पाको वायु भन्दछ । धेरै जसोले वैसाखे पुर्णिमाको पूजाआजा रातको ठीक १२ बजे गर्छन् । जुठो र सुतक परे चोखिए पछि गरिन्छ । बरखी र ४५ दिनेले छेक्दैन । सो पूजाआजामा हाड पट्टिका सन्तानहरू मात्र पस्न सक्छन् ।*

*पूजा शुरु गर्नु अघि केराको सिंगै पात ओछ्याइ गोबरको कुण्ड बनाइ त्यसमा काँचौ दुध, फलफूल राखे, उखु, मकैको घोगा, कोदाको बाला (यो अनिवार्य) दियो, कलश, तितेपाती, कांचो धागो, सिरुको फुलवात्ती (यो अनिवार्य । आदि । रातो वा कुनै प्रकारको सिंदुर पटक्कै चलाउन हुन्न । एउटा रातो कपडाको धरो मूल ढोकामा राखु पर्छ, यसले रक्षा गर्छ भन्ने मान्यता छ ।*

*वायु पूजा गर्ने भुजेलको मुल ढोकामा रातो कपडा लगाएर बस्नु हुन्न भन्ने धारणा कुल पूजामा घिउ धुप मात्र चल्छ अन्य चल्दै चल्दैन । बलिमा कतिले सेतो भेंडा र कतिले सेतो पाठी चलाउंछन् । बलि चढाइ सकेपछि हाड पट्टिका सन्तानले मासु पकाइ भाले डाक्नु अगावै खाइ सकेर हाडखोर, छाला, भुत्ला र अन्य उत्रेका खाने कुराहरू घरभित्रै खाडल खनी पुरेर*

*लिपपोत गरी सक्नु पर्छ । घरका नोकर चाकर, गोठाला, विवाहित छोरीचेलीहरू सो पूजामा सामेल हुदैनन् ।*

***थानको स्थापना : (थाङ्को गमो)***

*माटोको मठ बनाउने, लिपेर ढुंगाको थपनाहरू राखे पूजाको दिन धोइपखाली गर्ने, लिपपोत गरेर पुनः चानमा राखे । धानको मूल थपनामा मसुरे कटुसको सिन्कामा सेतो कपडाको ध्वजा (आलम) राखे पूजा सकिए पछि धुरीमा सिउरेर राखे । भोग नखाने कुललाइ फलफूल चढाउने, भोग खाने कुललाइ भेडा वा बोकाको बली चढाउने। गोबरको कुण्ड बनाइ त्यसमा काँचो दुध चढाउनु पर्छ । पूजारीले तितेपाती चपाएर पूजा शुरु गर्ने । पूजारी घरको मूली वा कुनै सन्तान हुनु पर्छ ।*

*भाले काटेर टाउको नछिनाइ भोग दिइन्छ । एउटा प्वांख धानको बीचमा गाडिन्छ । तब भालेको टाउको चुंडाएर थानमा नै राखिन्छ । भालेको घिस्रो पट्टिको मासु पातीको सिन्कामा पोल्ने र सो मासु थानको बीचमा ठाडो पारेर गाड्ने । बखान वा पूजा सिध्दिए पछि पूजाको थाल, नाडलोमा दियो, कलश, भालेको टाउको उठाएर घरमा ल्याइन्छ र भालेको मासु पकाउन थालिन्छ पूजारीले सबैलाई टिका लगाइ दिन्छन् ।*

***नयाँ पूजा : (बोब्रे स्यउपो)***

***समय :*** *हिउँदको शुभ महिनासमय : हिउँदको शुभ महिना*

***थानः*** *थान दुइ तले बनाउनु पर्छ । दुवै तलामा ढुंगा थपना गरिन्छ । आवश्यक सामग्रीः घुङरीङको फुर्का, कादो, बाँसको ठोक्रोमा तोडबा, केराको पातको फिपसिङ काँगियो थांक्रो, धनु कांड आदि ।*

***भोग :*** *कुखुराको जोडी भाले वा पोथीको भोग सुंगुर मारेर मुटु कलेजो दाहिने कान, खुट्टा, फिला, लाम्टा र रक्ति हालेर पकाउनु पर्छ, त्यसमा नयाँ अदुवा र खुर्सानी हाल्नु पर्छ । भात नचलाई पकाएर यी दुवै चढाउने चलन छ । थानको दाहिने तर्फ शिकारीको थान हुन्छ । शिकारीलाइ अण्डाको भोग दिइन्छ ।*

*आइतबारेको पूजा (न्याम्पा को छाको)*

*आइतबारेको पूजा चोटपटक नलागेको चिलाउने रुखको फेदमा जोडी कुखुराको भोग दिएर गरिन्छ ।*

**खोलाको पूजा :** *आफूहरू बसेको ठाउँको ठुला साना खोलाको पूजा गर्ने गरिन्छ । खोलाको पूजा विशेष गरी माघे संक्रान्तिका दिन जोडी कुखुराको भोग दिएर गरिन्छ ।*

*जंगलको पूजाः भुजेल जनजातिहरू जंगलको पूजा नियमित रूपमा गर्ने गर्छन् । एकल परिवार वा गाउँ नगरका भुजेल, घर्ती, खवासहरू सामूहिक रूपमा रुख विरुवाहरूले नयाँ पालुवा हाल्ने बेलामा गर्छन् कतिले भोग दिन्छन् भने कतिले दिदैनन् फलफूल चढाएर धूपध्वार मात्र गर्छन् । भिमसिङ पूजा आदिम कालमा भुजेल, घर्ती, खवास र यस संग सम्बन्धित समूदाय बस्ने इलाकामा हठात बाहिर बाट आएका पाँच जना बलिया जवानहर बस्न थाले । तिनीहरू संगको लडाइ र सन्धि पछि शर्तको रूपमा तिनीहरूको नाममा पांचवटा ढुंगाको थान थपना गरीयो । पछि ती पांच जना बलिया जवानहरू अल्पिए। तिनैको संझनामा पाँच ढुंगा थपना गरी हांस, कुखुरा र फलफूलहरू चढाएर पूजा गर्न थालिएको मौखिक बखान कतै कतै सुन्न पाइन्छ । ती पांच जना बलिया जवानहरू त्यस समयका अनार्य, म्लेच्छ, वा तीनताकको पौराणिक मूलधाराले नछोएका आदि जनजाति भुजेलहरू थिए ।*

*विजया दशमी (सजिलो तिथिका लागि) वा चैते विजया दशमीमध्ये कुनै एक दिन स्थानः चोखो ठाउमा (घरभित्र) मञ्च वा थान बनाउने, पांच ढुंगा थपना गर्ने*

*सामग्रीः प्रत्येक ढुंगाको पछि एक एक तितेपातीको लिंगो, तितेपाती ओछ्याउने त्यसमा रंगीविरंगी ध्वजाहरू, सेतो कांचो धागो पांचसरो जेल्ने । थानमा लिपपोत गर्ने, दुइसरो केराको पात राखे, तितेपाती ओछ्याउने, एक लहर चामल एक लहरमा चिउरा राखेर, फलफूल चढाउने तितेपातीको धुप हाल्ने आदि । नाङ्लोमा एक माना चामल र पैसा राखी त्यसमा दियो र कलश राखे ।*

*सुत्केरी पूजा : घरमा जय जन्म भए पछि भाकल अनुसार कुल पितृ, जंगली र शिकारी आदिको जोडी कुखुरा भोग दिएर पूजा गर्ने गरिन्छ । यो पूज घर भित्र नै गरिन्छ । कसै कसैले घर वाहिर पनि गर्ने गर्छन् ।*

***आठानेको पूजा :***

*अन्य जनजातिकी छोरी विवाह गरेर ल्याउदा कुनै कारणबस दुख विमार भए त्यस जातिकै कुल पितृले दुख दिएको ठानी उसैको जातिको धामी झाक्री बोलाएर आठानेको पूजा गरिन्छ । आठानेलाई पूर्वे कुलपितृ पनि भनिन्छ ।*

**संसारी पूजा :**

*आफ्नो परिवार शाखा सन्तान र सम्पूर्ण गाउँठाउँको रोगव्याधबाट रक्षा, अन्नवाली, घरेलू पशुपंक्षीको रक्षा, हुरीबतासबाट बाढी पहिरो, खडेरी, आगलागीबाट रक्षा, समय समयमा पानी परोस, सबैलाई सुखशान्ति ओवस भनि प्रकृतिको पूजा वैसाखको उराठिलो र डरलाग्दो अनिकाले समयमा गरिन्छ । प्रत्येक घरबाट पूजासामग्री, आवश्यक रकम संकलन गरिन्छ । गाउँको छेउछाउ, डाँडा पखेरा, वा जंगलको छेउछाउ जसलाई पवित्र मानिएको हुन्छ, त्यही संसारी पूजा गरिन्छ ।*

**गोठको पूजा :**

*गाईवस्तुको रक्षा र उन्नतिको कामना राखेर गोठ पूजा गरिन्छ । गाइ व्याएमा गाईको सुत्केरी पूजा, खलबले भूतको पूजा आदि समेत गरिन्छ । खलबलेले गाईबस्तुलाई दुख दिन्छ भन्ने मान्यताको आधारमा कुखुराको भोग दिनुको साथै भाड धतुरो, लसुन, प्याज सुर्तीको कांचो पात मिसाएर बनाएको धुपले धुपध्वार गरिन्छ ।*

*शिकारीको पनि पूजा गरिन्छ । शिकारीको पूजा गर्दा घिउको धूप चाहिन्छ, अन्यले हुन्न ।*

*कुखराको मुटु कलेजो, दाहिने पखेटा अनि कुखुरको अण्डा फुटाएर दुना मा हाली जोखना हेरी सकेर मुंग्रोमा दुना सितै पकाएर चढाइन्छ । चढाइ सकेपछि त्यसलाई प्रसादको रूपमा खाइन्छ । खलबलेको पूजा नगरेको गाईवस्तुहरू मानिसहरू किन्न समेत डराउँछन् । खलबलेले दुख दिन्छ भनेर ।*

*गाईवस्तुहरूको रक्षा होस भनेर प्रत्येक आइतबार माटोको कुण्ड बनाएर त्यसमा काँचो दुध हाली नागनगिनीहरूलाई समेत चढाइन्छ । यी नागनगिनी भनेको आफ्ना घरको वरिपरी, गोठको वरिपरी रहेकासर्पहरू हुन् भन्ने बुझनु पर्छाघर्ती (भुजेल)का परिहरन र गरगहनाहरू*

***पुरुष :*** *सुर (दौरा), नाइरा (कछाड), नाइरा (पटुका) हादुला (इष्टकोट), गादा (पुरुषले ओढ्ने लुगा), लुप्पो (टोपी) आदि ।*

***महिला :*** *बे (फरिया), इस्क (चोलो), पटुका (नायरा), घलेक (महिलाहरूले दाहिने पट्टि ओढ्ने लुगा) तेकी (महिलाहरूले आफ्नो नितम्ब ढाक्ने त्रिकोणीय लुगा), पुख्लु (मजेत्रो)।*

*गरगहना : बाला (चांदीको बाला), गोकुल (चांदीको कुण्डल) नेहक्यु (नाकमा लगाउने फुली) राय्या (चांदीको कल्ली) आदि ।*

*भुजेलका परम्परागत सीप : भुजेलहरू बाँसको चोयाको काम निपुणता पूर्वक गर्छन् । डोको नाम्लो, थुन्से, डालो, भकारी, ढडिया, पेचा, मान्द्रो, नाडलो, सरंग र चित्रा बनाउन भुजेलहरू खप्पिस हुन्छन् । तान कुछ्र पनि भुजेलहरू सिपालु हुन्छन् । ऊनको राडी, कामला, पाखी, गादा, इत्यादि बुन्छन् । परालको गुन्द्री, मर्नेको सोमेलाको पिरा, तुनुवा, नाम्जा आदि बुन्न समेत सिपालु हुन्छन् ।*

*भुजेल पुरुषहरू शिकारको लागि धनुवाण, गुलेली, मटेद्या, घुँएबो लिसोपासो बनाउन सिपालु हुन्छन् ।*

*परम्परागत जीविका खेतीपाती, शिकार, जंगलको कन्दमूल, फलफूल र पशुपालन नै जीविकाको मूल साधन हुन् । खोलाको माछा मार्नु, बारुला, अरिङ्गाल, बच्छिउँ, माछा मार्नु आदि । जंगलबाट मौरी, पुतका, कटपौरी, खागो इत्यादिको पनि खोजी गरी उपभोग गर्छन् । मह निकाल्न भुजेलहरू खुब खप्पिस हुन्छन् ।*

*खानपान मकै, कोदो र फापरको ढिडो, रोटी, चामलको भात (अह्य), कालो दाल (मलाम) मस्याम, भटमास (भट्ट), मुख्य खानपान हुन् ।*

*शिकार । माछा, भिंगे माद्धा, मृग, खरायो समेत खान्छन् । चराहरूमा ढुकुर, वन कुखुरा, कालिज समेत खान योग्य चराहरू सिकार गरी आहार गर्ने गर्दछनु ।*

***चाडपर्वहरू :*** *माघे संक्रान्ति भुजेलहरू यस पर्वलाई नया वर्षको रूपमा, दिदीबहिनी र दाजु भाईहरूको सदभाव, भेटघाट, आपसी सम्मान, मायाप्रेमको रूपमा मनाउँछन् । (त्युहआलो) वैसाखको पूर्णिमा, (यहआलो) मंसिरको पूर्णिमा, साउने संक्रान्ति, बोबो छाको/बोबी म्याडपो पनि भनिन्छ । जस्ता चाडपर्वहरू मनाउँछन् । दशै, तिहार, तीज जस्ता चाडपर्वहरू समेत मनाउँदै आएका छन् । भुजेलका गीत संगीत र नृत्यहरू :भुजेलहरू आफ्ना चाडपर्वहरूमा*

*आफ्नै भाषाको गीतहरू गाउँछन् । त्यसैगरी शुभकार्यहरूमा पनि भुजेल टिटाठिटीहरू मिलेर आफ्नै भाषाका गीतहरू गाउने गर्छन् ।*

***गाहतु नृत्य :*** *यस नृत्यमा एक जना गुरु हुन्छन् । यस बाहेक एकजना च्योरो (मुखिया) र अरु तीनजना स्याहोहरू (नर्तक) हुन्छन् । यस नृत्यमा बाजागाजाको आवश्यकता पर्दैन । मात्र माहिक थपडीको तालमा ती तीन जना स्याह्रोहरू बीचमा रहेका च्योरोको वरिपरि थपडीको तालमा हातहरू हल्लाउँदै नाच्छन् । आफ्नो भाषाको गीत नसकियुञ्जेलसम्म नाची रहन्छन् । यस नृत्यमा महिलाहरूको भूमिका मात्र हुन्छ । यो दिनभरी नाचिन्छ, राती 'भने नाचिन्न । धानको लावाबाट फिताको आकृति भएको माला बनाइन्छ । सो माला स्याहोहरूले टाउकोमा निधार छोपिने गरी लगाउँछन्, अलिकति आंखा देखिने गरी यो फिता लगाइन्छ । पाँच दिन सबसे तिहरा छ । पौवा र लामी दौडामा विशेष भुजेलका आफ्नै जातीय पादपर्वहरूमा हे कुल को चलन छ । बादरे वृत्य यो विशेष गरी तनहुँ जिल्लाको कुलुऊ खोला गाउँका भुजेलहरू नाच्ने गर्छन् । यो सामुहिक रूपमा गाइएको गीतमा सामुहिक रूपमा नाचिन्छ*

***(स्रोतः भूजेलको छोटो इतिहास र भाषा संस्कृतिको एक झलक, २०७९)*** राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर भुजेल जातिको कुल जनसङ्ख्या १२०२४५ रहेको छ भने कुल जनसङ्ख्याको ०.४१ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.८ दलित (कामी, दमै र सार्की ) जातिको सङ्क्षिप्त परिचय

नेपाली भूमि र नेपाल राष्ट्रमा लामो समयसम्म हिन्दु धर्मावलम्बी मान्ने जातिहरूले शासन सत्ता सञ्चालन गरेको हुँदा नेपालमा जातभात छुवाछुत प्रथाको स्थापना र प्रचलन भएको देखिन्छ । किनभने हिन्दुधर्ममा वर्णाश्रमको व्यवस्था गरिएको हुन्छ । ब्राह्मण, क्षेत्री, वैश्य, शुद्रको वर्णाश्रम र सोही अनुकूलको सामाजिक, सांस्कृतिक एवम् धार्मिक परम्परा कायम भएको नेपाली समाजका शुद्र भनिएको जातिहरूलाई अछुत मानी उनीहरूलाई तल्लो स्तरको व्यवहार गर्ने गरेको देखिन्छ । दलित आयोगको तथ्याङ्कअनुसार नेपालमा करिव ६० लाख दलित रहेको देखिन्छ। नेपालको हिमाल, पहाड र तराई तीनवटै क्षेत्रमा देलितहरूको बसोवास पाइन्छ । यही अनुरूप हिमाली दलित, पहाडी दलित र तराई दलित भनेर दलितहरूलाई

वर्गीकरण समेत गरेको पाइन्छ । यसरी सबै क्षेत्रको गरेर नेपालमा २६ जातिलाई दलित सूचीमा सूचीकृत गरेको पाइन्छ । यसरी सूचीकृत विभिन्न जातिहरूमध्ये कामी, दमै, सार्की, वादी र गन्धर्व जातिलाई पहाडी दलितको रूपमा राखिएको देखिन्छ ।

यसरी नेपालको पहाडी दलित भनेर विश्वकर्मा (कामी), दर्जी (दमाई), मिजार (सार्की), गन्धर्व (गाइने) र वादी गरी पाँचवटा जाति बुझिन्छ । विश्वकर्माभित्र पनि विभिन्न थरहरू पाइन्छ जस्तैः आग्री, आचार्य, आफालघाती, ओड, कसरा, लोहार, कालीकोटे, कालीराज, कुमार्की, मैनी, कोली, कोइराला, खड्काथोकी, खपाङ्गी, खाती, गजमेर, गजुरेल, गदाल, गदाइलो, गइतराज, गिरी गोतामे, गावा, धतानी, धमाल, घर्ती, घिमिरे, छामछत्ल, चुनार, छिस्तल, जाँडकामी, टमटा, नगरकोटी, निरौला, नेपाल, पन्थी, पहरी, पाध्यवति, भट्टराई, भुषाल, पोखरेल, पौडेल, पडौली, बराइली, बराल, सापकोटा, सेन्चुरी, भट्ट, भुल, सिजापति, सेतीपार लुहार, सोनाम, ढुलाल आदि । विश्वकर्माका यी थरहरूमध्ये केही थरी विश्वकर्माहरू मात्र अरुण गाउँपालिकामा बसोबास गर्दछन् ।

दर्जीभित्र पनि विभिन्न प्रकारको थरहरू पाइन्छ । जस्तै : अछामे, आस्कोटीपाल, कट्वाल, कडेँल, कठैवरी, कनाल, करुवाल, कालाखाती, काखरे, कालाखानी, कालिकोटे, कालिदास, कोइराला, कोटजरी, कोटान्जलो, खतिवडा, खाती, गजमेर छिनाल, जैरु, टेलर, ढोली,, ढ्याकी, तिखत्री, तिवारी, थापा, दर्जी थामुन्ना, ढकास, दर्नाल, दनोल, दास, देउकर, देउगाडी, देवल, नगर्ची, नगवान, नेगी, नागरी, पट्टेली, पाँचकोटी, बर्देया, पाल्पाली, बाग, बागचन्द, बुढापिथ्री, बैजनाथ, बैजाकोटी, महरा, महते, माले मास्टर, मित्रकोटी, मिस्त्रीकोटी, रत्न, रणपालर रनपौली आदि । यो विभिन्न थरी दर्जीहरूमध्ये केही थरी दर्जीहरू मात्र अरुण गाउँपालिकामा बसोवास गर्दछन् ।

यसरी नै मिजारभित्र पनि विभिन्न थरहरू पाइन्छ । ती थरहरू हुन् - अच्छामी, उपरकोटी, काला, कालामग्राती, गैरी कुल्चियार, कोल्हाल, क्षेत्रपाल, खरिबोट, गौरिपात, चर्मकार, चुडाल, छन्तेल, टोटलाङ्ग्री, ठराई, तोलाङ्गी, तोसाली, थाक, दाउलाकोटी, ढुलाल, घुरभ्रगाती, धौलाकोटी, नगरकोटी, नेपाली, परली, पाएली, पिपलबोटे, पुर्कटे, बङरेल, बन्जाडे, बम्रेल, बसेल, बस्याल, बैलकोटी, भिवाल, भुगाती, मजरकोटी, मजावरी, महरा, भिजार, मुन्देल,

रम्तेल, भोटे, रूपाल, रोका, रैकाल, विसङ्खे, श्रीपाली, श्रीमाल, श्रोवास्तव, सत्याल, संयल, सेठी, सेतो, सेही, सङ्ग्राम, सुराना आदि ।

**दलित जातिको धर्म संस्कृति**

नेपालका अधिकांश दलित जाति हिन्दुधर्म मान्ने गर्दछन् । हिन्दू धर्मको वर्णाश्रम व्यवस्थाको सामाजिक सांस्कृतिक एवम् धार्मिक मूल्य र मान्यताले निर्माण गरेको वर्गीय विभेदमा परेर राज्यकै मूलधारबाट बाहिरिनु पुगेका दलितहरूको जीवनस्तर निकै कमजोड स्थितिमा पुगेको देखिन्छ । आर्थिक रूपमा भन्दा पनि सामाजिक रूपमा अछुत भएर बाँच्नुपर्ने पीडा नेपाली समाजमा दलितहरूले वर्तमान समयमा समेत भोगीरहेको देखिन्छ ।

अरुण गाउँपालिकामा बसोवास गर्ने दलितहरूले (दर्जी, विश्वकर्मा र मिजार) हिन्दु धर्म नै मान्ने गरेको देखिन्छ । तर यिनीहरूको सामाजिक, सांस्कृतिक परम्परा भने बेग्लै प्रकारको रहेको देखिन्छ । हिन्दु धर्म माने पनि अन्य आदिवासी जनजातिहरू झैं जाडरक्सी, माछामासु खाने गर्दछन् । जन्मदेखि मृत्युसम्मका संस्कार अनुष्ठान गर्दा पनि यिनीहरूको छुट्टै प्रकारको विधिविधान हुने गर्दछन् । हिन्दू धर्ममा आधारित चाडपर्वहरू मनाए तापनि पहाडे दलितहरू खानपिन, नाचगान आदि भने आदिवासी जनजातिहरूले झै नै मनाउने गर्दछन् र समग्रमा भन्दा पहाडे दलित जातीहरू हिन्दु नै हुन् तर हिन्दु धर्मकै कारणतल्लो स्तरको जाति मानिएको कारण यी जातिहरू पछाडि परेको देखिन्छ ।

नेपालमा तथाकथित दलित भनिदै आइएको सबैजातिहरू हिन्दुधर्मावलम्वी नै हुन् । अरुण गाउँपालिका बसोवास गर्ने कामी, दमाइ, सार्की आदि जाति पनि हिन्दु धर्म नै मान्ने गर्दछन् भने यिनीहरू वर्षौदेखि राई जातिको सम्पर्कमा बसेको हुँदा राई संस्कृतिको प्रभाव पनि परेको देखिन्छ ।

अरुण गाउँपालिकाभित्र बसोबास गर्ने दलितहरूमा सार्कीभित्र रम्तेल, बयलकोटी, धौलाकोटी, पुकौटी, मंग्राती, पहाडी आदि र कामीभित्र विश्वकर्मा, रसाइँली, बराइँली, दर्नाल, घतानी, पोर्तेल, सदाशंकर आदि रहेका छन् भने दमै जातिभित्र ढटाल, महत, दर्नाल, शिवा आदि रहेका छन् ।

## ४.९.माझी जाति

गण्डकी प्रस्रवण क्षेत्रका नदीतटम डुंगा बनाउने, डुङ्गा चलाउने, माछा मार्ने, सुन हुने (बालुवा चाल्ने), जाल बुन्ने, घडिया थाप्ने, खोला नदी फर्काउने, खेतीपाती गर्ने, जलजन्तु पारख गर्ने, पानीको दुर्घटनास्थलमा पुगी उद्धार गर्ने यस यस जातिलाई नावी वा बोटे, माझी, जलहारी, माछाहारी, जलेवा, मिझाइ आदि पनि भनिन्छ । त्यसैगरी तराइतिर केवट, सानी भन्ने पनि चलन छ । बोटे माझीका शे मुसर, कुशर, पिप्पल, फाक्खा, सुन्धुवा, थार मरूगे,

कछाडे, गौरौ, हाँडी, मुखियाथरे बोटे, कशारे, भागु, ठोरी गरी १४ थर रहेका छन् । माझीहरूको आफ्नै भाषा छ ।

माझी जातिको आफ्नै भाषा, संस्कृति, रीतिरिवाज, भेषभूषा तथा परम्परा रहेको छ । यो जाति मूलतः काठमाडौ पूर्वका पहाडी जिल्लाका कोसी किनारका भूभागमा केन्द्रित छन् । यहाँबाट बुसाइँ सरी मधेस र भित्री मधेसमा बसोबास गर्न पुगेका छन् । उनीहरूको परम्परागत पेसा डुङ्गा चलाएर यात्रुलाई नदी तार्नु र माछा मार्नु हो । उनीहरू नदीमा पौडी खेल्न र माछा मार्न सिपालु हुन्छन् । यस्तै पेसा बोटे र राजी जातिको पनि पाइन्छ । उनीहरूको पेसा एउटै देखिए पनि एकै होइनन् । भाषाको आधारमा उनीहरूलाई छुट्याउन सकिन्छ । माझी जातिको मूल बसोबास क्षेत्र कोसी नदी (इन्द्रावती, सुनकोसी, तामाकोसी, दुधकोसी, अरूण, बरुण र तमोर) र यसका सहायक नदीहरूको आसपासको भूमाग हो । तामाकोसी नदीका आसपासका क्षेत्रमा माझी भाषाका वक्ता पाइन्छन् ।

परम्परागत पेसामा राज्यको हस्तक्षेप बढेपछि (उदाहरणको लागि सरकारले खोला नदीमा पुल निर्माण र माछा मार्नमा ठेक्कापट्टा दिएपछि र नदीमा बाँध बाँधी बिजुली उत्पादन गर्दा विस्थापित हुनु परेपछि) जीविकाका लागि उनीहरू क्रमशः तराई, मधेस तथा सहरी क्षेत्रतर्फ उन्मुख हुनथाले । हाल उनीहरू मधेस र भित्री मधेश झापा, मोरङ, सुनसरी, उदयपुर, सिन्धुली, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, मकवानपुरका साथै काठमाडौं जिल्लामा पनि बसोबास देखिन्छ ।

दोलखा जिल्लाको भिरकोट गाविस वडा नं. १, माझीगाउँमा माझीहरूको बाक्लो बसोबास पाइन्छ । यस बाहेक सुनखानी गाविसको मलेपुमा पनि उनीहरूको बसोबास पाइन्छ । रामेछाप जिल्लाको तामाकोसी किनारको खिम्ती, चिसापानी, मन्थली, कुनौरी, ओडारे, मुगीटार, भटौली, रजगाउँ, हात्तिटार, मसानटार, सेलेघाट र सुनकोसी किनारको तुभु, कोथपे, सित्खा, डब्खा, पुजीघाट, नपुघाट, हर्देनी, धनेघाट र कोलन्जोर आदि स्थानमा यस जातिको बाक्लो बसोबास छ । उहिले रजगाउँमा माझी जातिका राजा मन्दरे माझी रहेको दाबी रामेछापका माझीहरूको रहेको छ । सिन्धुली जिल्लाको मरिन र कमलामा यस जातिको सघन बसोबास रहेको छ ।

**संस्कृति**

माझी जाति आफ्नो समुदायमा झुरूप्प एकै ठाउँमा बस्न रुचाउँछन् । माझी जातिको घर प्राय जसो एक वा दुई तले ढुङ्गा, माटो र काठले बनेको हुन्छ। कसैकसैले घरको भुइतलामा गाईवस्तु र बाखा बाँध्ने गर्दछन्। माथिल्लो तलामा कुलायन घर तथा राखनधरन र बसोबासको व्यवस्था मिलाइएको हुन्छ । घरको दलान झिकिएको र घरमा रातोमाटो र कमेरो लगाएको हुन्छ । प्रायः पिसानका लागि जाँतो र कुटनका लागि ओखलको प्रयोग गर्दछन् ।

माझीहरू ढुङ्गा बनाउन र चलाउन, माछा मार्न, माछा मार्ने जाल, थकौली तथा फुर्लुङ आदि माछा मार्ने साधन बनाउने सिपमा पारङ्गत हुन्छन् । खोला नदीमा तर्न वा पौडन पनि उनीहरू सिपालु हुन्छन् । जाँड, मर्चा बनाउने र बेच्ने पेसामा पनि माझी महिलाहरू क्रियाशील हुने हुनाले जाँड छान्ने सामग्री निर्माण र मर्चा बनाउन पनि सिपालु मानिन्छन् । विदेशीहरूले नेपालमा बनेको मर्चा धेरै मन पराउँछन् भने त्यसमध्ये पनि माझी महिलाले बनाएको मर्चा ज्यादै मन पराउँछन् । माझी जातिभित्र विभिन्न थर, उपथर र पाछा हुन्छन् । थाहा भएसम्म दाजुभाइ र एउटै पाछाभित्र बिहेबारी चल्दैन वा गर्दैनन् । माझी समुदायमा मामाचेला फुपूचेली विवाह गर्ने परम्परा छैन ।

माझीहरू प्रकृति पूजक हुन् । उनीहरूमा हिन्दु धर्मको प्रभाव बढेको छ । महिला दुई जिउकी हुँदा उनलाई काटमार गर्न, मान्छे मरेको स्थानमा जान, लास ल्याएको हेर्न, लास बाँधेको हेर्न मनाही गरिएको हुन्छ । विभिन्न थरमध्ये दनुवार र कुमाले थरका माझीले विवाह गरेपछि सुँगुर पाल्दैनन् र सुँगुरको मासु पनि खाँदैनन् । राँगा भैसीको मासु अशुभ मानिंदैन । माझी जातिको मूल चुलो नजिक र भँडारमा अरू जातका मानिस जानु बस्न हुँदैन । बसेमा माझीको कुलदेवता लागेर घाँटी, खुट्टा आदि बाँङ्गिने, बहुलाउने विश्वास गर्दछन् ।

माझीहरू कोसीपूजा (लदिपूजा) साउने सङ्क्रान्ति, माघे सङ्क्रान्ति, मङ्सिरे पुर्ने, बैसाखे पुर्ने मान्दछन् । मरेका पुर्खाहरूलाई थानगाएर राखेको हुन्छ तिनलाई मङ्सिरे पुर्ने र बैसाखे पुर्नेमा पुरूष जतिलाई भाले र महिलालाई पोथी कुखुरा बली चढाउँछन् । कुखुरा धेरै महँगो हुन थालेपछि पुरूष जतिलाई एउटा भाले र महिलालाई एउटा पोथी कुखुरा बली चढाउन थाले । अहिले यो चाड लोप हुँदै गएको छ । धेरै पछिदेखि दसैं र तिहार आदि चाड

पनि मनाउन थालेका छन् । प्रायः गरेर उनीहरूको खानामा जाँड माछा मासुको प्रयोग हुन्छ ।

**पेसा व्यवसाय**

जातिको परम्परागत पेसा माछा मार्नु, घाटमा डुङ्गामा राखेर मानिस तार्नु र महिलाले मर्चा बनाउने हो । डुङ्गा बनाउनु, मान्छे तार्नु, जाल बुन्नु, माछा मार्नु, मारेको माछा बेचबिखन गर्नु, माछा मार्ने अन्य साधनहरू बनाउनु उनीहरूका दैनिक कार्य हुन् । माझी महिलाहरू जाँड र मर्चा बनाएर बेच्ने गर्दछन् । मर्चा बनाउने कार्यमा उनीहरू धेरै सिपालु हुन्छन् ।

सरकारले कोसीका घाटघाटमा पुल बनाउनु, कोसी नदीमा बाँध बाँधेर बिजुली उत्पादन गर्नु, कोसीको माछा मार्न ठेक्का दिनु र जाँड मर्चा बनाउनमा प्रतिबन्ध लगाउन थालेपछि उनीहरूको पेसा र पेसासँग सम्बद्ध सिपहरू सङ्कटमा परेका छन् । उनीहरूका आफ्ना पेसा समाप्त भएपछि बाँच्न ज्यादै अप्ठ्यारो भएको छ । आफ्नो परम्परागत पेसा सङ्कटमा परेपछि र पशुपालन र खेतीपाती गर्दा समेत जीवन धान्न साहोगाह्रो भए पछि अहिले माझीहरू इँटा भट्टा, गलैंचा बुन्ने, धागो बाट्ने, सानातिना ज्याला मजदुरी गर्ने नजिकका सदरमुकाम, सहरबजार र विदेशतिर जान थालेका छन् । पानीभन्दा ३ दिन जेठा मानिने माझीबोटेको मौलिक पहिरनमा पुरुषको हकमा कौपिन कछाड, पगरी, काछो हो भने महिलाको हकमा गुन्यू चोलो, मजेत्रो आदि हुन् । माझीबोटेको प्रत्येक छाकको खानामा माछा हुनै पर्ने ठानिन्छ । उनीहरूले नवजात शिशुको छैठीमा काग्रेनाच नाच्दछन् । ११ दिन न्वारान गर्दा ३. ५, ७ र ९ दिनमा गाईको गहुँत छर्कने चलन छ । छोराको ६ महिना, छोरीको ५ महिनामा पास्नी गरिन्छ । यस जातिमा प्रेमविवाह, मागीविवाह, जारीविवाहको चलन छ । बोटेमाझीको मृत्यु संस्कार हिन्दु परम्पराअनुसार गरिन्छ ।

माझीले प्रायः हिन्दु चाडबाड मनाउँछन् । जलपूजा, डुङ्गापूजा, नागपूजा, लदी पूजा र कुलपूजामा भने यस जातिकै आफ्नै मौलिकता रहेको पाइन्छ । रूखको भेद, दोभान, नदीतटमा आफ्ना पितृहरू रहने उनीहरूको विश्वास छ  नदीतटमा परम्परादेखि डुङ्गा चलाउँदै आएका बोटेमाझीले सरकारबाट ती ठाउँमा बिर्ता किपट जमीन पनि पाएका थिए । तर त्यस्तो जमीन

बेचबिखन गरी व्यवहार चलाउँदा उनीहरू सुकुम्बासी बन्न गएको देखिन्छ । चाडबाड र इष्टमित्र आएका बेलामा मनग्गे खर्च गर्ने उनीहरूको स्वभाव छ ।

विहावारी गर्दा बेहुला पट्टिकाले टक्राएको रक्सीका साथै कोशेलीसगुन हाँसिखुसी बेहुलीपट्टिकाले स्विकारेपछि विवाह पक्का हुन्छ । त्यसपछि अधौर कार्यक्रम मिभ्फार, गौरूङ, जलेवा लगायतका मान्यजन बसेर लमीले साइनो साथ ढोगभेटपछि पुन सगुन फुकाएरू अन्तिम टुङ्गो गर्ने चलन छ । जसलाई बाग्दान टुङ्गो भनिन्छ । यस जातिको मृत्यु संस्कारमा लासलाई जलाउने परम्परा छ । सुद्धाइँमा पूजा गरेर मलामीलाई खानपान गराउँने, पितृनाच, जङ्गल पठाउने, भारा दुकाउने, मिभ्फार खुवाउने र आशौच बार्ने चलन छ । यस्ता सामाजिक धार्मिक अनुष्ठानमा माझीबोटे पुरूष र महिला समान हैसियतमा सरिक हुन्छन् ।

माझी जातिमा पुरेतको काम ज्वाइँ, भाञ्जा, चेलीका पति र छोरीपट्टिका सन्तानले गर्ने चलन छ । यस जातिको पूजा, अर्चना तथा सांस्कृतिक चालचलनमा स्थानगत भेद देखिए पनि त्यसको मूल चरित्र भने एउटै देखिन्छ । माझी बोटे जाति पेरूङ्गो, जाल, कोर्का, डाला, नाला बनाउन सिपालु हुन्छन् । माझीबोटे महिलाले भाङ्गा, ठेटुवा, ऐठे, खादी, कोल्या, घोक्रा, थैला, जाबी बुन्ने गर्दछन् । अरुण गाउँपालिकामा एघार,बाह्र घर धुरी माझी जातिको बसोवास रहेको छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर माझी जातिको कुल जनसङ्ख्या १११३५२ रहेको छ भने कुल जनसङ्ख्याको ०.३८ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.१० गन्धर्व जाति

गीत, सङ्गीत र नृत्यका उन्नयक, संवाहक गन्धर्व जाति नेपालका अन्य गाउँपालिकाभित्र जस्तै यस गाउँपालिकाभित्र पनि वसोवास रहेको पाइन्छ । प्राचीन कर्खालाई जीवन्त तुल्याई आएको यो जाति ब्रह्माबाट सृष्टि भई सरस्वतीका कोखबाट पैदा भएका मानिन्छ । यो जाति किन्नर, यक्ष, कुवेर देवताका आश्रयमा रही वैदिक सनातनी धर्मको प्रचारमा लागेका लागेकै मानिन्छ । सक्कली शास्त्रज्ञ ब्राह्मण र सक्कली गन्धर्वबीच शास्त्र चर्चा गर्दा गन्धर्वकै जीत भएको भनाइ छ । गन्धर्वहरू पहिले गान्धारदेशबाट (कन्दाहार, अफगानिस्तान) महारानी गान्धारीसँगै दाइजोमा हस्तिनापुर दिल्लीमा आएको विश्वास गरिन्छ । गन्धर्व ऋषिका सन्तानको रूपमा यस जातिलाई गन्धर्व भनिएको विश्वाश गरिन्छ । हाल कास्की, लमजुङ, गोरखा,

बाग्लुङ, पर्वत, स्याङ्जा, गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, रोल्पा भोजपुरलगायतका क्षेत्रमा बसोबास गर्ने गर्दछन् ।

गन्धर्व जातिको मूलबाजा आर्यबाजो (अर्वाजो - भालेबाजा) र सारङ्गी (पोथीबाजा) हो । ती बाजाको माध्यमबाट वीरगाथा, भक्तिगाथा, करूणगाथा, विरहगाथा, वैराग्बंगाथा, ज्ञानगाथा आदि पर्गेल्ने गर्दछन् । गन्धर्वको कर्खा मध्यकालीन गौरव हो, रागमालश्री, कालिका, मालिका, देवी देउराली, जालपा, भैरवी, भवानी, गुप्तकाली, गोरखकालीका स्तुतिले भरिएका हुन्छन् । विविध लय र शैलीका गीत रचना गरेर तुक मिलाएर गाउने, बजाउने, नाच्ने खुबी हुन्छ यस जातिसँग । देश, व्यक्तित्व र घटनाअनुसार गीत बनाउन, विपद्, घटना, दूर्घटना, हत्या, हिंसा, अन्याय र न्यायको सन्देश सारङ्गीका कर्खामा बोक्ने यो जाति विश्वविख्यात छ ।

गन्धर्व जातिमा अधिकारी, कायस्थी, बूढाथोकी, कालागोपाल, कालापौडेल, कालाकौशिक, बशिष्ठ, ठकुरी, सुरसामन, समुद्री, ब्रह्मबैकार, कर्मबैकार, जोगीबैकार, लमकीवैकार, तुर्कीवैकार, समुद्रवैकार, गान्धार आदि थर हुन्छन् । हिन्दु धर्मावलम्बी यस जातिले अर्धनारीश्वर, लक्ष्मी, सरस्वती, पार्वती, अर्वाजो, सारङ्गी, दुर्गाष्टमीलाई भव्य रूपले पूजा गर्दछन् । गन्धर्व जातिले ९ दिनमा न्वारान गर्ने चलन छ । मामाकी छोरी विवाह गर्ने तर फुपूकी छोरीलाई पूज्य मान्ने यस जातिमा मागी, चोरी, जारी, प्रेम र तानी विवाह गर्ने प्रचलन छ । केटीका मामालाई राँगाको खुट्टा सहितको फिलो टक्राउने चलन रहेको छ जसलाई रजाङ्ग भनिन्छ । विवाह वैदिक रीतिले परम्पराअनुसार गरिन्छ ।

गन्धर्व जातिमा मृत्यु संस्कारमा लाशलाई दाहसंस्कार गर्ने, मृतक नाबालक भए गाड्ने चलन छ । यस जातिमा क्रियाको विधि भान्जाज्वाइँले गराउने चलन मुताबिकको ख्याल राखेर १३ दिनसम्म क्रियाकाज गराउँछन् । पहिले गन्धर्वहरूको मृत्यु हुँदा राजकीय सम्मान दिइन्थ्यो । सारा गाउलेले आर्थिक नगद जिन्सी, चन्दा उठाएर क्रियापुत्रीलाई मद्दत गर्ने चलन थियो । आजकल रेडियो, टिभी, एफ.एम. र विदेशीबाजा, वाद्यवादकको अतिक्रमणबाट गन्धर्व जातिको मौलिक पहिचान नै आक्रान्त भएको छ ।

*मणि राई, भोजपुर दर्पण २०७८, पृ.५९९) अनुसार अरुण गाउँपालिकाभित्रका गन्धर्व समुदायमा विवाह तथा परिवारका विभिन्न स्थितिहरूको बारेमा पनि विश्लेषण गर्ने कोशिस*

गरिएको छ । विवाह तथा परिवार सामाजिक जीवनका सूक्ष्म सामाजिक संस्थाहरू हुन् । यिनीहरूलाई सामाजिक संगठनका आधारभूत एकाईको रूपमा लिइन्छ । परिवारको स्वरूप एकल वा संयुक्त जे छ, त्यसैका आधारमा पारिवारिक वा सामाजिक सम्बन्धको घेरा निर्माण हुन्छ (खत्री, २०६९) । विवाहको अस्तित्व मानवको उत्पत्तिसँगै भएको हो । यद्यपि मानव विकासका विभिन्न चरणमा यसको स्वरूप र प्रकार तथा कार्य प्रणालीमा भिन्नता देखिए तापनि वर्तमानसम्म पनि विवाहको अस्तित्व रहेको छ । मानव समाजको निरन्तरताका लागि विवाहको आवश्यकता रहि रहन्छ । विवाह र परिवार वंश निरन्तरताका लागि मात्र नभई विवाह र परिवारले व्यक्तिलाई जैविक आवश्यकताको रूपमा रहेको यौन सुख प्रदान गर्दछ, जसका लागि समाजले पनि स्वकृती प्रदान गर्दछ । साथै यसले मानीसको शारीरिक, मानसिक, आर्थिक तथा सुरक्षाजस्ता आवश्यकताको पूर्ति गर्ने कार्य गर्दछ ।

विवाह र परिवारका सन्दर्भमा उल्लेख "विवाह तथा परिवार त्यस्तो सामाजिक घटना हो, जसलाई समाजले स्विकार गर्दछ ।" यस अनुसन्धनमा अध्ययन क्षेत्र अरुण गाउँपालिकाभित्रका गन्धर्व समुदायमा विवाह तथा परिवारका विभिन्न स्थितिहरूको बारेमा पनि विश्लेषण गर्ने कोशिस गरिएको छ । जुन यस प्रकार रहेको छ । परिवारको प्रकारलाई विभिन्न मापदण्डका आधारमा विभाजन गरिन्छ । जसमध्ये परिवार सङ्ख्याका आधारमा परिवारलाई एकल, र संयुक्त गरी २ भागमा विभाजन गर्ने गरिन्छ ।

गन्धर्व समुदायमा परिवारको प्रकार परिवारलाई समाजशास्त्री मेकआईभर र पेज, (१९९६) ले "परिवार पर्याप्त निश्चित यौनसम्बन्धद्धारा परिभाषित व्यक्तिहरूको त्यस्तो समूह हो, जसले बच्चा पैदा गर्न र पालनपोषण गर्ने व्यवस्था गर्दछ" भनी परिभाषित गरेका छन्। त्यस्तै मेरिल, (१९९५) का अनुसार विवाह परिवार, बच्चाहरू, श्रीमान् र श्रीमती मिलेर बनेको जैविक सामाजिक एकाई हो (उद्‌त, शर्मा, २०६८) । परिवारको प्रकारलाई विभिन्न मापदण्डका आधारमा विभाजन गरीन्छ । जसमध्ये परिवार सङ्ख्याका आधारमा परिवारलाई एकल, र संयुक्त गरी २ भागमा विभाजन गर्ने गरीन्छ । एकल परिवार सङ्ख्याका आधारमा सबै सानो हुन्छ, जुन घढ बाबु-आमा र उनका अविवाहित छोराछोरीहरू मिलेर बनेको हुन्छ । भने संयुक्त परिवार बाबु-आमा उनका विवाहित छोरा-वुहारीहरू र उनीहरूका अविवाहित नाती

नातिनाहरू मिलेर बनेको हुन्छ । गन्धर्व समुदायमा विवाहको स्थिती मानवको उत्पत्ति देखि वर्तमानसम्म विवाहको अस्तित्व रहि रहेको छ । विवाहको स्वरूप र प्रकारमा समय र स्थान अनुसार भिन्नता रहे तापनि मानव समाजलाई निरन्तरता दिन विवाहको आवश्यकता पर्दछ ।

नेपालको सामाजिक परिवेशमा हिन्दु धार्मिक प्रभाव तथा परम्परागत रुढीवादी मान्यताको प्रभावले गर्दा अझ पनि कतिपय ग्रामीण तथा शहरी भूभागमा महिलालाई सानै उमेरमा आफूभन्दा धेरै नै उमेरले फरक रहेको केटासँग विवाह गराइन्छ । अर्थात् नेपालमा अनमेल विवाहको प्रचलन पहिले देखि नै विद्यमान थियो । एकातर्फ छोरीलाई रजस्वला हुनुपुर्व नै विवाह गर्दा पुण्य प्राप्त हुने धार्मिक अन्धविश्वासका साथै अर्कोतर्फ छोरीलाई अर्काको घरमा जाने जातको रूपमा लिइने र छोरीका गल्ती वा कमजोरीलाई पारिवारिक र सामाजिक प्रतिष्ठाका दृष्टिले नराम्रो मानिने हुँदा पनि कतिपय अवस्थामा महिलाको सानै उमेरमा विवाह गरीदिने चलन रहेको पाइन्छ ।

जनगणना २०७८ का अनुसार यहाँका मानिसको औसत आयु ७१ वर्ष छ । जसमा पुरुषको ६८.९ वर्ष र महिलाको ७२.७ वर्ष औषत आयु रहेको छ (नेपाल, २०७८) । यस हिसावले हेर्दा यसै पनि पुरुषको भन्दा महिलाको औषत आयु बढी देखिन्छ । तर पनि समाजमा विभिन्न कारण जस्तैः धार्मिक अन्धविश्वास, गरीवी, पछौटेपन, अशिक्षा, सामाजिक आर्थिक वातावरण आदिले गर्दा महिलालाई आफूभन्दा उमेरले धेरै नै जेठो पुरुषसँग विवाह गराइन्छ र प्रायजसो महिला आफ्नो उमेरको मध्यान्हमा नै विधवा हुन पुग्छन् र त्यसपछि जीवन एकल रूपमा बिताउन बाध्य हुन्छन् । पुरुष प्रधान समाज भएका कारण श्रीमतीको मृत्युपछि वा पारिवारिक विच्छेद पछि पनि पुरुषले पुनः अर्की कुमारी केटीसँग विवाह गर्ने प्रचलनले गर्दा समाजमा अझ पनि अनमेल विवाह (वैवाहिक जोडी विच एकअर्काको उमेरमा हुने नसुहाउँदो भिन्नता वा धेरै नै भिन्नता) गराइने गरेको पाइन्छ ।

हरेक मानव समुदायसँग आफ्नो मौलिक चिनारी हुन्छ । त्यो पहिचान नै उसको स्वत्व हो । हाल भोजपुरको अरुण गाउँपालिका वडा नं ६ माडदिडमा बसोबास गर्ने गन्धर्वहरू आएका होइनन्, ल्याइएका हुन् । ल्याइनुमा र्‍याङ राईसँग यसको साइनो गाँसिएको छ । ठकुरी वंशलाई राई समुदायको हारमा ल्याइसकेपछि पनि ठकुरीले आफ्नो सन्तानलाई हिन्दु प्रथाभित्र कायम

राख्ने उद्देश्यले कास्कीबाट ४ थर गन्धर्व माडदिङमा ल्याइएको हो भन्ने घटनाचाहिँ बिल्कुलै साँचो मानिएको छ । चार थरभित्र कुटुम्बेरी चलेपछि ऱ्याङ राईहरूको धार्मिक परम्परालाई चिरकालसम्म संरक्षण गर्न सजिलो भयो । गन्धर्वहरू ल्याइएको तिथिमिति भने यकीन छैन । जसरी याङ राईको उत्पत्तिको संवत अन्योलमा रहेजस्तै छ। तर के चाहिँ यथार्थ हो भने ऱ्याङ राईको उत्पत्तिपश्चात् उनीहरू ल्याइएका हुन् ।

## गन्धर्वको थर

गन्धर्वको थरसम्बन्धमा पर्शुराम गन्धर्वले जानकारी दिएसम्म यसप्रकार रहेको छ- (क) बैकार, (ख) कालाराक्शे (पौडेल), (ग) बुढाथोकी, (घ) बोगटी, (ङ) जोगी बैकार, चार थरका गन्धर्वभित्र कुटुम्बेरी प्रचलन आजसम्म पनि कायमै रहेको छ । तर चार थरका गन्धर्व ल्याइएकोमा पाँचओटा थर कसरी उल्लेख गरियो भन्ने जिज्ञासा रहन जान्छ। पर्शुराम गन्धर्वको भनाइ अनुसार, 'सुरुमा माडदिङमा चार थरका गन्धर्वहरूको बसोबास नै थियो तर बैकार थरभित्र चेलीमाइती बिग्रिएपछि ती बिग्रिएकालाई जोगी बैकार थर दिइएको हो ।" विवाहका सम्बन्धमा गन्धर्वहरू चोरी विवाह, मागी विवाह, जारी विवाह र प्रेम विवाहसमेत गर्छन् ।

## शिक्षा तथा आर्थिक अवस्था

यहाँ रहेका गन्धर्वहरूको शैक्षिक अवस्था खास सन्तोषजनक रहेको छैन । उर्वरशील भूमिमउस्तो दखल रहेको छैन । हालसम्म यहाँ माडदिङमा जम्मा चारजनाले एसइई (माध्यमिक शिक्षा) उत्तीर्ण गरेका छन् । जसमा एकजना महिला रहेकी छिन् । यहाँबाट बसाइँ सरी झापा गएकाहरूको शैक्षिक प्रगति अलिक राम्रो भएको यस पक्तिकारले त्यहाँका गन्धर्वहरूसँगको भेटघाटमा जानकारीसम्म पाएको छ ।

## धार्मिक संस्कार

यहाँका गन्धर्वहरू हिन्दु धर्मावलम्बी नै हुन् । उनीहरूको जन्म र मृत्युसंस्कार हिन्दु परम्पराअनुसार चलन छ उनीहरूको आफ्नो पुरेतको व्यवस्था छ । विवाहमा पहिलेपहिले

*अर्वाजो बाजा बजाइन्थ्यो तर अहिले नही सङ्कटमा रहेको छ । यसबारे एकजना पर्शुराम गन्धर्वको भनाइ छ, 'दसैमा च्याङ राईहरूको घरघरमा नौ दिनसक संकटमा राखेको सारखी बजाई गाएर समाप्त गर्नेपर्ने, यदि मालश्री गाउन नगरराईने धम्की पनि दिन र कसैले कुटपिटसम्म गर्ने गर्षे । दशमी टीकाको दिन प्याङ राईको घरमा गन्धर्वले फलफूल, कमेरो पैली, सिङ्का नलगेमा कुटपिटमा पर्नु पर्थ्यो ।*

***(स्रोतः मणि राई, भोजपुर दर्पण २०७८, पृ.५९९)***

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर गन्धर्व/गाइने जातिको कुल जनसङ्ख्या ६९७१ रहेको छ भने कुल जनसङ्ख्याको ०.०२ प्रतिशत जनसङ्ख्या रहेको छ ।

**४.११ बादी जाति**

नेपालको पिछडिएका समुदायमा पर्ने बादी समुदायका महिलाहरूलाई लिच्छवि शासनकालमा वैशालीकी नगरबधु पनि भनिन्थ्यो । यस समुदयाको प्रमुख पेशा नै नाच्नु र शासकलाई आनन्द दिनु थियो । त्यही 'बघु' शब्दबाट बाँधी नामकरण भई बादी हुन पुगेको अनुमान गर्न सकिन्छ । बादी पुरूषले बाजा बजाउने भएकाले ' वादक'बाट 'बादी' वा 'बाँधी' भनिएको पनि हुनसक्छ । पहिले बन्दा, बन्दी भन्दै आउँदा बान्दी, बाँधी भएको पनि भनिन्छ । नेपालको तराई यस समुदायको प्रवेश पन्ध्रौ शताब्दीताका भएको मानिन्छ । भनिन्छ, उनीहरू मुसलमानी अत्याचार सहन नसकी सुरक्षार्थ नेपाल पसेका थिए । विशेष गरी राजपुत र ब्राह्मणबस्ती छेउछाउ बादी बस्ती रहेको हुन्छ । त्यसबाट यो समुदाय पहिले राजस्थानी

हुनसक्ने पनि अनुमान लगाउन सकिन्छ। मध्ययुगमा विभिन्न सन्देशका बाहक मानिने बादी ऐतिहासिक समुदाय मानिन्छ।

नेपाल प्रवेशपछि बादी समुदायले यहाँका खानदानी, राजाराजैटा र सामन्तलाई मनोरञ्जन दिने गायन, वादन र नृत्यजस्ता कार्यमा स्थान पाउन समर्थ भयो । यिनै कार्यबाट यस समुदायले जीविकोपार्जन गर्दै गयो र त्यसको प्रचार पनि यत्रतत्र बढ्दै गयो। मूलतः नेपालको सुदूरपश्चिम, मध्यपश्चिम र पश्चिम क्षेत्रमा यायावर प्रकृतिले घुमिहिँड्ने यो समुदाय विभिन्न मेला, जात्रा गर्दै नदी छेउछाउमा टहरा बनाई बसोबास गर्दछन्।

बादी समुदाय खस भाषा बोल्दछन्। बादी समाज खुल्ला प्रकृतिको हुन्छ। पहिले बादी महिलाको मुख्य पेसाको रूपमा यौनधन्दालाई लिने गरिन्थ्यो तर अहिले आएर त्यस कार्यमा क्रमशः परिवर्तन देखा पर्दै गएको पाइन्छ। बादी समुदायमा बालक जन्मेको ११ दिनमा न्वारान गरिन्छ। ५-६ महिनामा पास्नी, ४-५ वर्षमा छेवर गरिन्छ। बालिकाको रज खुलेपछि मात्र नाक छेडी सात दिनसम्म गुफा राखी ठुलो नत्थी लागाइ दिइने प्रचलन छ। यो प्रक्रियापछि कुनै पनि बादी महिलापुरुषसँग संसर्ग गर्न योग्य भएको मानिन्छ।

बादी समुदायका गन्धर्वका छोरीछोरा र गोत्र फरक पर्ने केटाकेटीबीच विवाह हुने गर्दछ। विवाह गर्दा बादी केटा पक्षबाट १२ रूपैयाँ र जाँड ठेकी चारसहित केटीको घरमा लगिन्छ। रकम समयअनुसार वृद्धि गर्न सकिन्छ। त्यो रकम केटीको रूप, सीप र क्षमतामा भर पर्दछ, केटी दक्ष भए ठेकी चार दामको रकम बढ्ता हुनुपर्छ। २ हजार रूपैयाँसम्म र रक्सीसहित माग्न जाने परम्परा सामान्य नै हो। कन्यादानको प्रक्रिया हिन्दु विधिअनुसार गरिन्छ। मुलुकी ऐनले जारी नलिने भने पनि यस समुदायमा त्यो रोकिएको पाइन्न। यस समुदायमा पारपाचुके प्रथा पनि रही आएको छ।

बादीको मृत्यु संस्कारमा शवलाई बासको घारोमा बाँधिन्छ र विहान डाँडामा लगेर गाडिन्छ र केहीले दाहसंस्कार गर्ने, १३ दिनसम्म आसौच बार्ने, ३ दिनदेखि ७ दिनसम्ममा क्रियाकाज गर्ने चलन छ। अम्केको दिनमा क्रियापुत्रीले मासुसहित भोज गर्ने चलन छ। सातौ दिनमा मृतकलाई भात चढाइन्छ ८ दिनमा जलाएको वा गाडेको ठाउँमा लगी राखिन्छ। त्यसक्रममा सुँगुर काटेर रगत भातमा छर्किने चलन छ। यसो गरे मृतात्माको मोक्ष हुने

विश्वास छ। १३ दिनको अन्तिम संस्कारमा मलामी बोलाई जाँडभात खुवाउने गरिन्छ। बादी समुदायले सूर्य, अग्नि, बायु, बरूण र भगवतीको पूजागरी बडादसैं मनाउँछन्। यस समुदायले विशेष गरी दसैं, तिहार, सङ्क्रान्तिजस्ता पर्वमा नाचगान गर्न खानदानी व्यक्तिहरूले निम्तो गर्ने गर्दछन् । त्यसबेला मसक, सारङ्गी, मृदङ्ग, मादल, तबला, बाँसुरी, मुरली, चाँप, पाउजू, खैजडी, करतल र हार्विन आदि बाजा बजाई बादी महिला र पुरुषले नाच्ने गर्दछन् । बादी जातिका मौलिक पहिरनमा पुरुषका लागि धोती, कमिज, गन्जी, टोपी, पटुका हुन् भने महिलाको लागि फरिया, चोलीपटुका र अन्य शृङ्गारका सामान हुन्। बादी महलिाले पहिरने केही गहनामा मर्छुओं, ढुङ्गी, शिरबन्दी, किलिप, लर्क्समुन्द्री, सुनचापा, औठी, पाउजु, बाला, कमरबन्द, च्याप्ट र झम्केबुलाकी आदि हुन् । बादी समुदायले खानपानमा दालभात, रोटी पिरो, माछामासु, रक्सीजाँड सेवन गर्दछन ।

बादी समुदायका पुरूषलाई भाँड, कुमाल, दास बादी भनिन्छ भने राइभाट, साइभाट, रानाभाट, चानाभाट, चारभाइ भाट बादीलाई छुट्टै भाँडा जाति मान्ने पनि गरिन्छ। जोगी जस्तै मजाक गर्ने, गीत गाउने, बजाउने, नाच्ने गर्ने दुवै बादी र भाँड जातिबीच विहाबारी चल्दछ। बादीहरूको मूलचाड सङ्क्रान्ति (भाद्रसङ्क्रान्ति) हो जुन दिन यिनीहरूले ठुलाबडाको दर्शन गर्दछन्। बादी र भाँडजाति राजा नागीमल्लको पालामा पश्चिम नेपाल डोटीमा प्रवेश गरेको कुरा बुझाउँछन्।

**जातीय परम्परा**

बादीहरू १४ औं शताब्दीतिर भारतबाट सल्यान हुँदै रुकुम, रोल्पा, जाजरकोट र दैलेखमा बसोबास गर्न आइपुगेको बताइन्छ। जतिबेला उनीहरूको मुख्य पेसा थियो- चाडपर्व, विवाह-ब्रतबन्ध, भोज-भतेर आदि अवसरमा राजामहाराजा र सामन्तहरूको दरबारमा नाचगान गर्नु । त्यस बापत बक्सिस्मा प्राप्त हुने जग्गा-जमिन, घर अनि नगद-जिन्सीबाट उनीहरूको गुजारा चल्थ्यो । राणाशासनको अन्त्यपछि भएको रेडियो, टेपरेकर्डर, सिनेमा आदिको लहरले उनीहरूको त्यो परम्परागत पेशा खोसिन थाल्यो । त्यो अवस्थामा गाउँका सामन्त-धनाढ्यहरूलाई बादी महिलाको अस्मितामा खेल्न सजिलो भयो र अन्ततः उनीहरू मध्य केहि जीविकाको लागि यौन पेशा अँगाल्न बाध्य भए । त्यसै क्रममा उनीहरू नेपालगञ्ज, घोराही,

तुलसीपुरजस्ता तराईका घनाबस्तीमा बसाइँ सर्न थाल्दा नयाँ परिवेशमा विभिन्न पेशामा लाग्न थाले । बाबादिरुको आफ्नै भाषा हुन्छ । बालक जन्मेमा बार्ने परम्परा छैन । बिवाह इच्छा अनुसार गर्ने बादी बादिनिहरूमा विवाह अघि नै जन्मेका केटाकेटीलाई अपेक्षा गरिदैंन । युवाहरू मादल बजाउँछन् तर वृद्ध भएपछि तबला, ढोल र मुरली आदि बनाउने काम गर्दछन् । यिनीहरूमा मृतकलाई गाड्ने र ३ दिनमा नै चोखिने परम्परा विद्यमान छ ।

**जातीय पिडा**

बादी अल्पसङ्ख्यक जातिहरूमध्येको एक समुदाय हो । जसले अन्य अल्पसङ्ख्यक जातिहरूले जस्तो स्वच्छन्दपूर्वक प्रकृतिको काखमा लुटपुटिएर आफ्नो जातीय पहिचान बचाएको पाइँदैन बादी शब्दको उत्पत्तिका सम्बन्धमा विभिन्न विचार रहेको पाइन्छ । त्यसमध्ये बादी समुदाय बाद्यवादनसँग सम्बन्धित भएकोले नेपाली बृहत् शब्दकोशले बादीको अर्थ वाद्यवादनसँग सम्बन्धित भएर परिभाषा गरेको देखिन्छ । शब्दकोशका अनुसार बादी भन्नाले वाद्य वाधनलाई बनाउने, फुक्ने, सुरिलो र मनोरञ्जन तथा ताल आदि निकालिने सामग्री बाजा बनाउने रहेको छ । नेपाली बृहत शब्दकोशका आधारमा यो पनि भन्न सकिन्छ कि, बादी समुदाय आफ्नै परम्परा र सामाजिक सङ्गठनको स्वरूप भएको नेपालको दलित जातिभित्रको अलग समुदाय हो । बादी शब्द संस्कृत शब्द “वाद्यवादक” बाट लिइएको हो, जसको अर्थ हुन्छ, ‘साङ्गीतिक बाजा बजाउने व्यक्ति’ ‘बादी’ शव्दको उत्पत्ति ‘साङ्गीतिक बाजा बजाउने व्यक्ति भएको हुँदा उनीहरूको पेशा कै आधारमा वाद्यवादनबाट बादी र पात्रबाट पातर भएको’ भन्ने कुरा उल्लेख गरिएको छ ।

बादीहरू को हुन् ? र, यिनको मूल थलो कुन हो? भन्ने सन्दर्भमा मत भिन्नता रहेको भेटिन्छ । कसैले बादी समुदायको उद्‌गम स्थल सल्यान जिल्लालाई नै मानेका छन् । त्यस्तै कतिपयले बादीहरू भारतबाट बझाङ, जाजरकोट र मुसीकोटमा आएका हुन् भन्ने भनाइ राखेका छन् । केहीले बादी र पातरलाई नेपालका विभिन्न मन्दिरमा रहेका देउकी वा देउचेली (देवदासी), कुमारी र झुमाजस्तै नेपाली समाजका मौलिक संस्करण हुन् भनेका छन् । तत्कालीन समयमा वैशालीमा वेश्यावृत्ति एक सम्मानित र मर्यादित पेशा थियो । यो पेशा समाजबाट स्वीकार्य थियो । राजा, सामान्त तथा राजपरिवारका उच्च कर्मचारीहरूको

मनोरञ्जनका लागि विभिन्न गणिकाहरू रहन्थे । गणिकाहरूले विभिन्न गायन, नृत्य र कामकलाद्वारा उनीहरूको मनोरञ्जन गर्नु पर्दथ्यो । गणिकाहरू जीवनभर अविवाहित रहन्थे ।

त्यसैगरी अर्को तर्कअनुसार बादी समुदाय नट जातिका हुन् र यिनीहरू भारतको लखनऊ तथा त्यसको वरिपरि (उत्तर-पश्चिम) को क्षेत्रबाट मध्यकालको अन्त्यतिर पश्चिमी नेपालभित्र प्रवेश गरेका हुन् । उनीहरूलाई विभिन्न भुरे टाकुरे राजाहरूद्वारा आफ्नो महलमा नाचगान तथा मनोरञ्जनका लागि यिनीहरूलाई भारतको विभिन्न ठाउँबाट ल्याइएको हो । सल्यान जिल्लामा राज्य गर्ने राजा राजौटाका सन्ततीहरूले भने अनुसार बादी समुदायहरू भारतको उत्तरप्रदेशको कुमाउ गडवालबाट नेपालमा भित्रिएर नेपालको सल्यान जिल्लामा वसोबास गरेका हुन् । सुरुमा घुमन्ते फिरन्ते वर्गका रूपमा प्रवेश गरेका बादीहरूलाई स्थायी बसोबासको समस्या थियो । त्यसकारण यस समुदायका मानिसहरू जीविकाको निम्ति मादल तवला सारङ्गी बजाउँदै नाचगानको गर्ने पेशालाई अगाडि त बढाए । तर बादी समुदायसँग जग्गा जमिन नभएको, घरवार नभएको, धेरैको नागरिकता पनि नभएको र जीविका चलाउन दिगो आर्थिक बाटो नभएकाले उनीहरू आजसम्म कठिन जीवन बिताउन बाध्य समुदायका रूपमा रहेका छन् ।

केही लेखक तथा अध्येताहरूले बादी समुदाय नेपालकै रैथाने समुदाय हो भन्ने जस्ता तर्कहरू पेस गरेको पाइन्छ । उनीहरूको तर्कअनुसार दलित समुदायका केही जातहरूले राज्य सत्तामा शासन गरेका थिए । त्यसक्रममा बादी समुदायले प्यूठानको बादीकोट (बादी बारा) भन्ने ठाउँमा बादी जातिको राज्य वा बादीहरूले शासन गरेका थिए । यी तर्कहरू अन्य दलित समुदायमा लागु हुनसक्छ तर बादीहरूले राज्य गरेका थिए भन्ने कुरा त्यति तार्किक देखिँदैन । इतिहास हेर्ने हो भने पहिले युद्धमा जसको हार हुन्थ्यो, तिनीहरूलाई दास र नोकर बनाइन्थ्यो । दास र नोकरहरू वोल्ने अधिकारबाट वञ्चित हुन्थे । यस्तो अवस्था एक स्याहारे वा मनोरञ्जनकर्ताको रूपमा नेपाल भित्रिएका बादीहरू राज्य सत्ताको नजिक रहे पनि राज्य शासन गरे भन्ने तर्क त्यति वस्तुपरक देखिँदैन ।

बादी समुदाय नेपालको रैथानी समुदाय होइन । पेशामा पनि सङ्कट हुँदै गयो । र, यो पेशाबाट उनीहरू बाँच्न सक्ने स्थितिमा पुगेनन् । राजाहरूले ल्याएको हुँदा उनीहरूको पेशा अन्य दलित

जातिको पेशा जस्तो बालीघरे बन्न पनि सकेन । उनीहरूलाई राजाहरूले छोडिदिए पछि सडकमा आए । त्यसपछि उनीहरूले सडकमै आफ्नो पुर्ख्यौली पेशा नाचगानलाई निरन्तरता दिए । नाचगान गर्न उनीहरू चिटिक्क परेर बसेका हुन्थे । त्यसैले उनीहरू अरुभन्दा आकर्षक देखिन थाले । त्यही आकर्षण नै बादी समुदायका महिलाहरूका निम्ति यौन शोषणको कडी बन्न पुग्यो । पहिले उनीहरूको नाचगान सम्मानित र शोभान्वित थियो । राजाहरूको विवाह, पास्नी, व्रतबन्ध लगायत अन्य शुभकार्यमा उनीहरूले स्वागत गर्ने गर्दथे ।

यसरी बादी समुदायको उत्पत्ति सम्बन्धमा माथि उल्लेखित विचार हेर्दा बादी समुदायलाई नेपालमा प्रवेश गराउने काम लिच्छविहरूबाट नै भएको हो भन्न सकिन्छ । लिच्छविहरूले आफ्नो मनोरञ्जन गर्नको लागि यो समुदायलाई नेपालमा ल्याएका हुन् भन्ने तर्कप्रति विश्वास गर्न सकिन्छ ।  उत्पत्तिको इतिहास/मिथक/किंवदन्ती बादी समुदायको उत्पत्तिको इतिहासबारे विभिन्न प्रकारका मिथ र कथाहरू रहेको पाइन्छ । सल्यान, जाजरकोट, मुसीकोट तथा बझाङका बादीहरूका आ-आफ्नै तरिकाका कथाहरू रहेका छन् । बादी समुदाय, जो आज जातीय सोपानमा पीधमा रहेको छ । तर ऐतिहासक मिथक र किंवदन्तीले उनीहरूलाई अछूत भएको देखाउँदैन । ती किंवदन्तीमा बादीहरू राजाको सेवा गर्ने र राजाका भान्से भएको देखिएको छ । यहाँ तिनै केही किंवदन्तीहरू उल्लेख गरिएको छ । बादी समुदायलाई उपाध्याय बाहुनको सन्तान पनि भनिन्छ । कुनै समयमा इन्द्रलोकमा सधैँ जसो नाचगान र भोजभतेर हुने गर्दथ्यो । इन्द्रको भान्सामा बादी समुदायको पहिचान र अवस्था उपाध्याय बाहुनले मात्र भान्सा गर्न पाउँथे । एकपटक इन्द्रलोकमा पाँचवटा देउताहरूको भोज इन्द्रले नै आयोजना गरेछन् । त्यस भोजमा भोजन तयार गर्नको लागि उपाध्याय बाहुनलाई जिम्मा दिइएछ । त्यसपछि आफ्नो जिम्माअनुसार बाहुनले भोजन तयार गरिरहेको रहेछ । त्यहीबेला उता इन्द्रका परीहरूले ती सबै देउताहरूलाई आफ्नो कला देखाइरहेका थिए । इन्द्रलोकमा अप्सराहरूको त्यो नाचगानलाई भान्से बाहुनले उत्सुक भएर भान्साको (गुजेला) प्वालबाट एकोहोरो हेरिरहेको रहेछ । तर उता भोजन भने जलेर सबै नष्ट भएछ । भान्से बाहुन भान्सा भन्दा पनि परीहरूको नाचगानमा मस्त हुँदा उसलाई भान्सा जलेको कुनै पत्तो नै भएन । जब इन्द्रले सबै देवताहरूलाई खानाको लागि आग्रह गरे । त्यसपछि भान्सेलाई खाना पस्कन भने

तर भान्से दौडदै गएर इन्द्रको शरणमा परेर भन्यो, “महाराज म परीहरूको नाचमा नै मस्त भएछु, परीहरूको नाच हेर्दाहेर्दै मैले भोजन जलेको पत्तो नै पाइन, माफ पाउँ महाराज” । त्यसपछि इन्द्रले, “तिमीलाई नाच सार्‍है मन पर्छ बादीहरूको गोत्र हुँदैन भन्ने विषयमा भएका धेरै वहस र छलफलले पनि यस कुराको आधारलाई मानेको पाइँदैन । किनभने, बादीहरूले राजा रजौटाको घरमा स्याहारे र सुसारे भई काम गर्ने गर्दथे ।

बादी समुदायका अगुवाहरूका अनुसार बादीका महिलाहरू राजा रजौटाका रखैलसम्म भएका थिए । यसरी उनीहरूबाट जन्मेका बच्चाहरूलाई बुबाको नाम दिइएन । त्यस्ता बच्चाहरू हुर्कदै गई त्यसै प्रकारको काम गर्दै जाँदा उनीहरूको एउटा निश्चित सन्तान वा वंश नभएको हो । त्यसैले बादीहरू नेपालमा बढी मात्रामा रक्तमिश्रण भएको बादी समुदायको पहिचान र अवस्था समुदाय हो । यही तर्क यस अध्ययनमा सहभागी बादी समुदायका अगुवाहरूको पनि रहेको थियो । यसरी गोत्र भन्ने कुरा पुरुषबाट सर्दै उसका सन्ततिहरूमा सर्ने भएको कारण बादी समुदायमा बढी रक्तमिश्रण हुने देखिएको हो । त्यस्तै पुरुषले बादी महिलाबाट जन्मेका सन्ततिलाई अक्सर स्वीकार नगर्ने अवस्थाले यस समुदायको गोत्र हुँदैन भन्न सकिन्छ ।

यसैगरी विगतमा अन्तरजातीय विवाह गर्दा श्रीमान्‌को जात खसेर श्रीमतीको जातमा झर्ने चलन हुँदा पनि यस्तो अवस्था भएको हुन सक्छ । उदाहरणका लागि शाही (ठकुरी) ले बादी महिलासँग विवाह गरेमा बादी महिला ठकुरी नभएर ठकुरी पुरुष बादी हुने र उसले ठकुरीको गोत्र राख्न नपाउने सामाजिक नियम छ । जसका कारण, बादीहरूको गोत्र नभएको हो भन्ने भनाइ पनि रहेको पाइन्छ । बादीसम्बन्धी गरिएका अहिले सम्मको अध्ययनमा बादी परिवारको वंश वा गोत्र भएको देखिएन । तर गोत्रबाहेक बादी समुदायमा थर भने हुन्छ ।  बादी समुदाय र अन्य समुदायमा नातागोता र साइनो लगाउने कार्यमा कुनै फरक छैन । भाषागत रूपमा पनि अरुले जे साइनो उच्चारण गर्दछन्, बादीहरूले पनि त्यही उच्चारण गर्ने गर्दछन् । तर थर र वंश बादी समुदायमा फरक-फरक छन् । कोही सुनारका सन्तान, गिरी, वुढाथोकी, रोल्पाली बाहुन, सल्यानी साङ्कोटी फालावागी, मुसाकोटी, जाजरकोटी आदिका वंशज वा सन्तान हौं भन्ने चलन बादी समुदायमा रहेको छ । यो समुदायमा बादी, नेपाली, राना, भाँड,

दमाई, बैगार, सिंह, कुमाल, दास, वाद्यकार र गाइने आदीजस्ता थरहरू प्रचलनमा रहेको पाइन्छ ।

बादी समुदायका महिलाहरू बादीसँग मात्र विवाह गरेको भए, उनीहरूको सन्तान, नाता-गोता र वंश गोत्र थाहा हुन्थ्यो । उनीहरू राजा, रजौटादेखि गाउँका मुख्य व्यक्तिहरूबाट बच्चा जन्माउने तर उनीहरूले आफ्नो नाम नदिने अवस्था थियो । त्यसैकारण बादी समुदायको वंश नभएको हो भन्ने भनाई विश्वासनीय मान्न सकिन्छ । समता फाउण्डेशनको एक नीति-पत्रले बादी समुदायका केही प्रचलित थरहरू यसप्रकार उल्लेख गरेको छ । बादी समुदायको पहिचान र अवस्था १. कश्यप; २. कालीयान; ३. कुमाल; ४. केसरी; ५. खनौटे; ६. खाती; ७. गौ आदि । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर बादी जातिको कुल जनसङ्ख्या ११४७० रहेको छ भने कुल जनसङ्ख्याको ०.०४ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.१२ कुमाल जाति

कुमाल जातिको मुख्य पेसा माटाका भाँडा बनाउनु हो । यस अतिरिक्त कुमालहरू खेतीपाती र पशुपालन पनि गर्दछन् । उनीहरू भारोपेली परिवारको भाषा बोल्दछ र मूलतः प्रकृति र पितृ पूजामा रमाउँछन् । संस्कृत भाषाका कुम्भकार (माटोको भाडो बनाउने) बाट कुमाल शब्द बनेको हो भन्ने तर्क पाइन्छ । यसर्थ यो पेशागत शब्द हो । यस्तो पेशा गर्ने समुह वा समुदाय जुनसुकै देश, भूगोल तथा समाजमा पनि हुनसक्छन्, जस्तै कि माझी समुदाय तर यहाँ नेपालका विशेष जाति जसको आफ्नो छुट्टै भाषा र संस्कृति पनि छ र जसलाई नेपाल सरकारले आदिवासी जनजातिको सूचीमा सूचीवद्ध गरेको छ त्यसै समुदायको यहाँ परिचय स्थापना गर्न खोजिएको हो । भाँडो बनाउने माटो नदीको आसपास हुनहुनाले उनीहरूको बसोबास पनि पहाडको तल्लो भूक्षेत्रमा पाइन्छ ।

कुमालहरू बच्चा जन्मेको छैठौं दिनमा छैठी, ७ वा ९ दिनमा न्वारान, छोरीको - महिनामा र छोराको ६ महिनामा पास्नी (भात खुवाउने) गर्ने गर्दछन् । यस्तै गर उनीहरूमा छेवर, विवाह र मृत्यु संस्कार धुमधामसँग मनाउने परम्परा स्थापित छ यसै अवसरमा विभिन्न गीत गाएर नाचेर रमाइलो गर्दछन् । नेपालको अल्पसङ्ख्यक जातिमा पर्ने कुमाल जातिको वसोवास प्रदेश जस्तै चेप्टो नाक, मोटो ओठ, आँखीभौ र रौ कालो, कम दाह्रीजुंगा, सरदर उचाइ र सरल स्वभावको यो जाति मङ्गोल नश्लभित्रकै जस्तो लाग्छ ।

भारतको सिन्धुघाँटीबाट यत्रतत्र छरिने क्रममा प्राचीनकालमा नेपाल प्रवेश गरेको मानिने यस जातिको मुख्य पेसा धातुयुग पूर्वकालबाटै माटाका भाँडावर्तन बनाउनु हो । नेपालको प्राचीन इतिहास उत्खनन् गर्दा विभिन्न ठाउँमा ग्रेवेयर र अर्थनयट, पिचर, जग तथा माटाका खेलौना पाइने आधारमा यो जातिको उपस्थिति पनि त्यतिबेलैबाट भएको प्रमाणित हुन्छ । प्राचीनकालमा मृतिकलाको ठुलो व्यापार चल्दथ्यो । लुम्बिनी कपिलवस्तुमा विद्यमान मृतिकाकला मूर्ति र खेलौना संस्कृतिले पनि कुमाल जातिको वसोवास यस प्रदेशमा निक्कै पुरानो रहेको मान्न सकिन्छ । मानवसभ्यता अगाडि बढाउने क्रममा कुम्भकारबाट कुम्माल, कुम्हाल हुँदै कुमाल बन्न गएको बुझिन्छ । कुमाल जाति ७ थरे पूर्वीया, १४ थरे पश्चिमा र

३ थरे गरी तीन समुदायमा विभाजित रहेका पाइन्छ । यस जातिको थर ठाउँअनुसारका छन्, जसमा चुंदेली, पाल्पाली, अघाउने, मगरने, मडौले, चौराशे, रामपुरे, घोखनदा, खत्री, ठिढिने, बगाले, अर्घाली, सिखेली र प्यूठानी आदि हुन् ।

कुमाल पुरुषले कछाड, टोपी, घरो, भोटो लगाउँछन् भने महिलाले कालो गुन्यूँ, पटुका चोलो, घलेक, झुम्के बुलाकी, मारवाडी, ढुङ्गी, फुली, रैया, पाउजु लगाउँछन । यस जातिको खाद्य परिकारमा मासु, दूध, दही, फूल, झोल, जाँडरक्सी हुन् । यस जातिले रक्सी, जाँड, कुखुरा, सुंगुर, राँगो, र थारो भैंसीको मासु खान्छन् ।

कुमाल जातिले गर्ने मुख्य संस्कारमा न्वारान, पास्नी, छेवर, विवाह र मृत्युसंस्कार हुन् । जुठो सुत्केरी विधिपूर्वक बार्छन् । त्यस्तो बेलामा घर लिपपोत, सरसफाइ र खानपिनमा शुद्धता कायम गर्दछन् । पास्नी र विवाहमा आगन्तुक अतिथिको विशेष सत्कार गर्दछन् । विवाहमा मागी, भागी, जारी, विधवा विवाह, बहुविवाह पनि चलनचल्तीमा पाइन्छ । मृत्यु संस्कारमा लाशलाई सके दाहसंस्कार गर्ने, नसकेमा गाड्ने प्रचलन छ । मृतकलाई पोल्नु वा गाड्नु पर्दा जमिन किन्न ५-१० पैसा फ्याक्ने चलन विधि रहेको पाइन्छ । बरखी ६-१२ महिनासम्म बार्ने चलन यस जातिले माघे सङ्क्रान्तिमा दाल, चामल, बेसार अदुवा चढाएर पितृहरूलाई पिण्ड दिने अनुष्ठान गर्दछन् । प्रकृतिसँग खेल्ने पेशा गर्ने हुँदा यो जाति प्रकृतिपूजक भएको पाइन्छ । यस जातिले विशेष गरी माटो, ढुङ्गो, रङ्ग, आगो, पानी, वनस्पति, काठ, धातु आदिको पूजा गरेको पाइन्छ ।

कुमाल जातिले बलि दिएर वायु पूजा, पितृको सम्झनामा घरको ईशाण्य कोणलाई भगवान शिवको स्थान मान्दछन् । मङ्सीर महिना वर्षको एक पटक कुभिण्डो र भाले कुखुरा काटी घरको भण्डारमा बत्ती बाली अक्षता र चामलको पीठोबाट बनेको ढिकर चढाउँछन् । यसलाई कुलायन पूजा (पितृपूजा) भन्दछन् । यस दिन घरमा रहेका घुँडा, खुकुरी, हँसिया, हतियार पूजा गरी रगत चढाउने परम्परा छ ।

कुमाल जातिको अर्को महत्त्वपूर्ण पूजा शिकारी पूजा हो । वनमा शिकार गर्ने एक अदृश्य शक्ति शिकारीले बान (बाँण) नहानोस्, काम गर्दा दूर्घटना नपरोस भनी यो पूजा गर्ने गर्दछन् । यो पूजा गर्दा भालेपोथी जोडी कुखुरा बलि दिने परम्परा रहेको छ । त्यस्तै भदौमा

धानखेतमा चरामुसा किरा फट्येङ्गाले बाली नोक्सान नगरून् खेतको आलीमा चाखो लिङ्गो गाढेर सस्यूँको दाना आगोमा पड्काएर 'चरा मुसा हा । हा ।' भनेर पूजा गर्ने चलन पनि छ । यसैगरी गाउँले मिलेर कुखुराको बलि दिई सकेसम्म सिरिसको फेदमा पूजा गर्ने यस जातिमा प्रचलन रहेको छ । यसलाई बाजेबज्यैको पूजा अर्थात् पूर्वेली वा पूर्वजको पूजा भन्ने गरिन्छ । यो पूजाको क्रममा गाउँलेको रायमा पुजारीले तोकेको एक दिन अगाडिबाट फलाहार बसी पुजाको दिन घरैमा कुटेको चामल, कुखुरा र सँगुर बली दिएर लिङ्गोमा ७ फन्का धागो बाँधी प्रसाद सोही स्थानमा खाने परम्परा छ ।

**झाने नाच**

कुमाल जातिको परम्परागत नाच हो । गाउँघरमा विहावारी, ब्रतबन्ध, पास्नी परेको मौकामा, चेलीबेटी, दाजुभाइ भेला भई दिनभरिको थकाइ मार्न यो नाच नाच्ने परिन्छ । काहे नाचमा भादल ने मुख्य बाजा हुन्छ र लोकलयमा गीत गाउने गरिन्छ । गीतको सुरमा खाजा, रक्सी, चटनी, मासु, अन्य परिकार खाने, हाँसो ठट्टाभट्टा गर्ने र मन प्रफुल्लित पार्ने परम्परा रहेको छ । रातभर पालैपालोजसो लोकलयमा गाउने चलन छ ।

कुनै शुभ अनुष्ठान नभएको घरमा भाचे नाच आयोजना भए त्यसको खर्च सामूहिक रूपमा बेहोरिने नत्र घरमुलीले नै खर्च बेहोर्ने प्रचलन छ । नयाँ गृहप्रवेश गर्दा पनि भाचे नाथ नाच्ने चलन छ । यस्तै मेला, पर्व, सामूहिक खेतीपाती गर्दा, खेती भित्र्याउँदा पनि सारा युवायुवती रमाएर नाच्नेगाउने गरिन्छ । झाने गीतमा दोहोरी चल्दछ । यसले गुरूडको रोधीघरलाई बिर्साइदिन्छ । यस नाचको रौनक विशेष गरी विहावारीमा जमेर हेर्न पाइन्छ ।

कुमाल जातिको अर्को नाच नागनाच पनि हो । यो नाच दशैंमा शुरू भएर कार्तिक ठुलो एकादशीसम्म कायम रहन्छ । निम्ता दिएको घरमा मात्र नाच्न मिल्ने यस नाच दुई जना युवाले युक्तीको पहिरन गरेर पालैपालो रातभर नाच्ने गर्दछन् । बेलुकीबाट शुरूगरी बिहान उज्यालो नहुन्जेलसम्म यो नाच भइरहन्छ । नाच्ने, बजाउने, गाउने, हेने सबै रक्सी मासु खाएर रनक्क परेका हुन्छन् । नाच जब सकिन्छ जाने बेलामा नाङ्लोमा एक पाथी धान, काँसको थालमा एक माना चामल पैसा र तामाको पालामा दियो बालेर स्त्रीको वेशभूषामा नाच्ने

व्यक्तिलाई दिने परम्परा रहेको छ । त्यस सामग्री नागिनले उचाली एक फन्को लगाई त्यही छोडी जानुपर्दछ । यो नाच अहिले हराउँदै गएको छ ।

आदिम कालदेखि बसोवास गर्दै आएका ६० वटा आदिबासी जनजातिहरू मध्ये कुमाल जाति पनि एक हो । यो जाति खास गरेर पहाडी प्रदेशको खोला नदीको किनारमा पर्ने बेशी, टार र फांटहरूमा बसोबास गरेको पाईन्छ । पूर्व मेची देखि पश्चिम महाकालीसम्मको विभिन्न जिल्लाको तराई र भित्री मधेशमा पनि यो जातिको बसोबास छ । हिमाली क्षेत्रमा भने यस जातिको बसोबास भएको पाईदैन । शारिरीक रूपमा सुसंगठित, बलिया पाखुरा, विशेषतः कालो बर्ण, थेप्चो नाक, होचो कद यस जातिको भिनो परिचय मान्न सकिन्छ । शिक्षा र स्वास्थ्य क्षेत्रबाट पछाडि परेका र आर्थिक विपन्नतामा रुमालिएका यस आदिवासी जातिले राष्ट्रिय विकासको मूलधारमा समान अवसरको अनुभूति गर्न सकेका छैनन् ।

**वेशभूषा**

कुमाल जातिका वेशभूषा खाश किटान नभए पनि पुराना पुस्ताको लोग्ने मानिसले लगाउने घरबुनाका सेतो भोटो, घरबुनाकै कछाड्, कालो ईष्टकोट र टोपी, टोपीमाथि सेतो फेता अनि आईमाईहरूले लगाउने कालो चोलो, कालो गुन्यु, पहेलो वा अरु रंगको पटुकी, रातो घलेक र बुट्टे मुजेत्रो, कानमा चेप्टे सुन, ढुङ्ग्री, हातमा राता चुरा, गलामा पहेलो पोते, मुगाको रातो माला, जन्तर र चाँदीका ठिमुरेमाला, हातको औंलाका छापे औंठी, कपालमा रातो डोरी धागो, नाकमा छाते फूली र निदारमा ईच्छानुसारको रातो टिका लगाउने चलन छ । तर यस पुराना भेषभूषाहरूलाई कोट, सर्ट, पाईण्ट, साडी, चोलो, व्लाउज, कुर्ता सलवार, आदी आधुनिक पोशाकले विस्थापित गर्दैछ ।

**खानपान**

खाश गरेर कुमाल जातिको बसोबास बेशी, टार, फाँटमा भएकाले यिनीहरूले आफ्नो आर्थिक हैसियत र अवस्था अनुसार चामलको भात, दाल, तरकारी र माछा आदी खान्छन् । आर्थिक बिपन्नताको कारणले यिनीहरूले ढिंडो, कोदोको रोटी, मकैको भात, गुन्द्रुक, पिंडालु, तरुल, र घु'गी, ग'गटो, भिं'ङ्गे माछा, र बाम जस्ता जलचरहरू पनि खान्छन् । जाँड रक्सीको

सेवन यिनीहरूको पुरानो संस्कार हो । अझ पुरानो जमनामा त गिठा, भ्याकुर, जंगली च्याउ, गुर्वा, बॉकु, मैनकॉडा जस्ता कन्दमूल पनि खाने चलन थियो । मासुमा कुखुरा, हॉस, सुंगुर बंगुर, आदि खान्छन भने खरायो, कालीज, बनकुखुरा र अन्य पंक्षीहरू पनि शिकार गरी खाने गर्दछन् ।

**बसाइँसराइ**

कुमाल जातिहरूले आदिमकालदेखि खोला नदिको किनारमा अवस्थित टार, फॉट र बेशीमा औलो ज्वरो र बिफर जस्ता घातक रोगहरूसंग लड्दै तराई र भित्रि मधेशमा करेंत र गोमन जस्ता खतरनाक सर्पहरू हात्ती गैंडा र अर्ना जस्ता जंगली जनावरहरूसंग लड्दै आफ्ना पूर्वजहरू गुमाउ'दै खेती तथा बस्ती योग्य ठॉउहरू बनाए । तर त्यस ठॉउमा जब विकासका पूर्वधारहरू बाटो, अस्पताल, विद्यालयहरू, पानी, बिजुली बत्ति र कलकारखनाहरू खुले, शहरीकरण र औद्योगिकरण भए तब कुमाल समुदाय आफ्ना जमिन अन्य जातिहरूलाई बिक्रि गर्दै आफ्नो वस्ती अन्यत्र सार्दै गरेको पाईन्छ । कतै कतै त आफुले विक्रि गरेको जग्गामा अन्यले बनाई बसेको घरमा दैनिक कामकाज गरी जिवनयापन गरेको दयनिय अवस्था पनि देखिन्छ । यस्तो तितो यथार्थ, कुमाल समुदायमा विद्यमान छ ।

**रहनसहन**

आदिबासी कुमाल समुदाय खास गरेर सामूहिक रूपमा गुचुमुच्च घरहरू बनाई पुरानो वस्ती वस्तीमा बस्ने जाति हो । पुरानो वस्तीका घरहरू डल्लाको गाह्रो,फुसको छानाबाट निर्मित हुन्थ्यो । घुमाउने घर आजकल प्रायः लोप भईसके पनि कतै कतै अझै देख्न पाईन्छ । बांसको चिम्नी बनाई घुमाउरो तरिकाले राखि भित्र बाहिरबाट माटोले लिपेको घर साच्चै लोप भैसकेकोछ भन्दा पनि हुन्छ । तर आजकल धेरैजसो गाउ' वस्तीहरूमा आधुनिक घरहरू बनाई बसोबास गरेका देखिन्छ ।

आदिबासी कुमाल जाति शिक्षा, स्वास्थ्य र राजनिति क्षेत्रबाट निकै पछाडि परेका छन् । कुमाल समुदायमा जम्मा जनसंख्याको झण्डै ४६ प्रतिशत जनसंख्या साक्षर भए पनि उच्चशिक्षा हासिल गर्नेहरूको संख्या २ प्रतिशत भित्र सिमित छ । यसरी यस जातिले शैक्षिक,

आर्थिक, सामाजिक र राजनैतिक पछौटेपनले गर्दा राष्ट्रिय विकासको मूलधारमा समान अवसरको अनुभूति गर्न सकेका छैनन् ।

अतः यिनै पछौटेपनबाट क्रमशः अघि बढ्दै कुमाल समुदायले एकातिर आफ्नो लोपोन्मुख भाषा, धर्म, संस्कृति र भेषभूषालाई संरक्षण गर्दै जानु परेकोछ भने अर्कोतर्फ समाबेसी लोकतान्त्रिक गणतन्त्रमा सक्रिय सहभागिताको लागि राज्यलाई आफ्नो पहिचान दिदै जानु परेको छ ।

**कुमाल जाति भित्रका थर**

कुमाल समुदायमा (१) मुखिया (३) अर्घाली(४) पाल्यालि (५)सिरब्रालि (६) प्युथानी (७) सप्लुङे (८) निरन (९) पोखेलि (१०) गोरुङगे (११) पोस्थरे (१२) सप्कोटा (१३) बढघरे (१४) हर्दिया (१५) रनगुजे (१६) बाङबोटे (१७) सवाङजे ( १८) राजपुत (१९) गोरसते (२०) मसुके (२१) बोस्कोरे (२२) हरदैली (२३) चाप्कोटे (२४) अठमैया (२५) थिमथिम (२६) पर्वते (२७) स्याङजाली (२८) नयाचउतारे (२९) राना (३०) चोल (३१) राउजे (३२) बोटे (३३) दुधपाउ (३४) हलिसे (३५) डले (३६) मुकुडे (३७) पाठक (३८) भट्टराई (३९) स्यान (४०) शान्था (४१) अडमइया मसुके (४२) बर्मा (४३)मेसबि (४४) हलिदे (४५) डङ्गौले (४६) पोलेङ्गे (४७) गीदाली (४८) भेल्टारे (४९) मङरते (५०) फुस्रा (५१) कुम्ले (५२) अरघौले (५३) गोर्खालि (५४) साखे (५५) बैरठे आदि छन् ।

कुमालहरूको आफ्नै प्रकारको परम्परागत नियम कानुन छ नियम कानुन हेर्ने जिम्मा मिजार, मुखिया, बढ्यौंलि ,गौरुङग जस्तो पद दिएर समाजमा विभिन्न प्रशासनिक कार्यगर्ने परम्परा थियो हाल यो परम्परा सबै ठाउँमा लोप भैसकेको छ । अरुण गाउँपालिका वडा ६ कुमाल जातिको बसोवास रहेको छ । हलेली, घरपाखा. र धरपाठक थरीका कुमाल जातिको सोह सत्र घर यहाँ बसोवास रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर कुमाल जातिको कुल जनसङ्ख्या १२९७०२ रहेको छ भने कुल जनसङ्ख्याको ०.४४ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.१३ थामी जाति

थामी जाति मूलतः उत्तरी दोलखाको आदिवासी हो । थामीहरू आफूलाई भन्न रुचाउँछन् । प्रवृत्ति पूजकको रूपमा चिनिने थामी समुदायको आफ्नै म लोक इतिहास र संस्कृति संस्कार छ। यस जातिलाई नेपाल सरकारले आ जनजातिको सूचीमा सूचीकृत गरेको छ ।

दोलखा जिल्ला सदरमुकाम चरिकोटको उत्तरतिरका पहाडी गाउँहरूमा जातिको बसोबास पाइन्छ। सुस्पा क्षमावती, सुन्द्रावती, लापिलाङ, आलाम्पु, कालिन्चोक, चिलखा, बिगु लगायतका गाउँहरूमा उनीहरूको ब बसोबास पाइन्छ। सुस्पा क्षमावती गाउँको याङर्याङथली थामी जा पितृभूमि हो । यहींबाट उनीहरू अन्यत्र छरिएका हुन् भन्ने स्थानीय थामीह दाबी रहिआएको छ । संवत् २०७८ को जनगणनाअनुसार नेपालभरिमा थामी जातिको जनसङ्ख्या ३२७४३ रहेको छ। थामीहरूमा एकभाषीक पनि पाइन्छन् र. बहुभाषी पनि। पछिल्लो पुस्तामा मातृभाषाको पुस्तान्तरण देखिन थालेको विभिन्न अध्ययनहरूले देखाएका छन् ।

नेपाल थामी समाजका अनुसार उनीहरू दोलखाका पुराना जाति हुन् । उनीहरू दाबीअनुसार १२ औं शताब्दीमा त्यहाँ थामी राज्य पनि थियो र 'सतीसाल' नामम मुद्रा पनि प्रचलनमा ल्याएका थिए भन्ने दावी थामी अगुवाहरूको पाइन्छ । वि १६२४ मा दोलखाका सातजना प्रमुख राजाले जारी गरेको स्वर्णपत्रमा कयास चखोनथ प्रजा, संज थाम आदि नयाके जाश्वं, केश्वं चातिवाहिकन समस्त तो जुरो राज अंसन हयाल' अर्थात् 'काज विशेषले बाहिर जाँदा प्रजा (नेवार) स (तामाङ, भोटे), थाम (थामी) आदिसँग जाश्वं केश्व रकम बाहेक अरू सबै रक माफी गरियो' भनी लेखिएको छ भन्ने छ। दोलखाका शासक जितादेवको शासनका

ने.स. ६८८ मा लेखिएको अभिलेखले दोलखाका आदिवासीमध्ये किरथिए भन्न पुष्टि हुन्छ । दोलखामा स्यूस्यू राजा, स्यूस्यू रानी, हाइहाइ राजा, हुझ् रानी, पत्राङ्गी राजा, पत्राङ्गी रानी, गोल्माराजा, गोल्मारानी, पाण्डु र खाण्डु राजा नामका थामी राजाहरूले शासन गरेको भनाइ पाइन्छ । सेवा विशेषतः वर्षायाममा गौसमको अनुमान लगाउन सकिदैन । कोपजेदार कहा चहानी काखमा थामी जातिको बाक्ला बस्ती पाइन्छन । छाना छाउने ढुङ्गाको खानी रहेको छ । यहाँको खानीबाट निकालेको बरेलालगायतका अधिकांश थामी बस्तीका घरहरू छाएको देख्न सकिन्छ ।

पुर्जा यापती छुकु र सोनारे बज्यैका सात भाइ छोरा र सात बहिनी छोरी । छोराहरूको नाम निम्नानुसार रहयो : (१) रिस्मी (२) आक्यामी (३) ३२ (४) दुम्सुपेरे (५) मोसनथले (६) रोइमीराती (७) जयधने । यी नाम नै तरमा पुरुष थामीका थर-उपथर बने भन्ने कथन पाइन्छ । उनीहरू आफूलाई लिखित विनै सात थरका पुर्खाका सन्तान मान्छन् । यी धरभित्र थुप्रै उपथर छन् ।

महिलाको पनि आफ्नै थर हुन्छ । उनीहरूका थर बुबा वा श्रीमान्को थरमा सारित हुँदैन । यसको अर्थ बुबा रिस्मी थरको छ भने छोरी वा श्रीमती रिस्मी । बुबाको थर छोरामा सर्छ र आमाको थर छोरीमा सर्छ । यापती छुकु र सरे आजीका सात छोरीहरूकै नाम र तिनका सन्तानहरूबाट यी थरहरू निःसृत आएको भनाइ छ । महिलाका थरहरू निम्नानुसार छन्: ययान्तेसिरी (२) आपानसिरी (३) चाल्दासिरी (४) पेन्टेसिरी (५) नाडाइसिरी (६) सेकसिरी ( ७) पाटेसिरी रोकसिरी (७) पाटार हिला धरभित्र पनि रमन, दमन, ड्यापित् जस्ता विभिन्न उपथरहरू पाइन्छन् । सास्कृतिक रूपमा थामी महिला निकै स्वतन्त्र देखिन्छन् । यस परम्पराले हिन्दु हिलाको तुलनामा उनीहरूको सांस्कृतिक अधिकार धेरै रहेछ भन्ने सङ्केत गर्दछ ।

**उत्पत्तिसम्बन्धी अवधारणा**

यानीहरूमा सृष्टिसम्बन्धी अवधारणा पनि पाइन्छ । सृष्टि कालमा हिमालयमा एउटा सनको र एउटा चाँदीको पोखरी थियो । ती दुबै पोखरी फुटेर भल बग्यो, समुद्रमा गेपछि

तिनको फिंजबाट किराहरूको उत्पत्ति भयो । ती किराहरूबाटै मानिसको उत्पत्ति भएको हो भन्ने अवधारणा थामी लोक कथनमा पाइन्छ ।

**विश्वास पद्धति**

थामी जाति आफ्ना पुर्खा र उनीहरूले बसालेका थितिमा पूरा आस्था राख्छन् । व्यापती छुकु र सोनारे बज्यैले बसाएका रीतिथितिका आधारमा आजका थामीहरूमा सामाजिक-सांस्कृतिक अनुशासन कायम छ । गर्भवती महिलाले काटमार गर्न हुँदैन र गरेमा जन्मने शिशु खुंडे हुन्छ भन्ने विश्वास उनीहरूमा पाइछन् । आजभोलि पनि उनीहरू यस विश्वासमा अडिग छन् । विवाहपछिअनिवार्य रूपमा किरिया मन्साउनु पर्छ नत्र आफ्नो सर्वनास हुन्छ भन्ने विश्वास उनीहरूमा बलियो छ । आठ महिनामा बच्चाको दाँत पलायो भने मामालाई भन्ने विश्वास पनि उनीहरूमा पाइन्छ । नाक कान छेडिएन वा जिउमा चोटको लागेको छैन भने अशुभ हुने विश्वास पनि उनीहरूले पालेका छन् । उनीहरू विश्वासहरूको परिपालना उनीहरूले गरिरहेका छन् ।

**जीवन संस्कार**

**(१) जन्म संस्कार र नामकरण**

शिशु जन्मेको दिन घरमा पानी छर्किन्छ । शिशु जन्मनासाथ सूतक लाग्ने हुना सुत्केरीलाई जोसुकैले हुँदैनन् । सुत्केरीले बिउ छर्नु र देउता थानतिर जानु हुँदै भन्ने धारणा पनि पाइन्छ । छोरीको पाँच दिनमा र छोराको सात दिनमा न्वारन गर्ने चलन छ । न्वारनको दिन कोठाचोटा लिपपोत गरी शिशुलाई मनतातो पानीम तितेपातीले नुहाइ दिन्छन् । शिशुकी आमाले पनि नुहाउनु आवश्यक हुन्छ । थाम पूजारीले विधिविधान गरेर चोख्याउँछन् । न्वारन गर्दा दाजुभाइको उपस्थितिले मान हुँदैन, नाताकुटुम्ब पनि हुनु आवश्यक छ । गच्छेअनुसार भोज खुवाउने प्रचलन छ ।

शिशु जन्मेको दिन सो घरमा पूजापाठ वा शुभ कर्म परेको छ भने न्वारन सोही दिन सक्नु पर्ने विधान पनि पाइन्छ । उहिले जन्मेको बार र तिथिको आधारमा झाँक्री बच्चाको नाम राख्ने चलन थियो जस्तैः आइतबार जन्मिनेलाई आइते वा आइतमाय सोमबार

जन्मेकालाई सोमबहादुर वा सोममाया आदि । हाल यो चलन लोप हुँदै छ नाम राख्ने नयाँनयाँ प्रचलन देखापरेको छ ।

**२) पास्नी**

पास्नी आमाको दूधमा भर पर्दछ । बच्चालाई दुध पुग्दो छ भने भातख्वाइ ढिलो गर्छन् र अपुग भए छिटै गर्छन् । सामान्यतः दस महिनामा भातख्वाइ (पास्नी) गर्छन् । बच्चालाई चाँदीको मोहरले भात खुवाउने र टीका लगाएर दक्षिणा दिने चलन छ ।

**(३) छेवर**

थामी समुदायमा तीन या पाँच वर्षको उमेरमा छेवर गर्ने चलन छ । साइत जुराएर छेवर गर्दछन् । सर्वप्रथम बच्चालाई गोठमा लगेर गाईको दाम्लाले बाँध्छन् । कपाल काट्ने बेला बच्चाको हातमा कुखराको फुल राखिदिन्छन् । मावलीको उपस्थिति अनिवार्य हुन्छ । साइनोको दिदी या भान्जी पर्नेले कैंचीले कपाल काट्नु पर्छ । कपाल भुइँमा झर्न दिँदैनन् । दुईपट्टि कन्सिरीमा र घुच्चुकमा गरी तीन ठाउँ टुप्पी राख्छन् तीन दिनपछि छुरा लगाउने चलन छ । फुल खान दिएपछि बच्चालाई दाम्लोबा फुकाउने चलन छ । गच्छेअनुसार भोज हुन्छ ।

**(४) गुन्युचोली दिने र नाककान छेड्ने**

छोरीलाई ५ वा ७ वर्षमा गुन्युचोली दिने चलन छ । गुन्युचोली दिएपछि टीका लगाएर दक्षिणा दिने प्रचलन पनि छ । हाल यो चलन घट्दै छ । सायद यो उनीहरूको बौलिक चलन नहुन पनि सक्छ ।

थामीहरूमा महिलाले नाककान र पुरुषले कान छेडने चलन छ । नाककान नछेडेमा ड्याटी अर्थात् बनझाँक्रीले लान्छ भन्ने विश्वास उनीहरूमा पाइन्छ । दोख बिमारबाट बच्नका लागि घाउ वा दाग बनाउनु पर्ने जनविश्वास छ । हाल यो चलन पनि घट्दो क्रममा छ ।

**(५) विवाह संस्कार**

बीस एक्काइस वर्षको उमेरमा बिहे गर्ने घरसल्लाह भएपछि दुई जना टाठाबाटा व्यक्तिलाई लमी छान्छन् र उनीहरूलाई भोज खुवाउँछन् । केटी मगनी गर्न जाँदा दुई बोतल रक्सीसहित कन्याको घर पठाइन्छ । कन्याको घरभित्र पसिसकेपछि फलाना केटालाई फलानी

केटी माग्न आएका हौं भनेर कुरा सुरू गर्छन् । कन्या दिने मन भए छलफल हुन्छ, नत्र हाकाहाकी दिन्नौँ भन्छन् । तर लमीले केटो असल छ, इमान्दार छ, गरिखाने छ, छोरी पाल्छ सक्छ, जग्गाजमिन छ आदि भनेर फकाउँछन् ।

कन्या दिने कुरा पक्का भएमा अर्को पटक रक्सी लानु पर्छ । त्यो रक्सी कन्याको माइती र मावलीलाई खुवाउँछन् । तेस्रो पटक केटाको लगन जुराउने काम हुन्छ । लगन जुरिसकेपछि विवाहको तयारी हुन्छ । विवाह प्रायः वैशाख, जेठ, मङ्सिर, माघ या फागुनमा गर्ने चलन छ ।

जन्ती जाँदा एक जना कन्या केटी बेहुलाको साथीको रूपमा मड्यौली लानु पर्दछ । जन्ती बेहुलीको आँगनमा पुग्छन् । जन्तीको अघिअघि आइपुगेका मादलेहरू गीत गाउन थाल्छन् । जन्तीहरू कन्याको घरमा पुगेपछि मादलेहरूले बास माग्न दोहोरी गाउँछन् । खानपिन हुन्छ । घरभित्र थामी भाषामा नै बिहेको विधिविधान हुन्छ । रीतपूर्वक रक्सी, रोटी, पैसा, टोटलाको फुल, दुबो, अक्षता, केराको पातमा राख्नु पर्छ । बेहुलीका बुबाले फलाना केटालाई मेरी फलानी छोरी एक दिएँ, दुई दिएँ, तीन दिएँ भनेर पैसा छुनु पर्छ ।

बेहुलीका आमाबुबाले बहुला बेहुलीलाई टीका लगाइ दिन्छन् । त्यसपछि क्रमशः परिवार जन, नातागोता, इष्टमित्रले टीका लगाइदिन्छन् । बेहुलालाई बाह्र हातसम्मको पगरी लगाइदिने चलन छ । जन्ती बेहुलाको घर पुगेपछि विभिन्न रीत सम्पन्न गरिन्छ र बेहुला र बेहुलील घरभित्र हुलेर बेहुलाका आमाबुबाले टीका लगाइ दिन्छन् । तीन दिनपछि कोसेली र लमीसहित बेहुलाबेहुली बेहुलीको माइत जाने चलन छ ।

आमा बुबाको विवाहको विधिविधान नभएको अवस्थामा छोराछोरीको बिहे गर्नु मन्त एक दिन अगाडि आमाबुबाको बिहे गर्नु पर्छ । दम्पत्तीमध्ये कुनै एकको मृत्यु भएमा केराको थामसँग जोडी बनाएर बिहे संस्कार गर्ने चलन पनि पाइछ । त्यसपछि मात्र छोरा छोरीको विवाह गर्दछन् ।

### (६) मृत्यु संस्कार

परम्परागत रूपमा थामी समुदायमा लास गाड्ने चलन थियो । हाल जलाउने चलन चलेको छ । कतिपयले खोलामा जलाउँछन् भने कतिपयले डाँडामा लगेर जलाउँछन् सुस्पाका

दामाराङ, फासेलुङ र गुम्फुङ टोलका थामीहरू अहिले लासलाई खोलामा जलाउने गर्छन् भने अन्य ठाउँका थामीहरू डाँडामा लगेर जलाउँछन् ।

दाहसंस्कार गरिसकेपछि छोराले नुहाएर टाउकामा सेतो कपडा बाँध्ने चलन छ मलामीलाई खाजा खुवाउँछन् । झाँक्रीले घेवा गर्ने तिथि मितिबारे यकिन गर्छन् छोराहरू सबै कुरमा बस्छन् । कुरमा बस्दा पिरा, चकटी, गुन्द्रीमा बस्न बर्जित हुन्छ घेवा नगरुन्जेल अर्काको घरमा खानु पनि हुँदैन ।

पहिले पहिले घेवा पुस महिनामा गर्ने चलन थियो । माघमा मरे पनि एक वर्ष पर्खन् पर्थ्यो । अब तीन दिन, महिना दिन, तीन महिना वा वर्ष दिनमा गरे पनि हुने चलन चलाएएको छ । घेवा गरेन भने मृतकले स्वर्ग तर्दैन र मृतकलाई भोकले सताउँछ भन्ने विश्वासले उनीहरूमा जरा गाडेको पाइन्छ । थामी समुदायमा घेवा कार्य तीनदेखि पाँच जना खामीहरूले सम्पन्न गर्दछन् मृतकलाई घरपरिवार र आफन्त जनले खाना चढाउने प्रचलन छ । घेवामा नै के बस्नेले लुगा फेर्नु पर्छ । झाँक्रीले सबै खानपिन र मासु फुकाउँछन् । चराले भान नफेरुन्जेल सिस्नो खानु हुँदैन भन्ने विश्वास पनि उनीहरूमा छ । घेवामा मृतकको नाउँमा चौतारा वा साँघु हाल्ने काम हुन्छ ।

**थामी जातिको सैहोले पुम्बा र मिथक**

किरात सभ्यताभित्रको साकेला वा उँधौली पर्वको समुदाय अनुसार फरक-फरक मिथक छन् । थामी जातिले मनाउने भुम्या पर्वको पनि आफ्नै मिथक छ । सैहोले पुम्बा भुम्या पर्वभित्रकै एक मौलिक धामिर्क अनुष्ठान हो । यसको पनि मौलिक मिथक छ । जसको सम्बन्ध मानव, पशुपन्छी, ढुङ्गा, माटो, खोला, पहाड, पर्वत लगायत सिङ्गो प्रकृतिको सृष्टिसँग छ । एउटा समय थियो । जुनबेला पृथ्वीमा जीवात्माको सृष्टि थिएन । पृथ्वी प्राण विहीन थियो । यस्तो बेला देवतामा पृथ्वीलाई प्राण दिने मनसाय जाग्यो । यसका लागि मानवको आवश्यकता थियो । ऊ बाँच्न पानी चाहिन्थ्यो । अन्य बाली आवश्यकता थियो । ढुङ्गा, माटो, पहाड, पर्वत, खोला, वन, हावा लगायत सिङ्गो प्रकृति सिर्जनाको आवश्यकता थियो ।

देवता यसको परामर्शमा जुटे । यही क्रममा मानव सृष्टिका लागि प्रयत्न भयो । यसका लागि सुन र चाँदीलाई एक कट्ठा गरे । आपसमा मिसाएर मानवको आकार दिए । बोलाए । तर, ऊ बोल्यो । तर, यसको क्रियाकलाप अनौठो थियो । ऊ निक्कै सानो थियो । यतिसम्म सानो की ऊ बाख्राको बड्कुलामा भऱ्याङ लगाएर हि“ड्नु पर्ने । ऊ सृष्टिको सृजना थियो । उसलाई मार्नु भएन । त्यसो हुँदा उसलाई छहारीमा लगेर छाडियो । पछि ऊ वनझाँक्री बन्यो ।

देवता पुनः मानव सृष्टिको प्रयत्नमा जुटे । यसका लागि उनीहरूले लाकुर वालेको (लाकुरीको रुख) खरानी जम्मा गरे । अनुष्ठानपूर्वक पानीमा मुछे । मानवको आकार दिए । उसलाई बोलाए । तर, ऊ बोलेन । उसको कपाल लामो थियो । शरीरभरि रौ“ थिए । पैताला पछाडितर्फ फर्किएको थियो । सृष्टिको सिर्जना भएको हुँदा उसलाई पनि मार्नु भएन । लगेर पहाड, पर्वतमा लगेर छाडे । ऊ पनि याँटी (यति) भयो ।

देवता मानव सृष्टिको अर्को प्रयत्नमा जुटे । यसका लागि आगो बाले । खरानीको डङ्गुर बनाए । कुखुराको सुली खोजे । जम्मा गरेर खरानीसँग मुछे । डल्लो बनाएर मानवको आकार दिए । उसलाई पनि ओई भनेर बोलाइयो । ऊ भने बोल्यो । देवता खुसीले गदगद भए । किनकि उनीहरू यस पटक पृथ्वीका लागि मानव बनाउन सफल भएका थिए तर, पृथ्वीमा यसलाई खानेकुरा केही थिए । खानेकुराको पनि सृष्टि गर्नुपर्ने थियो । यसका लागि बिउको आवश्यकता थियो । देवताले बिउ खोज्न गौँथलीलाई पठाए । गौँथली बिउ खोज्न हिड्यो तर, ऊ वर्ष दिनसम्म पनि  फर्किएन । खोजी गर्दा ऊ गुँड बनाउन व्यस्त भएछ ।

देवताले चिफिर्के, चिबे, कल्चौ“डा लगायतका चरालाई पनि बिउ खोज्न पठाए तर उनीहरू पनि बिउ ल्याउन असफल भए । केही सिप नलागेपछि नौ ओटा सिउर भएको भाले कुखुरालाई देवताले बिउ खोज्न पठाए । ऊ बिउ खोज्दै राजाको ढुकुटीमा पुग्यो । बिउ राखिएको डालोमा पस्यो । खुट्टा र पखेटा चलाएर बेस्सरी फुरफुर गर्न थाल्यो ।

फुरफुर गर्दा बिउ उछिट्टिएर पृथ्वीमा झर्न थाल्यो । यसरी झरेका बिउ शेर्पाले छालाको धोक्रोमा थाप्यो । त्यसैगरी नेवारले डालोमा, क्षत्रीले थुन्छेमा, थामीले डोको र माझीले जालमा थापे । बिउ लिएर पृथ्वीमा फर्के । त्यसलाई जमिनमा छरे । अनि मानव जीवन सहजढङ्गले

अघि बढ्न सक्यो । मानव समाजमा खुसीयाली छायो । उनीहरू सैहोले पुम्बा गीत गाउँदै नाच्न थाले । बिउ लगाउने वैशाख/जेठ महिनामा पर्ने (बुद्ध पूर्णिमा)पूर्णिमा र बाली भित्र्याउने मङ्सिर/पुस महिनामा पर्ने (धन्यपूर्णिमा) पूर्णिमामा थामी समुदायले सैहोले गीत गाएर उत्सव मनाउने र गाउने सैहोले पुम्बा गीत त्यसैको निरन्तरता हो ।

**थामी जातिका सैहोले पुम्बा गीत**

अनिकाल नलागोस् । उत्पादन भएको बालीले वर्ष दिनभर खान पुगोस् भनेर घरको कुलदेवतासँग आशीर्वाद माग्ने चलन हुन्छ । यसैका लागि भुम्या देवाको पूजा हुन्छ । भुम्या पूजामा घरको कुलदेवता, बाह्न देवा, च्युरकुन देवाको विधिपूर्वक पूजा हुन्छ । पूजामा उत्पादन भएको नयाँ चामल प्रयोग हुन्छ । चालम पिसेर पिठो बनाइन्छ । पिठो मुछेर विशेष आकारको डल्लो बनाइन्छ । जसलाई थामी भाषामा 'पुच्यु' भनिन्छ । पूजा सकिएपछि पुच्यु प्रसादको żपमा गाउँघरका स्थानीय मानिसहरूका साथमा बा“डेर खाइन्छ ।

कुल देवा र बाह्रा देवाको पूजा सकिएपछि झाँक्री ढ्याङ्गो ठोक्दै घरको आ“गनमा निस्किन्छ । झाँक्रीको बार्मी(सहयोगी)ले सैहोले पुम्बा गीत भट्याउँछ । आ“गनमा सहभागी भएका अन्य स्थानीयहरूले पनि सैहोले पुम्बा गीतगायनमा साथ दिन्छन् । मूल झाँक्री ढ्याङ्गो ठोक्दै नाच्न थाल्छ । उनीसँगै आ“गनमा सहभागी अन्य झाँक्री पनि नाच्न थाल्छन् । गीतमा देवीदेवताको नाम लिइन्छ । झाँक्रीको बखान गरिन्छ । रक्षा गर्न, विपत्तिबाट जोगाउन, अनिकाल हटाउन, प्राकृतिक सन्तुलन कायम राख्न कुलदेवतासँग वर मागिन्छ । पुकार गरिन्छ । जसलाई यहाँ प्रस्तुत गरिएको छ ।

नेमदुङको देवकाई गोमो गुरु
राक्षा ङा मालाकाई गोमो गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

बार्मी ङा थुर्मीकाई चिस्रोःको गुरु
बाल्दाने रेङकाई ख्वातो गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

थामी समुदायमा कुलदेवताको स्थान उ“चो ठाउ“मा बनाइएको हुन्छ। कुलदेवता बिना अन्य देवताको पूजा हुँदैन। कुलदेवता खुसी भएपछि मात्रै अन्य देवता खुसी हुने थामी समुदायको धार्मिक मान्यता छ। पूजा गर्दा झाँक्रीले विशेषखालको घन्टमाला लगाउने चलन छ। टोटोलाको फूलको थामी समुदायमा उत्तिकै ठुलो dxŒj छ। पूजामा यी सामाग्रीलाई पवित्र सामाग्रीको ¿पमा लिइन्छ। सोही प्रसङ्गलाई लिएर गीतमा घरको कुलदेवतालाई जगाऊँ। गीतमा टोटलाको फूल, घन्टमालाको पूजा गरौ“ भनिएको पाइन्छ।

उलामको बुमाङकाई पोहो गुरु

मुल घन्टी चिस्याते चावा गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

क्षोणा ङा डाइनी केल्ङुन गुरु

क्षमा लोङ्ले हेन्को गुरु, रक्षा लोङ्ले हेन्को गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

खेती किसान गर्दा बाटो राम्रो हुनुपर्छ। बाटोमा कुनै अवरोध भए खेती किसान राम्रो नहुने थामी जातिमा धार्मिक विश्वास छ। बाटोमा विभिन्न अवरोध हुन सक्छन्। त्यसैले जीवनमा विविध समस्या ल्याउन सक्छन्। जिउज्यानमा खतरा आउन सक्छ। त्यसो हुँदा त्यस्ता अवरोध हटाउन झाँक्रीमार्फत कुलदेवतासँग वर मागिन्छ। घन्ट र माला बजाएर बाटोमा आउने भूतप्रेत, बोक्सी, डाइनी, मसान, पिशाच,क्षोणा हटाउन प्रस्तुत गीतमार्फत झाँक्रीसँग आग्रह गरिएको छ।

बाह्रा देवाकाई खासे गुरु

नेमदुङको देवाकाई योहो गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

आजासर्माए वाते ठोहो

पाङ्जा सर्माए वाते ठोहो

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

थामी जातिको कुलदेवा बाह्रा देवा हो । बाह्रा देवा पूजा गर्ने खास विधिविधान छन् । थामी जातिमा यस देवालाई पवित्र देवताका ¿पमा लिइन्छ । यस देवाको आफ्नै खालको मिथक छ । विशेषगरी ब्रह्माण्ड र मानवसृष्टिका रोचक कथा यस पूजामा फलाकिन्छ । कथा लामो हुने भएकाले यो पूजा गर्न रातभर लाग्छ । त्यसो हुँदा पूजा र कथा निक्कै लामो हुन्छ । गीतमा सोही पूजाको प्रसङ्गलाई लिइएको छ । झाँक्रीलाई घरको बाह्र देवताको पूजा गर, घरको कुलदेवतालाई खुसी पारी विभिन्न धूपबत्तीले बाह्रा देवा र कुलदेवताको पूजा गर भनिएको छ ।

सुना माला चिस्रेःको गुरु

सुना टाकेएचिस्रेःको गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

रुद्राक्ष मालाए मालाए चिस्रेःको गुरु

ढेङा मालाए चिस्रेःको गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहा

थामी समुदायमा झाँक्रीको स्थान अत्यन्तै उच्च हुन्छ । झाँक्रीलाई शक्तिको प्रतीक र परमात्मासँग सिधै सम्पर्क गर्ने अलौकिक व्यक्तिका ¿पमा लिइन्छ । झाँक्रीले लगाउने घन्टमाला त्यसैको सङ्केत हो । जसलाई थामी भाषामा रक्षामाला भनिन्छ । मालामा रुद्राक्ष, विभिन्न आकारका घन्टी, बाघको हड्डी, घोरल तथा मृगको सिङ, चराको चुच्चो, चिलको खुट्टा उनिएको हुन्छ । भुम्या पूजामा झाँक्रीले उक्त माला श्रद्धापूवर्क लगाउँछन् । माला शरीरमा

धारण गर्नु अघि मन्त्र उच्चारण गर्छन् । जसलाई रक्षामाला जगाउने भनिन्छ । प्रस्तुत गीतमा सोही रक्षामाला जगाऊँ भन्ने अभिव्यक्ति आएको छ ।

हाविहावि स्रोःत्ते चावायो गुरु

लिबिलिबि स्रोःत्ते चावायो गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

चारकुनाको देवी देउदेउताकाई

कापुते नाःते चावायो गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

शरीरको सर्वोच्च अङ्ग शिर हो । शिर श्रद्धाको प्रतीक पनि हो । कुनै पनि वस्तुलाई शिरमा राख्नु भनेको त्यसलाई श्रद्धा गर्नु भन्ने हो । थामी जातिमा पनि शिरको विशेष dxŒj छ । त्यसो हुँदा थामी समुदायमा देवती देवतालाई सधै“ शिरमा राख्नुपर्छ भन्ने मान्यता छ । गीतमा झाँक्रीलाई घरको सबै देवीदेवतालाई शिरमा राखेर हि“ड्न आग्रह गरिएको छ ।

पुया प्डेषा आमात्ने हेन्को

स्याः मेषाः आहे आमात्ते हेन्को

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

हाविहावि सिंह गुरु

लिबिलिब नरसिंह गुरु

सैहोले बोन्बो सैहो सैहो, सैहोले बोन्बो सैहो सैहो

भुम्या पर्वको सम्बन्ध प्रकृतिसँग छ । वर्षभरि खान पुग्ने अन्नबाली प्रकृतिकै देन हो । त्यही भएर भुम्या पूजामा ढुङ्गा (शिला) लाई देवताको प्रतीक मानी पूजा गरिन्छ । प्रकृतिले साथ दिए अन्नबाली सप्रिन्छ । सह लाग्छ । गाउँमा अनिकाल लाग्दैन । अन्नबाली सप्रिन बिउ राम्रो हुनु पर्छ । बिउ प्रकृतिको देन हो । बिउ उम्रिन उचित तापमानको आवश्यकता पर्छ । उचित तापमान तब मात्र प्राप्त हुन्छ, जब कुलदेवता खुसी हुन्छन् । बिउ हुर्किन मलको पनि आवश्यकता हुन्छ । मल गाई, गोरु, भै"सी, भेडा, बाखाबाट प्राप्त हुन्छ । गीतमा यही तथ्यलाई प्रस्तुत गरिएको छ । गीतमा भनिएको छ,'अगाडि हिड्ने सिंह गुरु र पछाडि हिँड्ने नरसिंह गुरुसँग बिउ लगाउने वर मागौ" । गाई, गोरु, भै"सी बाखा मागौ" ।'

झाँक्रीले सिधै संवाद गर्न सक्छ । थानमा पुगेका श्रद्धालुले झाँक्रीमार्फत देवतासँग गाउँमा कुनै अनिष्ट नहोस्, क्षेदाभेदा नहोस्, डाइनी, डङ्किनी नलागोस् भने वर माग्छन् । पुकार गर्छन् । विवेच्य गीतमा सोही प्रसङ्ग उठाइएको छ ।

भुम्या पूजामा बाँस र चोयाको मालिङ्गो अनिवार्य हुन्छ । मालिङ्गोलाई धजापताकाले सि"गारिन्छ । मालिङ्गोमा काँचको सानो अम्खोरा झुन्ड्याइन्छ । अम्खोराभित्र शुद्ध जल हुन्छ । जललाई अत्यन्तै पवित्र मानिन्छ । अम्खोरालाई पनि ध्वजापताकाले सिँगारिन्छ । मूल झाँक्रीको घरबाट भुम्याथानतर्फ जात्रा प्रस्थान हुँदा कन्या केटीलाई अम्खोरा झुन्ड्याइएको मालिङ्गो बोक्न लगाइन्छ । सोही अम्खोरा नै पुम्बा भनिन्छ । भुम्या पर्वमा गाइने सैहोले पुम्बा गीतको उठान नै सोही पुम्बबाट भएको हो । त्यसो हुँदा भुम्या पर्वमा उक्त पुम्बाको dxŒj अत्यन्तै ठुलो छ ।

सैहोले पुम्बा गीतको गायन यतिमै टुङ्गि"दैन । पुम्बा चढाएपछि झाँक्रीले अनेक विधि अपनाएर भुम्या थानको पूजा गर्छ । यो क्रम रातभर चल्छ । भुम्या देवतासँग सुख र समृद्धि पुकार गर्ने मात्र होइन, झाँक्रीले दुःखी र बिरामी स्थानीयको ग्रहशान्तिका लागि जोखाना पनि

हेरिदिन्छ । जोखानाका बिरामी पक्षले एक माना चामल र कुखुराको अन्डा दुनामा राखेर झाँक्रीलाई बुझाउँछ । झाँक्रीले अनेक मन्त्र उच्चरण गरेर उक्त सामाग्री भुम्याथानमा चढाउँछ । विधिविधान सकिएपछि झाँक्रीले अन्डा फुटाएर दुनामा खन्याउँछ । यसपछि बिरामी निको हुने/नहुने विषयको भविष्यवाणी गर्छ । अन्डाको रानोमा रातो छिर्का देखिए अशुभ रहेको र रानो सफा देखिए शुभ सङ्केत रहेको मानिन्छ ।

रातभरको धार्मिक कार्यपछि भोलिपल्टको बिहान पूजा सकिन्छ । बार्मीले पुःन सैहोले पुम्बा गीत भट्ट्याउन थाल्छ । थानमा सहभागी अन्यले सैहोले पुम्बा सैहोऽऽऽ सैहोऽऽऽ भन्छन् । झाँक्री ढ्याङ्ग्रा ठटाएर नाच्न थाल्छन् । सहभागी अन्य झाँक्री पनि उनीसँगै नाच्न थाल्छन् । भुम्या थानलाई गीत गाउँदै र नाच्दै एक फन्को लगाउँछन् । सकिएपछि स्थानीयको घर-घर पुग्छन् । गीत गाउँदै नाच्छन् । घर मुलीले आँगनको बिचमा सगुन राखिदिन्छ । विशेष मन्त्र उच्चरण गरेर सगुन देवतालाई चढाउँछन् । त्यसपछि सबै जात्रुले सगुन आपसमा बाँडेर खान्छन् । यो क्रम दिनभर जसो चल्छ । साँझ परेपछि मूल गुरुकहाँ पुग्छन् । विधिपूर्वक भुम्या पर्वको समापन गर्छन् ।

## सैहोले पुम्बा गीत र यसको महŒव

किरात सभ्यताभित्र अनेक पर्व छन् । जसमा गाइने गीत, नाचिने नाचको आफ्नै dxŒj छ । विशेषगरी यस्ता गीत र नाचलाई ऐतिहासिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक, राजनीतिक र मनोवैज्ञानिक पक्षबाट विश्लेषण गर्ने चलन छ (राई, २०७१, पृ. ५७) । थामी जातिले भुम्या पर्वमा गाउने सैहोले पुम्बा गीतको पनि विविध dxŒj छ । जसलाई ऐतिहासिक, सामाजिक, प्राकृतिक, सांस्कृतिक, राजनीतिक र मनोवैज्ञानिक पक्षबाट विश्लेषण गर्न सकिन्छ ।

सैहोले पुम्बा गीत मानवसभ्यता विकासको एउटा द्योतक हो । यो गीतमा मानवसभ्यता र विकासको विविध गाथा गाइन्छ । पृथ्वीमा रहेका अन्य प्राणी जगत्को विकासका कथा गीतमा भेटिन्छन् । ढुङ्गा, माटो, पहाड, पर्वत, खोला, झरनाजस्ता प्राकृतिक पक्ष गीतमा समेटिएका छन् । प्राचीन युगमा मानव सभ्यता र विकासका लागि गरिएका प्रयास गीतमा गाँसिएका

छन् । पाषाण युगदेखि कृषि युगमा प्रवेश गर्दाका मानवीय विविध गतिविधि गीतमा भेटाउन सकिन्छ । त्यसो हुँदा गीतको  ऐतिहासिक dxŒj रहेको पाउँछौ" ।

सैहोले पुम्बा गीत समूहमा गाइन्छ, समूहमा नै नाचिन्छ । गीत गाउँदा गाउँभरका स्थानीय मानिसहरू एकै ठाउँ भेला हुन्छन् । आपसमा मिलेर गीत गाउँछन् । आपसमै रहेर नाच्छन् । त्यसो हुँदा यो सामाजिक सहकार्यको सन्दर्भ जनाउने गतिलो द्योतक हो । गीत गाउँदा सगुन राख्ने चलन हुन्छ । सगुनलाई कुलदेवताको प्रसादका ¿पमा लिइन्छ । त्यसो हुँदा पर्वमा सहभागी सबैले सगुनलाई प्रसादका ¿पमा बाँडेर खान्छन् । पर्वका बखत टाढाटाढादेखिका आफन्त एकै ठाउँमा भेला हुन्छन् । घरमा भित्रिएको नयाँ अन्नबाली कुलदेवतालाई चढाउँछन् । आपसमा बाँडेर खान्छन् । त्यसो हुँदा सैहोले पुम्बा गीत वर्षौंदेखि भेट हुन नसकेकाहरूलाई आपसमा मिलाप गराउने माध्यम हो । त्यसैले हुँदा यसको सामाजिक तथा

## सांस्कृतिक dxŒj

थामी जातिका मानिसहरू विशेषतः कृषिमा आधारित छन् । त्यसो हुँदा उनीहरूभित्र सिर्जना भएका संस्कार, संस्कृतिमा कृषि गतिविधि प्रतिबिम्बित भएको भेटिन्छ । सैहोले पुम्बा गीतमा पनि जीवन विषयक प्रतिविम्ब प्राप्त भएका छन् । वैशाख पूर्णिमाबाट थामी जाति कृषिमा होमिन्छन् । खेती गर्दा मनोरञ्जन गर्ने वातावरण हुँदैन । यो क्रममा बाली पाक्ने अवधिसम्म चलिरहन्छ । जब बाली घरभित्र भित्र्याइन्छ । उनीहरू फुर्सदमा हुन्छन् । आपसमा भेला हुन्छन् । सैहोले पुम्बा गीतमा सहभागी हुन्छन् । यसले उनीहरूलाई मनोरञ्जन दिलाउँछ । वर्षभरि खेती गर्दा लागेको थकान यो गीतले शान्त तुल्याउँछ । त्यसो हुँदा सैहो पुम्बा गीत मनोवैज्ञानिक उपचार पनि हो । ( **स्रोतः टेकराज थामी**)

## सिप तथा कला

परम्परागत रूपमा थामीहरूमा काठको सिप थियो । घर बनाउने काममा थामी सिपालु ठानिन्छन् । थामी महिलाहरूमा अल्लोको कपडा बुन्ने विशेष सिप थिय अल्लो लेकाली सिस्नु हो जसलाई भाङ्गो पनि भनिन्छ । सिकार खेल्न पनि उनी निकै सिपालु थिए । यसैको आधारमा

जीवनयापन पनि हुन्थ्यो । तर हालका किशोरी वा युवतीहरूका लागि यी गहनाको कुनै अर्थ छैन । उनीहरू आफनो रोजाइका सुहाउँदिला गरगहना लगाउने गर्छन् ।

**खानपिन**

थामी पुर्खाले उहिले जङ्गली कन्दमूल गिठा भ्याकुर खाएर र सिकार गरेर जीविका चलाउँथे । विशेष गरी जङ्गली पिंडालु अर्थात् बाँकोको पिठो बनाई त्यसको रोटी बनाएर खान्थे । विभिन्न प्रकारका च्याउ बटुल्थे । पुर्खा थामीहरू विभिन्न प्रकारका कन्दमूल, रूखबिरुवा, घाँसपात, लहरा आदि चिन्थे र दैनिक खाना र औषधीको रूपमा प्रयोग गर्दथे । अब त्यो ज्ञान सकिँदै छ ।

पछिल्लो पुस्ताले अन्नबाली मकै, गहुँ, कोदो, फापर, धान, तोरीबाट बन्ने खाने कुरा खान्छन् । दैनिक खानामा भात, ढिंडो, रोटी र हुरे जाँडको प्रयोग गर्दछन् । तरकारीका लागि बारीमा साग, फर्सी, दाल आदि उमार्छन् । मसलाको रूपमा छयापी (लसुन प्रजातिको मसला) को प्रयोग धेरै गर्दछन् । छ्यापीको जरालाई धुलो बनाएर खाने गर्दछन् । जरालाई दानाबाट चुँडाएर राम्रोसँग धोइपखाली गरी सुकाउँछन् । सुकेको जरालाई माडेर धुलो बनाउँछन् र मासु या अरू तरकारीमा छर्छन् । यस्तो तरकारीको स्वाद मिठो मान्छन् ।

थामीहरू जाँडरक्सीको प्रयोग गर्दछन् । खाजाको रूपमा पनि जाँड लिने चलन छ । जाँडरक्सीले काम गर्दा तागत दिने उनीहरूको ठम्याइ छ । काजभोज र विवाहमा जाँडरक्सी अनिवार्य ठान्छन् । बिहेमा सेलरोटी र चिउरा पनि नभई हुँदैन ।

**भुम्या**

भुम्या पूजा थामीहरूको मुख्य पूजा हो । यस दिन भूमे देवताको पूजा गर्दछन् । यो पूजा वर्षको दुई चोटि गर्छन् । वैशाखे पूर्णिमामा गरिने भूमेपूजालाई उँभौली र मङ्सिरे पूर्णिमामा गरिने भूमेपूजालाई उँधौली भनिन्छ । उँभौलीमा बालिनाली लगाउने बेला वर्षको बाली सप्रियोस्, खोला पहिरो नजावोस्, खडेरी नलागोस्, किरा फट्याङग्राबाट नास नहोस् भन्दै भूमेथानमा पूजा गर्छन् । यसै गरी मङ्सिरमा अन्नको सह बसोस्, खान अपुग नहोस् भनेर पूजा गर्छन् । गाउँभरिका सबै थामीहरू मिलेर यो पूजा सम्पन्न गर्छन् ।

**बिसाकर्मा**

थामीहरूले कुलदेवतालाई बिसाकर्मा भन्छन् र घरपरिवारका कुनै पनि सदस्यलाई रोगबिमार नलागोस्, आपतबिपत आइनपरोस् भनेर बिसाकर्माको पूजा गर्दछन् । यस्तै चिर्जुन देवालाई पशुप्राणीको रक्षा गर्ने देवता ठान्छन् र यिनको पूजा गरेमा बरेतु पशुप्राणीको रक्षा हुन्छ भन्ने विश्वास गर्छन् । मैंसी पाल्नेहरूले गोसाइँपूजा दनि गर्दछन् ।

**नागे पूजा**

बानीहरू आफ्नो घर र घरबारीको रक्षकको रूपमा नागे अर्थात् नागको पूजा गर्दछन् । प्राकृतिक प्रकोप, भू-क्षयजस्ता घटना वा दुर्घटना नहोस् भनेर पनि नागे पूजा गर्ने गरिन्छ । कुनै अनिष्टको सङ्केत आइलागे नागेको पूजा गर्दा अनिष्ट वा सङ्कट टर्न विश्वास उनीहरूमा पाइन्छ ।

धामीहरू दशैं अगाडिको पूर्णिमालाई ढोङठो पूर्णिमाको रूपमा मनाउँछन् । हाल उनीहरूमा हिन्दु चाडपर्वको प्रभाव बढ्दो छ । साउने सङ्क्रान्ति, तीज, दसैंतिहार, माघेसङ्क्रान्ति जस्ता चाडपर्वहरूले थामी मौलिक चाडपर्वलाई नै अँचेट्न थालेको आभास हुन्छ । आमा पुस्ताकाले तीज मनाउँदैथे, छोरी पुस्ताकाले उल्लासका साथ यो पर्व मनाउन थालेका छन् ।

**जात्रा**

थामीहरूमा गुरूचेलाको परम्परा पाइन्छ । उनीहरू जनैपूर्णिमाका दिन कालिन्चोक भगवतीको मन्दिर जाने गर्दछन् । विशेषतः थामी झाँक्रीहरू आफ्ना चेलाहरूलाई सिकाएको विद्या सिद्ध गर्न चेलासहित उक्त मन्दिर जाने गर्दछन् । कालिन्चोकको दर्शन र मेला भर्न जाने कतिपयले यसलाई थामीहरूकै जात्रा भनी ठान्दछन् । थामी समुदायमा स्थानीय जात्रा तथा पर्वहरू हुने गर्दछ ।

दैनिक जीवनयापन थामीहरूको जीवनयापन कृषिमा आधारित छ । खेतीमा नै अधिकांश समय बित्छ । थामी गाउँघरमा चियाले सत्ता लिइसकेको छैन । उनीहरूका लागि जाँड नै चिया हो । किसानहरूका लागि जाँड उर्जावर्धक खाना पनि हो । उनीहरू उठ्ने बित्तिकै जाँड खान्छन् र आआफ्नो कामतिर लाग्छन् । महिलाहरू बिहान घाँसपात र गाईबाखालाई खोले दिएर दिनको

काम सुरू गर्छन् । अधिकांश कामकाजी महिला पुरूष दिनभर ज्यालादारी र मेलापातमै व्यस्त हुन्छन् । गैरकृषि कार्यमा निकै कम छन् ।

**परम्परागत सामाजिक कानुन**

थामी समुदायका कुनै सदस्यले सामाजिक मानमर्यादा उल्लङ्घन गरेमा गाउँका गन्यमान्य बसेर निर्णय गर्ने परम्पराले अझै निरन्तरता पाइरहेको छ । पहिले हाडनातामा बिहे गर्नेहरू सामाजिक मर्यादा राखेर आफै गाउँ छोड्ने गर्थे । नत्र गाउँबाट निकाला गरिन्थ्यो ।

कसैले अर्काकी श्रीमती बिहे गरेमा जारीखत लिने चलन पनि थियो । विवाहको खर्च जारीको रूपमा लिने गर्दथे । उहिलेउहिले बिहेमा जति खर्च भए पनि २० रूपैयाँ तिरे पुग्ने चलन थियो । अहिले समय फेरिएको छ ।

**नयाँ परम्पराको थालनी**

थामी समुदायमा महिलाले घर छाउने र गोरु जोत्ने प्रचलन छैन । काटमार पनि गर्नु हुँदैन भन्छन् । मलामी जाने चलन पनि छैन । हाल जन्ती र मलामी जाने कामको प्रारम्भ हुन थालेको छ । उच्च शिक्षा र कमाउने पेसामा पनि थामी महिला देखिन थालेका छन् । अरुण गाउँपालिकामा थामी जातिको बसोवास रहेको छ । प्रकृतिपुजक यो जाति आफूलाई किरात समुदाय भित्रको एक जाति ठान्दछन् । आफ्नो जातिय कर्म विधिहरू होमे द्वारा सम्पन्न गर्ने गराउने गर्दछन् । अरुण गाउँपालिकामा सिस्नेरीमा यो जातिको मुख्य वसोबास रहेको हुँदा यहाँ एउटा थामी थान समेत रहेको छ । परम्परागत खान पान प्रयोग गर्ने गरेका यि जातिले आफ्नो मातृभाषा समेत बोल्ने गरेका छन् ।

बाइस-तेइस घर धुरी रहेको यो जातिको, दाङ्गुरी, लाइवा, हार्वा थरीका थामिहरू रहेका छन । प्रकृति पुजक यो जाति आफूलाई किरात थामी जातिको रूपमा चिनाउछन । यहाँका थामी जातिको मातृभाषा सिक्ने र, सिकाउने क्रममा रहेको छ । यसर्थ, केही मात्रामा थामी जातिको मातृभाषा प्रयोग भइरहेको छ ।  यो जाति आफनै परम्परागत संस्कार संस्कृति अनुरूप आफ्नो कर्मकाण्ड गर्दछन । यधपि, यहाँका थामी जातिमा स्वजातिय पुजाहारी विजुवा नभएकोले बाहिर अन्यत्रबाट ल्याई कार्य सम्पादन गर्ने गर्दछन । यो जातिवाट तीन घर परिवार क्रिश्चियन धर्मालम्बी बनेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर थामी जातिको कुल जनसङ्ख्या ३२७४३ रहेको छ भने कुल जनसङ्ख्याको ०.११ प्रतिशत जनसङ्ख्या रहेको छ ।

### ४.१४ जोगी/सन्यासी जाति

सन्यासी आर्य समाजमा परिचित नाम हो । वैदिक युगमा आर्यहरूले चार आश्रमको व्यवस्था गरे । हिन्दु समाजमा जातिको विभाजन वर्णको आधारमा हुने हुँदा वर्ण व्यवस्थालाई जाति प्रथाको आधार मान्न सकिन्छ । सन्न्यासी जातिलाई कतिपय ठाउँमा क्षेत्रीय जातिको रूपमा लिने गरेको पाइन्छ । हिन्दु संस्कृत वाङ्मयहरूमा चार आश्रमको चर्चा गरेको पाइन्छ । उपनिषद्, महाभारत, पुराण आदि संस्कृत शास्त्रमा आश्रमबारे बृहत् चर्चा गरिएको पाइन्छ । महाभारतमा व्यासले चार आश्रमबारे देहाय अनुसार बताएका छन्: (क) ब्रह्मचर्य- विद्याध्ययन र पवित्रताको बाटो अनुशरण गरी जीवन बिताउने अवस्था, (ख) गृहस्थ- विवाह गरी पारिवारिक जीवन बिताउने अवस्था, (ग) वानप्रस्थ- गृह त्याग गरी वनमा गएर ध्यान तपस्या गरेर पारिवारिक एवं सांसारिक मोह र बन्धनबाट मुक्त हुने अवस्था र (घ) सन्न्यास-सम्पूर्ण सांसारिक, पारिवारिक, सामाजिक बन्धनबाट मुक्त भई स्वतन्त्र रहेको अवस्था र त्यसैले कतिपय विद्वान्ले सन्न्यास अवस्थालाई चारआश्रममा राख्न नहुने विचार समेत राखेको पाइन्छ । सन्न्यास अवस्थामा समाज सामाजिक मूल्य र मान्यता, परिवार, समाज आदि सबैलाई पूर्णतया त्याग गरेको अवस्था हो । सन्न्यासी जाति त्यही हिन्दु परम्परामा वर्णित चार आश्रममध्ये सन्न्यास अवस्थाबाट निसृतः भएको जातिको रूपमा लिन सकिन्छ । सन्न्यासी जाति नेपालका लगभग सबै जिल्लामा पाइन्छ ।

हिन्दु धर्म र दर्शनबाट पल्लवित सन्न्यासी जातिको आफ्नो छुट्टै प्रकारको धर्म परम्परा पाइन्छ। सन्यासी जातिमा नवजात शिशुको सन्न्यास कर्म गर्ने, विवाह गर्नु पूर्व गुरुमुखी गर्ने, मृतकको शव गाड्ने, शव राखिएको वा गाडेको ठाउँमा शिवलिङ्ग स्थापना गर्ने कार्य गर्दछन् । यसरी हेर्दा के देखिन्छ भने संयासी जाति मूलतः शैवमार्गी हुन् । सन्न्यासी जातिमा जन्मदेखि मृत्युसम्म सबै कर्मकाण्ड सन्न्यासी गुरु मार्फत् गर्ने हुनाले वास्तवमा सन्न्यासी जाति गैरहिन्दु जातिका रूपमा देख्न सकिन्छ । हिन्दु धर्ममा ब्राह्मण, क्षेत्री, वैश्य, शूद्रको मात्र चर्चा गरेको हुँदा सन्न्यासी जाति कुन वर्गमा पर्दछ भन्ने एकिन हुन सकेको देखिँदैन ।

सन्यासी जातिले शङ्कराचार्यले नयाँ जातिको रूपमा स्थापना गरेका भन्ने भनाई पनि पाइन्छ भने अर्को मत भने भिन्न प्रकारको पाइन्छ । अन्य जातिबाट सन्न्यास कर्ममा लागेका वा सन्न्यासी बनेकाहरूसँग सन्तान नै दशनामी सन्न्यासी बनेका हुन् भन्ने उनीहरूको मत पाइन्छ । जे जसरी

होस् नेपालमा दशनामी सन्न्यासीहरूको बसोबास पाइन्छ । ती दशनामी सन्न्यासीहरू हुन् – गिरी, पुरी, भारती, वन, पर्वत्, सागर, सरस्वती, आश्रम, अरण्य र तीर्थ । नेपालमा बसोबास गर्ने सन्न्यासीहरू जातिप्रथा लागू हुनु पूर्व नै स्थापित भइसकेका थिए भन्ने तर्कहरू पनि पाइन्छ । उनीहरूका अनुसार मनुस्मृतिमा सन्न्यासी जातिका राजा हिमालयको बारेमा चर्चा हुनु र उक्त हिमालय पर्वतर्लाइ क्षेत्रीय भनी उल्लेख गर्नुले यो सन्न्यासी जातिहरू अत्यन्तै प्राचीन जाति हुन् । सङ्क्षेपमा भन्ने हो भने वैदिक कालमा वर्णाश्रम व्यवस्था स्थापित भइसकेको थिएन तर दशनामी सन्न्यासीहरू थियो भन्न सकिन्छ । समाजमा सन्न्यासीहरूको सम्मान र स्थान उच्च थियो । सन्न्यास एउटा कर्मवादी चिन्तन व्यवहारवादी आचरण भएको हुँदा तत्कालीन समयमा सन्न्यासीहरूको स्थान निकै उच्च थियो । वस्तुतः दशनामीहरूको प्रारम्भिक चिन्तन, दर्शन, वैदिक परम्परा नै हो । वैदिक परम्पराकै चिन्तनबाट निसृतः सन्यासी जाति अन्ततः त्यही वैदिक परम्पराको वर्णाश्रम भित्र अटाउन सकेन । हाल सन्यासी जातिलाई कसैले क्षेत्री सरह र कसैले बाहुन सरहका जातिका रूपमा हेर्ने र बुझ्ने गरेको देखिन्छ । समग्रमा भन्ने हो भने हिन्दु धर्म र चिन्तन प्रणालीको कोखबाट जन्मिएको विशेष कर्मवादी सन्न्यासीहरूका सन्तानहरू नै हाल दशनामी सन्न्यासीहरूका रूपमा स्थापित भएका हुन् । जसको छुट्टै प्रकारको धर्म, परम्परा र चिन्तनको विकास भएको छ ।

सन्यास भन्नाले सम्पूर्ण त्याग, परिपूर्ण समर्पण, हिन्दु धर्मका पवित्र चार आश्रममा चौथो आश्रम, योग धर्म, वैराज्ञलाई जनाउदछ । सन्न्यासबाट नै सन्न्यासी भएको हो । सन्नयासीमा चतुर्थाश्रमी व्यक्ति, योगी, अबधूत सन्नयास धर्मको त्यागीलाई जनाउदछ । यसमा वेद सन्न्यासी, कर्म सन्न्यासी र ज्ञान सन्न्यासी गरी तीन प्रकारका भेद रहेको पाइन्छ । सन्यासी थर नभइ जाति सूचक शब्द हो । योगीहरू गोरखनाथी सम्प्रदाय र सन्न्यासीहरू दशनामी सम्प्रदायका मानिन्छन ।

कुनै एउटा योगी सन्न्यासी हुन सक्दछ भने सबै योगी सन्न्यासी होइनन । योगी महिलालाई योगिनी र सन्न्यासी महिलालाई सन्न्यासिनी भनिन्छ । योगी र सन्न्यासीको एउटै मुख्य लक्ष भनेको मोक्ष प्राप्त गर्नु नै हो । यिनीहरूका संस्कारमा समानता रहेको छ । गृहस्थमा रहेका यी जातीहरू बीच विहेवारी चल्दछ । नेपालको पहाड,उपत्यका र तराईमा यी जातीका समुदायहरू रहेको पाइन्छ । यिनको बारेमा त्यतिमात्रामा खोज अनुसन्धान भएको पाइदैन । कति फिरन्ते भएर हिड्छन

भने कति गृहस्थ जीवन विताइ रहेका छन । यिनीहरूको अधिकारीक तथ्याँक फेला परेको छैन । नेपाल सरकारले सामाजिक सदभाव कायम राख्नको लागि समेत खोज अनुसन्धान गर्नु आवश्यक छ ।

**जोगी/ सन्यासी गोरखनाथी सम्प्रदाय**

गोरखनाथी सम्प्रदायका सन्न्यासीहरू नाथ योगी मानिन्छन । यिनीहरू कपाल मुण्डन गर्दा टुपी राख्दछन र फेरी लगाउदछन । नाथ सम्प्रदायमा गोरखनाथ वा मत्स्येन्द्रनाथलाई मात्र सर्वोच्च मुक्ति वा मुक्तिको श्रोत मान्ने साधुहरूको संप्रदायमा प्रचलन रहेको छ । यस सम्प्रदायको बारेमा जान्नको लागि नाथ, नवनाथ, चौरासी सिद्ध र बाह्र पन्थीका बारेमा जान्न आवश्यक रहेकोले तिनको बारेका जानकारी प्रस्तुत गरिएको छ ।

**जोगी जातिमा.नाथ**

नाथमा आएको (ना) ले आदि रूप र (थ) ले भुवनत्रयमा स्थापित हुनुलाई संयोग गरेर नाथ शब्द प्रयोग हुदै आएको छ । शक्ति संग्राम यन्त्रमा नाथमा आएको (ना) ले नाद ब्रह्म र (थ) ले अज्ञानतालाई विनष्ट गर्नेले ब्रह्ममा साक्षात्कारको माध्यमबाट अज्ञानतालाई हटाई ज्ञान प्राप्त गर्दछ भन्ने अर्थ वोध गराउदछ । भगवान शिवले योग वलका माध्यमबाट विभिन्न ज्ञान र विज्ञानको रहस्यात्मक तत्वलाई लोककल्याणका निम्ति सिंचित गराएर उपकारी, परोपकारी, शक्तिवान, क्षमतावान, वलवान हुदै शक्तिपुञ्जमा परिणत हुन सक्ने दिव्य स्वरूपका लागि नाथ परम्पराको सुरुआत भएको पाईन्छ ।

नाथ शब्दले दिने अर्थ अनेक छन् । नाथ शब्दको व्युत्पत्तिमूलक अर्थलाई हेर्दा यो शब्दले पुलिंग नामलाई संकेत गरेको पाईन्छ । यसलाई “नाथति ईश्वर : भक्तिति”भनिएको छ । जसमा नाथ : अच् भएर नाथ शब्द व्युतपत्ति भएको हुन्छ । यसले स्वामी, मालिक, पति, खसम, संरक्षक, प्रभु, प्रमुख, ईश्वर, भगवान, खानदानदेखि मान्दै आएका गुरु र गुरुजन, ऐश्वर्यशाली पुरुष, मायाजेता, कामजेता, सिद्ध, रक्षक, अधिपति हुदै शिव तत्वलाई वोध गराउदछ । नाथ शब्दले सम्माननीय व्यक्तिको परिचय एवं क्षमतावान व्यक्तिको उच्चताको झलकलाई पनि बुझाउदछ ।

नाथ परम्परामा एउटा मात्र शक्तिलाई केन्द्र विन्दु बनाएको पाईदैन । सर्वप्रथम नाथमा आदि नाथका रूपमा भगवान शिवलाई मानिन्छ, किनकी भगवान शिवनै परमतत्व, शक्ति एवं योगका आदि स्रष्टा र प्रणेताका रूपमा मानिन्छ । उनै आदि शक्ति शिवबाट योगको तत्व एवं गुह्य रहस्यलाई विस्तार गर्ने क्रममा गुरु शिक्ष्य परम्पराको थालनी भएको ठानिन्छ यसै सन्दर्भमा नाथ परम्पराको विकास भएको मानिन्छ ।

**जोगी जातिमा.नव नाथ :**

नेपालमा नव नाथलाई विशेष महत्व दिएको पाईन्छ । ती नव नाथहरू निम्न अनुसार रहेका छन् :

क्र. सं.   नव नाथ विवरण

१ आदिनाथ (मूलनाथ ) : भगवान शिव

२ उदयनाथ  : माता पार्वती

३ सत्यनाथ  : श्री बह्मा

४सन्तोषनाथ  : श्री विष्णु

५ अचल अचम्मनाथ  : वायु

६ गजवेली गजकन्थनाथ  : श्री गणेश

७चौरागीनाथ  : चन्द्रमा

८मत्स्येन्द्र नाथ

९ गोरखनाथ

(मत्स्येन्द्र नाथ र गोरखनाथलाई नाथ परम्परामा शक्ति र सिद्ध दुवै रूपमा लिएको पाईन्छ ।) नवनाथ परम्परामा योगीलाई नाथका रूपमा लिईन्छ । यिनीहरूको सास्कृतिक पक्षमा शरिरमा भष्मलेप गर्ने, खराउ लगाउने, कानलाई चिर्ने (कन्फटा ) विभिन्न शक्ति स्वरूपका कुण्डल धारण गर्ने, त्रिशुल, डमरु आदि लिने सर्पको माला र रुद्राक्षको माला धारण गर्ने, जटाधारी हुने आदि रूपमा नाथ परम्परा रहदै आएको पाईन्छ । नाथ परम्परामा गुरुबाट विशेष पूजाका साथमा सावर मन्त्र धारण गरेपछि मात्र शिष्य बनाइन्छ ।

**जोगी जातिमा.चौरासी सिद्ध :**

सिद्ध भन्नाले महान विचारक, साधु, योगी, अलौकिक शक्ति भएको, पूर्ण, पूर्णता भएको, भौतिक तथा अध्यात्मिक शास्त्रमा सर्वोत्कृष्टता डिग्री प्राप्त गरेको ,भूत र भविष्यको बारेमा जानकारी दिन सक्ने र योगमा पूर्ण भएको बुद्धिमानी व्यक्तित्वलाई जनाउदछ ।

चौरासी सिद्धहरूको नाम निम्नअनुसार रहेको छ :श्रृंगेरीनाथ सनन्दननाथ, निवृत्तिनाथ, सनतकुमारनाथ, जलन्धरनाथ, सरस्वतीनाथ, ब्रह्मीनाथ, प्रभुदेवनाथ, कनकीनाथ, धुन्धुकारनाथ, नारददेवनाथ, मञ्जुनाथ, मानसीनाथ, बीरनाथ, हरितेनाथ, नागार्जुननाथ, भुस्काईनाथ, मदरनाथ, गाहिनीनाथ, भुचरनाथ, हम्वनाथ, ब्कनाथ, चर्पटनाथ, विलेश्यँनाथ, कनिपानाथ, विर्वुकनाथ, ज्ञानेश्वरनाथ, तारानाथ, सुरानन्दनाथ, सिद्धबुधनाथ, भागीनाथ, पिपलनाथ, चन्द्रनाथ, भद्रनाथ, एकनाथ, मणिकनाथ, तिन्तिनीनाथ, बाबा मस्तनाथ, यज्ञवलक्यनाथ, कायानाथ, गेहल्लारावलनाथ, कणनाथ, हवाइनाथ, दरियानाथ, खेचरनाथ, घोडाकोलियानाथ, संजीनाथ, सुकदेवनाथ, औघरनाथ, देवनाथ, प्रकाशनाथ, कोर्टनाथ, वालकनाथ, बाल्गुँदैनाथ, शबरनाथ, विरूपाक्षनाथ, मल्लिकानाथ, गोपालनाथ, लघाईनाथ, अलालमनाथ, सिद्धपादनाथ, गौरवनाथ, धीरनाथ, सोहिरोवानाथ, प्रउद्धनाथ, गरिवनाथ, कालनाथ, धरमनाथ, मेरुनाथ, सिद्धासननाथ, सुरतनाथ, मारकण्डेयनाथ,, काकाचण्डीनाथ, चक्रनाथ, नरमैनाथ

**जोगी जातिमा.नाथ सम्प्रदायका बाह्र पन्थ :**

नाथ सम्प्रदायमा महायोगी गुरु गोरक्षनाथको स्थान महत्वपूर्ण एवं सर्वश्रेष्ठ रहेकोछ किन की गोरक्षनाथ नै यस्ता व्यक्ति हुन जसले नाथ सम्प्रदायको समग्र संगठन तथा सक्षम नेतृत्व गरेका थिए । गोरक्षनाथ नाथ पन्थ योगी थिए । उनको हठयोग मार्गको प्रभाव जगतमा नै विख्यात छ । उनले योगसिद्धिद्वारा सम्पूर्ण जगतरूपी समाजलाई सुसंस्कृत, रक्षित तथा उन्नत गरे । गुरु गोरक्षनाथ नाथ पन्थको उन्नतिकोलागि बाह्र पन्थको निर्माण गरे । त्यसो त गोरक्षनाथले १२ पन्थको निर्माण गर्नु भन्दा पहिले नै आदिनाथद्वारा प्रतिपादित १८ पन्थ छदै थिए । गोरक्षनाथद्वारा १२ पन्थ बनाई सकेपछिको समयदेखि अहिलेसम्म नाथ सम्प्रदायमा यहि १२ पन्थलाई नै अंगाल्दै आएको पाईन्छ ।

**जोगी जातिमा.बाह्र पन्थको वनावट**

नाथ पन्थमा आदिनाथको १८ पन्थ र गोरक्षनाथको १२ पन्थ गरी जम्मा ३० पन्थ हुन्छन तर त्र्यम्बक क्षेत्रको कुम्भमेलामा सम्पूर्णनाथहरू, नवनाथ, चौरासीसिद्धहरूको जमघटमा पन्थको विषयलाई लिएर ठूलो विवाद भएपछि आदि नाथको १८ पन्थबाट ६ र गोरक्षनाथको १२ पन्थबाट ६ गरी जम्मा १२ पन्थ र्निक्यौल गरियो । त्यसकारण नाथ सम्प्रदायमा १२, १८ पन्थको पन्थ धारी भन्ने चलन चलेको छ । कतै कतै अनेकानेक पन्थ भन्ने गरेको पाईन्छ । नाथ सम्प्रदायका बाह्र पन्थको बनावट निम्न अनुसार रहेका छन् :

(१) आदि नाथबाट लिएका ६ पन्थ : सत्यनाथी पन्थ, रामनाथी पन्थ, पागल पन्थ, पाव पन्थ, धर्मनाथी पन्थ र माननाथी पन्थ हुन ।

(२) गोरक्ष  नाथबाट लिएका ६ पन्थ : कपिल पन्थ, गंगानाथी पन्थ, नाटेश्वरी पन्थ, आई नाथ , बैराग पन्थ र रावल पन्थ हुन ।

(३) नाथ सम्प्रदायका बाह्र पन्थ : नाथ सम्प्रदायका बाह्र पन्थ र तिनको वर्णन निम्न अनुसार रहेका छ : (१) सत्यनाथी पन्थ (२) रामनाथी पन्थ (३) पागल पन्थ (४) पाव पन्थ (५) धर्म नाथी पन्थ (६) माननाथी पन्थ (७) कपिल पन्थ (८) गंगानाथी पन्थ (९) नाटेश्वरी पन्थ (१०) आई नाथ (११) बैराग पन्थ (१२) रावल पन्थ

१) सत्यनाथी पन्थ : यो पन्थका मूल प्रवर्तक भगवान आदिनाथ शिव हुन् भने यस पछिका प्रवर्तक चाहि सत्यनाथ बह्रमाजी हुन् । यसका मुख्य स्थानहरू पातालपुरी उडिसाको भुवनेश्वर र खण्ड प्रदेश उत्तराखण्ड हुन् । यो पन्थको मूख्य विशेषताहरूमा रजतत्वको साधना, ध्यान, समाधिरत रही उर्ध्वत्वमा बह्रमाण्ड भ्रमण, सम्प्रदायिक कार्यमा योग प्रचार, धर्म प्रचार, सिद्धपीठको पात्रदेवको पीर, महन्थ, कोठारी, पंख, भण्डार सेवा आदि हुन् । सत्यनाथी पन्थका योगी भएसम्म अरु नाथ योगीहरूले सम्प्रदायी कार्य गर्न पाउदैनन् । यो सत्यनाथी पन्थको मुख्य विशेषता हो ।

२) रामनाथी पन्थ : यो पन्थको मूल प्रवर्तक भगवान आदि नाथ शिवजी हुन् , यसका पछिका प्रवर्तक  परशुराम (विष्णुजी) लाई मानिन्छ । यसको मुख्य स्थान धनौरी गद्धी सिरमथ्या हरियाणा र नेपाल  हो । यो पन्थका योगीहरू निर्भयी , शुर, मर्यादित ,कामक्रोध रहित हुन्छन् । यिनीहरू आफ्नो

धुनमा रमाइरहने , साधनयुक्त रही , सहस्रागारमा अनाहदनाद सुनेर बस्ने , शान्ति प्रेमी , सत्यवादी , साम्प्रदायिक कार्यमा योग साधनाका प्रचारक , पात्रदेवताको कुम्भमेलामा भण्डार सेवामा लागिरहने हुन्छन् ।

३) पागल पन्थ : यो पन्थको मूल प्रवर्तक भगवान आदि नाथ शिवजी हुन् भने पछिका प्रवर्तकको रूपमा पालक नाथजी लाई लिइन्छ । यो पन्थको मुख्य स्थान रोहतास पेशावर र अस्थलवेहर हरियाणा हो । यस पन्थका व्यक्तिहरू धुनी जगाउने , ब्रह्माण्ड भ्रमणमा आनन्द लिने , हठयोग तामसतत्वको साधनारत हुने गर्दछन् बह्रम अग्नि उत्पन्न गर्ने शक्ति राख्दछन् । धर्म प्रचार , योग साधना प्रचार , सम्प्रदायिक कार्यमा पात्रदेव कुम्भमेलामा पञ्च भण्डारी , स्थानधारी महन्थ , पीर भएर बस्दछन् ।

४) पाव पन्थ : यस पन्थका मूल प्रवर्तक पनि भगवान आदिनाथ शिवजी नै हुन भने जिम्मा पाएका प्रवर्तक जलन्धरनाथ हुन । मुख्य स्थानका रूपमा जालौर राजस्थानलाई लिईन्छ । यस पन्थका योगीहरू धुनी जगाउने, तमतत्वको साधन गर्ने, हठयोगी, शुन्य ध्यान, उन्मनी अवस्थामा रहने, निरालम्बी, कर्नीकथनीको बिचार, दार्शनिक सिद्धान्तलाई मान्यता, योग प्रचार ,साम्प्रदायिक कार्यमा कुम्भ मेलामा पञ्चकारूपमा सबैको सेवा गर्ने गर्छन ।

५) धर्मनाथी पन्थ :यस पन्थका मूल प्रवर्तक पनि भगवान आदिनाथ शिवजी नै हुन् । पछिका प्रवर्तककारूपमा धर्मराज युधिष्ठिरलाई लिइन्छ । मुख्य स्थानका रूपमा दुल्लु दैलेख नेपाल र हिजोआज गोरखपुरलाई पनि मानिन्छ । यो पन्थका योगीहरू सत्यधर्म नाथधर्म पालन गदै साधनाद्वारा शिवतत्व प्राप्त गर्ने हुन्छन् । यिनीहरू घुमफिरमा रमाएर बस्दछन् उनमनी अवस्थामा आननिन्दत रहन्छन् भने कार्यका रूपमा योग प्रचार, धर्म प्रचार, सामप्रदायिक कार्यमा कुम्भमेलामा कारोवार तथा लेनदेनको कार्य, भण्डारी तथा पञ्च भई सेवा गर्दछन् । त्यस्तै आफ्नो घर तथा मठ मन्दिरमा महन्त भएर बस्दछन् ।

६) माननाथी पन्थ : यस पन्थका मूल प्रवर्तक पनि आदिनाथ भगवान शिव नै हुन् । पछिका प्रवर्तक राजा ऋशालुलाई मानिछन । यसको मुख्य स्थानका रूपमा टाई जोधपुर सिकर राजस्थानलाई मानिन्छ । यस पन्थका योगीहरू मनलाई नियन्त्रण , इच्छादमन, विकारलाई त्याग, निर्भयी, सत्य तत्वका साधक हुन्छन् । सधै आनन्दित रहन्छन् । धर्म प्रचार , योग प्रचार , साम्प्रदायिक कार्यमा

कुम्भ मेलाको समयमा भण्डारी , पञ्चसेवक तथा औघडको रूपमा सेवारत रहन्छन् । मठमन्दिरका महन्त पनि हुन्छन् ।

७) कपिलनाथ पन्थ : यस पन्थका मूल प्रवर्तक महायोगी गोरक्षनाथलाई मानिन्छ । उत्तराधीकार प्रवर्तक महर्षि कपिलमूनी हुन् । महर्षि कपिलमूनीलाई नाथ सम्प्रदायमा कपिलनाथजी पनि भनिन्छ । मुख्य स्थानका रूपमा गोरखवंशी कलकत्ता , वंगाल र जिहाण गढ्खिरक हरियाणालाई मानिन्छ । यस पन्थका योगीहरू काली तथा भैरवको उपासक हुन्छन् । शक्ति पूजा तन्त्रमन्त्रका साधक हुन्छन् । तामसी , उग्रतपस्वी , त्यागी , हठयोगी , कपिल साङख्यद्वारा पिण्ड व्रहमाण्ड प्रकृति पुरुष , प्रकृतिको ज्ञानी भई शिव स्वरूप प्राप्त गरेका हुन्छन् । योगी तथा धर्म प्रचार पनि गर्दछन् । साम्प्रदायिक कार्यमा कुम्भ मेलामा राजाजी ,पीरजी , भण्डारी तथा पञ्चकारूपमा सेवारत रहन्छन् ।

८) गङ्गानाथी पन्थ : यस पन्थका मूल प्रवर्तक महायोगी गोरक्षनाथ हुन् । पछिका प्रवर्तक महर्षि भगीरथ तथा भीष्मलाई मानिन्छ । मुख्य स्थानहरूमा गंगा सागर बंगाल र गुरुदासपुर पञ्जाव हुन् । यस पन्थका योगीहरू प्रज्ञवादी , हठयोगी , भगीरथी प्रयत्नद्वारा शिवतत्व प्राप्त गर्ने हुन्छन् । यिनीहरू शक्ति उपासक , तन्त्रमन्त्र साधक तथा आफ्नै धुनमा रमाएर बस्ने खालका हुन्छन् । धुनी , शम्शान क्रिया , योग प्रचार , धर्म प्रचार कुम्भ मेलामा यिनीहरू राजाजी , पीरजी , भण्डारी , पञ्च आदि भई सेवा गर्दछन् ।

९) नाटेश्वरी पन्थ : यस पन्थका मूल प्रवर्तक पनि महायोगी गोरक्षनाथ नै हुन् । पछिका प्रवर्तकका रूपमा लक्ष्मणजीलाई लिइन्छ , नाथ सम्प्रदायमा वालनाथ अथवा नागनाथ पनि भनिन्छ । मुख्य स्थान गोरखटिल्ला झेलम पञ्जाव प्रदेशलाई मानिन्छ । यो पन्थका नाथ योगीहरू पनि सत्यवादी भगवान शिव सम्मान हुन्छन् । राजयोगका साधक हुन्छन् । ब्रहमाण्ड भ्रमण अमर वज्रकायी तथा आनन्दित अवस्थामा रहन्छन् । सामप्रदायिक कार्यमा धर्म प्रचार , योग प्रचार , कुम्भमेलामा पात्र देवताका राजाजी , पीरजी , पूजारी ,भण्डारी , पञ्चका रूपमा सेवा गर्दछन् ।

१०) आई पन्थ : यस पन्थका मूल प्रवर्तक महायोगी गोरक्षनाथ नै हुन् । उत्तराधिकार प्रवर्तक आमा शक्ति विमला उदयनाथ पार्वती भवानीलाई मानिन्छ । यसको मुख्य स्थानका रूपमा विमला गुफा , बंगाल र कोथ हरियाणालाई लिइन्छ । यो पन्थका योगीहरू आदि शक्तिका उपासक , निर्भयी

सिद्धसाधक हुन्छन् । उर्ध्वमुखी सहस्रागारमा आनन्दित भई रमाउछन् । यिनीहरू मठधारी ऋद्धि सिद्धिपूर्ण , शिवका अभिन्न हठयोगी , वैरागी मोहमायात्यागी हुन्छन् । साम्प्रदायिक कार्यमा योग प्रचार गर्ने तथा हरेक मठमा महन्त , भण्डारी , पञ्च भई सेवारत रहन्छन् ।

११) वैराग पन्थ : यस पन्थका मूल प्रवर्तक पनि महायोगी गोरक्षनाथ नै हुन् । यसका पछिका प्रवर्तकका रूपमा भर्तृ हरिनाथलाई लिइन्छ । मुख्य स्थान राताडुण्डा राजस्थानलाई मानिन्छ । यस पन्थको नेतृत्व राजा भर्तृहरिले गरेका हुँदा यसका योगीहरू नीतिनिपूण भई वैरागी , शृङ्गारनिपूर्ण , पूर्णत्यागी , हठयोगी , मनलाई आफ्नो नियन्त्रणमा राख्ने , ध्यानी , शुन्य अवस्थामा आनन्दित रहने हुन्छन् । सामप्रदायिक कार्यमा कुम्भ मेलामा राजाजी , पीरजी , भण्डारी तथा पञ्च भई कार्य गर्दछन् ।

१२) रावल पन्थ : यस पन्थका मूल प्रवर्तक महायोगी गोरक्षनाथ हुन् । पछिका प्रवर्तक सिद्ध रावलनाथलाई मानिन्छ । मुख्य स्थानको रूपमा गैलपुर बाँदरवारी अफगानिस्तानलाई लिइन्छ । यस पन्थका योगीहरू समतायोगी , हठयोगी , पञ्चतत्व भेदन गर्ने बलवान , विर्यवान , श्रद्धा विश्वासी , शिवकृपाधीन हुन्छन् । साम्प्रदायिक कार्यमा योग प्रचार , धर्मप्रचार कुम्भमेलामा पत्र देवताको भण्डारी , पञ्च तथा सेवक औघडका रूपमा कार्य गर्दछन् ।

नाथ सम्प्रदाय गृहस्थीविहिन नाथ वा गृहस्थरूपी नाथ , १२ पन्थी वा १८ पन्थी वा अनेकानेक पन्थी जे भन्ने गरे तापनि र्निक्यौल भएको १२ पन्थलाई नै सबै नाथ योगीहरूले मानेको पाईन्छ ।

**सन्यासी/ जोगी जातिमा उपदेश कर्म विधि**

सन्न्यासी जतिमा उपदेशकर्म महŒवपूर्ण तथा अनिवार्य कर्मको रूपमा मानिन्छ । उपदेश लिएका लाई उपदेशी र उपदेश नलिएका लाई कण्ठकी भनेर चिनिन्छ । यी जातिहरूमा उपदेश भनेको वर्तबन्ध नै हो तर वर्तबन्ध उपदेश कर्म होइन । बर्तबन्ध ब्रहमण गुरुद्वारा गरिन्छ भने उपदेश नाथ योगी गुरुद्वारा गरिन्छ ।उपदेश कर्म वर्तबन्ध नहुने महिनामा पनि गरिन्छ जस्तै मंसिर महिनामा वर्तबन्ध गरिदैन भने यस महिनामा प्रायस् उपदेशको लागि उपयुक्त मानिन्छ ।

यस विधिमा नाथ योगीगुरु कन्फट्टा वा कानमा कुण्डल धारीबाट गरिन्छ । हाल आएर कुनैकुनै ले यसलाई पेसाको रूपमा लिएर यस सम्बन्धी शिक्षा सिकेर उपदेश कर्म गर्दै हिडेका पनि देखिन्छन । खसगरी उपदेश कर्म गर्नको लागि सात जना योगीहरू आवश्यक पर्दछन । यी सात जनाले

सप्तऋषिको प्रतिकको रूपमा काम गर्दछन । उपदेश कर्म जुन व्यक्तिलाई गराइन्छ त्यसले यज्ञ तयारी हेर्न पाउदैन । सबैभन्दा पहिले योगी गुरुले उपदेश कर्म गरेका व्यक्तिको सहायताले यज्ञको तयारी गर्दछन । यज्ञ तयारीमा सबै भन्दा महत्वपूर्ण ज्योत र ज्योति (एक प्रकारको दियो यो सवालाखको वत्तिको प्रतिको रूपमा तयार गरिन्छ । ) अर्को आकर्षण यज्ञको शिंगार पटार हो । यज्ञलाई सप्तरंगी ( सात वटा रंङ्ग ) बाट सजावट गरिन्छ । यसरी सजावट गरेको यज्ञको बीच भागमा ज्योत बालेर राखिन्छ । त्यसले सप्तरंगी यज्ञको चमकनै अलौकिक हुन्छ ।यो सामुहिक पूजा हो ।नयाँ उपदेशीलाई यज्ञ स्थलमा प्रवेश गर्नु अगाडि निजले कुनै प्रकाश नदेख्ने गरी रुमालले आँखामा पट्टी बाधेर  यज्ञमा प्रवेश गराइन्छ । भित्र यज्ञमा प्रवेश गरेपछि काटकाट मारमार भनेर कराउने गरिन्छ । कहि कतै ठाउँ अनुसार रमाइलोको लागि देवार - भाउजु, काका - भतिजा, साला - भिनाजु बीच नव प्रवेशीलाई कुट्ने पनि गरिन्छ । नाङ्गो खुकुरी घाँटीमा राखिन्छ । त्यसपछि आँखाको पट्टी खोलिन्छ र के देख्नु भयो भनेर सोधिन्छ । नव प्रवेशीको हातमा फलफुल राखिन्छ । अनि ऋद्धि सिद्धिको भण्डार देखे भनेर भन्नु पर्दछ । त्यसपछि ज्योतिको पूजा गरिन्छ । विधिपूर्वक पूजा आजाको काम सम्पन्न हुन्छ । सात जना गुरुहरूले कानमा फूकेर मन्त्र दिन्छन । गुरुहरू आसनमा विराजमान हुन्छन । सबै गुरुजनहरूलाई पालै पालो प्रणाम् गर्ने र आशिर्वाद लिने कार्य गरिन्छ । पुरुषले जनै र यज्ञोपवित धारण गर्दछन । पूजा कार्य समाप्त भएपछि उपदेश कर्म गर्ने सबै लाई मूल गुरुबाट रक्षाबन्धन बाधिन्छ । प्रसाद तथा आशिर्वाद दिइन्छ र शिक्षले गक्ष र क्षमता अनुसारको दान दक्षिणा दिने चलन छ । अन्तिममा होम पूर्णा गरी उपदेश कर्म यज्ञको कार्य समापन गरिन्छ । अर्को आकर्षक को रूपमा बीर गफ्फा चामलको पिठोलाई घ्यू, मह, चिनी, सख्खर हालेर एक सेर देखि पाँच सेरसम्मको तौलको बनाईन्छ । कुनै बीर व्यक्तिलेमात्र यसलाई खान सक्दछ वा खाने हिम्मत गर्दछ । यदि यो कुनै बीरले खान्छ भने खान शुरु गरेपछि मुखबाट हटाउनु हुदैन । बीरले बीर गफ्फा जति खानसक्यो  खान्छ यदि बाँकी रहेको अंश सेलाउने ( शुद्ध स्थानमा बिसर्जन ) गरिन्छ । बीर गफ्फा खाने कुनै बीर फेला परेन भने त्यसलाई शुद्ध ठाउँमा विसर्जन गरिन्छ । बीर गफ्फा सेवन गर्ने कार्य उपदेश कर्म सम्पन्न भएपछि प्रसाद ग्रहण गर्ने बेलामा गरिन्छ ।

## सन्यासी जातिमा जनै धारण विधि

यिनीहरूको जनै लगाने बाहुन क्षेत्री र वैश्य भन्दा निकै फरक हुन्छ । जनै वर्तबन्ध वा उपदेश कर्म गरी सकेपछि लगाइन्छ । यिनीहरूको जनै बाहुन क्षेत्री र वैश्यको एक जनैको दुई वटा गाठो छुट्टयाइ त्यसैलाई दुई वटा जनै बनाएर एक भगवान शिवलाई चढाउने र अर्को आफू धारण गर्ने गर्दछन । खास गरी ब्रह्मचार्यहरूले तीन धागाको जनै र विवाहितहरूले छ वटा धागा भएको जनै धारण गर्दछन । सन्यासीहरूले जनै धारण गर्दा सिधा लगाउने चलन रहेको छ । बाहुन क्षेत्रीहरूले जनै लगाउदा बायाँ काँधको माथिबाट हुदै दायाँ काँधको मुनी तिर लगाउछन । योगीहरूले ऊनी धागोबाट बनेको जनै लगाउछन र त्यसमा नाद जडित गर्दछन । यो बज्ने गर्दछ । गैंडाको हाडको बन्दछ । यसलाई सक्कली जनै मानिन्छ । तर दशनामीहरूको जनै नाथहरूको जस्तै भएपनि यिनीहरूले जनैमा रुद्राक्षको दाना जडित गरेको हुन्छ ।

## सन्यासी जातिमा फेरी लगाउने विधि

फेरी भन्नाले योगी जतका मानिसले फुकेर बजाउने बाजा हो । यो जंगली जनावर मृग, बराँठ, हरिण, कृष्णसारको सिङबाट बनाएको हुन्छ । यसलाई विशेष मन्त्र उच्चारण सहित फुकेर बजाइन्छ ।गाउँघरमा कार्तिकदेखि फागुनसम्म मध्य रातको समयमा डुलेर फुक्ने चलन रहेको छ ।यसरी फुकेर बजाएपछि वर्षभरी भूतप्रेत केही पनि लाग्दैन भन्ने मान्यता रहेकोछ ।यसरी फेरीलगाउदा फेरीको पवित्र आवाजले त्यसको आवाज पुगेसम्म शान्ति दिन्छ भन्ने भनाई छ । रात भरी  फेरी लगाए वाफत योगीलाई बिहान फेरी लगाएको ठाउँका बासिन्दाहरूले आफ्नो क्षमता अनुसार दान दक्षिणा दिने चलन रहेको छ । योगीहरूको कुलदेवता भैरवको पूजा गर्दा, बली दिदा, धुप धुवाँर गर्दा फेरी फुक्ने चलन छ ।

यसको शुरुवात सत्य युगबाट भएको मानिन्छ । यसको प्रचलन गुरु गोरखनाथबाट शुरु भएको हो भन्ने भनाई पनि छ । सत्ययुगमा राक्षसहरूको निकै विगविगी थियो । देवताहरू राक्षस देखि डराउदथे । गुरु गोरखनाथ आफै गाउँघरमा पुगेर फेरी लगाएर राक्षसहरू बाट बचाएको थियो । त्यही प्रचलन क्रमशः कान चिरेका योगीहरूलाई उत्तराधिकारीको रूपमा उनले सुम्पे पछि  योगीहरूले

फेरी लगाउन थालेको हुन सक्ने किवदन्ती रहेको छ ।यो प्रचलन नेपालको पूर्वी क्षेत्रमा बढी प्रसिद्ध रहेको छ भने यो क्रमशः पश्चिममा खासै छैन ।

**सन्यासी / जोगी जातिमा दाह संस्कार**

मृत्यु अगाडि गिता पाठ गर्ने हरिनाम उच्चारण गर्ने गंगाजल वा तुलसीको पानी पिलाउने गरिन्छ। मृत्यु पश्चात लास राख्ने ठाउँ गाईको गहुत गोवरले लिपेर शुद्ध बनाइन्छ। त्यसमा लासलाई पद्धमाशन बनाएर राखिन्छ । बस्त्र ओढाइन्छ । स्नान गरी वस्त्र तिलक दिइन्छ । यिनीहरूको मृत्यु हुदा तीन प्रकारको मसान घाट हुन्छ। एउटा त मुख्य मसान घाट, इष्ट मित्र वा विवाहित छोरी बेटी र न्वारन नगरेका बच्चा एवं सुत्केरी महिलाको लागि दाहसंस्कार गर्ने मसान घाट हुन्छ । यी जातिहरूले मरे पछि लासलाई जलाउनुको सट्टा गाडने गर्दछन । करिव ६ फिट गहिरो खाडल खनेर खाडलको शुरुमा नुन राख्दछन । जसले लासलाई छिटो गलाउन मद्दत गर्दछ । नुन माथि लासको लागि आसन तयार गरिन्छ । आसन माथि लासलाई पद्मासनमा राखिन्छ । लासको बायाँ हातामा कमण्डल र दायाँ तिर जौंको रोटी जुन जातोमा उल्टो घुमाएर पिसेको हुन्छ र पकाउदा खेरी एउटा रोटीमात्र पकाइन्छ । त्यसपछि लासलाई पूजा गरी, जलपान गरी, माटोले पुरिन्छ । लासलाई माटोले पुरिसके पछि माथि समाधि बनाइन्छ । समाधि तयार गरी समाधिलाई जलले नुहाएर पूजा गरी सकेपछि पछाडि फर्कि नहेरी चिहानबाट मलामीहरू बिदा हुने चलन रहेको छ ।

**सन्यासी / जोगी जातिमा काट्टो पकाउने विधि**

यी जातिका मानिस मरेको वा काजक्रिया शुरु गरेको सातौं दिनमा दोबाटोमा हलुवा पकाएर दोबाटोमा नै राखिन्छ भने यसलाई सते काट्टो पकाउने भनिन्छ । क्रियापुत्रीले यो कार्य सम्पन्न गर्दछन ।

*मणि राई, भोजपुर दर्पण २०७८, पृ.५९९ अनुसार योगी सन्न्यासीहरूको बारेमा सोध खोज आजको आवश्यकता रहेको छ। योगी सन्न्यासीहरू चार जात भन्दा बाहिर रहे पनि सम्प्रदायिक तथा जातीय सदभाव एवम् सहिष्णुता कायम राख्नको लागि यिनीहरूको महत्वपूर्ण स्थान रहेको कुरा फेरी लगाउने योगीहरूसंग अन्य जातजातिका समुदायले गरेको मान प्रतिष्ठाले झल्काउदछ। हरेक व्यक्तिको संस्कार निजको जीवनसंग गाँसिएको हुन्छ। संस्कारले जीवनलाई सुसंस्कृत गर्नमा सहयोग पुयाउदछ । संस्कारले नै मानिसलाई अनुशासित तुल्याउदछ र अनुशासित नागरिकले मात्र नागरिकका दायित्व तथा कर्तव्य पालना गर्न सक्दछ । हरेक*

राष्ट्रलाई नागरिक कर्तव्य पालना गर्ने नागरिक चाहिएको छ । असल नागरिक तयार गर्ने उत्तम माध्यम उसलाई सु संस्कृत तुल्याउनु हो । यसको लागि एक मात्र उत्तम विकल्प उचित संस्कार प्रदान गर्नु पनि हो । संस्कार नभएको मानव यस धर्तीमा मृत समान हुन्छ । संस्कार तथा संस्कृति जोगाउनको लागि सरकारले सबै समुदायहरूसंग हालेमालो गर्दै निरन्तर प्रयत्नशील रहनु अपरिहार्य छ ।

**जोगीको सम्बन्धमा**

नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा मुदित नेपाल बृहत् शब्दकोशमा जोगीको बारेमा यस्तो लेखिएको छ 'गोरखना स्थापित सम्प्रदायको अनुयायी बामपन्थी, गोरखपन्थी" जोगीहरू गोरखपन्थी शब्दकोशमा लेखिए तापनि उनीहरू हुन मानव समुदाय हुन् भन्ने विषयमा भोजपुरमा रहेका जोगीहरूबाट भरपर्दो आधार उपलब्ध हुन सकेन । भोजपुरमा पनि विभिन्न स्थानहरूमा जोगी समुदाय छरिएर रहेका छन्। उनीहरूको रक्तनस्तबारे एक जना योगीको भनाइ यस्तो रहेक छ. जोगीहरू मगरका सन्तान हुन् । मगर समुदायसँग धार्मिक संस्कार धेरै निकट रहेको छ । भोजपुरमा मगरको जोगीको मागी वैवाहिक सम्बन्धसमेत रहिआएको छ । फूपूचेला र मामाचेलीमा बिहेबारी चल्दैन ।' यहनिर मगर समुदायमा फुपूचेला र मामाचेलीबिच बिहेबारी चल्दैन तर मगर समुदायमा मामाको छोरीसँग कुटुम्बेरी चल्छ । जोगी मगर समुदायको नश्ल हो भने अन्तर किन हुन गयो ? यो अनुसन्धानको विषय बन्नजान्छ । जोगीको सन्दर्भमा स्पष्ट गर्नका निम्ति केही विवरणहरू प्रस्तुत गरिएको छ-

**(१) जोगी कहाँबाट आए ?**

जोगी समुदायका सबै व्यक्ति आफूहरू गोरखाबाट नै भोजपुरका विभिन्न स्थानमा आएका हुन् भन्ने विषयमा कुनै विवाद छैन । सुरुमा जोगी सङ्खुवासभाको तुम्लिङटार आएका हुन् । तुम्लिङटार समथर भूभाग भएकाले जीविकोपार्जन गर्न खन्नु, खोस्रिनुपर्दा ढाड दुख्ने हुनाले त्यहाँबाट अन्यत्र भोजपुरको साबिक बोया र साबिक याङपाङको भिरालो जमिनतर्फ बसाई सरे । त्यहाँबाट अन्य ठाउँतिर पनि गएको हुनुपर्छ । साबिक बोया गाविसमा अझै पनि जोगीहरूको बसोबास रहेको छ । याङपाङ गाविसमा जोगीको बसोबासको क्षेत्र 'जोगी गाउँ'ले परिचित छ । जोगी गोरखाबाट अन्य ठाउँहक्तछ। जोगी गोरखाबाट अन्य ठाउँहरूमा कसरी स्थान्तरित भए भन्ने प्रसङ्ङ्ग स्पष्ट गर्ने हो भने यसमा एकमत छैन । यसबारे जगत योगीको भनाइ यस्तो रहेको छ- 'सुरुमा जोगीहरूलाई शासकहरूले गुप्तचरको रूपमा प्रयोग गरेका हुन् । उनीहरूलाई झोलामा चामल लगाई त्यसभित्र कागजात राखी त्यससँगै एउटा फेरी लगाउने सामग्री सिङसमेत एकमुष्ट गरी अन्यत्र पठाइन्थ्यो। कसैलाई हुलाकीको जस्तै कामको जिम्मा पनि दिइन्थ्यो । काम सम्पन्न गरेर कतिपय जोगीहरू

*शासकहरूलाई बास्तविक रिपोर्ट दिन फर्कन्थे भने कोही नफर्की गएकै ठाउँतिर बसोबास गर्थे।"*
*योगीको भनाइअनुसार अनुमान गर्ने अरू आधारहरू पनि रहेका छन् । जोगीहरूलाई गुप्तचरको काम मात्र होइन सामान्य कर्मचारी पनि बनाइएको हुनुपर्छ किनभने सामान्य जागीरको सिलसिलामा उनीहरू परिवारसँगै पलायन भएका हुन सक्छन् ।*

***(२) धार्मिक संस्कार***

*'जोगीको गोत्र काश्यप हो भन्ने कसै-कसैको दाबी रहेको छ।' तर काश्यप हो कि काश्यव यसमा द्विविधा पनि रहेको छ। अर्कोतर्फ संस्कारगत कुराहरू समिश्रणसमेत भएको पाइन्छ । सुँगुर पाल्ने, जाँडरक्सीको सेवन गर्ने प्रचलन पनि यस क्षेत्रमा देखिन्छ। जन्म क्रममा छोरा भए ११ दिनमा छोरी भए १० दिनमा न्वारन गर्ने प्रचलन छ। यसको निम्तित१२ दिन काजक्रिया सम्पन्न गरिन्छ। तर शव समाधीत्य गर्ने संस्कारचाहिँ कसैलाई डढाउने कसैलाई बान्दामा पुर्ने गरिन्छ । यस प्रकारको संस्कारले के प्रकाश पार्छ भने जोगी समुदायमा अन्य समुदायको कार केही मात्रामा सङ्क्रमण भएको हुनुपर्छ।*

***(३) आर्थिक तथा शैक्षिक अवस्था***

*साविक याङपाङ गाविसमा बसोवास गरेका जोगी समुदायको भूगोल भिरालो छ। उत्पादनको हिसाबले भूमिको श्रमता कमजोर छ। त्यहाँ रहने जोगीहरूलाई आफ्नो स्वामित्व रहेको भूमिबाट उत्पादन हुने उपजबाट महिना मात्र खाद्यान्नको आवश्यकता पूर्ति हुन्छ। उनीहरूको भनाइअनुसार धान उत्पादन गर्न जमिन कसैको इति छैन। बाँकी रहेको नौ महिना बाँच्नका लागि ज्यादै असहज छ। रोजगारीको कुनै भरपर्दो अवसर छैन । शैक्षिक व्याख्या गर्ने हो भने पनि एकदम कमजोर देखिन्छ। हालसम्म एसइइ उत्तीर्ण गर्न सहख्या तीन जना मात्र रहेका छन् ।*

***(स्रोतः मणि राई, भोजपुर दर्पण २०७८, पृ.५९९) ।***

अरुण गाउँपालिकामा जोगीहरूको अठार-वीस घर धुरी बसोबास रहेको छ । यहाँका अधिकांश जोगीहरूले हिन्दू परम्परा अन्तर्गत आफ्नो समपूर्ण कर्म विधि गर्ने गराउने गर्ने भए पनि थोरै थोरै सङ्ख्यामा आफ्नै जातका पुरोहीतहरू द्वारा आफ्नै परम्परा अन्तर्गत कर्म विधी गर्ने पनि गरेका छन् । यो जातिले आफ्नो परम्परागत पेशा यथारूपले गर्दै आइरहेका छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर सन्यासी/दशनामी जातिको कुल जनसङ्ख्या १९८८४९ रहेको छ भने कुल जनसङ्ख्याको ०.६८ प्रतिशत जनसङ्ख्या रहेको छ ।

## ४.१५ पहरी जातिको सङ्क्षिप्त परिचय

**विषयपरिचय :**

पहरी नेपालमा वसोवास गर्ने जातिहरू मध्येको एक हो । राजपहरी, पाखापहरी र खोलापहरी तीन ठूला समूहमा रहेका पहरी जातिले खैँ, कैभू, भुस्या, धिमा आदि लोक बाजाहरूको प्रयोग गर्छन् । यस जातिले प्रकृति धर्म मान्ने गरेका छन्। नेपालको आदिवासी जनजाति हरू मध्ये "पहरी" पनि एक हो । पहरी जातिको अरु जनजाति हरू जस्तै तामाङ, नेवार, राई को जस्तै आफ्नै छुट्टै भाषा, धर्म, संस्कृति रीतिरिवाज, चालचलन रहेको हुन्छ। पहरी जाति भित्र पनि विभिन्न थरहरू रहेको हुन्छ । जसलाई तल उल्लेख गरिएकोछ ।

**पहरीको जातीय पहिचान :**

पहरी जाती भित्र पर्ने थरहरू

१) राजवंशी २१) नगरकोटी २) नौकोटी २२) सिन्धुर ३) केरुङ्गे २३) गोले ४) दुदेल २४) गोङ्बा ५) बन्दने २५) कोर्खाली ६) मासागेडी २६) पाखा ७) गोल्पाटे २७) खोला ८) शुक्रपति २८) काँसिला ९) दोरंगे २९) मिजार १०) राजगोल ३०) गुर्जाथोकी ११) सेन्दान ३१) मुल्मुल्चोकी १२) मुल्थोके ३२) देउवंशी १३) भुसेल ३३) करजङ १४) पेन्जा ३४) टोकान्छी १५) कालिकोटे ३५) गर्जे १६) पथरवंशी ३६) कुखुरेझाक्री १७) मादरथोकी ३७) बहीदार १८) मान्द्रे ३८) गोक्रुङ १९) कालिन्चोके (२०) पुर्वेली ३९) टारेली ल्यतभ :पहरी थरहरू भित्र पनि छुट्टाछुट्टै गोत्र हुन्छ ।हाल सम्म सूर्यवंशी, भाई गोत्र र कास्य गोत्र रहेको पाइन्छ ।

पहरी जातिले बौद्ध धर्म मान्ने गर्दछन् । पहरी जातिको भाषा छुट्टै भएता पनि हालसम्म लिपी भने छैन । बोलचालको भाषा भने नेवार जातिसंग मिल्दोजुल्दो खालको देखिन्छ ।

**सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू**

पहरी जातिमा विवाह गर्ने पनि आफ्नै संस्कार रहेको पाइन्छ । उनीहरू परम्परागत विवाहलाई हालसम्म पनि प्राथमिकता दिने गरेको पाइन्छ । उनीहरूको जातिगत संस्कार अनुसार मागी विवाहलाई पहिलो प्राथमिकता दिने गर्दछ । अरु जातिमा जस्तो सिधै केटा गएर केटी माग्ने चलन यी जातिमा पाइन्न । उनीहरू केटीको घरमा कसै मार्फत प्रस्ताव पठाउने गर्दछ । पठाएको प्रस्ताव स्वीकार भएपछि मात्र केटी माग्न जाने गर्दछ । केटी माग्न जादा केटा पक्षबाट सुपारी, सुनको औठी र पचास रूपैया लिएर जान्छ । लगेको सामान केटाले केटीलाई

दिने र केटीले केटालाई दुबोको माला लगाई दिने गर्दछ । अनि विवाह कहिले गर्ने भनेर मिति तय गर्दछ ।प्राय:जसो मागी विवाह गर्दा जग्गे बनाउने धेरै जसो जातिमा पाइन्छ । तर पहरी जातिमा विवाहको बेलामा जग्गे बनाउने चलन पाइन्न । उनीहरू विवाहको निश्चित भइसकेपछि जन्ती लिएर केटीको घरमा जान्छ । केटीको घरमा पुगेपछि बेहुला र बेहुलीको हात काँचो धागो बाँधिन्छ । त्यो बाँधेको हातमाथि बेहुलीको बावुले एउटा कुखुराको भाले काटी दुबैको हातमा पर्ने गरी रगत चुहाइदिने गर्दछ । उनीहरू यसैलाई कन्यादानको विधि मान्दछ । यो सबै काम बेहुलीको बावुले गर्नु पर्ने हुन्छ । यदि बावु नभएमा मात्र दाजुले गर्दछ । त्यसपछि मात्र बेहुलाले बेहुलीलाई सिउँदोमा सात पटक सिन्दुर लगाइदिन्छ । बेहुलाले बेहुलीलाइ सिन्दुर लगाएदिँदा बेहुलीको बावु आमाले हेर्नु हुदैन भन्ने मान्यता रहेको पाइन्छ । पहरी जातिमा विधवा विवाहलाई मान्यता दिदैन । बरु जारी विवाहलाई समाजले स्वीकृति दिएकोले त्यो ऐले पनि कायमै रहेको पाइन्छ ।

कुन जातिको मृत्यु संस्कार गर्ने कस्तो चलन । कुन जातिको कस्तो चलन । सबैको आ-आफ्नै जाति अनुसारको चलन । त्यही विगतदेखि चलाइ आएको चलनलाई सबैले अनिवार्य पछ्याउने गरेको पाइन्छ । पहरी जातिमा कसैको मृत्यु भएको खण्डमा अन्य जातिको जस्तो व्यक्तिगत रूपमा लास उठाएर लान पाइदैन । त्यसैले पहरी जातिमा मानिसको मृत्यु भइहालेमा लास उठाउनका लागि सामूहिक रूपमा गुठी स्थापना गरेका हुन्छन् । मानिस मर्नासाथ त्यो गुठीमा खबर पठाउनु पर्ने नियम बनाएको हुन्छ । लासलाई कसरी अन्त्येष्टि गर्ने भन्ने सबै व्यवस्था त्यही गुठीले मिलाउँदछ । पहरी जातिमा लासलाई जलाउने गर्दछ । यो जातिमा लास जलाइएको धुवाँ चाही मृतकको घरबाट देखिनु पर्छ भन्ने मान्यता रहेको कारणले गर्दा प्राय जसो घर भन्दा अग्लो र घरदेखि देखिने गरीको डाँडामा लगेर जलाउने गर्दछ । लासलाई जलाई सकेपछि मलामीहरू घर फर्केपछि च्यूउँरा ख्वाउने गर्दछ । पहरी जातिमा किरिया तेह्र दिनसम्म बारी शुद्ध हुने गर्दछ ।

पहरी जातिमा प्रचलित विभिन्न अभियानमूलक प्रदर्शनी कलाहरू प्रायः लोप भइसकेका छन् । पहरी जातिमा प्रचलित अधिकांश प्रदर्शनमूलक गीतसङ्गीतहरू लोप भइसकेको हुँदा वर्तमान समयमा अभिनयमूलक प्रस्तुतिहरू प्राप्त गर्न निकै कठिन छ । यी जातिमा प्रचलित परम्परागत घाँसेगीत, मादले गीत, रौसे गीत, खेली गीत, आदि हाल लोप भइसकेको छ । मादल भिरेर

फनफनी घुम्दै नाच्ने प्रदर्शनीमूलक, अभिनयमूलक नृत्यहरू पनि हाल प्रचलनमा छैन । यसरी नै खेली गीत, रौसे गीत जस्ता अभियानमूलक प्रस्तुतिहरू वर्तमान समयमा लगभग लोप भइसकेको देखिन्छ । प्रभावको कारण जात्रा मनाउने प्रचलन देखिन्छ ।

**जात्राको परिचय**

जात्रा मनाउने विभिन्न घटना, उद्देश्य र मनसाय हुन्छन् । बिना अभिप्राय कुनै पनि अनुष्ठान प्रारम्भ हुनेगर्दैन । मूलतः जात्रा धार्मिक अनुष्ठान भएकाले धर्मसम्बन्धी उद्देश्य वा अभिप्राय त अवश्य हुन्छ नै । यसै धार्मिक उद्देश्यका आधारमा विभिन्न कारण र घटनाले जात्राको आयोजना गरिएको पाइन्छ । कुनै विशेष घटनाले यसको वीजारोपण भएको हुनसक्छ । घटनाबाट प्रभावित धर्मभीरु सक्षम व्यक्ति वा समाजबाट देवदेवीलाई रिझाउन विभिन्न धार्मिक अनुष्ठान गर्न तम्सन्छन् । अतः परम्परादेखि चल्दै आएका यस्ता जात्राहरू किन, कहिले, कहाँ र कस्ले प्रारम्भ गर्‍यो भन्ने खुल्दुली हामीमा लाग्नु स्वभाविक हो । तर त्यस्ता जात्राहरूमा लुकेर रहेका खास तथ्य र कारणहरूको प्रमाण खोतल्न त्यति सजिलो भने  छैन । अधिकांश जात्राहरूका कार्यकारण लिखित रूपमा अप्राप्त हुने अवस्था छँदैछ । त्यसैले जात्राहरूका इतिहास केलाउन लोकोक्ति र किंवदन्ती खोतल्नुपर्ने अवस्था देखिन्छ । यदाकदा जात्राको प्रारम्भ, त्यसको व्यवस्थापन र सञ्चालन विधि आदि वंशावली, शिलालेख, ताम्रपत्र, भोजपत्रहरूमा भेट्टाउन सकिएला । तर ती नगन्य प्राप्ति मात्र  हुन् । अधिकांश हाम्रा प्राचीन जात्राहरूलाई किंबदन्तीकै आधारमा केलाउनु पर्ने देखिन्छ ।

**जात्राका स्वरूप र शैली**

देवदेवीको जात्रा विभिन्न स्वरूपमा आयोजना गरिएको पाइन्छन् ।  देवदेवीलाई हिँडाएर, बोकेर, खटमा राखेर र रथमा तानेर गरिने क्रियाकलाप नै जात्राका स्वरूप वा शैली हुन् । तर जुनसुकै

शैली वा तरिकाबाट जात्रा सञ्चालन भए पनि जात्रुहरूमा उत्तिकै उल्लास र उमङ्ग भरिएको हुन्छ । जात्रामय हुन्छ वातावरण । बाजागाजाको घन्काइ र रन्काइका साथै भोजभत्तेरमा उल्लासित हुन्छ काठमाडौँ उपत्यका ।

**पैदल जात्रा :** जात्रा गरिने मुख्य पात्रहरूलाई पैदल हिँडाएरै गरिने जात्रालाई 'पैदल जात्रा' भन्न सकिन्छ । यसमा देवदेवी वा देवगण (मानिसहरू) लाई पैदलै हिँडाएर नगरपरिक्रमा गराइने शैली रोचक छ । मुपात्र जात्रा, टाउको लुकाउने जात्रा यस कोटीमा पर्छन् । मुपात्र जात्रामा मुपात्रलाई खड्ग बोकाएर नगरपरिक्रमा गराएर जात्रा सम्पन्न गरिन्छ भने टाउको लुकाउने जात्रामा राक्षस राक्षस्नीको रूपमा (मानिसहरू) राँगाको टाउको बोकाएर देश परिक्रमा गराई पोखरीमा डुबाइन्छ । यस्तै दसैँको अवसरमा निकालिने खड्गजात्रा र अन्य थुप्रै यस्ता जात्राहरू विद्यमान छन् ।

**काखे जात्रा :** देवदेवीलाई कुनै व्यक्तिले आफ्नो काखमा बोकेर गरिने जात्रालाई काखे जात्रा भन्न सकिन्छ । जात्रा गरिने देव वा देवीका प्रतिरूपलाई काखमा वा काँधमा बोकेर नगरपरिक्रमा गरेर पनि जात्रा सम्पन्न गरिन्छ  देवदेवीरूपी कलशजात्रालाई यस प्रकारको जात्रा मान्न सकिन्छ ।

**खट जात्रा :** देवदेवीका प्रतिरूपलाई खटमा राखेर गरिने जात्रा हो । खट जात्रामा पेगोडा शैलीको मन्दिरको आकारका सानो वा ठुलो खट प्रयोग गरिन्छ । त्यसमध्ये साना वा मझौला खटलाई चार जनादेखि सोऱ्ह जनासम्मले बोकेर नचाउँदै जात्रा गरिन्छ ।

**रथ जात्रा :** देवदेवीका प्रतिमा वा जीवित देवदेवीलाई रथमा राखेर गरिने जात्रा अझ भव्य हुन्छन् । रथमा ठुला ठुला पाङ्ग्रा हुन्छन्, हेर्दैमा रथ भव्य देखिन्छ । ठुलो आकारको रथलाई डोरी लगाएर सयौँ जनाले तानेर लग्नुपर्छ ।  कुमारीको रथ जात्रामा जीवितदेवी कुमारीलाई

रथमा राखेर तान्दै जात्रा गराइन्छ भने मच्छेन्द्रनाथका रथ जात्रामा मच्छेन्द्रनाथको प्रतिमा रथमा राखेर जात्रा चलाइन्छ। यस्ता जात्राहरूलाई राष्ट्रिय स्तर तथा स्थानीय स्तरका रूपमा पनि छुट्याउने गरिन्छ। कुमारी जात्रा, मच्छेन्द्रनाथको जात्रा, घोडेजात्रा, बिस्केट जात्रा आदि राष्ट्रिय स्तरका जात्राको रूपमा लिन सकिन्छ भने गाउँ गाउँ वा टोल टोलमा सम्पादन गरिने जात्राहरूलाई स्थानीय स्तरका जात्राको रूपमा मानिन्छ । जे होस् यी सबै जात्राहरू हाम्रो अमूल्य सम्पत्ति हुन् र राष्ट्रिय संस्कृति पनि हुन् । अरुण गाउँपालिकामा ६ नं वडामा ७ ८ घर धुरी पहरी जातिको बसोवास रहेको छ ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा पहरी जातिको कुल जनसंख्या १५०१५ रहेका र कुल जनसङ्ख्याका ०.०५ रहेको छ ।

## ४.१६ ठकुरी जातिको सङ्क्षिप्त परिचय

ठकुरीहरूमा वर्तमान राज्यले थोपरिएको खसआर्य अन्तरगतको क्षेत्री, क्षेत्रीय, राजपुत हो की भन्ने भ्रम फैलिएको छ । अंशुवर्मा पछि वैश्य ठकुरीहरू इतिहासमा देखिन्छन, वास्तवमा नेपालको इतिहासमा ठकुरी भन्ने शव्दको उत्पतिको इतिहास अंशुवर्मा पछिको वैश्य ठकुरीकालको प्रमाणिक इतिहास हो । साधरणतया हिन्दुधर्ममा ब्राह्मण र क्षेत्रीले जनै लगाउँछन र वैश्य भनेको जनै नलाउने जाती हुन । ठकुरीहरू राज्यव्यवस्थामा राजाधिकारी भइसक्दा पनि क्षेत्री वा क्षेत्रिय भएका थिएनन् भन्ने लिखित बलियो प्रमाण हो ।

बाहुनबाट खसेको अर्को समुह पनि क्षेत्री हुने परम्परा बस्यो भने खसहरूले पनि क्षेत्री अवधारणा बिकास गरे । नेपाली समाजमा अर्को ठुलो दिग्भ्रम फैलियो ठकुरी भनेको पुरानो र ठुलो क्षेत्री र अहिलेका खस क्षेत्री भनेको सानो क्षेत्री । नेपालका क्षेत्री भनेर अधिकांस जातिहरूले ठुलो जाति हुन बाहुनहरूको सक्कली वंशावलीको सिको गर्दै ठकुरी राजखलक र टाठाबाठाहरूले हिन्दु मान्यता अनुसार नक्कली वंशावली खडा गरे । त्यसैले जनकलाल शर्माले हाम्रो समाज पुस्तकमा निम्न कुरा लेखेका छन् साना राज्य भएका राजाका राज्यलाई ठकुराई भनिन्छ र त्यस्तो राज्यका राजालाई ठकुर वा ठकुरी भनिन्छ । नेपाल एकीकरणको अभियान प्रारम्भ हुनुभन्दा पहिले यस हिमाली भेकमा अनेक स-साना राज्य थिए । तिनमा राज्य गर्ने ठकुरी जुनसुकै जातका पनि हुन सक्तथे । त्यस समय हिन्दु वर्णव्यवस्थाको प्रभाव यस क्षेत्रमा निकै थियो । जुन समाजको प्रभाव बढी छ त्यसैलाई अपनाउनु मानवस्वभाव हो । यसै सन्दर्भमा अनेक ठकुरीहरू क्षेत्री हुन पुगे । राज्यको हर्ताकर्ता भएपछि समाजमा यिनको स्थान उच्च हुनु कुनै नौलो कुरा होइन ।

नेपालको पश्चिम तर्फका २२ से र २४ से राज्य क्षेत्रमा भुरे टाकुरे स्थानीय जनजातिको मुखियाहरू सेन, सिंह, खान, मल्ल, पाल, वम थर भएका राजाहरू देखिन्छन ती सबै अहिले ठकुरीका थरहरू हुन । डा सूर्यमणि अधिकारीले खसजाति नामक पुस्तकमा मगरातका शक्तिशाली मुखियाहरूले एकपछि अर्को गर्दै सेन, खान, शाह र शाही आदि थर ग्रहण गर्दै

राजा भए भनेका छन । सामान्यतया मानिसको संस्कार र सांस्कृतिक क्रियाकलापले तथा शारीरिक वनावटले उसको जात, वंश र भूगोल बताउने भएकोले समुदायमा भएको व्यक्तिको वेशभूषा, सामाजिक रहनसहन र सामाजिक मूल्य पनि जाति निर्धारण गर्ने तत्त्व हुन । आजभोलीको बसाइँसराइ, मिश्रित बसोबास र वसाई सराई, अन्तरजातीय विवाहले मानिसहरूको शारिरिक बनावट र सामाजिक रीतिस्तथितिमा पनि परिवर्तन आइरहेको पाइन्छ । यसो भए पनि नेपालको सुदूरपश्चिमको तल्लो क्षेत्रमा खस आर्य र गण्डक क्षेत्र वरपरको कर्णालीको पहाडी र उत्तर भेल्टतिर किरात जनजाति वा मङ्गोल मूलका ठकुरीहरू छन । ठकुरी समुदायको पूर्वदेखि पश्चिम सम्मका मानिसहरूमा आपसको सामाजिक रहनसहन र सामाजिक मूल्य पनि फरक-फरक पाइन्छ जस्तै गण्डक क्षेत्रमा छेवर, मामाको छोरी बिहे, विभिन्न लोकसंस्कृति, नाचरी, चुड्का, वालन, सालैजु आदि छन भने अन्य क्षेत्रका ठकुरीहरूमा यो प्रचलन पाइँदैन । नेपालका सयौं इतिहासविद् र समाजशास्त्रीहरूले गण्डक क्षेत्रका मगर जनजातिबाट ठकुरी बनेका विश्लेषण गर्छन, वहाँहरूको अध्ययनअनुसार ठकुरी भनेको छुटाटुटै वंश भएको एउटा समुदाय हो डोरवहादुर विष्टले खस र मगरबाट ठकुरी बनेको उल्लेख गरेका छन भने, फ्रेञ्च लेखक ह्यामिल्टन वुचाननले शाहवंश र शाहहरूको वरपर रहेका ठकुरी समुदायको आदिवासी स्रोत मगर भएको उल्लेख गरेका छन्, ह्यामिल्टनको नेपाल वर्णनमा ठकुरी समुदाय र मगर समुदाय बिचको प्रत्यक्ष अवलोकन गरेर उनले आफ्नो भ्रमणमा जातिय हिसाबले ठकुरी र मगर एउटै भएको तर धार्मिक हिसावले मगरहरू हिन्दुधर्मप्रति उदार हुँदै गएकोले धार्मिक हिसावले यी दुइजात बिस्तारै छुटिदै गएको निष्कर्ष निकालेका थिए ।

यसरी शाहवंश वा त्यसक्षेत्रका ठकुरीहरू मगर जनजाति अवस्थावाट विकसित भएको हुन भन्नेमा ह्यामिल्टन वुचानन, कर्नेल एडेन भान्सिटार्ट, फ्रेन्च लेखिका मारिया, डोरबहादुर विष्ट, प्रयागराज शर्मा, डिल्लीरमण रेग्मी, इमानसिङ चेमजोङ, जोनवाल्टन, डा जगमान गुरूङ, डा. सुरेन्द्र केसी, सुजित मैनाली, यादव देवकोटा, हर्षवहादुर वुढामगर, विकेराना मगर, यमयस राना मगर आदि जस्ता दर्जनौ इतिहासविद्, समाजशास्त्री र लेखकहरूले शाहवंशको विश्लेषण गरेका छन् । इतिहास शिरोमणी बाबुराम आचार्यले पनि गोर्खाली शाहहरूलाइ मगर

राजा भन्थे र त्यहाँका गुरूङ्गहरू तर्कन्थे भन्ने विश्लेषण गरेका छन् । विभिन्न किसिमका ठकुरीहरूमा आ-आफ्नो चलन, संस्कार, संस्कृति र सामाजिक मूल्य तथा मान्यता छन । मंगोल किरात मूलका ठकुरी हुँदाहुँदै सबै ठकुरी एउटै खसआर्य मूलका मात्र थिए भनेर गलत व्याख्या गर्ने, अझ राजपुत हुन भनेर इतिहासका विषयहरू प्रति अनभिज्ञ रहने र विज्ञहरूको सुझावको उपेक्षा गर्नेहरू पहिचानको बाधक बनेका छन । अर्को समस्या भनेको एकताको नाममा विविधता खोजिएको छैन । असन्तुष्टि यसैको परिणाम हो किनकी ठकुरीहरूले आफ्नो जनजाति आदिवासी इतिहासलाइ खोज्नुपर्ने देखिन्छ ।

नेपालको संविधान २०७२ ले खस आर्य र जनजातिको व्याख्या गरेको छ, सरकारका प्रशासनिक संगठनहरू यसैमा केन्द्रित छन् । ठकुरीहरू आफै अलमल गरेका छन् र  अन्य जातमा परेका छन । जसरी राउटेहरूले आफ्नो समस्या बताउन सक्दैनन केहि ठकुरीहरूमा पनि यहि उदाहरण लागु हुन्छ ।

कर्णालीका चल्लहरूले पहिले बौद्ध धर्म मान्थे, दैलेख दुल्लुको ऊँ मणि पद्मे हुँ भन्ने पृथ्वी मल्लको कृतिस्तम्भ र पुण्यमल्लको कनक पत्रमा लेखिएको ४ खामको लामा अभिलेखले पुष्टी गर्दछ भन्ने तर्क डा जगमान गुरूङ्गको रहेको छ । प्राचीनकालमा तिब्बतदेखि झरेका चल्लहरू, पछि राजा रजोटा हुँदै मल्ल, पाल, चन्द, वम, सिङ, शाही, मेदासी, शाह आदिमा विभक्त भएका थिए । गण्डक क्षेत्रमा उचै, सेन, वंशी खान,चन्द, सिङ र पर्वतमा मल्ल ठकुरीहरू थिए । खानहरू पछि शाह, शाही, समाल हुँदै गए, खानहरूलाई खाँण वा खाँड पनि भनिन्छ । परम्परागत रूपमा राजाको मृत्युपछि जेठा छोरा राज गद्दीको उत्तराधिकारी हुन्थे, बाउलाई मारेर नै राजकुमारहरूले बाबुको थर फेर्दै राजगद्दि सिन भएको टाकुरे र भुरे राजाका इतिहास देखिन्छन । चल्ल पछि मल्ल शाही सिह र खान पछि शाह शाहि मेदासी समाल भएर ठकुरीहरूको थर बदलिनु यसैको उदाहरण हो ।

नेपाल र भारतमा भने मानिसको उत्पति वा जन्म ऋषिबाट भएको गलत व्याख्या गरिन्छ, गोत्र प्रणाली कुनै एक ऋिषिको जन्मबाट मात्र नभइ कुनै पनि ऋषिबाट दिक्षित भएका विभिन्न जातिका समुहहरू पछि तिनै ऋषिबाट दिक्षित भएको इतिहास राख्न तिनै ऋषिको नामलाई गोत्र बनाएर विभिन्न जनजातिहरूले ग्रहण गरेका थिए  । विश्वमा मानिसहरूको शारिरिक

बनावट ३ किसिमका मात्र छन् । यसलाइ मङ्गोल, ककेसियन र निग्रो भनिन्छ । नेपालका खस आर्य वा ककेसियन र किरात वा मङ्गोल समुदायका मानिसहरू मात्र छन ठकुरीहरू पनि सुदुर पश्चिमतिर आर्यखस ककेसियन र गण्डक क्षेत्र वरिपरिका ठकुरीहरू मङ्गोल वा किरात मगर मूलका देखिन्छन । यी दुवै किसिमका शारिरिक वनावट भएका ठकुरीहरूको मिलन विन्दु धर्मको कारणले हिन्दु भनेर गलत व्याख्या गर्दै ठकुरी जातीको निर्माण भएको हो । नेपालमा वास्तवमा ठकुरीहरूले आर्य र मङ्गोलहरू बिचमा स्वफुर्त वैवाहिक चलन चलाएर जातिय भेदको निरूपण गरेको देखिन्छ तर यसमा भारत र नेपालमा भएको उचनिच जात व्यवस्थाले ठकुरीलाइ मात्र होइन सम्पूर्ण जातिहरूलाइ प्रभाव पारेको छ ।

खस आर्य हिन्दु मूलका ठकुरीहरू वाहेक मुस्ताङ्गमा बुद्दिष्ट समुदायका ठकुरीहरू पनि छन । गण्डक क्षेत्रमा हिन्दु समुदायका भूमि पूजक किरात मुलका मङ्गोल जनजाति ठकुरीहरू पनि छन । हिन्दु भित्र कै कुसुण्डा र राउटेहरूले ठकुरी भएकोमा गर्व गर्छन । केहि ठकुरीहरूलाई अझै पनि कुसुण्डा भनेर पहिचान दिने गरिन्छ । जोहान र रेनहार्डले कुसुण्डाहरूको अध्ययन गरेका थिए उनले ठकुरी, कुसुण्डा र मगर एकै रगतका दाजुभाई ( ब्लड ब्रदर ) भएको निष्कर्ष निकालेका थिए । राउटे र कुसुण्डा ठकुरीहरू अन्य समुदाय संगको सम्पर्कले गर्दा अहिलेका मूल ठकुरीहरूसंग छुटिएको बिभिन्न तथ्यहरूले देखाउछ । ठकुरीहरूले सानो ठुलो जातको अवधारणा त्यागेर कुसुण्डा, राउटे ठकुरी र अहिलेका भनिएका ठकुरीहरूलाइ समेटेर आपसको संस्कार संस्कृतिलाइ अपनत्व गरेर सयुक्त आदिवासी जनजाति ठकुरी सङ्गठन निर्माण गर्नु पर्दछ । ठकुरी - जनजाति नाम हो । जनैधारण पछि ठकुरीहरू क्षेत्री भएका थिए ।

संस्कार, संस्कृति, कुल र मूल हराए पछि जात हराउछ । यो अन्यजातको अन्यायलाइ जबसम्म ठकुरीहरूले हटाउने कोशिस गर्दैनन तबसम्म कुनै पनि ठकुरीहरूको इतिहास र पहिचानलाइ न्याय हुँदैन । ठकुरीहरूले अन्य जात किन भयौ भनेर आँफैलाइ हजार पटक सोधेर उत्तर खोज्नुपर्छ । इतिहासलाई विश्लेषणात्मक अध्ययन गर्न सक्नु पर्छ । विज्ञको सुझाव मान्नैपर्छ । इतिहासलाई साक्षी राख्नै पर्छ । ठकुरीहरूको संस्कार, संस्कृति छिन्नभिन्न भएको छ । मामाको छोरी बिहे गरेर आफ्नो जातीय पहिचान पस्केका बडामहाराज पृथ्वीनारायण शाहलाई उनको मामाले दिनुभएको महŒवपूर्ण निर्देशन दिव्यउपदेश नामक पुस्तकहरूमा पढ्न पाइन्छ, राजा

पृथ्वीको बुबाले पनि मामाको छोरी बिहे गरेका थिए, संयोग पनि कस्तो भने बाल हेरचाहदेखि नेपाल एकिकरणमा पृथ्वीका मुमाहरू मगर चन्द्रप्रभा र मगर भनिएकी कौशल्यावतिको भूमिका र बहादुर शाहकी भाउजू राजेन्द्रलक्ष्मी शाहको योगदानले ५२ वटा सानातिना राज्य गाभिएर विशाल नेपाल बनेको थियो । राम शाहकी मुमा सल्यानकोट देवी भएकी र उनको रानी मनकामनादेवी भएको विश्वास गरिन्छ यसैले शाह राजाहरूले मातृसत्तालाइ प्राथमिकता दिनाले नै एकपछि अर्को गर्दै सफल हुँदै नेपाल एकीकरण पनि सम्भव भयो । जो मगर संस्कार र संस्कृतिको कम्युनिटी एकताको फल नै हो ।

प्रकृति भूमिपूजक गण्डक क्षेत्रका ठकुरीहरूलाई डोरबहादुर बिष्ट, शिखरनाथ सुवेदी, ह्यामिल्टन बुकानन, इमानसिंह चेम्जोङ्ग, प्रयागराज शर्मा, डिल्लीरमण रेग्मी, सूर्यमणि अधिकारी, नरवहादुर थापामगर, यम यस थापा मगर र पछिल्लो पटक संस्कृति तथा इतिहासविद् डा. जगमान गुरूङ र सुजित मैनाली जस्ता इतिहासविद् र समाजशास्त्रीहरूले मगर मूलको भएको विश्लेषण गरेका छन् ।

नेपालमा समाज विकास क्रमसँगै वंशावलीको काल्पनिक मिथ्याहरू पनि हुर्कदै जानु रहस्यमय देखिन्छ । यहि रहस्यको गाँठी कुरा पहिल्याउन उतिवेलाको गण्डक क्षेत्रमा पर्ने पाल्पा रिडि क्षेत्र, तनहुँ र गोर्खा समेतका जनजातिहरूको अध्ययन गर्न नेपालमा १४ महिनासम्म बसेर एउटा फ्रेन्च समाजशास्त्री ह्यमिल्टन बुकाननले जनजातिहरूको मिहिन अध्ययन गरेका थिए । उनले गोर्खाली राज खलक ( ठकुरी ) को जनसंख्या किन थोरै भयो भनेर यसको खोज शुरू गरेका थिए । इन्डिया भारतको जातीय प्रथामा पहिले नै जानकार भएका ह्यामिल्टनले रोयल लाइन भनेर राजाको खलकलाइ भारतीय दोभाषेको सल्लाहले राजपुत शव्द प्रयोग गरेका थिए ।

नेपालका इतिहासविद्ले उनको लेखलाई सन्दर्भ सामग्री बनाएर लेख्ने गर्छन । उनले नेपाल आउँदा इन्टरपेटरको लागि उनैले ल्याएका भारतीय बाहुन र पाल्पा राज्यबाट निर्वासित राजाका पण्डित सादुरामको सहारा लिएर मगरातका जनजातिहरूको अध्ययन गरेका थिए ।

बाबुराम आचार्यले पनि गोरखामा, बाहुन, क्षेत्री, दलितको सङख्या बढ्दै गएकाले क्षेत्री राजा द्रव्यशाहलाई मगरको घले राज्य जित्न सजिलो भयो यसको मतलव गुरूङ मगर बहुल क्षेत्रमा

क्षेत्री राजा बाहुन, खस क्षेत्री र दलितको संख्या बढ्दै गएकोले सहज भयो तर उनै फेरी उहि पुस्तकमा गुरूङहरू उहि शाह राजा मगर भनेर तर्कन्थे भनेर टिप्पणी उठाएका छन । पृथ्वीनारायणले उनको समयमा धेरै रानी बनाएर उनैका काखमा पालैपालो सुत्ने तथा उठ्ने र खसीको झोलसित गोर्खामा फलेको कोदोको ढेडो र फाँटमा फलेको मसिनो पोखरेली चामालको भात सधै खान पुग्थ्यो होला, नरभुपाल शाहले त्यति त राजकुमारलाइ बनाइदिए कै थिए। तर २० वर्षमा राजा भएर नेपालको जग बसाल्ने हिँडेका उनको ५२ वर्षको उमेरमा देहवासन भयो तर पनि वहाँको नेतृत्वपूर्ण भूमिकाबाट नेपाल देशको खाता खोलियो । मगर बाहुल्य क्षेत्रबाट मगर ददाङ्गी ( दाजी ) हरू लिएर वा एकै कुलका दाइभाइ मगरहरूको साथ र सहयोग लिएका आर्यबाहुन धर्मतिर बिस्तारै लहसिएर बाहुन र खस क्षेत्रीको समेत मन जितेकाले गोरखा जिल्लाका गुरूङ मगर बाहुन क्षेत्री खसदेखि सबै जातिको मन भावना जित्न सफल भएका थिए। यसरी बनेको राज्यसत्तामा राणाहरूले षडयन्त्रपूर्ण ढङ्गले दरबारमा श्री ३ बनेर पसेपछि शाहराजाको दुर्गति शुरू भएको थियो । खस राणासँग लम्पासार परेको एकीकरण सकिए पछिका पिँजड़े शाहराजाको गतिविधिहरू गाउँका टाकुरीमा बसोबास गरेका ठकुरीहरूले राणालाई गाली गर्दै उनै दरबारको नक्कल गर्दै गए। भारतीय संस्कृतिको गहिरो प्रभाव पर्दै गएको दरबारको चरित्र संस्कारले खस आर्य संस्कृति पूर्ण रूपमा अवलम्बन गऱ्यो । ठकुरी जाति अरुण गाउँपालिका वडा नं ३ प्याउलीमा चार पाँच पुस्ता अगाडिदेखि बसोबास गर्दै आएका ठकुरीहरूको ४/५ घरधुरी रहेको छ।

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालमा ठकुरी जातिको कुल जनसंख्या ४९४४७० रहेका र कुल जनसङ्ख्याका १.७ रहेको छ।

### ४.१७. गुरुङ जातिको परिचय

प्राचीनकालमा गुरुङहरू गण्डकक्षेत्रमा कसरी आइपुगे भन्ने कुरामा बुहुसङ्ख्यक विद्वान्हरू मंगोलियाबाट चीन - तिब्बत हुँदै नेपालको मुस्ताङ, गण्डक क्षेत्रको मनाङ, कास्की लमजुङ, गोरखा, स्याङ्जा र तनहूमा बसोबास गरेको भन्ने विश्वास गर्छन । केही विद्वान् तमू गुरुङहरू गण्डक क्षेत्रमा आउनु भन्दा अघि मंगोलियाबाट चीन - तिब्बत भई पहिले भारतमा बसोबास गरी कालान्तरमा गण्डक क्षेत्रमा प्रवेश गरेको बताउँछन् । यस तर्कमा विश्वास गर्नेहरू त्यसैले पनि गुरुङहरू हिन्दु धर्मावलम्बी भएको तर्क अगाडि सार्छन् । तमू गुरुङहरूको वंशावलीमा भने उनीहरू कन्नौजबाट आएको आर्य हुन भनेका छन् । लेखक जनकलाल शर्माले तमू गुरुङहरू “हूण” जातिका हुन् भन्ने तर्क प्रस्तुत गरेका छन् (थकाली, २०६७ : १२) ।

तमुका वंशज मंगोलियाबाट चीनको कोकोनार ताल (कोकली म्हस्योँ), सिचुवान, युनान, तिब्बतको छ्याम्डो, ल्होक्याँ हुँदै नेपालको मुस्ताङ, फलिप्रोँ, लिप्रोँ (लुव्रा) मनाङको नार हुँदै क्होला सोँप्रे ट्होया सन् ५०० तिर स्थाई बसोबास गरेका थिए भन्ने कुरा सन् २००० मा क्याम्ब्रिज विश्वविद्यालय बेलायत र पुरातत्व विभागले गरेको अनुसन्धान प्रतिवेदनमा रहेको छ (तमु (गुरुङ), २०१२ : १३) ।

प्राचीनकालमा तमूका पुर्खाहरू एसिया महादेशका मध्य उत्तरी चीनको क्षेत्र, मंगोलियामा व्युत्पत्ति हुँदै त्यहाँबाट खानाको खोजीमा बसाइ सराइ गर्दै पश्चिममा किर्किजस्तान, ताजीकीस्तान हुँदै पुनः दक्षिण पश्चिम मोडिएर तिब्बतका पश्चिम पहाडी क्षेत्र एवं वन, जंगल पार गर्दै चीनको कोकोनर ताल सिच्युयन प्रान्तबाट दक्षिणतिर उँईचु चुँरु हुँदै तिब्बत क्षेत्रमा प्रवेश भएको पाइन्छ । तिब्बतबाट हिमालपार गर्दै मनाङ, मुस्ताङ, जोमसोम, लब्रु, तिलिचो तालको आसपासबाट मुँइच ह्युलामा ठूलै समूह आएको देखिन्छ । त्यहाँ निकै धेरै वर्ष बसे पश्चात तोरीबारीमा बच्चाहरूको ढुङ्गाको गोटि खेल्ने क्रममा “मुँईचु प्लाँप्ली कु प्लाँप्ली, मुँईचु प्लाँप्ली स्यो प्लाँप्ली” अर्थात त मुँईचु ह्युलामा ठूलो पैरो जाने संकेत बच्चाहरूले दिए पछि त्यहाँबाट पुनः सबै समूह माथि मनाङमा पर्ने “सब्जे ब्राम्ह ऊ” मा सरे । त्यहाँ खेती नहुने भएपछि सबै शिकार गर्ने पेसामा लागे । शिकार गर्ने क्रममा शिखर सहित आफूहरू त्यहाँको ठूला शिखर (येक्रे) पार गरेर क्होला आइपुग्छन् । त्यहाँको समथर उब्जाउ भूमि पाहारिला पाखा, दक्षिण ढलपरेर रहेका भू-भाग, शिकारका लागि उपयुक्त बन जंगल, मह काट्न सकिने महभीरहरू, प्रशस्त जलस्रोत लगायत आवश्यक सामग्रीहरूले युक्त ठाउँमा सर्न माथि सब्जे ब्राम्ह ऊमा गए पछि राजालाई जानकारी गराए । उनीहरूले आफूसँग

झोलामा भएका उवा, जौका गेडाहरू निकालेर समथर जग्गाको एउटा कुनामा छरेर छाडे र भने, यदि यो ठाउँमा मानिस बस्न योग्य भूमि हो भने यहाँ छरेको जौ, उवाका विउहरू छ महिनामा हात भएको बोट र वित्ता भएका बाला भै राख, यदि बस्न नहुने भए त्यही हराई रहोस् । छ महिना पछि फर्केर हेर्न आउँदा भने जस्तै हात भरिको बोट र बित्तारको बाला निस्केको

देखियो । त्यहाँबाट माथि सब्जे ब्राम्ह ऊमा गएर राजालाई भने पछि राजा सहित सबै क्होलामा आएर त्यहाँ मानव बस्ती बसाले भन्ने धार्मिक गुरुहरूको प्येमा उल्लेख भएको पाइन्छ । क्होला मानव बस्तीका लागि अति उपयोगी भएको थाहा भए पछि सव्जे ब्राम्ह ऊ छाडेर समूह - समूहमा राजा क्हयाल्वु रुजु क्ल्हेसँगै ठूलै झुप्पा तल्लो क्होलामा आएको देखिन्छ (क्रोम्छें तमू, २०७२ : ४९ - ५०) ।

## तमू तथा गुरुङ शब्दको व्युत्पत्ति

कुनै पनि शब्दको अर्थ हुन्छ । यसरी अर्थ दिने शब्दको व्युत्पत्ति कसरी भयो होला भनी विद्वान्हरूले अनुसन्धान गरेका हुन्छन् । विशेष गरी जातजाती, देश सम्बन्धी शब्दका व्युत्पत्ति बारे विद्वान्हरू झनै गहनतापूर्वक अनुसन्धान कार्यमा लागेका हुन्छन् । त्यस्ता विशिष्ट विद्वान्हरूको खोजीनीति अनुसार तमू तथा गुरुङ शब्दको व्युत्पत्ति निम्न बमोजिम भएको देखिन्छ ।

"तमू तथा गुरुङ एउटै जातिलाई जनाउने दुईवटा नामयोग शब्द हुन् । तमू शब्द दुई अक्षरले बनेको छ । यस शब्दमा प्रयोग भएको 'तमू' अक्षरमा 'त' को अर्थ वज्र, माथि, घोडा र वन्चरो जनाउँछ । 'मू' को आकाश हो । त्यसैले तमूको अर्थ आकाशको वज्र, घोडा भएका अथवा पालक तथा लेकाली मानिस हुन् भनी विद्वान्हरू लेख्छन् । त्यस्तै गुरुङ शब्द तिब्बती भाषाको 'ग्रोङ' शब्दबाट बनेको हो भन्ने भनाइ पनि छ । जसको अर्थ खेतला वा कृषक हुन्छ । तिब्बती भाषाको घोरुङ शब्दको अपभ्रंश भएर गुरुङ भएको हो भन्ने भनाइ पनि छ । घोरङको अर्थ 'पाल' हो भन्ने अर्को भनाइ छ । गुरुअङ्गबाट गुरुङ भएको हो भन्ने पनि कथन छ भने चीनको स्वशासित क्षेत्र तिब्बतको ज्यारोङबाट आएका हुनाले गुरुङ भएको तर्क पनि कतिपय विद्वान्हरूले अगाडि सारेका छन् । डा. हर्क गुरुङको भनाइ अनुसार गुरुङ शब्दको उत्पत्ति तमू शब्दको 'कुक्रोहा' कु (नौ) क्रोहों (मुखिया) अर्थात् नौ मुखियाको अपभ्रंश भएर गुरुङ भएको हो (थकाली, २०६७ : १३) ।

गुरुङ समुदायको एक मात्र भरपर्दो जीवित इतिहास प्ये ताँ ल्हु ताँ अनुसार कु खे वा नौ पितृ वा नौ कुल घराना वा नौ वंशज नै "कुरोङ" हुन सक्छ । यसै कुरोङ शब्दबाट गुरुङ भएको मान्न सकिन्छ । गुरुङ समुदायको प्ये ताँ ल्हु ताँ वा शास्त्र वा इतिहास अनुसार गुरुङहरू उत्तरी भागबाट दक्षिणी भागतिर वा माथिल्लो भूगोलबाट तल्लो भूगोलतिर बसाँई सराइ वा राज्य बसाल्दै आएको हुनाले माथिल्लो भू-गोललाई तु र तल्लो भूगोललाई मू भनी बुझियो । यसै भौगोलिक बनावट वा यहाँको प्राकृतिक भू-नौटबाट नै तुमु/तमु भनी सम्बोधन हुन गएको आधार वैज्ञानिक, वस्तुपरक, ऐतिहासिक र भाषिक आधार मान्न सकिन्छ (गुरुङ, २०७२ : १७) ।

## तमू गुरुङका वंशावली

विभिन्न जातजातिमा ठूलो जात र सानो जातको भेद भए जस्तै धेरै पहिले गुरुङहरूमा पनि चारजाते ठूलो र सोह्र जाते सानो भन्ने प्रचलन रहेको थियो । तर कर्णेल लछमन गुरुङको उजुरीले श्री ३ जङ्ग बहादुर बाट वि.सं. १९२४ मा गुरुङहरूमा चार जात र सोह्र जातमा ठूलो सानो भन्ने नभएको फैसला भएको थियो । जसले गुरुङ समाजमा ठूलो जात र सानो जात भन्ने भावना मेट्न अहं भूमिका खेलेको थियो ।

तमू गुरुङहरूको वंशावलीहरू थुप्रै किसिमका भेटिन्छन् । क्ले कुगी, तथा सोगीहरूका छुट्टाछुट्टै वंशावलीहरू पाइन्छ । जस अनुसार कुगीलाई कश्यप गोत्र भनिएको छ, सोगीहरूलाई कन्नौज बुन्देलखण्डका भारद्वाज गोत्र भनिएको छ । तर यहाँ राजा यशोब्रहम शाहका पण्डित भोजराजले तयार गरी पण्डित शिखरनाथ सुवेदीले प्रकाशित गरेको थर-गोत्र प्रश्नावली नामक पुस्तकमा प्रकाशित भएको वंशावली प्रस्तुत गरिएको छ । कुनै समयमा पिउठाना भन्ने ठाउँमा गोचन नामका भारद्वाज गोत्र सूर्यवंशी राजा थिए । राजा गोचनका लोचन र रोचन नामका दुई राजकुमार थिए । राजारानीका लागि कान्छा छोरा प्यारा थिए, त्यसैले गर्दा पिउठानाको राज्यभार राजा गोचनले जेठो छोरा लोचनलाई नदिई कान्छा छोरा रोचनलाई दिए । दाजु हुँदाहुँदै भाइले राज्य पाएपछि जेठो राजकुमार दिक्क हुनु स्वभाविकै थियो । यसरी भाइ राजगद्दीमा बसेपछि जेठाले देश छाडेर बाहिर जाने निधो गरे । लोचनले देश छाडेर बाहिर जानलाग्दा काली नामकी उनकी पत्नी पनि पछि लागिन् । राजकुमारका साथमा पत्नी मात्र नभई उनका पुरोहित मुकुन्द लामिछानेका छोरा बलि लामिछाने र उनकी पत्नी काशी समेत पछि लागे । उनको आठपहरिया (अङ्गरक्षक), केहरसिंह खवास (दास वा कमारो) तथा उनकी

पत्नी पनि पछि लागे । राजकुमारले पिउठाना दरबार छोड्दा राजकुमारका साथमा उनी बाहेक पाँचजना साथी भए । यसरी देश छोडेर हिँडने राजकुमारले कुनै नयाँ राज्य खडा गर्ने विचार नगरेर हिमालयको काखमा गएर तपस्या गर्ने विचार गरे । उनीहरू यस प्रकार प्रस्थान गरेको केही दिन पछि बाटामा अत्यन्त सुन्दरी तरुनीहरूको जमातसित भेट भयो । तरुनीहरू सोह्रदेखि बीस बर्षका भित्रका थिए । यिनीहरूबाट राजकुमार अत्यन्त मोहित भएर केही समय उनीहरूसित विताउने विचार गरे । दुईरात उनीहरू सितै हाँसखेलमा वित्यो । तेस्रो रात पनि विताउने विचार भयो । तेस्रो रात बिताएर ब्युँझँदा त्यहाँ कुनै युवती थिएनन् र आफूसित भएको धनदौलत पनि थिएन । यति मात्र होइन, राजकुमार र गुरूपुत्रको आङमा जनै पनि थिएन । जनै चोरिनुको अर्थ थियो - जात चोरिनु । सम्पत्तिका साथै जात पनि चोरी भएको हुँदा उनीहरू सार्है खिन्न भए । त्यस पछि उनीहरू हिमालयको काखमा रहेको एउटा नदीको किनारमा पुगेर त्यहीँको एउटा गुफामा बसे । राजकुमारकी पत्नीसित बाँकी भएका गहना बिक्री गरेर उनीहरू जीवन यापन गर्न थाले । यस्तो आपत्ति पर्दा पनि केहरसिंह खवासले आफ्नो कर्तव्य नछोडी सेवा गरेको हुँदा राजकुमार र बलि लामिछाने अत्यन्त प्रसन्न भए । यी दुवैजना मिलेर केहरसिंहलाई भने, "तैंले हाम्रो यस्तो अवस्थामा पनि आफ्नो कर्तव्य नछोडी सेवा गरिस् । तँदेखि हामी अत्यन्त प्रसन्न छौं । हाम्रो जात गएको कुरा तँलाई सबै थाहा छ, त्यसकारण अबदेखि तँलाई खवास अर्थात कमारो भन्दैनौं । सबै कुरा थाहा पाएको हुँदा थापा भन्छौं । अबदेखि तँ थापा भइस् । हाम्रो पनि जात गइसकेको हुँदा तँ जस्तै भयौं । युवतीहरूले हाम्रो जात चोरेर लगेको हुँदा हामीसित जात छैन । हामी सबै उस्तै भएपछि तैंले पकाएको भात खान अब हामीलाई कुनै आपत्ति छैन । त्यसकारण अब उप्रान्त तैंले पकाएको भात खान्छौं, तैंले पकाएर खुवाउनू ।" राजकुमार र गुरूपुत्रको यस्तो प्रस्तावबाट केहरसिंह खवास बडो अचम्ममा पर्‍यो र स्वीकार गर्न मानेन । तर उनीहरूले धेरै सम्झाए पछि प्रस्ताव स्वीकार गरेर भात पकाएर खुवाउन थाल्यो । त्यस दिनदेखि यी सबै बराबर भए । सबै कुरा थाहा पाएको हुँदा केहरसिंह खवास (कमारो) बाट त्यसै दिनदेखि थापा भयो (थकाली, २०६७ : २७ - २८) ।

## तमू गुरुङ भाषा र लिपि

नेपालका आदिवासी जनजातिहरूको आ-आफ्नै भाषा, धर्म र संस्कृतिहरू छन् । विविध कारणले यी जातिहरूमध्ये धेरै जस्तोको भाषा, धर्म र संस्कृतिहरू लोपोन्मुख अवस्थामा रहेका

छन् । गुरुङहरूको आफ्नै बोलीको भाषा छ । गुरुङ भाषालाई तमुक्वी भन्दछन् । गुरुङ भाषालाई भोट बर्मेली र खमेर परिवारको भाषा भन्ने गरिन्छ। गुरुङहरूको खेमाफ्ही भन्ने लिपि छ र यो लेख्न सकिने भाषा भनिन्छ। तर सबै गुरुङले यो लिपिलाई मानेका छैनन् (सामान्य ज्ञान, २०६३ : ३७) ।

नेपालमा भोट बर्मेली शाखाअन्तर्गत ५७ भाषा बोलिन्छन् । ती मध्ये गुरुङ (तमू) बोडिस समूहको एउटा प्रमुख भाषा हो । यसको लेख्य परम्परा नभएकोले वैज्ञानिक अध्ययन भएको छैन। लिपि भाषाको जीवन्तताको लागि अत्यावयक कडी हो। आभूषण पनि हो। लिपि विकासले भाषाको विकासमा ठुलो भूमिका खेल्छ। नेपाल बहुभाषी, बहुजाति, बहुधार्मिक तथा बहुसांस्कृतिक मुलुक हो । यहाँको एउटा महŒवपूर्ण जाति भित्र पर्ने तमू जातिको आफ्नै भाषा, धर्म, कला, भेषभूषा लगायत संस्कार संस्कृतिको छुट्टै मौलिक पहिचान हुँदा हुँदै पनि आफ्नो लिपिको अभावले संस्कृतिदेखि संस्कारसम्मका विकासमा अवरोध श्रृजना भएको छ। शिक्षा क्षेत्रमा हेर्ने हो भने प्राथमिक तहसम्म मातृभाषा पढ्न पाइने कानुनी आधार छ। यसका लागि पनि भाषाको लिपि तयार हुनु आवश्यक छ।

### धर्म

तमू जातिको प्राचीन धर्म संस्कार प्राकृतिक बोन संस्कार नै हो । तमू समाजमा प्राकृतिक बोन संस्कार अन्तर्गत धामी, झाँक्री, पैंडी, पच्यु, ध्याव्, बोन लामाहरूको महŒवपूर्ण भूमिका हुन्छ । यसैले समाजमा जन्मदेखि मृत्युसम्मका संस्कार सम्पन्न गर्दा कुल, कुलायन बुझाउँदा, देवी, देउरालीहरूको पूजाआजा गर्दा र विरामी पर्दा भूत-प्रेत-पिचाश लगायतका लागुभागु मन्छाउने कार्य गरिन्छ। यिनीहरूले वन जङ्गलमा हुने प्राकृतिक जडीबुटीको औषधीले विरामीहरू निको पार्ने काम गर्छन्। अझै गाउँघरमा त्यो चलन हटेको छैन। प्राकृतिक बोन धर्म, बोन संस्कारको उत्पत्ति र विकास मानव उत्पत्तिपछि मानव सभ्यता र विकासको क्रम सँगसँगै भएको हो । मानव विकासको प्रारम्भिक चरणका मानिसहरूले धेरै प्राकृतिक विपत्तिहरूको आपतविपत सामना गर्न पऱ्यो। उत्पन्न भएको प्राकृतिक विपत्तिहरू र प्राकृतिक दैवी शक्ति तथा दैवी प्रकोपको रहस्यहरू मानिसले बुझ्न सकेनन् । मानिसहरूलाई आपत विपत पार्ने प्राकृतिक विपत्तिहरूको समाधान कसरी गर्ने भन्ने हेतुले खोजी नीति र अध्ययन अनुसन्धान पनि साथै सुरु गर्ने क्रममा प्राकृतिक दैवी शक्ति र स्रोतबाट तान्त्रिक बोन विद्या उत्पन्न भयो। गुरुङहरूमा हिन्दु धर्मको ठुलो प्रभाव परेको छ। तर अरूबाट अलग्गिएर रहेका

ठाउँहरूमा उनीहरू अझै पनि आफ्नै देउताको पूजा गर्छन् । गुरुङ समुदायमा लामापन्थ र तन्त्रमन्त्रको पनि महत्त्वपूर्ण भूमिका रहन्छ ।

**संस्कार**

प्रत्येक जातजातिमा आ-आफ्नै प्रकारका संस्कारहरू हुन्छन् । संस्कार रूपी रूखको जरा प्रत्येक व्यक्तिका जीवनका हर व्यवहारमा गाँसिएका हुन्छन् ।

**जन्म संस्कार**

तमू गुरुङहरूको जन्म संस्कारमा शिशुको जन्म हुनासाथ समाजको अनुभवी महिलाद्वारा सालनालकाटी शिशुलाई मनतातो पानीले नुहाई, तोरीको तेल लगाई सफा कपडामा बेरेर सुताइन्छ ।

**नामकरण**

शिशु जन्मेको तेस्रो दिन पैंडी (ज्योतिषी) बोलाई शिशुको नामकरण गरिन्छ । अर्थात् शिशुको नाम राखिन्छ ।

**छैंठी**

शिशु जन्मेको छैंठौ दिनको साँझ नवजात शिशुको भविष्य राम्रो होस् भनी शुभमंगल कामनाको लागि थालीमा एक माना चामल, रूपैयाँ पैसा भेटी राखी थाल माथिनै दियो बालेर शिशुको सिरानीमा राखिन्छ ।

**था सों प्रिहसों (न्वारान) गर्ने**

बालकको जन्म भएको नौ दिन या एघार दिनमा न्वारान वा नामकरण हुन्छ । बालिकाको सात दिनमा न्वारान गर्ने गरिन्छ । सात माता र नौ पूर्खाको प्रतीकको रूपमा यसलाई लिइने हुनाले बालबालिकाहरूको न्वारानमा पनि सात तथा नौ दिनलाई शुभ मानिएको हो । यस दिनमा चोख्याउने मात्र नभई क्यब्रीबाट स्वस्ति - शान्ति पूजा (था सों प्रिहसों) गर्ने गरिन्छ । त्यसै दिनमा पैंडीले तीन दिनमा जुराएको नाम पुनः सुनाइन्छ । बालबालिकालाई दोष-दोषालो तथा दुरात्माको कुदृष्टि नपरोस् भनी छोरा भए नौसरोमा नौ गाठो, छोरी भए सात सरो धागो सात गाँठो पारेर बेसारमा मोलेर तमू भाषामा स्याइस्याइ भन्दै पवित्र धागो

(फ्हैरू) शिशुको घाँटीमा, दुवै हातको नाडीमा, दुवै खुट्टाको कल्लीमा र कम्मरमा बाँधि दिने चलन छ (थकाली, २०६७ : १२३ - १२४) ।

**पास्नी (कई कोवा)**

अन्य जातजातिमा भए जस्तै गुरुङ जातिमा पनि पास्नीको संस्कार छ । छोरा भए ६ महिना र छोरी भए ५ महिनामा पास्नी अन्नप्रासन (भात खुवाई) संस्कार गरिन्छ ।

**पुटपुटे**

जेठा छोरा जन्मेर हुर्के पछि ३, ५, ७, ९ वा ११ यी विजोर वर्षहरूमध्ये कुनै एक वर्षमा पुटपुटे संस्कार गरिन्छ । जेठा छोराको मात्र पुटपुटे गरिन्छ । यस अवसरमा पुटपुटे गरिने बालकको घरमा मावली गाउँको नाच नाचिन्छ । भोलिपल्ट विहान शुभसाइतमा बालकलाई टीका लगाएर शुभआशिष दिइन्छ । विवाहको प्रतिफल जायजन्म अथवा छोरा जन्मनु हो । जेठो छोरो जन्मेर अकाल मृत्यु नभई हुर्केको उपलक्ष्यमा पुटपुटे संस्कार गरिन्छ (गुरुङ २०७३ : ७४) । पुटपुटे पुलपुलेको अपभ्रंश हो । तसर्थ यो पुलपुले उत्सव हो । बालकलाई शुभआशीर्वाद मिलोस भनेर देवपितृको पूजा गरिन्छ (थकाली, २०६७ : २५) ।

**गुन्यू - चोली दिने (ङयूई चोल पिँबा)**

गुरुङ जातिमा छोरीहरूको वर्गबाट विजोर वर्गमा पैंडीले शुभसाइत जुराई गुन्यू - चोली दिने चलन छ । यस कर्मका लागि छोरीको उमेर वर्गबाट गनेर सात वर्ष, नौ वर्ष वा एघार वर्ष उत्तम मानिन्छ । घोडा (तलो) वर्ग र सर्प (सप्री) वर्गको नौ वर्ष रिमा वर्ग (क्र घीं) परेको हुनाले यी दुई वर्गको नौ वर्षमा गर्न हुँदैन भनिन्छ । यसरी शुभसाइत निकालेर मात्र तमू गुरुङ चेलीहरूलाई गुन्यू - चोली दिने परम्परा रहेको छ । यसलाई बालिकाबाट वयस्क भएको सङ्केतको रूपमा लिइने र सामाजिक - सांस्कृतिक रूपले जिम्मेवारी लिन सक्षम मानिन्छ (थकाली, २०६७ : १२७) । छोरी मान्छे ल्हो कु र ल्यो च्यु से घ्री उमेर पुगे पछि एक जोर तमु पोशाक गुन्यू - चोली लगाई दिने संस्कारलाई ङ्यूई चोल पिँबा भनिन्छ । प्हार लगाइ सकेपछि बिहानको समयमा छोरीलाई नाङ्लीमा राखेको धानमाथि निर्वस्त्र उभ्याई ङ्क्यूई चोलो लगाइन्छ । यसपछि इष्टमित्र सबैले टीका - टालो, क्रगी गरेर आशीर्वाद दिइन्छ । यसरी लगाएको नयाँ गुन्यू चोली कम्तिमा तीन दिनसम्म फुकाल्नु हुँदैन भन्ने प्रचलन छ (क्रोम्छै तमु, सन् २०१२ :२०) ।

**विवाह**

हरेक जातजातिका आ-आफ्नै प्रकारका विवाह पद्धति रहे झैं, गुरुङ जातिमा पनि विवाह पद्धतिमा आफ्नै विशेषता छन् । विवाहमा पहिले चार - सोह्र जातको मुख्य हुन्थ्यो, चार र सोह्र जात बीच सामान्यतः विवाह गरिदैन्थ्यो भने अहिले त्यस्तो सामाजिक बन्धनबाट गुरुङ समाज मुक्त छ । अतः विवाह खानपान आदि संस्कारका लागि उच - नीचको भेदभाव छैन । अहिले विवाहका लागि मुख्य तत्व हो थर - गोत्र पृथक हुनु (clan exogamy) । सामान्यतः गुरुङ परम्परामा मामा - फूफुचेली (cross-cousin) विवाह बढी प्रचलित छ ( खत्री, २०६० : २२१) । तमू जातिको विवाह गर्ने विधिहरूमा मगनी विवाह, प्रेम विवाह, जबर्जस्ती विवाह, जारी विवाह, विधुर र विधवा विवाहलाई उल्लेख गर्न सकिन्छ तापनि बढी प्रचलनमा भएको विवाह भने विधिवत मगनी गरी गर्ने विवाह र प्रेम विवाह नै हुन ।

गुरुङ विवाहको मुख्य कर्म क्रमुतेना हो । क्रमुतेनालाई कुनै ठाउँमा तेनिन्हेँब भनिन्छ । यसगरी क्रमुतेनालाई नेपालीमा छ सुकी लगाउने वा साइपाटा लगाउने पनि भनिन्छ । बर्छागाडी क्रमुतेना गरेर गरिएको विवाहलाई स्तरीय विवाहका रूपमा मान्यता दिइएको हुन्छ । क्रमुतेना गर्दा दुलहीको माइती घरको आँगनमा ढोकानेर बर्छा गाडिन्छ । बर्छासँगै ङ्हेफुँ (सेलरोटीको पेराङगु) र प्हाफुँ (रक्सीको पुङ) पनि झुण्ड्याइएको हुन्छ । मूल ढोकाको सामुन्ने आँगनमा मान्द्रोलाई उत्तानो पारेर ओछ्याइएको हुन्छ । घरको मूलढोकानिरको लहरमा गुन्द्री र काम्लो ओछ्याएर दुलहीका बाबु माइतीहरू बस्दछन् । मान्द्रोमा दस्तुर अनुसारको रोटी, रक्सी र क्रमु (मजेत्रो), क्रेगी (पगरी) राखिन्छ । चरेसको थालमा ङट (दुधिलो) को दुईटा पात खप्ट्याएर राखी त्यस माथि ६ सुकी दस्तुरको रकम राखिन्छ । त्यस पछि विवाह सम्बन्धी सम्पूर्ण अशुभ दोषहरू हटाउनका लागि लेदी (विवाह सम्बन्धी कारोबार गर्ने व्यक्ति) ले एउटा रोटी र अलिकति रक्सी लगेर सिस्नोको झ्याङमा राखिन्छ । त्यसपछि त्यस झुत्ता वा टोलको तालुकदार मुखिया वा जेठा बूढाले वाक्दानको वाक्य बोल्दछन् ।

**तमू समाजमा मृत्यु संस्कार**

परिवारको कुनै सदस्यको मृत्युले परिवार, आफन्त र समाजमा अशोच, त्रास र चिन्ताको वातावरणको सिर्जना गरिदिन्छ । साथै मृत्युले परिवार, नाताकुटुम्बमा अपवित्र ल्याउने विश्वास पनि गरिन्छ । त्यसैले प्राय सबै धर्मवलम्बीहरूमा अन्त्येष्टि संस्कार धार्मिक विधिविधान पूरा गरी सतर्कता साथ सम्पन्न गर्ने गरिन्छ । यो संस्कार सम्पन्न गर्नका लागि मानिसहरूको

दुई प्रमुख उद्देश्य हुने गरेको पाइन्छ । पहिलो उद्देश्य मृत्युले परिवार, नाताकुटुम्ब सबैमा अशुद्ध हुने हुनाले त्यसलाई विधिवत् शुद्धीकरण गर्ने र दोस्रो मृतकलाई स्वर्गप्राप्तिमा बाधा नपरोस्, मोक्ष मिलोस् र उसको आत्माले शान्ति पाओस् भन्ने कामना गर्नु रहेको पाइन्छ । हाम्रा समाजमा सबै जाति समुदायले आफ्नै प्रथाको विधिले यो संस्कार सम्पन्न गर्ने गरिन्छ । तमूहरू धार्मिक दृष्टिकोणबाट बोन, बौद्ध तथा हिन्दु धर्ममा विश्वास गर्ने गर्छन् । हालको परिप्रेक्ष्यमा तमूहरूले अन्त्येष्टि संस्कार पनि बोन, बौद्ध तथा हिन्दू तीन धार्मिक विधि विधान अनुसार सम्पन्न गर्ने गरेको पाइन्छ (थकाली, २०६७ : १३४) ।

**वेशभूषा**

गुरुङ जातिका मानिसहरूको वेशभूषा आफ्नै किसिमका हुन्छन् । खास गरेर बाह्य प्रभावमा नपरिसकेका गुरुङहरू साधारण किसिमको खस्रो कपडाको लुगा लगाउँछन् । गुरुङ जातिका पुरुषहरू शरीरको माथिल्लो भागमा भोटो लगाई जाङमा कछाड र त्यसको भित्र लगौंटी बाँधेका हुन्छन् । तन्नेरीहरूले कछाडको माथि कम्मरमा कम्मर पेटी र शिरमा टोपी लगाउँछन् । केहीले भोटो माथि कालो रङको कपडाको इष्टकोट लगाउँछन् । हिउँदमा उच्च डाँडाहरूमा धेरै जाडो हुने हुँदा बाक्लो ऊनको बक्खु ओड्छन् । वर्षा ऋतुको पानीमा पनि सोही बक्खु ओड्छन् । व्यापार तथा अन्य कारणको लागि भ्रमण गर्दा पनि गुरुङ पुरुषहरू बक्खुलाई ओड्ने तथा ओछ्याउने काममा पनि प्रयोग गर्दछन् । बक्खु नलगाउँदा भोटोमाथि ऐँठे (भाङ्ग्रा) भनिने कपडाले बेरेका हुन्छन् । सैनिक सेवामा भर्ती भएका पुरुषहरूले पैण्ट, कट्टु, कमिज, कोट, गन्जी, स्वेटर आदि लगाउने गर्दछन् । कुनै भूतपूर्व सैनिकहरू विभिन्न बेलामा आफूलाई गरिएको सम्मानका पदक, तक्मा आदि पनि लगाउने गर्दछन् । गुरुङ महिलाहरू शरीरको माथिल्लो भागमा चोलो र तल्लो भागमा गुन्यू भनिने छोटो फरिया लगाउँछन् । फरिया पटुकाले टम्म कस्सिएको हुन्छ र पछिल्तिर कम्मर मुनि मखमल (कालो) को तीन कुने कपडा लगाउने गर्छन्, यसलाई ताम्लो (टीकी) भनिन्छ र माथि घरबुनाको घलेक (स्यामा) लाउने गर्छन् । यो अलि प्रौढ महिलाहरूमा मात्र सीमित हुन गएको छ । युवतीहरू बढी मात्रमा रङ्गीन कपडाहरू प्रयोग गर्दछन् । विदेशी सैनिक सेवामा लागेका मानिसका परिवारका महिलाहरूले मखमलको चोलो, नाइलन सारी, छापिएको रङ्गीन लुंगी आदि प्रयोग गर्दछन् । गुरुङ युवतीहरू नाकमा झुम्केबुलाकी, बाला, शिरफूल, ढुङ्ग्री, लेस, पोते आदि लगाउँछन् । धेरै जसो सम्पन्न परिवारका महिलाहरू नाडीमा सुनको बाला र चुरी विभिन्न रङका काँचका चुराहरू, गलामा सुनको हार इत्यादि र कानमा माडवाली (बाघमुखे बुट्टा

काटिएको मुन्द्री) पनि लगाउँछन् । विधवा स्त्रीले काँचको चुरी पोते लगाउँदैनन् (सूचना विभाग २०३१ : १९८ - १९९) ।

**चाडपर्वहरू**

**सिल्दो नाल्दो पूजा** तमू गुरुङहरू गाउँबस्तीको सुरक्षा तथा कुशलमंगलका लागि सिल्दो नाल्दो (सिमे भूमे) पूजा गर्दछन् । यसलाई कतै सिल्दो नाल्दो, कतै सब्तो सिप्तो र कतै साची सिल्दो भनी फरक फरक नाम दिइएको पाइन्छ । यी सबै नामहरूको अर्थ हो - "प्रकृतिको मालिक देवता" । गाउँ घरका पशुगोठहरू चैतदेखि न्यानो हुने हुनाले गाउँभन्दा माथि लेकमा लैजाने र कात्तिक लागेपछि बेंसीतर्फ लैजाने हुनाले पनि यस पर्वलाई उँभौली र उँधौली पूजा भन्ने गरिन्छ । लेकतर्फ जाँदा उँभौली पूजा गरिन्छ भने बेंसीतर्फ झर्दा उँधौली पूजा गर्ने गरिन्छ । चैत र कात्तिक महिनामा गरिने सिल्दो नाल्दो पूजा गाउँमा महामारी आएमा पनि गर्ने परम्परा छ । **प्ह्वो वापा** (स्वस्ति-शान्ति गर्ने) :- चैतको पहिलो मंगलबार र साउनको पहिलो मंगलबार शुक्लपक्षमा दोष-दोषालो शान्त होस् भनेर स्वस्ति शान्ति गर्ने गरिन्छ । गाउँमा पशु पन्छीलाई कुनै किसिमको रोगव्याध र बाली-नालीमा कीरा फट्याङ्ग्रा नलागोस् भनी प्ह्वो फाल्ने चलन गुरुङ समाजमा छ (थकाली, २०६७ : १७० - १७१) ।

**ल्होसार (ल्होछार)** नेपालका अनेकौं चाडपर्वहरूमध्ये ल्होसार एक रहेको छ । मंगोल परिवारका एक ठूलो जनसमुदाय यथा गुरुङ, तामाङ, शेर्पा आदिद्वारा समान उत्साहले यो चाडलाई प्रत्येक वर्ष मनाईंदै आएको छ । नयाँ वर्षको आगमनलाई खुशियालीका साथ स्वागत अभिवादन गर्नु नै यो पर्वको विशेष महत्व मानिन्छ । प्रस्तुत संवत् फेरिने ल्होसार पर्वको प्रारम्भ आज भन्दा झण्डै पाँच, छ हजार वर्ष अघि तिब्बत एवं चीनका विभिन्न भागहरूमा विकास भएको नयाँ वर्ष वा संवत् परम्परा हो । भारतीय उप-महादेशमा प्रचारित वर्षहरूमा विभिन्न ग्रहहरूलाई राजा एवं मन्त्रीको रूपमा उल्लेख गरिए झैं चीनीयाँ पात्रोमा प्रत्येक वर्षहरूलाई विभिन्न पशुहरूद्वारा प्रतिनिधित्व गराइएको छ । चीनीयाँ वर्षहरूमा प्रतिनिधित्व गराइएका विभिन्न बाह्र पशुपंछीहरूको नाम यी हुन् :

१. मुसा, २. गोरु, ३, बाघ, ४. बिरालो, ५. गरुड, ६. नाग (सर्प), ७. चरा, ८. कुकुर, ९. बँदेल, १०. घोडा, ११. बाँदर, १२. भेंडा । प्रत्येक वर्षको गणना गर्दै जाँदा बाह्रौं वर्षको अनन्त र फेरि पहिलो वर्षकै जनावरको नामले वर्षको संज्ञा दिइन्छ । यसरी बाह्र वर्षको एक चक्र मानिएर यसलाई ल्होखार्लो (वर्षचक्र) भन्ने गरिएको छ । यहाँका उपर्युक्त मंगोल मूलका

जातिहरूले मूल थलोको प्राचीन सांस्कृतिक धरोहर स्वरूप रहेको ल्होछार परम्परालाई यहाँ पनि अङ्गाल्दै आइरहेका छन् । ती विभिन्न जातिहरूको नेपाल प्रवेश एउटै समयमा नभएर विभिन्न समयमा भएको हुँदा तिनीहरूले मनाउने गरेका ल्होछारको तिथिमितिमा पनि थोरबहुत फरक पर्न गएको लाग्दछ । जसको कारण यहाँ तिनीहरूका तीन भिन्नभिन्न नामका ल्होसारको प्रचलन पाइन्छ । अन्नपूर्ण हिमाल र धौलागिरी हिमालको फेदिका गुरुङहरू पौष १५ लाई नयाँ वर्षको आरम्भको रूपमा **तोला ल्होसार** मान्दछन् । काठमाडौं उपत्यकाको सेरोफेरोका तामाङहरू माघ शुक्ल प्रतिपदालाई नयाँ वर्षको आरम्भको रूपमा **सोनाम ल्होसार** मान्दछन् भने सरग (सर्ग) माथ हिमालको फेदिका शेर्पाहरू फाल्गुण शुदि प्रतिपदालाई नयाँ वर्षको शुरूको रूपमा **ग्याल्पो ल्होसार** मान्दछन् । यसरी पौष, माघ र फाल्गुण यी तीनै महिनालाई ल्होसारको महिनाको रूपमा लिइएको छ (जोशी, २०७० : ८०२ - ८०३) ।

साथै तमू गुरुङ समुदायले आफ्नै परम्पराका गैड्ु, गैरु पूजा, प्होतें लबा (गाउँ पूजा), फैलु (कुल पूजा), तु देउता, थासो वापा (स्वस्ति शान्ति गर्ने) आदि लगायत बैशाख पूर्णिमा, श्रीपंचमी, साउने सङ्क्रान्ति, नाग पंचमी, जनै पूर्णिमा, वडा दसैं, तिहार, माघे सङ्क्रान्ति, चैते दशैं जस्ता हिन्दुहरूले मनाउने पर्वहरू पनि हार्दिकता साथ मनाउने गर्दछन् ।

## तमू लोकसंस्कृति

### रोधीँ घर

रोधीँ तमूहरूको विशुद्ध पहिचान हो । यो तमू समाजको मौलिक परम्परामा आधारित सामाजिक संस्था हो । सयौं वर्ष अगाडि तमू सभ्यताको केन्द्र क्होल सोंथरबाट रोधीँ सभ्यता र संस्कृति सुरु भएको थियो । जनश्रुति अनुसार गुरुङ भाषा 'रोव' को अर्थ सुन्ने र 'धी' को अर्थ घर जनाउँदछ । 'रोव' र 'धी' लाई सन्धि गर्दा 'रोवधी' वा सुत्ने घर हुन्छ । यही रोव धी भन्ने शब्द अपभ्रंश भई रोधी भएको भन्ने भनाइ छ । अर्को जनश्रुति अनुसार 'रु' को अर्थ धागो 'लब' को अर्थ कात्ने र 'धी' को अर्थ घर हो । रुघी वा धागो कात्ने घरबाट विकसित हुँदै रोधी हुन आएको हो भनिन्छ । गुरुङ महिलाहरू स्थानीय इलाकामा पुवा भनिने, अलो नाम गरेको सिस्नुपाट र भेडाबाखाको ऊनबाट थैला, भाङग्रा र राडोपाखी, उत्पादन गर्ने गर्छन् । रोधीको संरचना र औचित्यका बारेमा भन्नु पर्दा एकै उमेरका दौंतरी युवा युवतीहरू एकै ठाउँमा भेला भएर सीप, कला, ज्ञान र सामूहिक व्यवहार सिक्ने स्थानको नाम रोधी हो । रोधी प्राचीन समयमा विद्यमान सामाजिक मूल्य र मान्यतामा आधारित विश्वास तथा सीप सिक्ने

पाठशाला हो । यो लोकसंस्कृतिलाई जीवन्त तुल्याउने, फुर्सद मिलाएर गाउने, बजाउने, नाच्ने, रमाइलो गर्ने थलो हो । रोधी गुरुङहरूको पारस्परिक सहयोग सद्भाव र अनुशासनको व्यावहारिक ज्ञान आर्जन गर्ने विद्यालय हो । गाउँघरमा मेला लाग्दा पाहुना राख्ने घर हो । रोधी घरको बुबालाई रोस्योबा र आमालाई रोस्योमा भनिन्छ (थकाली, २०६७ : १९९) ।

## घाटु नाच

घाटुनाच गुरुङ जातिको एउटा आफ्नै विशेषताले भरिपूर्ण संस्कृति हो । हिमचुली, वरचुली, देवचुली आदिको आराधना नगरी घाटु जाग्दैन । यो घाँटीबाटै एक्लै सुर झिक्ने राग (गीत) भएकोले एक अर्थमा यसलाई घाटु भनिएको हो भनिन्छ । धार्मिक एवं सांस्कृतिक भावनाले ओतप्रोत रहेको घाटुनाच गुरुङ समाजको जीवन्त संस्कृति हो । यसमा तत्कालीन सामाजिकता एवं ऐतिहासिकता पनि छिपेको छ । त्यसैले यो राष्ट्रिय संस्कृतिमा दरिन योग्य छ । कुनै स्वाभिमानी नेपालीले आफ्नो राष्ट्रिय संस्कृतिको नमुना कतै प्रस्तुत गर्नु परेमा घाटुनाच निर्धक्क अगाडि सार्न सक्दछ । घाटु दुई प्रकारका छन् । एउटा सती घाटु र अर्को बाह्रमासे घाटु । सती घाटुको विधि विधान अलि चर्को छ । यो जुन समयमा पनि नचाउनु हुँदैन । यसको एउटा निश्चित अवधि वा समय हुन्छ । तर बाह्रमासे घाटु जहिले पनि जहाँ पनि आयोजना गर्न सकिन्छ । सती घाटुमा खास गरी एउटी रानी सती जानु परेको कारणको साथै रानीको करूण पुकार र विलापको वर्णन गरिएको हुन्छ । अझ त्यसमा लडाइँको वा सिकारको विवरण, राजाको मृत्यु, रानीको विलाप, देवीदेवताको प्रशस्ति, पुर्खाको उखान, पितृको श्रद्धाञ्जली आदि विस्तृत रूपमा वर्णन गरिएको हुन्छ । सती घाटु प्रत्येक वर्षको वसन्त पञ्चमी अर्थात् श्री पञ्चमीदेखि प्रारम्भ गरी वैशाख पूर्णिमामा भव्यताका साथ आयोजना गरी त्यसको दुई दिन पछि समापन गर्नु पर्ने रीतिथिति छ (श्रेष्ठ, २०६० : ११४ - ११५) । घाँटु परम्पराको बारेमा विभिन्न मतहरू राखिएका छन् । केही विदेशी मानवशास्त्रीहरूको छोटो अध्ययनको अलावा तीन जना नेपालीहरू जगमान गुरुङ (वि.सं. २०२३), धर्मराज थापा (वि.सं. २०३०) र ओम गुरुङ (सन् १९९७) ले पनि यसको अध्ययन गरेका छन् । यी अध्ययनमा दिइएका व्याख्याहरू एक आपसमा फरक फरक छन् । त्यसो हुनुको कारण यो हुन सक्दछ कि स्थानीय परम्पराको भिन्नताको कारण जसमा अध्ययनहरू आधारित छन् । मौखिक परम्परा अनुसार घाँटुका धेरै रूप छन् । घाँटुसँग आधारित ऐतिहासिक घटनाक्रमहरूप्रति विभिन्न विद्वान्हरूबीच मतभेद रहेको पाइन्छ । जगमान गुरुङ अनुसार घाँटु कथा गोर्खाका राजा परशुराम र पम्फावती रानीको जीवनीमा आधारित छ । उनका अनुसार घाँटु कथाको उद्गम

नेपाल नै हो र यसले हिन्दु प्रभाव प्रकट गर्दछ। घाँटु गुरु भासु गुरुङका अनुसार घाँटु नृत्य गुरुङहरूले परापूर्वकालदेखि नै प्रस्तुत गर्दै आएका हुन् (मोइजाला, २०७४ : ११५ - ११६)।

### सोरठी नाच

तमू गुरुङ जातिमा प्रचलित यो पृथक किसिमको नाच हो। नृत्यको कथा वस्तु सातजना श्रीमती भएका निःसन्तान प्राचीनकालीन एक जना राजा र उनका रानीहरूको सेरोफेरोमा केन्द्रित रहेको छ। कथामा सातवटी रानीमध्येकी कान्छी रानीबाट छोरी पाएकोमा अन्य सातवटी रानीले ईर्ष्या गर्दा जन्मेकी छोरीलाई मार्ने षडयन्त्र यस गीतिकथाको मुख्य कथाबस्तु हो। बालिकालाई षडयन्त्रपूर्वक खोलामा फालि दिन्छन्। तर ती बालिकालाई माझिले फेला पार्छ। अन्तमा षडयन्त्र पर्दाफास हुन्छ र आमा छोरीको पुनर्मिलन हुन्छ भने दोषीहरू सजायका भागिदार हुन्छन्। यो नृत्य दशैं र तिहारको बीचमा १६ दिनसम्म नाच्ने गरिन्छ (थकाली, २०६७ : २२०)।

### मारुनी नाच

तमू गुरुङ जातिमा प्रचलित यो फरक पहिचान भएको नाच मध्येको एउटा नाच हो। यो साउनमा सुरु भएर पुषसम्म नाच्ने गरिन्छ। यस नाचमा हिन्दु देवी देवताहरूलाई विभिन्न फूलहरू चढाएर पूजा आराधना गर्ने गरिन्छ। ती देवीहरू मध्येकी विद्याकी देवी सरस्वती प्रमुख देवी हुन्। नाचको अन्तमा सरस्वतीको पूजा आधारना गरेर देवीबाट आशीर्वाद पाएको अभिनय गरी टुङ्ग्याइन्छ। परम्परागत भेषभूषामा नर्तकहरूले शरीर अनौठो तर भद्र पाराले मर्काउँदै नाच्ने गर्छन्। उपस्थित अन्य मानिस गीत गाउने, मादल बजाउने गर्छन्। मारुनी नृत्य करिबकरिब लोप नै भइ सकेको बुझिन्छ (थकाली, २०६७ : २२० - २२१)।

अरुण गाउँपालिकामा २ घर तमू गुरुङ जातिको बसोबास रहेको छ।

राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर गुरुङको कुल जनसङ्ख्या ५४३७९० अर्थात् १.८६ प्रतिशत रहेको छ।

### ४.१८ शेर्पा जातिको सङ्क्षिप्त परिचय

शेर्पा जातिको भाषा, संस्कृति, परम्परा, धर्म आदिको आधारमा पनि यो जाति तिब्बतको भोटक्षेत्रबाटै फैलिएका हुन् भन्ने देखिन्छ ।नेपालमा भने शेर्पा जाति खम्बु क्षेत्र हुँदै अन्य क्षेत्रमा फैलिएको देखिन्छ । हाल नेपालको उत्तरी हिमाली तथा पहाडी क्षेत्रहरू सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ, भोजपुर, सङ्खुवासभा, ताप्लेजुङ, सिन्धुपाल्चोक, रसुवा, रामेछाप, गोरखा आदि जिल्लामा मुख्य रूपमा बसोबास गर्दछन् । वर्तमान समयमा भने शेर्पा जाति नेपालका अन्य विभिन्न स्थानहरूमा समेत बसोबास गरेको पाइन्छ ।'शेर्पा' शब्दको शाब्दिक अर्थ पूर्वको बासिन्दा अर्थात् पूर्वेली बासिन्दा भन्ने लाग्दछ । “श्यार” र “पा” मिलेर शेर्पा शब्द बनेको हो । “श्यार” भनेको पूर्व र “पा” भनेको मानिस हो । शेर्पा जति पूर्वी भोट अर्थात् चिनको स्वशासित क्षेत्र ल्यासाको सिचुवान र खामक्षेत्रबाट नेपालमा आएको मानिन्छ ।यो भनाई निकै तथ्यपरक देखिन्छ । शेर्पा जातिको परम्परागत पेसा खेतीपाती, पशुपालन र व्यापार हो । हालसम्म पनि शेर्पाहरू यही पेसा अप्नाउने गर्दछन् ।

सन् १९५० देखि नेपालका हिमालहरू चढ्न विदेशीहरूलाई पनि खुल्ला गर्ने निर्णय नेपाल सरकाले गरे पश्चात् भने अधिकांश शेर्पा जातिको पेसा हिमाल पर्वतारोहणसँग जोडियो । हिमाल चढ्न नेपाल आउने विदेशीहरूका लागि शेर्पा जाति भरपर्दो माध्यम बन्न पुग्यो । पर्वतारोहीहरूका सहयोगीका रूपमा रही काम गर्ने र हिमाल चढ्न सिपालु जातिका रूपमा शेर्पा जाति विश्वमा चर्चित बनेको छ। हरेक विदेशी पर्वतारोहीहरूले शेर्पाहरूको सहयोग बिना हिमालको टाकुरामा पुग्न लगभग असम्भव नै देखिन्छ । त्यसैले विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलो पटक मानव पाइला टेक्न सफल हुनेमा पनि तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारी नै थिए । यसरी हेर्दा के देखिन्छ भने नेपालको उत्तरी क्षेत्रमा मुख्य रूपमा बसोबास गर्ने शेर्पा जातिको परम्परागत पेसा खेतीपाती र पशुपालन भए तापनि वर्तमान समयमा भने पर्यटनसँग जोडिएको छ। खास गरेर पर्वतारोहण पेसासँग आबद्ध शेर्पा जाति हिमाल चढ्नका लागि विश्वप्रसिद्ध बन्न पुगेको छ। विश्वको सर्वोच्च शिखर सगरमाथामा सबैभन्दा धेरैपटक आरोह गर्ने, विना अक्सिजन आरोहण गर्ने तथा सामान्य कपडा मै सगरमाथा

आरोहण गर्ने जस्ता अतुलनीय काम गरेर विश्व रेकर्ड राख्ने जातिका रूपमा समेत शेर्पा जाति प्रख्यात बन्न पुगेका छन् ।

**शेर्पा जातिका प्रचलित  धर्म तथा संस्कृति**

शेर्पा जाति बौद्ध धर्मावलम्बी भएको हुँदा उनीहरूको धार्मिक, सांस्कृतिक एवम् सामाजिक संस्कार, अनुष्ठान बौद्ध धर्ममा आधारित हुने नै भयो । शेर्पा जाति मूलत : बौद्ध धर्मावलम्बी हुन् । बौद्ध धर्मअन्तर्गत पनि शेर्पा जाति बौद्ध धर्मको महायानभित्रको सबैभन्दा पुरानो मिङ्मापा सम्प्रदायको अनुयायी भनिन्छ । शेर्पाहरूले आफ्ना धार्मिक एवम् सांस्कृतिक चाडपर्वहरू लामा र उनीहरूको उपस्थितिमा सम्पन्न गर्ने गर्दछन् ।शेर्पा जातिको आफ्ना छुट्टै भाषा, लिपि छ । यी शेर्पा जातिको भाषालाई स्यर्वी ताम्डे भनिन्छ भने लिपिलाई ( सम्बोटा) ताम्डे भनिन्छ । शेर्पा भाषा भोटबर्मेली भाषा परिवारअन्तर्गत पर्दछ । शेर्पा भाषा बोडिस शाखाअन्तर्गत नाल ध्वनि अन्तर्गत पर्दछ भन्ने ठहर भाषा विज्ञहरूको रहेको देखिन्छ ।

**शेर्पा जातिको संस्कारहरू**

जन्म तथा न्वारन, विवाह र अन्त्येष्टि गरी मुख्य तीन वटा शेर्पा जातिको प्रमुख संस्कारहरू छन् । जन्म संस्कारअनुसार बच्चा जन्मेको तीनदेखि सात दिनभित्रमा लामाहरूद्वारा उचित साइत हेरेर बच्चाको न्वारान गरिन्छ ।बच्चाको नामकरण गर्दा लामाहरूले शेर्पा भाषाका बारहरू अनुसार नामाकरण गर्दछन् । त्यसैले गर्दा शेपा जातिको महिला र पुरुषको नाम मिल्न सक्छ अथवा एउटै हुन पनि सक्छ भने एउटै परिवारको सदस्यभित्र पनि दुई जनाको एउटै नाम हुन सक्छ । न्वारन गर्दा कतै कतै भने न्वारन गरिने बच्चाको अघिल्लो दाजु वा दिदीको मृत्यु भएको छ भने ती बच्चाको नाम शेर्पा भाषामा नराखी अन्य नराम्रो भनिएको नाम राख्ने चलन पाइन्छ । बच्चाको न्वारनमा दाजुभाई, छरछिमेकी नातागोता भेला भएर रमाइलोसँग न्वारन गर्ने गरिन्छ ।

शेर्पा जातिको विवाह पनि धुमधामसँग मनाउने गरिन्छ । शेर्पा जातिमा मुख्य गरेर मागी विवाह गरिन्छ भने हाल प्रेम विवाह पनि प्रचलित छन् । शेर्पा जातिमा विवाह गर्दा ‘रु’ अर्थात थरको आधारमा गरिन्छ । अथवा थरबीचमा स्वाँगेभाई भित्र विहावारी चल्दैन । खास गरेर सातपुस्ते रु (थर) स्वागे भाइहरूबीच विवाह चल्दैन । शेर्पा जातिमा विभिन्न संस्कारहरू

पाइन्छ जस्तै : पिनाशा, गर्जा, गोलेग, टाक्तौक, नाक्पो, खापा, सलका, गोपर्मा, खम्बचे, खम्बाचे, गोन्पा, टकथोग, खम्बाचे, लुह्प्पा आदि । एउटै थरभित्र भने विवाह चल्दैन । शेर्पा जातिको मृत्युसंस्कार पनि बौद्ध लामाहरूद्वारा नै सम्पन्न गर्ने गर्दछन । शेर्पा जातिमा कसैको मृत्यु भएमा तुरुन्तै मृतकको शवलाई जलाउन वा गाड्न लाने गरिँदैन । लामाले विधि र साइत हेरेर मात्र शवदाह गर्न लगिन्छ त्यतिन्जेल भने लासलाई दिनरात पूजा आजा गरिन्छ । यसरी मृतकको शवलाई विधिपूर्वक राखेर अनि उचित साइतमा मात्र दाहसंस्कार गरिन्छ । मृतकको लासलाई पोल्ने गरिन्छ । यहाँ शेर्पाका विभिन्न संस्कारहरूको चर्चा गरिएको छ :

**जन्म संस्कार** : महिलाको गर्भ बसेको थाहा भएपछि १ घ्याम्पा ८,१० पाथी कोदोको जाँड पकाएर राख्ने चलन छ । यस्तो जाँडको नाम मिलेले छ्याङ् भनिन्छ ।यो जाँड बच्चा महिने पुगी जन्मनुलाई वेथा लाग्नु थालेपछि मात्र घ्याम्पाको मुख खोल्ने चलन छ ।नत्र अगाडि चलाउनु हुँदैन । बालक जन्मेपछि : बच्चा छोरा जन्मे ५ दिनमा र छोरी जन्मेमा ३ दिनमा न्वारन गरिन्छ । न्वारन गर्दा लामा लिएर पढाउनु पर्दछ । साङपूजा,सेरकीम पूजा गरिन्छ । १५,१६ किसिमको नैवेद्य, पञ्चामृत बनाइ विभिन्न चिज ल्वाँङ अलैची, मह, जस्तो बस्नु जुटाई ठू तयार गरिन्छ र मत्रले जप गरी त्यो पञ्चामृत सुत्केरी रुङ्ने घर परिवार सबैले खाइ छर्की, नानीलाई पनि मुखमा लगाइ छर्की शुद्ध चोखो बनाउने काम गरिन्छ । यसरी ठू खानु अगाडि बच्चाको नाम लामाले खाङ पाठ गरी राख्ने चलन छ । नाम राख्दा ७ वटा वारको नामबाट राख्ने चलन छ ।

जस्तै : वारहरू

| वार | छोरा भए | छोरी भए |
|---|---|---|
| आइतवार<br>(जडि.मा) | डणेमा | डणेम्दिकी |
| सोमवार<br>(जदावा) | द्यावा | दाकी |
| मंगलवार | मीडे | मीड्मा |

| | | |
|---|---|---|
| (जमिड.मार) | | |
| बुधवार<br>(जलाक्पा) | ल्हाक्पा | लक्कि |
| विहीवार<br>(जफूर्बा) | फूर्तेन्जी | फुर्किमा |
| शुक्रवार<br>(जपासड.) | पनुरी | पस्लामु |
| शनिवार<br>(जप्यम्वो) | प्यमाछिरी | प्याम्दोकी |

यसरी वारको पहिलो अक्षर छुवाएर नाम राखिन्छ । लामाले बच्चाको नाम राख्ने बेला नामबाट बच्चालाई बोलाइन्छ । त्यतिबेला बच्चाको सट्टा बाउ वा आमाले ल्हसो, ल्हसो ( हजुर,हजुर)भनि ३ चोटी बोलाउँदा तीनै चोटी बोली दिनु पर्छ ।

**न्वारनको भोज** : न्वरानको भोज खानु छरछिमेकी आफन्त बोलाइ भोज खाने चलन छ ।पहिला,पहिला नवरान गर्दा साड.भेप उठाउने चलन थियो हाल यो चलन छैन ।तर सुत्केरी वा बच्चालाई गोतर (नगद खर्च) दिने चलन छ ।कसैले बच्चालाई नयाँ कपडा ल्याई दिने चलन छ ।

**शेर्पा जातिको मृत्यु संस्कार** : मानिस बिमार भइ बाँच्ने आशा कम भएको साह्रैं,गाह्रैं भएमा थोटुल पाठ यदि मृत्यु भएमा बाहिर मृत्यु भएपनि भित्र हल्ने चलन छ र लामा गुरु निमन्त्रणा गरी फोवा पाढ (अन्तरधाम देवलोक पुऱ्याउने पाठ) वाचन गरिन्छ ।

यदि त्यो दिन लास निकाल्ने साईत छैन भने २ दिनसम्म भए पनि लास राखेर लामा पढाइ राख्ने र साइत हेरी घाटमा लाने चलन छ । लास निकाल्नु अगाडि : आमाहरू विभिन्न वेद पाठको विषयअनुसार खटाउने कामको बाँडफाट भाग लगाउनु पर्दछ । जस्तै : लोम्देन, पुल्इ लामा,उन्जे (भयाम्टा बजाउने) क्ष्योर्पे (लामाको केन्छेरे) इत्यादि ।लाश

निकाल्दा ढोकाको भित्र पट्टी र बाहिर पट्टी १,१ बटुका चोखो पानी ल्याई कपडाको, टुक्राले भित्रबाट निस्कने सबै मलामी जनालाई छर्कनु पर्दछ ।

**घर बाहिर सगुन** : घर बाहिर आँगनमा छ्याङ पानी, चियाको सगुन राख्ने र लासलाई पनि राखेर आफन्तजनले खादा, फूलमाला लगाई अन्तिम श्रद्धान्जलि दिने चलन छ ।

त्यसपछि लास उठाई घाटतर्फ लगिन्छ । लास लादा तिलु । (घण्टी) बुक्सेल (झ्याम्टा),च्योदर (डम्वरु) दयाड.,शंख बजाई लामाले ठेय माला गन्दै, मन्त्र जप्दै घाट लाने चलन छ । लास बोकेको काठमा ४, ५ मीटर लामो कपडा वा खादा लामाले अठ्याएर अगाडि मन्त्र जप्दै घाटसम्म डोऱ्याए जस्तो अठ्याएर हिंड्ने चलन पनि छ ।

घाट पुगेपछि : घाट पुगेपछि लास राख्ने ठाँउ लामाले तोकि दिने र दोची गाडी दिने गरिन्छ । यदि अगाडि जाने मलामीले चिना तयार गरी राख्ने चलन पनि छ । चिताको बनावट ५ वा ७ तले हुन्छ । लासको मोहडा हिमाल उत्तर दिशा देखाई राख्ने गरिन्छ । लासलाई शुद्ध पार्न ठू पानीको अभिषेक मन्त्र वाचन गर्दै दिने गरिन्छ । लामाद्धारा यो अन्यलाई अराएर आगो छोउने वा दिन गरिन्छ । १५,१६ थोक अन्न तिल, जौ, चिजबिजले जिन्सा (होम गर्नु) पर्दछ । त्यस पछि सबै लामा, मलामीहरूले मनि भोलम पाठ गर्नु पर्दछ । त्यसपछि घाटको विधि सकिन्छ शेर्पा जातिको पछाडि बस्नेले काँडा काटेर बाटोमा किची राख्ने चलन छ । अन्य जातिको अगाडि हिंडनेले काटेर काँडा किच्ने चलन रहेछ ।

खाजाविधि : शेर्पाहरूको खाजापानी घाटमा नै लगेर बाढिन्छ । तर अन्य जातिको फर्किंदा बाटैमा राखेर दिने चलन छ । मलामी जाने घर पुगेपछि घर बाहिर धुपौरोमा आगो धुपकलसमा पनि राखिदिने गरिन्छ । प्रत्येक मलामीले त्यो पानीले छर्की चोखिने र आगो छोएर मात्र घरमा पस्ने गरिन्छ ।

मृतकको च्यान पुर्ने र माने बनाउने : मरेको ३ दिनमा च्यान पुर्नु जानु पर्दछ । र माने पनि तयार गरिन्छ । त्यसपछि लामा लागे पढाइ छोग पूजा गर्ने अठहत्तर बत्ती बाल्ने (१८८ वटा) वटा लुङदर (ध्वजा) लगाई दिने गरिन्छ ।

**मृतकको प्रतिमा (टेन) बनाई सातो फाल्ने काम** : घरमा आइ मृतकको तेन (प्रतिमा) बनाइ देवमण्डल स्थापना गर्ने तोर्मा बाटेर फूल स्थापना राखेर स्थागसुम टोप्जो (३ दिन ४

बिहानको) नापुर गरिन्छ । त्यसपछि २१ दिन सम्म बिहान बेलुका कम्तिमा १ जना लामा राखी पढाइ छाग ५ जो मनी मोलम पाठ गर्ने मृतक र लामालाई खाना दिने चढाउने काम हुन्छ । २१ दिनपछि सबै लामा गण निमन्त्रणा गरी पढाउने सबै मलामीजनहरू नाता गोता निमन्त्रणा गरी दालभात तरकारी घिउको प्रयोग गर्ने वा फलफूलको प्रयोग गरी भोजन गराउनु पर्दछ । नापुर गर्ने दान धर्म गर्ने बत्ती बाल्ने काम हुन्छ । ४२ उल्यास दिने काम : अन्य जातिहरूले ४५ दिनमा गर्ने काम जस्तै शेर्पाहरूको ४९ दिनको दिन अन्तिम काम लामा पढाई पूजा पाठ गर्ने बत्ती बाल्ने धर्मशाला पाटी,चौतारा, ध्वजा के के ४९ दिनमा निर्माण गर्ने हो हैसियतअनुसार गर्ने चलन छ ।

नेट : घरमूलीको आर्थिक हैसियतअनुसार मृतकको मानी बनाएर आए पछि माथि उल्लेखित २१ दिन पछि गर्ने काम चैट्टी ११ दिन पछि ठुलो घेवा (बरखी) पहिलो दिन थाल्ने भोलिपल्ट भोजभतेर लगाउने मलामी आफन्त सबै निमन्त्रणा गर्ने बत्ति बाल्ने र ३ दिनको दिनमा सिद्धाउने ठू खाइ चोखिने चलन पनि छ ।

वर्षदिने काम : आज भोलि वर्ष दिने काम लामा पढाउने भोजभतेर लगाउने बत्ती बाल्ने चलन पनि छ ।यस्तो कार्य ३ वर्षसम्म गरिन्छ ।

**ग्याल्वु ल्होसार** : यो ग्याल्वु ल्होसार पर्व शेर्पा जातिहरूले मनाउँदै आएको पाइन्छ । ग्याल्वु भनेको नयाँ र सार भनेको वर्ष हो । यो पर्व माघ महिनाको तेस्रो र फाल्गुनको पहिलो हप्ता भित्र

पर्दछ । औंशी तिथिको परेवा तिथिदेखि १५ दिन भव्य रूपले मनाउने र गुम्बामा लामा पूजा गर्ने इयाबु नाचगान गर्ने आफन्तजनमा जाने, आउने मिठो परिकार भोजन गर्ने शुभकामना आदान-प्रदान गर्ने गरिन्छ ।

**पितृ कार्य** : शेर्पाहरूले मान्ने पितृ कार्य चैत महिनादेखि असार अन्तिमसम्ममा पितृ कार्य गर्दछ । यो कार्य थरअनुसार थोरै केही भिन्नता छ ।तर समग्रमा लामा विधिसँग मिल्न जान्छ ।

**पोसाक (वेशभूषा**) : शेर्पाहरूले लगाउने मुख्य पोसाक बख्खु (लामो बाहुला भएको कपडा) दाचो (घुँडा सम्म आउने जुत्ता) मोचा नै हुन् । ताके (टोपी) : काने भुवा भएको टोपी

७,८ सय देखि १२,१३ हजारसम्म पर्ने टोपी लगाउछन् । लामा गुरुहरूले प्राय रातो कलरको बख्खु योल्जेन (खास्टो) खन्ज्याप तेतुम लगाउने गर्दछन ।

छोरी मान्छेले लगाउने पोसाक : म्याक्सी मट्टोल, दोङरोल लगाउने गर्दछ । स्यामू (टोपी) लगाउँछन ।

**गहना** : सुनको सुटुक (जन्तर) प्योकुर कण्ठमाला, हारी, मैलुङ(किलिम)औठी पोसोल, च्यरूप, आठनी, चारनी (चाँदीको) पुलिक माला,सुनको चुरा आदि ।

**सिप** : शेर्पाहरूको परम्परागत पेसा राडी, पाखी, गलैचा, घुमराडी, लुकुनी, मट्टोल, दोङरोल, श्यामु, पञ्चा, जाबी, टोपी बुन्ने, चलन थियो । तर यस टेम्केमैयुङ. गाउँपालिकाभित्र बस्ने शेर्पाहरूले चाहिँ राडी, लुकुनी, घुमराडी बन्ने मात्र पाइन्छ ।

**शेर्पाहरूले खाने परिकारहरू :**

(१) रिल्दोक (२) खाप्सोयो (३) छुर्पी (४) सेर्केम (५) स्याक्पा (६) मिक्योक

(७) सोमर (८) एरी (९) गुयुक (१०)किर्बु (११) सूच्यन (१२) मारच्यो

(१३) ड.रच्या (१४) स्वोल्दार (१५) फेमार (१६) सिल्म

१.रिल्दोक : आलु या पिंडालुलाई कुटेर नौनी घिउ जस्तै बनाउने र मोमो जस्तै गोलो बनाई पिरो झोल तरकारी बनाई खाने परिकार ।

२. खाप्सियो : गहुँ, जौ, मैदाको पिठोमा घिउ चिनी मन्थन गरी फिट आरको सेप आकारमा बेलेर काटी बटारी घिउ तेलमा पकाइ खाने परिकारलाई खाप्सियो भनिन्छ ।

३. छुर्पी : छुर्पी प्राय चौरी गाईको दुधबाट तयार गरिन्छ र सुपारी जस्तै टुक्रा बनाई सबैले मन पराउने एक परिकार हो ।

४. सेर्केम : गाई, भैसी, चौरीगाईको मोही फटाएर ससानो छपानी -(मलिङ्गोको) भित्र तारेर सोली जस्तो आकार बन्दछ र यसरी खाने एक परिकार हो ।

५. स्यार्क्याम : चामल,साग,मासु घ्यु मिसाइ बनाउने परिकारलाई स्यार्क्याम भनिन्छ ।

६. मिक्योक : गहुँ, जौको पिठो तातो पानीमा मुछी माडी मट्याङ्ग्रा आकारको निमार्ण गरी कच्याई दुधमा पकाएर खाने एक परिकार हो ।

७. सोमर : सेर्कमलाई कुहाएर वा घिउमा पकाएर माटो वा प्लास्टिकको भाँडोमा राखी खाने एक प्रकारको तरकारी बनाई खाने परिकारलाई भनिन्छ ।

८. एरी : गहुँ, जौको, कोदोको पिठोबाट सिद्रा आकारको बटारेर निर्माण गरी पकाई खाने एक परिकारलाई एरी भनिन्छ ।

९.गुथुक : चामल, दाल, सिमी, भटमासजस्ता विभिन्न ९ वटा थोक मिसाइ खिचमी बनाइ खाने परिकारलाई गथुक भनिन्छ । गु भनेको शेर्पा भाषामा ९ (नौ) हो ।

१०. किर्वु : जाडोको सिजन प्राय मंसिर, पौष, माघ महिनातिर गहुँ, कोदोको पिठोको खोले पकाउने र भटमास भुटेर अम्लेको खोलेमा लगाइ चलाउने नुन स्वादअनुसार लगाउने यसरी तयार गरी खाने परिकारलाई किर्वु (खोले) भनिन्छ ।

११. सुच्या : चियापती, दुध र नुनबाट बनाइएको चियालाई भनिन्छ ।

१२. मारच्या : दुध र घ्यूलाई पकाई तयार गरेको चियालाई लामो ढुङग्रोमा लगाई मोही पारे जस्तो मन्थन गरी तयार गरिएको चियालाई मारच्या भनिन्छ ।

१३. डबरच्या : चिनी चियामा बनाई खाने सबै जातिले खाने देशव्यापी चलन छ ।

१४. स्वोल्दार : छयापी, प्याज,लसुन जिम्बुको साग धुलो मिसाई मोही लगाएर तरकारी खाने गरिन्छ यसलाई स्वोल्दार भनिन्छ ।

१५. फेमार : शेर्पाहरूले खाने यो महङ्गो खाले परिकार हो । फेमार प्राय विवाहको रितमा अनिवार्य मानिन्छ । बेहुली लिन जाँदा दुलान फर्काउँदा फेमार अनिवार्य छ ।

फेमार बाट्दा १ थोपा पानी लगाउन मिल्दैन । यसलाई सामान गहुँ, जौ आटाको मिहो, मह, घ्यू, चिनी, काजु, नरिवल, सुकुमेलजस्ता चिजहरू जुटाई ४, ५ जनाले माडेर डेढ केजी दुई केजी देखि ४,५ केजीसम्मको तोर्मा जस्तो आकारमा तयार गरिन्छ ।

१६.सिल्म : कोदोको जाँड पकाई घ्याम्पाको बिच भागमा छेडेर बुच्चो बन्द गर्ने र चिसो पानी लगाई भिजेपछि टुटी लगाई निङ्गार निकालेर खाने जाँडलाई सिल्य भनिन्छ । तातो पानी लगाउन पनि मिल्छ तर धेरै दिन राख्न मिल्दैन ।

१७.तोङ्मा : तोङ्मा आज भोली सबै जातिले खाने गरेको परिचित शब्द हो । जाडो ठाँउमा हात धुन कठिन हुन्छ । त्यसले तोङ्मा खाएर जीउ तताउने गर्दछन् ।

१८. सातु : गहुँ, जौको सातुमा टाढो बाटो हिंड्दा रक्सी मुछेर कसर भन्दा अलिक ठुलो डल्लो बनाउने २,३ डल्लो खाँदा खाजा पनि हुने माँत्ने,जीउ तात्ने गर्दछ। रक्सी नखानेलाई चिनीमा मोलेर डल्लो मुछर बनाई सातु खाजा खाने चलन छ।

शेर्पा संस्कारमा ढोगभेट : शेर्पा जातिको प्राय जहाँ भेट्यो त्यही ढोग्ने खासै चलन छैन्। घरमा पुगेपछि कुनै तरल चिया पान खुवाएर मात्र ढोग्ने चलन छ। ढोग्दा टोपी बर्को टाउको बाट झिकेर हातमा ढोग्नु पर्दछ। खुट्टामा बाउ, आमा, गुरु चेली कसैकोमा पनि ढोग्न हुँदैन। गाँउघरमा ढोगभेट गर्दा प्राय ठुलो साइँनो बाट ठोगिन्छ तर लामा आसनमा पढ्न बसेकोलाई सानोबाट ढोग्दै अन्तिममा मात्र ठुलो अवतारी लामा भए लामालाई वा माथि बस्ने प्रमुखलाई ढोगेर आशीर्वादलिने चलनलाई सभ्य भनिन्छ।

विशाल ब्रह्माण्डको बारेमा सोच्ने हाम्रो टाउको फोहोर टेक्ने खुट्टामा ढोग्नु हुदैन भन्ने मान्यता छ।

**प्रणाम ढोग** : यो ढोग हात, खुट्टा, घुँडा, र टाउँकोले भुँई (पृथ्वी) लाई ३ चोटी वा ७ चोटी या १० १०८ पटक ढोगर मात्र लामा गुरुलाई ढोल्ने आशीर्वादलिने चलन पनि छ।

**टासिदेले** : नमस्कार,अभिवादन, शेर्पाहरूको आचरण र व्यवहार : प्रायगरी आचरण र व्यवहार विभिन्न प्रकार हुन्छन्। सभ्य व्याहार र असभ्य व्यवहार : त्यस जध्ये पनि सभ्य व्यवहारमा शत्रुलाई घृणा दृष्टिले नहेर्ने शत्रु भनेको हाम्रो अघिल्लो जन्मको बाबुआमा हुन्। यिनीहरूले गलत काम गर्नबाट हामीलाई बचाएको हो भन्ने सम्झिने गर्दछन्।

खाना खानु अगाडि भगवान्लाई चढाउने : खाना खानु अगाडिी त्रिरत्न भगवान्लाई भोजन चढाउने। ३ चोटी चढाउने यति भन्न नसके (ओं,अ,हँ क्ष्य) ३ गरी ३ चोटी चढाउने। चढाउँदा दायाँ हातको साइली औंलाले आफ्नो टाउको भन्दा माथितिर आकाशतिर चढाउनु पर्छ। भुँइतिर चढाउनु पनि पर्छ त्यो भूतप्रेतको लागि चढाइन्छ। भगवान्लाई अर्पण गर्दा जहिले पनि आकाशतिरै चढाउनु पर्दछ। चढाइसकेपछि भगवान् सम्झिंदाको एउटा उखान बनेको छ। ख्वाप्प मुखमा लाए पछि भगवान् सम्झिनु र ल्याप्प चाटे पछि कुकुर सम्झिने भन्ने भनाइ छ। खाना प्रसाद चढाउँदा साइँली औंला नै किन ? : कारण

बालक जन्मदा रक्तऔली (साइँली औंला) नाकको प्वालभित्र हुने हुनाले योनीको गन्ध मैलो नलागेको हुँदा शुद्ध हुन्न भन्ने मान्यता छ ।

लामाको भाषाबाट महिनाका नाम :

१. ग्याल दावा    पुस महिना

२. छुवा दावा    माघ

३. ओ दावा    फागुन

४. नाग दावा    जेठ

५. सागा दावा    वैशाख

६. नेर्न दावा    जेठ

७. छयुर्ता दावा    असार

८. टोस्यिन दावा    साउन

९. ठुन्तो दावा    भदौ

१०. यूग्पा दावा    असोज महिना

११. मिनटुग दावा    कार्तिक

१२. गो दावा    मंसिर

बौद्धमार्गीहरूले ल्हो वर्ग (वर्ष) गन्ने तरिका ल्हो वर्ग गन्दा एक वर्षसम्म एउटै वर्ग मान्ने गरिन्छ यिनीहरू १२ वटा छन्

१.ल्हाड.ल्हो : मुसा वर्ष (वर्ग)

२. ल्हाड.ल्हो  : गोरु व्र्ष (वर्ग)

३. च्हाग्ल्हो  :  बाघ

४. याल्हो   : खरायो   या (रालु वर्ग)

५. ल्हो    :  गरुड

६. कुल्ल्हो    सर्प

७. ताल्हो    घोडा

८. गुग्ल्हो    भेडा

९. टेल्हो  बादर

१०. च्याल्हा : चरा  या (कुखुरा वर्ग)

११. खिल्हो : कुकुर

१२. फाग्ल्हो : सँगुर

बाह्रवर्ष पछि खोला फिर्छ भन्ने उखान जस्तै बाह्र वर्ष पछि फेरि उहो वर्ग आउँछ ।

शेर्पा लामा र शेर्पाहरूले प्रयोग गरी ल्याएका केही बाजाहरू नामहरू :

१. टिलु  २. देर्ची  ३.बुक्सेल  ४. दमर  ५.च्याँदर  ६.कङलिङ

७, ठयाङ्ग (प.को)  ८, तुङक्षेन  ९, तङ  १०.स्यराँङ

११. गेलिड. १२.फर्वा  १३. खोलु  १४. तरवार  १५. चमर

१६. तिङ १७, टुङ्ना

**लुङदर (ध्वजा)** लगाउने चलन लुङदर २ प्रकारका लगाउने गरेको पाईन्छ । मृत्य हुनेको नाममा लगाईने सेतो रङको साधा हुन्छ भने जीवित मानिएको,घरको आयु बढोस् विध्नवाधा हटोस् भनी लगाइने लुङदर पञ्चरङ्गी हुन्छ ।

**गुम्बा** : शेर्पाहरूको गुम्बा टेम्केमैयुड. गाउँपालिकाभित्र वार्ड नं. १ मा शेर्पा र तामाड.को संयुक्त रहेको र वार्ड नं. ५ मभ्डोलेमा वार्ड २ र ५ का शेर्पाहरूको संयुक्त रहेको छ ।यहाँ प्राय गरी दशमी तिथिमा प्रत्येक महिना लामापूजा गरिन्छ । चाडपर्व, विवाह, मृत्यु संस्कार, धर्म कचहरी आदि गुम्बामा गर्ने पढ्ने गरिन्छ ।

लामाहरूले गुम्बामा मनुस्य लोकदेखि ६ लोकको देउता सिमे, भूमे, नाग-नगिनीको पूजाआजा गरी पढिरहने भएकाले गुम्बामा दर्शन गरी दांगगरी फूल चढाएर लामा देवताको दर्शन, गर्नु र निस्केर हिंड्दा गुम्बाको दाहिने पारेर घुमेर निस्कनु चिताएको मनोकाङ्क्षा पुरा हुने विश्वास छ ।

**शेर्पा जातिको प्रमुख चाडपर्वहरू**

विभिन्न चाडपर्वहरूमध्ये लोसार शेर्पाजातिको महत्त्वपूर्ण पर्व हो । यो पर्व बौद्ध धर्म मान्ने शेर्पा, तामाङ, गुरुङ आदिले भव्य रूपमा मनाउने गर्दछन् । लोसार भनेको नयाँ वर्ष हो । शेर्पा जातिको प्रमुख चाडपर्वहरूमा ल्होसार, युल्सङ, बुद्ध जयन्ती, ञ्युङनास, कङ्सोल,

यारछोइङ, मणिरिलडुब, डुन्जी, सागादावा आदि हुन् । मुख्य गरेर नेपालमा तीन प्रकारको लोसार मनाइन्छ । तमु लोसार (गुरुङ जातिले मनाउने), सोनाम लोसार (तामाङ जातिले मनाउने) र ग्याल्पो सलोसार (शेर्पा जातिले मनाउने) । यीमध्ये शेर्पा जातिले भने फागुन महिनामा ग्याल्पो लोसार मनाउने गर्दछन्। बौद्ध धर्मअन्तर्गत महायानी सम्प्रदायले हिमाली भोट चन्द्र पात्रोअनुसार शेर्पा जातिले ग्याल्पो लोसार मनाउने गर्दछन ।

वर्षनी १२ लो (बाँदर, चरा, कुखुर, सुँगुर, मुसा, गाई, बाघ, विरालो, ड्रागन, सर्प, घोडा, भेडा) वर्ष परिवर्तन भएर नयाँ वर्षको सुरुवात हुन्छ । यही अवसरमा शेर्पा जातिले नयाँ वर्षको रूपमा ग्याल्पो लोसार मनाउने गर्दछन्। शेर्पा जातिमा प्रचलित अर्को महŒवपूर्ण चाड हो डुम्जी, गुरु रिम्पोछेको दिवसको रूपमा सबै भेला भएर यो चाड मनाउने गरिन्छ। यसरी नै शेर्पाहरूले बुद्धको जन्म, ज्ञान प्राप्ति र मृत्युको दिन वैशाख पूर्णिमाको दिन पनि बुद्ध जयन्तीका रूपमा मनाउने गर्दछन् । यसरी नै यार छ्याङ, चाड, सागाहाव, कुङ्सोल, युल्सङ आदि परम्परागत चाडपर्वहरू पनि शेर्पा जातिले मनाउने गर्दछन् ।

अरुण गाउँपालिका वडा न ३ मा ५ ⁄ ६ घर धुरी शेर्पा जाति बसोबास गर्दछन । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर शेर्पा जातिको कुल जनसङ्ख्या १३०६३७ रहेको छ भने कुल जनसङ्ख्याको ०.४५ प्रतिशत जनसङ्ख्या रहेको छ ।

अध्याय पाँच

# अरुण गाउँपालिकाका विभिन्न वडामा बसोबास गर्ने विभिन्न जातजातिको विवरण

**अरुण गाउँ पालिका वडा नं १, याङ्पाङ**

अरुण गाउँपालिका वडा न एकमा बसोबास गर्ने विभिन्न जातजातिहरूमध्ये मगर जाति प्रमुख जाति हुन् । यहाँ दुई सय दश घर धुरी रहेका मगर जाति भित्र, आले, पुलामी, थापा, राना, बलम्पाखी, मङ्ग्राती, लुङ्गेली, केप्छाकी, मुर्दामि, रैका, ठाडा, लामा, घले, एस्लामी, सोराली, खप्तडी, ऋपछाकी आदि थरका मगरहरू रहेका छन् । बौद्द धर्मालम्बी यो जातिले आफ्नो जातीय कर्मकाण्ड गर्दा आफनै पुजारी बाप्पा र भूषालबाट र केही केहीले ब्राह्मण पुरोहितबाट समेत गर्ने गराउने गरेका छन् । मगर जातिको मातृभाषा यहाँ सत्तरी प्रतिशत भन्दा माथि बोलीचालीमा रहेको छ भने बाँकी बिस प्रतिशतले भाषा बुझ्ने र थोरै थोरै मात्रामा बोल्ने गर्दछन् । जातीय परम्परागत नृत्य तथा सङ्गीत यहाका मगरहरूले सोरठी र मारुनी नाचलाई जीवित राखेका छन् । माघे सङ्क्रान्ती विशेष चाडको रूपमा मनाउने गरे पनि अन्य चाडपर्वहरू अन्य जातिहरूले झैं सबै मनाउँदछन् । विशेष अवसरमा परम्परागत जातीय पोशाक पहिरिने गरेका यहाका मगरहरूले गरेका केहि केही, परम्परागत खानाका परिकारहरू पनि, बनाएर खाने गरेका छन ।

मगर जातिपछि यस वडाका मुख्य बासिन्दा हुन्, क्षेत्री जाति । थापा, कार्की, खत्री, कटुवाल, बस्नेत, खड्का, पाण्डे, विष्ट, दाहाल, सापकोटा, भट्टराई, बुढाथोकी, नेपाल, फूयाल, शाही, घिमिरे र भण्डारी थरीका क्षेत्रीहरूको एकसय नब्बे घर धुरी, बसोवास रहेको छ । हिन्दु धर्मालम्वी यो जातिको सम्पूर्ण कर्मकाण्ड हिन्दु परम्परा अनुरूप ब्राम्हण पुरोहितहरूद्वारा गर्ने गराउने गर्दछन् । यहाँका कुनै पनि थरीका क्षेत्रीहरूको देवली थान छैन । सबैले आ-आफनो घरमा कुल  देवताको पुजा आराधना गर्ने गर्दछन् । यी जातिले हिन्दु धर्मसँग सम्बन्धित सबै चाडहरू अन्य जातिले झैं मनाउँदछन् ।

यो वडामा बसोबास गर्ने अर्को प्रमुख जाति हो, तामाङ । सय घर धुरी रहेको तामाङ जाति भित्र गोले, मोक्तान, स्थावा, थिङ, ग्याबा, घिसीङ, वाइवा, डुम्जन, स्पाङबो, बमजन, र ब्लोत थरीका तामाङहरू रहेका छन् । बौद्ध धर्मालम्बी यहाँका तामाङहरूले बीस प्रतिशत मात्रले आफ्नो मातृभाषा बोल्दन भने अन्य तीस प्रतिसतले मातृभाषा बुभ्कदछन् । यहाँ साङगे शैलुङ शान्ति गुम्बा निर्माणाधिन अवस्थामा रहेको छ । साथै बुद्दका प्रतिमाहरू दुई ठाउँमा रहेका

छन् । यहाका तामाङ जातिले पनि मृत्युपश्चात जालाउने र गाड्ने दुवै प्रकारवाट अन्त्येष्टि गर्ने गर्दछन् । तामाङ जाति पछि यहाँ बसोबास गर्ने अर्को प्रमुख जाति हो, राई जाति । कोयु र वान्तावा थरीका राइहरूको बसोबास रहेको यो जातिको सत्तरी- पचहत्तर घर धुरी रहेको छ । यहाँका दुवै थरीका राईहरूले आफ्नो भातृभाषा बोल्दैनन् । यिनीहरूको साकेला थान, मेहेनपुर राईगाउमा एउटा रहेको छ । यो वडाभित्र एक जना महिला नाक्छोङ पुजारी रहेकी छिन् । उँधौली उँभौलीमा सकेलाको पुजा हुन्छ । यो जातिले आफनो सम्पूर्ण कर्म विधि र पूजाआजा किरात राई संस्कार अनुरूप गर्ने गर्दछन् ।

राई जातिपछि यो वडामा बसोबास गर्ने अर्को जाति हो,- ब्राह्मण । चालीस-पचास घर धुरी रहेका यहाँका ब्राह्मणहरूमा, कोइराला, ढकाल, गौतम, बास्तोला, नेपाल, लामिछाने, दाहाल, पौडेल, ओखेल र भण्डारी थरीका रहेका छन् । वैदिक परम्पराअनुसार हिन्दु धर्म मान्ने यो जातिले सम्पूर्ण कर्मकाण्ड वैदिक परम्पराअनुसार नै गर्ने गर्दछन् । ब्राह्मण पछि अर्को जाति थामीको बसोबास रहेको छ । बाइस-तेइस घर धुरी रहेको यो जातिको, दाङ्गुरी, लाइवा, हार्वा थरीका थामिहरू रहेका छन । प्रकृति पुजक यो जाति आफूलाई किरात थामी जातिको रूपमा चिनाउँछन । यहाँका थामी जातिको मातृभाषा सिक्ने र सिकाउने क्रममा रहेको छ । यसर्थ, केही मात्रामा थामी जातिको मातृभाषा प्रयोग भइरहेको छ । यो जाति आफनै परम्परागत संस्कार संस्कृति अनुरूप आफ्नो कर्मकाण्ड गर्दछन । यद्यपि, यहाँका थामी जातिमा स्वजातीय पूजाहारी विजुवा नभएकोले बाहिर अन्यत्रबाट ल्याई कार्य सम्पादन गर्ने गर्दछन । यो जातिबाट तीन घर परिवार क्रिश्चियन धर्मालम्बी बनेका छन् ।

यो वडामा जोगीहरूको अठार-बीस घर धुरी बसोबास रहेको छ । यहाँका अधिकांश जोगीहरूले हिन्दु परम्पराअन्तर्गत आफ्नो सम्पूर्ण कर्म विधि गर्ने गराउने गर्ने भए पनि थोरै थोरै सङ्ख्यामा आफ्नै जातका पुरोहितहरूद्वारा आफ्नै परम्पराअन्तर्गत कर्म विधि गर्ने पनि गरेका छन् । यो जातीले आफ्नो परम्परागत पेसा यथारूपले गर्दै आइरहेका छन् । यसैगरी

यस वडामा दमाई जातिको एक्काइस घर धुरी बसोबास रहेको छ । शिवा र दर्नाल थरीका रहेका यी जाति हिन्दू धर्म अनुरूप आफ्नो कर्म काण्ड गर्ने गराउने गर्दछन । आफ्नै स्वजाति पुरोहित, भान्जा ज्वाइबाट आफ्नो सम्पूर्ण कार्य गर्ने गराउने यो जातिले उँभौली वैसाखे पूर्णिमा र आइतबारे पूजा गर्ने गर्दछन् । यहाका दमाई जातिले आफ्नो परम्परागत सिप र पेसालाई अँगाली रहेका छन् ।

यो वडामा वसोवास गर्ने अर्को जाति हो, नेवार । पन्ध्र घर धुरी श्रेष्ठ थरीका नेवार जातिको यहाँ बसोबास रहेको छ । यहाँका नेवार जाति हिन्दू परम्परा अनुरूप ब्राह्मण पुरोहितबाट सम्पूर्ण कर्मकाण्ड गर्ने गराउने गर्दछन् । अरू तिरका जस्तै यहाँका नेवार जातिले पनि आफ्नो मातृभाषाको प्रयोग गर्दैनन । परम्परागत खाना परिकारमा क्वाँटी खाने गरेका छन् भने चाडपर्वहरू लाखे नाच पनि यहाँका नेवारहरूले देखाउँदैनन् । हिन्दु धर्म अनुरूप मनाइने चाड पर्वहरू यो जातिले पनि सबै चाडपर्वहरू मनाउने गरेका छन् । नेवार जाति पछि यहाँ बसोबास गर्ने अर्को जाति कामी जाति रहेका छन् । घतानी थरीका तीन घर धुरी रहेको यो जाति हिन्दु परम्परा अनुरूप आफ्नो सम्पुर्ण कर्म विधि गर्ने गर्दछन् । स्वजाति पुरोहित भान्जा - ज्वाइबाट सम्पूर्ण आफ्नो कर्मकाण्ड गर्ने गराउने गर्दछन् । यहाँका कामी जाति आफ्नो घर-घरमा कुलपूजा जेठा बाठाहरूबार गर्ने गर्दछन् ।  हिन्दु धर्म अनुसारका सम्पूर्ण चाडपर्व मान्ने यो जाति आफ्नो परम्परागत सिप र पेशा गर्न छाडेका छन् ।

यस वडामा विभिन्न मठमन्दिर र देव देवी थानहरू रहेका छन् । यीमध्ये राधाकृष्ण मन्दिर, सावित्रा देवी, कालिका देवी, महादेव देवी, सिंह देवी, जालपा देवी र महाङ्काली मुख्य हुन् । यसैगरी सरस्वती, गणेश र जयेश्वर शिवालय मन्दिरहरू रहेका छन् । यस वडामा एउटा मा. वि र अन्य छ गरी सातवटा विद्यालयहरू रहेका छन् । सोह्रवटा विभिन्न सामुदायिक वनहरू रहेको यस वडामा खानीटारमा तामा खानी र चुन उद्योग विगतमा सञ्चालनमा रहेको थियो भन्ने पुराना मानिसहरूको भनाई र त्यहाँका अवशेषहरूबाट पुष्टि गर्न सकिन्छ ।

पर्यटनको दृष्टिकोणबाट यहाँ एउटा ऐतिहासीक गढि, याङ्पाङ गढी, याङ्जे गुम्वा, नाकछुङ धारा, चमेरे गुफा, छाँगा झरना, ऐना भिर, मादले भीर, तारे भीर र शिवरात्री गुफा जस्ता आकर्षक स्थलहरू रहेका छन् ।

**अरुण गाउँपालिका - वडा नं. २ चम्पे ।**

अरुण गाउँपालिका वडा नं  दुईमा बसोबास गर्ने विभिन्न जात जातिमध्ये यहाँ मगर जातिको बसोबास प्रमुख रूपमा रहेको छ । दुई सय सठसट्टि घर धुरी रहेको मगरहरूमा : पुलामी, राना, आले, रैकार, सारु, बलम्पाखी, थापा, यस्माली, मग्राती, लुङ्गेली, केप्छाकी, मुर्छाङगी, सलामी, लुम्रे र रजन थरीका मगरहरूको बसोबास रहेको छ । यहाँका मगरहरूले पचास प्रतिशत मातृभाषामा बोलचाल गर्दछन् भने असी प्रतिशत मगरहरूले मातृभाषा बुझ्ने गर्दछन् ।  बुद्ध धर्मालम्बी ठान्ने यहाँका मगर जातिले आफ्नो कर्मविधि वाप्पा र भूषालबाट गर्ने गराउने गर्दछन । यी जातिको मृत्युपश्चात जलाउने र गाड्ने दुवै प्रकारको चलन रहेको छ । यो जातिको परम्परागत मौलिक खाना चाड विशेष अवसरमा बटुक बनाएर खाने गर्दछन । माझे सङ्क्रान्ती र तिहार पछि आउने एकादशीमा  सोरठी, हुर्रा, मारूनी नाचहरू नाच्ने गर्दछन् । चाडपर्व विशेषमा आफ्नो जातीय वेशभूषा पहिरिने गर्दछन् । अन्य चाडपर्वहरू अन्य जाति समुदायले जसरी नै यहाँका मगर जातिले पनि मनाउने गर्दछन् ।

यस वडामा बसोबास गर्ने अर्को प्रमुख जाति राइ हुन् । एक सय छत्तिस घर धुरी रहेका यी जातिमा बान्तावा र सामाङ थरीका राइहरूको बसोबास रहेको छ । वान्तावा भित्रका नुमीहाङ, रुङमाहाङ र माकृहाङ पाछाका राईहहरू रहेका छन् भने सामाङ भित्रका बाली, पित्रुङ र राना पाछाका सामपाङ राईहरूको बसोबास रहेको छ । यहाँका सबै थरीका राईहरूले मातृभाषाका रूपमा बान्तावा भाषा प्रयोग गर्दछन् । यो जातिबाट चार घर परिवार कृश्चियन धर्मालम्बी बनेका छन् । यहाँ एउटा विलिवर चर्च समेत रहेको छ । प्रकृतिपूजक किरात धर्मालम्बी यहाँका राइ जातिहरूको सोरेङमा एउटा सकेवा-साकेला थान रहेको छ भने निर्माणाधिन अवस्थामा एउटा साकेला- साकेला भवत समेत रहेको छ । यहाँ माङ्पा, नाक्छोङहरू छैनन् । मावि कुबि जान्ने बुझ्ने अगुवाहरूबाट आफनो कुलपितृ पूजा गर्ने गराउने गर्दछन् । यहाँको सकेला थानमा उँधौली- उँधौलीमा पूजा गरी साकेला नाच नाच्ने गर्दछन । चार्डपर्व विशेष अवसरमा आफ्नो जातीय परम्परागत वेशभूषा पहिरिने गरेको यहाका राई जातिले परमपरागत खानपानलाई यथारूपमा खादै आइरहेका छन् । यो जातिले आफ्नो सम्पूर्ण कर्मविधि किरात संस्कार अनुरूप नै गर्ने गर्दछन् ।

यहाँ बसोबास गर्ने अर्को जाति हो, क्षेत्री । कटुवाल, खड्का, कार्की, सुवेदी, तिवारी, विष्ट, थापा थरीका क्षेत्रीजातिको यो वडामा पैतालिस घरधुरी बसोबास रहेको छ । हिन्दु धर्मालम्बी यो जातिको सम्पूर्ण कर्मकाण्ड हिन्दु परम्पराअनुसार  ब्राह्मणहरूद्वारा सम्पन्न गर्ने गर्दछन् । यहाँका कार्की क्षेत्रीहरूको एउटा देवली थान माचुङमा रहेको छ भने अन्य थरीका

क्षेत्रीहरूले घर-घरमा वा आफ्नो कुल देवली वडा बाहिर जहाँ हुन्छ, उहीं लगेर गर्ने गरेका छन् । यहाँका क्षेत्रीहरूले दशैं, तिहार, तिजजस्ता सम्पूर्ण चाडपर्वहरू अन्य जाति समुदाय जसरी नै मनाउने गर्दछन् । क्षेत्री जाति पछि यहाँ बसोबास गर्ने अर्को जाति हो, नेवार । जोशी, प्रधान, र श्रेष्ठ थरी नेवार जातिका बयालिस घर धुरी रहेको छ । हिन्दु धर्मालम्बी यो जाति आफ्नो सम्पूर्ण कर्यविधि ब्राम्हणद्वारा गर्ने गराउने गर्दछन । यहाँका नेवार जातिले आफ्नो जातिय मौलिक खाना क्वाटी र लाखे जात्रालाई बचाइ रहेका छन् । मातृभाषा यहाँका नेवार जातिले  नगन्य मात्रामा बोल्दछन् । यिनीहरूले विशेष पूजा गर्ने कृष्ण मन्दिर  दुई वटा रहेका छन् भने यो जातिको सघन वस्ती बोक्ताम र सिस्नेरीमा रहेको छ ।

यस वडामा वसोवास गर्ने अबै जाति हो, ब्राह्मण । उनन्तीस घर धुरी रहेका ब्राह्मणहरू, आचार्य, सापकोटा, फुयाल, दाहाल, काफले र खनाल थरीका रहेका छन । वैदिक परम्पराअनुसार सम्पूर्ण कर्मकाण्ड गर्ने यी जाति हिन्दुधर्मसँग सम्बन्धित सबै चाड पर्वहरू मनाउँछन् । यस वडामा रहेको चम्पे कालिका देवीको दैनिक रूपमा पूजा र होम गर्ने गरिन्छ । यहाँ प्रत्यक दिन नगरा बजाउने चलन अझै जीवित रहेको छ ।

ब्राह्मण पछि यहाँ तेह्र घर धुरी थामी जातिको बसोबास रहेको छ । प्रकृतिपूजक यो जाति आफूलाई किरात समुदाय भित्रको एक जाति ठान्दछन् । आफ्नो जातीय कर्म विधिहरू होमेद्वारा सम्पन्न गर्ने गराउने गर्दछन् । यस वडाको सिस्नेरीमा यो जातिको मुख्य बसोबास रहेको हुँदा यहाँ एउटा थामी थान समेत रहेको छ । परम्परागत खान पान प्रयोग गर्ने गरेका यी जातिले आफ्नो मातृभाषा समेत बोल्ने गरेका छन् ।

अरुण गाउँ पालिकाको यस वडामा दमै जातिको बिस घर धुरी बसोबास रहेको छ । हिन्दु धर्मालम्बी यो जातिले आफनो कुल पुजा र अन्य कर्म काण्ड गर्दा स्वजाति पुरोहित चलाउने गर्दछन । हिन्दुधर्मसँग सम्बन्धित सम्पूर्ण चाडपर्व यो जातिले पनि मनाउने गरेका छन् । यहाका दमै जातिले आफ्नो परम्परागत पेसा र सीपलाई यथारूपमा अङ्गाली रहेका छन् । दमै जाति पछि यहाँ कामी जातिको सेन्चुरी थरका बाह्र घर धुरी बसोबास रहेको छ । यो जातिले पनि हिन्दु धर्म अनुरूप सम्पूर्ण  आफ्नो संस्कार, कर्मकाण्ड गर्ने गर्दछन । यी जातिले पनि धर्म कर्म गर्दा स्वजातीय पुरोहित चलाउने गर्दछन् भने परम्परागत पेसा र सिप कला, अपनाइरहेका छन् । कामी जाति पछि यहाँ बसोबास गर्ने सार्की जातिको नौ घरधुरी बसोबास रहेको छ । हिन्दु धर्म अनुरूप नै यो जातिले पनि सम्पूर्ण कर्मकाण्ड सम्पन्न हुने गर्दछ । यो जातिको पनि आफ्नै जातिका पुरोहितबाट सम्पूर्ण कर्मकाण्ड सम्पन्न गर्ने गर्दछन्

भने यो जाति आफ्नो परम्परागत सीप पेसाबाट विमुख रहेको छ । यसै गरी यस वड़ामा एक घर बादी जातिको बसोबास रहेको छ । कृश्चियन धर्मालम्बी यो जाति, यस वडाबासी जात जातिमध्ये लोपोन्मुख अवस्थामा रहेको हुँदा संरक्षण गर्नुपर्ने आवश्यक देखिन्छ ।

यस वडामा विभीन्न देव-देविथान, मठ-मन्दिर र शक्ति पीठहरू रहेको छ । जसमध्ये, कृष्ण मन्दिर, सिद्धकाली, छिन्ताङ देवी, जाल्पा देवी, आइतवारे, कुवाडि आइतवारे, महाङ्काली, पखुवा लुते धारा, गणेश थान, सिंहदेवी, पञ्चकन्या महादेव थान, सोऱ्याङ आइतवारे, कालिका देवी, सोहन धारा, आदि रहेका छन् । यस वडामा पर्यटकीय सम्भावनानाः पाताल गुफा र श्रीवन्दी डाँडा, चम्पे रहेका छन् भने लागुवा खोलाको ताल निर्माण भएपश्चात यो स्थललाई पनि पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न सकिने अवस्था रहेको छ । यहाँ एउटा मा.वि., आधारभूत तीन वटा र निमावि दुईवटा विद्यालयहरू रहेका छन् ।

(श्रोत व्यक्तिः बीज बहादुर राई, वर्ष ६२ सोऱ्याङ, जय बहादुर राई, वर्ष ५१, सोऱ्याङ ।

**अरुण गाउपालिका वडा न. ३**

यस वडामा ब्राह्मण जातिको बसोबास रहेको छ । रहेको यस जातिभित्र घिमीरे, अधिकारी, पराजुली, कट्टेल, चापागाँइ, ढकाल, चौलागाई, दाहाल, गौतम, फुयल, सन्जेल, सुवेदी, ओझा र सापकोटा थरीका ब्राह्मणहरूको बसोबास रहेको छ । सनातन हिन्दु धर्मालम्बी यो जाति वैदिक परम्पराअनुसार आफ्नो कर्म विधि गर्ने गर्दछन् । यसै गरी यस वडामा क्षेत्रीहरूको बसोबास रहेको छ । कार्की, कटुवाल, खत्री, खड्का, थापा र बुढाथोकी थरीका क्षेत्रीहरू रहेका छन् । यी जातिले पनि हिन्दु धर्म अनुरूप ब्राम्हणहरूद्वारा आफ्नो जातिय कर्मविधि गर्ने गराउने गर्दछन् भने कुलपूजा देवली घर- घरमा गर्दछन् ।

अरुण गाउँपालिका वडा न. ३ मा राई जातिको बसोबास रहेको छ । राईमध्य बान्तावा र ऱ्याङ थरी राहहरू रहेका छन् । यहाँका राईहरूले दुङ्माली भाषा प्रयोग गर्दछन् । यो वडामा राईहरूको पवित्रस्थल साकेला थान रहेको छ । यहाँ नाक्छोङ-माङपाहरू छन् । यहाँ बसोबास गर्ने राईहरू आफूलाई प्रकृतिपूजक किरात धर्मालम्बी मान्दछन । यसरी यो समुदायबाट केही परिवार कृश्चियन धर्मालम्बीसमेत बनेका छन् । यहाँ बसोबास गर्ने बान्तावा थरिका राईहरूमध्ये खिम्बूले र छाङछा पाछाका रहेका छन् । यहाँका राइ जातिले आफ्नो परम्परागत खानपान र संस्कार जीवित राखेका छन् ।

यस वडामा बसोबास गर्ने अर्को जाति हो, तामाङ । तामाङ जातिका मोक्तान, पाखिन, बल र योन्जन थरिका तामाङहरू रहेका छन । बौद्धधर्मालम्बी यो जातिको यहाँ दुई तीन वटा

माने रहेको छ । यो जातिको मृत्यु पश्चात मानेडाडामा गाड्ने गरिएको छ । यही वडा भित्र लामाहरू नभएकोले पूजालगायत अन्य सम्पूर्ण कर्मकाण्ड गर्दा बाहिरबाट लामा पुरोहित ल्याउने गरिएको छ । यहाँ बसोबास गर्ने तामाङ जातिले आफ्नो मातृभाषा सामान्य रूपमा प्रयोग गर्ने गरेका छन् । तामाङ पछि अर्को जाति मगर । लुङ्गेली, पीठाकोटे, आले, बलम्पारखी र पुलामी थरिका मगरहरू यहाँ बसोबास गर्दछन् । यहाँ यो जातिको मातृभाषा प्रचलनमा रहेको छ भने बौद्द धर्मालम्बी यो समुदायको मानिसको मृत्यु हुँदा खोलामा लगेर जलाउने चलन छ । आफनै भान्जाहरूलाई पुरेत्याई गराउने यहाँका मगरहरूले पुलामीद्वारा सम्पूर्ण कर्म विधि गर्ने गराउँदछन् ।

यस वडा भित्र बसोवास गर्ने अर्को प्रमुख जाति हो, भुजेल । यहाँ रहेका भुजेल  जाति हिन्दु परम्पराअनुसार सम्पूर्ण कर्म विधि ब्राह्मणहरूद्वारा गराउदछन् । यिनीहरूको एउटा भुजेली थान पनि यहाँ रहेको छ । यो थानमा उँधौली र उँभौलीमा पुजा गर्ने गर्दछन् । यिनीहरूको मृत्यु पछि गाइने र जलाउने दुवै चलन रोको छ । यसै गरी यो वडामा नेवार जातिको पनि बसोबास रहेको छ । श्रेष्ठ थरिका परिवार रहेका यहाँका नेवारहरूले लाखे नाच देखाउने, देवाली गर्ने, भीमसेन पूजा गर्ने गरेका छन् । यहाँ यो जातिको एउटा देवली गर्ने मन्दिर समेत रहेको छ । हिन्दु धर्मालम्बी यहाँका नेवार जाति गुभाजु र ब्राह्मणबाट हिन्दु परम्पराअनुसार सम्पूर्ण कर्म विधि संस्कार गर्दछन् । यहाका नेवार जातिले पनि आफ्नो मातृभाषाको प्रयोग गर्दैनन् । मृत्य हुँदा अरुण नदिमा लगी जलाउने गर्दन ।

वडा न.३ रहेका अन्य जातिहरूमा दलित समुदायको पनि वस्ती रहेको छ । कामी, दमै र सार्की जातिहरूमध्ये दमै र सार्कीको रहेको छ । हिन्दु धर्मालम्बी यो जातिले आफ्नो जातीय संस्कार कर्म विधि गर्दा - गराउँदा स्वजातीय पुरोहित भान्जा चेलाबाट गर्ने गराउने गर्दछन् । यी तीनै थरीका जातिले आ-आफनो परम्परागत सिपलाई यथावत् गरिरहेका छन् । यसैगरी यस वडामा बसोबास गर्ने अर्को जाति हो, कुमाल । हलेली, घरपाखा. र धरपाठक थरीका यहाँ बसोबास रहेको छ ।

अरुण गाउँपालिका वडा न ३ मा ५/६ घर धुरी शेर्पा जाति बसोबास गर्दछन । राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालभर शेर्पा जातिको कुल जनसङ्ख्या १३०६३७ रहेको छ भने कुल जनसङ्ख्याको ०.४५ प्रतिशत जनसङ्ख्या रहेको छ ।

**अरुण गाउपालिका  वडा न. ४, चारम्बी**

अरुण गाउँपालिका वडा नं चारमा बसोबास गर्ने जात जातिमध्य अधिक मात्रामा राई जातिको बसोबास रहेको छ । एकसय पचास घरघुरी बसोबास रहेका राईमध्ये बान्तवा र ञ्याङ थरी राईहरू रहेका छन् । यहाँका राईहरूले दुङमाली भाषा प्रयोग गर्दछन् । यो वडामा राईहरूको पवित्रस्थल साकेला थान एउटा रहेको छ । यहाँ नाक्छोङ - माङपाहरू दुई जना रहेका छन् । यहाँ बसोबास गर्ने राईहरू आफूलाई प्रकृतिपूजक किरात धर्मालम्बी मान्दछन । यसरी यो समुदायबाट केही परिवार  कृश्चियन धर्मालम्बी समेत बनेका छन् । यहाँ बसोबास गर्ने  बान्तावा थरिका राईहरू मध्ये खिम्बूले र छाङछा पाछाका रहेका छन् भने ञ्याङ थरिका राहरूको संस्कार संस्कृति हिन्दु परम्परासँग मिल्दो जुल्दो रहेको छ । यसो हुनका कारण कुंवर क्षेत्री बाबु र खिम्बूले राई आमाको गर्भबाट जन्मिएको सन्तान भएको हुँदा यसो भएको हो भन्ने मिथक रहेको छ । यो विषयमा छुट्टै चर्चा गरिने छ । यसर्थ ञ्याङ थरीका राई जातिलाई राई भित्रका विशिष्ट राई, जातिका रूपमा लिन सकिन्छ । यहाँका राई जातिले आफ्नो परम्परागत खानपान र संस्कार जीवित राखेका छन् ।

राई जाति पछि यस वडामा ब्राह्मण जातिको मुख्य बसोबास रहेको छ। पचपन्न - साठी घर धुरी बसोबास रहेको यस जाति भित्र घिमिरे, अधिकारी, पराजुली, कट्टेल, चापागाँइ, ढकाल, चौलागाई, दाहाल, गौतम, फुयल, सन्जेल, सुवेदी, ओझा र सापकोटा थरीका ब्राह्मणहरूको बसोबास रहेको छ । सनातन हिन्दु धर्मालम्बी यो जाति वैदिक परम्पराअनुसार आफ्नो कर्म विधि गर्ने गर्दछन् । यसै गरी यस वडामा तीस पैतीस घरधुरी क्षेत्रीहरूको बसोबास रहेको छ । कार्की, कटुवाल, खत्री, खड्का, थापा र बुढाथोकी थरीका क्षेत्रीहरू रहेका छन् । यी जातिले पनि हिन्दु धर्म अनुरूप ब्राह्मणहरूद्वारा आफ्नो जातिय कर्मविधि गर्ने गराउने गर्दछन् भने कुलपूजा देवली घर- घरमा गर्दछन् ।

यस वडामा बसोबास गर्ने अर्को जाति हो तामाङ । लगभग पच्चीस घरधुरी रहेको तामाङ जातिका मोक्तान, पाखीन, बल र योन्जन थरिका तामाङहरू रहेका छन । बौद्धधर्मावलम्बी यो जातिको यहाँ एउटा गुम्बा जगनटारमा, र दुई तीन वटा माने रहेको छ ।

यो जातिको मृत्यु पश्चात् मानेडाडामा गाड्ने गरिएको छ। यही वडा भित्र लामाहरू नभएकोले पूजालगायत अन्य सम्पूर्ण कर्मकाण्ड गर्दा बाहिरबाट लामा पुरोहित ल्याउने गरिएको छ। यहाँ बसोबास गर्ने तामाङ जातिले आफ्नो मातृ भाषा सामान्य रूपमा प्रयोग गर्ने गरेका छन् । तामाङ पछि अर्को जाति हो, मगर। यस वडामा पन्ध्र बीस जति यो जातीको बसोबास रहेको छ। लुङ्गेली, पीठाकोटे, आले, बलम्पारखी र पुलामी थरिका मगरहरू यहाँ बसोबास गर्दछन् । यहाँ यो जातिको मातृभाषा प्रचलनमा रहेको छ भने बौद्द धर्मालम्बी यो समुदायको मानिसको मृत्यु हुँदा खोलामा लगेर जलाउने चलन छ। आफनै भान्जाहरूलाई पुरेत्याई गराउने यहाँका मगरहरूले पुलामी द्वारा सम्पूर्ण कर्म विधि गर्ने गराउँदछन् ।

यस वडा भित्र बसोबास गर्ने अर्को प्रमुख जाति हो, भुजेल । उन्नाइस बिस घरको हाराहारीमा यहाँ रहेका भुजेल जाति हिन्दु परम्पराअनुसार सम्पूर्ण कर्मविधि ब्राह्मणहरूद्वारा गराउँदछन् । यिनीहरूको एउटा भुजेली थान पनि यहाँ रहेको छ । यो थानमा उँधौली र उँभौलीमा पूजा गर्ने गर्दछन् । यिनीहरूको मृत्यु पछि गाइने र जलाउने दुवै चलन रहेको छ। यो जातिबाट एक परिवार कृश्चियन धर्मालम्बी बनेका छन् । यसै गरी यो वडामा नेवार जातिको पनि बसोबास रहेको छ। श्रेष्ठ थरिका पन्ध्र घर परिवार रहेका यहाँका नेवारहरूले लाखे नाच देखाउने, देवाली गर्ने, भीमसेन पूजा गर्ने गरेका छन् । यहाँ यो जातिको एउटा देवाली गर्ने मन्दिर समेत रहेको छ। हिन्दू धर्मालम्बी यहाँका नेवार जाति गुभाजु र ब्राम्हणवाट हिन्दु परम्पराअनुसार सम्पूर्ण कर्मविधि संस्कार गर्दछन् । यहाँका नेवार जातिले पनि आफ्नो मातृभाषाको प्रयोग गर्दैनन् । मृत्य हुँदा अरुण नदिमा लगी जलाउने गर्दछन् ।

वडा नं ४ मा रहेका अन्य जातिहरूमा दलित समुदायको निकै ठुलो वस्ती रहेको छ। कामी, दमै र सार्की जातिहरूमध्ये कामी जाती  बीस-वाइस घर, दमै पन्ध्र बीस घर र सार्कीको दश घर रहेको छ । हिन्दु धर्मालम्बी यो जातिले आफ्नो जातीय संस्कार कर्मविधि गर्दा -गराउँदा स्वजातीय पुरोहित भान्जा चेलाबाट गर्ने गराउने गर्दछन् । यी तीनै थरीका जातिले आ-आफनो परम्परागत सिपलाई यथावत् गरिरहेका छन् । यसै गरी यस वडामा बसोबास गर्ने अर्को जाति हो, कुमाल। हलेली, घरपाखा. र धरपाठक थरीका कुमाल जातिको सोह सत्र घर यहाँ बसोबास रहेको छ । यसैगरी यो वडामा माझी जातिको पनि बसोबास रहेको छ । सोह्र-सत्र घर धुरी रहेको माझी जातिका चिसापानी, भूजे, हेवाली र कुसुवारे थरीको बसोबास रहेको छ । यी उल्लेखित जाति बाहेक न्यून सङ्ख्यामा दशनामी, गिरीको

पनि बसोबास रहेको छ। यहाँ एक मावि र तीन प्रावि विद्यालयहरू रहेका छन भने चारवटा सामुदायिक वनहरू रहेका छन्।

**अरुण गाउँपालिका वडा न ५, याकु**

अरुण गाउँपालिका वडा नं पाचमा बसोबास गर्ने जात जातिहरू मध्य नेवार जाति प्रमुख हुन्। श्रेष्ठ र प्रधान थरीका नेवारहरूको बसोबास रहेको यो जातिको घर धुरी एकसय चौध रहेको छ। यहाँका नेवारहरूले सामान्य रूपमा आफ्नो मातृभाषा बोल्दछन्। परम्परागत रूपमा चलिआएको जात्रालाई यहाँका नेवार समुदायले पनि यथारूपले बचाइरहेका छन्। नेवारी जातिको परम्परागत खानपानमा भने क्वाँटी मात्र प्रचलनमा रहेको छ। हिन्दु धर्मलम्बी यो समुदाय आफ्नो संस्कार कर्म विधि गर्न ब्राह्मण र गुभाजुको प्रयोग गर्दछन्। स्वजातीय पुरोहित गुभाजु यहाँ दुई जना रहेका छन्। यो वडामा नेवार जातिको एक देवाली थान छ, तर पछिल्लो समय सामुहिक रूपले देवाली गर्दैनन। हरेक घरले आ-आफ्नै घरमा देवाली गर्ने गर्दछन्। दशैं, तिहार लगायतका चाडपर्वहरू यहाँका नेवार जातिले मनाउने गर्दछन।

नेवार पछि यो वडामा ब्राह्मण जातिको मुख्य बसोबास रहेको छ। लगभग सत्तरी पचहत्तर घरधुरी रहेका यी जातिबाट एक घर क्रिश्चियन धर्मालम्बी बनेका छन् भने अन्य सबै हिन्दु धर्मालम्बी हुन्। ओझा, ढकाल, धिमाल, गौतम, आचार्य, खतिवडा, अधिकारी, डोटेल, धमला र पोखेल , फुयल, सन्जेल आदि थरिका ब्राह्मणहरूमध्ये ओझा थरीले पुरोत्याँइ गर्ने गर्दछन। यसर्थ, यो वडामा पुरोहित ब्राह्मणहरूको खाँचो नपरे पनि धेरै सङ्ख्यामा पुरोहित चाहिने कार्य सम्पन्न गर्न परे चाहीँ आवश्यक पुरोहितहरू बाहिरबाट पनि ल्याउने गरिएको छ। यहाँ बसोबास गर्ने ब्राह्मणहरूको देवाली गर्ने सामूहिक देवाली थान छैन। उनीहरू आ-आफ्नै घरमा देवली गर्ने गर्दछन्। वैदिक परम्पराअनुसार आफ्नो सस्कार कर्म विधि गर्ने यो जातिले मृत्युपश्चात होङ्ग्रायो खोलामा लगेर जलाई अन्तिम संस्कार गर्ने गर्दछन।

यस वडामा ब्राम्हण पछि क्षेत्रीहरूको ठुलो सङ्ख्यामा बसोबास रहेको छ। पैसट्ठी -सत्तरी घर धुरी बसोबास रहेको क्षेत्रीहरूमा : कटुवाल, कोइराला, कार्की, बोहोरा, बस्नेत, सन्जेल, लुइँटेल आदि थरीका क्षेत्रीका रहेका छन्। हिन्दु धर्मालम्बी यो जातिले वैदिक परम्पराअनुसार. ब्राह्मणहरूद्वारा आफ्नो सम्पूर्ण संस्कार गर्ने गराउने गर्दछन्। यहाँका क्षेत्रीहरूको मष्टो पुजन गर्ने, देवली गर्ने सामूहिक मन्दिर छैन। उनीहरूले घर-घरमा कुलपूजा मस्टो पूजा गर्दछन्।

क्षेत्री जाति पछि यो वडामा राइ जातिको मुख्य रूपमा बसोबास रहेको छ । बैसट्ठि घर धुरी राईहरूमध्ये पाँच घर  नाछिरिङ,  थरि र सन्ताउन्न घर बान्तावा थरी रहेका छन् । बान्तावा थरी भित्रका ताम्ला, खन्नुङ, धि छाङ्छा, लुगुन, छि छाङ्छा, चोखाङ, तुर्छुवा आदि पाछाका राइहरूको बसोबास रहेको छ । राई जातिले विशेष मान्ने साकेला / साखेना थान जिमीगाउँमा एउटा रहेको छ । यहाँ साकेला पुज्ने माङ्पा पुजारी नहुँदा नियमित पूजा हुन सकेको छैन । यसैगरी साकेला नाच पनि नियमित हुदैन । यहाँका राइहरूले थोरै मात्रामा ढुङ्माली भाषाको प्रयोग गर्ने गरेका छन् । परम्परागत खानपानहरू यथारूपले खाइरहेको छन् । यो जातिले आफ्नो सम्पूर्ण कर्मकाण्ड, किरात संस्कारअनुसार नै गर्दै आइरहेका छन् ।

राइ जाति पछि यहाँका अर्को मुख्य बासिन्दा तामाङ जाति हुन् । पचास घरधुरी हाराहारीमा बसोबास रहेको तामाङ जातिका, बल, मोक्तान, पाखिन, घिसीङ, थोकर र बमजन थरी रहेका छन् । यहाँका तामाङहरूले पनि थोरै थोरै मात्रामा मातृभाषा बोल्ने गरेका छन् । बौद्ध धर्मावलम्बी यो समुदायबाट एक घर कृश्चियन धर्मावलम्बी बनेका छन् । यहाँ एउटा गुम्बा निर्माणाधिन अवस्थामा रहेको छ भने सुर्के नागी र बराहपोखरीमा मानेहरू रहेका छन् । यहाँका तामाङहरूको समाधिस्थल यहीं रहेको छ । यस वडामा रहेका तामाङहरूले अन्य चाडपर्व सँगै ल्होसारलाई विशेष उल्लासका साथ मनाउने गर्दछन् । तामाङ जाति पछि अर्को जाति भुजेल रहेका छन । अड्चालीस घरधुरी रहेका यहाँका भुजेलहरूले हिन्दु धर्म अनुरूप आफ्नो सम्पूर्ण कर्मविधि गर्ने गराउने गर्दछन् । यो जातिको भुजेली पूजा गर्ने एक मन्दिर यहाँ रहेको छ । यहाँका भुजेल जातिको मृत्यु हुँदा गाड्ने र जलाउने दुवै प्रकारको प्रचलन रहेको छ । यो जातिमा आफ्नो धर्म, संस्कार र भाषाप्रति  पुनर्जागरणको टुसा पलाइरहेको अवस्था छ ।

वडा न पाँचमा बसोबास गर्ने जातिहरूमा पन्ध्र घर धुरी कामी जातिको  छ । रसाइली, बराइली, दर्नाल, घतानी, पोर्तेल, शंकर आदि थरीका बसोबास रहेको यो जाति हिन्दु धर्मावलम्बी हुन् । उनीहरू, पुरेत्याइँ स्वजातीय भान्जा, चेलाबाट गर्ने गराउने गर्दछन् । कुल पूजा घरघरमा गर्छन् । फलाम र सुनको काम गर्ने परम्परागत सिप र पेशा यहाँका कामीहरूले अझै जीवित राखेका छन् । यसैगरी आठ घर धुरी सार्की जातिको बसोबास रहेको छ । मङ्ग्राती, पर्कुटी, रम्तेल र बयलकोटि थरीका यो जाति पनि हिन्दु धर्मालम्बी हुन् । सम्पूर्ण कर्मकान्ड हिन्दु परम्पराअन्तर्गत गर्ने भए पनि यिनीहरूले पनि स्वजाति पुरोहित भान्जा ज्वाइँको प्रयोग गर्दछन । यहाँका सार्की जातिको परमारागत सिप र पेसा शून्य अवस्थामा

पुगेको छ । यस पछि अर्को जाति हो, दमाई । ठटाल, महत र दर्नाल थरीका छ घर धुरी यस वडामा बसोबास रहेको छ । हिन्दू धर्म अनुरूप सबै कर्मकाण्ड गर्ने यो जातिले पनि पुरोहितको रूपमा स्वजातीय भान्जा ज्वाइँद्वारा आफ्नो सम्पूर्ण कर्म गराउछन् । यो जातिको परम्परागत सिप र पेसा यहाँका दमाई जातिले अङ्गाली नै रहेका छन् । यिनीहरूको मृत्यु पश्च्यात, कोहीलाई जलाउने र कोहीलाई गाडने दुवै प्रकारको चलन रहेको छ । यस वडामा बसोबास गर्ने यी जातिहरू बाहेक न्यून सङ्ख्यामा अन्य जातिहरूको पनि बसोबास रहेको छ । ती हुन् : लुङ्गेली मगर

दुई घर छन् । उनीहरू चम्पेबाट यहाँ आई बसोबास गरेका हुन् । उनीहरू आफ्नो मातृभाषा बोल्दछन् । यसैगरी लिम्बु दुई घर र गुरुङ एक घर बसोबास गर्दछन् ।

यस वडामा विभिन्न मठ मन्दिर, देवी थानहरू रहेका छन् । शितला देवी, सावित्रा देवी, सेती देवी, आइतवारे देवी, पन्चकन्या देवी, हरिसिद्धि देवी जलकन्या देवी. बराह पोखरी देवी, सिद्ध थुम्को, कालिका देवी आदी । कालिका देवी र सीतला देवीको वाह्रै महिना पूजा हुने गरेको छ भने यहाँ  जुनै पनि जातिका पूजा गर्न जान्ने अगुवाहरूले पुजारीको रूपमा पूजा गर्ने गर्दछन् । सुब्बे फाब्बे होस्, पानी पारिदेऊ भन्ने जस्ता आराधना गरी यहाको थानहरूमा पूजा गर्ने चलन रहेको छ । अन्य देवीथानहरूमा भने निशेष विशेष अवसरमा पूजा गर्ने गरिएको छ ।

यसै गरी यहाँका सम्भावित पर्यटक स्थलहरूमा : सुर्के नागी, हरेलो डाँडा, रमिते डाँडा, ओखे डाँडा र बराह पोखरी आदि हुन् । यी स्थानहरू रमणीय र धार्मिक दुवै दृष्टिकोणले महŒवपूर्ण स्थलहरू हुन् । यहाँ रहेको दशवटा सामुदायिक वनहरूमा विभिन्न प्रजातिका रुख विरुवाहरूको साथै औषधीजन्य जडि बुटि समेत रहेका छन् ।

**अरुण नगरपालिकामा ६, जरायोटार ।**

अरुण गाउँपालिका वडा न ६ मा बसोवास गर्ने मुख्य जात जातिहरू मध्ये ठुलो सङ्ख्यामा राई जातिहरूको बसोबास रहेको छ । राई जातिभित्रका पनि बान्तावा, थुलुङ, ऱ्याङ, मेवाहाङ, साम्पाङ र चाम्लिङ थरिका राइहरूको बसोबास रहेको छ । यीमध्ये बान्तावा थरीका राहहरू, छाङ्छा, धि छाङ्छा, छि छाङ्छा, हाङवाङ, टक्का, टूर, मन्जीछावा, खिम्बूले, नुमीहाङ, चोखाङ, तैवा, दिलुङ्छा  र चरेम्बेली / चरङ्गेली आदी जस्ता पाछाहरूका राइ जातिको बसोबास रहेको छ । यसै गरी मेवाहाङको ताम्कोक, साम्पाङ्को भालु , पाछाका राहहरू बसोबास गर्दछन् भने

अन्य थरिका राइहरूको पाछा खुल्न सकेको पाइँदैन । चाम्लिङ र थुलुङ थरीका राइहरू न्यून सङ्ख्यामा रहेका छन् । यहाँका राईहरू, मातृभाषा प्राय बोल्दैनन् । तर पितृकार्य गर्दा चाही नाकछोड वा माबी कुबिहरूले मातृभाषा नै प्रयोग गर्ने गर्दछन् । यहाँको राइहरूले बोल्ने मातृभाषा दुङमाली हो । यस वडामा चार पाँच जना नाक्छोङ र मुन्दुमी व्यक्ति रहेका छन् । प्रकृति पूजक, किरात धर्म मान्ने यहाँका राई समुदायबाट पाँच-छ घर राहहरू क्रिस्चियन धर्मलम्बी भएका छन् र माझी गाउँमा एउटा चर्च समेत रहेको छ । यसैगरी यो समुदायबाट १ घर परिवार ओमनन्द धर्ममा प्रवेश गरेका छन् ।

यो वडामा तीन वटा साकेवा / साकेला थानहरू रहेका छन् । यहाँ, उँभौलीमा मात्र विधिपूर्वक पूजा गर्ने प्रचलन रहेको छ । यी तिनवटै साकेवा / साकेला थानका पुजारी नाक्छोङरू १ टक्का २, नखुक ३, हाङवाङ, पाछाका रहेका छन् । यहाँका राईहरू परम्परागत विधिबाट आफ्नो कर्म विधि गर्दछन् । जन्म, मृत्यु, बिहे पास्नी आफ्नै संस्कारअनुसार गर्दछन । यहाका राईहरू उँधौली उँभौली, माघे सङक्रान्ति, साउने सङ्क्रान्ति जस्ता चाडको अलवा दशै तिहार पनि मान्ने गर्दछन । परम्परागत जातिय आफ्नो पोषाकहरू चाहि चाँड बिशेष अवसरहरूमा मात्र पहिरिने गरेका छन् भने परम्परागत खानपिनहरू यथारूपमा प्रयोग गर्दै आइरहेका छन् ।

अरुण गाउँपालिकाको यस वडामा राई जाति पछि क्षेत्री जातिको ठुलो सङ्ख्यामा बसोबास रहेको छ । पचास-पचपन्न घरधुरी बसोबास रहेको क्षेत्रीहरूमाः थापा, खड्का, दाहाल, खत्री, कटुवाल र बस्नेत थरीका क्षेत्रीहरू रहेका छन् । यहाँका क्षेत्रीहरू हिन्दु धर्मावलम्बी रहेका छन् । क्षेत्रीहरूको सम्पूर्ण संस्कार हिन्दु परम्पराअनुसार ब्राह्मणद्वारा गर्ने गराउने गर्दछन । यो वडामा क्षेत्रीहरूको देवली थान रहेको पाइँदैन तथापि घर-घरमा आ-आफ्नो कुल पूजा गर्ने प्रचलन रहेको छ ।

यस वडामा क्षेत्री पछि पच्चीस घर धुरी जति ब्राह्मणमा समुदायको बसोबास रहेको छ । दाहाल, भण्डारी, गौतम, नेपाल र आचार्य थरीका ब्राह्मणहरूको बसोबास रहेको छ । यी जाति वैदिक परम्पराअनुसार आफ्नो सांस्कृतिक कर्म विधि सम्पन्न गर्छन । हिन्दु धर्मालम्बी यो समुदायका भण्डारी आचार्य र गौतम थरीका ब्राह्मणहरूले पुरेत्याइँ गर्ने गर्दछन् । यसको अलवा जागीर र खेती किसानी पनि गर्ने गर्दछन ।

वडा न ६ मा बसोबास गर्ने अर्को जाति भनेको नेवार हुन् । लगभग तीस पैतिँस घर धुरी बसोबास रहेको यो जातिका नेवारहरूमा श्रेष्ठ र शाक्य थरिका रहेका छन् । यहाँ बस्ले

नेवार समुदायको मातृभाषा प्रायः लोप भइसकेको छ। यहाँका नेवार समुदायले आफ्नो कर्म विधि ब्राह्मण र गुभाजुबाट सम्पन्न गराउने गरेका छन्। हिन्दु धर्मालम्बी नेवार समुदायले आफ्नो परम्परागत वेशभूषा र खानपान प्रयोग गर्दैनन्। यद्यापि, क्वाँटी पूर्णिमामा क्वाँटी बनाउने र खाने प्रचलन भने जीवित रहेको छ।

यस वडामा बसोबास गर्ने अर्को जाति भुजेल हुन्। यहाँ तीस-पैतिस घर धुरी भुजेलहरूको बसोबास रहेको छ। उनीहरू पनि अन्य समुदायले जस्तै दशैं, तिहार, उँधौली उँभौली, जस्ता चाडपर्वहरू मनाउछन्। यहाँका भुजेलहरू आफ्नो परम्परागत संस्कार संस्कृतिप्रति पुनजागृत हुँदै गइरहेका छन। अरुण गाउँपालिकाको यो वडामा अर्को जाति तामाङहरूको बसोबास रहेको छ। पन्ध्र घरधुरी बसोबास रहेका तामाङहरूमा : मोक्तान, बमजन र लो थरीका तामाङ रहेका छन्। बुद्ध धर्मावलम्बी यो जातिको एक गुम्बा पनि यो वडामा रहेको छ। एक जना गुरु लामा समेत यही वडामा रहेकाले सम्पूर्ण कर्म विधि लामाहरूबाटै गर्ने गराउने गर्दछन्। अपुग आवश्यक लामाहरू भने अन्यत्रबाट ल्याउने गरिएको छ। यहा बसोबास गर्ने तामाङहरूको मृत्यु हुँदा जलाउने र गाडने दुवै खाले चलन रहिआएको छ। उनीहरूको समाधिस्थल एक्ले वर भन्ने स्थानमा रहेको छ।

वडा न ६ मा बसोबास गर्ने अर्को जाति हो; कामी। झन्डै चालिस घरधुरी रहेका यो समुदायमा; शङखर, तिरुवा, बराइली , रसाइली, ल्वागुन, र धमला थरिका रहेका छन्। हिन्दु धर्म परम्परागत आ-आफ्नो कर्मविधि गरे पनि आफ्नै जातिको पुरोहित (भान्जा) बाट कार्य सम्पादन गराउँछन्। दशैं, तिहार, जास्ता सबै चार्ड पर्व मनाउने यो जाति, गोठपूजा, देवाली पुजा र भण्डार कुलको पूजा समेत गर्दछन्। विशेषतः तिरुवा थरीले भण्डार कुलको पुजा गर्छन्। यो पुजा गर्दा भण्डार अर्थात् थानमा छोरीमानिसलाई पस्न निषेध हुने गर्दछ। यसैगरी यहाँका ससाइलीहरूले गोठको पूजा गर्दछन् भने ल्वागुनहरूले देवाली गर्ने गर्दछन्। खानी गाउँ र सुनार गाउँमा एक-एक गरी यो वडामा यी जातिका दुई थानी रहेको छ। बराइलीहरूले वैशाख पूर्णिमाका दिन थानीको पूजा गर्ने गर्दछन्। यो जातिको परम्परागत पेसा फलाम र सुनको काम अझै जीवित राखेका छन ।

यसैगरी यो वडामा तीन घर धुरी दमाई जातिको बसोबास रहेको छ। यीमध्ये दुई घर महतो र एक घर बर्देवा थरीको बसोबास छ। हिन्दु धर्मालम्बी यो जाति पनि कामीहरूले

जस्तै आफ्नो कर्मकाण्ड आफ्नै पुरोहित भान्जाबाट गर्दछन, गराउँछन् । यी जातिले पनि आफ्नो परम्परागत पेसा र सीप अपनाई रहेका छन् ।

यस वडा नं ६ मा बसोबास गर्ने अर्को जाति होः माझी । यहा, एघार,बाह्र घर धुरी यो जातिको बसोबास रहेको छ । आफूलाई प्रकृति पूजक ठान्ने यो

**अरुण गाउँ पालिका वडा न ७, सिक्रेटार**

अरुण गाउँपालिका वडा नं सातमा बसोबास गर्ने विभिन्न जात जातिमध्ये बहुल सङ्ख्यामा क्षेत्री जातिको बसोबास रहेको छ । सय घर धुरी हाराहारीमा यहाँ बसोबास गर्ने क्षेत्रीहरूमा खड्का (कालीकोट र कुँवर), कार्की , बस्नेत, थापा र कोइराला थरी रहेका छन् । यहाँका क्षेत्रीहरू हिन्दु धर्मालम्बी हुन् । क्षेत्रीहरूको सम्पूर्ण संस्कार वैदिक परम्पराअनुसार ब्राह्मणहरूद्वारा गर्ने - गराउने गर्दछन् । यहाँका क्षेत्रीहरूमा कालीकोटे खड्काहरूको एउटा देवली थान रहेको छ । कालिकोटे खड्काहरू यहाँ सामूहिक रूपमा देवली गर्ने गर्दछन् । अन्य थरीका क्षेत्रीहरूको देवानी थान छैन । यिनीहरूले आफनो कुलपूजा घर- घरमै गर्ने गर्दछन । यी जातिले दशैं, तिहार, जनै पूर्णिमा, तिजजस्ता चाड पर्वहरू मनाउने गर्दछन् ।

क्षेत्रीपछि यो वडामा राई जातिको मुख्य बसोबास रहेको छ । यहाँ बान्तावा थरीका सुच्चा, तुम्हा, तुङला, छाङछा पाछाका राईहरूको बसोबास रहेको छ । लगभग चौहत्तर घर धुरी रहेका यहाँका राइहरू दुङ्माली भाषी रहेका छन् । यद्यपि, मातृभाषा सामान्य रूपमा मात्र प्रचलनमा रहेको छ । यो वडामा खाल्ले  र डाँडाटोलमा गरी दुई साकेवा साकेला थानहरू छन । एउरा साकेला भवन समेत रहेको छ । यहा साकेला पुज्ने पुजाहारी माङपा-नाकछोङ नभएको हुँदा वडा नं ६ को पुजाहारी ल्याएर साकेला पुज्ने गरिएको छ । यहा नियमित रूपमा साकेला नाच हुने गरेको छैन । यहाँका राईहरूले परम्परागत खानपानहरू प्रयोग गरिरहेका छन् भने परम्परागत पोशाक विशेष अवसरमा मात्र पहिरिने गरेका छन् । यसैगरी वडा न ७ मा अठार घरधुरी जति नेवार जातिको बसोबास रहेको छ । श्रेष्ठ थरिको नेवारहरू मात्रै रहेको यहाका नेवारहरूले मातृभाषा बोल्दैनन् । हिन्दु परम्परागत विधिद्वारा आफ्नो जातीय संस्कार गर्ने गराउने गर्दछन । लाखे जात्रा जस्ता आफ्नो गौलिक चाडपर्व पनि मनाउने गरेको

पाइँदैन । परम्परागत खानपिन र पोशाक पनि प्रयोगमा रहेको छैन । जनै पुर्णिमाका समय क्वाँटी खाने प्रचलन चाही जिवित राखेका छन् ।

यस वडामा ब्राह्मण जातिको पनि बसोबास रहेको छ। बाह्र घरधुरी रहेको ब्राह्मणहरूमाः सुवेदी, अधिकारी, भण्डारी र बराल थरका ब्राह्मणहरू रहेका छन् । वैदिक परम्पराअनुसार आफ्नो संस्कार सम्पन्न गर्ने हिन्दु धर्मालम्बी यो जातिमा सुवेदी थरका ब्राह्मणले पुरेत्याइको काम गर्ने गरेका छन्। अधिकारी थरीका ब्राह्मणहरूको यहाँ एक देवाली थान रहेको छ। यसै गरी यो वडामा तीन घर तामाङ जातिको बसोबास रहेको छ । बौद्ध धर्मालम्बी यो जाती आफ्नै सस्कारअनुसार आफ्नो कर्म विधि गर्ने गराउने गर्दछन्। यहाँ दलित समुदायका सार्की जातिको पनि बसोबास रहेको छ । रम्तेल, बयलकोटि र धौलाकोटी थरीका छ घर धुरी सार्कीहरूको बसोबास रहेको छ । हिन्दु धर्मावलम्बी यो जाती स्वजातिय आफ्ना भान्जा-ज्वाइँहरूबाट कर्मकाण्ड गराउँदछन् । यी जातिले पुख्यौंली परम्परागत पेसा अपनाएका छैनन् ।

यो वडामा राधाकृष्ण मन्दिर र विन्ध्यावासिनी मन्दिर निर्माणाधिन अवस्थामा रहेका छन् भने गौरीशंकर थान, सिहदेवी, कालिकादेवी, पञ्चकन्या देवी, पखुवा देवी, शंखदेवी , आइतवारे, सिद्ध महादेव, झाक्री थान जस्ता देव देवीथानहरू रहेका छन्। हल्लेको कालिक देवी र शङ्खदेवी थानका पुजारी चाहिँ राई जातिका रहेका छन्। यस वडामा ६ वटा सामुदायिक वन, एउटा माध्यामिक विद्यालय र दुई वटा प्रावि स्कुलहरू रहेका छन्। पर्यटकीय स्थलहरूमा : मैदाने झरना, महादेव ओडार (गुफा), हल्ले गुफा, लोवरे डाँडा, गौरिशंकर आदि पर्यटकीय सम्भावनाका क्षेत्रहरू हुन्। यहा आप, कटहर, लिची. अम्बा आदि फलफूल उत्पादन हुने भए पनि सुर्ती र बदाम यहाँको मुख्य नगदे वाली हुन् ।

अध्याय छ

# अरुण गाउँपालिकाको समृद्धिको सम्भावना र सुझावहरू

अरुण गाउँपालिकामा उच्च पहाडी, मध्य पहाडी तथा बेंसी क्षेत्र पर्दछ । यहाँ अत्यन्तै उर्वर तथा बहुउपयोगी वन पैदावरयुक्त लेकाली फाँटहरू पाइन्छन् । चिसो मौसममा हुने चिरौतो, घिउकुमारी, मजिटो, पटपटे, ठुलो ओखती, बोझो, हडचुर, कुरिलो, तितेपाती, मजिटो, काउलो, पुदिना, च्याउ, गुर्जो, टिमुर पाखनवेद, गजुरगाना, घोडताप्रे, बेसार, लेमनग्रास ठोट्ने, अदुवा, सुनाखरी, वन लसुन, धुपी, सिस्नु आदि जडिबुटीहरू यस गाउँपालिकामा प्रशस्त मात्रामा पाइन्छ ।

यसै गरी यस गाउँपालिकामा उतिस, कटुस, चिलाउने, निगाले, रुदिलो, काफल, सिँगाने, धुपीसल्ला, गोब्रेसल्ला, चुथ्रो, असारे, पात्ले, गुँरास, सनपात, भलायो, मौवा, किम्बु, चिण्डे, झिगाने, मलेतो, अम्लिसो, आरु लाँकुरी, गोगने, घङ्गरू, कुट्मेरो, अङ्गेरी, बडहर, वर, पिपल, निभारो, ढाल्ने आदि बोटविरुवाहरू पाइन्छन् । यस गाउँपालिकामा प्रशस्त मात्रामा वनजङ्गल भएकोले यसगाउँपालिकामा बाघ, भालु, स्याल, काला, चितुवा, ब्वाँसो, चौँरी, खरायो, मृग, बाँदर, ढेडुँ, घोरल, वन बिरालो, दुम्सी, सालक, आदि जनावरहरू प्रशस्त पाइन्छ भने कालिज, ढुक्कुर, कोइली, लाटोकोसेरो, चिल, लाँचे, न्याउली, लामपुच्छ्रे, फिस्टा, भ्याकुर, कल्चौडा जुरेली, सुगा, कोकले, चिबे, चुइँयो, बेसारे, हुचिल, रानीचरा, कोटेरा, हलेसो, तामे ढुक्कुर, कुर्ले ढुक्कुर आदि पंक्षीहरू प्रशस्त मात्रामा पाइन्छ ।

यसका अतिरिक्त यस गाउँपालिकामा स-साना थुप्रै खोल्साखोल्सीहरू बग्ने गर्दछन् । गाउँपालिकाको चिसो मौसममा हुने पाहा, माछा, गङ्गटो प्रशस्त मात्रामा पाइन्छ । यसै गरी चिसो मौसममा हुने फलफूलहरू किबी, निभारो, कटुस, टिमुर, बडहर, स्याउ, घङ्गरु, आलु आदि फलफूल तथा गौं, जौं, वा, आलु, पिडालु, सखरखण्ड, स्कुस, मकै, फापर, सिमी आदि अन्न तथा गेडागुडीहरू पाइन्छन् ।

यस गाउँपालिकाको बेंसी क्षेत्रमा भने अमिलो जातका फलफूलहरू जस्तैः कागती, निवुवा, ज्यामिर, भोगटे, किम्बु, किबी, नास्पाती, आरु, आरुबखडा, आल्चा आदि फलफूलहरू पाइन्छन् भने जडिबुटीहरूमा हर्रो, बर्रो, अमला, बयर, बेल, टिम्बुर, तितेपाती असुरो, केसरी, तुलसी, पुदिना, बाबरी, लेमनग्रास, घिउकुमारी, हडुचुर, तेजपात, धतुरो, लज्जावती झार, टिम्मुर गाँजा असुरो आदि जडिबुटीहरू पाइन्छन् । रुखबिरुवाहरूमा सिमल, उतिस, कटुस,

चिलाउने, बयर, खयर, साल, सिसौ, लाम्पाते, अमला, भलायो, साज, चिउरी, काफल, बेत, गन्धे आदि रुखपात तथा वनस्पतिहरू पाइन्छन् ।

यस गाउँपालिकामा पाइने वन्यजन्तु तथा पशुपंक्षीहरूमा बाँदर, खरायो, जरायो, मृग, स्याल, दुम्सी, लोखर्के, न्याउरो, घोरल, वनबिरालो, सालक चमेरा, बाघ, चितुवा, निगाले, फयाउरो, भालु, काला आदि तथा पंक्षीहरूमा बाँज, बेसारे, लामपुच्छे, भँगेरा, बट्टाई, कालिज, लुइँचे, चाँचर, काफल्पाक्यो, कोइली, चिबे, कल्चुँडो, हुचिल, तामेढुक्कुर, हलेसी, कोटेरा रानीचरा आदि पाइन्छन् ।

अरुण गाउँपालिका मूलतः पहाडी तथा बेंसी भू-क्षेत्रमा पर्ने भएकोले सोही अनुसारको जडिबुटी, बोटबिरुवा, फलफूल, अन्नपात, पशुपंक्षी, वनजंगल पाइन्छन् । लेकाली फाँटहरू तथा विशाल जङ्गलहरू फैलिएको यस गाउँपालिकामा जडिबुटीहरूलाई व्यावसायिक खेती गरी ती महत्त्वपूर्ण जडिबुटीहरूलाई प्रशोधन गरेर स्वदेश तथा विदेशमा समेत विक्रीवितरण गर्न सके मनग्गे आम्दानी गर्न सकिन्छ । यहाँका, सिस्नु, लोक्ता आदिलाई पनि व्यावसायिक गरेर यसबाट धागो उत्पादन गरेर कपडा बनाई विभिन्न प्रकारको पहिरनको निर्माण गरी बजारीकरण गर्न सके यहाँका जनताको आर्थिक स्तर निकै माथि पुग्ने सम्भावना छ ।

यसै गरी यहाँका खोलमा पाइने असला माछा, पाहा आदिलाई पनि व्यावसायिक ढङ्गले उत्पादन गरेर बजारीकरण गर्न सके प्रशस्त आम्दानी गर्न सकिन्छ । यहाँको स्थानीय माछाको अतिरिक्त यस ठाउँमा सफा र चिसो पानी पाइने भएकोले - जापनिज ट्राउट माछापालान, पाहा खेती तथा कालिजलाई व्यवसायिक रूपमा पालेर बिक्री वितरण गर्न सकेपश्चात प्रशस्त मात्रामा आम्दानी गर्न सकिन्छ । यसरी हेर्दा के देखिन्छ भने यस गाउँपालिकामा व्यावसायिक रूपमा जडिबुटी खेती, फलफूल खेती पाहा खेती माछापालन, मौरीपालन चौरीपालन, कालिजपालन, भाङ्ग्रा उद्योग, जडिबुटी उद्योग, छुर्पी उद्योग, चिज उद्योग, घिउ उद्योग, सेरगेम उद्योग, चियाखेती, स्याउखेती आदिको सुरुवात गरी ती उत्पादित सामग्रीहरूलाई स्वेदश तथा विदेशमा समेत निर्यात गर्न सक्ने सम्भावना प्रशस्त मात्रमा देखिन्छ । अन्तमा के भन्न सकिन्छ भने यो गाउँपालिकामा प्राकृतिक मनोरम दृश्यहरू अवलोकन गर्न, प्राकृतिक छाँगाछहराहरू हेर्न तथा बनजंगल र पशु पंक्षीहरू हेर्न एउटा सामुदायिक होमस्टेको पनि आवश्यकता देखिन्छ ।

**यस अरुण गाउँपालिकाको समृद्धिका लागि देहायअनुसारका सुझाव प्रस्तुत गरिन्छ :**

- –प्रत्येक वडालाई सम्भाव्यताका आधारमा विशेष उत्पादन क्षेत्र घोषणा गरी एक वडा एक उत्पादनको लागि सोही अनुसारको योजना, बजेट र नीति लागु गर्ने ,
- –प्रत्येक वडामा माटो परीक्षण गरेर त्यसको नतिजा अनुसारको मल, बिउ, विजन तथा फसल लगाउने,
- – यस पालिकामा उत्पादन भएका सामग्रीलाई आवश्यकताअनुसार एक वडाको अर्को वडामा वा अर्को पालिकामा वा अर्को जिल्लामा वा प्रदेशमा बजारीकरण गर्ने,
- – प्रत्येक वडामा सम्भाव्यताको आधारमा कम्तिमा एक एक वटा घरेलु उद्योग स्थापना गर्ने,
- – प्रत्येक वडामा सम्भाव्यताका आधारमा पशुपालन, फलफूल, नगदे बाली, माछापालन, मौरी पालन, कुखरा पालन, कालिजपालन, पाहा खेती, रेशम खेती, चौरीपालन जस्ता व्यावसायिक खेती सञ्चालन गर्ने,
- – अरुण गाउँपालिकाको सदरमुकाम आसपास यस पालिकामा भ्रमण, अध्ययन अवलोकन आदि गर्न आउने स्वदेशी तथा विदेशी पाहुनाहरूका लागि एउटा सामुदायिक होमस्टे सञ्चालन गर्ने ।

## अध्याय सात

## परिशिष्ट १ :

### अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धि, सन् २००३

संयुक्त राष्ट्रसंघीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक संगठन यसपछि युनेस्को भनिएको, २९ सेप्टेम्वर देखि १७ अक्टोवर २००३ सम्म पेरिसमा सम्पन्न ३२ औं साधारणसभाले,

प्रचलित अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरू, खास गरी मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणा, १९४८, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को सन्दर्भमा, १९८९ को परम्परागत संस्कृति तथा लोकवार्ताहरूको संरक्षणसम्बन्धी युनेस्कोको सिफारिस २००१ को सांस्कृतिक विविधतासम्बन्धी युनेस्को विश्वव्यापी घोषणा र संस्कृति मन्त्रीहरूको तेस्रो गोलमेच बैठकद्वारा पारित २००२ को इस्तानबुल घोषणामा आत्मसात् भए अनुरूप सांस्कृतिक विविधताको मूल प्रवाह तथा दिगो विकासको सुनिश्चितताको रूपमा अमूर्त सांस्कृतिक सम्पदाको महत्वलाई विचार गर्दै,

भूमण्डलीकरण तथा सामाजिक रूपान्तरणका प्रक्रियाहरूका साथै यस समुदायहरूबीचमा संवादको नवीकरणका लागि सिर्जना गर्ने अवस्थाहरूले असहिष्णुताको प्रक्रियाले जस्तै, अमूर्त सांस्कृतिक सम्पदाको क्षयीकरण, लोप र विनासमा, खासगरी त्यस्ता सम्पदाको सुरक्षणको लागि आर्थिक स्रोतहरूको अभावलाई निम्त्याएर, गम्भिर आँच पुऱ्याउनमा प्रोत्साहन दिने कुरा स्वीकार गर्दै,

मानवताको अर्मूत सांस्कृतिक सम्पदाको संरक्षणमा विश्वव्यापी चासो तथा साझा सरोकारका बारेमा जागरुक रही,

अमूर्त सांस्कृतिक सम्पदाको उत्पन्न, सुरक्षा, जगेर्ना तथा पुनरुत्पादनमा त्यस्तो समुदायहरू, खासगरी आदिवासी समुदायहरू, समुहहरू एवम् केही प्रश्नहरूमा व्यक्तिहरूले महŒवपूर्ण भूमिका निर्वाह गर्दछन्, यसरी सांस्कृतिक विविधता एवम् मानव सिर्जनात्मकतालाई सम्वृद्ध गर्न सहयोग पुऱ्याइरहेका छन् भन्ने कुरालाई स्वीकार गर्दै, सांस्कृतिक सम्पदाको संरक्षणको निमित्त अनुकरणीय संयन्त्रहरू स्थापना युनेस्कोको

क्रियाकलापको दुरगामी प्रभाव, खासगरी १९७२ को विश्व सांस्कृतिक एवम् प्राकृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धिको स्मरण गर्दै,

यस अमूर्त सांस्कृतिक सम्पदाको संरक्षणको लागि अन्य कुनै बन्धनकारी बहुपक्षीय संयन्त्रहरू अस्तित्वमा नरहेको परिप्रेक्ष्यलाई स्मरण गर्दै,

सांस्कृतिक तथा प्राकृतिक सम्पदासँग सम्बन्धित विद्यमान अन्तर्राष्ट्रिय सम्झौताहरू, सिफारिसहरू तथा संकल्प प्रस्तावहरू सांस्कृतिक सम्पदासँग सम्बन्धित नया प्रावधानहरूद्वारा प्रभावकारी ढङ्गले समृद्ध एवम् पुरा गर्नुपर्ने आवश्यकतालाई महसुस गर्दै,

अर्मूत सांस्कृतिक सम्पदाको महŒव तथा यसको संरक्षणको, नया पुस्ताहरूका बीचमा, व्यापक जनचेतना स्थापित गर्नुपर्ने आवश्यकतालाई विचार गर्दै,

अन्तर्राष्ट्रिय समुदायले यस महासन्धिको पक्षराज्यहरूसँग मिलेर त्यस्ता सम्पदाको संरक्षण गर्न सहयोगात्मक र आपसी मद्दतको भावनाले योगदान पुऱ्याउनु पर्दछ भन्ने कुरालाई मनन गर्दै,

अर्मूत सांस्कृतिक सम्पदासँग सम्बन्धित युनेस्कोका कार्यक्रमहरू, खासगरी मावनताका मौखिक एवम् अमूर्त सम्पदाको उत्कृष्टम् रचनाहरूको घोषणालाई स्मरण गर्दै,

मानवहरूलाई नजिक ल्याउन र तिनीहरूबीच आदान-प्रदान एवम् समझदारी सुनिश्चित गर्नमा अमूर्त सांस्कृतिक सम्पदाको अमूल्य भूमिका एक कारक रहेको कुरालाई विचार गर्दै

अक्टुवर १७ तारेख २००३ मा यो महासन्धि अङ्गीकार गरिन्छ।

**एक सामान्य व्यवस्थाहरू**

**धारा १ : महासन्धिका उद्देश्यहरू**

यस महासन्धिका उद्देश्यहरू निम्न छन् :

(क) अर्मूत सांस्कृतिक सम्पदा संरक्षण गर्नु

(ख) सम्बद्ध समुदाय, समूह तथा व्यक्तिहरूको अमूर्त सांस्कृतिक सम्पदाप्रतिको सम्मान सुनिश्चित गर्नु

(ग) स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा अर्मूत सांस्कृतिक सम्पदाको महत्वको बारेमा जनचेना जगाउनु, तथा तिनका एक आपसमा कदरको सुनिश्चितता गर्नु

(घ) अन्तर्राष्ट्रिय सहयोग तथा सहायता उपलब्ध गराउनु।

**धारा २ : परिभाषाहरू**

यस महासन्धिको प्रयोजनका लागि,

१. “अमूर्त सांस्कृतिक सम्पदा” भन्नाले प्रचलनहरू, प्रतिनिधित्वहरू, अभिव्यक्तिहरू, ज्ञान, सीपहरू, साथसाथै साधनहरू, वस्तुहरू कला वस्तुहरू र त्यससँग जोडिएका सांस्कृतिक स्थलहरू, जसलाई ती समुदायहरू, समूहहरू तथा कतिपय अवस्थामा व्यक्तिहरू, समेतले सांस्कृतिक सम्पदाको अंगको रूपमा चिनारी गरिरहेका हुन्छन् तिनलाई बुझ्नु पर्दछ । यो अमूर्त सांस्कृतिक सम्पदा, एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरित हुँदै, समुदायहरू र समुहहरूद्वारा तिनीहरूको वातावरण, प्रकृति तथा तिनका इतिहाससँगको अन्तरक्रियाको प्रत्युत्तरमा निरन्तर रूपमा पुनरुत्पादन हुन्छ, तथा तिनीहरूलाई परिचय र निरन्तरताको एउटा अनुभूति प्रदान गर्दछ, यसरी सांस्कृतिक विविधता तथा मानव सिर्जनात्मकता प्रतिको सम्मानलाई प्रवर्द्धन गरिहेको हुन्छ । यस महासन्धिको प्रयोजनका लागि केवल त्यस्ता अमूर्त सांस्कृतिक सम्पदाहरूलाई मात्र ध्यान दिइनेछ, जो विद्यमान अन्तर्राष्ट्रिय मानवअधिकार संयन्त्रहरूसँग, साथसाथै समुदायहरू, समूहहरू तथा व्यक्तिहरूका बीचमा आपसी सम्मान तथा दिगो विकासका आवश्यकतासँग मेल खान्छन् ।

२. माथि परिच्छेद १ मा परिभाषित गरिएअनुसार, “अमूर्त सांस्कृतिक सम्पदा” लाई अरुमध्ये निम्न विधाहरूअन्तर्गत समेट्न सकिन्छ :

(क) अर्मूत सांस्कृतिक सम्पदाको संवाहकको रूपमा भाषा सहितका मौखिक परम्पराहरू तथा अभिव्यक्तिहरू,

(ख) अभिनय कलाहरू

(ग) सामाजिक व्यवहारहरू, अनुष्ठानहरू तथा चाडपर्वका उत्सवहरू

(घ) प्रकृति र ब्रह्माण्डसँग सम्बन्धित ज्ञान तथा व्यवहारहरू,

(ङ) परम्परागत कलाकौशलता ।

३. “संरक्षण” भन्नाले अमूर्त सांस्कृतिक सम्पदाको जीवनततालाई सुनिश्चित गर्न लक्षित उपायहरू, खास गरी ओपचारिक तथा औपचारिक शिक्षाको माध्यमद्वारा तिनको चिनारी, अभिलेखीकरण, अनुसन्धान, संरक्षण, सुरक्षा, प्रबर्द्धन, अभिवृद्धिकरण, हस्तान्तरणलगायत त्यस्तो सम्पदाको विविध पक्षहरूको पुनर्जीवनीकरणलाई समेत सम्झनु पर्दछ ।

४. “पक्ष राज्यहरू” भन्नाले यस महासन्धिद्वारा अनुबन्धित राज्यहरू तथा जहाँ यो महासन्धि धारा ३३ मा उल्लेख गरिएको त्यस्ता महासन्धिको पक्ष बन्न पुगको हुन्छ । त्यस

सीमासम्ममा “पक्ष राज्यहरू” भन्नाले अभिव्यक्तिले त्यस्ता भू-भागहरू समेतलाई जनाउनेछ ।

## परिशिष्ट २: संस्कृति नीति

# राष्ट्रिय संस्कृति नीति, २०६७

## १. पृष्ठभूमि

### १.१ संस्कृतिको अर्थ

विवेकशील मानव जातिले आफ्नो ज्ञान, सीप र क्षमताको उपयोग गरी निर्माण वा रचना गरेका यावत सिर्जना अनुरूपको जीवनशैली नै मानव-संस्कृति हो । मानवले निर्माण वा रचना गरेका सिर्जनाहरू भौतिक र अभौतिक गरी दुई किसिमका हुन्छन् । दुवै किसिमका सिर्जनाहरूलाई संस्कृतिका रूपमा सम्बोधन गर्ने गरिन्छ ।

कुनै दर्शन वा चिन्तनका अनुयायीहरूले सो दर्शन वा चिन्तन अनुरूप सिर्जना तथा अवलम्वन गरेका कुराहरूलाई तत्तत् दर्शन एवं चिन्तन नै संस्कृतिको रूपमा उल्लेख गर्ने प्रचलन छ । उदाहरणको रूपमा हिन्दू संस्कृति, बौद्ध संस्कृति, ईस्लाम संस्कृति आदि आदि ।

कुनै भौगोलिक क्षेत्रमा बसोबास गर्ने मानव समूदाय वा समूदायहरूले सिर्जना तथा अवलम्वन गरेका संस्कृतिलाई त्यसै क्षेत्रको नामबाट सम्बोधन गर्ने गरिएको पाइन्छ । उदाहरण स्वरूप पृथ्वीको पश्चिमी भागमा बसोबास गर्ने मानव समूदाय वा समूदायहरूको संस्कृतिलाई *पश्चिमा* वा *पाश्चात्य संस्कृति* भनिन्छ भने पृथ्वीको पूर्वी भू-भागमा बसोबास गर्ने मानव समूदाय वा समूदायहरूको संस्कृतिलाई *पूर्वीय संस्कृति* भन्ने प्रचलन छ । त्यसैगरी नेपालको कर्णाली प्रदेशमा बसोबास गर्ने मानव समूदायहरूको संस्कृतिलाई *कर्णाली संस्कृति,* डोटी प्रदेशका बासिन्दाको संस्कृतिलाई *डोटेली संस्कृति,* मिथिला क्षेत्रको संस्कृतिलाई *मिथिला संस्कृति,* भन्ने प्रचलन पनि रहिआएको छ । त्यसैगरी कुनै देश वा राज्यको राजनीतिक सीमानाभित्र बसोबास गर्ने मानव समूदाय वा समूदायहरूको संस्कृति वा संस्कृतिहरूलाई तत्तत् देशको नामबाट पनि सम्बोधन गर्ने गरिन्छ जस्तै नेपाली संस्कृति, भारतीय संस्कृति, चिनियाँ संस्कृति, फ्रान्सेली संस्कृति आदि ।

जाति वा समूदायविशेषका मानिसहरूको संस्कृतिलाई तत्तत् जाति वा समूदायको संस्कृतिको रूपमा चिनिन्छ । उदाहरणको रूपमा *नेवार संस्कृति, गुरूङ्ग संस्कृति, खस संस्कृति, चेपाङ्ग संस्कृति, थारू संस्कृति, धिमाल संस्कृति, राई संस्कृति, लिम्बू संस्कृति* आदि ।

मानव संस्कृतिको विकासक्रमको विभिन्न कालखण्डमा मानिसले सिर्जना र अवलम्वन गरेका संस्कृतिहरूलाई तत्तत् युग एवं कालखण्डका आधारमा सम्बोधन गर्ने प्रचलन पनि रहिआएको छ । पाषाण औजारहरू निर्माण र प्रयोग गर्ने गरेको युगको संस्कृतिलाई *पाषाणयुगीय संस्कृति* भनिन्छ । ऐतिहासिक युगको विभिन्न कालखण्डका आधारमा पनि सांस्कृतिक वर्गीकरण गर्ने प्रचलन छ । नेपालको सन्दर्भमा *किराँतकालीन संस्कृति, लिच्छविकालीन संस्कृति, मल्लकालीन संस्कृति, प्राचीन संस्कृति, मध्यकालीन*

*संस्कृति, अवार्चीन संस्कृति* भन्ने प्रचलनलाई उदाहरणका रूपमा लिन सकिन्छ ।

## १.२ नेपालमा मानव बसोबास र सांस्कृतिक विकासको इतिहास

आजभन्दा दुई अढाई लाख वर्ष अघिको प्रारम्भिक मानवसमूदायले नै नेपालमा सर्वप्रथम बसोबास गरेको थियो भन्ने कुरा दाङ्ग उपत्यकामा प्राप्त पूर्वपाषाण औजारहरूले प्रमाणित गरेका छन् । आधुनिक मानवसमूदायले पनि आजभन्दा ८/९ हजार वर्ष पहिले त्यसै क्षेत्रमा बसोबास गरेको कुरा दाङ्गदेउखुरी उपत्यकाबाट प्राप्त मध्यपाषाण औजारहरूले पुष्टि गरेका छन् ।

कपिलवस्तु क्षेत्रमा भएका पुरातात्विक उत्खनन्बाट प्राप्त विभिन्न सामग्रीहरू र कैलालीबाट प्राप्त तामाको मानवाकृतिबाट यस क्षेत्रमा ईशापूर्व प्रथम सहस्राब्दीको प्रारम्भिक चरणतिरै मानव बसोबासहरू रहेका थिए भन्ने पुष्टी हुन्छ। त्यसैगरी मुस्ताङ्गका कतिपय गुफाहरूमा ईशापूर्व आठौं शताब्दीतिरै मानवजातिले बसोबास गरेको पाइएको छ ।

ईशाको प्रारम्भिक शताब्दीतिर नेपाल उपत्यकामा किराँतहरू पछि लिच्छवीहरूले शासन आफ्नो हातमा लिए । लिच्छवीकालीन नेपाल पूर्वमा कोशी प्रदेश र पश्चिममा कर्णाली प्रश्रवणक्षेत्रसम्म फैलिएको थियो ।

ईशापूर्व दोश्रो सहस्राब्दीको मध्येतिर कपिलवस्तुमा शाक्यहरूको र सोही सहस्राब्दीको अन्त्यतिर जनकपुरमा विदेह जनकको तथा ईशापूर्व प्रथम सहस्राब्दीको प्रारम्भतिर काठमाडौं उपत्यकामा गोपाल, महिषपाल, किराँतहरूको राज्य विकास भईसकेको कुराहरूको उल्लेख पौराणिक साहित्यहरूमा पाइन्छ । ईशाको पहिलो शताब्दीको आसपासतिर झापा, मोरङ्ग र सुनसरीतिर पनि मानव बसोबास रहेका कुरा किचकवध, भेडियारीको उत्खनन् र बराहक्षेत्रका प्राचीन अवशेषहरूबाट ज्ञात हुन्छ ।

आठौं शताब्दीतिर तिब्वतका कतिपय मानिसहरू नेपालमा शरण लिन आईपुगे । उनीहरूमध्ये केही नेपालको मध्यपहाडी भू-भागमा आएर बसोबास गर्न थाले । ईशाको नवौं शताब्दीतिर पश्चिमको कर्णाली क्षेत्रमा शक्तिशाली खसराज्यको स्थापना भयो । एघारौं शताब्दीतिर सिमरौनगढमा कर्णाटकहरूको शक्तिशाली राज्य स्थापना भयो । बाह्रौं तेह्रौं शताब्दीतिर वर्तमान नेपालका धेरैजसो भू-भागमा मानव बसोबास भइसकेको देखिन्छ। यसै समयतिर भारतको नालन्दा, विक्रमशिला आदि विहारहरूमा भएको मुस्लिम आक्रमणका कारण ती ठाउँहरूबाट पनि थुप्रै मानिसहरू आफ्ना सांस्कृतिक सम्पदाहरू सहित नेपालमा शरण लिन आईपुगे । चौधौं शताब्दीतिर मुस्लिम आक्रमणका कारण सिमरौनगढका कर्णाटकवंशी राजपरिवार र उनका थुप्रै समर्थकहरू नेपाल उपत्यका र आसपास क्षेत्रमा प्रवेश गरे । यस प्रकार विभिन्न समयमा विभिन्न ठाउँका विभिन्न समूदायका मानिसहरू नेपालमा आई बसोबास गर्न थालेको देखिन्छ ।

पन्ध्रौं शताब्दीतिर जुम्लाको शक्तिशाली खस साम्राज्य विखण्डन भएर हिमालपारिको भू-भाग तिब्वतमा र महाकाली पारिका भू-भाग भारतको

कुमाउ गढवालमा गाभियो भने बाँकी भू-भागमा वाइसे राज्यहरूको उदय भयो। गण्डकी क्षेत्रमा पनि विभिन्न चौविसे राज्यहरूको उदय भयो भने चौविसे राज्यहरूमध्ये पाल्पाको सेन राज्य निकै ठूलो र शक्तिशाली थियो। यो पनि टुक्रिएर मकवानपुरमा अर्को सेन राज्य स्थापना भयो। काठमाडौं उपत्यका र त्यस उत्तरका केही भू-भाग बाहेक त्रिशूली पूर्वका सबै भू-भाग मकवानपुर अन्तर्गत कायम भए। सत्रौं शताब्दीतिर यो मकवानपुर राज्य चौदण्डी र विजयपुर राज्यहरूमा विभाजित भयो। नेपाल उपत्यका लगायत सबै बाईसे, चौविसे र सेन राज्यहरूलाई एकीकरण गरेर अठारौं शताब्दीमा आधुनिक नेपालको निर्माण भयो।

मानव आवादीको यो लामो सिलसिला पार गर्दै आजको विन्दूमा आईपुग्दा हामी १०३ भन्दा बढी विभिन्न जाति र ९२ भन्दा बढी भाषा-भाषीहरू नेपाली पहिचानमा बसोबास गरिरहेका छौं। हामी सबै जातजाति र समूदायहरूको आ-आफ्नै इतिहास र संस्कृति रहिआएको छ।

## १.३ नेपाली राष्ट्रिय संस्कृतिको परिभाषा

माथि मानवसंस्कृति र त्यसका विभिन्न नामाकरणहरू (१.१) का साथै नेपालमा मानव बसोबासको संक्षिप्त इतिहास (१.२) प्रस्तुत गरियो। जसका आधारमा नेपाली राष्ट्रिय संस्कृतिको परिभाषा निम्नानुसार गर्नु उपयुक्त हुने देखिन्छ।

**वर्तमान नेपालको सीमाभित्र इतिहासको विभिन्न कालखण्डमा बसोबास गरेका विभिन्न मानवसमूदाय वा मानवसमूदायहरूले सिर्जना गरेर छाडेका र हाल बसोबास गरिरहेका हाम्रा विभिन्न जाति एवं समूदायका पूर्खाहरूले सिर्जना र अवलम्वन गरी हामीलाई जिम्मा लाएर गएका भौतिक अभौतिक सम्पदाहरू र त्यस अनुरूपको जीवनशैलीको समष्टिगत रूप नै नेपालको राष्ट्रिय संस्कृति हो।**

## २. विगतका प्रयासहरू

प्राचीनकालदेखि परम्परागत प्रचलन र मान्यताहरूको आधारमा हुँदै आएको सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं व्यवस्थापन कार्यले प्राचीन स्मारक संरक्षण ऐन, २०१३ लागू भए पछि कानूनी आधार प्राप्त गरेको हो। तत्पश्चात् यस्ता सम्पदाहरूको संरक्षण र व्यवस्थापन कार्यमा संलग्न विभिन्न निकायहरूसँग सम्बन्धित ऐन, नियमहरू खासगरी स्थानीय प्रशासन ऐन, गुठी ऐन, प्रज्ञाप्रतिष्ठान ऐन, लुम्बिनी विकास कोष ऐन, पशुपति क्षेत्र विकास कोष ऐन लगायत विभिन्न कानून र निकायहरूको व्यवस्था भएपनि राष्ट्रभरिका सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापन कार्यलाई व्यापक दृष्टिकोणबाट समेटी एउटा राष्ट्रिय संस्कृति नीति बनाइ सन्तुलित एवं व्यवस्थितरूपमा अघि बढाउनु पर्ने आवश्यकता २०४० को दशकदेखि महसुस गरिदैं आएको देखिन्छ। २०४९ सालमा **संस्कृति नीतिको मस्यौदा** प्रस्तुत भएको थियो। त्यसैगरी २०६० सालमा अर्को मस्यौदा पनि तयार

वर्तमान शिक्षा प्रणालीले विद्यार्थीहरूमा आफ्नो संस्कृतिको महत्व बोध गराउने र त्यसप्रति आस्था एवं निष्ठा जगाउने पाठ्यसामग्रीहरूलाई यथेष्ठ मात्रामा समावेश गर्न सकेको छैन । जसले गर्दा नयाँ पुस्ता नेपाली सांस्कृतिक परम्परा प्रति उदासीन बन्दै गइरहेको स्थिति अर्को चुनौतिको रूपमा देखा परेको छ ।

यी र यस्ता अनेकौं चुनौतिहरूका बीचबाट उपयुक्त उपायहरू पहिचान गरी नेपाली संस्कृतिलाई संरक्षण, सम्वर्द्धन र व्यवस्थापन गर्नुपर्ने अवस्था विद्यमान रहिआएको छ ।

## ५. नयाँ नीतिको आवश्यकता

मानव आवादीको इतिहासको लामो श्रृङ्खलाको विभिन्न कालखण्डमा विभिन्न मानव समूदायले सिर्जनार प्रयोग गरी छाडेका सांस्कृतिक अवशेषहरू मात्र होइन आज देशका विभिन्न भू-भागमा बसोबास गर्ने हामी १०३ भन्दा बढी जातिहरू र ९२ भन्दा बढी भाषा-भाषीले आ-आफ्ना पूर्खाबाट विरासतमा पाई अवलम्वन गर्दै आएका नेपाली सांस्कृतिक सम्पदाहरू के कति र कुन अवस्थामा छन् भन्ने बारेमा विस्तृत र वैज्ञानिक अध्ययन भएको छैन । राष्ट्रिय संस्कृति नीतिको अभावमा सबै जाति र समूदायको इतिहास र संस्कृतिका बारेमा यथार्थ अध्ययन नगरी, अनुमानका भरमा संस्कृति सम्वन्धी राष्ट्रिय कार्यक्रमहरू बन्ने गरेका छन् । विभिन्न जाति र समूदायका संस्कृतिहरू बीच एक अर्कामा समन्वय र सहिष्णुताको वातावरण सिर्जना गर्न, नेपाली संस्कृतिमा बाह्य संस्कृतिको प्रभावलाई न्यूनिकरण गर्न, देशमा विद्यमान सांस्कृतिक सम्पदाको माध्यमबाट पर्यटन उद्योगलाई सहयोग पुऱ्याउन र समाजमा रोजगारीको अवसर वृद्धि गर्न, सबै जाति र समूदायका संस्कृतिलाई समान अवसर प्रदान गर्ने नीति अवलम्वन गर्नुपर्ने हुन आएको छ । साथै परिवर्तित सन्दर्भमा देखापरेका नयाँ सोच विचारहरू समेतलाई समेटेर प्रत्येक नागरिकमा लुकेर रहेको प्रतिभाले विकसित हुने अवसर र वातावरण सिर्जना गर्न सरकारी र अर्ध-सरकारी निकायहरू मात्र होइन गैर सरकारी संघ-संस्था तथा व्यक्तिहरूका तर्फबाट संचालित सांस्कृतिक संस्थाहरूलाई पनि समेट्ने गरी संस्कृति नीति बनाउनु पर्ने हुन आएको छ ।

## ६. लक्ष्य

नेपाली समाजमा विद्यमान विभिन्न  जाति र समूदायका परम्परागत भौतिक एवं अभौतिक सांस्कृतिक सम्पदाहरूको अध्ययन र संरक्षण गरी एक अर्कामा सम्मान, सद्भाव र सहष्णिुताको भावना जागृत गराइ सामाजिक मर्यादा अभिवृद्धि गर्दै देशलाई सांस्कृतिक एकताको सूत्रमा गाँस्नु राष्ट्रिय संस्कृति नीतिको लक्ष्य हुनेछ ।

## ७. उद्देश्यहरू

नेपालमा विद्यमान भौतिक र अभौतिक दुवै प्रकारका राष्ट्रिय सांस्कृतिक सम्पदाहरूको अध्ययन, अनुसन्धान गरी तिनीहरूको आधिकारिक पहिचान, उचित संरक्षण र व्यवस्थापन गरी राष्ट्रिय गौरवको जगेर्ना गर्दै समाजमा सद्भाव र सहिष्णुताको भावना जागृत गराइ एक अर्कामा सम्मान एवं सामाजिक मर्यादा अभिवृद्धि गरी देशलाई एकताको सूत्रमा गाँस्न अवलम्वन गरिने राष्ट्रिय संस्कृति नीतिका उद्देश्यहरू देहाय बमोजिम हुनेछन् :

७.१ देशका विभिन्न भागमा बसोबास गर्ने विभिन्न जाति र समुदायका बारेमा वैज्ञानिक अध्ययन र अनुसन्धान गरी उनीहरूको इतिहास र संस्कृति प्रकाशमा ल्याउने,

७.२ भौतिक एवं अभौतिक दुवै किसिमका नेपाली सांस्कृतिक सम्पदाहरूको सर्वेक्षण, अध्ययन एवं अनुसन्धान गरी तिनीहरूको वैज्ञानिक तथा प्रामाणिक सूची र विवरण प्रकाशमा ल्याउने,

७.३ भौतिक अभौतिक दुवै प्रकारका सांस्कृतिक सम्पदाहरूको स्वामित्वको पहिचान र अभिलेखीकरण गर्ने,

७.४ सांस्कृतिक सम्पदाहरूको महत्व र स्वामित्वका आधारमा तिनीहरूको संरक्षण र व्यवस्थापनको जिम्मेवारी निर्धारण गर्ने,

७.५ सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापनका लागि उपयुक्त उपाय र प्रविधिहरूको पहिचान गर्ने, श्रोत, साधन र जनसहभागिता जुटाउने र तिनीहरूको उचित संरक्षण गरी भावी पुस्तालाई हस्तान्तरण गर्ने,

७.६ राष्ट्रिय सांस्कृतिक सम्पदाहरूको उचित संरक्षण र व्यवस्थापन गरी राष्ट्रिय पहिचान र गौरव अभिवृद्धि गर्ने,

७.७ विभिन्न जाति र समूदायका सांस्कृतिक मान्यता र लोकपरम्परा प्रति एक अर्कामा सम्मान र सहिष्णुताको भावना जागृत गराइ समाजमा शान्ति, सद्भाव कायम गरेर राष्ट्रिय एकतालाई अक्षुण्ण राख्ने,

७.८ सांस्कृतिक सम्पदाहरूका माध्यमबाट देशको पर्यटन उद्योगमा टेवा पुऱ्याइ समाजमा रोजगारी र आयआर्जनका अवसरहरू वृद्धि गर्ने ।

७.९ विभिन्न जातिहरूको लोकजीवन बारे सर्वेक्षण र अध्ययन गरी सामूदायिक सांस्कृतिक केन्द्रका रूपमा जीवित लोक संग्रहालयहरू स्थापना गर्न प्रोत्साहित गर्ने ।

## ८. नीतिहरू

८.१ संस्कृति सम्बन्धी विद्यमान कानूनहरूमा समयानुकूल सुधारका साथै आवश्यकतानुसार नयाँ कानूनहरू निर्माण गरिनेछ ।

८.२ सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं व्यवस्थापन कार्यसँग सम्वन्धित निकायहरूको संरचनागत सुधारको साथै आवश्यकता अनुसार थप संरचनाहरूको व्यवस्था गरिनेछ ।

८.३ सांस्कृतिक क्षेत्रमा हुने लगानीलाई क्रमशः बृद्धि गर्दै लगिनेछ ।

८.४ कुनै व्यक्ति, जाति वा समूदायको धर्म, दर्शन, सोच विचार, मान्यता, आस्था र विश्वासलाई सम्मान र धार्मिक सहिष्णुताको वातावरण कायम गर्दै लगिनेछ ।

८.५ नेपाल गणतन्त्रात्मक धर्मनिरपेक्ष राज्यमा परिवर्तित भएको सन्दर्भ अनुरूप धार्मिक व्यवस्थापन सम्वन्धी प्रक्रिया र परम्परामा पनि समयानुकूल रूपान्तरण गर्दै लगिनेछ ।

८.६ देशभरिका तीर्थस्थलहरूको सर्वेक्षण, अध्ययन, संरक्षण र व्यवस्थापन कार्यलाई अघि बढाइनेछ ।

८.७ सबै जाति एवं समूदायहरूको बारेमा वैज्ञानिक अन्वेषण र अध्ययन गरी उनीहरूको इतिहास र लोकसंस्कृति प्रकाशमा ल्याइनेछ ।

८.८ सबै जाति र समूदायका रीतिरिवाज एवं चाडपर्वहरूको पहिचान र संरक्षणको व्यवस्था गरी विभिन्न जातिहरू बीचको आपसी सद्भाव र एकतालाई अक्षुम्ण राखी अनेकतामा एकताको प्रतीकको रूपमा रहेको नेपाली समाजको पहिचानलाई कायम राखिनेछ ।

८.९ देशमा प्रचलित विभिन्न भाषा-भाषीकाहरूको यथार्थ स्थिति पहिचान गरी तिनीहरूको संरक्षण एवं उत्थानका कार्यलाई अघि बढाइनेछ ।

८.१० विभिन्न जातिका लोकवार्ताका विभिन्न विधाहरूको सर्वेक्षण र अध्ययन गरी तिनीहरूको वर्गीकरण र संरक्षणका उपायहरू अवलम्वन गरिनेछ ।

८.११. परम्परागत भौतिक लोककला एवं शिल्पकला उत्पादन गर्ने मौलिक सीप र प्रविधिको संरक्षण र व्यवसायीकरण गरिनेछ ।

८.१२ परम्परागत लोक संगीत, नृत्य, नाट्य लगायतका प्रदर्शनकारी लोककलाहरूको अनुसन्धान र संरक्षणको उचित व्यवस्था मिलाइनेछ ।

८.१३ महत्वपूर्ण अभिलेख एवं हस्तलिखितग्रन्थहरूको संरक्षण र व्यवस्थापन कार्यलाई अघि बढाइनेछ ।

८.१४ पुरातात्त्विक महत्वका स्थल एवं भग्नावशेषहरूको पहिचान, उत्खनन्, परीक्षण र संरक्षण गर्ने कार्यहरू योजनाबद्ध ढंगबाट अघि बढाइनेछ ।

८.१५ पुरातात्त्विक महत्वका चलायमान सांस्कृतिक सम्पदाहरूको अध्ययन, संरक्षण र व्यवस्थापन कार्यलाई सरोकारवालाहरू समेतको सहभागितामा अघि बढाइनेछ ।

८.१६ प्राचीन स्मारक एवं स्मारकक्षेत्रहरूको वर्गीकरण गरी तिनीहरूको संरक्षण र व्यवस्थापन कार्यलाई निरन्तरता दिइनेछ ।

८.१७ सांस्कृतिक सम्पदा क्षेत्रको मौलिक एवं ऐतिहासिक वातावरणको पहिचान र संरक्षणमा जोड दिइनेछ ।

८.१८ नेपाली संस्कृतिका महत्वपूर्ण पक्षको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा व्यापक प्रचार प्रसार गरी विविधतापूर्ण राष्ट्रिय सांस्कृतिक पहिचानलाई प्रवाह गरिनेछ ।

८.१९ नेपाली संस्कृतिको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याउने स्वदेशी एवं विदेशी विद्वान, विशेषज्ञ एवं संस्कृतिकर्मीहरूलाई जीवित राष्ट्रिय

सम्पदाको रूपमा उचित सम्मान र पुरस्कृत गर्ने नीति अवलम्बन गरिनेछ ।

८.२० अभौतिक सांस्कृतिक सम्पदा एवं लोकवार्ता एकेडेमीको स्थापना गरिनेछ ।

## ९. रणनीति तथा कार्यनीतिहरू

### कानूनी व्यवस्था

९.१ सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अध्ययन, संरक्षण र व्यवस्थापन सम्बन्धी कार्यलाई वैज्ञानिक, सहभागितामूलक र प्रभावकारी तुल्याउन प्राचीन स्मारक संरक्षण ऐन, २०१३, अभिलेख संरक्षण ऐन २०४६ तथा गुठी ऐन २०३३, समेतमा आवश्यकतानुसार सुधार गरिनेछ ।

९.२ सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अध्ययन, परीक्षण, संरक्षण र व्यवस्थापन सम्बन्धी विद्यमान ऐन, नियम र निर्देशिकाहरूमा सुधारका साथै आवश्यकता अनुसार थप ऐन, नियम र निर्देशिकाहरू बनाइ लागू गरिनेछ ।

९.३ अभौतिक सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अध्ययन, संरक्षण र व्यवस्थापन कार्यलाई वैज्ञानिक ढंगले नियमन र संरक्षण गर्न आवश्यक ऐन, नियम, निर्देशिका र कार्यविधिहरूको व्यवस्था गरिनेछ ।

९.४ सरकारी वा संस्थागतरूपमा संचालित संग्रहालयहरूका अतिरिक्त निजी स्वामित्व अन्तर्गत संकलनमा रहेका सांस्कृतिक सम्पदाको प्रदर्शन गर्न संग्रहालय सम्बन्धी ऐन, नियम तथा निर्देशिकाको तर्जुमा गरी निजी संग्रहालय संचालन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

९.५ भौतिक तथा अभौतिक सांस्कृतिक सम्पदाहरूको अन्वेषण, अध्ययन, संरक्षण र व्यवस्थापन सम्बन्धी दायित्व वहन गर्ने विभिन्न प्रतिष्ठान, विकास कोष, विकास समिति एवं परिषद्सँग सम्बन्धित ऐन, नियममा परिवर्तित सन्दर्भ अनुरूप सुधार गरिनेछ ।

### संरचनागत सुधार

९.६ सांस्कृतिक सम्पदाको उचित संरक्षण एवं व्यवस्थापन गर्नको लागि स्वतन्त्र कार्यभार भएको संस्कृति मन्त्रालयको गठन गरिनेछ ।

९.७ संस्कृति सम्बन्धी परामर्श र सुझावका लागि संस्कृति मन्त्रीको अध्यक्षतामा सांस्कृतिक क्रियाकलापमा संलग्न विभिन्न निकायका प्रमुख र राष्ट्रिय संस्कृतिका विभिन्न विधामा ख्यातिप्राप्त वरिष्ठ विशेषज्ञहरूको सहभागिता हुने गरी एउटा स्वायत्त राष्ट्रिय संस्कृति परिषद् गठन गरिनेछ ।

९.८ अभौतिक सांस्कृतिक सम्पदाहरूको व्यवस्थापन एवं संरक्षणका लागि छुट्टै परिषद् वा विभाग, नेपाली लोकवार्ता तथा अभौतिक सांस्कृतिक प्रतिष्ठानहरूको स्थापना गर्ने प्रक्रिया अघि बढाइनेछ ।

९.९ संविधानसभाले संघीय संरचनाको निर्क्यौल गरे पश्चात स्थानीय सरकारमा सांस्कृतिक मामिला हेर्ने निकायहरूको व्यवस्था गर्न प्रोत्साहित गरिनेछ ।

९.१० राष्ट्रिय अभिलेखालय र राष्ट्रिय संग्रहालयको स्तर वृद्धि गर्ने प्रक्रिया अघि बढाइनेछ ।

९.११ सांस्कृतिक कृयाकलापसँग सम्बन्धित गुठी संस्थान, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जस्ता निकायहरूलाई र अन्य मन्त्रालयहरू अन्तर्गत संचालित धार्मिक एवं सांस्कृतिक कार्यक्रमहरूलाई संस्कृति मन्त्रालयको संरचना अन्तर्गत संचालनको व्यवस्था मिलाइनेछ ।

**लगानी वृद्धि**

९.१२ हाल राष्ट्रले संस्कृतिको क्षेत्रमा लगानी गर्दै आएको राष्ट्रिय बजेटको ०.४% रकमलाई क्रमशः वृद्धि गर्दै लगिनेछ ।

९.१३ संस्कृति संरक्षण एवं व्यवस्थापन सम्बन्धमा परम्परागत स्रोतको रूपमा रहेका गुठी जग्गाहरू र विभिन्न स्मारकहरूका आयश्रोत एवं अक्षय कोषहरूलाई व्यवस्थित र पारदर्शी तुल्याइ प्रभावकारी रूपमा सदुपयोग गरिनेछ ।

९.१४ गुठी सम्बन्धी सम्पूर्ण व्यवस्थालाई पुनरावलोकन गरी परिवर्तित सन्दर्भमा नयाँ ढंगले संचालनको व्यवस्था मिलाइनेछ ।

९.१५ राष्ट्रिय, अन्तर्राष्ट्रिय संघ-संस्था एवं दाताहरूलाई यस क्षेत्रमा सहकार्य र अनुदान लगानी गर्न प्रेरित गर्ने नीति अवलम्बन गरिनेछ ।

९.१६ संस्कृति मन्त्रालयले स्वीकृत गरेका सांस्कृतिक सम्पदाहरूको संरक्षण एवं व्यवस्थापन सम्बन्धी योजनामा आर्थिक सहयोग वा लगानी गर्ने व्यक्ति, फर्म वा व्यापारिक समूहलाई त्यसरी सहयोग गरेको रकममा कर छुट दिने व्यवस्था गरिनेछ ।

**धर्म दर्शन**

९.१७ कुनै पनि धार्मिक पीठका परम्परागत रीतिरिवाज र परम्परा संचालन गर्न सम्बन्धित समुदायका विशेषज्ञ एवं सरोकारवाला समेत रहने ट्रष्टको व्यवस्था गरी स्वतन्त्ररूपमा संचालन गर्न छुट्टै छाता कानूनको निर्माण गरिनेछ ।

९.१८ राष्ट्रिय एकताको भावना अभिवृद्धि गर्ने र एक अर्काको धर्म, दर्शन र मान्यताप्रति सम्मान र सहिष्णुताको साथै समन्वयको भावना जागृत गराउने विभिन्न कार्यक्रमहरू संचालन गर्न सरोकारवाला एवं आयोजकहरूलाई प्रोत्साहित गरिनेछ ।

**परिवर्तित सन्दर्भ र सुधार**

९.१९ परिवर्तित सन्दर्भलाई दृष्टिगत गरी धार्मिक समारोहहरूमा राज्यको सहभागिता एवं धार्मिक पीठहरूका पदाधिकारीको नियुक्ति सम्बन्धी परम्परालाई समयानुकूल मूल्याङ्कन गरी सरोकारवालाहरू समेतको सहमतिमा समयोचित सुधार गर्दै लगिनेछ ।

९.२० तीर्थस्थल तथा जात्रापर्वहरूको व्यवस्थापन गर्न सम्बन्धित समूदायका सरोकारवाला तथा विशेषज्ञ संलग्न गरी स्वायत्त निकायहरू गठन गर्ने व्यवस्थालाई अवलम्वन गर्दै लगिनेछ ।

९.२१ धार्मिक स्थलहरूका भेटी एवं दान दातव्यलाई पारदर्शी र संस्थागत तुल्याउने संरचनागत र कानूनी व्यवस्था गरिनेछ ।

**तीर्थस्थल व्यवस्थापन**

९.२२ देशका विभिन्न भागमा, खासगरी नदी किनारा, वेणी-त्रिवेणी, घाट, तालतलैया, जंगल, हिमाल, पहाडका टाकुरा, पहरा, कन्दरा र गुफामा रहेका तीर्थस्थलहरूको राष्ट्रव्यापी सर्वेक्षण गरी परिचयात्मक विवरण तयार गरिनेछ ।

९.२३ तीर्थस्थलहरू कतिपय जाति र समूदायका साझा आस्थाकेन्द्रका रूपमा समेत रहेकाले यिनलाई सामाजिक सहिष्णुता र सद्भाव अभिवृद्धि गर्ने माध्यमका रूपमा संरक्षण गरी उचित व्यवस्थापन गरिनेछ ।

९.२४ तीर्थस्थल र सांस्कृतिक महत्वका स्थलहरूको परिचयात्मक विवरणको प्रचार प्रसार र जनचेतना अभिवृद्धिका माध्यमद्वारा सांस्कृतिक पर्यटनको विकासमा टेवा पुऱ्याइनेछ ।

**जातिगत अध्ययन**

९.२५ देशव्यापी रूपमा सर्वेक्षण र अध्ययन गरी विभिन्न जातिहरूको इतिहास र लोकसंस्कृति सम्वन्धी आधिकारिक विवरण तयार गर्ने काम क्रमश: गरिनेछ ।

९.२६ तयारी विवरणहरूको प्रकाशन एवं प्रचार प्रसारको आवश्यक व्यवस्था मिलाइनेछ ।

**रीतिरिवाज र चाडपर्व**

९.२७ विभिन्न जाति र समूदायका लोक रीतिरिवाज र चाडपर्वहरूको विस्तृत अध्ययन गरी तिनीहरूको विवरण सहितको सूची तयार गरिनेछ ।

९.२८ विभिन्न रीतिरिवाज र चाडपर्वलाई राष्ट्रिय, स्थानीय, समूदायगत तथा जातिगतरूपमा वर्गीकरण गरी सो अनुरूप मान्यता र संरक्षण एवं व्यवस्थापनको जिम्मेवारी निर्धारण गरिनेछ ।

९.२९ विभिन्न जाति, समूदाय र संस्कृति बीचको सद्भाव र सहिष्णुतालाई व्यापक तुल्याउने विषयहरूलाई विभिन्न तहका शैक्षिक पाठ्यक्रममा समावेश गर्ने व्यवस्था मिलाइनेछ ।

**भाषा भाषिकाहरू**

९.३० राष्ट्रव्यापी सर्वेक्षण र अध्ययन गरी प्रचलित लोक भाषा र भाषिकाको अवस्था, इतिहास एवं लिपि र प्रयोगकर्ता जातिहरू र समूदायको विवरण सहितको सूची तयार गरिनेछ ।

९.३१ अध्ययन विवरणको आधारमा विभिन्न भाषाभाषीहरूको वर्तमान अवस्थाको वर्गीकरण गरिनेछ ।

९.३२ वर्गीकरणका आधारमा शिक्षा, आम सञ्चार एवं प्रशासनिक क्षेत्रमा मातृभाषाको प्रयोग विस्तार गरी भाषा र भाषिकाहरूको संरक्षण र उत्थान गरिनेछ ।

**साहित्य एवं लोक वार्ता**

९.३३ विभिन्न जाति तथा भाषाभाषिकाका लोकगीत, लोककथा, गाउँखानेकथा, उखानटुक्का, परम्परागत भजन लगायतका लोक साहित्यका विभिन्न विधाहरूको सर्वेक्षण, संकलन र अध्ययन गरिनेछ ।

९.३४ सर्वेक्षण र अध्ययनबाट प्राप्त विवरणहरूलाई प्रकाशन गरी विभिन्न माध्यमबाट प्रवाह गरिनेछ ।

९.३५ साहित्य एवं लोक वार्ताका विज्ञ र संवाहकहरूको पहिचान गरी सूचीकृत गरिनेछ ।

**परम्परागत लोककला**

९.३६ विभिन्न जाति र समूदायका परम्परागत भौतिक लोककला एवं शिल्पकलाको सर्वेक्षण र अध्ययन गरी त्यस्ता कलाहरू उत्पादन गर्ने परम्परागत सीप र प्रविधिहरूको अभिलेखीकरण गरिनेछ । साथै जातीय मौलिक ज्ञान प्रणालीको जातिगत स्वामित्वको पहिचान र संरक्षणको व्यवस्था मिलाइनेछ ।

९.३७ परम्परागत सीप एवं प्रविधिलाई आधुनिक प्रविधिबाट विस्थापित हुन नदिइ जगेर्ना गरिनेछ ।

९.३८ परम्परागत भौतिक लोककला एवं शिल्पकलाका विभिन्न वस्तुहरू उत्पादन गर्न आवश्यक कच्चापदार्थहरू सुलभ तरिकाले उपलब्ध गराउने र जीवित संग्रहालयको स्थापना र संचालनमा प्रोत्साहन गर्ने प्रयास गरिनेछ ।

९.३९ परम्परागत भौतिक लोककला र शिल्पकलाका उद्यमीहरूलाई वाणिज्य नीति, २०६५ को बुँदा नं. ८.१.४ अनुसारको सहुलियतका साथै अन्य सम्भव सहुलियतहरू उपलब्ध गराइ प्रोत्साहन गरिनेछ ।

९.४० परम्परागत भौतिक लोककलाहरूको माध्यमबाट आन्तरिक एवं वैदेशिक पर्यटकहरूलाई आकर्षित गरी पर्यटन व्यवसायमा टेवा पुर्‍याइनेछ ।

**प्रदर्शनकारी कला**

९.४१ प्रदर्शनकारी लोककलाहरू र त्यस्ता कला प्रदर्शन गर्ने परम्परागत ठाउँ (डबली, चोक आदि), बाद्यसामग्रीहरू, प्रदर्शनका समयमा प्रयोग गरिने वस्त्र-आभूषण समेतका बारेमा अध्ययन गरी तिनीहरूको विवरण तयार गरिनेछ ।

९.४२ प्रदर्शनकारी लोककलाहरू प्रस्तुत गर्ने परम्परागत सीप र साधन अर्को पुस्तामा हस्तान्तरण गर्ने परम्परा अक्षुण्ण राख्ने उपायहरू अवलम्वन गर्न र तत्सम्वन्धी सामाग्रीहरू प्रदर्शनका लागि संग्रहालय स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

९.४३ सम्बन्धित प्रतिष्ठानहरूले विभिन्न विधागत विशेषज्ञ एवं संवाहकहरू संलग्न सल्लाहकार समितिको सुझावमा नवप्रतिभालाई प्रोत्साहन गर्दै लोक प्रदर्शनकारी कला, संगीत, नाट्यकला लगायत लोक संस्कृतिका विभिन्न पक्षको अनुसन्धान, अध्ययन र संरक्षण सम्बन्धमा कार्यक्रमहरू संचालन गरिनेछ ।

९.४४ प्रदर्शनकारी लोककलाहरूको माध्यमबाट आन्तरिक एवं बाह्य पर्यटकलाई आकर्षण गरी पर्यटन व्यवसायमा टेवा पुऱ्याइनेछ ।

**अभिलेख संरक्षण**

९.४५ परराष्ट्र मन्त्रालय, गुठी संस्थान, मालपोत कार्यालय जस्ता विभिन्न निकायहरूका संग्रहमा रहेका ऐतिहासिक महत्वका कागजातहरू राष्ट्रिय अभिलेखालयमा एकीकृत गरी उचित संरक्षण र व्यवस्थापन गरिनेछ ।

९.४६ संवैधानिक अंगहरू लगायत विभिन्न सरकारी निकायहरूले सिर्जना गरेका र २५ वर्ष नाघेका राष्ट्रिय महत्वका कागजातहरूको आवश्यक संरक्षण गरी सुरक्षित राख्ने व्यवस्था मिलाइनेछ ।

९.४७ राष्ट्रिय अभिलेखालयमा संग्रहित विभिन्न अभिलेख, हस्तलिखितग्रन्थ एवं कागजातहरूको आधुनिक विधिहरूबाट संरक्षण गर्ने कामलाई अघि बढाइनेछ ।

**पुरातात्विक संरक्षण**

९.४८ पुरातात्त्विक सर्वेक्षण र अन्वेषणका कार्यक्रमहरू बनाइ योजनाबद्धरूपमा संचालन गरिनेछ ।

९.४९ पहिचान भएका पुरातात्त्विक स्थल एवं भग्नावशेषहरूको विवरण क्रमशः प्रकाशमा ल्याइनेछ ।

९.५० पुरातात्त्विक स्थल एवं भग्नावशेषहरूको उचित सुरक्षा र संरक्षणको व्यवस्था स्थानीय समूदायको सहभागिता समेत जुटाइ मिलाइनेछ ।

९.५१ पुरातात्त्विक स्थल एवं भग्नावशेषहरूमध्ये तिनीहरूको महत्त्व एवं सम्भावित उपलब्धीलाई दृष्टिगत गरी उत्खनन्का लागि प्राथमिकताक्रम निर्धारण गरिनेछ ।

९.५२ निर्धारित प्राथमिकताक्रम अनुरूपका पुरातात्त्विक स्थलहरूको विस्तृत पुरातात्त्विक उत्खनन् र अध्ययन गरी राष्ट्रिय इतिहासको निर्माणमा सघाईनेछ ।

९.५३ उत्खनन्बाट प्राप्त अचल सम्पदाहरूको उचित संरक्षण र व्यवस्थापन गरी दर्शकहरूलाई अवलोकनको अवसर उपलब्ध गराएर देशको पर्यटन व्यवसायलाई टेवा पुऱ्याइनेछ ।

**पुरातात्विक वस्तुहरूको संरक्षण**

९.५४ पुरातात्त्विक उत्खनन्का क्रममा प्राप्त भएका चलायमान सांस्कृतिक सामग्रीहरूको अध्ययन र प्रकाशन पछि उपयुक्त संग्रहालयहरूमा प्रदर्शन गर्ने वा सुरक्षित राख्ने व्यवस्था मिलाइनेछ ।

९.५५ अर्धसरकारी, गैरसरकारी संघ संस्था एवं व्यक्ति वा समूदायको संग्रहमा रहेका कानून बमोजिम पुरातात्त्विक वस्तुको परिभाषाभित्र पर्ने चलायमान सांस्कृतिक सम्पदाहरूको सूचीकरण गरिनेछ ।

९.५६ सूचीकृत चलायमान सम्पदाका स्वामित्ववाला वा धनी संघ, संस्था, व्यक्ति वा समूदायले निजी संग्रहालय खडा गरी प्रदर्शनी आयोजना गर्ने व्यवस्था समेत मिलाइनेछ ।

९.५७ अवैध रूपमा विदेश पुगेका चलायमान प्राचीन सांस्कृतिक सम्पदाहरूलाई स्वदेशमा फिर्ता ल्याउने प्रयास जारी राखिनेछ ।

**प्राचीन स्मारक संरक्षण**

९.५८ प्राचीन स्मारक एवं स्मारक क्षेत्रहरूको राष्ट्रव्यापी सर्वेक्षण र अध्ययन गरी तिनीहरूको वर्गीकरण गरिनेछ र यस्तो कामलाई समय समयमा अध्यावधिक गर्दै लगिनेछ ।

९.५९ प्राचीन स्मारक एवं स्मारकक्षेत्रहरूको स्वामित्व पहिचान गरिनेछ ।

९.६० स्वामित्व र वर्गीकृत श्रेणीका आधारमा संरक्षण र व्यवस्थापन कार्यका लागि जिम्मेवार निकाय, समूदाय वा व्यक्तिको पहिचान गरिनेछ ।

९.६१ प्राचीन स्मारक एवं स्मारकक्षेत्रको स्वामित्व ग्रहण गर्ने तथा संरक्षण र व्यवस्थापन सम्वन्धी जिम्मेवारी पाएका विभिन्न सरकारी, अर्धसरकारी, गैरसरकारी, संघसंस्था, समिति, परिषद् र विकास कोषले प्राचीन स्मारक संरक्षण ऐन बमोजिम काम गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

९.६२ प्राचीन स्मारक संरक्षण सम्बन्धी राष्ट्रिय, अन्तर्राष्ट्रिय मान्यता, सिद्धान्त लगायतका वैज्ञानिक पद्धति, प्रविधि र अभ्यासहरू समेतलाई दृष्टिगत गरी एउटा राष्ट्रिय निर्देशिका बनाइ सरोकारवाला सबैले अवलम्वन गर्नुपर्ने व्यवस्था मिलाइनेछ ।

९.६३ प्राचीन स्मारकहरूको संरक्षण र व्यवस्थापन कार्यमा सरोकारवाला जनसमूदायको भूमिका र सहभागिता बढाउने कार्य गरिनेछ ।

९.६४ प्राचीन स्मारकहरूको प्रयोगमा परिवर्तनहरू देखिन थालेका छन् । यसैले पुरातात्विक सिद्धान्त र अभ्यासहरूलाई समेत दृष्टिगत गरी यस सम्वन्धमा एउटा निर्देशिका बनाएर व्यवस्थापन गरिनेछ ।

९.६५ प्राचीन स्मारकहरूलाई सदुपयोग गर्ने, व्यवस्थित रूपमा दर्शकलाई अवलोकन गराउने जस्ता कामहरू गरी पर्यटन उद्योगलाई टेवा पुऱ्याइनेछ ।

९.६६ सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापन कार्यमा स्थानीय निकाय एवं समूदायलाई जिम्मेवार तुल्याउँदै लैजाने कार्य अवलम्वन गरिनेछ ।

९.६७ सांस्कृतिक सम्पदाहरूको संरक्षण र व्यवस्थापनमा सरकारी एवं निजी क्षेत्रको सहभागितामा कार्यक्रमहरू संचालन गर्ने प्रणाली अवलम्वन गरिनेछ ।

**ऐतिहासिक वातावरण संरक्षण**

९.६८ सांस्कृतिक सम्पदा तथा सम्पदास्थलहरूको संरक्षण एवं व्यवस्थापन कार्य गर्दा त्यस्ता सम्पदा वा सम्पदास्थलको ऐतिहासिक स्वरूप, मौसम, जीवजन्तु र वनस्पति आदि कुराहरू सहित मौलिक एवं ऐतिहासिक वातावरणको अध्ययन गराइनेछ ।

९.६९ स्मारक वा स्मारकक्षेत्रको संरक्षण योजनामा वातावरणीय संरक्षण सम्वन्धी पक्षलाई पनि समावेश गरिनेछ ।

**प्रचार-प्रसार**

९.७० राष्ट्रिय संस्कृतिका विभिन्न विधाका महत्वपूर्ण पक्षलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संचार माध्यमबाट प्रचार प्रसार गरिनेछ ।

९.७१ देशको विभिन्न भागमा रहेका राष्ट्रिय महत्वका सांस्कृतिक सम्पदाहरू बारे विभिन्न तहका शैक्षिक पाठ्यक्रमहरूमा समावेश गरी पठन-पाठनको व्यवस्था मिलाइनेछ ।

९.७२ विभिन्न जातिका सांस्कृतिक रीतिरिवाज र परम्परा झल्काउने कार्यक्रमहरू गर्ने, टेलिफिल्म, भिडियोहरू बनाउने, विद्यालय एवं समूदायहरूमा प्रदर्शन गर्ने कार्यक्रमहरू संचालन गरिने छन् ।

९.७३ विभिन्न मित्र राष्ट्रहरूसँग बेलाबेलामा सांस्कृतिक आदानप्रदान गरिनेछ ।

**पुरस्कार तथा सम्मान**

९.७४ राष्ट्रको इतिहास, पुरातत्त्व साहित्य र संस्कृतिका विविध विधामा अनुसन्धान, संरक्षण, व्यवस्थापन एवं सांस्कृतिक सहष्णुताको वातावरण अभिवृद्धि लगायत सिर्जनात्मक कार्यमा योगदान पुऱ्याउने संघ-संस्था एवं व्यक्तिहरूको पहिचान गरी उचित पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ ।

९.७५ साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ठ योगदान पुऱ्याउने प्रतिभाहरूलाई जीवित राष्ट्रिय सम्पदाका रूपमा सम्मान गर्ने, त्यस्ता राष्ट्रिय विभूतिहरूको नाममा स्मृति केन्द्र एवं शैक्षिक तथा सांस्कृतिक प्रतिष्ठानहरू संचालन गरी उनीहरूको योगदानलाई चीरस्थायी बनाउने कार्यलाई प्रोत्साहित गरिनेछ ।

९.७६ राष्ट्रको इतिहास र पुरातत्त्वको क्षेत्रमा उल्लेखनीय नयाँ उपलब्धी प्रकाशमा ल्याउने व्यक्तिलाई राष्ट्रिय पुरस्कार एवं सम्मानको व्यवस्था गरिनेछ ।

९.७७ राष्ट्रिय विभूतिहरूको नामबाट पुरस्कार प्रदान गर्ने र संस्थागत अभिवृद्धि सहयोग कार्यक्रम संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

**१०. संस्थागत संरचनाहरू**

प्रस्तुत नीतिको कार्यान्वयनका लागि आवश्यक पर्ने संस्थागत संरचनाहरू नीतिको बुँदा नं. ८.२ एवं रणनीति तथा कार्यनीतिको बुँदा नं.

९.६ देखि ९.११ सम्ममा उल्लेख गरिएका छन् । जस अनुसार निम्न संरचनाहरूको व्यवस्था एवं सुधार क्रमशः गर्दै जानुपर्ने छ :

(क) संस्कृति मन्त्रालय

(ख) राष्ट्रिय संस्कृति परिषद्

(ग) अभौतिक सांस्कृतिक सम्पदा विभाग

(घ) आवश्यकता अनुसार संग्रहालयहरू र प्रतिष्ठानहरू

(ङ) देशमा सङ्घीय संरचनाको निर्क्योल भएपछि सङ्घीय राज्यहरूमा आवश्यकता अनुसार सांस्कृतिक मामिला हेर्न निकायहरू

(च) राष्ट्रिय संग्रहालय र राष्ट्रिय अभिलेखालयको स्तरवृद्धि

(छ) सांस्कृतिक कृयाकलापसँग सम्बन्धित गुठी संस्थान, बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास व्यवस्थापन समिति, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान जस्ता निकायहरूको साथै अन्य मन्त्रालय अन्तर्गत संचालित धार्मिक एवं सांस्कृतिक कार्यहरूलाई संस्कृति मन्त्रालय अन्तर्गत ल्याउने ।

## ११. आर्थिक पक्ष

प्रस्तुत सांस्कृतिक नीति नयाँ भएपनि यसमा समावेश प्रायजसो कामकुराहरू परम्परादेखि हुँदै र गरिँदै आएका छन् । यसैले यो नीतिको कार्यान्वयनका लागि पनि अहिले उपलब्ध भइरहेको भन्दा छुट्टै आर्थिक श्रोत जुटाउनु पर्ने अवस्था छैन । केवल परम्परागत श्रोतहरूलाई समयानुकुल तुल्याउन तथा त्यस्ता श्रोतहरूलाई यो नीति कार्यान्वयनका लागि बढी लगानी गर्न आकर्षित तुल्याउने लक्ष्य यस नीतिले बुँदा नं. ९.१२ देखि ९.१६ सम्ममा लिएको छ । नयाँ श्रोत र खर्चको व्यवस्था नभएकाले परम्परारूपमा प्राप्त हुने आर्थिक श्रोतको खर्च प्रकृया, लेखापरिक्षण प्रणालीमा पनि कुनै नयाँ व्यवस्था गरिरहनु आवश्यक नभएको ।

## १२. कानुनी व्यवस्था

यो नीति कार्यान्वयनका क्रममा सांस्कृतिक सम्पदा व्यवस्थापन सम्बन्धी प्रचलनमा रहेका केही कानूनहरूमा सुधार गर्नु पर्ने र केही नयाँ कानूनहरू बनाउनु पर्ने अवस्था आउने छ । प्रस्तुत नीतिको महल ९ को बुँदा नं. ९.१ देखि ९.५ सम्ममा उल्लेख भए अनुसार निम्न अनुसार सुधार र नयाँ कानूनको व्यवस्था गर्नुपर्नेछ :

### १२.१ सुधार गर्नुपर्ने

- प्राचीन स्मारक संरक्षण ऐन (संशोधनसहित), २०१३ ।
- अभिलेख संरक्षण ऐन, २०४६ ।
- गुठी ऐन, २०३३ ।
- विभिन्न प्रतिष्ठान, कोष एवं समिति सम्वन्धी ऐनहरू ।

### १२.२ नयाँ बनाउनु पर्ने

- सरकारी र संस्थागत स्वामित्वमा संचालित एवं निजी स्वामित्वमा संचालन हुने संग्रहालय संचालन सम्बन्धी ऐन, नियम र निर्देशिकाहरू ।
- अभौतिक सांस्कृतिक सम्पदाहरूको व्यवस्थापन एवं संरक्षण सम्बन्धी ऐन, नियम र निर्देशिकाहरू ।
- विभिन्न सांस्कृतिक प्रतिष्ठान, परिषद्, समिति एवं विकास कोष स्थापना र संचालन सम्बन्धी कानूनहरू ।
- सबै धर्म सम्बन्धी सम्पदाहरूको संचालन र व्यवस्थापनमा पारदर्शीता गर्ने गराउने कार्यको लागि एउटा छाता कानून निर्माण गरिनेछ ।

## १३. अनुगमन र मूल्यांकन

यस नीतिको कार्यान्वयन पक्षको अनुगमन र उपलब्धीहरूको मूल्यांकन गर्ने काम विभिन्न चरणहरूमा विभिन्न तहबाट गरिनेछ । पहिलो चरणमा सम्वन्धित विभाग, संस्थान, प्रतिष्ठान, समिति, कोष लगायतका विधागत निकायहरूका प्रमुखहरूबाट आ-आफ्ना विषयसँग सम्बन्धित बुँदाहरूको कार्यान्वयन, अनुगमन र उपलब्धीहरूको आवधिकरूपमा मूल्यांकन गरी सोको प्रतिवेदन मन्त्रालयमा प्रस्तुत गर्नुपर्नेछ ।

दोश्रो चरणमा विधागत निकायहरूबाट कार्यान्वयन भएका र स्वयं मन्त्रालयले कार्यान्वयन गर्नुपर्ने बुँदाहरू समेतको कार्यान्वयन सम्बन्धी प्रगति र उपलब्धीहरूको अनुगमन र मूल्यांकन गरी समष्टीगतरूपमा समीक्षा गरेर वार्षिक प्रतिवेदन तयार गरी राष्ट्रिय संस्कृति परिषद्मा प्रस्तुत गरिनेछ ।

तेश्रो चरणमा राष्ट्रिय संस्कृति परिषद्ले वार्षिक रूपमा राष्ट्रिय संस्कृति नीतिको कार्यान्वयनमा भएको प्रगति, मूल्यांकन एवं उपलब्धीहरूको समष्टिगतरूपमा समीक्षा गर्नेछ । विस्तृत समीक्षा पछि परिषद्ले कार्यान्वयनमा देखापरेका समस्याहरू समाधान गर्ने उपायहरूको साथै प्रस्तुत नीतिमा कुनै संशोधन तथा थपघट गर्नुपर्ने भएमा त्यस्ता कुराहरूको पहिचान सहितका सुझावहरूको प्रतिवेदन परिषद्का अध्यक्ष समक्ष प्रस्तुत गर्नेछ ।

## १४. जोखिम

दुई अढाइलाख वर्ष पहिले देखिका साँस्कृतिक अवशेषहरू र १०३ भन्दा वढी जाति एवं ९२ भन्दा बढी भाषाभाषीहरूको साँस्कृतिक प्रचलनहरू सहितको विशाल साँस्कृतिक भण्डार नेपालमा विद्यमान छ । संस्कृति जस्तो संवेदनशील विषयको यति ठूलो भण्डारलाई सन्तुलित रूपमा व्यवस्थापन गर्ने काम चुनौतिपूर्ण हुनु स्वभाविकै हो । त्यसमा पनि देश राजनीतिक मात्र होइन सास्कृतिक दृष्टिवाट पनि संक्रमणकाल रहेको अवस्थामा यस्तो काम अझ जोखिम एवं चूनौतिपूर्ण हुनजान्छ । प्रस्तुत नीति कार्यान्वयनका क्रममा

आउन सक्ने केही जोखिम एवं चुनौतिहरू र तिनीहरूलाई संवोधन गर्ने उपायहरू निम्न अनुसार हुन सक्दछन् :-

| जोखिम/चुनौतिहरू | संवोधनका उपायहरू |
|---|---|
| १. **श्रोत र साधन जुटाउने काम**<br>देशको विशाल साँस्कृतिक संपदाको वैज्ञानिक अध्ययन, संरक्षण र व्यवस्थापन गर्न आवश्यक श्रोत र साधन जुटाउने काम ज्यादै चुनौतिपूर्ण हुने देखिन्छ । | यस क्षेत्रमा परम्परादेखि जुट्दै आएका स्वदेशी एवं विदेशी श्रोतलाई थप आकर्षित गरी लगानी वृद्धि गर्न प्रोत्साहित गरेर जोखिम कम गर्ने प्रयास गरिनेछ । |
| २. **आवश्यक कानूनहरूको कमी**<br>यो नीति लागू भएपछि थपिने कार्यवोझ र संरचनाहरूलाई व्यवस्थित गर्न आवश्यक कानूनहरूको कमी तथा अभाव देखापर्न सक्तछ । | आवश्यकता अनुसार विद्यमान कानूनहरूमा सुधार र नयाँ कानूनहरू वनाई आइपर्ने जोखिमलाई सामना गरिनेछ । |
| ३. **वाह्य संस्कृतिको प्रभाव नियन्त्रण**<br>प्रस्तुत नीतिको कार्यान्वयन गरी नेपाली साँस्कृतिक संपदाहरूको जगेर्ना एवं संरक्षण गर्ने क्रममा नेपाली संस्कृतिमाथि वाह्य संस्कृतिको प्रभावलाई नियन्त्रण गर्नु आधुनिक विद्युतीय संचार माध्यमका कारणले समेत गर्दा अर्को चूनौतिपूर्ण काम हुने देखिन्छ । | नेपाली संचार माध्यमलाई सशक्त तुल्याई गौरवमय राष्ट्रिय सस्कृतिको महत्ववारे व्यापक प्रचार प्रसार गरी नागरिलाई सचेत तुल्याएर त्यस्ता प्रभावलाई निस्तेज गरिनेछ । |
| ४. **सास्कृतिक परम्परा लोप हुनवाट जोगाउने काम**<br>सँस्कृति परिवर्तनशील विषय हो। कतिपय परम्परालाई परिवर्तन एवं सुधार गर्दा कुनै जाति वा समूदायको कुनै साँस्कृतिक परम्परा लोप हुन पुग्ने खतरा पनि आउन सक्तछ । | प्रस्तुत नीतिको कार्यान्वयन गर्दा राष्ट्रमा प्रचलित साँस्कृतिक परम्परालाई सकेसम्म जोगाउने र परिवर्तन वा सुधार गर्नु पर्ने भएमा त्यसको मौलिक रूप र महत्वलाई लोप हुन नदिने व्यवस्था मिलाई यस्ता जोखिमको सामना गरिने छ । |
| ५. **आफ्नो संस्कृति प्रतिको उदासिनता**<br>समाजमा नयाँ पुस्तालाई आफ्नो साँस्कृतिक परम्पराप्रति आस्था र गौरव गर्ने शिक्षाको अभाव छ । यसैले उनीहरू आफ्नो संस्कृतिप्रति उदासिन बन्दै गएका छन् । राष्ट्रिय संस्कृतिको संरक्षणमा यो अर्को गम्भीर जोखिम तथा चूनौतिको रूपमा देखा पर्नेछ । | नयाँ पुस्तालाई राष्ट्रिय साँस्कृतिक परम्पराको महत्व वोध गराएर त्यस प्रति आस्था र निष्ठा जगाउने खालका औपचारिक एवं अनौपचारिक शैक्षिक सामाग्रीहरूको व्यवस्था गरी उनीहरूमा रहेको उदासिनता हटाई यस समस्याको सामना गरिने छ । |

# परिशिष्ट ३: होमस्टे कार्यविधि

सुझाव संकलनको लागि
तयार प्रथम मस्यौदा

## होमस्टे (घरबास) संचालन कार्यविधि, २०७५

प्रदेश सरकार

**उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय**

प्रदेश नं. १, बिराटनगर

सुझाव पठाउने इमेल ठेगाना: moitfepradesh1@gmail.com वा brdhungana70@gmail.com

# घरबास (होमस्टे) संचालन कार्यविधि, २०७५

नेपालको होचो भू-भाग कचनकवल देखि महालङगुर हिमश्रृंखलाको सर्वोच्च शिखर सगरमाथा सम्म फैलिएको यो प्रदेश अनुपम प्राकृतिक सौन्दर्यता धार्मिक एवं साँस्कृतिक विविधता र ऐतिहासिक सम्पदाहरुले भरिपूर्ण छ । प्रदेशमा रहेका यी अनुपम एवं अद्धितीय प्राकृतिक तथा संस्कृतिक स्रोतहरु र ऐतिहासिक स्थलहरु पर्यटकीय धरोहरहरु हुन । यी सम्पदाहरुको संरक्षण, प्रर्वद्धन र विकासबाट मात्र आन्तरीक तथा वाह्य पर्यटन व्यवसाय फष्टाउन सक्छ । पर्यटन व्यवसायलाई दिगो र सेवामूलक बनाउन साथै उच्च प्रतिफल हासिल गर्न यसको विविधिकरण, प्रर्वद्धन र विकास गरी गुणस्तरीयतामा विशेष ध्यान दिनु पर्दछ । प्रदेशमा रहेका महत्वपूर्ण जैविक विविधता, स्वच्छ पर्यावरण र मनोरमणीय भू-दृष्यहरू, धार्मिस्थल, पुरातात्विक, ऐतिहासिक तथा साँस्कृतिक महत्वका क्षेत्र तथा ग्रामीण दुर्गम बस्तीहरुमा पर्यटन गतिविधिबाट लाभ लिन स्थानीय खानपान र आनन्ददायी बसोबासको प्रबन्ध हुनुपर्दछ । स्थानीय समुदायको अविश्मरणीय स्वागत सत्कार र पारिवारिक वातावरणमा रमाउने व्यवस्था हुन जरुरी छ । यसको लागि प्रदेश सरकारको नीति अनुरुप ग्रामीण क्षेत्रहरुमा होमस्टे संचालन र व्यवस्थापन गर्नुपर्ने देखिन्छ । होमस्टेको माध्यमबाट ग्रामीण समुदायमा स्वरोजगारका अवसर सृर्जना हुने, आयआर्जन वृद्धिमा सहयोग पुग्ने, ग्रामीण पर्यटन पूर्वाधारको विकास हुने, ग्रामीण पर्यटनमा महिला तथा सबै जातजाति र विपन्न समूहको समेत संलग्नता रहने देखिएको हुँदा ग्रामिण पर्यटनको विकास, प्रर्वद्धन, व्यवस्थापन र नियमन गर्न वाञ्छनीय भएकोले प्रदेश सरकारले होमस्टे संचालन कार्यविधि, २०७५ बनाई जारी गरेको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u>(१) यस कार्यविधिको नाम "होमस्टे संचालन कार्यविधि २०७५" रहेकोछ ।

(२) यो कार्यविधि प्रदेश नं. १ भर लागू हुनेछ ।

(३) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ ।

२. <u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्धेश्यले, आफ्नै घर वा समुदायमा निजी वा सामूहिक रुपमा संचालन गरिएको "घरबास" सेवा सम्झनु पर्छ ।

(ख) "सामुदायिक होमस्टे" भन्नाले ग्रामीण क्षेत्रमा कम्तीमा पाँच वटा अलग अलग स्वामित्व भएका घरधनीले सामूहिक रुपमा व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सम्झनु पर्छ ।

(ग) "निजी होमस्टे" भन्नाले ग्रामिण क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा संचालित होमस्टेलाई सम्झनु पर्छ।

(घ) "मन्त्रालय" भन्नाले प्रदेश नं. १ को उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(ङ) "कार्यालय" भन्नाले प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका पर्यटन हेर्ने कार्यालय सम्झनु पर्छ।

(च) "स्थानीय तह" भन्नाले होमस्टे संचालन हुने महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ ।

(छ) "होमस्टे व्यवस्थापन तथा संचालन समिति" भन्नाले दफा ९ बमोजिमको समिति सम्झनु पर्छ ।

(ज) "होमस्टे इकाई" भन्नाले होमस्टे संचालन गर्न गठित व्यवस्थापन समिति अन्तर्गत रहेका प्रत्येक घरलाई सम्झनु पर्छ ।

३. <u>उद्देश्यः</u> (१) होमस्टे संचालनका मुख्य उद्धेश्य देहाय बमोजिम हुनेछन्-

(क) ग्रामीण क्षेत्रमा पर्यटन प्रवर्धन गरी त्यसबाट प्राप्त प्रतिफल ग्रामीण समुदायसम्म पुर्याउने,

(ख) ग्रामिण क्षेत्रका जनतालाई पर्यटन व्यवसायमा सहभागी गराई जीवनस्तर सुधार गर्ने,

(ग) होमस्टेको माध्यमबाट ग्रामिण तथा स्थानीय स्तरमा स्वरोजगारको अवसर विकास गरी युवा पलायनलाई घटाउने,

(घ) ग्रामीण पर्यटनमा रमाउने पर्यटकलाई सहज बसोबासको व्यवस्थापन गरी गाउँका ऐतिहासिक, धार्मिक र रमणीय स्थानको बारेमा जानकारी दिने,

(ङ) पर्यटकलाई सुलभ, सरल र सहज वातावरणमा स्थानीय परिकार, रीतिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव प्रदान गर्ने ।

**४. होमस्टेको वर्गिकरणः** (१) अनुसूची-१ मा उल्लेखित मापदण्ड पूरा गरी अलग अलग स्वामित्व भएका कम्तीमा पाँच वटा घरधनीले सामूहिक व्यवस्थापन गरी संचालन गरेको होमस्टेलाई सामुदायिक होमस्टे र ग्रामिण क्षेत्रमा एकल रुपमा दर्ता गरी निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टे भनी वर्गीकरण गरिएको छ।

**५. होमस्टेका मुख्य पर्यटकीय क्रियाकलापः** (१) होमस्टेले पर्यटकलाई मनोरञ्जन दिनकालागि उनीहरुको चाहना अनुसार स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जंगल ट्रेक, इकोट्रेक, कृषि फार्म अवलोकन, अध्ययन तथा सिकाइ केन्द्र, संग्रहालय, दृश्यावलोकन आदि जस्ता कार्यक्रमको व्यवस्था गर्नुपर्नेछ ।

(२) उपदफा (१)मा लेखिएदेखि बाहेक होमस्टेले देहाय बमोजिमको कार्यक्रमको आयोजना गर्नुपर्नेछ।

(क) स्थानीय प्रचलन अनुसार फूलमालाका साथ पर्यटक स्वागतको व्यवस्था गर्ने,

(ख) पर्यटकहरुलाई सामुदायिक भवन वा खुला ठाउमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृतिक कार्यक्रमहरुको प्रस्तुती, मेला, जात्रा जस्ता गतिविधिहरु आयोजना गरी सहभागी गराउने,

(ग) सांस्कृतिक सम्पदा, संग्रहालय, घरेलु तथा हस्तकला सामाग्री उत्पादन केन्द्र, रमणीय क्षेत्रको दृश्यावलोकन, झरना, जंगल, वन्यजन्तु तथा चरा अवलोकन आदिको व्यवस्था गर्ने,

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधिमा सहभागी गराई पर्यटक तथा स्थानीय जनता बीच जीवनशैली, कला संस्कृति, भेषभूषा आदि विषयमा अवलोकन, अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) होमस्टेमा बस्ने पर्यटकहरुलाई गाउँघरमा उत्पादित स्थानीय तथा प्राङ्गारिक खाना खुवाई फरकपनको अनुभूति दिने,

(च) पर्यटकलाई होमस्टेमा रहँदा उत्कृष्ट आतिथ्यता सहित र पारिवारिक वातावरणमा बसिरहेको अनुभव दिलाउने,

(छ) स्थानीय उत्पादन र संस्कृति झल्कने मायाको चिनो र फूलमाला सहित पर्यटकलाई विदाई गर्ने,

(ज) पर्यटक होमस्टेबाट बिदाई भएपछि एकपटक उनीहरु गन्तव्यमा पुगे नपुगेको जानकारी लिने।

**६. दर्ताका लागि निवेदन दिनेः** (१) होमस्टे संचालन गर्न चाहने व्यक्ति वा समुदाय वा यस कार्यविधि स्वीकृत हुनुभन्दा अगाडी अन्य निकायमा दर्ता भई प्रदेशमा संचालन भएका होमस्टेहरुले देहाय बमोजिमका कागजात सहित अनुसूची- २ बमोजिमको ढाँचामा रु. १००।- को रसिद काटी आफ्नो स्थानीय तहमा निवेदन दिनुपर्नेछ,-

(क) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँच जना घरधनीले आ-आफ्नो घरमा सामूहिक रुपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिवद्धता र वडा कार्यालयको सिफारिस तथा निजी होमस्टेका लागि सम्वन्धित वडा कार्यालयको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पूर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरीनामा वा भाडामा लिएको भए सो को सम्झौताको प्रतिलिपी र शहरीक्षेत्र भित्र भएमा नक्सापासको प्रतिलिपी ।

(ग) होमस्टे संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी ।

(२) उपदफा (१) बमोजिमको निवेदन पश्चात सम्बन्धित स्थानीय तहको प्रमुखले तोकेको प्रतिनिधिको संयोजकत्वमा सम्बन्धित वडाको वडाध्यक्ष, स्थानीय तहका स्वास्थ्य, कृषि र वन वातावरण हेर्ने कर्मचारी समेतको पाँच सदस्यीय समितिले निरीक्षण गरी अनुसूची-१ बमोजिमको मापदण्ड पूरा भए नभएको बारे स्थानीय तहको कार्यालयमा पन्ध्र दिन भित्र प्रतिवेदन दिनुपर्नेछ । आवश्यकतानुसार समितिले विज्ञहरुको पनि सहयोग लिन सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट तोकिएको मापदण्ड पूरा भएको प्रतिवेदन प्राप्त भएमा सम्बन्धित स्थानीयतहको कार्यालयले सात दिनभित्र निजी होमस्टेको हकमा दुई हजार र सामुदायिक होमस्टेको हकमा पांचहजार रुपैयाँ शुल्क लिई दर्ता गर्नुपर्नेछ र अनुसूची - ३ बमोजिमको ढाँचामा होमस्टे संचालन प्रमाणपत्र दिनुपर्नेछ । सोको जानकारी पन्ध्र दिन भित्र प्रदेश मन्त्रालय मातहतको कार्यालयमा पठाउनुपर्नेछ ।

(४) मापदण्ड पूरा नगरेकाको हकमा आवश्यक सुधार गर्न बढीमा २ महिनाको समय दिनुपर्नेछ र पुनः स्थलगत निरीक्षण गरि उपदफा ३ बमोजिम दर्ता प्रमाणपत्र दिनुपर्नेछ ।

(५) उपदफा (३) बमोजिम होमस्टे दर्ता गर्दा र दफा १३ को उपदफा (१) होमस्टे नविकरण गर्दा लाग्ने शुल्क सम्वन्धित स्थानीय तहको बाँडफाँट हुने राजस्व खातामा राखुपर्ने छ । यसरी प्राप्त भएको राजश्वको ४० प्रतिशत रकम सम्वन्धित स्थानीय तहले प्रदेश संचित कोषमा जम्मा गर्नुपर्नेछ ।

७. **होमस्टे दर्ताका लागि न्यूनतम मापदण्डहरुः** (१) होमस्टे दर्ताका लागि देहाय बमोजिमका न्यूनतम मापदण्ड तोकिएको छ ।

(क) पाहुनाहरुको लागि हरेक घरमा कम्तीमा एक कोठा र दुई ओछ्यान (वेड) भएको हुनुपर्ने र एक घरमा बढीमा ४ कोठा र ८ वेड मात्र राख्न पाईने,

(ख) शौचालय र स्नानगृहको अनिवार्य व्यवस्था भएको हुनुपर्ने,

(ग) घरायशी र वातावरणीय सरसफाईको राम्रो व्यवस्था हुनु पर्नेछ साथै फोहरमैला व्यवस्थापनका लागि कुहिने तथा नकुहिने फोहरको छुट्टाछुट्टै बिसर्जन गर्ने व्यवस्था भएको हुनुपर्नेछ,

(घ) सेवा, सुविधा र गुणस्तरका आधारमा खानपानका वस्तुहरु र आवासको आधारमा औचित्यपूर्ण मूल्य सहितको मूल्यसूची (मेनु) को व्यवस्था भएको हुनुपर्ने,

(ङ) संचारका न्यूनतम सुविधाहरु जस्तैः टेलिफोन वा ईन्टरनेटको व्यवस्था भएको हुनुपर्ने ।

**८. होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरुः** (१) होमस्टेले दर्ता पश्चात पुरा गर्नुपर्ने अन्य मापदण्डहरु देहाय बमोजिम हुनेछन्, -

(क) नजिकको सुरक्षा निकायसँग समन्वय गरी पर्यटक सुरक्षाको व्यवस्था मिलाउनु पर्ने,

(ख) पर्यटकको स्वास्थ्य स्थितिको पूर्व जानकारी लिई सोही बमोजिमको खानपानको व्यवस्था गर्नु पर्ने,

(ग) सामुदायिक होमस्टेको लागि कम्तिमा एक सामुदायिक भवन वा हलको व्यवस्था हुनुपर्ने,

(घ) हरेक वर्ष लेखा परीक्षण गराउने र पर्यटकको तथ्याङ्क व्यवस्थित गरी राख्नुपर्ने,

(ङ) प्रत्येक वर्ष पौष मसान्तसम्म आन्तरिक राजश्व विभाग अन्तर्गतका कार्यालयबाट कर चुक्ता गर्नुपर्ने,

(च) **हाल संचालित संघीय सरकारका विभिन्न निकायमा दर्ता भएका होमस्टेहरु समेत यो कार्यविधि पहिलो पटक लागू भएको ६० दिन भित्र** कर चुक्ता र अन्य आवश्यक विवरण सहित स्थानीय तहमा दर्ता गर्नुपर्ने,

(च) होमस्टेमा आउने पर्यटकलाई सम्भव भएसम्म प्राकृतिक चिकित्साका गतिविधिहरु संचालन गरी बसाईका दिन लम्ब्याउन पहल गर्नुपर्ने।

**९. होमस्टे व्यवस्थापन तथा संचालन समितिः** (१) सामुदायिक होमस्टे सञ्चालन गर्नका लागि संचालकहरुले साधारण सभा वा भेला गरी देहाय बमोजिमको होमस्टे व्यवस्थापन तथा सञ्चालन समिति गठन गर्नुपर्नेछ,–

(क) समुदायका सदस्यहरुबाट एक जना – अध्यक्ष

(ख) समुदायका सदस्यहरुबाट एक जना – उपाध्यक्ष

(ग) समुदायका सदस्यहरुबाट एक जना – कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरुबाट महिला सदस्य – सदस्य

(ङ) समुदायका सदस्यहरुबाट एक जना सदस्य – सदस्य-सचिव

(२) होमस्टेमा सहभागी हुने घर संख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होमस्टे व्यवस्थापन तथा संचालन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ, -

(क) पर्यटकीय क्रियाकलापहरु र पर्यटक र संचालकहरुले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।

(ख) आगन्तुक/पाहुनाको स्वागत तथा आवासको व्यवस्था मिलाउने,

(ग) पाहुनाको दर्ता तथा रेकर्डको व्यवस्था गर्ने,

(घ) आय व्ययको श्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टे र ग्रामीण क्षेत्रको सरसफाई तथा अन्य व्यवस्थापन पक्षको नियमित अनुगमन गर्ने,

(च) स्थानीय पर्यटन प्याकेजहरुको निर्माण र प्रचार प्रसार गर्ने,

(छ) स्थानीय प्रविधी, ज्ञान शीप, वातावरण, परम्परा, शैली, भेषभूषा, कला तथा संस्कृतिको संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरुको प्रदर्शन/व्यवस्थापन गर्ने,

(झ) पाहुनाको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाको व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होमस्टे जाने पथचिन्ह (साइनेज) तथा लोकेसन म्याप तयार गरी आवस्यक स्थानमा राख्ने,

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सेवा, सुविधाको गुणस्तरका आधारमा मेनु/मुल्य निर्धारणमा एकरुपता कायम गर्ने,

(ठ) प्रत्येक आर्थिक बर्ष समाप्त भएको पैंतीस दिन भित्र पाहुना संख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन स्थानीय तहको कार्यालय र प्रदेश मन्त्रालय मातहतको सम्बन्धित निकायमा पठाउनु पर्ने,

(ड) स्थानीय तहको होमस्टे समन्वय समिति र प्रदेशमा रहेको पर्यटन मन्त्रालयसंग नियमित सम्पर्क र सञ्चारगर्ने,

(ढ) अनुसूची -४ बमोजिमको सूचना पाहुनाले देख्ने स्थानमा राख्ने।

(ण) होमस्टे विकास, प्रवर्धन तथा व्यवस्थापनका लागि अध्ययन, अवलोकन भ्रमण जस्ता कार्य गर्ने,

(त) होमस्टेको विकास, प्रवर्धन तथा व्यवस्थापनका लागि आवश्यक अन्य कार्यहरु गर्ने।

१०.**स्थानीय तह होमस्टे समन्वय समितिः** (१) स्थानीय तहले होमस्टेको माध्यमबाट पर्यटन विकास, प्रवर्धन र समन्वय गर्नका लागि एक होमस्टे समन्वय समितिको गठन गर्न सक्नेछ ।

(२) स्थानीय तहका प्रमुख/अध्यक्ष वा निजले तोकेको प्रतिनीधिको संयोजकत्वमा सामुदायिक र निजी होमस्टेका प्रतिनीधि, निजी पर्यटन व्यवसायी र आवश्यक विषयगत शाखाका कर्मचारीहरु प्रतिनिधि रहने गरी ५ देखि ११ जनासम्मको स्थानीय तह होमस्टे समन्वय समिति गठन गर्नसकिनेछ ।

(३) स्थानीय तह होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ,

(क) आफ्नो स्थानीय तहमा भएका होमस्टे व्यवस्थापन समितिहरु वीच समन्वय र सहजिकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धि सम्बन्धी कार्यगर्ने,

(ग) आकस्मिक स्वास्थ्य सम्बन्धी सहयोग र समन्वय गर्ने,

(घ) सम्भाव्य पर्यटकीय सम्पदाहरुको विवरण तयार गर्ने,

(ङ) पर्यटकको संचार तथा सुरक्षामा कहीं कतै समस्या देखिएमा सहयोग गर्ने,

(च) आफ्नो स्थानीय तहमा पर्यटन सूचना केन्द्रको स्थापना गर्ने र रेकर्डलाई व्यवस्थित गर्ने,

(छ) होमस्टे सञ्चालनमा स्थानीय कृषि उत्पादन तथा प्रांगारिक कृषि उपज प्रवर्धन गर्ने ।

**११. पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्बन्धी योजनामा सहयोग सम्बन्धी व्यवस्थाः** (१) होमस्टेमा पर्यटन पूर्वाधार विकास तथा संरक्षण सम्वन्धी योजनामा प्रदेश सरकारले आर्थिक तथा प्राविधिक सहयोग गर्न सक्नेछ ।

(२) होमस्टेको विकास, संरक्षण र प्रर्वद्धनको लागि मन्त्रालयले आवश्यक कार्यक्रम र लगानीका क्षेत्र सहित बजेट व्यवस्थापन गर्नसक्नेछ।त्यस्तो कार्यक्रम कार्यान्वियन गर्न संरक्षित क्षेत्र भित्र संघीय सरकार मातहतका कार्यालय वा निकाय मार्फत संघीय सरकारको सम्वन्धित मन्त्रालयबाट सहमती लिई र प्रदेश सरकार मातहतका निकायहरु रहेको क्षेत्रहरुमा सोही निकायहरु मार्फत कार्यक्रम संचालन गर्न मन्त्रालयले अख्तियारी दिनसक्नेछ । संघीय वा प्रदेश सरकारका कार्यालय तथा निकायहरु नरहेको स्थानमा कार्यान्वयन हुने होमस्टे तथा अन्य पर्यटन क्षेत्रका कार्यक्रमहरुको कार्यान्वियन प्रदेश सरकारले व्यवस्था गरे बमोजिम हुनेछ।

१२. **अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्थाः** (१) मन्त्रालय वा स्थानीय तह वा संरक्षित कार्यालय वा तोकिएको निकायले आवश्यकता अनुसार समय समयमा होमस्टे व्यवस्थापन तथा संचालन समितिका कार्यहरु तथा प्रत्येक होमस्टे इकाईको अनुगमन तथा निरीक्षण गर्नुपर्नेछ।

(२) मन्त्रालय वा स्थानीय तह वा संरक्षित कार्यालय वा तोकिएको निकायबाट हुने अनुगमन तथा निरीक्षणका क्रममा तोकिएको मापदण्ड पूरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पूरा गर्न लगाउनु पर्नेछ ।

(३ ) उपदफा (१) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई अनुगमन गर्ने टोलीको सिफारिसमा मन्त्रालय वा तोकिएको निकायले निलम्वन वा खारेज गर्न सक्नेछ ।

(४) स्विकृत कार्यक्रम तथा बजेट अनुसारको कामको कार्यान्वयनको क्रममा र कार्य सम्पन्न भएपछि मन्त्रालय वा मातहतका निकायबाट अनुगमन तथा निरीक्षणको काम हुनेछ ।

(५) कुनै होमस्टे संचालकले मापदण्ड पालना नगरेको वा सो सम्बन्धी गुनासो आएमा मन्त्रालयबाट कुनै पनि समयमा निरीक्षण गरी आवस्यक निर्देशन गर्न सक्नेछ । सो निर्देशनको पालना गर्नु होमस्टे संचालकको कर्तव्य हुनेछ ।

१३. **नवीकरणः** (१) सामुदायिक तथा निजी होमस्टेले देहाय बमोजिमको कागजात संलग्न गरी हरेक तीन वर्षमा होमस्टे नवीकरणको लागि स्थानीय तहको कार्यालयमा स्थानीय तहले तोके बमोजिमको नगदी रसिद काटी निवदेन दिनुपर्नेछ ।

(क) नवीकरण अवधिसम्मको लेखा परीक्षण प्रतिवेदन र होमस्टेले पर्यटकलाई प्रदान गरेको सेवाको विवरण पेश गर्नुपर्नेछ।

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालक समितिको प्रगति प्रतिवेदन (पर्यटन पूर्वाधार विकास कार्यक्रम संचालन गरेको भए सो को समेत प्रगति विवरण) पेश भएको हुनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम नवीकरणको लागि निवेदन पर्न आएमा स्थानीय तहको कार्यालयले होमस्टेको निरीक्षण गरी मापदण्ड पूरा भएकाको हकमा होमस्टेको नविकरण गर्नेछ र पूरा नभएका होमस्टेको नविकरण हुनेछैन ।

(३) यो कार्यविधि लागू हुनु भन्दा अगाडी दर्ता भएका होमस्टेहरुले चालु आ.व.मा संघीय सरकार मातहतको निकायमा दर्ता नवीकरण गराई सकेको भए नवीकरण गराएको प्रमाण सहित स्थानीय तहको कार्यालयमा निवेदन पेश गरेमा सो नवीकरणलाई मान्यता दिईनेछ । तर आउने आ.ब.मा होमस्टेको नवीकरण अनिवार्यरुपमा स्थानीय तहको कार्यालयमा गराउनु पर्नेछ।

१४. **प्रचार प्रसार तथा बजारीकरणः** (१) होमस्टेको होर्डिङ्ग बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरुको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरुलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको

निर्माण तथा बिक्री जस्ता काम कार्वाही र क्रियाकलापहरु पर्यटन सम्बन्धी स्थानीय कार्यालय तथा संस्था र स्थानीय तहले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ्ग एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्न सक्नेछ ।

१५. **विविधः** (१) प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनको लागि आउने दर्शनार्थी तथा तिर्थालुहरुको बसोवास र खानपिनको वन्दोवस्त मिलाउन होमस्टे संचालनको लागि स्थानीय समुदाय समेतको सहभागितामा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरुको अधिनमा रही सञ्चालन अनुमती दिन सकिनेछ ।

(२) होमस्टेमा ट्राभल एजेन्सी मार्फत आउने पर्यटकको वीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगत रुपमा आउने पर्यटकको हकमा विमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होमस्टे संचालन गर्ने संचालकले प्रचलित नेपाल कानून बमोजिम नेपाल राष्ट्रबैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोबार गर्नुपर्नेछ ।

(४) होमस्टे संचालन सम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठान लगायत अन्य स्वीकृति प्राप्त तालिम केन्द्रहरुबाट प्राप्त गर्न सकिनेछ ।

(५) पर्यटकीय गतिविधिमा नै असर पर्ने गरी नाजायज काम (ठगी, चोरी, महिला हिंसा र अमानवीय व्यवहार) गरेको भनी कुनै पर्यटकबाट निवेदन पर्न आई सो कसूर ठहर भएमा वा अनुगमनको क्रममा प्रमाणित भएमा त्यस्तो निजी होमस्टे वा सामुदायिक होमस्टेको सदस्यलाई पुनः होमस्टे संचालन गर्न नपाउने गरी निजको दर्ता खारेज गर्न सकिनेछ ।

**अनुसूची - १**

(दफा४ को उपदफा १ संग सम्बन्धित)

**होमस्टे संचालनका आधारभूत मापदण्ड**

**१. होमस्टेका लागि घर, कोठा र शैयाः**

(क) सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरु मौलिक संस्कृती झल्किने र हावाहुरी, जंगली जनावर आदिबाट सुरक्षित हुनुपर्ने, खुला, हिलो तथा धुलो रहित सफासुग्घर हुनुपर्नेछ।

(ख) होमस्टेमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनुपर्नेछ।

(ग) होमस्टे संचालन गर्ने एक घरमा बढीमा ४कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ।

(घ) एउटा कोठामा बढीमा २वटा मात्र ओछ्यान (बेड) रहनुपर्नेछ। ओछ्यान कम्तीमा ६.५ फिट लम्बाई र ३ फिट चौडाईको हुनुपर्नेछ।

(ङ) भुईमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ।

(ज) भित्तामा वा ढोकाको पछाडीपट्टि लुगा झुण्डयाउने व्यवस्था भएको हुनुपर्नेछ।

(झ) कोठामा बिजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ।

(ञ) सुत्ने कोठामा धुवाँ नआउने हुनु पर्नेछ ।भान्सा कोठा र भऱ्याङ्ग कोठा पर्यटक सुताउनका लागि प्रयोग हुनुहुदैन।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरु भएमा राम्रो हुनेछ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टवीन) को व्यवस्था हुनुपर्नेछ।

(ड) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पलको व्यवस्था हुनुपर्नेछ।

(ढ) भित्तामा एउटा अर्धकद देखिने ठूलो ऐना झुण्डाएको हुनुपर्नेछ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चियाटेवल राख्नु राम्रो हुनेछ ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुनेछ ।

(थ) पर्यटकले देख्ने ठाउँमा त्यस होमस्टेका फरक खालका विशेषता र धार्मिक, ऐतिहासिक तथा रमणीय स्थानको बारेमा जानकारी दिने बोर्ड राख्नु राम्रो हुनेछ।

(द) पर्यटकले पालना गर्नु पर्ने अनुसूची-४ बमोजिमका आचार संहिता प्रष्ट देखिने गरी उपयुक्त स्थानमा टाँस्नु पर्नेछ र सो आचार संहिताको वारेमा पाहुनालाई शुरुमै जानकारी दिनुपर्नेछ।

(ध) मेनुमा उल्लेख भए वाहेकका अन्य क्रियाकलाप/सेवामा पर्यटकहरुलाई अतिरिक्त शुल्क तिर्न बाध्य पार्न हुँदैन।

**२. शौचालय र स्नान घरः**

(क) सुविधायुक्त र सफा शौचालय हुनुपर्नेछ।

(ख) होमस्टे संचालन गर्ने घर वा समुदायले नुहाउनका लागि सुविधायुक्त र सफा स्नानघरको व्यवस्था मिलाउनु पर्नेछ।

(ग) स्नान घरमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत वस्तुहरु हुनुपर्नेछ ।

**३. भान्छा कोठा र खाना खाने व्यवस्थाः**

(क) पाहुना राख्ने घर/कोठा नजिक गाईभैसी अथवा भेडाबाखा, सुगुँर, कुखुरा आदि बाध्न वा पाल्न पाइने छैन।

(ख) धेरै धुवाँ नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो) भएको हुनुपर्नेछ।

(ग) पानीको सुविधा मिलाउनु पर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने गर्नु पर्नेछ।

(घ) स्थानीय खानाका परिकारहरुलाई स्वस्थकर ढंगले पकाउने र खुवाउने प्रबन्ध हुनुपर्नेछ।

(च)सानो डाइनिङ्ग टेवलको पनि प्रबन्ध भए राम्रो हुनेछ ।

(छ) खानाको परिकारको विवरण तथा मूल्य निर्धारण गरिएको (मेनु भएको) हुनुपर्नेछ ।

**४. स्वास्थ्य, सरसफाई तथा सुरक्षाः**

(क) बास बस्ने कोठा तथा सुत्ने वेडमा किरा, लामखुट्टे आदिबाट सुरक्षित भएको हुनुपर्नेछ।

(ख) सामुदायिक रुपमा प्राथमिक उपचारको व्यवस्था हुनुपर्ने, खुला नाली र ढल नभएको हुनुपर्नेछ ।

(ग) वातावरण मैत्री कृषि, पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरुको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, फूलबारी र बृक्षरोपण गरी हरियाली हुनुपर्नेछ ।

## अनुसूची –२

(दफा ६ को उपदफा १संग सम्बन्धित)

### होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री ..................................गा.पा./न.पा./उपम.न.पा./म.न.पा. कोकार्यालय

................................................ ।

म/हामीहरुले................................ वडानं. ......... टोल/गाउँ ..................................मा संचालन गर्न लागेको......................................... होमस्टेलाई होमस्टे संचालन कार्यविधि, २०७५ बमोजिम सामुदायिक/निजी होमस्टेको रुपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौं।

होमस्टे संचालन कार्यविधि निर्देशिका, २०७५ को अधिनमा रही आफ्नो होमस्टे संचालन गर्नेछौं।

**संलग्न कागजातः**

१. होमस्टे संचालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी।
२. होमस्टे संचालन गर्ने प्रत्येक घरधनीको जग्गाधनी प्रमाणपूर्जा वा पैतृक सम्पत्ती झल्कने प्रमाण वा मञ्जुरनामा वा भाडामा लिएको भए सो को संझौताको प्रतिलिपी।
३. प्रत्येक घरधनीले होमस्टे संचालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन तथा संचालक समितिको निर्णयको प्रतिलिपी।
४. व्यवस्थापन समिति गठन तथा दर्तागर्ने सम्बन्धी स्थानीय भेलाको निर्णय।
५. सम्बन्धित वडा कार्यालयको सिफारिस।
६. आधारभूत प्रशिक्षण लिएको भए सो प्रमाणपत्रको प्रतिलिपी ।

होमस्टे यूनिटहरु (दर्ता हुने व्यक्तिहरुको) विवरण।

| क.सं. | संचालकको नाम, थर | ठेगाना |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ... | | |

**नोटः** सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन तथा संचालन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनुपर्नेछ।

निवेदकको नाम, थरः ........................

ठेगानाः.....................................

मितिः ...............................

**अनुसूची - ३**

(दफा ६ को उपदफा ३संग सम्वन्धित)

**होमस्टे दर्ता प्रमाणपत्र**

........................................ गा.पा./न.पा./उप म.न.पा./ म.न.पा.को कार्यालय

..................................

प्रमाणपत्र संख्याः मितिः

......................

**होमस्टे संचालन प्रमाणपत्र**

..................................................... लाई होमस्टे संचालन कार्यविधि, २०७५ मा व्यवस्था भए अनुसार सामुदायिक / निजी होमस्टेका रुपमा दर्तागरी यो प्रमाणपत्र प्रदान गरिएकोछ ।

१) सदस्यको नामः

२) ठेगानाः

३. मान्य अवधिः

**HOME STAY OPERATION CERTIFICATE**

.......................................................................... Homestay is registered/renewed as a Community /Private Homestay under Homestay Operation Procedures, 2075 B.S.

1. Name of the owner:
2. Address of the owner:
3. Valid up to:

**शर्तहरु**

- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी पर्यटकहरुलाई बसोबासको व्यवस्था गर्नु पर्नेछ ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीय सामाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरु गर्नु गराउनु हुदैन । यो प्रमाणपत्र तथा अनुसूची - ४ बमोजिमको आचार संहिता सबैले देखे स्थानमा राख्नु पर्नेछ ।
- व्यवस्थापन तथा संचालन समितिसंग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाणपत्र प्रत्येक ३/३ वर्षमा नवीकरण गराउनु पर्नेछ ।

**अनुमतिपत्र प्रदान गर्ने अधिकृतको**

नामः

दर्जाः

**अनुसूची -** दस्तखतः

(दफा ९ को उपदफा ३ ( मितिः

**पर्यटक आचार संहिता (Code of Conduct for the Visitors)**

पर्यटकहरूले निम्न लिखित आचार संहिताको पालना गर्नु पर्नेछ (*The home stay visitors are expected to abide the following points*) ।

1. होमस्टेमा उपलब्ध हुन नसक्ने खाना, पेयपदार्थ र सुविधा बारे संचालकलाई दबाव दिन पाइने छैन (Do not pressure the owner for food, beverage and facilities not available at home stay) ।
2. होमस्टे र छिमेकीलाई असर पर्नेगरी होहल्ला गर्न पाइने छैन (Do not disturb people at home or outside) ।
3. होमस्टे संचालकको क्षमता बाहिरको सेवा सुविधा माग गर्न पाइने छैन (Do not offer anything to the people beyond one's capacity)
4. सामाजिक मूल्य मान्यता, धर्म संस्कृतिको हिसावले नपच्ने व्यवहार, गतिविधी, यौनजन्य हिंसा गर्न पाईने छैन (Beware of doing any behavior (such as sexual activities or sexual harassment) which is impermissible to the local socio-cultural values) ।
5. स्थानीय समुदायको रितिरिवाजलाई सम्मान गर्नुपर्नेछ र समुदायमा सहज हुने कपडाहरू लगाउनुपर्नेछ (Respect to the rites and rituals of the local people; wear such clothes that are permissible to the community) ।
6. अनैतिक र गैरकानुनी क्रियाकलाप गर्न समुदायलाई दवाव दिन हुँदैन, होमस्टेको समय तालिकालाई सम्मान गर्नुहोस् (Do not impress the owner or other people for doing immoral or illegal activities; respect to the household routine for entrance and exit) ।
7. कुनै प्रकारका लठ्याउने प्रकारका लागुपदार्थहरू प्रयोग गर्न र विक्रि वितरण तथा ओसार पसार गर्न सख्त मनाही छ (Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited) ।
8. जैविक विविधता र वातावरणीय परिस्थितिलाई सम्मान गर्नुहोस (Respect to the bio-diversity and ecology of the environment) ।

## परिशिष्ट : चार

## अनुसन्धानका क्रममा लिइएका तस्विरहरू




विभिन्न जातिका अगुवाहरूलाई संस्कृतिसम्बन्धी दिइएको अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्नु हुँदै अरुण गाउँपालिकाका प्रमुख शालिकराम खत्रीज्यू






विभिन्न जातिका अगुवाहरूलाई संस्कृतिसम्बन्धी दिइएको अभिमुखीकरण कार्यक्रमको मन्तव्य दिनु हुँदै अरुण गाउँपालिकाका प्रमुख शालिकराम खत्रीज्यू



विभिन्न जातिका अगुवाहरू तथा अनुसन्धाता डा. भक्त राई, शुभ मुकारुङसँग अरुण गाउँपालिकाका उपप्रमुख विनिता ढकालज्यू




गाउपालिका भवनमा अध्यक्ष सालिकराम खत्रीज्यू, प्रा.डा. प्रेमकुमार खत्री, डा. भक्त राई, शुभ मुकारुङ र वडा नं. ३ का अध्यक्ष कुमार कार्की लगायत



अरुण गाउँपालिकाका पूर्व अध्यक्ष गजेन्द्र कार्की अभिमुखीकरण कार्यक्रममा मन्तव्य दिनु हुँदै




अरुण गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मणिराम खतिवडा, अनुसन्धाता डा. भक्त राई र शुभ मुकारुङ




अरूण गाउँपालिकाको
सांस्कृतिक अध्ययन
प्याउली, भोजपुर
२०८० असोज २४ गते


अरूण गाउँपालिकाको
सांस्कृतिक अध्ययन
प्याउली, भोजपुर
२०८० असोज २४ गते
प्रायोजक
आयोजक



अभिमुखीकरण कार्यक्रममा सहभागी विभिन्न जातिका अगुवा तथा जनप्रतिनिधिहरू






कार्यक्रममा मन्तव्य दिनु हुँदै  प्रा.डा. प्रेमकुमार खत्री र पूर्व अध्यक्ष गजेन्द्र कार्की





अभिमुखीकरण कार्यक्रममा सहभागी विभिन्न जातिका अगुवा तथा जनप्रतिनिधिहरू






अभिमुखीकरण कार्यक्रममा आफ्ना मतव्य दिनु हुँदै वडा नं. ३ का अध्यक्ष कुमार कार्की






कार्यक्रममा तालिम प्रदान गर्दै डा. भक्त राई (माथि) र मन्तव्य दिनु हुँदै  पूर्व गाउँपालिका अध्यक्ष गजेन्द्र कार्की (तल)




अरुण गाउँपालिकाको
सांस्कृतिक अध्ययन
प्याउली, भोजपुर
२०८० असोज २४ गते
प्रायोजक
अरुण गाउँपालिका
प्याउली, भोजपुर
अरुण गा.पा.-३, प्याउली
भोजपुर, नेपाल
सौजन्य:
श्री शारदा मा.वि. प्याउली




अरुण गाउँपालिकाको
सांस्कृतिक अध्ययन
प्याउली, भोजपुर
श्री शारदा माध्यमिक विद्यालय
अरुण गा.पा.-३, प्याउली
भोजपुर, नेपाल


अरुण गाउँपालिकाको
सांस्कृतिक अध्ययन
प्याउली, भोजपुर
२०८० असोज २४ गते


अरुण गाउँपालिकाको
सांस्कृतिक अध्ययन


अरुण गाउँपालिकाको
सांस्कृतिक अध्ययन
प्याउली, भोजपुर
२०८० असोज २४ गते
भोजपुर, नेपाल
सौजन्य:




कार्यक्रममा मन्तव्य दिनु हुँद वडा नं. १ का अध्यक्ष रामकुमार तामाङ (माथि) र वडा नं ३ का अध्यक्ष कुमार कार्की (तल)






अभिमुखीकरण कार्यक्रमको एक झलक






अरुण गाउँपालिकाको
सांस्कृतिक अध्ययन
प्याउली, भोजपुर




वडा नं. ७ सिक्रेटारका जनप्रतिनिधि तथा जातिय अगुवाहरूसँग अनुसन्धाताहरू








**वडा नं. १ का वडा अध्यक्ष रामकुमार तामाङ र अन्य जातिय अगुवाहरूसँग वडा कार्यालयमा**



वडा नं. २ चम्पेका वडाअध्यक्ष इन्द्रबहादुर पुलामी मगर र अनुसन्धाता द्वय






समाज सेवा समिति
इलाका कार्यालय
चलम्खी, भोजपुर



वडा नं ४ चरम्बीका वडाअध्यक्ष जंगबहादुर राई र जनप्रतिनिधिहरू








वडा नं. ५ का वडा अध्यक्ष युवराज ढकाल तथा अन्य जातिय अगुवाहरूमाझ अनुसन्धाताद्वय



अरुण गाउँपालिकाकी उपाध्यक्ष विनिता ढकाल, वडा नं. ५ का वडाअध्यक्ष युवराज ढकाल तथा अन्य जातिय अगुवाहरूमाझ अनुसन्धाताद्वय





अरुण गाउँपालिकाकी उपाध्यक्ष विनिता ढकाल आफ्ना विचार प्रस्तुत दिनु हुँद





अरुण गाउँपालिका वडा नं. ५ का वडाअध्यक्ष युवराज ढकाल तथा अन्य जातीय अगुवाहरूमाझ अनुसन्धाताद्वय



# सन्दर्भग्रन्थ सूची


अमूर्त संस्कृति सम्पदा संरक्षणसम्बन्धी युनेस्को महासन्धि, २००३ ।

अधिकारी, रेशराज र हरिहर घिमिरे (२०५६), नेपाली समाज र संस्कृति, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, सूर्यमणि (२०६१), *खस साम्राज्यको इतिहास,* काठमाडौं : भुँडी प्रकाशन ।

आचार्य, श्री कृष्ण (२०५४) नेपालको सांस्कृतिक परम्परा (प्र.सं.), काठमाडौं : (सम्पा.) श्री कृष्ण आचार्य ।

केप्छैं, इन्द्रहादुर (सन् २०१२), *बोन धर्म र चाड-पर्व,* तमू छ्या ल्हु ताँ पोखरा : तमू छ्या ल्हु संघ नेपाल ।

क्रेम्छै तमू, पोलबहादुर (२०१२), *तमूजातिः प्येताँ, ल्हताँ,* पोखरा : तमू छ्या ल्हु संघ नेपाल ।

क्रोम्छै तमू, पदमबहादुर (२०७२), *तमूको (ऐतिहासिक एवं सामाजिक विकासको) क्होला सोंथर र चिमीउँइडुको पय (पै) प्रकरण,* रजत जयन्ती स्मारिका धरान : नेपाल बौद्ध गुम्बा, पूर्वाञ्चल सुनसरी ।

*अरुणगाउँपालिकाको वृत्तचित्र,* २०७६ ।

खत्री, प्रेमकुमार (२०६०), *नेपालका धार्मिक मत र सामाजिक संरचना,* काठमाडौं : एम.के. पब्लिशर्स एण्ड डिष्ट्रीब्युटर्स ।

खाण, दिलिपप्रताप (२०६३), *चारकोट (स्याङ्जा) : एक इतिहास, सगुन (स्याङ्जा विशेषाङ्क),* स्याङ्जा : आँधीखोला साहित्य सदन ।

गुरुङ, जगमान कहाँगी लामा (२०७२), *तमू (गुरुङ) संस्कृतिका प्रमुख विशेषताहरू, तमू ह्युल सुँ ताँ* (वर्ष ७ अंक १), काठमाडौं : तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद ।

गुरुङ, जगमान (२०७३), *गुरुङ जातिका सामाजिक संस्कार,* नेपालका जातीय सामाजिक संस्कार (खण्ड चार), काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

गुरुङ, टेकबहादुर (२०७२), *तमू जातिमा बोन संस्कार, मान्यता र चाडपर्वहरू,* रजत जयन्ती स्मारिका, धरान : नेपाल बौद्ध गुम्बा, पूर्वाञ्चल ।

गुरुङ, पोलबहादुर (२०७२), *गुरुङ समुदाय भित्रका परम्परागत धार्मिक, सांस्कृतिक-साँस्कारिक महत्व र मौलिक पहिचान,* तमू ह्युल सुँ ताँ (वर्ष ७ अंक १), काठमाडौं : तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद ।

गुरुङ, बालनरसिंह (२०७२), *गुरुङ पर्व र संस्कृति*, बुटवल : श्रीमती मायादेवी गुरुङ ।

गुरुङ, भीम (२०७२), *तमू भाषा बचाउने लिपि प्रति हाम्रो खेलवाड भयो कि?*, तमू ह्युल सुँ ताँ, काठमाडौं : तमू ह्युल छोंज धीं गुरुङ राष्ट्रिय परिषद ।

गिरी, अमर (२०६७), समय, समाज र संस्कृति, काठमाडौँ : विवेक सिर्जनशील प्रकाशन प्रा.लि. ।

गोले मोहन (२०७२) तामाङको मौलिक संस्कृति, ललितपुर : आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ।

गौतम, राजेश (२०६२), *नेपालको प्रजातान्त्रिक आन्दोलनमा नेपाल प्रजा परिषद्को भूमिका भाग-१*, काठमाडौं : केशव स्थापित, कार्यवाहक सभापति, नेपाल प्रजा परिषद ।

च्हाक्ली, तेजबहादुर (सन् २०१२), *तमु भाषा र लिपि*, तमु छ्या ल्हु ताँ (स्मारिका), पोखरा : तमु प्ये ल्हु संघ, नेपाल ।

चापागाई, निनु (२०५९), सन्दर्भ : संस्कृति र सांस्कृतिक रूपान्तरण, काठमाडौँ : विवेक सिर्जशील प्रकाशन प्रा.लि. ।

जोशी, हरिराम (२०७०), *प्रदीप अभिवन संस्कृति विश्वकोष*, भक्तपुर : वर्कर्स पब्लिकेसन्स ।

तमु (गुरुङ), नारायण ल्हँगे (सन् २०१२), *प्ये-ताँ ल्हु-ताँ संरक्षण र सम्वर्द्धनमा : खेगी - चोंगी*, तमु छ्या ल्हु ताँ (स्मारिका) पोखरा : तमु प्ये ल्हु संघ नेपाल ।

तामाङ परशुराम (२०५१) तामाङ जाती, काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

थकाली (गुरुङ), होमा (२०६७), *तमु गुरुङ जातिको उत्पत्ति र धर्म - संस्कृति*, ललितपुर : लेखिका स्वयं ।

नगर वस्तुगत विवरण (२०७५) भोजपुर नगरपालिका भोजपुर ।

भोजपुर जिल्लाको वस्तुगत विवरण (२०७५), जिल्ला समन्वय समितिको कार्यालय भोजपुर ।

मोइजाला, पिर्को (२०७४), *ग्रामिण गुरुङ सङ्गीतको इथ्नोग्राफिक अध्ययन : निरन्तरता र परिवर्तन, अनु. टंकप्रसाद गुरुङ*, काठमाडौं : रत्न पुस्तक भण्डार ।

युनेस्को (सन् २००३), अमूर्त सांस्कृतिक सम्पदा संरक्षणसम्बन्धी महासन्धी ।

राई, भक्त (२०७१) *किरात साम्पाङ पहिचानमा लोकगीतको भूमिका*, काठामाडौँ : नेपाली डायस्पोरा वाङमय प्रतिष्ठान ।

*राई कैलाश २०७८ **भोजपुर दर्पण** पृ.७९९*

*पराजुली वंशावली  २०७७*

*भुजेल वंशावली २०७७*

राष्ट्रिय संस्कृति नीति, २०६७।

नेपालको राष्ट्रिय जनगणना २०७८ ।

लामिछाने, भरत प्रसाद (२०६३ प्र.सं.), संस्कृति र संस्कार, वाराणसी : अनुष्ठान प्रकाशन, उ.प्र. ।

लेम गुरुङ, रत्नबहादुर (२०६४), *गुरुङ भाषाको वर्तमान साहित्यिक अवस्था र समस्या,* राष्ट्रिय साहित्य सङ्गोष्ठी - २०६४, काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

ल्हेगँ तमु, दलबहादुर (२०६४), *तमु केवै ताँ,* स्याङ्जा : भीमसेन गुरुङ ।

शर्मा, नेपाल, वसन्तकुमार (२०५८), नेपाली शब्द सागर, काठमाडौँ : भाभा पुस्तक भण्डार ।

शर्मा, गोपीनाथ (२०७१), *चौबीसी राज्यको इतिहास,* काठमाडौं : मकालु प्रकाशन गृह ।

शर्मा, जनकलाल (२०५८), *हाम्रो समाज : एक अध्ययन,* काठमाडौं : साझा प्रकाशन गृह ।

शर्मा, डिल्लीराज (२०५५), *नेपालको किल्ला वास्तुकला,* काठमाडौं : नेपाल र एसियाली अनुसन्धान केन्द्र त्रि.वि. कीर्तिपुर ।

श्रेष्ठ, तेजप्रकाश (२०६०), *नेपाली लोकसंस्कृति केही सम्पदा, केही परम्परा,* ललितपुर : साझा प्रकाशन ।

सागर, विजय (२०७२), *"रूपन्देहीको ऐतिहासिक रूपरेखा", रूपन्देही दर्पण,* भैरहवा : रूपन्देही शैक्षिक तथा सामाजिक प्रतिष्ठान (रेसा) ।

सूचना विभाग (२०३१), *मेचीदेखि महाकाली (भाग-३),* पश्चिमाञ्चल विकास क्षेत्र, काठमाडौं : श्री ५ को सरकार, संचार मन्त्रालय ।

हागन, टोनी (२०७०), *नेपालको चिनारी,* अनुवादक - देवबहादुर थापा तथा अरू काठमाडौं : हिमाल किताब प्रा.लि. ।

होमस्टे सञ्चालनसम्बन्धी कार्यविधी, २०७५ ।

Barnouw, Victor (1973), Culture and Personality. Home Wood Liionois: The Doresy Press.

Tylor, E.B. (1871), Primitive Culture, Vol. 2, London: Murray.